नेकाप २०७५ कात्तिक अङ्क ७

नेपाल कानून पत्रिका

भाग-६०

२०७५ कात्तिक

अङ्क-७

प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २१११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np, Web: www.supremecourt.gov.np

सम्पादन तथा प्रकाशन समिति

माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की, सर्वोच्च अदालत - अध्यक्ष
मुख्य रजिस्ट्रार श्री राजनप्रसाद भट्टराई, सर्वोच्च अदालत - सदस्य
नायब महान्यायाधिवक्ता श्री किरण पौडेल, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय - सदस्य
रजिस्ट्रार श्री महेन्द्रनाथ उपाध्याय, सर्वोच्च अदालत - सदस्य
अधिवक्ता श्री खम्मबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन - सदस्य
वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन- सदस्य
प्रा.डा.ताराप्रसाद सापकोटा, डिन, त्रिभूवन विश्वविद्यालय, कानून संकाय - सदस्य
सहरजिस्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत - सदस्य सचिव

सम्पादक : श्री रामप्रसाद पौडेल

सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू
शाखा अधिकृत श्री निलकण्ठ बराल
शाखा अधिकृत श्री मन्दिरा शाही
कम्प्युटर अधिकृत श्री बिक्रम प्रधान
ना.सु. श्री अर्जुनबाबु सापकोटा
सि.कं. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री विजय खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

भाषाविद् : श्री रामचन्द्र फुयाल

बिक्री शाखामा कार्यरत् कर्मचारी
डि.श्री नरबहादुर खत्री

मुद्रण शाखामा कार्यरत कर्मचारीहरू
सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
सिनियर बुकबाइन्डर श्री विद्यानन्द पोखरेल
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी

प्रकाशित सङ्ख्या : २५०० प्रति

नेपाल कानून पत्रिकाको उद्धरण गर्नु पर्दा

निम्नानुसार गर्नु पर्नेछ :

नेकाप, २०७५... ... ... , नि.नं. ...., पृष्ठ ...

...... साल .... महिना ....

उदाहरणार्थ : *नेकाप,* २०७५, कात्तिक, नि.नं.१००४२, पृष्ठ १२३५

सर्वोच्च अदालत बुलेटिनको उद्धरण गर्नु पर्दा

निम्नानुसार गर्नु पर्नेछ :

सअ बुलेटिन, २०७५, ... १ वा २, पृष्ठ ...

...... साल .... महिना ....

उदाहरणार्थ : *सअ बुलेटिन*, २०७५, कात्तिक – १, पृष्ठ १

निन्दन्तु नीतिनिपुणा यदिवास्तुवन्तु ।
लक्ष्मीः समाऽविशतु गच्छतु वा यथेष्टम् ॥
अद्यंव वा मरण मस्तु युवान्तरेवा ॥॥
न्यायात् पथं प्रविचलन्ति पद्यं नधीराः ॥१॥

\- भर्तृहरि

<u>**अर्थः**</u> **निन्दा गरोस वा प्रशंसा, लक्ष्मी आउन वा जाउन्, आजै मर्नुपरोस् वा कालान्तरमा, यी कुनै कुराको कत्ति पनि चिन्ता नराखी न्यायकर्ताहरू न्यायको बाटोबाट हिँडिरहन्छन्, कत्ति पनि विचलित हुँदैनन् ।**

सर्वोच्च अदालतको वेभसाइट

www.supremecourt.gov.np

मा गई दायाँतर्फ **प्रकाशनहरू** मा क्लिक गरी २०६५ सालदेखिका **नेपाल कानून पत्रिका** तथा **सर्वोच्च अदालत बुलेटिन** मा समाविष्ट निर्णयहरू पढ्न र डाउनलोड गर्न सकिनेछ ।

साथै, नेपाल कानून पत्रिका मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म) **हेर्न, पढ्न तथा सुरक्षित गर्न <u>www.nkp.gov.np</u>** मा जानुहोला ।

खोज्ने तरिका

सर्वप्रथम **<u>www.nkp.gov.np</u>** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **<u>शब्दबाट फैसला खोज्नुहोस्</u>** भन्ने स्थानमा कुनै शब्द **<u>नेपाली युनिकोड फन्ट</u>**मा टाइप गरी खोज्न सक्नुहुन्छ । वेभसाइटको दोस्रो शीर्षकमा रहेको **<u>वृहत् खोजमा</u>** गई विभिन्न किसिमले फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **<u>नेकाप प्रत्येक वर्ष</u>** र **<u>हाम्रो बारेमा</u>** समेत हेर्न सक्नुहुनेछ ।

मूल्य रू.४०।-

मुद्रक : सर्वोच्च अदालत छापाखाना

विषय सूची

क्र.स.	नि.नं./इजलास/ विवरण	पक्ष / विपक्ष	विषयको सारसङ्क्षेप	पृष्ठ
१.	१००४२ पूर्ण उत्प्रेषण / परमादेश	इन्द्रदेव यादव विरूद्ध निजामती किताबखाना पुल्चोक, ललितपुरसमेत	▪ विपक्षी निजामती किताबखानाले निवेदकले पेस गरेको सिटरोल र सम्बद्ध प्रमाणहरूको विश्लेषण गरी निजको उमेरको आधारमा निजामती सेवा ऐन र नियमावलीअनुरूप निवृत्त हुने अवधि किटान गरी अवधि पुग्नुभन्दा अगावै जानकारी गराउनु पर्नेमा समयमा निवेदकलाई सेवा निवृत्त हुने जानकारी नदिई निजामती सेवा नियमावली, २०५० को नियम १२९क को उपनियम (४) र (५) मा भएको कानूनी व्यवस्था पालना हुनुपर्छ भन्नु विपक्षी निजामती किताबखानाको लागि शोभनीय कार्य होइन । त्यसैले विपक्षी निजामती किताबखानाको कमजोरी वा भूलको परिणाम निवेदकले बेहोर्नु पर्छ भन्न कानून र न्यायको मान्य सिद्धान्तको विपरीत हुने।	१२३५
२.	१००४३ पूर्ण सवारी ज्यान	नेपाल सरकार विरूद्ध सन्नी महर्जन	▪ सामान्य अर्थमा लापरवाहीपूर्ण कार्य **(Reckless Conduct)** त्यस्तो कार्य हो जसले परिणामलाई बेवास्ता गर्छ । अर्थात्, आफ्नो कार्यको परिणाम यस्तो हुनसक्छ भन्ने जान्दाजान्दै पनि त्यस्तो कार्य नगर्नुपर्ने सकारात्मक दायित्वको उल्लङ्घन गर्छ । सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ को उपदफा (२) मा लापरवाहीको अतिरिक्त “जानीजानी" भन्ने शब्द प्रयोग भएको छ । यसको व्याख्या पनि लापरवाहीसँग जोडेर गर्नुपर्ने हुन्छ किनभने यहाँ "जानीजानी" को अर्थ सो कार्यले ल्याउन	१२४५

			सक्ने परिणामको सम्भावनाबारे ज्ञान भएको भन्नेसम्म हो । यस अर्थमा दफा १६१ को उपदफा (१) मा उल्लिखित मनसायपूर्ण कार्यमा सन्निहित ज्ञानबाट उक्त उपदफा (२) मा प्रयुक्त "जानी जानी" भन्ने शब्दलाई छुट्याउनुपर्ने हुन्छ । ऐ. दफाको उपदफा (१) मा "ज्यान मार्ने मनसाय लिई किची, ठक्कर दिई वा दुर्घटना गराई" भन्ने शब्दावली प्रयोग भएको छ । यहाँ ज्यान मार्ने मनसाय लिई किच्दा, ठक्कर दिँदा वा दुर्घटना गराउँदा ज्यान मर्न सक्छ भन्ने कुराको ज्ञान त्यस्तो दुर्घटना गराउने व्यक्तिलाई हुन्छ । अर्थात् त्यस्तो हुन्छ भन्ने "जानीजानी" उसले ती कार्यहरू गरेको हुन्छ । त्यस अर्थमा ज्ञान **(Knowledge)** मनसायपूर्वक गरिने ज्यानसम्बन्धी कसुरको एक तत्त्व हुन सक्छ तर लापरवाहीमा भने त्यो ज्ञान अर्थात् "जानीजानी" गरिने कार्य लापरवाहीकै अङ्ग हुने ।	
३.	१००४४ संयुक्त मोही कायम नामसारी दर्ता	दीपबहादुर पाण्डे विरूद्ध बलराम भन्ने विक्रमकुमार के.सी.	▪ वस्तुतः गुठी संस्थान ऐन, २०३३ को दफा २६ ले जोतभोग गर्ने वास्तविक मोहीले मोहीयानी हक पाउने कानूनी निश्चितता प्रदान गरेको र दर्तावाला मोहीले जग्गाको जोतभोग गरेको अवस्थामा निज सो जग्गाको जोताहा मोहीमा परिणत हुन नसक्ने भनी स्पष्टरूपमा रोक नलगाएको स्थितिमा जग्गामा जसको जोतभोग प्रमाणित भइरहेको हुन्छ त्यही व्यक्ति नै वास्तविक मोही हो भनी मान्न न्यायोचित र कानूनको भावना र मर्मअनुकूल हुन जाने ।	१२६०

४.	१००४५ संयुक्त हातहतियार खरखजाना	नेपाल सरकार विरूद्ध सिताराम मुखियासमेत	▪ फौजदारी मुद्दामा कसुरसँग सम्बन्धित बरामदी मुचुल्कालाई महत्त्वपूर्ण प्रमाणको रूपमा लिने गरिन्छ । जुन बरामदी मुचुल्काका प्रतिवादीहरू घटनाका प्रत्यक्षदर्शी हुन् उनीहरूको भनाइले प्रमाण मूल्याङ्कनको रोहमा महत्त्व राख्ने ।	१२७३
५.	१००४६ संयुक्त निषेधाज्ञा	सन्दिप शाहसमेत विरूद्ध काठमाडौं उपत्यका नगर विकास समिति, अनामनगर, काठमाडौंसमेत	▪ राज्यले नागरिकको बसोबासको अधिकारको सकारात्मक कार्यान्वयनको लागि संविधानले नै दायित्व सृजना गरिराखेको अवस्थामा कुनै नागरिकले आफ्नो सामर्थ्यबाट सृजना गरेको बसोबाससँग सम्बन्धित साम्पत्तिक हकमा अतिक्रमण गर्ने कुरा सामान्य अवस्थामा कल्पनासमेत गर्न सकिँदैन । नागरिकको मौलिक हकको रूपमा संविधानले स्थापित गरेको यस्तो अधिकार कार्यान्वयन गर्न राज्यलाई केही पूर्वतयारी आवश्यक पर्नु एउटा पक्ष हुन सक्छ तर भइरहेको बसोबासमाथि हस्तक्षेप गरी यो हकको निर्वाध रूपमा उपभोगमा असर पुऱ्याउने काममा राज्य क्रियाशील हुन नहुने ।	१२८०
६.	१००४७ संयुक्त उत्प्रेषण / परमादेश	नवराज पौडेल विरूद्ध लोक सेवा आयोग, अनामनगर, काठमाडौंसमेत	▪ कुनै ऐन वा दफामा भएको सामान्य कानूनी व्यवस्थालाई विशेष कानूनी व्यवस्थाले **override** (नियन्त्रित वा परिसीमित) गर्ने र त्यस्तो भएमा **override** गर्ने कानूनी व्यवस्था लागू हुने अवस्थामा सामान्य कानूनी व्यवस्था लागू हुन सक्दैन । ऐनका दफा, उपदफा वा कानूनी व्यवस्थाहरू प्रायः स्वतन्त्र हुने भएपनि कुनै कानूनी प्रावधानलाई अर्को कानूनी प्रावधानले परिसीमित गरेको	१२९३

			अवस्थामा सामान्य दफा, उपदफा वा कानूनी व्यवस्थाहरू लागू नभई परिसीमित (override) गर्ने विशेष कानूनी व्यवस्था नै लागू हुने।	
७.	१००४८ संयुक्त परमादेश	रूद्रे भन्ने भिमबहादुर बस्नेत विरूद्ध जिल्ला प्रहरी कार्यालय, कास्की, पोखरासमेत	▪ न्याय सम्पादनमा अनुसन्धानकर्ताको अत्यन्तै महत्त्वपूर्ण भूमिका हुन्छ। तथ्य र प्रमाणको स्वतन्त्र रूपमा अनुसन्धान तथा विश्लेषण गरी कानूनको प्रत्येक रीत पुऱ्याई अकाट्य वा तथ्यहरूको मालाकार रूपमा परिस्थितिजन्य प्रमाणहरू ग्रहण गरी ती प्रमाणहरूका साथ अभियोगपत्र कानूनले तोकिएको समयावधिभित्र वा त्यस्तो समय नतोकिएको अवस्थामा यथासम्भव चाँडो मुद्दा हेर्ने अधिकारी वा निकायसमक्ष प्रस्तुत गर्नु अभियोजन पक्षको प्रमुख दायित्व हुने।	१३०३
८.	१००४९ संयुक्त जबरजस्ती करणी	नेपाल सरकार विरूद्ध सोहरत खाँ पठान	▪ कुनै पुरूष व्यक्तिले कम उमेरका कुनै नाबालिका केटी (बालिका) लाई जबरजस्ती करणी गर्दा निजको उत्तेजित लिङ्ग नाबालिग बालिकाको अविकसित यौन अंगमा प्रविष्ट हुन सक्ने स्थिति अवस्था र कारण नै हुन सक्दैन भने यस स्थितिमा पुरूषको उत्तेजित लिङ्ग त्यस्तो अविकसित यौन अंगमा प्रवेश हुनसके पनि वा नसके पनि वा त्यस्ता पीडित यौन अंगमा जबरजस्ती गर्ने पुरूषको वीर्य स्खलन भएपनि नभए पनि त्यसरी लिङ्ग प्रवेश हुन नसकेको कारणले मात्र जबरजस्ती करणीको उद्योग ठहऱ्याउनु पीडितउपर अन्यायपूर्ण र विधायिकाले त्यस्ता प्रकृतिका प्रतिवादीहरू विरूद्ध गरेको सजायको व्यवस्थाको मनसायविपरीत पनि हुन जाने।	१३०९

९.	१००५० संयुक्त बाटो खिचोला बाटो कायम	कमला बज्राचार्यसमेत विरूद्ध शान्ति बैद्य (जोन्छे)	▪ महानगरपालिकाबाट कुनै भवन वा कुनै भाग भत्काउन नपर्ने गरी निर्णय भएको अवस्थामा सो निर्णयमा चित्त नबुझ्ने पक्षले पुनरावेदन गर्न पाउने व्यवस्था गरेको देखिएन । बाटो खुलाउन नपर्ने वा भवन वा कुनै भाग भत्काउन नपर्ने गरी नगरपालिका प्रमुखबाट भएको निर्णयउपर पुनरावेदन लाग्न सक्ने कानूनी व्यवस्था नभएको अवस्थामा एक पटक निर्णय भइसकेको भन्ने आधारमा मर्का पर्ने पक्षले कानूनको म्यादभित्रै कानूनी उपचारको बाटो अवलम्बन गर्न नपाउने भन्न नमिल्ने ।	१३१७
१०.	१००५१ संयुक्त कर्तव्य ज्यान र जबरजस्ती करणी	मदन नारायण श्रेष्ठ विरूद्ध नेपाल सरकार	▪ कुनै पनि व्यक्तिलाई यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार गर्नु फौजदारी कानूनको मान्य सिद्धान्तविपरीत तथा न्यायको बर्खिलाप हुन जान्छ । अनुसन्धानको क्रममा अख्तियारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयानलाई स्वइच्छाबाट भएको नभई शारीरिक तथा मानसिक दबाबमा पारी चरम यातना दिई साबिती हुन लगाएको देखिनुका साथै साबितीलाई अन्य कुनै पनि प्रमाणहरूबाट समेत समर्थन गरी रहेको मिसिल संलग्न प्रमाणहरूबाट नदेखिँदा उक्त साबितीलाई प्रमाणको मूल्याङ्कनको रोहमा प्रमाणको रूपमा ग्रहण गर्न नमिल्ने ।	१३२३
११.	१००५२ संयुक्त मानव बेचबिखन तथा ओसारपसार	दीपक भन्ने दीपेन्द्र पाठक विरूद्ध नेपाल सरकार	▪ मानव बेचबिखन तथा ओसारपसार जस्तो संगीन अपराधमा पीडित सधैँ अभियुक्तहरूको नियन्त्रणमा रहने, आफू बेचिएको प्रमाणहरू राख्न असम्भव हुने, उनीमाथि भएको कसुरको उनीसँग हुने प्रमाण भनेको आफू / व्यक्ति स्वयं नै प्रमाण / साक्षीको रूपमा रहने हुँदा उनले	१३३०

			दिएको जाहेरी र उनले गरेको बयानको प्रमाणमा धेरै ठूलो महत्त्व राख्दछ । बयानमा लेखिएका घटनाक्रमको वर्णन र प्रतिवादीको बयानमा **Chain of Incident** बाट पनि अभियोगहरू स्थापित हुन्छ । यस्तो अवस्थामा घटनाक्रम गलत हो, लगाइएको आरोप गलत हो भनी सफाइको माग गर्दा सोको प्रमाण पुर्‍याउने भार प्रतिवादीमै रहने।	
१२.	१००५३ संयुक्त राजीनामा लिखत बदर	मालतीकुमारी सैथवारसमेत विरूद्ध कलावती सापकोटासमेत	▪ बाबु स्वयम्ले आफ्ना सन्तानको भविष्यका बारेमा सोच विचार नगरी जग्गा राजीनामा पारित गरिदिई हक छाडिदिएको अवस्थामा त्यस्ता नाबालिगहरूको अंश हकको संरक्षणतर्फ सक्रियता देखाउनु अदालतको कर्तव्य र दायित्व पनि हो। बालबालिकाको अन्तिम संरक्षक राज्य हो। राज्यले बालबालिका सर्वोत्तम हितको लागि कार्य गर्नुपर्दछ । अदालत राज्यको एउटा महत्त्वपूर्ण अंग हो । त्यसैले अदालतले पनि बालबालिकाको सर्वोत्तम हितलाई ख्यालमा राखी न्यायिक निष्कर्षमा पुग्नु वाञ्छनीय हुन जाने।	१३४५
१३.	१००५४ संयुक्त जबरजस्ती करणी	नेपाल सरकार विरूद्ध चन्द्रबहादुर गुरूङ	▪ जबरजस्ती करणी आफैँमा एक घृणित अपराध हो, यसको अनुसन्धान अत्यन्त सूक्ष्म तथा गम्भीरतापूर्वक हुनुपर्ने हुन्छ । त्यसमाथि पनि हाडनातामा करणीको आरोप अझै गम्भीर विषय हो । यस अवस्थामा यान्त्रिक प्रकृतिबाट आरोपकर्ता, अनुसन्धानकर्ता, पीडित एवं आरोपित व्यक्तिका भनाइ मात्रमा सीमित नरही घटना भएको भनिएको स्थान, समय, वस्तीको अवस्था, पारिवारिक पृष्ठभूमि एवं व्यवहारहरू आसपासका	१३५१

			प्रमाणयोग्य लुगा, कपडालगायत अन्य वस्तुनिष्ठ प्रमाणहरू, स्वास्थ्य परीक्षण प्रतिवेदन, विशेषज्ञको बकपत्र र मुद्दा अदालतमा दायर भएपछि सम्बन्धित पक्षहरूलगायत साक्षी तथा बुझिएका व्यक्तिहरूको अदालतभित्रको स्वतन्त्र परिवेशमा बसी दिएको बयान, बकपत्र आदिको समष्टिगत मूल्याङ्कनपश्चात् मात्र निष्कर्षमा पुग्नु पर्ने।	
१४.	१००५५ संयुक्त परमादेश	दु:खीलाल साह विरूद्ध मालपोत कार्यालय, सप्तरीसमेत	▪ राज्यका कुनै संयन्त्रद्वारा राज्यसँग प्रत्यक्ष एवं परोक्ष सरोकार हुने विषयमा कुनै नीति तथा कार्यनीति बनाइन्छ भने उक्त नीति तथा कार्यनीतिलाई अनिवार्यरूपमा पालना गर्नु प्रत्येक नागरिकको दायित्व तथा कर्तव्यभित्र पर्दछ । सोबारे सरोकारवाला निकाय तथा व्यक्तिले अनभिज्ञता प्रकट गर्न नमिल्ने।	१३५७
१५.	१००५६ संयुक्त विद्युत् चोरी	मान सिंह डाँगी विरूद्ध नेपाल सरकार	▪ कानूनले सृजना गरेको कुनै पनि निकाय वा पदाधिकारीले कानूनले तोकिदिएअनुसार मात्र काम गर्नुपर्ने हुन्छ। कानूनले कुनै काम गर्न निश्चित समयावधि र प्रक्रिया तोकिदिएको अवस्थामा सो समयावधि र प्रक्रियाको अनिवार्य पालना गर्नु पर्दछ । अन्यथा त्यस्तो कामले वैधता प्राप्त गर्न सक्ने देखिँदैन । कानूनअनुसारको समयावधिभित्र गर्नुपर्ने काम नगरी समयावधि नघाई काम गरेकोमा त्यस्तो कार्यको पालना गर्न कुनै पनि व्यक्तिलाई बाध्य पार्न सकिँदैन। सुरूको कुनै कामले वैधता प्राप्त गर्न नसक्ने अवस्थामा सोका आधारमा भए गरेका पछिका अन्य कामले पनि वैधता नपाई स्वतः अमान्य नै हुने।	१३६०

१६.	१००५७ संयुक्त कर्तव्य ज्यान	किरण वि.क. विरूद्ध नेपाल सरकार	▪ कुनै पनि प्रतिवादीले प्रत्यक्ष प्रमाण (Direct Evidence) नष्ट गर्न सक्ने र प्रत्यक्षदर्शीको अभाव रहेको अवस्थामा पनि दोषी पत्ता लगाउनु पर्ने अवस्थामा परिस्थितिजन्य (Circumstantial Evidence) प्रमाणको सहारा लिनु पर्ने हुन्छ । यस्तो अवस्थामा प्रतिवादीले परिस्थितिजन्य प्रमाणलाई दबाउन, लुकाउन वा तोडमोड गर्न कठिन हुने हुँदा प्रत्यक्ष प्रमाणभन्दा यो बढी विश्वासयोग्य मानिने।	१३६८
१७.	१००५८ संयुक्त कर्तव्य ज्यान	आन सिंह ठगुन्ना विरूद्ध नेपाल सरकार	▪ आवेशप्रेरित हत्याको कुरामा तत्काल उठेको रिसको आवेगमा कुनै प्रतिक्रियात्मक कार्य गर्दा मानिसको मृत्यु भएको अवस्था हुन्छ। मृतकले गरेको कुनै कार्यको परिणामस्वरूप अभियुक्त तत्काल आवेगमा आई कसुरजन्य कार्य गर्न पुगेको अवस्था देखिनु आवेशप्रेरित हत्या ठहर हुनका लागि आवश्यक हुन्छ । मृतकले गरेको कार्यबाट आवेशमा आउने अवस्था थियो वा थिएन भन्ने कुरा Reasonable person standard बाट परीक्षण गरिनुपर्दछ। केवल मृतकको व्यवहार वा कार्यका कारणबाट आवेशमा आएर ज्यान लिएको हुँ भनी प्रतिवादीले गरेको जिकिरलाई नै आवेशप्रेरित हत्या भनी मान्ने निर्णायक आधारको रूपमा ग्रहण गर्न नसकिने।	१३८०
१८.	१००५९ संयुक्त अपहरण तथा शरीर बन्धक	कोशिला देवी महतो विरूद्ध नेपाल सरकार	▪ कसुरजन्य कार्यमा कसुरदारको सहभागिताको संख्याले थप सजाय हुने र पीडित नाबालक वा महिला विरूद्ध कसुर गरेकोमा हुने थप सजायको कानूनी व्यवस्थाले अलगअलग आपराधिक दायित्व रहने भएर नै अलगअलग थप	१३८९

			सजायको कानूनी व्यवस्था गरिएको हो । उक्त ७ र ९ नं. मा उल्लिखित अलगअलग प्रकृति र तत्त्वहरू विद्यमान भएको अवस्थामा कुनै एउटा कानूनी व्यवस्थाले गर्नुपर्ने थप सजाय मात्र गरिने हो भने अलगअलग थप सजाय हुने कानूनी व्यवस्थाको कुनै प्रयोजन नै रहन नजाने ।	
१९.	१००६० संयुक्त अपहरण उद्योग	नेपाल सरकार विरूद्ध त्रिलोककुमार यादवसमेत	▪ न्यायालयले ऐन बनाउने होइन, संशोधन गर्ने र खारेज गर्ने पनि होइन । व्याख्याको माध्यमबाट ऐनमा रहेको प्रस्ट प्रावधानलाई निष्क्रिय गर्ने काम पनि अदालतले गर्न हुँदैन । कानूनको प्रयोग गर्ने क्रममा अदालतले विधायिकाको मनसाय, भावना र उद्देश्यलाई आत्मसात् गरी व्याख्या गर्नुपर्ने हुन्छ । कानूनको व्याख्या गर्दा "र" एवं "वा" को प्रयोग वा अर्थ के हो भन्ने कुरा सामान्य समझबाट बुझिने कुरा हो । यस्ता कुरामा त्रुटि देखिनु शोभनीय हुँदैन । यसप्रकारको प्रवृत्तिबाट निर्णयकर्ताको क्षमता सम्बन्धमा प्रश्न उठने अवस्था रहने ।	१४००
२०.	१००६१ संयुक्त क्षतिपूर्ति दिलाई कारबाही गरिपाऊँ	नेसार अहमद मियाँ विरूद्ध डा.प्रमोद पौडेलसमेत	▪ कुनै रोगीको उपचार गर्ने क्रममा कुनै चिकित्सक र सो सम्बद्ध संस्थाले लापरवाही गरेको छ वा छैन भनी हेर्दा मूलतः हेरचाह गर्नुपर्ने दायित्व **(Duty of Care)** को समुचित प्रयोग भयो वा भएन र चिकित्सकले गरेको कार्य र निस्किएको परिणामबीच सोझो सम्बन्ध **(Direct causal relation)** छ वा छैन सो हेरिनुपर्छ । चिकित्सकको हेरचाह गर्ने दायित्वभित्र बिरामीको उपचार गर्न सहमति जनाउने, उपचार गर्ने र उपचार गर्दा होसियारीपूर्वक र सतर्कतापूर्वक गर्ने दायित्वसमेत पर्ने ।	१४०८

३१.	१००६२ संयुक्त सामूहिक जबरजस्ती करणी	तिर्थलाल राना विरूद्ध नेपाल सरकार	▪ सामूहिक क्रियाबाट भएको जबरजस्ती करणी जस्तो कसुरमा पीडित र प्रतिवादीहरूले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष साथै अदालतमा गरेको कागज र बयान, प्रतिवादीहरूले एक अर्कामा गरेको पोल र वादी पक्षका साक्षीहरूसमेतले अदालतमा वारदातको तथ्य र त्यसमा प्रतिवादीहरूको संलग्नताको सम्बन्धमा गरेको बकपत्रहरूबीच देखिने बढीभन्दा बढी सामञ्जस्यतामा तथ्य र सत्य पहिल्याएर नै कसुरदार ठहऱ्याउनु पर्ने।	१४३०
३२.	१००६३ संयुक्त उत्प्रेषण / परमादेश	तारा चन्द विरूद्ध प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौंसमेत	▪ कर्मचारीलाई गम्भीर कसुर कायम गरी सजाय गर्दा गम्भीर प्रकृतिको नै कसुर गरेको वा सामान्य प्रकृतिको कसुर पटकपटक गर्ने गरेको र त्यसअघि पनि त्यस्तो कसुर दोहोरिने गरेकोमा कारबाहीमा परी सचेत गराउँदागराउँदै पनि अटेर गरी त्यस्तै कसुरहरू पटकपटक दोहोरिई रहे मात्र गम्भीर प्रकृतिको विशेष सजाय गर्नु कानूनअनुकूल हुन जाने।	१४४३

यी सारसङ्क्षेप *ने.का.प.* प्रयोगकर्ताको सुविधाका लागि मात्र हुन्, उद्धरण गर्नका लागि होइनन्।

– सम्पादक

निर्णय नं. १००४२

सर्वोच्च अदालत, पूर्ण इजलास
माननीय न्यायाधीश श्री दीपककुमार कार्की
माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे
माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की
आदेश मिति : २०७५।१।१३
०७४-WF-००२६

मुद्दाः उत्प्रेषण / परमादेश

निवेदक : सिरहा जिल्ला सिरहा नगरपालिका वडा नं. २ घर भई जिल्ला कृषि विकास कार्यालय सप्तरीको बागवानी विकास अधिकृत (रा.प.तृतीय श्रेणी) पदबाट अवकाश प्राप्त इन्द्रदेव यादव

विरूद्ध

विपक्षी : निजामती किताबखाना पुल्चोक, ललितपुरसमेत

- **विपक्षी निजामती किताबखानाले आफ्नो दायित्व समयमा नै पूरा गर्न नसकेको कारण निवेदक अधिक अवधि कार्यरत रहेको अवस्थामा निवेदकले राज्यकोषबाट प्राप्त गरेको आर्थिक सुविधा फिर्ता गर भन्नु प्राकृतिक न्यायको सिद्धान्तविपरीत हुने।**
- **विपक्षी निजामती किताबखानाले निवेदकले पेस गरेको सिटरोल र सम्बद्ध प्रमाणहरूको विश्लेषण गरी निजको उमेरको आधारमा निजामती सेवा ऐन र नियमावलीअनुरूप निवृत्त हुने अवधि किटान गरी अवधि पुग्नुभन्दा अगावै जानकारी गराउनु पर्नेमा समयमा निवेदकलाई सेवा निवृत्त हुने जानकारी नदिई निजामती सेवा नियमावली, २०५० को नियम १२९क को उपनियम (४) र (५) मा भएको कानूनी व्यवस्था पालना हुनुपर्छ भन्नु विपक्षी निजामती किताबखानाको लागि शोभनीय कार्य होइन । त्यसैले विपक्षी निजामती किताबखानाको कमजोरी वा भूलको परिणाम निवेदकले बेहोर्नु पर्छ भन्न कानून र न्यायको मान्य सिद्धान्तको विपरीत हुने।**

(प्रकरण नं.६)

- **विना पारिश्रमिक काममा लगाउँदा श्रम शोषण भएको मानिने र काम गर्ने व्यक्तिले काम गरेको समयको उचित पारिश्रमिक पाउने अधिकारसमेतको हनन् हुन जाने।**

(प्रकरण नं.७)

निवेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री हरि उप्रेती र विद्वान् अधिवक्ता श्री जगनाथ महतो सिंह

विपक्षीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री दशरथ पंगेनी

अवलम्बित नजिर :

- नेकाप २०७२, अंक ५, नि.नं.९३९७
- नेकाप २०६९, अंक ४, नि.नं.८८१०
- नेकाप २०६६, अंक ५, नि.नं.८१५१

सम्बद्ध कानून :

- निजामती सेवा (बाह्रौं संशोधनसमेत) नियमावली, २०५० को नियम १२९क

आदेश

न्या. दीपककुमार कार्की : नेपालको संविधानको धारा १३३ को उपधारा (२) र (३) बमोजिम यस अदालतमा दायर भई संयुक्त इजलासमा पेस हुँदा सो इजलासका माननीय न्यायाधीशहरूको

फरकफरक राय भई सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३ को उपनियम (१) को खण्ड (क) बमोजिम पेस भएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार छः-

म मिति २०४५।१२।१४ गते प्राविधिक सहायक (प्रा.स.) (रा.प.अनं.प्र.पा.) पदमा सुरू नियुक्ति पाई मिति २०६४।१२।१४ देखि ज्येष्ठता कायम हुने गरी बागवानी विकास अधिकृत (विशेष) पद (रा.प.तृतीय श्रेणी) मा बढुवा भई कृषि विभागको मिति २०७०।७।२१ को निर्णयअनुसार सो पदमा पदस्थापना भई मिति २०७०।१०।२ को रमना पत्रानुसार उष्ण प्रदेशीय बागवानी केन्द्र सर्लाहीमा कार्यरत थिएँ । त्यसपछि कृषि विभागको मिति २०७३।५।२१ को निर्णयले उक्त बागवानी केन्द्रबाट जिल्ला कृषि विकास कार्यालय सप्तरीमा सरूवा भएकाले सो कार्यालयमा कार्यरत रहँदै आएको थिएँ। त्यस समयसम्म कुनै विवाद थिएन। मेरो एस.एल.सी. र प्रविणता प्रमाणपत्र तहको प्रमाणपत्रमा जन्ममिति मिति २०१६।६।५ उल्लेख भएको छ। वैयक्तिक विवरण फाराम (सिटरोल) फाराम भर्दा पनि जन्ममिति २०१६।६।५ नै उल्लेख भएको हुँदा सो जन्ममितिको आधारमा म मिति २०७४।६।४ मा ५८ वर्षे सेवा हदले सेवा निवृत्त हुने प्रस्ट थियो । तर मलाई विपक्षी निजामती किताबखानाले मिति २०७३।९।२४ मा म मिति २०७३।३।१६ मा नै अनिवार्य अवकाश भइसकेको भन्ने बेहोराले निर्णय गरी सोहीबमोजिम मलाई अवकाश दिनु भनी म कार्यरत विपक्षी जिल्ला कृषि विकास कार्यालय राजविराजमा पत्राचार गरेको रहेछ । उक्त पत्र मिति २०७३।१०।३ मा कार्यालयमा प्राप्त भएपछि सो पत्रको आधारमा म कार्यरत कार्यालयले मलाई मिति २०७३।३।१६ बाट अवकाश पाउनु भएको छ भन्ने बेहोराको पत्र मिति २०७३।१०।१२ मा दिएको छ।

उक्त पत्रमा निजामती सेवा ऐन, २०४९ को दफा ३३ को उपदफा (३) र ऐ. नियमावली, २०५० को नियम १०२क बमोजिम मेरो जन्ममिति कायम गर्ने सम्बन्धमा मिति २०३४।३।१६ मा जारी भएको नागरिकतामा उमेर १९ वर्ष उल्लेख भएकोले निजको जन्ममिति २०१५।३।१६ हुने देखिएको र सो मितिबाट गणना गर्दा मिति २०७३।३।१५ मा ५८ वर्ष पुग्ने भएकाले मिति २०७३।३।१६ बाट लागू हुने गरी अनिवार्य अवकाश दिनु हुन अनुरोध छ, साथै मिति २०७३।३।१६ बाट अनिवार्य अवकाश पाउने भएकाले निजामती सेवा (बाह्रौं संशोधनसमेत) नियमावली, २०५० को नियम १२९क को उपनियम (४) अनुसार मिति २०७३।३।१६ देखि हालसम्म निजले उपभोग गरेको तलब, भत्ता, बिमा थप, चाडबाड खर्च, पोसाक भत्ता, कर्मचारी सञ्चयकोष थप, महङ्गी भत्ता, स्थानीय विशेष भत्तालगायतका सुविधाहरू यकिन गरी हुन आउने जम्मा रकम नगदै सरकारी कोषमा दाखिल गरी सोको भौचरसमेत पठाई दिनु हुन यस विभागको मिति २०७३।९।२४ को निर्णयअनुसार अनुरोध छ भन्ने बेहोरा उल्लेख भएको रहेछ। त्यसपछि म कार्यरत जिल्ला कृषि विकास कार्यालय, सप्तरीले मलाई तपाइँ मिति २०७३।३।१५ देखि अनिवार्य अवकाश हुनु भएर पनि अवकाश नलिई मिति २०७३ पौषसम्म कामकाज गरी तलब भत्ता, चाडपर्व खर्च, महंगी भत्ताको रकमसमेत बापत बढी रू. २,६९,९८५।०४ लिनु भएकोले सो रकम सरकारी कोषमा दाखिला गर्नु भनी बोधार्थ पत्र दिएपछि म कार्यालयमा गैरहाजिर छु।

त्यसरी मैले मिति २०७३।३।१६ देखि अनिवार्य अवकाश हुने बेहोराको जानकारी पाए पनि मिति २०७३।१०।४ सम्म कार्यरत रही बढी अवधि काम गरेकोले सो बढी अवधि काम गरेबापतको पारिश्रमिक कट्टा गर्न नमिल्ने बेहोराले निजामती किताबखानाका महानिर्देशकलाई अनुरोध गर्दा हामीले सबै कर्मचारीलाई यसै गर्दै आएका छौं, चित्त नबुझे हाम्रो निर्णयलाई अदालतबाट बदर गरेर ल्याउनु भनेकाले न्यायिक उपचारको लागि आएको छु ।

श्रमसम्बन्धी विधिशास्त्रीय मान्यताले बिना पारिश्रमिक कसैलाई पनि काममा लगाउन नपाइने ग्यारेण्टी गरेको छ । त्यस सम्बन्धमा निजामती किताबखानाको मिति २०७३।९।२४ को निर्णय श्रमसम्बन्धी विधिशास्त्रीय मान्यताको पनि विपरीत छ । विपक्षी निजामती किताबखाना म निवेदकसरहका अन्य निजामती कर्मचारीको अभिलेख अद्यावधिक गर्ने र सेवा हदले सेवा निवृत्त हुने कर्मचारीलाई समयमा नै सेवा निवृत्त हुने सूचना दिने निकाय हो । सो निकायले म कहिले उमेरहदले सेवा निवृत्त हुने भन्ने कुराको सूचना दिएको छैन । निजामती कर्मचारीको अभिलेख अद्यावधिक गर्ने निकायले अवकाश हुने जानकारी नदिएको र मेरो शैक्षिक योग्यताका प्रमाण पत्रसमेतमा वर्ष, महिना र गतेसमेत खुली मिति २०७४।६।४ सम्म सेवा गर्न पाउने म मिति २०७३।३।१५ भन्दा पछि पनि कार्यरत रहनु मेरो गल्ती होइन । मेरो कुनै गल्ती नभएको अवस्थामा मिति २०७३।३।१६ पछि २०७३ पौष महिनासम्म मैले कानूनबमोजिम प्राप्त गरेको तलब, भत्ता, पोसाक भत्तालगायतका आर्थिक सुविधा फिर्ता नगरेमा निवृत्तभरण अधिकारपत्र नबनाउने भन्दा नेपालको संविधानको धारा १७ को उपधारा (२) को खण्ड (च), १८ को उपधारा (१), २५ को उपधारा (१) को प्रतिकूल हुन्छ । संविधान प्रदत्त हक प्रतिकूल विपक्षी निजामती किताबखानाको निर्णय कायम रहन सक्दैन ।

अतः विपक्षी निजामती किताबखानाको मिति २०७३।९।२४ को निर्णय, सो निर्णयको आधारमा जिल्ला कृषि विकास कार्यालय, सप्तरीको मिति २०७३।१०।१२ को पत्रलगायत मेरो विरूद्धमा भए गरेका निर्णय, पत्राचार, अभिलेख, सूचनालाई नेपालको संविधानको धारा १३३ को उपधारा (२) र (३) बमोजिम उत्प्रेषणको आदेशले बदर गरी मैले खाई पाई सकेको मिति २०७३।१०।१२ को पत्रमा उल्लेख भएको विभिन्न आर्थिक सुविधा सरकारी कोषमा दाखिला गर्न नलगाउनु, मैले नियमानुसार पाउने सम्पूर्ण रकम भुक्तानी दिनु, दिलाउनु भनी विपक्षीहरूको नाममा परमादेशलगायत अन्य उपयुक्त आदेश जारी गरिपाऊँ।

साथै निवेदनको टुंगो लाग्नुअगावै विपक्षीहरूले गैरकानूनी निर्णय र पत्र कार्यान्वयन गरेमा निवेदनको औचित्य समाप्त भई मलाई अपूरणीय क्षति पुग्ने भएकोले सुविधा सन्तुलनको दृष्टिकोणले प्रस्तुत रिट निवेदनको अन्तिम टुंगो नलागेसम्म विपक्षी निजामती किताबखानाको मिति २०७३।९।२४ को निर्णय र जिल्ला कृषि विकास कार्यालय सप्तरीको मिति २०७३।१०।१२ को पत्र कार्यान्वयन नगर्नु नगराउनु, यथास्थितिमा राख्नु, मैले पाउने निवृत्तिभरणको रकम नरोक्नु, नियमित रूपमा उपलब्ध गर्नु गराउनु भनी विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी गरिपाउँ भन्ने बेहोराले निवेदक इन्द्रदेव यादवले यस अदालतमा पेस गरेको रिट निवेदन।

यसमा विपक्षीहरूबाट १५ दिनभित्र लिखित जवाफ मगाउनू । निवेदकले अन्तरिम आदेश माग गरेको सम्बन्धमा विचार गर्दा निवेदकले अवकाश पत्र प्राप्त गर्नुपूर्व उपभोग गरेको तलब भत्ता निवेदकले अवकाशपश्चात् पाउने रकममा कट्टा गर्दा निवेदकलाई अपूरणीय क्षति हुन सक्ने हुँदा प्रस्तुत निवेदनको अन्तिम टुंगो नलागेसम्म निवेदकले मिति २०७३।९।३० सम्म कार्यालयमा हाजिर भई कामकाज गरी उपभोग गरेको तलब, भत्तालगायतका सुविधा सरकारी कोषमा दाखिला गर्नेसम्बन्धी निजामती किताबखानाको मिति २०७३।९।२४ को निर्णय र जिल्ला कृषि विकास कार्यालय, सप्तरीको मिति २०७३।१०।१२ को पत्र कार्यान्वयन नगरी यथास्थितिमा राख्नु भनी विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी गरी दिइएको छ भन्ने बेहोराको यस अदालतको मिति २०७३।१०।२४ को आदेश।

निजामती सेवा ऐन, २०४९ को दफा ३३ को उपदफा (३) र ऐ. नियमावली, २०५० को

नियम १०२क मा ऐनको दफा ३३ को प्रयोजनको लागि निजामती कर्मचारीको उमेर गणना गर्दा "ऐनको व्यवस्थाअन्तर्गत वैयक्तिक विवरण, नागरिकताको प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाणपत्रमा जन्ममिति वर्ष, महिना र गते खुलेको र सबैमा एउटै मिति नरहेको भएमा जुन मितिबाट पहिले अवकाश हुन्छ सोही मितिबाट अवकाश दिइनेछ" भन्ने उल्लेख छ । त्यस्तै नियम १०२क(२) मा "वर्ष वा संवत् मात्र उल्लेख भएको प्रमाणपत्रका आधारमा जन्ममिति कायम गर्दा (क) नागरिकताको प्रमाणपत्रको हकमा प्रमाणपत्र प्राप्त गरेको आधारमा, (ख) शैक्षिक योग्यताको प्रमाणपत्रको हकमा प्रमाणपत्र जारी भएको मितिको आधारमा (ग) सिटरोलको हकमा सुरू भर्ना भएको मितिको आधारमा कायम गरिने छ भन्ने व्यवस्था छ । त्यसैगरी ऐ. नियमावलीको नियम १०२क(३) मा "कुनै प्रमाणपत्रमा वर्ष मात्र उल्लेख भएको र अर्को प्रमाणपत्रमा पूरा जन्ममिति खुलेको रहेछ तथा त्यस्तो प्रमाणपत्रमा उल्लिखित जन्ममितिहरूको बीचमा एक वर्षसम्मको अन्तर देखिएमा पूरा खुलेको जन्ममितिलाई आधार मान्नु पर्नेछ । तर यसरी छुट्टाछुट्टै प्रमाणपत्रमा उल्लेख भएको जन्ममितिको अन्तर एक वर्षभन्दा बढी भएमा वर्ष मात्र उल्लेख भएको प्रमाणपत्रको आधारमा उपनियम (२) बमोजिम जन्ममिति कायम गरिनेछ भन्ने व्यवस्था छ । निवेदकले यस विभागमा वैयक्तिक विवरण फाराम (सिटरोल) साथ पेस गरेको मिति २०३४।३।१६ गते जिल्ला प्रशासन कार्यालय, सिराहाबाट जारी भएको नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिमा निवेदकको उमेर वर्ष १९ उल्लेख भएको आधारमा निजामती सेवा ऐनको दफा ३३ र निजामती सेवा नियमावली, २०५० को नियम १०२क(२)(ग) अनुसार जन्ममिति कायम गर्दा मिति २०१५।३।१६ हुन आउने भएकाले शैक्षिक योग्यताको प्रमाणपत्र र वैयक्तिक विवरण फाराम (सिटरोल) मा जन्ममिति २०१६।६।५ उल्लेख गरेको भए पनि उल्लिखित जन्ममितिहरूको बीचमा एक वर्ष दुई महिना बीस दिनको अन्तर देखिएकाले निजको जन्ममिति नागरिकताको प्रमाणपत्रको आधारमा किटान गर्दा निवेदक मिति २०७३।३।१५ मा ५८ वर्ष पूरा हुने भएकोले मिति २०७३।३।१६ देखि लागू हुने गरी अनिवार्य अवकाश दिनु हुन भनी निवेदक कार्यरत कार्यालयमा अवकाशको सूचना पठाएको हो ।

रिट निवेदकले निवेदनको प्रकरण नं. ६(घ) मा "विना पारिश्रमिक राज्यका कुनै पनि निकायले कुनै पनि व्यक्तिलाई काममा लगाउन नसक्ने र काम गरेबापत दिएको पारिश्रमिक कट्टा गर्न नहुने श्रमसम्बन्धी विधिशास्त्रीय मान्यता रहेको अवस्थामा त्यसको विपरीत हुने गरी मैले पारिश्रमिकबापत पाएको रकम कट्टा गर्ने विपक्षीको कार्य गैरकानूनी छ" भनी उल्लेख गर्नुभएको छ । निजले दाबी गरेको विषय प्रचलित कानूनबमोजिम प्रक्रिया पूरा गरी नियुक्ति भई कानूनले तोकेको उमेरको समय सीमाभित्र मात्र कार्यरत कर्मचारीहरूको हकमा लागू हुने विषय भएकोले ५८ वर्ष पूरा भइसकेपछिको गैरकानूनी अवधिको पारिश्रमिक वैध भन्न मिल्ने हुँदैन । निवेदकले उठाएको प्रश्न वैध ठहरिने हो भने कानूनले तोकेको उमेरभन्दा बढी अवधि गैरकानूनी ढङ्गले कार्यरत रहने कर्मचारीहरू उत्प्रेरित भई अराजक अवस्था सृजना हुने भएकाले दाबीअनुसार अधिक अवधिको पारिश्रमिक उपलब्ध गराउन मिल्दैन । निजामती सेवा नियमावलीको नियम १२९क को उपनियम (४) अनुसार अवकाश हुने अवधिभन्दा बढी अवधि सेवामा रही खाएको तलब भत्तालगायतका सुविधाहरूको रकम सरकारी कोषमा दाखिला गर्नु भन्ने यस विभागको निर्णय निवेदकको हकमा समेत आकर्षित हुने देखिन्छ । निवेदककै जसरी अधिक अवधि सेवारत धनकुमारी राई कानूनतः मिति २०७०।६।१ मा अवकाश हुनुपर्नेमा मिति २०७३।३।२६ गतेसम्म सेवारत रहेकाले सो अवधिमा निजले उपभोग गरेको रकम रू.११,५८,३१४।६४

मिति २०७३।८।२ गते दाखिला गरेको भौचर यस विभागमा पेस गरेपश्चात् मिति २०७३।८।१३ मा निजको निवृत्तभरण अधिकारपत्र जारी गरिएको छ । यस विभागको अभिलेखअनुसार चालु आ.व.को मिति २०७३।७।१ देखि हालसम्म बढी अवधि सेवामा बहाल रहेकाले प्रचलित ऐन, नियमलाई पालना गर्दै नेपाल सरकारको राजस्व खातामा बेरूजु रकम दाखिला गरी निवृत्तभरण अधिकारपत्र प्राप्त गरेका अवकाश प्राप्त कर्मचारीको संख्या धनकुमारी राईसमेत १० (दश) जना पुगिसकेका छन् ।

अतः बढी सेवा अवधि कार्यरत धनकुमारी राईले बढी अवधि सेवारत् रहेको समयको रकम यस विभागमा फिर्ता गरेपश्चात् निवृत्तिभरण अधिकारपत्र जारी भएको र निवेदकले बढी समय सेवारत् रहेकाले निवेदकलाई मिति २०७३।३।१६ बाट अनिवार्य अवकाश दिनु भनी मिति २०७३।९।२४ मा यस विभागबाट भएको निर्णय एवं पत्राचारमा कुनै कानूनको त्रुटि नभएको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराले विपक्षी निजामती किताबखानाको तर्फबाट पेस भएको लिखित जवाफ ।

निवेदक कहिले अनिवार्य अवकाश पाउने भन्ने बेहोरा खुल्ने कागजातहरू यस कार्यालयमा प्राप्त नभएकोले मिति २०७३।१०।४ गतेसम्म नियमित रूपमा हाजिर भई कामकाज गरिरहेकाले निजलाई तलब भत्तालगायतका अन्य सुविधा उपलब्ध गराएको हो । पछि निजामती किताबखानाले मिति २०७३।९।२४ को निर्णय भनी निवेदकलाई मिति २०७३।३।१६ बाट अनिवार्य अवकाश दिनु र निजले उपभोग गरेको तलब, बिमा, थप चाडबाड खर्च, पोसाक भत्ता, कर्मचारी सञ्चय कोष, थप महङ्गी भत्ता, स्थानीय विशेष भत्तालगायतका सुविधाबापतको रकम यकिन गरी जम्मा हुन आउने रकम नगदै सरकारी कोषमा दाखिला गरेको भौचरसहित पठाई दिनु हुन भनी लेखी आएको हुँदा सोही बेहोराले यस कार्यालयले मिति २०७३।१०।१२ गते निवेदकलाई जानकारी गराएको कार्यले निवेदकको संवैधानिक र कानूनी हकमा आघात नपुग्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराले विपक्षी जिल्ला कृषि विकास कार्यालय, सप्तरीको तर्फबाट पेस भएको लिखित जवाफ ।

मिति २०७३।३।१५ मा ५८ वर्ष पूरा भई अनिवार्य अवकाश पाउने कर्मचारीलाई सोको जानकारी विवरण अद्यावधिक राख्ने निकाय विपक्षी निजामती किताबखानाले समयमै दिएको देखिँदैन । समयमै अवकाशको सूचना नदिई मिति २०७३।५।२१ मा उष्ण प्रदेशीय बागवानी केन्द्र सर्लाहीबाट जिल्ला कृषि विकास कार्यालय सप्तरीमा निवेदकलाई सरूवा गरेको र सोही कार्यालयमा कार्यरत रहँदा निवेदकलाई मिति २०७३।३।१६ देखि लागू हुने गरी अनिवार्य अवकाश दिनु हुन र सो मितिपश्चात् निजले पाएको तलब भत्तालगायतको सुविधाबापतको रकम नगदै सरकारी कोषमा दाखिला गराउनु भनी मिति २०७३।९।२४ मा विपक्षी निजामती किताबखानाले निर्णय गरी निवेदक कार्यरत रहेको कार्यालय सप्तरीमा पत्राचार गरेको देखियो ।

यसरी सम्बन्धित सरकारी निकायले समयमै अवकाशको सूचना नदिएको तथा अवकाश पाउने मितिभन्दा पछि सरूवासमेत गरी सेवा गराइरहेको अवस्थामा निवेदकले बढी अवधि सेवा गरेबापत प्राप्त गरेको तलब भत्तालगायतको सुविधाको रकम निवेदकबाट सरकारी कोषमा दाखिला गराउने गरी विपक्षी निजामती किताबखानाबाट मिति २०७३।९।२४ मा निर्णय भएको देखियो । श्रमसम्बन्धी विधिशास्त्रीय मान्यताले कुनै पनि व्यक्तिलाई विना पारिश्रमिक काममा लगाउन नपाइने र काम गर्नेले उचित पारिश्रमिक पाउनु पर्ने मान्यता राख्दछ । विना पारिश्रमिक काममा लगाउँदा श्रम शोषण भएको मानिने र काम गर्ने व्यक्तिले काम गरेको समयको उचित

पारिश्रमिक पाउने अधिकारसमेतको हनन् हुन जाने अवस्था हुँदा प्रस्तुत विवादमा निवेदकले काम गरेको अवधिको तलब भत्ताबापत प्राप्त गरेको रकम फिर्ता गर्नु न्यायोचित देखिएन । तसर्थ विपक्षी निजामती किताबखानाको मिति २०७३।९।२४ को निर्णय र सो निर्णयका आधारमा गरिएका पत्राचार एवं अन्य सम्पूर्ण काम कारबाहीहरू उत्प्रेषणको आदेशले बदर हुन्छ। अब निवेदकले काम गरेको अवधिको पारिश्रमिकलगायतका सुविधाहरू कानूनबमोजिम निजलाई प्रदान गर्नु गराउनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने ठहर्छ भन्नेसमेत बेहोराको यस अदालतका माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्रको राय।

निजामती सेवा नियमावली, २०५० मा मिति २०७२।६।७ मा भएको बाह्रौं संशोधनले नियम १२९क (४) मा संशोधन गरी नियम १२९क मा उपनियम (५) थप गरेको देखिन्छ । उक्त उपनियम (४) र (५) को व्यवस्था हेर्दा कुनै निजामती कर्मचारीले आफू अवकाश हुने अवधिभन्दा बढी अवधि सेवामा रही खाएको तलब भत्तालगायतको सुविधाको रकम सरकारी कोषमा दाखिला गर्नुपर्ने तथा त्यस्तो रकम दाखिला गरेको जानकारी प्राप्त नभई निजामती किताबखानाले उपदानको अंक किटान गर्ने वा निवृत्तभरण अधिकारपत्र बनाउने छैन भन्ने उल्लेख भएको देखिन्छ। यो कानूनी व्यवस्था आउनुअघि यस विषयमा यस अदालतबाट व्याख्या भई कायम भएका सिद्धान्तहरू उक्त उपनियम (४) र (५) को कानूनी व्यवस्था भएपश्चात्को लागि समेत सान्दर्भिक हुन्छ, हुँदैन भन्नेबारे हालसम्म विवेचना भएको देखिँदैन । यसरी मिति २०७३।३।१५ मा अनिवार्य अवकाश पाउने तथ्य स्वीकार गरेका निवेदकले सो मितिपश्चात बढी अवधि सेवा गरेको स्पष्ट देखिएको र अवकाश हुने अवधिभन्दा बढी अवधि सेवामा रही खाएको तलब भत्तालगायतका सुविधाबापतको रकम सरकारी कोषमा दाखिला गर्नुपर्ने भन्ने निजामती सेवा नियमावली, २०५० को नियम १२९क को उपनियम (४) को व्यवस्थालाई चुनौती नदिएको अवस्थामा निजले बढी अवधि काम गरी लिएको तलब भत्तालगायतका सुविधा सरकारी कोषमा जम्मा गर्नुपर्ने नै देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्रको रायसँग मतैक्य हुन नसकेकोले प्रस्तुत रिट निवेदन सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३ को उपनियम (१) को खण्ड (क) बमोजिम पूर्ण इजलासमा पेस गर्नु भन्नेसमेत बेहोराको यस अदालतका माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हाको मिति २०७४।४।३१ को छुट्टै राय।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री हरि उप्रेती र विद्वान् अधिवक्ता श्री जग्गनाथ महतो सिंहले यस अदालतका माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हाको राय निजामती सेवा ऐन, नियमावलीविपरीत छ। निजामती कर्मचारीको सबै विवरण अद्यावधिक गर्ने गराउने दायित्व विपक्षी निजामती किताबखानाको हो। सो निकायले समयमा नै निवेदक कहिले अवकाश हुने सम्बन्धमा कुनै जानकारी दिएको देखिँदैन । पछिल्लो पटक जिल्ला कृषि विकास कार्यालय सप्तरीमा सरुवा गरिएको छ । त्यति बेलासम्म कुनै अभिलेख हेरिएको छैन। मिति २०७३।३।१६ देखि लागू हुने गरी अवकाश दिएपछि पनि काम लगाएर सो अवधिमा मेरो पक्षले पाएको तलब, भत्तासमेतका सुविधाबापतको रकम फिर्ता गर भन्नु श्रमसम्बन्धी कानून र यस अदालतबाट ने.का.प. २०७२, अंक ५, निर्णय नं. ९३९७ मा प्रतिपादित सिद्धान्तसमेतको आधारमा मिल्दैन । हाम्रो पक्षले जानी जानी ढाँटी बढी अवधि सेवा गरेको होइन । बदनियत राखेको पनि देखिँदैन । शैक्षिक योग्यताबाट खुलेको उमेरको आधारमा सेवारत रहेको देखिन्छ। माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हाले आफ्नो रायमा निजामती सेवा नियमावली,

२०५० को नियम १२९क को उपनियम (४) लाई चुनौती नदिएको र थप व्याख्या नभएकोले रिट खारेज हुने उल्लेख गरेको भए पनि निवेदकको हकमा उक्त कानूनी व्यवस्थाले प्रतिकूल असर नपर्ने हुँदा चुनौती नगरिएको हो । निवेदकले अधिक अवधि कामकाज गरी खाई पाई सकेको सुविधा फिर्ता गर्दा निवेदकको संवैधानिक र कानूनी हकमा आघात पुग्ने हुँदा माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्रको राय सदर हुनुपर्दछ भन्नेसमेत बेहोराको बहस प्रस्तुत गर्नुभयो ।

विपक्षीतर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री दशरथ पंगेनीले कुनै निजामती कर्मचारीले ५८ वर्ष उमेरहदभन्दा बढी अवधि सेवामा रही तलब भत्तालगायतका सुविधा लिएमा असुलउपर गर्नुपर्ने हुन्छ । निवेदक सरकारी कर्मचारी भई काम गरेको देखिन्छ । कानूनको अज्ञानता क्षम्य हुँदैन भन्ने सिद्धान्तबाट निवेदक उम्किन मिल्दैन । निजामती सेवा नियमावलीको नियम १२९क को उपनियम (४) को व्यवस्था लागू गर्न पनि निवेदकले बढी अवधि सेवा गरी लिएको तलब भत्तालगायतका सुविधाबापतको रकम निजबाट असुलउपर गरी सरकारी कोषमा दाखिला गर्नुपर्ने अनिवार्यता भएको छ । माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्रको रायमा ने.का.प. २०७२, अंक ५, निर्णय नं. ९३९७ मा प्रतिपादित सिद्धान्तको आधारमा रिट जारी गर्ने आदेश गरेको भए पनि उक्त सिद्धान्त निजामती सेवा नियमावली, २०५० को नियम १२९क को उपनियम (४) र (५) को सन्दर्भमा व्याख्या भई कायम भएको नदेखिँदा सो प्रतिपादित सिद्धान्त यस विवादमा आकर्षित हुँदैन । त्यसैले माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्रको रायअनुसार भएमा निजामती सेवा ऐन, नियमको व्यवस्था संकुचन हुन्छ । निवेदकले भनेअनुसार यस विवादमा श्रमसम्बन्धी विधिशास्त्रीय मान्यता हेर्नुपर्ने नदेखिँदा माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हाको राय सदर हुनुपर्दछ भन्नेसमेत बेहोराको बहस प्रस्तुत गर्नुभयो ।

दुवैतर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूले गर्नुभएको उपर्युक्तबमोजिमको बहस सुनी रिट जारी हुने ठहर भएको माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्रको राय सदर हुने हो वा खारेज हुने ठहर भएको माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हाको राय सदर हुने हो भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो ।

२. निर्णयतर्फ विचार गर्दा निवेदक इन्द्रदेव यादव मिति २०४५।१२।१४ मा प्राविधिक सहायक पदमा सुरू नियुक्ति पाई सेवा प्रवेश गरेको देखिन्छ । सेवा प्रवेश गर्दा निवेदकले पेस गरेको एस.एल.सी. र प्रविणता प्रमाणपत्र तहको शैक्षिक योग्यताको प्रमाणपत्रमा निवेदकको जन्ममिति २०१६।६।५ उल्लेख भएकोमा सेवा प्रवेश गरेपछि निजले भरेको वैयक्तिक विवरण (सिटरोल) मा पनि सोही मिति उल्लेख भएको देखिन्छ । निवेदक सोही जन्ममितिको आधारमा मिति २०७४।६।४ सम्म सेवामा बहाल रहने आशा र विश्वासमा रहेको देखिए पनि विपक्षी निजामती किताबखानाले निवेदकले मिति २०३४।३।१६ मा जिल्ला प्रशासन कार्यालय सिरहाबाट प्राप्त गरी विपक्षी निजामती किताबखानामा पेस गरेको नागरिकतामा वर्ष १९ उल्लेख भएको आधारमा सो किताबखानाले एस.एल.सी., प्रविणता प्रमाणपत्र तह र वैयक्तिक विवरण (सिटरोल) मा उल्लेख भएको जन्ममिति २०१६।६।५ कायम नगरी नागरिकतामा उल्लेख भएको वर्ष १९ अनुसार जन्ममिति २०१५।३।१५ कायम गरी मिति २०७३।३।१६ बाट निवेदक अनिवार्य अवकाश हुनेमा हालसम्म कार्यरत रहेको देखिएकोले मिति २०७३।३।१६ बाट अनिवार्य अवकाश हुने र सोपश्चात् निवेदकले प्राप्त गरेको विभिन्न आर्थिक सुविधा सरकारी राजस्वमा फिर्ता गर्नुपर्ने बेहोराले निजामती किताबखानाले मिति २०७३।९।२४ मा निर्णय गरी गरेको पत्राचारको आधारमा विपक्षी जिल्ला कृषि विकास कार्यालय, सप्तरीले निवेदकलाई

मिति २०७३।१०।१२ मा मिति २०७३।३।१६ बाट अनिवार्य अवकाश पाई सेवा निवृत्त भएकाले सोपश्चात्को आर्थिक सुविधा फिर्ता गर्नु भन्ने बेहोराको बोधार्थ पत्र निवेदकले प्राप्त गरेपश्चात् निवेदकको तर्फबाट प्रस्तुत विवाद यस अदालतमा प्रवेश भएको देखिन्छ।

३. उक्त विवाद यस अदालतको संयुक्त इजलासमा पेस हुँदा माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्रले रिट जारी हुने र माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हाले रिट खारेज हुने ठहर गरेपश्चात् सर्वोच्च अदालत नियमावली, २०४९ को नियम (३) को उपनियम (१) खण्ड (क) बमोजिम आज यस पूर्ण इजलासमा पेस भएको देखिन्छ। निवेदक राष्ट्रसेवक कर्मचारी भएको तथ्यमा विवाद देखिएन। राष्ट्रसेवक कर्मचारी निजामती सेवा ऐन, नियमावलीबमोजिम अन्यथा भएमा बाहेक ५८ वर्ष उमेर पूरा भएपछि सेवा निवृत्त हुने देखिन्छ। यस विवादमा निवेदकको शैक्षिक योग्यताको प्रमाणपत्रमा मिति २०१६।६।५ उल्लेख भई वैयक्तिक विवरण (सिटरोल) मा सोही मिति उल्लेख भएअनुसार निज मिति २०७४।६।४ बाट अनिवार्य अवकाश हुने देखिए पनि निजले २०३४ सालमा प्राप्त गरेको नागरिकतामा १९ वर्ष उल्लेख भएको आधारमा विपक्षी निजामती किताबखानाले मिति २०७३।३।१६ बाट ५८ वर्ष सेवा अवधि पुगी अनिवार्य अवकाश हुने भनी मिति २०७३।९।२४ मा निर्णय गरेको देखिन्छ। विपक्षी निजामती किताबखानाले ५८ वर्षे उमेरहदले मिति २०७३।३।१६ बाट अवकाश हुने भनी गरेको हदसम्म निवेदकले स्वीकार गरेको देखिँदा निवेदक मिति २०७३।३।१६ बाट अनिवार्य अवकाश भएतर्फ केही विचार गरिरहन परेन।

४. मुख्य रूपमा निवेदकले मिति २०७३।३।१६ पश्चात् २०७३ पौषसम्म प्राप्त गरेको आर्थिक सुविधा सरकारी कोषमा फिर्ता हुने वा नहुने भन्ने सम्बन्धमा विचार गर्दा मिसिल संलग्न विपक्षी निजामती किताबखानाको मिति २०७३।९।२४ को निर्णयमा निजामती सेवा (बाह्रौं संशोधनसमेत) नियमावली, २०५० को नियम १२९क को उपनियम (४) अनुसार मिति २०७३।३।१६ देखि हालसम्म निजले उपभोग गरेको तलब, भत्ता, बिमा थप, चाडबाड खर्च, पोसाक भत्ता, कर्मचारी सञ्चयकोष थप, महङ्गी भत्ता, स्थानीय विशेष भत्तालगायतका सुविधाहरू यकिन गरी हुन आउने जम्मा रकम नगदै सरकारी कोषमा दाखिल गरी सोको भौचरसमेत पठाई दिनु हुन यस विभागको निर्णयअनुसार अनुरोध छ भन्ने उल्लेख भएको देखिन्छ। निजामती सेवा नियमावली, २०५० को नियम १२९क को उपनियम (४) मा कुनै निजामती कर्मचारीले आफू अवकाश हुने अवधिभन्दा बढी अवधि सेवामा रही खाएको तलब भत्तालगायतका सुविधाहरूको रकम सरकारी कोषमा दाखिला गर्नुपर्नेछ भन्ने र उपनियम (५) मा उपनियम (४) बमोजिम रकम दाखिला गरेको जानकारी प्राप्त नभई निजामती किताबखानाले उपदानको अंक किटान गर्ने वा निवृत्तिभरण अधिकारपत्र बनाउने छैन भन्ने कानूनी व्यवस्था भएको देखिन्छ।

५. उक्त कानूनी व्यवस्था निजामती सेवा नियमावली, २०५० मा मिति २०७२।६।७ मा भएको बाह्रौं संशोधनले उपनियम (४) संशोधन र उपनियम (५) थप गरेपश्चात् लागू भएको देखिन्छ। सो कानूनी व्यवस्थाले कुनै पनि निजामती कर्मचारी कानूनतः ५८ वर्ष उमेरभन्दा बढी कार्यरत रही अधिक अवधिको आर्थिक सुविधा लिएमा त्यस्तो अधिक अवधिको प्राप्त गरेको आर्थिक सुविधा सरकारी कोषमा फिर्ता नगरेमा निवृत्तिभरण अधिकारपत्र नबनाइने प्रस्ट गरेको देखिन्छ। विपक्षी निजामती किताबखाना निजामती कर्मचारीको अभिलेख अद्यावधिक गर्ने र जुन कर्मचारी ५८ वर्षे सेवा हदले सेवा निवृत्त हुने हो, सोको अगावै जानकारी दिने निकाय हो। निजामती किताबखानाले निवेदक मिति २०७३।३।१५ मा ५८ वर्ष पूरा भई

अनिवार्य अवकाश पाउने देखिएकोमा कानूनबमोजिम निवेदकलाई अनिवार्य अवकाश हुने बेहोराको जानकारी नदिई मिति २०७३।९।२४ मा करिब ७ महिनापश्चात् पहिले नै अनिवार्य अवकाश भइसकेकोमा हालसम्म कार्यरत रहेको देखिएको हुँदा अधिक अवधिको आर्थिक सुविधा फिर्ता गर्नुपर्नेसमेत बेहोराले निर्णय गरेको देखिन्छ।

६. निवेदकलाई मिति २०७३।३।१६ बाट अनिवार्य अवकाश हुने बेहोराको पूर्वजानकारी नदिएको अवस्थामा निवेदक मिति २०७३।१०।४ सम्म रूजु हाजिर भई २०७३ पौष महिनासम्मको तलब, भत्तालगायतका आर्थिक सुविधा लिनु निवेदकको कुनै गल्ती हो भन्न मिल्ने आधार कारण मिसिल प्रमाणबाट देखिएको छैन । विपक्षी निजामती किताबखानाले आफ्नो दायित्व समयमा नै पूरा गर्न नसकेको कारण निवेदक अधिक अवधि कार्यरत रहेको अवस्थामा निवेदकले राज्यकोषबाट प्राप्त गरेको आर्थिक सुविधा फिर्ता गर भन्नु प्राकृतिक न्यायको सिद्धान्तविपरीत हुने प्रस्ट छ। विपक्षी निजामती किताबखानाले निवेदकले पेस गरेको सिटरोल र सम्बद्ध प्रमाणहरूको विश्लेषण गरी निजको उमेरको आधारमा निजामती सेवा ऐन र नियमावलीअनुरूप निवृत्त हुने अवधि किटान गरी **अवधि पुग्नुभन्दा अगावै जानकारी गराउनु पर्नेमा समयमा निवेदकलाई सेवा निवृत्त हुने जानकारी** नदिई निजामती सेवा नियमावली, २०५० को नियम १२९क को उपनियम (४) र (५) मा भएको कानूनी व्यवस्था पालना हुनुपर्छ भन्नु विपक्षी निजामती किताबखानाको लागि शोभनीय कार्य होइन। समयमा नै निवेदकलाई मिति २०७३।३।१६ बाट अनिवार्य अवकाश हुने जनाउ दिएको भए यो अवस्था आउने थिएन । त्यसैले विपक्षी निजामती किताबखानाको कमजोरी वा भूलको परिणाम निवेदकले बेहोर्नु पर्छ भन्न कानून र न्यायको मान्य सिद्धान्तको विपरीत हुन्छ।

७. त्यसैगरी श्रमसम्बन्धी विधिशास्त्रीय मान्यताले कुनै पनि व्यक्तिलाई बिना पारिश्रमिक काममा लगाउने कुरालाई स्वीकार गर्दैन भने काम गर्ने व्यक्तिले उचित पारिश्रमिक पाउनु पर्ने मान्यता राख्दछ। विना पारिश्रमिक काममा लगाउँदा श्रम शोषण भएको मानिने र काम गर्ने व्यक्तिले काम गरेको समयको उचित पारिश्रमिक पाउने अधिकारसमेतको हनन् हुन जाने अवस्था हुँदा प्रस्तुत मुद्दामा निवेदकले काम गरेको अवधिको तलब भत्ताबापत प्राप्त गरेको आर्थिक सुविधा राज्यकोषमा नै फिर्ता गर्नु गराउनु भन्न ने.का.प. २०७२, अंक ५, निर्णय नं. ९३९७, ने.का.प. २०६६, अंक ५, निर्णय नं. ८१५१ र ने.का.प. २०६९, अंक ४, निर्णय नं. ८८१० मा प्रतिपादित सिद्धान्तसमेतको आधारमा न्यायोचित देखिएन।

८. यसरी विपक्षी निजामती किताबखानाले निवेदकलाई समयमै अवकाशको सूचना नदिएको र अवकाश पाउने मितिभन्दा पछि सरूवासमेत गरी सेवा गराइरहेको अवस्थामा निवेदकले बढी अवधि सेवा गरेबापत प्राप्त गरेको तलब, भत्तालगायतको सुविधाको रकम निवेदकबाट सरकारी कोषमा दाखिला गराउने गरी विपक्षी निजामती किताबखानाबाट भएको मिति २०७३।९।२४ को निर्णय सो हदसम्म र विपक्षी जिल्ला कृषि विकास कार्यालय, राजविराज, सप्तरीको मिति २०७३।१०।१२ को पत्र श्रमसम्बन्धी विधिशास्त्रीय र कानूनी मान्यतासमेतका आधारमा न्यायोचित र विवेकसम्मत देखिएन।

९. अतः विपक्षी निजामती किताबखानाले निवेदकलाई मिति २०७३।३।१६ पश्चात् अधिक अवधि सेवा गरी सोबापत प्राप्त गरेको आर्थिक सुविधा फिर्ता गर्नु भनी मिति २०७३।९।२४ मा गरेको निर्णय सो हदसम्म र सो निर्णयका आधारमा गरिएका आर्थिक सुविधा फिर्ता गर्नु भन्ने बेहोराका पत्राचार एवं अन्य सम्पूर्ण कार्यहरू उत्प्रेषणको आदेशले बदर हुने नै देखिँदा यस अदालतका माननीय न्यायाधीश श्री

अनिलकुमार सिन्हाको रायसँग सहमत हुन सकिएन। माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्रको राय सदर हुने ठहर्छ। अब निवेदकले मिति २०७३।३।१६ पश्चात् प्राप्त गरेको अधिक अवधिको पारिश्रमिकलगायतका काम गरेबापतका कानूनबमोजिमका आर्थिक सुविधाहरू निवेदकबाट फिर्ता नगराई निवृत्तिभरण अधिकारपत्र बनाई दिनु भनी विपक्षी निजामती किताबखाना हरिहरभवन, ललितपुरको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ।

१०. साथै माथि उल्लेख भएअनुसार विपक्षी निजामती किताबखाना निजामती कर्मचारीको अभिलेख अद्यावधिक गर्ने निकाय हो। सो निकायले उमेरहदले सेवा निवृत्त हुने निजामती कर्मचारीको समयमा नै सेवा निवृत्त हुने कुराको जानकारी नदिँदा धेरै कर्मचारीहरू अधिक अवधि कार्यालयमा कामकाज गर्नुपर्ने, सो काम गरे सोबापत प्राप्त गरेको रकम फिर्ता गर्नु परेको वा मुद्दा मामिलामा जानु परेको कुरा विपक्षी निजामती किताबखानाको लिखित जवाफबाट देखिन्छ। यसरी लामो समयसम्म सेवा गर्ने निजामती कर्मचारीले सेवा निवृत्त भएपश्चात् कानूनबमोजिम प्राप्त हुने सुविधा सहज रूपमा प्राप्त गरी निश्चिन्त जीवन यापन गर्नुपर्नेमा सो विषयमा मुद्दा मामिलासमेतका झन्झटिला कार्यमा लाग्नु पर्ने देखिएको परिप्रेक्ष्यमा त्यस्ता समस्या सहज रूपमा समाधान हुन वाञ्छनीय हुँदा विपक्षी निजामती किताबखानाको नाममा निम्न निर्देशनात्मक आदेशसमेत जारी गरिदिएको छः

(१) निजामती कर्मचारीको अभिलेख अद्यावधिक गरी अब आइन्दा निजामती सेवा ऐन र नियमावलीले निर्धारण गरेको समयभित्र अनिवार्य अवकाश पाउने कर्मचारीलाई समयमा नै सूचना / जानकारी दिने व्यवस्था मिलाउनू।

(२) सम्बन्धित निजामती कर्मचारीलाई अवकाश हुने कुराको जानकारी नदिई अवकाश हुने मितिभन्दा पछिसम्म बहाल रहेमा बहाल रहेको मिति पश्चातको निवृत्तभरण अधिकारपत्र बनाउने र अधिक अवधि बहालमा रही प्राप्त गरेको रकम सम्बन्धितबाट फिर्ता नगर्नु, नगराउनू।

११. प्रस्तुत आदेशको जानकारी विपक्षी निजामती किताबखानालाई दिनु भनी महान्यायाधिवक्ताको कार्यालयमा लेखी पठाई प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छौं।
न्या.केदारप्रसाद चालिसे
न्या.हरिकृष्ण कार्की

इजलास अधिकृत: भीमबहादुर निरौला
इति संवत् २०७५ साल वैशाख १३ गते रोज ५ शुभम्।

निर्णय नं. १००४३

सर्वोच्च अदालत, पूर्ण इजलास
माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई
माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हा
माननीय न्यायाधीश श्री टंकबहादुर मोक्तान
फैसला मिति : २०७४।८।२८
०७३-CF-०००७

मुद्दाः सवारी ज्यान

पुनरावेदक / वादी : ललितपुर जिल्ला, ललितपुर उपमहानरपालिका वडा नं. ८ बस्ने भरत महर्जनको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : ललितपुर जिल्ला, ललितपुर उपमहानरपालिका वडा नं. ८ बालकुमारी बस्ने सन्नी महर्जन

- **सामान्य अर्थमा लापरवाहीपूर्ण कार्य (Reckless Conduct) त्यस्तो कार्य हो जसले परिणामलाई बेवास्ता गर्छ । अर्थात्, आफ्नो कार्यको परिणाम यस्तो हुनसक्छ भन्ने जान्दाजान्दै पनि त्यस्तो कार्य नगर्नुपर्ने सकारात्मक दायित्वको उल्लङ्घन गर्छ । सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ को उपदफा (२) मा लापरवाहीको अतिरिक्त "जानीजानी" भन्ने शब्द प्रयोग भएको छ । यसको व्याख्या पनि लापरवाहीसँग जोडेर गर्नुपर्ने हुन्छ किनभने यहाँ "जानीजानी" को अर्थ सो कार्यले ल्याउन सक्ने परिणामको सम्भावनाबारे ज्ञान भएको भन्नेसम्म हो । यस अर्थमा दफा १६१ को उपदफा (१) मा उल्लिखित मनसायपूर्ण कार्यमा सन्निहित ज्ञानबाट उक्त उपदफा (२) मा प्रयुक्त "जानी जानी" भन्ने शब्दलाई छुट्याउनुपर्ने हुन्छ । ऐ. दफाको उपदफा (१) मा "ज्यान मार्ने मनसाय लिई किची, ठक्कर दिई वा दुर्घटना गराई" भन्ने शब्दावली प्रयोग भएको छ । यहाँ ज्यान मार्ने मनसाय लिई किच्दा, ठक्कर दिँदा वा दुर्घटना गराउँदा ज्यान मर्न सक्छ भन्ने कुराको ज्ञान त्यस्तो दुर्घटना गराउने व्यक्तिलाई हुन्छ । अर्थात् त्यस्तो हुन्छ भन्ने "जानीजानी" उसले ती कार्यहरू गरेको हुन्छ । त्यस अर्थमा ज्ञान (Knowledge) मनसायपूर्वक गरिने ज्यानसम्बन्धी कसुरको एक तत्त्व हुन सक्छ तर लापरवाहीमा भने त्यो ज्ञान अर्थात् "जानीजानी" गरिने कार्य लापरवाहीकै अङ्ग हुने ।**

(प्रकरण नं.४)

- **सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ को उपदफा (२) मा लापरवाही (Recklessness) भन्ने शब्द प्रयोग भएको छ भने उपदफा (३) मा जानी जानी वा लापरवाही गरी भन्ने शब्दहरू प्रयोग गरिएको छैन । बरू "कसैको ज्यान मर्न सक्ने नदेखिएको" अवस्थाबारे चित्रण गरिएको छ । तर उपदफा (३) को अवस्था पनि दोषरहित दुर्घटना (Blameless Accident or Misfortune) को अवस्था होइन । यस उपदफाअन्तर्गत हुने दुर्घटना दोषपूर्ण नै हुन्छ । ऐनले यस्तो कार्यलाई दोषपूर्ण मानेको कारण उक्त उपदफामा हेलचक्र्याइँ भन्ने शब्द प्रयोग नभए तापनि यहाँ सवारी चालकको**

कार्यलाई हेलचक्र्याईंपूर्ण (negligent) मानिएको रहेछ भनी अर्थ गर्नुपर्ने हुन्छ । वस्तुत: कानूनले सवारी चालकलाई कुनै कर्तव्य (positive Duty) तोकेको छ र सो कर्तव्य उसले पूरा गर्दैन भने उसको कार्य हेलचक्र्याईपूर्ण नै हुन्छ । यस्तो हेलचक्र्याईपूर्ण कार्यको परिणामस्वरूप देवानी वा फौजदारी दायित्व सृजना हुन सक्ने ।

(प्रकरण नं.५)

- **अन्य व्यक्तिको जिउमा जोखिम पार्ने हक कसैलाई हुँदैन । त्यसैले कसैसँग अमूक साधन चलाउने सवारी अनुमतिपत्र छैन भने त्यसको सोझो अर्थ उसँग सो सवारी साधन चलाउने आवश्यक ज्ञान र सीप छैन भन्ने नै हुन्छ । कानूनको पनि त्यही अनुमान रहन्छ । त्यसै कारणले गर्दा सवारी चलाउने अनुमतिपत्रको व्यवस्थालाई ऐच्छिक नबनाई अनिवार्य बनाइएको पाइने ।**

(प्रकरण नं.७)

- **सवारीसम्बन्धी कानूनको प्रथम एवं प्रमुख उद्देश्य व्यक्ति वा समुदायको सुरक्षा गर्नु हो । मानव जीवनलाई असुरक्षित बनाउने अधिकार कसैमा हुँदैन । यदि एक व्यक्तिलाई कानूनको उल्लङ्घन गर्न निरूत्साहित गरेर सामाजिक सुरक्षा प्रवर्द्धन गर्न सकिन्छ भने कानूनको सोही नै अर्थ गरिनुपर्छ । न्यायले पनि सामाजिक सुरक्षाको नै प्रवर्द्धन गर्ने हो र सो गर्नुपर्ने ।**

(प्रकरण नं.८)

- **सवारी तथा यातायात व्यवस्था ऐनको दफा १६१(४) मा प्रयुक्त "थप दुई हजार जरिवाना" हुनेछ भन्ने व्यवस्थाको स्पष्ट अर्थ लापरवाही स्थितिमा दफा १६१(२) बमोजिम हुने सजायमा यो थप सजाय हुने भन्ने नै हो । दफा १६१ को उपदफा (२) को कसुरसँग जोडिदिनुको अर्थ उक्त उपदफाहरू अन्तर्गत सवारी साधनको प्रयोग गरी लापरवाही साथमा गरिने कसुर पहिलो कसुर हो र अनुमतिपत्र नहुने कसुर दोस्रो कसुर (Double Count offence) हुने ।**

(प्रकरण नं.१०)

पुनरावेदक / वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री यामबहादुर बानियाँ
प्रत्यर्थी / प्रतिवादीका तर्फबाट : विद्वान् अधिवक्ता श्री मंगल महर्जन
अवलम्बित नजिर :

- नेकाप २०७२, अंक ८, नि.नं.९४५७
- नेकाप २०७१, नि.नं.९३०४, पृ.२१२७
- नेकाप २०७०, नि.नं.९०७३, पृ.१३२७

सम्बद्ध कानून :

- सवारी तथा यातायात व्यवस्था ऐन, २०४९

सुरू फैसला गर्ने:-
मा. जिल्ला न्यायाधीश श्री रमेश पोखरेल
ललितपुर जिल्ला अदालत

पुनरावेदन तहमा फैसला गर्ने :-
माननीय न्यायाधीश श्री हरिप्रसाद घिमिरे
माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल
पुनरावेदन अदालत, पाटन

यस अदालतमा संयुक्त इजलासमा फैसला गर्ने:-
माननीय न्यायाधीश श्री वैद्यनाथ उपाध्याय
माननीय न्यायाधीश श्री देवेन्द्र गोपाल श्रेष्ठ

फैसला

न्या.डा.आनन्दमोहन भट्टराई : न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१)(क) बमोजिम मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान भई पुनरावेदनको रूपमा दर्ता हुन आएको प्रस्तुत मुद्दामा संयुक्त इजलास ने.का.प.२०७१, नि.नं.९३०४ मा प्रतिपादित सिद्धान्तसँग सहमत हुन नसकी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(ख) बमोजिम पूर्ण इजलासमा पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छ :-

मिति २०६४।८।१५ गतेका दिन मेरो बज्यै नाताकी वर्ष ७४ कि लाटी महर्जनले भेडा चराउन भनी ललितपुर जिल्ला, ललितपुर उपमहानगरपालिका वडा नं. ८ बालकुमारी साइडको भित्रीबाटोमा गएको अवस्थामा दिनको अन्दाजी १५:३० बजेको समयमा सन्नी महर्जनले हाँकेको मोटर साइकलले मेरो बज्यैलाई ठक्कर दिएकोले औषधी उपचारको क्रममा बि. एण्ड बि. अस्पताल लगेकोमा सोही अस्पतालमा उपचार हुँदाहुँदै ऐ. १९:०० बजे निजको मृत्यु भएको हुँदा मोटरसाइकल चालकलाई पक्राउ गरी कानूनबमोजिम सजाय गरिपाउँ भन्नेसमेत बेहोराको भरत महर्जनको मिति २०६४।८।१६ को जाहेरी दरखास्त।

ललितपुर जिल्ला, ललितपुर उपमहानगरपालिका वडा नं. ८ बालकुमारीस्थित पूर्वमा खरिबोट जाने पक्की बाटो, पश्चिम पिन्छेतर्फ जाने पक्की बाटो, उत्तरतर्फ सत्यमाया जोशीको घर तथा शारदा पुडासैनीको खुद्रा पसल र दक्षिण ताछा महर्जनको खाली जमिन यति चार किल्लाभित्र १० फिट ४ इन्च चौडाइको पक्की सडक रहेको । सो सडकको उत्तर किनारामा रहेको शारदा पुडासैनीको पसल अगाडि रगतको टाटा देखिएको, उक्त रगतको टाटा रहेको स्थानदेखि ११ फिट टाढा सडकको दक्षिण किनारादेखि २ फिट ७ इन्च सडकको बीच भागतर्फ १५ फिट ६ इन्च लामो मोटरसाइकल घस्रिएर डाम रहेको उक्त स्थानमा सन्नी महर्जनले चलाएको मोटरसाइकलले मृतकलाई ठक्कर दिएको भन्नेसमेत बेहोराको मिति २०६४।८।१६ को घटनास्थल विवरण मुचुल्का।

ललितपुर जिल्ला, ललितपुर उपमहानगरपालिका वडा नं.१७ ग्वार्को स्थित बि. एण्ड बि. अस्पतालको शवगृहमा फलामको स्टेचरमाथि लाटी महर्जनको लास रहेको, मृतकको नाकबाट रगत बगेको, मुख बन्द रहेको, दुवै कानबाट रगत निस्किएको, टाउकोको भाग थिचिएको, कानबाट बगेको रगत घाँटीसमेतमा लागेको, दायाँ खुट्टाको घुँडा कुर्कुच्चाको छाला खुइलिएको, दुवै खुट्टा सिधा पसारी उत्तानो अवस्थामा रहेको भन्नेसमेत बेहोराको लास जाँच मुचुल्का।

भरत महर्जनको जाहेरी दरखास्त साँचो हो । मैले २०६४।८।१५ गते मेरो साथी सुभाष लामाको मोटरसाइकल लिई चलाउँदा घटना भएको हो। मैले चलाएको मोटरसाइकलको ठक्करबाट लागेको चोटपीडाबाट घाइते भएकी लाटी महर्जनको उपचारकै क्रममा बि. एण्ड बि. अस्पतालमा मृत्यु भएको हो। मैले सवारी चालक अनुमतिपत्र लिएको छैन भन्नेसमेत बेहोराको प्रतिवादी सन्नी महर्जनले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

मिति २०६४।८।१५ गते १५:३० बजेको समयमा जाहेरवालाको बज्यै वर्ष ७४ की लाटी महर्जनलाई बालकुमारीस्थित भित्री बाटोमा सन्नी महर्जनले चलाएको नम्बर नखुलेको मोटरसाइकलले ठक्कर दिँदा घाइते भई उपचारको लागि बि. एण्ड बि. अस्पतालमा लगी उपचार गराउँदा गराउँदै मृत्यु भएको हो भन्ने एकै मिलान बेहोराको गोविन्द महर्जन, अनिल महर्जन र नाति महर्जनको घटना विवरण कागज।

ललितपुर जिल्ला, ललितपुर उपमहानगरपालिका वडा नं. ८ बालकुमारी स्थित शान्ति महर्जनको ३ तले पक्की घरको भुइँ तल्लामा

रहेको कोठाको ढोका खोली हेर्दा भुइँमा बा.८ प. ५२२३ नं. को नम्बर प्लेट रहेको, सोही स्थानमा स्टेण्ड लगाइराखेको इन्जिन नम्बर एल १८५ एस.ई. ५४५१०३० र च्यासिस नं. एल. १८५-६०१०१७७ भएको रातो रंगको एक्सल मोटरसाइकल रहेको, सोही मोटरसाइकल मिति २०६४।८।१५ गतेका दिन सन्नी महर्जनले हाँकेकोमा उक्त मोटरसाइकलले लाटी महर्जनलाई ठक्कर दिई मृत्यु भएको भन्ने बेहोराको मोटरसाइकल बरामदी मुचुल्का।

टाउकोमा लगेको गम्भीर चोटको कारण मृतकको मृत्यु भएको भन्नेसमेत बेहोराको शव परीक्षण प्रतिवेदन।

मृतक लाटी महर्जनको भाइ अष्टमान महर्जनले क्रिया खर्च र क्षतिपूर्तिबापत रू.२,५०,०००।- बुझिलिएको भन्ने बेहोराको मिति २०६४।९।३ को भरपाई बेहोरा।

मिति २०६४।८।१५ गतेका दिन भेडा चराउन गएको अवस्थामा सन्नी महर्जनले हाँकी ल्याएको बा.८ प. ५२२३ नं. को मोटरसाइकलले ठक्कर दिँदा लाटी महर्जन घाइते भई बि. एण्ड बि. अस्पतालमा लगेको थाहा पाई बि. एण्ड बि. अस्पतालमा आई हेर्दा निजको मृत्यु भइसकेको रहेछ। निजको काजक्रियासमेत म आफैँले गरेको हुँ। सन्नी महर्जनले हाँकेको मोटरसाइकलको ठक्करले लाटी महर्जनको मृत्यु भएको हो भन्नेसमेत बेहोराको अष्टमान महर्जनको मिति २०६४।९।३ को घटना विवरण कागज।

मिति २०६४।८।१५ मा मैले चलाई हाँकी लगेको मोटरसाइकल देखाउँदा चिनेँ। भुइँमा खसेको बा.८ प. ५२२३ नं. को नम्बर प्लेट बरामद भई आएको मोटरसाइकलकै हो। यही मोटरसाइकलबाट लाटी महर्जनलाई ठक्कर लागी घाइते भई मृत्यु भएको हो। उक्त मोटरसाइकल मेरो साथी सुभाष लामासँगबाट लिएको हो। कसको नाममा दर्ता छ, मलाई थाहा छैन भन्नेसमेत बेहोराको प्रतिवादी सन्नी महर्जनले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको मिति २०६४।९।६ को ततिम्बा बयान कागज।

प्रतिवादी सन्नी महर्जनले चलाएको बा.८ प. ५२२३ नं. को मोटरसाइकलको एक्सिलेटर, क्लज, ब्रेकसमेत सही हालतमा रहेको भन्नेसमेत बेहोराको मेकानिकल जाँच प्रतिवेदन।

जाहेरी दरखास्त, लास जाँच मुचुल्का, घटना विवरण कागज गर्ने मानिसहरूको बयान, अभियुक्तले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानसमेतका मिसिल संलग्न कागजलाई मध्यनजर गर्दा प्रतिवादी सन्नी महर्जनले आफूसँग मोटरसाइकल चलाउने सवारी चालक अनुमतिपत्र नभएको अवस्थामा बा.८ प. ५२२३ नं. को मोटरसाइकल चलाई लगेको र त्यसरी लैजाँदै गर्दा ललितपुर उपमहानगरपालिका वडा नं.८ बालकुमारी स्थित घटनास्थलमा लाटी महर्जनलाई ठक्कर दिएकोमा सोही चोट पीडाका कारणबाट लाटी महर्जनको मृत्यु भएको देखिएको समेतबाट प्रतिवादी सन्नी महर्जनले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२), १६१(४) र दफा ४५, १४७ बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले प्रतिवादी सन्नी महर्जनलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिम सजाय गरी सोही ऐनको दफा १६१(४) बमोजिम थप सजायसमेत गरिपाउँ भन्ने अभियोग दाबी।

मिति २०६४।८।१५ गतेका दिनको १२ बजेतिर मैले चलाएको बा.८ प. ५२२३ नं. को मोटरसाइकल लिएर बालकुमारीबाट सगोलतर्फ जाँदा खरीको बोटनजिकै मैले चलाएको मोटरसाइकल बायाँतर्फ मोडी जान लाग्दा यी लाटी महर्जन पनि मेरो मोटरसाइकल गएकैतिर मोडी मेरो मोटरसाइकलमा नै स्वयं ठक्कर खान आएकी हुन्। मैले ठक्कर दिएको होइन। निजलाई ठक्कर लागिसकेपछि उपचारको निमित्त बि. एण्ड बि. अस्पतालमा भर्ना गरेकोमा उपचार हुँदाहुँदै निजको मृत्यु भएको हो। मैले लापरवाहीसँग

चलाएको होइन भन्नेसमेत बेहोराको प्रतिवादी सन्नी महर्जनले सुरू अदालतसमक्ष गरेको बयान।

यसमा किटानी जाहेरी, घटना विवरण कागज, मृतकको लास जाँच मुचुल्का, प्रतिवादीले गरेको साबिती बयानसमेतका तत्काल प्राप्त प्रमाणबाट प्रतिवादीले आरोपित कसुर गरेको देखिन आएकोले पछि थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाल मुलुकी ऐन, अ.बं. ११८ को देहाय २ बमोजिम मुद्दा पुर्पक्षको लागि निज प्रतिवादी सन्नी महर्जनलाई नियमानुसार सिधा खान पाउने गरी थुनुवा पुर्जी दिई कारागार शाखामा थुनामा राख्न पठाई दिनु भन्नेसमेत बेहोराको सुरू अदालतको आदेश।

अभियुक्त सन्नी महर्जनले मोटरसाइकल तिब्र गतिले हाँकेको नभई बिस्तारै हाँकेको हो। निज मृतकलाई प्रतिवादीले ठक्कर दिएको नभई निज मृतक नै मोटरसाइकलमा आफैँ ठोकिन आई मृत्यु भएको हो। उक्त घटनामा प्रतिवादीको कुनै दोष र लापरवाही नभई भवितव्यबाट घटना भएको हुँदा निज कलेज पढ्ने विद्यार्थी भएकोले अदालतले विचार गरेर मात्रै सजाय हुनुपर्छ। मृतकको काजक्रिया गर्ने खर्च र क्षतिपूर्ति दिइसकेको हुँदा निज प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्ने होइन भनी प्रतिवादीका साक्षी निरज लामाले सुरू अदालतमा गरेको बकपत्र।

प्रतिवादीले लापरवाहीपूर्वक मोटरसाइकल चलाएको भन्ने पुष्टि हुन सकेको नदेखिएको, निजको इन्कारी बयानलाई निजका साक्षी निरज लामाले बकपत्र गरी पुष्टि गरी दिएबाट प्रतिवादी सन्नी महर्जनको कार्य सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) अनुसारको नभई सोही ऐनको दफा १६१(३) अनुसारको देखिँदा निजलाई ३ महिना कैद र रू.२,०००।- जरिवाना हुने ठहर्छ। प्रतिवादी सन्नी महर्जनले सवारी चालक अनुमतिपत्रसमेत नलिई सवारी चलाएको देखिँदा उल्लिखित ऐनको दफा १६१(४) अनुसार सजाय हुनुपर्नेमा निजको कसुर दफा १६१(१) र १६१(२) भित्रको नदेखिएको अवस्थामा थप सजाय गर्न मिल्ने देखिएन। प्रतिवादीलाई थप सजाय गरिपाउँ भन्ने वादी दाबी पुग्न सक्दैन भन्ने मिति २०६५।१।१५ मा सुरू ललितपुर जिल्ला अदालतबाट भएको फैसला।

प्रतिवादीले जानी जानी तिब्र गतिमा लापरवाहीपूर्वक सवारी चलाई मृतक लाटी महर्जनलाई ठक्कर दिएको कारणबाट निजको मृत्यु भएको हो भन्ने तथ्य निजको मौकाको बयान एवं घटनास्थल प्रकृति मुचुल्काबाट स्थापित छ। जसलाई मिसिल संलग्न अन्य प्रमाणहरूले समेत पुष्टि गरिरहेको छ। जुन प्रमाणलाई ललितपुर जिल्ला अदालतको फैसलाले अन्यथा भन्न सकेको छैन। प्रतिवादीले मोटरसाइकल चलाउने अनुमतिपत्र प्राप्त नगरेको भन्ने स्वयं निजको अदालतको बयानबाट समेत देखिन आएको छ। यस्तो स्थितिमा प्रतिवादीलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(४) बमोजिम सजाय अनिवार्य गर्नुपर्ने र कानूनको बनोटअनुसार सो उपदफाअनुसार सजाय गरी उपदफा (२) अनिवार्य आकर्षित गर्नुपर्नेमा उल्टै उपदफा (३) अनुसार सजाय हुने गरेको फैसला कानूनसङ्गत छैन। उल्लिखित आधारबाट ललितपुर जिल्ला अदालतबाट भएको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी यी प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने बेहोराको नेपाल सरकारको पुनरावेदन अदालत पाटनमा परेको पुनरावेदन पत्र।

प्रतिवादी सन्नी महर्जनलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) बमोजिम ३ महिना कैद र रू.२,०००।- जरिवाना हुने ठहऱ्याई सुरू ललितपुर जिल्ला अदालतको मिति २०६५।१।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्ने पुनरावेदन अदालत, पाटनबाट मिति २०६५।९।१ मा भएको फैसला।

प्रतिवादीले मोटरसाइकल चलाउन चालक अनुमतिपत्र प्राप्त नगरेको भन्ने कुरा निजको अदालतको बयानबाट समेत खुल्न आएको छ। चालक अनुमतिपत्र नै प्राप्त नगरी मोटरसाइकल जस्तो सवारी साधन चलाई मानिसलाई ठक्कर दिई मृत्यु गराउने कार्य स्वयंमा नै लापरवाही हो । घटनास्थल प्रकृति मुचुल्काबाट समेत प्रतिवादीले तिब्र गतिमा लापरवाही गरी मोटरसाइकल चलाई दुर्घटना गराएको तथ्य प्रमाणित भएको छ । सम्मानित सर्वोच्च अदालतबाट समेत सवारी जोखिमपूर्ण साधन अनुमतिपत्र बिना चलाउनु नै कानून वर्जित कार्य मानिन्छ भनी ने.का.प. २०४७ पृ. २२४ मा सिद्धान्त प्रतिपादित भएको छ। सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(४) मा चालक अनुमतिपत्र नभएको व्यक्तिले सवारी चलाई उपदफा (१) र (२) बमोजिमको कसुर गरेमा निजलाई सोही उपदफाबमोजिम हुने सजायमा थप दुई हजार रूपैयाँ जरिवाना हुने कानूनी व्यवस्था छ । प्रतिवादी चालक अनुमतिपत्र नभएको व्यक्ति भएको अवस्थामा निजलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(४) बमोजिम थप सजाय अनिवार्य गर्नुपर्ने र सोहीअनुरूप सजाय गरी उपदफा (२) अनिवार्यत: आकर्षित गर्नुपर्नेमा उल्टै उपदफा (३) अनुसार सजाय गरी अनुमतिपत्र नभएका प्रतिवादीहरूलाई १६१(४) बमोजिम सजायसमेत नगरेको फैसला कानूनत: त्रुटिपूर्ण रहेकोछ । अत: प्रस्तुत मुद्दामा सुरू फैसला सदर हुने गरी पुनरावेदन अदालतबाट भएको फैसलामा न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१)(क) र (ख) को अवस्था रही गम्भीर त्रुटि भएकोले उक्त मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान गरी प्रतिवादीलाई सजाय ठहर गरिपाउँ भन्ने बेहोराको वादी नेपाल सरकारले यस अदालतमा लिएको निवेदन दाबी।

यसमा सवारी चालक अनुमति पत्र प्राप्त नभएको व्यक्तिले सवारी चलाएकोमा ठक्कर लागी मानिसको मृत्यु भएकोमा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिम सजाय गरिपाउँ भन्ने दाबी रहेको देखिन्छ । सवारी चालक अनुमतिपत्र प्राप्त गर्न पर्याप्त कुशलता, दक्षता र योग्यता आवश्यक पर्नेमा सो नभएको व्यक्तिले सवारी चलाउँदा लापरवाही देखिने हुनाले दफा १६१(२) को कसुर हुनेमा सो ठहर नगरेको फैसलामा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२), दफा ४५ समेतको त्रुटि विद्यमान रहेको देखिनुका साथै सर्वोच्च अदालत बुलेटिन, वर्ष १८, अंक ९, पूर्णाङ्क ४११, मिति २०६६ भदौ १-१५, पृ. ३९ मा प्रकाशित नेपाल सरकार विरूद्ध विष्णुहरि महर्जनसमेत भएको सवारी ज्यान मुद्दामा यस अदालतबाट सिद्धान्त प्रतिपादितसमेत हुँदा न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१) को खण्ड (क) र (ख) बमोजिम दोहोर्‍याई हेर्ने निस्सा प्रदान गरिएको छ भन्ने यस अदालतको मिति २०६६।६।३० को आदेश।

प्रतिवादी सन्नी महर्जनले चलाएको बा. ८ प. ५२२३ नं. को मोटरसाइकलले ठक्कर दिई उपचारको क्रममा बि. एण्ड बि. अस्पतालमा लाटी महर्जनको मृत्यु भएको भन्ने पुष्टि हुन आएको हुँदा प्रतिवादीको उक्त कसुरजन्य कार्य सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) अनुसारको देखिएको भनी प्रतिवादीलाई सोही दफाअनुसार ३ (तीन) महिना कैद र रू.२०००।– जरिवाना हुने ठहर्‍याई भएको सुरू ललितपुर जिल्ला अदालतको मिति २०६५।१।१५ को फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत पाटनको मिति २०६५।९।१ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादी सन्नी महर्जनलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(१) र (२) बमोजिम सजाय गरी ऐ.ऐन को दफा १६१(४) बमोजिम थप सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन । सवारी चालक अनुमतिपत्र नलिई चलाएको सवारी

साधनले ठक्कर दिई वा किची दुर्घटना गरेको भन्ने समान प्रश्न रहेको विषयमा यस अदालतको संयुक्त इजलासबाट "सवारी चालक अनुमतिपत्र प्राप्त नगरेको व्यक्तिले सार्वजनिक सडकमा सवारी चलाउने कार्य गर्नु आफैँमा लापरवाहीपूर्ण कार्य हो। साथै त्यसरी सवारी चालक अनुमतिपत्र प्राप्त नगरेको व्यक्तिले चलाएको सवारी साधनबाट ठक्कर लागी वा किची मानिसको ज्यान गएमा सो कार्य स्वतः लापरवाहीपूर्वक गरिएको कार्यको परिणाम स्वरूप भएको मान्नुपर्ने" भनी ने.का.प. २०७१ अंक १२ नि.नं. ९३०४ पृ. २१२७ मा प्रतिपादित सिद्धान्तसँग यो इजलास सहमत हुन नसकेको हुँदा सो सम्बन्धमा यकिन व्याख्या हुन सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(ख) बमोजिम निर्णयका लागि प्रस्तुत मुद्दा पूर्ण इजलासमा पेस गर्नु भन्ने यस अदालत संयुक्त इजलासको मिति २०७३।६।५ को फैसला।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी यो इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदनसहितको मिसिल कागजात अध्ययन गरियो।

पुनरावेदक नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री यामबहादुर बानियाँले प्रतिवादी सन्नी महर्जनले सवारी चलाउने अनुमतिपत्र नलिएको भन्नेमा विवाद छैन । सवारी चालकले सवारी चलाउनु पूर्वचालक अनुमतिपत्र लिनुपर्ने पूर्वसर्त सवारी तथा यातायात व्यवस्था ऐनको दफा ४५ ले गरेको छ। मृतकलाई ५० मिटर परबाट देखेको अवस्था प्रतिवादीको मौकाको बयानबाट देखिएकोमा पनि वारदात घटेको अवस्थाले घटनाको कार्य प्रकृतिबाट पनि लापरवाही देखिएको छ। यसरी प्रतिवादीले जानी जानी लापरवाहीपूर्वक सवारी चलाई उक्त दुर्घटना गराएको तथ्य निजको मौकाको बयान तथा घटनास्थल प्रकृति मुचुल्काबाट देखिएको अवस्था तथा कानूनले चालक अनुमतिपत्र नलिई सवारी साधन चलाउन नहुने गरी निषेध गरेकोले सवारी चालक अनुमतिपत्र नलिई सवारी चलाउने कार्य आफैँमा लापरवाहीपूर्ण कार्य हो । कानूनले तोकेको पूर्वसर्तको उल्लङ्घन गरी लापरवाहीपूर्ण तवरले सवारी साधन चलाई बाटोमा हिँडिरहेको मानिसलाई ठक्कर दिई मृत्यु भएकोले निज प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम सजाय हुनुपर्नेमा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) प्रयोग गरी सजाय गर्ने गरेको पुनरावेदन अदालतको फैसलालाई सदर गरी यस अदालतबाट भएको फैसला यसै अदालतको पूर्ण इजलासबाट प्रतिपादित सिद्धान्त (ने.का.प.२०७० नि.नं.९०७३) विपरीत हुँदा उल्टी गरी अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भनी गर्नुभएको बहस सुनियो।

प्रतिवादीका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री मंगल महर्जनले प्रतिवादीले चालक अनुमतिपत्र प्राप्त नगरेको भए तापनि लापरवाहीपूर्वक सवारी हाँकेको भन्ने मिसिलबाट पुष्टि हुन सकेको छैन । जाहेरवाला वा घटनाको तत्कालपछि भएको वस्तुस्थिति मुचुल्काका मानिसहरूको भनाइबाट समेत सो कुरा उल्लेख भएको देखिँदैन। चालक अनुमतिपत्र नलिएको अवस्थामा सवारी चलाउने कार्य स्वतः लापरवाहीअन्तर्गत पर्ने भनी अर्थ गर्न मिल्दैन। तसर्थ प्रस्तुत मुद्दामा पुनरावेदन अदालतको फैसला सदर गरेको यस अदालतको संयुक्त इजलासको फैसला कानून र न्यायसङ्गत हुँदा सदर हुनुपर्छ भन्नेसमेत बहस गर्नुभयो।

विद्वान् अधिवक्ताहरूको उपर्युक्त बहस जिकिर सुनी मिसिल कागजात एवं संयुक्त इजलासको निर्णयसमेत अध्ययन गरी निर्णयतर्फ विचार गर्दा मुख्यत: प्रस्तुत मुद्दामा देहायको प्रश्नहरूको निरूपण गर्नुपर्ने देखियो।

१. प्रतिवादी सन्नी महर्जनले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा

१६१(२) बमोजिमको कसुर गरेको हो वा होइन ?

२. ने.का.प.२०७१ नि.नं. ९३०४ मा प्रतिपादित सिद्धान्तसँग असहमति व्यक्त गरेको संयुक्त इजलासको निर्णय मिलेको छ वा छैन ?

यसमा पहिलो प्रश्नमा प्रवेश गर्नुपूर्व मुद्दाको तथ्य संक्षेपमा राख्नु सान्दर्भिक देखिन्छ । सन्नी महर्जनले आफूसँग मोटरसाइकल चलाउने अनुमतिपत्र नभएको अवस्थामा मिति २०६४।८।१५ का दिन निजको साथी सुभाष लामाको बा.८.प.५२२३ नं. को मोटरसाइकल मागी हाँकी चलाई लगेको र त्यसरी लैजाँदै गर्दा बालकुमारीस्थित घटनास्थलमा ५० मिटर टाढाबाट लाटी महर्जन नाम गरेकी वृद्ध महिलालाई देखेपछि मोटरसाइकलको गति आफ्नो नियन्त्रणमा नराखी लापरवाहीपूर्ण तवरले बढी गतिमा चलाएको, सो कुरा घटनास्थलमा १५ फिट ६ इन्च लामो मोटरसाइकल घस्रिएको डामबाट देखिएको र प्रतिवादीले हाँकेको मोटरसाइकलको ठक्कर चोट पीडाबाट लाटी महर्जनको मृत्यु भएकोले प्रतिवादी सन्नी महर्जनले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४५, दफा १४७ र दफा १६१(२) र दफा १६१(४) को कसुर गरेको पुष्टि हुन आएकोले सोही ऐनको दफा १६१(२) र दफा १६१(४) बमोजिम सजाय गरिपाउँ भन्नेसमेत अभियोग दाबी देखियो ।

प्रतिवादी सन्नी महर्जनले मौकामा बयान गर्दा, मैले मोटरसाइकल चलाई बालकुमारी मन्दिरपछाडि पुग्दा सडकको बीच भागमा हिँडिराखेको लाटी महर्जनलाई देखी मैले हर्न बजाउँदै सडकको बायाँतर्फ मोटरसाइकल लैजाँदा निज वृद्ध अवस्थाकी लाटी महर्जन पनि बायाँतर्फ नै गएकीले मैले हाँकी लगेको मोटर साइकलले ठक्कर लाग्दा सडकमा लड्न गएकीले निजलाई त्यहीँ छोडी भागी गएको र पछि मृत्यु भएको थाहा पाएँ भन्ने उल्लेख गरेको देखियो । आफूले चलाएको मोटरसाइकलको ठक्करबाट मृतकको मृत्यु भएको, आफूसँग सवारी चालक अनुमतिपत्र प्राप्त नगरेको तथ्य स्वीकारी मौकामा बयान गरेकोमा अदालतमा बयान गर्दा मौकाको बयानमा लेखिएको अन्य कुरा ठीक हो । मैले चलाएको मोटरसाइकलले ठक्कर लागेको भन्ने कुरा चाहीँ ठीक होइन । मृतक आफैँ मेरो मोटरसाइकलमा ठक्कर खाएकी हुन् भनी बयान गरेको देखिन्छ ।

यसरी प्रतिवादीसँग सवारी चालक अनुमतिपत्र नभएको, निजले साथीको मोटरसाइकल मागी चलाएको, ५० मिटर परबाटै वृद्ध महिलालाई देखेको र सडकको चौडाई १० फिट ४ इञ्च रहेको, सो सडकमा १५ फिट ६ इञ्च लामो मोटरसाइकल घस्रिएको डाम रहेको भन्ने तथ्यहरू निर्विवाद रूपमा देखिएका छन् भने वृद्ध महिला लडेपछि मोटरसाइकल नरोकी प्रतिवादी भागी हिँडेका मोटर साइकलको नम्बर प्लेट अन्यत्रै फाली मोटरसाइकल घरभित्र लुकाएको अवस्थामा फेला परेको भन्ने तथ्य पनि मिसिल सामेल छन् । प्रतिवादीले ठक्कर दिएकी वृद्ध महिलालाई यी प्रतिवादीले ठक्कर दिएको हो वा निज आफैँ चलिरहेको मोटरसाइकलमा ठोक्किन आएकी हुन् भन्ने कुरामा समेत विवाद छ ।

अब उपर्युक्त तथ्यसमेतलाई दृष्टिगत गरी यहाँ लापरवाहीको अवस्थाबारे कानूनी र तथ्यगतरूपमा निर्णय निष्कर्षमा पुग्नु पर्ने हुन आएको छ । यही सन्दर्भमा प्रतिवादीउपर सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) कसुर कायम हुने हो वा १६१(३) को कसुर कायम हुने हो भन्ने ऐनको दफा १६१(१) र १६१(२) सँगको दफा १६१(४) को सम्बन्धलाई विधायिकाले कसरी व्यवस्था गर्न खोजेको रहेछ भन्ने सम्बन्धमा विश्लेषण गरी निष्कर्षमा पुग्नु वाञ्छनीय देखियो ।

२. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ *को उपदफा (२) मा* ***"कसैले***

कुनै सवारी चलाएबाट कुनै मानिसलाई किची, ठक्कर लागी वा कुनै किसिमको सवारी दुर्घटना भई सवारीमा रहेको वा सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको मानिस त्यस्तो दुर्घटनाको कारणबाट तत्कालै वा मुलुकी ऐन, ज्यानसम्बन्धी महलमा उल्लिखित म्यादभित्र मरेमा त्यस्तो कार्य ज्यान मार्ने मनसाय लिई गरेको नभए तापनि त्यसरी, सवारी चलाउँदा कसैको ज्यान मर्न सक्ने ठूलो सम्भावना छ भन्ने कुरा जानीजानी वा लापरवाही गरी सवारी चलाएको कारणबाट सवारी दुर्घटना हुन गई त्यसैको कारणबाट कुनै मानिसको मृत्यु हुन गएको रहेछ भने त्यसरी सवारी चलाउने व्यक्तिलाई कसुरको मात्राअनुसार दुई वर्षदेखि दश वर्षसम्म कैद हुनेछ।" *भन्ने र सोही ऐनको दफा १६१(३) मा* ***"कसैको ज्यान मर्न सक्छ भन्ने जस्तो नदेखिएको अवस्थामा कसैले कुनै सवारी चलाउँदा सवारी दुर्घटना हुन गई सवारीमा रहेको वा सवारी बाहिर जुनसुकै ठाउँमा रहेबसेको कुनै मानिसको मृत्यु हुन गएको रहेछ भने त्यसरी सवारी चलाउने व्यक्तिलाई एकवर्षसम्म कैद वा दुईहजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।"*** *भन्ने र सोही ऐनको दफा १६१ (४) मा* ***"चालक अनुमतिपत्र नभएका व्यक्तिले सवारी चलाई उपदफा (१) वा (२) बमोजिमको कसुर गरेमा निजलाई सोही उपदफाबमोजिम हुने सजायमा थप दुई हजार रूपैयाँसमेत जरिवाना हुनेछ।"***

३. उपर्युक्त कानूनी व्यवस्थालाई सूक्ष्म तवरले विश्लेषण गर्दा दफा १६१ को उपदफा (२) ले लापरवाहीपूर्ण तरिकाले सवारी चलाउँदा कसैको ज्यान मरेमा सजाय गर्ने व्यवस्थालाई इङ्गित गरेको देखिन्छ भने सोही ऐनको दफा १६१ को उपदफा ३ मा ज्यान मर्न सक्छ भन्ने नदेखिएको अवस्थामा हेलचक्र्याईं गरी सवारी चलाउँदा कसैको ज्यान मर्न गएको अवस्थामा सजाय गर्न सकिने व्यवस्थाको वर्णन गरेको देखिन्छ। सोही ऐन दफाको उपदफा २ मा **"कसैको ज्यान मर्न सक्ने ठूलो सम्भावना छ भन्ने कुरा जानीजानी वा लापरवाही गरी सवारी चलाएको"** भन्ने वाक्यांश प्रयोग भएकोबाट यसको व्याख्या गर्नुपर्ने हुन्छ र सो गर्दा दफा ४५ को "चालक अनुमतिपत्र प्राप्त नगरी कुनै पनि सवारी चलाउन हुँदैन" भन्ने व्यवस्था र दफा १६१(४) को थप सजायको व्यवस्थाबारे पनि सान्दर्भिक व्याख्या गर्नुपर्ने हुन्छ।

४. सामान्य अर्थमा लापरवाहीपूर्ण कार्य (Reckless Conduct) त्यस्तो कार्य हो जसले परिणामलाई बेवास्ता गर्छ। अर्थात्, आफ्नो कार्यको परिणाम यस्तो हुनसक्छ भन्ने जान्दाजान्दै पनि त्यस्तो कार्य नगर्नुपर्ने सकारात्मक दायित्वको उल्लङ्घन गर्छ। उक्त दफा १६१ को उपदफा (२) मा लापरवाहीको अतिरिक्त *"जानीजानी"* भन्ने शब्द प्रयोग भएको छ। यसको व्याख्या पनि लापरवाहीसँग जोडेर गर्नुपर्ने हुन्छ किनभने यहाँ "जानीजानी" को अर्थ सो कार्यले ल्याउन सक्ने परिणामको सम्भावनाबारे ज्ञान भएको भन्नेसम्म हो। यस अर्थमा दफा १६१ को उपदफा (१) मा उल्लिखित मनसायपूर्ण कार्यमा सन्निहित ज्ञानबाट उक्त उपदफा (२) मा प्रयुक्त "जानी जानी" भन्ने शब्दलाई छुट्याउनु पर्ने हुन्छ। ऐ. दफाको उपदफा (१) मा *"ज्यान मार्ने मनसाय लिई किची, ठक्कर दिई वा दुर्घटना गराई"* भन्ने शब्दावली प्रयोग भएको छ। यहाँ ज्यान मार्ने मनसाय लिई किच्दा, ठक्कर दिँदा वा दुर्घटना गराउँदा ज्यान मर्न सक्छ भन्ने कुराको ज्ञान त्यस्तो दुर्घटना गराउने व्यक्तिलाई हुन्छ। अर्थात् त्यस्तो हुन्छ भन्ने *"जानीजानी"* उसले ती कार्यहरू गरेको हुन्छ। त्यस अर्थमा ज्ञान (Knowledge) मनसायपूर्वक गरिने ज्यानसम्बन्धी कसुरको एक तत्त्व हुन सक्छ तर लापरवाहीमा भने त्यो ज्ञान अर्थात् "जानीजानी" गरिने कार्य लापरवाहीकै अङ्ग हुन्छ।

५. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ को उपदफा (२) मा लापरवाही (Recklessness) भन्ने शब्द प्रयोग भएको छ भने

उपदफा (३) मा जानी जानी वा लापरवाही गरी भन्ने शब्दहरू प्रयोग गरिएको छैन । बरू *"कसैको ज्यान मर्न सक्ने नदेखिएको"* अवस्थाबारे चित्रण गरिएको छ । तर उपदफा (३) को अवस्था पनि दोषरहित दुर्घटना (Blameless Accident or Misfortune) को अवस्था होइन। यस उपदफाअन्तर्गत हुने दुर्घटना दोषपूर्ण नै हुन्छ । ऐनले यस्तो कार्यलाई दोषपूर्ण मानेको कारण उक्त उपदफामा हेलचक्र्याईं भन्ने शब्द प्रयोग नभए तापनि यहाँ सवारी चालकको कार्यलाई हेलचक्र्याईपूर्ण (negligent) मानिएको रहेछ भनी अर्थ गर्नुपर्ने हुन्छ। वस्तुत: कानूनले सवारी चालकलाई कुनै कर्तव्य (positive Duty) तोकेको छ र सो कर्तव्य उसले पूरा गर्दैन भने उसको कार्य हेलचक्याईपूर्ण नै हुन्छ। यस्तो हेलचक्र्याईपूर्ण कार्यको परिणामस्वरूप देवानी वा फौजदारी दायित्व सृजना हुन सक्छ।

६. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को विभिन्न दफाहरूमा सवारी चालकका विभिन्न कर्तव्यहरू तोकिएका छन्। उदाहरणको लागि उसले निर्धारित गतिभन्दा बढी वेगले गाडी चलाउन (दफा ११५), निर्धारित वजनभन्दा बढी भार बोक्न, निर्धारित सिट संख्याभन्दा बढी यात्रु राख्न (दफा ११६, ११७, १२३), ट्राफिक संकेतको उल्लङ्घन गर्न, अन्य सवारी वा व्यक्तिलाई खतरा हुने गरी सवारी साधन पार्क गर्न (दफा १२०, १२१), सुरक्षा पेटी वा हेलमेट नलगाई गाडी चलाउन (दफा १३०), मादक वा लागु पदार्थ सेवन गरी गाडी चलाउन (दफा १४२) हुँदैन । यी दायित्वहरूको उल्लङ्घन हुँदा अवस्थाअनुसार देवानी वा फौजदारी दायित्वको उल्लङ्घन हुन्छ। त्यस्तो अवस्थामा उसले नियामक निकायमा जरिवाना र असर पर्ने व्यक्तिलाई क्षतिपूर्ति दिनु पर्ने पनि हुन्छ। साथै दफा १६० बमोजिम सजाय पनि बेहोर्नु पर्ने हुन सक्छ। तर माथि उल्लिखित कर्तव्य पालना नगरी कुनै कार्य गर्दा ज्यान मर्न गएको रहेछ भने अवस्थाअनुसार दफा १६१ को उपदफा (२) वा उपदफा (३) आकर्षित हुनसक्छ। यदि लापरवाहीको अवस्था रहेछ भने उपदफा (२) आकर्षित हुन्छ सो नभई हेलचक्र्याईपूर्ण कार्य भएको अवस्था छ भने उपदफा (३) आकर्षित हुन्छ।

७. यही सन्दर्भमा अब दफा ४५ अन्तर्गत अनुमतिपत्र नलिई कुनै पनि सवारी चलाउन नहुने कर्तव्य के कस्तो कर्तव्य हो भन्ने कुराको पनि विश्लेषण गर्नु आवश्यक हुन आएको छ । संयुक्त इजलासले ने.का.प. २०७१ नि.नं. ९३०४ पृ. २१२७ मा प्रतिपादित सिद्धान्तसँग सहमत नभएको भन्दै पूर्ण इजलासबाट निरूपण होस् भनी प्रस्तुत विवाद पठाउँदा पनि सवारी अनुमतिपत्र नहुनु आफैँमा लापरवाहीपूर्ण कार्य होइन, लापरवाहीपूर्ण कार्य हुनको लागि मुद्दामा उपलब्ध प्रमाणको आधारमा लापरवाहीपूर्ण कार्य भएको थियो वा थिएन भन्ने यकिन गरिनुपर्छ भन्ने तर्क दिएको छ। यसै सन्दर्भमा सवारी अनुमतिपत्र पाउने भनेको के हो; अनुमतिपत्र पाउन ऐनमा सवारी चलाउने सीप एवं सवारीको इन्जिनसम्बन्धी सामान्य ज्ञान तथा ट्राफिकसम्बन्धी नियमहरूबारे ज्ञान हुनुपर्ने अनिवार्यता किन राखिएको होला; यस्तो व्यवस्थाले जनताको जिउधन सुरक्षासम्बन्धी के कस्तो नीति अवलम्बन गरेको छ भन्नेबारेमा पनि विचार गर्नुपर्ने हुन्छ। सवारी तथा यातायात व्यवस्थासम्बन्धी ऐन, २०४९ को दफा ४९ र ऐ. नियमावली, २०५४ को नियम २० ले सवारी चलाउन विशेष ज्ञान र सीपको आवश्यकता महसुस गरी प्रशिक्षण तथा लिखित एवं प्रयोगात्मक परीक्षासम्बन्धी व्यवस्था गरेको छ । अनुमति लिन चाहने व्यक्तिमा निश्चित शारीरिक र मानसिक स्वस्थता रहनुपर्ने बारे पनि ऐनको दफा ४७ र ४८ मा व्यवस्था छ । साथै दफा ५१ ले अनुमतिपत्र नै प्राप्त गरे पनि एक वर्षसम्म परीक्षणकालमा रहने व्यवस्था पनि गरेको छ । यी सबै व्यवस्था जनताको जिउधनको सुरक्षाको निम्ति हो। अन्य व्यक्तिको जिउमा जोखिम पार्ने हक कसैलाई हुँदैन। त्यसैले कसैसँग अमूक साधन चलाउने

सवारी अनुमतिपत्र छैन भने त्यसको सोझो अर्थ उसँग सो सवारी साधन चलाउने आवश्यक ज्ञान र सीप छैन भन्ने नै हुन्छ । कानूनको पनि त्यही अनुमान रहन्छ । त्यसै कारणले गर्दा सवारी चलाउने अनुमतिपत्रको व्यवस्थालाई ऐच्छिक नबनाई अनिवार्य बनाइएको पनि हो ।

८. जहाँसम्म अनुमतिपत्र र लापरवाहीको सम्बन्ध छ त्यसलाई पनि ज्ञान सीपको आवश्यकतासँग जोडेर हेर्नुपर्ने हुन्छ । अनुमतिपत्र नभएको व्यक्तिले सवारी साधन चलाउँछ भने उसले सवारी साधन चलाउनु हुँदैन भन्ने दफा ४५ को दायित्वको उल्लङ्घन त गर्छ नै, त्यस्तो सीप नहुँदा नहुँदै सवारी साधन चलाउँदा दुर्घटना हुन सक्छ; अवस्थाअनुसार त्यस्तो दुर्घटनाको परिणाम गम्भीर पनि हुन सक्छ भन्ने कुरा पनि उसले जान्दछ र यस्तो कुरा जान्दा जान्दै पनि सम्भावित परिणामबारे बेपरवाह रही सवारी साधन चलाउन उद्यत रहन्छ भनी बुझ्नु पर्ने हुन्छ । त्यस अर्थमा सवारी चलाउने अनुमतिपत्र नहुने व्यक्तिले सवारी चलाउँदा दफा १६१(२) मा उल्लिखित "जानीजानी वा लापरवाही" गरी सवारी चलाएको अवस्था सृजना हुन जान्छ । त्यसको लागि अलग्गै सबुद प्रमाण पेस गरी लापरवाही थियो भनी वादी पक्षले पुष्टि गरिरहनु पर्दैन । यस अर्थमा अनुमतिपत्र नहुँदैमा लापरवाही भई हाल्दैन भन्ने संयुक्त इजलासको तर्क सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) को व्यवस्था र सोमा सन्निहित विधिशास्त्रीय अवधारणाअनुकूल देखिँदैन । सवारीसम्बन्धी कानूनको प्रथम एवं प्रमुख उद्देश्य व्यक्ति वा समुदायको सुरक्षा गर्नु हो । मानव जीवनलाई असुरक्षित बनाउने अधिकार कसैमा हुँदैन । यदि एक व्यक्तिलाई कानूनको उल्लङ्घन गर्न निरूत्साहित गरेर सामाजिक सुरक्षा प्रवर्द्धन गर्न सकिन्छ भने कानूनको सोही नै अर्थ गरिनुपर्छ । न्यायले पनि सामाजिक सुरक्षाको नै प्रवर्द्धन गर्ने हो र सो गर्नुपर्छ ।

९. संयुक्त इजलासले लापरवाही स्वतन्त्र रूपमा पुष्टि हुनुपर्छ भनी तर्क गर्दा कहीँ न कहीँ सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१को उपदफा (४) को व्यवस्थालाई पनि हेरेको हुनसक्छ यद्यपि यो कुरा स्पष्टसँग फैसलामा लेखिएको पाइँदैन । तसर्थ सो व्यवस्थाको सुसङ्गत अर्थ गर्नुपर्ने आवश्यकता पनि यहाँ छ । ऐनको दफा १६१ को उपदफा ४ मा **"चालक अनुमतिपत्र नभएका व्यक्तिले सवारी चलाई उपदफा (१) वा (२) बमोजिमको कसुर गरेमा निजलाई सोही उपदफाबमोजिम हुने सजायमा थप दुई हजार रूपैयाँ जरिवाना हुनेछ ।"** भन्ने पाइन्छ ।

१०. उक्त दफामा प्रयुक्त "थप दुई हजार जरिवाना" हुनेछ भन्ने व्यवस्थाको स्पष्ट अर्थ लापरवाही स्थितिमा दफा १६१(२) बमोजिम हुने सजायमा यो थप सजाय हुने भन्ने नै हो । दफा १६१ को उपदफा (२) को कसुरसँग जोडिदिनुको अर्थ उक्त उपदफाहरू अन्तर्गत सवारी साधनको प्रयोग गरी लापरवाही साथमा गरिने कसुर पहिलो कसुर हो र अनुमतिपत्र नहुने कसुर दोस्रो कसुर (Double Count offence) हो । यसलाई दोस्रो कसुर भनी बुझ्नु पर्ने भएर नै "थप जरिवाना" भन्ने शब्द उपदफा (४) मा प्रयोग भएको हो । अन्यथा अनुमतिपत्र नभई सवारी हाँकेमा ऐनको दफा १६० को उपदफा २(क) मा पाँच सयदेखि दुई हजारसम्म जरिवाना हुन सक्ने व्यवस्था गरिएकै छ । यस दृष्टिबाट हेर्दा अनुमतिपत्र नलिई सवारी साधन चलाउनु आफैँमा लापरवाहीपूर्ण कार्य हो भने त्यस्तो कार्य गरी कसैको ज्यान मर्न गएमा त्यसले कसुरलाई थप गम्भीर बनाउँछ । त्यसैले दफा १६१ को उपदफा (२) बमोजिम सजाय हुने अवस्थामा अनुमतिपत्र नलिएबापत दोस्रो सजाय अर्थात् "थप दुई हजार रूपैयाँ जरिवाना" हुने व्यवस्था आकर्षित हुन्छ ।

तसर्थ कानूनले ऐच्छिक नभनी अनिवार्य भनेको सवारी चालक अनुमतिपत्र कसैसँग छैन, त्यस्तो अनुमतिपत्र नहुँदानहुँदै पनि सवारी चलाउँछ र परिणामत: कसैको ज्यान जान्छ भने अनुमतिपत्र नभई सवारी चलाउने व्यक्तिले, पहिलो अनुमतिपत्र नलिई सवारी चलाउने कार्य र दोस्रो आफूसँग सवारी चलाउने सीप छैन भन्ने जान्दा जान्दै परिणामको फिकर नगरी अर्थात् लापरवाही गरी सवारी चलाई ज्यान मार्ने कार्य गरेको कारण एकैसाथ दुई वटा कसुर गर्न पुग्छ । त्यस्तोमा ज्यान मारेबापत दफा १६१ को उपदफा (२) बमोजिम हुने सजायको अतिरिक्त दफा १६१ को उपदफा (४) बमोजिम थप जरिवानासमेत हुन्छ ।

११. अब जहाँसम्म संयुक्त इजलासले विजेन्द्र पोडेको मुद्दा (ने.का.प. २०७१ नि.नं. ९३०४ पृ. २१२७) मा प्रतिपादित सिद्धान्तसँग सहमत हुन सकिएन भनी आफ्नो रायमा उल्लेख गरेको प्रश्न छ संयुक्त इजलासको सो धारणा यस अदालतबाट प्रतिपादित सिद्धान्तहरूको अधुरो विश्लेषणमा आधारित रहेको देखिन्छ । कारण, विजेन्द्र पोडेको मुद्दामा संयुक्त इजलासबाट निर्णय हुनुपूर्व नेपाल सरकार विरूद्ध राजकुमार तामाङसमेत भएको सवारी ज्यान मुद्दा (ने.का.प. २०७० नि.नं. ९०७३ पृ.१३२७) मा यस अदालतको पूर्ण इजलासबाट **"सवारी चलाउने अनुमतिपत्र नलिएको वा एउटा वर्गको हलुका सवारी साधन चलाउने अनुमतिपत्र लिई अर्को वर्गको भारी सवारी साधन चलाउने गरेको कार्य लापरवाहीयुक्त मान्नुपर्ने**" भनी सिद्धान्त प्रतिपादन भएको पाइन्छ । विजेन्द्र पोडेको मुद्दामा यस अदालतको संयुक्त इजलासबाट कुनै स्वतन्त्र निर्णय गरिएको नभई पूर्ण इजलासबाट प्रतिपादित उक्त सिद्धान्तको स्पष्टतः उल्लेख नै गरी अनुशरण गरिएको पाइन्छ । पूर्ण इजलासबाट प्रतिपादित सिद्धान्तको अनुशरण संयुक्त इजलासले गर्नुपर्ने हुन्छ । यो न्यायिक अनुशासनको विषय पनि हो । तसर्थ विजेन्द्र पोडेको मुद्दा (नि.नं. ९३०४) मा प्रतिपादित सिद्धान्तसँग असहमत रहनुपर्ने र रहन सक्ने युक्तिसङ्गत कारण देखिँदैन । यस अर्थमा पूर्ण इजलासमा निर्णयार्थ मुद्दा पठाउने संयुक्त इजलासको मिति २०७३।६।४ को निर्णय प्रतिपादित सिद्धान्तहरूको सही विश्लेषणमा आधारित देखिएन । विजेन्द्र पोडेको उक्त निर्णयपूर्व पूर्ण इजलासबाट सवारी चालक अनुमतिपत्र नभएको अवस्थामा दुर्घटना भई ज्यान मरेमा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ को उपदफा (२) आकर्षित हुने निर्णय भएको अवस्था छ भने तत्पश्चात् पनि यसै अदालतको पूर्ण इजलासबाट पुनरावेदक नेपाल सरकार विरूद्ध प्रत्यर्थी / प्रतिवादी परमेश्वर भन्ने कलेश्वर राउत मुद्दा सवारी ज्यान मुद्दा (०७३-CF-०००१) मा ***"सवारी साधन चलाउने व्यक्तिमा अनिवार्य रूपमा हुनुपर्ने सोसम्बन्धी क्षमता र योग्यताको सुनिश्चितता गरी सवारी दुर्घटनाबाट हुनसक्ने जिउधनमाथिको संभावित जोखिम हटाउनका लागि नै विधायिकाले उल्लिखित कानूनी व्यवस्था गरेको मान्नुपर्ने हुन्छ । सवारी चालक अनुमतिपत्र लिनु पर्ने गरी ऐनमा भएको उक्त व्यवस्था ऐच्छिक नभई बाध्यात्मक र अनिवार्य रूपमा पालना गर्नुपर्ने व्यवस्था भएकोले सवारी चालकले सवारी चलाउनुअघि अनुमतिपत्र प्राप्त गरेकै हुनुपर्ने देखिन्छ । अनुमति प्राप्त नगरी सार्वजनिक सडकमा सवारी चलाउँदा कसैको ज्यान मर्न सक्ने ठूलो सम्भावना रहन्छ भन्ने कुरालाई अन्यथा भन्न पनि सकिँदैन र त्यसरी अनुमतिपत्र प्राप्त नगरेको व्यक्तिले सार्वजनिक सडकमा सवारी चलाउने कार्य आफैँमा लापरवाहीपूर्ण कार्य हो । साथै त्यसरी सवारी चालक अनुमतिपत्र प्राप्त नगरेको व्यक्तिले चलाएको सवारी साधनबाट ठक्कर लागी वा किची मानिसको ज्यान गएमा सो कार्य स्वतः लापरवाहीपूर्वक गरिएको कार्यको परिणामस्वरूप भएको भन्ने मान्नु पर्ने हुन्छ ।"*** भनी सिद्धान्त प्रतिपादन भई मिति

२०७३।८।१६) मा फैसला भएको पाइन्छ।

१२. उपर्युक्तबमोजिमका प्रतिपादित सिद्धान्तसमेतबाट यस अदालतले पटकपटक अनुमतिपत्र प्राप्त नगरी सवारी चलाई ज्यान मार्ने कार्यलाई लापरवाहीपूर्ण मानी प्रतिवादीलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिम सजाय गर्ने गरी आएको र यस अदालतको पूर्ण इजलासबाट प्रतिपादित सिद्धान्त (ने.का.प. २०७० नि.नं.९०७३) बमोजिम नै विजेन्द्र पोडे (नि.नं.९३०४) को मुद्दामा निर्णय भएको पाइँदा प्रस्तुत मुद्दामा संयुक्त इजलासबाट मिति २०७३।६।५ मा व्यक्त रायसँग सहमत हुन सकिएन। मुद्दामा फैसला गर्ने समयमा कुनै सिद्धान्त प्रतिपादन भइसकेको छ भने त्यसको वारदात जहिले घटेको भए पनि प्रतिपादित सिद्धान्त कानूनको व्याख्यासँग सम्बन्धित हुने हुँदा त्यस्तो प्रतिपादित सिद्धान्तको अनुशरण गर्नुपर्ने नै हुन्छ। उपर्युक्तबमोजिमको अवस्थामा नि.नं.९०७३ र नि.नं.९३०४ मा प्रतिपादित सिद्धान्तसमेतको विपरीत हुने गरी नेपाल सरकार विरूद्ध वीरबहादुर लोप्चन भएको सवारी ज्यान मुद्दामा प्रतिपादित सिद्धान्त (ने.का.प.२०७२ अंक ८ नि.नं.९४५७) कायम रहन नसक्ने हुँदा आजैको मितिदेखि अमान्य घोषितसमेत गरिदिएको छ।

१३. तसर्थ, माथि विश्लेषण गरिएका आधार कारण र प्रमाणसमेतबाट प्रतिवादी सन्नी महर्जनलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिम सजाय गर्नुपर्नेमा सो नगरी ऐ. ऐनको दफा १६१(३) बमोजिम ३ महिना कैद र रू.२०००।- जरिवाना गर्ने गरेको सुरू ललितपुर जिल्ला अदालतको फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको फैसला सदर गर्ने गरेको यस अदालतको संयुक्त इजलासको मिति २०७३।६।५ को फैसला मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादी सन्नी महर्जनले अभियोग दाबीको सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) को कसुर गरेको ठहरेकोले निजलाई २ (दुई) वर्ष कैद र चालक अनुमतिपत्र प्राप्त नभएको अवस्थामा सवारी हाँकी दुर्घटना भई लाटी महर्जनलाई किची निजको मृत्यु हुन गएको देखिन आएकोले सोही ऐनको दफा १६१(४) बमोजिम थप रू. २०००।- (दुई हजार) जरिवानासमेत हुने ठहर्छ। अरूमा तपसिलबमोजिम गर्नू।

तपसिल

माथि ठहर खण्डमा लेखिएबमोजिम प्रतिवादी सन्नी महर्जनलाई २(दुई) वर्ष कैद र रू.२०००।- (दुई हजार) जरिवाना हुने ठहरेकोले निज मिति २०६४।८।१६ देखि मिति २०६५।१।१४ सम्म थुनामा रही ४ महिना २८ दिन थुनामा बसेको देखिँदा लागेको कैदमा थुनामा बसेको अवधि कट्टा गरी बाँकी कैद १ वर्ष ७ महिना २ दिन असुल गर्न तथा लागेको जरिवाना रू.२०००।- मा निजले सुरू जिल्ला अदालतमा बुझाएको जरिवाना रू.५२५।- कट्टा गरी रू.१४७५।- समेत लगत कसी असुलउपर गर्नु भनी सुरू ललितपुर जिल्ला अदालतमा लेखी पठाई दिनू १

यो मिसिलको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू २

उक्त रायमा सहमत छु।
न्या.टंकबहादुर मोक्तान

<u>माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हाको राय</u>

यसमा मिति २०६४।८।१५ गतेका दिन ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका वडा नं.८ बालकुमारी स्थित सडकमा प्रतिवादी सन्नी महर्जनले चलाएको बा. ८ प. ५२२३ नं. को मोटरसाइकलले लाटी महर्जनलाई ठक्कर दिई सोही चोटका कारण निजको मृत्यु भएको तथा प्रतिवादीले मोटरसाइकल चलाउने अनुमतिपत्र प्राप्त नगरी सवारी चलाएको तथ्यमा विवाद देखिएन। साथै प्रतिवादीले

सवारी चालक अनुमतिपत्र नलिई मोटरसाइकल चलाएको कारण सवारी दुर्घटना भई मानिसको मृत्युसमेत भएको भन्ने आधारमा निजको उक्त कार्य लापरवाहीयुक्त हो भनी वादी नेपाल सरकारको तर्फबाट सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिम सजाय गरिपाउँ भनी अभियोग दाबी लिएकोसमेत देखियो। प्रतिवादी सन्नी महर्जनले लापरवाहीपूर्वक सवारी साधन चलाएको हो, होइन भन्ने सम्बन्धमा हेर्दा आफूले २ नं. गियरमा प्रतिघण्टा २०/२५ किलोमिटर जतिको गतिमा मोटरसाइकल चलाई रहेकोमा अन्दाजी ५० मिटरअगाडि वृद्ध महिला सडकको बीचमा हिँडिरहेको देखेर मोटरसाइकलको गियर घटाई ब्रेक लगाउँदै सडकको बायाँतर्फ जाँदा वृद्ध महिला पनि सोहीतर्फ आएकीले ठक्कर लाग्न गएको हो भनी प्रतिवादी सन्नी महर्जनले अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष बयान गरेको देखिन्छ। प्रतिवादी आफ्नो साइडमा छन्। यी प्रतिवादीसँग सवारी चालक प्रमाणपत्र नभएबापत छुट्टै सजायको व्यवस्था प्रचलित कानूनमा देखिन्छ। सवारी साधन चलाउने अनुमतिपत्र प्राप्त नगरी सवारी चलाउनु र जानीजानी लापरवाहीपूर्ण ढंगबाट सवारी चलाई सडक दुर्घटना हुनु भनेको नितान्त फरक अवस्था हुन्। सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ (२) मा वर्णित लापरवाही भनेको सवारी चलाउँदा गरिने लापरवाही हो। यस्तो कार्य सवारी चालक अनुमति प्राप्त व्यक्तिबाट पनि हुन सक्दछ। सोही ऐनको दफा ४५को कानूनी व्यवस्थाबमोजिम चालक अनुमतिपत्र नलिएको कार्य स्वयंमा लापरवाहीयुक्त कार्य नभई छुट्टै दण्डनीय कार्यको रूपमा सम्म लिई सजाय हुने कानूनी व्यवस्था गरिएको छ। यो केवल नियामक कसुर (Regulatory Offense) को रूपमा लिई केही अवस्थामा थप दण्डनीय र व्यवस्थापन गर्ने प्रयोजनले मात्र उक्त कानूनी बन्दोबस्त गरिएको पाइन्छ। प्रचलित सवारी तथा यातायात व्यवस्था ऐनले कहिँकतै प्रस्टरूपमा चालक अनुमतिपत्र नलिई सवारी चलाउँदैमा कसैलाई मार्ने, हानि नोक्सानी, क्षति पुर्‍याउने मनसाय राखेको वा लापवाहीपूर्ण कसुर मान्नु पर्ने भनी विधायिकी मनसाय व्यक्त गरेको पाइँदैन। लापरवाही एक मानसिक अवस्था हो। सवारी चलाउँदा लापरवाही भएको थियो थिएन भन्ने कुरा सोही घटना परिस्थिति र प्रतिवादीको सावधानी एवं व्यक्तिगत दक्षता र सवारी चलाएको अवस्थाबाट खोजिनु मनासिब र विधिसम्मत हुने देखिन्छ।

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४५ मा "कुनै व्यक्तिले चालक अनुमतिपत्र प्राप्त नगरी कुनै पनि सवारी चलाउन हुँदैन" भन्ने कानूनी व्यवस्था गरेकोबाट सवारी चालक अनुमतिपत्र प्राप्त गरेर मात्र सवारी चलाउनु पर्छ भन्ने उक्त ऐनको मनसाय रहेको स्पष्ट छ। त्यसविपरीत कार्य गरेमा दफा १६० (१) बमोजिम जरिवाना हुने अवस्था छ। यो एक किसिमको Regulatory Offense भएकोले नियमन गर्ने वा दण्डनीय बनाउने वा कुनै आपराधिक कार्य भएमा सजाय थप गर्ने गरी यसको कानून निर्माण हुन नसक्ने होइन। सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४५ र १६१(४) को कानूनी व्यवस्था पनि सोही प्रयोजनार्थ भएको देखिन्छ। दफा ४५ विपरीत कसैले सवारी चलाएमा दफा १६०(२)(क) बमोजिम रू.५००।- देखि रू.२०००।- सम्म जरिवाना हुने व्यवस्था छ भने दफा १६१(१) र (२) को अवस्थामा किटानी रूपमा थप रू.२०००।- जरिवाना गर्ने कानूनी व्यवस्था छ। यो दफा १६१(४) मा दफा १६०(२)(क) जस्तो रू.५००।- देखि रू.२०००।- को बीच जति पनि जरिवाना गर्न सक्ने जस्तो अधिकारप्राप्त अधिकारीको तजबीज दिएको देखिएन। यसैले चालक अनुमतिपत्र विना सवारी चलाउने कार्य आफैँमा अपराधजन्य लापरवाही नभई नियमन गर्ने प्रयोजन रहेको कारण कैदको व्यवस्था नगरी दफा १६० ले जरिवानासम्म गर्ने र त्यस्तो अवस्थामा दुर्घटना भएमा दफा १६१(४)

पनि आकर्षित गर्ने गरी कानूनमा व्यवस्था भएको हो। सवारी साधन चलाउने व्यक्तिले जानीजानी आफ्नो नियन्त्रणमा नरहने गतिमा बढी रफ्तारमा सवारी चलाउनु, गलत साइडबाट सवारी चलाउनु, प्राविधिक रूपमा नियन्त्रणमा नरहने प्रकृतिको सवारी साधन चलाउनु, मादक पदार्थ सेवन गरी लापरवाही किसिमले सवारी चलाउनु आदि अवस्था तथा अपराध हुन सक्ने सम्भावना वा पूर्वज्ञान हुँदाहुँदै पनि असावधानीपूर्वक सवारी चलाई दुर्घटना गराउनुलाई लापरवाहीयुक्त कार्य मान्नु पर्ने हुन्छ। यो कार्य अनुमतिपत्र प्राप्त चालकबाट पनि हुन सक्छ। मोटरसाइकल हाँक्दै गर्दा प्रतिवादीले वृद्ध महिलालाई देखेपछि निजलाई बचाउने प्रयास स्वरूप बायाँतर्फ मोड्दासमेत मृतक सोही दिशातिर आएको कारण मृतकलाई ठक्कर लाग्न पुगेको देखिन्छ। यस्तो स्थिति अनुमति प्राप्त चालकलाई पनि पर्न सक्छ। एउटै अवस्था परिस्थिति अनुमतिपत्र बाहकको लापरवाही नहुने तर अनुमति नभएकाको हकमा लापरवाही मानिने भन्ने विधायिकी मनसाय देखिँदैन। अत: केवल सवारीचालक अनुमतिपत्र प्राप्त नगरी चलाएको सवारीले ठक्कर दिएर मृत्यु भएको भन्ने मात्र कारणबाट प्रतिवादीसँग अनुमतिपत्र नहुनु स्वयंमा लापरवाहीअन्तर्गत पर्छ भन्नु न्यायसङ्गत हुँदैन। यसरी माथि उल्लेख भएबमोजिम सवारी चालक अनुमतिपत्र प्राप्त नगरी सवारी साधन चलाउनु र लापरवाहीपूर्वक सवारी साधन चलाउनु फरक कार्य र कसुर हुँदा दुवैलाई समानस्तरमा राखेर सजाय गर्नु फौजदारी विधिशास्त्रअनुरूप हुन सक्तैन। अर्कोतर्फ ने.का.प.२०७०, नि.नं.९०७३, पृ.१३२७ को पूर्ण इजलासबाट प्रतिपादित सिद्धान्त मिति २०७०।५।१३ गते प्रतिपादन भएको र वारदात मिति २०६४।८।१५ देखिएकोले प्रस्तुत मुद्दामा भूतप्रभावी हुने गरी अघि घटेको घटनाको सम्बन्धमा पछि स्थापित सिद्धान्त आकर्षित गर्नु पनि न्यायसङ्गत देखिएन।

सवारी चालक अनुमतिपत्र प्राप्त नगरी मोटरसाइकल चलाएको भन्ने यस्तै प्रश्न रहेको नेपाल सरकार विरूद्ध वीरबहादुर लोप्चन भएको सवारी ज्यान मुद्दामा ***"दुर्घटना भएको सवारी साधनको चालक भएको कारणले मात्र निजको लापरवाही स्थापित हुन सक्दैन। स्वतन्त्र प्रमाणहरूबाट लापरवाही गरी सवारी चलाएको तथ्य पुष्टि हुनुपर्छ। सवारी चलाउँदाका बखत पर्याप्त सावधानी अपनाए पनि आकस्मिक रूपमा उत्पन्न भएको कुनै कारणबाट सवारी दुर्घटना हुन जान्छ भने त्यसलाई लापरवाही अथवा जानाजान गरिएको कार्य भनी नामाकरण गर्नु उचित नदेखिने"*** भनी यस अदालतबाट ने.का.प. २०७२ अंक ८ नि.नं. ९४५७ मा सिद्धान्त प्रतिपादन भएको देखिन्छ। संयुक्त इजलासबाट कायम भएको उपर्युक्त सिद्धान्त फौजदारी विधिशास्त्र, विधायिकी मनसायअनुरूप देखिएकोमा यस अदालतको पूर्ण इजलासबाट कायम सिद्धान्त (नि.नं. ९०७३) र संयुक्त इजलासबाट कायम भएको सिद्धान्त (नि.नं.९३०४) पुन: विचारणीय हुन सक्ने तथा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४५,१६०(२)(क) र १६१(४) को समष्टिगत व्याख्या गरी भविष्यको लागि मार्ग निर्देशन गर्नसमेत प्रस्तुत इजलास समान स्तरको तीन सदस्यीय पूर्ण इजलास हुँदा उक्त पूर्ण इजलासबाट कायम सिद्धान्त (नि.नं.९०७३) र सोअनुरूपको संयुक्त इजलासबाट कायम भएको सिद्धान्त (नि. नं.९३०४) सँग असहमत जनाई आफ्नो राय ठहर गरी कानूनको व्याख्याबाट यस्तो स्थितिमा एकरूपताको लागि सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २२(२)(क) र (ग) बमोजिम बढी सदस्यीय बृहत् पूर्ण इजलासमा पठाउनसमेत कानूनसम्मत नै हुन्छ। तसर्थ प्रतिवादी सन्नी महर्जनले चलाएको मोटरसाइकल मृतकलाई बचाउने प्रयास स्वरूप सावधानीपूर्वक बायाँतर्फ मोड्दासमेत आकस्मिक रूपमा मृतक सोही दिशातर्फ आएको कारण मोटरसाइकलको ठक्करबाट मृतक लाटी महर्जनको मृत्यु भएकोले सवारी तथा

यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) को कसुर पुष्टि भएकोले सोही नं. बमोजिम सजाय हुनुपर्ने देखिँदा सुरू ललितपुर जिल्ला अदालत तथा पुनरावेदन अदालत पाटनको फैसला सदर हुने ठहराएको यस अदालत संयुक्त इजलासको मिति २०७३।६।५ को फैसला सदर हुने गरी छुट्टै राय व्यक्त गरेको छु । बहुमतको राय कायम हुने हुँदा केही गरी रहनु परेन ।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री
इति संवत्२०७४ साल मङ्सिर २८ गते रोज ५ शुभम् ।

निर्णय नं. १००४४

सर्वोच्च अदालत, संयुक्त इजलास
सम्माननीय का.मु.प्रधानन्यायाधीश श्री दीपकराज जोशी
माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.
फैसला मिति : २०७५।३।२४
०६८-CI-०१४३

मुद्दा : मोही कायम नामसारी दर्ता

पुनरावेदक / प्रतिवादी : गुठी संस्थान केन्द्रीय कार्यालय, डिल्लीबजारको तर्फबाट ऐ.का प्रशासक का.नि. जिल्ला महाँकाल गा.वि.स. वडा नं. ६ बस्ने दीपबहादुर पाण्डे

विरूद्ध

प्रत्यर्थी / वादी : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २१ बस्ने बलराम भन्ने विक्रमकुमार के.सी.

- **दर्तावाला मोहीले वास्तविकरूपमै गुठी अधीनस्थ जग्गाको जोतभोग पनि गरिरहेको र साथै जोताहा मोहीले गुठी अधीनस्थको जग्गा जोत्न छाडी मोही हक दर्तावाला मोहीलाई लिखितरूपमै समर्पण गरेको अवस्थामा गुठी संस्थान ऐन, २०३३ को दफा २६ बमोजिम दर्तावाला मोहीको मोही हक स्थापित हुँदैन भनी ऐ. दफा २६ को व्यवस्थालाई शाब्दिक व्याख्याका आधारमा संकुचन गरिए वास्तविक न्यायको मर्मविपरीत हुन जाने ।**

(प्रकरण नं.६)

- **वस्तुतः गुठी संस्थान ऐन, २०३३ को दफा २६ ले जोतभोग गर्ने वास्तविक मोहीले मोहीयानी हक पाउने कानूनी निश्चितता प्रदान गरेको र दर्तावाला मोहीले जग्गाको जोतभोग गरेको अवस्थामा निज सो जग्गाको जोताहा मोहीमा परिणत हुन नसक्ने भनी स्पष्टरूपमा रोक नलगाएको स्थितिमा जग्गामा जसको जोतभोग प्रमाणित भइरहेको हुन्छ त्यही व्यक्ति नै वास्तविक मोही हो भनी मान्न न्यायोचित र कानूनको भावना र मर्मअनुकूल हुन जाने ।**

(प्रकरण नं.१०)

पुनरावेदक / प्रतिवादीका तर्फबाट : विद्वान् अधिवक्ता श्री सानुबाबु पोखरेल, विद्वान् अधिवक्ता श्री ज्ञानेन्द्र प्रसाद पोखरेल
प्रत्यर्थी / वादीका तर्फबाट :

अवलम्बित नजिर :
सम्बद्ध कानून :

सुरू फैसला गर्नेः
भूमि सुधार अधिकारी मुक्तिप्रसाद आचार्य
भूमि सुधार कार्यालय ललितपुर
पुनरावेदन तहमा फैसला गर्नेः
मा. मुख्य न्यायाधीश श्री केशरीराज पण्डित
माननीय न्यायाधीश श्री विश्वम्भर प्रसाद श्रेष्ठ
पुनरावेदन अदालत पाटन, ललितपुर

फैसला

का.मु.प्र.न्या.दीपकराज जोशी : न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१) बमोजिम पुनरावेदन अदालत पाटनबाट भएको फैसला दोहोऱ्याई हेरिपाउँ भनी प्रतिवादीको तर्फबाट परेको निवेदनमा यस अदालतको मिति २०६८।४।११ को आदेशानुसार मुद्दा दोहोऱ्याउने निस्सा प्रदान भई पुनरावेदनमा परिणत भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छः

तथ्य खण्ड

जग्गाधनी जंग हिरण्य हेम नारायण गुठी ५०।१ खेत २५ दर्तावाला मोही तिर्थकुमारी जोताहा हेरामान महर्जन उल्लेख भई नापी भएको धापाखेल गा.वि.स. वडा नं. १(क) कि.नं. ९० क्षेत्रफल २–५–१–० जग्गा मिति २०३६।१।१० मा जोताहा हेरामानले गोरखापत्रमा मोही हक छोडपत्र गरी छोडी दिएको सोही आधारमा धापाखेल गाउँ पञ्चायतबाट २०३६।१।१२ मा जोताहा हेरामानको नाम खारेज गरी तिर्थकुमारी खत्रीनीका नाममा जोतपोत कायम गरी दिनु भनी भूमि प्रशासन कार्यालय, ललितपुरका नाममा पत्रसमेत पठाइएको हो । ललितपुर गुठी तहसिल तथा खर्च कार्यालयबाट मिति २०५०।४।१० मा मोही हेरामान महर्जनका नाममा ७ दिने म्याद जारी गरी पठाउँदा निजको मृत्यु भई हकदार कोही नभएको भनी म्याद फिर्ता भई हकदाबीसम्बन्धी मिति २०५०।५।२८ मा गोरखापत्रमा सूचना प्रकाशित गर्दासमेत कसैको दाबी नपरेपछि मोही हेरामानको नाम कट्टा गरी म निवेदक बलराम भन्ने विक्रम कुमार के.सी.लाई मोही कायम गर्ने आदेशको निमित्त मिति २०५०।८।४ मा गुठी संस्थान केन्द्रीय कार्यालयमा मिसिल पठाएकोमा केन्द्रीय कार्यालयबाट मोही जोत्न छाडी जग्गा उकास हुन आएकोले दर्तावालालाई क्षतिपूर्ति दिलाई सम्बन्धित देवस्थलको नाममा मोही महल खाली राखी गुठी तैनाथीमा जग्गा दर्ता गर्न पठाउने भनी २०५६।४।१४ मा निर्णय भयो । सो विरूद्ध काठमाडौं जिल्ला अदालतमा निर्णय बदर मोही हक कायमसमेत मुद्दा दायर गरी तहतह अदालत हुँदै श्री सर्वोच्च अदालतबाट मिति २०६५।१०।१९ मा अन्तिम फैसला हुँदा गुठी अधिनस्थ जग्गाको मोहीसम्बन्धी विषयमा निरूपण गर्ने अधिकार अदालत एवं गुठी संस्थान केन्द्रीय कार्यालयलाई नभई भूमिसम्बन्धी ऐन, २०२१ बमोजिम भूमि सुधार अधिकारीलाई मात्र रहे भएकोमा गुठी संस्थान केन्द्रीय कार्यालयको मिति २०५६।४।१४ को मोही उकास हुने निर्णयउपर फिराद लिई सुरू काठमाडौं जिल्ला अदालतले मिति २०५८।११।२३ मा गरेको फैसला र सो फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालतको मिति २०५९।७।२८ को फैसला अधिकार क्षेत्रभन्दा बाहिर गई निर्णय गरेको देखिएकोले बदर हुने ठहऱ्याई फैसला भएको छ ।

एकै तथ्य समावेश भएको समान विषयमा समान खालको निर्णय हुनुपर्ने कुरामा विवाद हुन सक्दैन । यस सन्दर्भमा धापाखेल वडा नं. १(क) कि.नं.९२ क्षेत्रफल २–३–२–० जग्गा जग्गाधनी कालमोचन गुठी र मोही गोपीलाल महर्जन भएकोमा किसानको बेहोरामा यो जग्गा कालमोचन गुठीको

हो का.ई. लगन बस्ने तिर्थकुमारीलाई तिरो तिरी कमाएको भन्ने उल्लेख भएकोमा उक्त जग्गालाई मिति २०५०।३।२९ मा गुठी तहसिल कार्यालयबाट जोताहा गोपीलाल महर्जन खारेज गरी मेरा दाजु धन विक्रम के.सी.का नाममा जोतपोत नै कायम गरिएको अवस्था छ । उक्त विषयवस्तु तथा कारबाही एकै प्रकृतिको हुँदा एउटा कित्तामा मोही कायम हुने अर्कोमा नहुने भन्ने हुन सक्दैन । अतः श्री सर्वोच्च अदालतको मिति २०६५।१०।१९ को फैसलासमेतको आधारमा गुठी संस्थान केन्द्रीय कार्यालयलाई गुठी अधीनस्थ जग्गाको मोही कायम गर्ने नगर्ने विषयमा निर्णय गर्ने अधिकार नभएको गुठी संस्थान केन्द्रीय कार्यालयबाट मिति २०५६।४।१४ मा भएको निर्णयको कुनै औचित्य नरहेको हुँदा मलाई श्री सर्वोच्च अदालतबाट तारेख तोकी यस कार्यालयमा पठाएको हुँदा मेरो सम्पूर्ण मिसिल कागजहरू झिकाई प्रमाणहरूको मूल्याङ्कन गरी भूमिसम्बन्धी ऐन, २०२१ बमोजिम ललितपुर जिल्ला धापाखेल गा.वि.स. वडा नं. १(क) कि.नं. ९० क्षेत्रफल २–५–१–० जग्गाको जोताहा मोही कायम गरिपाउँ भनी द.नं.७०० मिति २०६६।६।२ मा बलराम भन्ने विक्रमकुमार के.सी.को वा. विजयकुमार के.सी.को भूमिसुधार कार्यालय ललितपुरमा परेको निवेदन पत्र ।

विपक्षीको निवेदन जिकिर कानूनसम्मत छैन । गुठी संस्थान केन्द्रीय कार्यालयबाट मोहीले जोत्न छाडी उकास हुन आएकोले दर्तावालालाई क्षतिपूर्ति दिलाई सम्बन्धित देवस्थलको नाउँमा मोही महल खाली राखी गुठी तैनाथीमा जग्गा दर्ता गर्न पठाउने भनी मिति २०५६।४।१४ मा भएको निर्णय कहीँकतैबाट बदर भएको छैन । विपक्षीले आफूले सोही जग्गाको विषयमा मोही कायम हुनुपर्छ भनी मुद्दा गरी सम्मानित सर्वोच्च अदालतबाट मिति २०६५।१०।१९ मा मुद्दा हारेपछि पुन: सोही फैसलाको आधारमा दाबी गर्न मिल्दैन । विवादित जग्गाको मोही विपक्षी हो भनी मोही हुन आवश्यक पर्ने प्रमाण पेस गर्न सकेको छैन । तिर्थकुमारी खत्रीनी दर्तावाला मोही र हेरामान महर्जन जोताहा मोही भएको भन्ने कुरालाई विपक्षीले स्वीकार गर्नुभएकै छ । गुठी संस्थान ऐन, २०३३ को दफा २६(१) ले दर्तावालाको सबै हक अधिकार समाप्त गरिसकेकोले तिर्थकुमारी वा निजका हकवाला उक्त जग्गाको मोही हुन सक्दैनन् । वास्तविक जोताहा मोहीको परलोक भइसकेको, निजको कुनै कानूनी हकदार नभएको र दर्तावाला मोहीको हकै नलाग्ने कानूनी प्रावधान भएको हुँदा स्वतः लगत कट्टा हुने हुन्छ । मोहीले दाबी गर्नका लागि भूमिसम्बन्धी ऐन, २०२१ र सोअन्तर्गत बनेका नियमअन्तर्गत २ नं. अनुसूची प्रकाशित भई जोताहा अस्थायी निस्सा र गुठी संस्थानसँग गरेको कुत कबुलियत हुनुपर्छ । अनधिकृत भोगले मोहीयानी हक प्राप्त हुन सक्ने होइन । गुठी संस्थान ऐन, २०३३ को दफा २६ र २७ ले राजगुठीको जग्गामा दर्तावाला मोहीको सम्पूर्ण हक समाप्त भएकोले दर्तावाला मोही जोताहामा परिणत हुन सक्ने कानूनी अवस्था नै नभएकोले विपक्षीको निवेदन खारेज गरी झुट्ठा दाबीबाट अलग फुर्सद पाउँ भन्नेसमेत बेहोराको गुठी संस्थान केन्द्रीय कार्यालयको तर्फबाट प्रशासक विरेन्द्र थपलियाको वारेस रमा बोहराले मिति २०६६।१०।२१ मा पेस गरेको प्रतिउत्तर पत्र ।

यस पञ्चायत वडा नं. २ बस्ने हिरामान महर्जनले तिर्थकुमारी खत्रीनी क्षेत्रीनीका नाममा दर्ता भएको ललितपुर मछिन्द्र गुठीको खेत धापाखेल गाउँ पञ्चायत वडा नं. १ (क) कि.नं. ९० क्षेत्रफल २–५–१–० जग्गा म मोही भई कमाई आएकोमा म वृद्धा अवस्था र मेरो सन्तान परिवारसमेत कोही नभएको कारण समयमा बाली लगाउन नसकी बाझै रहने भएकोले निज जग्गाधनी तिर्थकुमारी खत्रीनीलाई उक्त जग्गाको जोतपोत दुवै कायम गरी खाने गरी मेरा नामको जोताहा लगत कट्टा गरिपाउँ भनी मन्जुरीनामाको कागजसहित यस गाउँ पञ्चायतमा

निवेदन गरेको देखिन आएकोले बेहोरा बुझ्दा मनासिब देखिन आएकोले उक्त कि.नं.९० क्षेत्रफल २–५–१–० जग्गाको जोताहा हिरामान महर्जनको नाम खारेज गरी जग्गाधनी तिर्थकुमारी खत्रीनीको नाममा जोतपोत दुवै कायम गरी दिन निवेदकको मन्जुरनामाको कागजसहित धापाखेल आदर्श गाउँ पञ्चायतबाट च.नं.३५६ मिति २०३६।१।१२ मा भूमि प्रशासन कार्यालय ललितपुरमा पठाएको सिफारिस पत्र।

आमा तिर्थ कुमारी खत्रीको नाउँमा जंग हिरण्य हेमनारायण गुठीको लगत रसिद नं. ५०।१ मा मोही कायम भएको नापनक्सा हुँदा धापाखेल गाउँ पञ्चायत वडा नं. १(क) कि.नं.९० क्षेत्रफल २–५–१–० मोही हेरामान महर्जन भएको निजको मिति २०४५।११।२३ मा परलोक भएको, निजको हक खाने हकदार नभएकोले हामीहरूले नै पहिलेदेखि भोगचलन गरी आएको कि.नं. ९२ क्षेत्रफल २–३–२–० मोही गोपीलाल महर्जन भएकोमा उक्त जग्गा निजले कमाउन छाडी हामीहरूले नै कमाई आएकोमा आमा तिर्थकुमारी खत्रीनीको मिति २०४१।५।१ मा मृत्यु भएपछि उक्त जग्गाहरू हामी निवेदक छोराहरूले नै भोगचलन गरी आएकोले उक्त जग्गा हामीहरूका नाममा संयुक्त मोही दर्ता गरी पाउन आवश्यक प्रमाणका साथ मिति २०४७।११।८ को धापाखेल गा.वि.स.को सिफारिससमेत संलग्न गरी धन विक्रम के.सी. को हकमा समेत विक्रमकुमार भन्ने बलराम विक्रम के.सी. ले गुठी तहसिल तथा खर्च कार्यालय ललितपुरमा मिति २०४७।११।२० मा दिएको निवेदन।

निवेदकहरूको माग दाबीबमोजिम गुठी तहसिल तथा खर्च कार्यालयबाट कारबाही हुँदा मागदाबीको कित्ता जग्गामध्ये उक्त कि.नं.९२ को क्षेत्रफल २–३–२–० जग्गाको जोताहा गोपीलाल महर्जनको दाबी परी प्रमाणहरूको मूल्याङ्कन हुँदा निवेदकहरूले पेस गरेका सिफारिस, नाता प्रमाणित प्रमाणपत्र र स्थलगत सर्जमिनबाट समेत उक्त जग्गा निवेदक धनविक्रम के.सी.ले जोतभोग गरी आएको प्रमाणित भएकोले गुठी संस्थान कार्य व्यवस्था विनियमको दफा १२ अनुसार जोताहा मोहीमा धन विक्रम के.सी. र जग्गाधनीमा जंग हिरण्य हेमनारायण गुठी कायम गरी जग्गा धनी प्रमाणपुर्जाको लागि मालपोत कार्यालय ललितपुरमा लेखी पठाइदिने र विपक्षीको दाबी प्रमाण नपुगेको हुनाले दुवै पक्षलाई तारेख टुङ्गाई निर्णय सुनाई दिने गरी सदर भनी मिति २०५९।३।२९ मा निर्णय गुठी संस्थान केन्द्रीय कार्यालयबाट निर्णय भएको रहेछ।

निवेदकहरूको माग दाबीको कि.नं.९० क्षेत्रफल २–५–१–० जग्गाको सम्बन्धमा कारबाही अगाडि बढाउने सिलसिलामा मोही हिरामानका नाममा ७ दिने म्याद जारी गरी २१ दिने सार्वजनिक सूचना प्रकाशित गर्दासमेत कसैको दाबी पर्न नआएकोले निवेदक बलराम भन्ने विक्रमकुमार के.सी. को मागबमोजिम साबिक मोही हेरामान कट्टा गरी निवेदक बलराम के.सी. मोही कायम गर्न र जग्गाधनीमा जंग हिरण्य हेमनारायण गुठी कायम गर्ने आदेशको निमित्त गुठी संस्थानमा पेस गर्ने गरी गुठी तहसिल तथा खर्च कार्यालयबाट मिति २०५०।८।४ मा निर्णय भई गुठी संस्थान केन्द्रीय कार्यालय पठाएकोमा जोताहा मोहीले छाडी उकास हुन आएको उल्लिखित कि.नं.९० को क्षेत्रफल २–५–१–० जग्गा सं.स. को मिति २०५६।४।१४ को निर्णयानुसार गुठी संस्थान ऐन, संशोधनसहित २०३३ को दफा ३१ बमोजिम व्यवस्था गर्नको निमित्त सोही ऐनको दफा २६(२) बमोजिम उक्त कित्ता जग्गाको दर्तावालालाई क्षतिपूर्ति दिई सम्बन्धित देवस्थलको नाममा मेही महल खाली नै राखी गुठी तैनाथमा दर्ता गरी दिन मालपोत कार्यालयमा अनुरोध गरी ऐनको दफा ३१ बमोजिम के कसरी व्यवस्था गर्न उपयुक्त हुन्छ रायसाथ पेस गर्न तहसिल शाखा कार्यालयलाई निर्देशन दिने गरी गुठी संस्थान केन्द्रीय कार्यालयबाट भएको मिति २०५६।६।१३ को

निर्देशन।

उक्त गुठी संस्थान केन्द्रीय कार्यालयबाट भएको मिति २०५६।४।१४ को निर्णय र मिति २०५६।६।१३ को निर्देशनसमेतका काम कारबाही बदर गरी मोही हकसमेत कायम गरिपाउँ भनी निवेदक बलराम भन्ने विक्रमकुमार के.सी.ले काठमाडौं जिल्ला अदालतमा फिराद दर्ता गराएकोमा जोताहा हेरामान महर्जनको मिति २०३६।१।१० छोडपत्रअनुसार निजको नाम खारेज गरी जग्गाधनी तिर्थकुमारी खत्रीनीको नाममा जोतपोत कायम गरी दिनु भनी धापाखेल गाउँ पञ्चायतबाट मिति २०३६।१।१२ मा भूमि प्रशासन कार्यालय ललितपुरलाई लेखेको पत्रको फोटोकपीबाट देखिन आएको छ । निज जोताहाले २०३६।१।१० छोडपत्र गरिदिएकोले मैले जोती आएको हुँ भन्ने वादी भएकोमा हेरामान महर्जनको नाममा ७ दिने म्याद जारी हुँदा हकदार कोही नभएको, हकदाबी गर्नका लागि २०५०।५।२८ मा गोरखापत्रमा सूचना प्रकाशित गर्दा पनि निज उपस्थित हुन आएको देखिँदैन। दाबीको कि.नं. ९० को जग्गाको जोतभोग वादीबाट भएको कुरा २०५२।१०।१४ मा सम्बन्धित गुठी कार्यालयबाट र मिति २०५८।८।१५ मा यस अदालतको आदेशानुसार भएको सर्जमिनबाट स्पष्ट भएकोले वादी नै वास्तविक जोताहा भएको कुरा स्पष्ट हुन आयो। गुठीको जग्गामा खास जोताहा किसानले मोहियानी हक पाउने व्यवस्था गुठी संस्थान ऐन, २०३३ को दफा २७ ले गरेको हुँदा दाबीको जग्गाको जोताहा किसान वादी नै भएको कुरा पुष्ट्याईं भएकोले गुठी संस्थान केन्द्रीय कार्यालयको मिति २०५६।४।१४ को निर्णय र २०५६।६।१३ को निर्देशनका सम्पूर्ण काम कारबाहीको निर्णय बदर भई कि.नं. ९० को जग्गाको जग्गाधनीमा जंग हिरण्य हेमनारायण गुठी कायम गरी मोही महलबाट हेरामान महर्जनको नाम कट्टा गरी वादीको नाम राखी जग्गाधनी प्रमाणपुर्जा तयार गरी दिनुपर्ने ठहर्छ भनी काठमाडौं जिल्ला अदालतबाट मिति २०५८।११।२३ मा भएको फैसला।

काठमाडौं जिल्ला अदालतको मोही कायम गरी दिने गरी भएको मिति २०५८।११।२३ को फैसला विरूद्ध गुठी संस्थान केन्द्रीय कार्यालयको तर्फबाट पुनरावेदन गएकोमा उक्त कि.नं.९० को जग्गाधनीमा जंग हिरण्य हेमनारायण गुठी कायम गरी मोही महलबाट हेरामान महर्जनको नाम कट्टा गरी वादीको नाम राखी जग्गाधनी प्रमाण पुर्जा तयार गरी दिनु पर्ने ठहर्‍याई भएको काठमाडौं जिल्ला अदालतबाट मिति २०५८।११।२३ मा भएको फैसला मनासिब देखिँदा सदर हुने ठहर्छ। प्रतिवादीको जिकिर पुग्न सक्दैन भनी पुनरावेदन अदालत पाटनबाट मिति २०५९।७।२८ मा फैसला भएको रहेछ।

पुनरावेदन अदालत पाटनको मिति २०५९।७।२८ मा काठमाडौं जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी भएको फैसलाउपर मुद्दा दोहोर्‍याई पाउँ भनी गुठी संस्थान केन्द्रीय कार्यालयको तर्फबाट श्री सर्वोच्च अदालतमा निवेदन परी निस्सा प्रदान भई कारबाही हुँदा प्रस्तुत मुद्दामा विपक्षी वादीले ललितपुर गुठी तहसिल तथा खर्च कार्यालयमा मोही नामसारीको लागि दिएको निवेदनउपर गुठी संस्थान केन्द्रीय कार्यालयको मिति २०५६।४।१४ को कि.नं.९० को मोही उकास हुने भन्ने निर्णय तथा व्यवस्थापनको मिति २०५६।६।१३ को निर्देशनका सम्पूर्ण कारबाही बदर गरी पाउन भनी काठमाडौं जिल्ला अदालतमा फिराद दिई काठमाडौं जिल्ला अदालतबाट गुठीको जग्गामा खास जोताहा किसानले मोहियानी हक पाउने व्यवस्था गुठी संस्थान ऐन, २०३३ को दफा २७ ले गरेको हुँदा दाबीको जग्गामा जोताहा किसान वादी नै भएको कुरा पुष्ट्याईं भएकोले गुठी संस्थान केन्द्रीय कार्यालयको निर्णय बदर भई मोही महलबाट हेरामान महर्जनको नाम कट्टा गरी वादीको नाम राखी पुर्जा तयार गरी दिने गरी फैसला भएकोमा पुनरावेदन अदालत पाटनबाट समेत सुरू अदालतको

सो फैसलालाई सदर गर्ने गरी निर्णय भएको देखिन आयो। उक्त काठमाडौं जिल्ला अदालतको फैसला र सोलाई सदर गर्ने गरेको पुनरावेदन अदालत पाटनको फैसला अधिकार क्षेत्रभन्दा बाहिर गई भएको देखिई यसमा अधिकार क्षेत्रात्मक त्रुटि देखियो। तसर्थ सर्वोच्च अदालतबाट विभिन्न समयमा प्रतिपादित नजिरहरू समेतका आधारहरूबाट गुठी अधीनस्थ जग्गाको मोहीसम्बन्धी विवादका विषयमा निरूपण गर्ने अधिकार अदालत एवं गुठी संस्थानलाई नभई भूमिसम्बन्धी ऐन, २०२१ बमोजिम भूमिसुधार अधिकारीलाई मात्र रहे भएकोमा गुठी संस्थान केन्द्रीय कार्यालयको मिति २०५६।४।१४ को मोही उकास हुने निर्णयउपर फिराद लिई सुरू काठमाडौं जिल्ला अदालतले मिति २०५८।११।२३ मा गरेको फैसला र सोलाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत पाटनको मिति २०५९।७।२८ को फैसला अधिकार क्षेत्रभन्दा बाहिर गई गरेको देखिई त्रुटिपूर्ण हुँदा बदर हुन्छ। दायरी लगत कट्टा गरी भूमि सुधार कार्यालयबाट प्राप्त सम्बन्धित मिसिल भूमिसुधार कार्यालय ललितपुरमा पठाई दिनु भनी श्री सर्वोच्च अदालतबाट मिति २०६५।१०।१९ मा फैसला भई तारेखसमेत तोकी यस कार्यालयमा पठाएको मिसिल संलग्न तारेख पर्चाबाट देखिन आयो।

निवेदक बलराम भन्ने विक्रमकुमार के.सी. को माग दाबीको धापाखेल गा.वि.स. वडा नं.१(क) कि.नं.९० क्षेत्रफल २–५–१–० जग्गाको जोतभोग सम्बन्धमा भूमिसुधार कार्यालय ललितपुरबाट मिति २०६७।२।२४ मा स्थलगत सर्जमिन हुँदा उक्त जग्गा जोताहा मोही हिरामान महर्जनले २०३६ सालमा छोडेदेखि दर्तावाला मोही तिर्थकुमारी खत्रीनीले कमाई आएको निजको मृत्युपश्चात छोरा निवेदक बलराम भन्ने विक्रमकुमार के.सी.ले निरन्तर रूपमा हालसम्म जोतभोग गर्दै आउनु भएको छ भन्नेसमेत बेहोरा उल्लेख भई आएको मिसिल संलग्न सर्जमिन मुचुल्काबाट देखिन्छ।

ललितपुर जिल्ला धापाखेल गा.वि.स. वडा नं. १(क) कि.नं. ९० को जग्गा तिर्थकुमारी खत्रिनीले र निजको मृत्युपछि निजका छोरा निवेदक बलराम भन्ने विक्रमकुमार के.सी. ले जोतभोग गर्दै आएको भन्ने कुरा हिरामान महर्जनले धापाखेल गा.वि.स. मा गरेको सनाखत, धापाखेल गा.वि.स. ले भूमि प्रशासन कार्यालय ललितपुरलाई लगत कट्टा गरी दिन लेखेको पत्र, गा.वि.स. कार्यालयले मोही कायम गर्नको लागि गरेको सिफारिस, गुठी तहसिल तथा खर्च कार्यालय ललितपुर, ललितपुर जिल्ला अदालत र यस कार्यालयबाट गरिएको विभिन्न मितिका सर्जमिनसमेतबाट पुष्टि भएको देखिन्छ। अतः तथ्य एवं प्रमाण तथा नजिरसमेतको अध्ययन गर्दा उल्लिखित जिल्ला ललितपुर गा.वि.स. धापाखेल वडा नं. १(क) कि.नं. ९० को क्षेत्रफल २–५–१–० जग्गाको वास्तविक जोतभोग गर्ने निवेदक वादी बलराम भन्ने विक्रमकुमार के.सी. खास जोताहा होइनन् भन्न सक्ने अवस्था देखिएन । तसर्थ भूमिसम्बन्धी ऐन, २०२१ को दफा ३१(क) एवं २६(१) समेतको आधारमा साबिक जोताहा हिरामान महर्जनको जोत कट्टा गरी तिर्थकुमारीको मृत्युपछि जोतभोग गर्ने निजका छोरा बलराम भन्ने विक्रमकुमार के.सी.का नाममा जोताहा (मोही हक) कायम नामसारी हुने ठहर्छ भन्ने सुरू भूमिसुधार कार्यालय ललितपुरबाट मिति २०६७।२।३१ मा भएको फैसला।

गुठी संस्थान केन्द्रीय कार्यालयबाट मोहीले जोत्न छाडी जग्गा उकास हुन आएकोले दर्तावालालाई क्षतिपूर्ति दिलाई सम्बन्धित देवस्थलको नाममा मोही महल खाली राखी गुठी तैनाथीमा जग्गा दर्ता गर्न पठाउने भनी मिति २०५६।४।१४ मा भएको निर्णयउपर विपक्षीको मुद्दा परी सर्वोच्च अदालतको मिति २०५६।१०।१९ को फैसलाले गुठी संस्थानको निर्णयलाई यथावत् कायम गरेको छ, भूमिसुधार कार्यालयलाई त्यस विषयमा निर्णय गर्नु भनी पठाएको

छैन । भूमिसुधार कार्यालय ललितपुरका भूमिसुधार अधिकारीज्यूले सर्वोच्च अदालतको फैसलाको अपव्याख्या गरी जबरजस्ती रूपमा विपक्षीलाई मोही कायम गर्ने गरेको फैसला त्रुटिपूर्ण हुँदा बदर भागी छ । विवादित कि.नं. ९० को जग्गाको तिर्थकुमारी खत्रीनी दर्तावाला मोही र हेरामान महर्जन जोताहा मोही भएको कुरा फिल्डबुकको बेहोरा र विपक्षी स्वयम्ले स्वीकार गर्नुभएकै छ । विपक्षीले उक्त जग्गा गुठी संस्थानबाट मोहीको हैसियतले जोतभोग गर्न कबुलियत प्राप्त गरी जोतभोग गरी गुठी संस्थानलाई बाली बुझाएको कुनै प्रमाण पेस गर्नुभएको छैन। गैरकानूनी भोगले मोहियानी हक प्राप्त हुन सक्ने होइन। गुठी संस्थान ऐन, २०३३ को दफा २६ र २७ ले राजगुठीको जग्गामा दर्तावाला मोहीको सम्पूर्ण हक समाप्त भइसकेको छ। यी विपक्षी हिरामान महर्जनको भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) बमोजिमको कानूनबमोजिमको हकवाला होइन । भूमिसम्बन्धी ऐन, २०२१ को चौथो संशोधनपश्चात कुनै पनि जग्गामा नयाँ मोही कायम गर्न मिल्दैन । कि.नं. ९० को जग्गामा विपक्षी मोही कायम हुन सक्ने हो वा होइन सो कित्ता जग्गाका सम्बन्धमा सीमित रही प्रमाण बुझी निर्णय गर्नुपर्नेमा असान्दर्भिक कि.नं.९२ को जग्गाको आधार लिई भूमिसुधार कार्यालयबाट भएको फैसलामा मुलुकी ऐन, अ.बं. १८४ क र प्रमाण ऐन, २०३१ को दफा ५४ को गम्भीर त्रुटि तथा सर्वोच्च अदालतबाट निवेदक गोपालदास श्रेष्ठ विपक्षी गुठी तहसिल कार्यालयसमेत भएको मुद्दामा प्रतिपादित कानूनी सिद्धान्तविपरीत हुँदा सो फैसला बदर गरी गुठी संस्थान सञ्चालक समितिको मिति २०५६।४।१४ को निर्णयबमोजिम हुने गरी हक इन्साफ न्याय दिलाई पाउँ भन्नेसमेत बेहोराको मिति २०६७।४।२५ मा प्रतिवादी गुठी संस्थान केन्द्रीय कार्यालयको तर्फबाट पुनरावेदन अदालत पाटनमा पर्न आएको पुनरावेदन पत्र।

निवेदक गोपालदास श्रेष्ठ विपक्षी गुठी संस्थान तहसिल कार्यालयसमेत भएको २०५७ सालको रि.पु.इ.नं. १३६ मिति २०५८।६।२५ को सर्वोच्च अदालत पूर्ण इजलासद्वारा प्रतिपादित सिद्धान्तको आधारमा भूमिसुधार कार्यालय ललितपुरको मिति २०६७।२।३१ को सुरू फैसला फरक पर्न सक्ने देखिँदा अ.बं.२०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम विपक्षी झिकाई हाजिर भएपछि वा म्याद भुक्तान भएपछि नियमानुसार गरी पेस गर्नु भन्ने पुनरावेदन अदालत पाटनबाट मिति २०६७।६।१७ मा भएको आदेश।

गुठीको जग्गा दर्तावाला मोहीले पनि जग्गा जोतभोग गर्न सक्ने र जोतभोग गरेको अवस्थामा जोताहा मोही हक प्राप्त गर्न सक्ने भनी प्रतिपादित उक्त नजिरबाट पनि विवादित कि.नं.९० को दर्तावाला मोहीतर्फबाट नै जोतभोग भइरहेको हुँदा खास जोताहा किसान प्रत्यर्थी वादीले मोही हक प्राप्त गर्न सक्ने नै देखिन आउँछ । उपर्युक्त विवेचना गरिएका आधार प्रमाणहरूबाट कि.नं.९० को जग्गामा जोतभोग गर्न छाड्ने जोताहा मोही हेरामानको नाम कट्टा हुने र खास जोतभोग गर्ने दर्तावाला मोही तिर्थकुमारीको मृत्युपछि हकवाला छोरा विपक्षी बलराम भन्ने विक्रमकुमार के.सी. को नाउँमा जोताहा मोही हक नामसारी हुने नै देखियो। अतः जिल्ला ललितपुर गा.वि.स. धापाखेल वडा नं.१ (क) कि.नं. ९० को जग्गामा साबिक जोताहा हिरामान महर्जनको जोत कट्टा गरी तिर्थकुमारीको मृत्युपछि जोतभोग गर्ने निजका छोरा बलराम भन्ने विक्रमकुमार के.सी.का नाउँमा जोताहा (मोहीयानी हक) कायम नामसारी हुने ठहराएको भूमिसुधार कार्यालय ललितपुरको मिति २०६७।२।३१ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्ने पुनरावेदन अदालत पाटनको मिति २०६७।९।४ को फैसला।

प्रस्तुत मुद्दा फैसला गर्दा सरोकार नै नभएको कि.नं. ९२ को जग्गाको सम्बन्धमा भएको निर्णयलाई आधार लिइएको छ। उक्त कि.नं. ९२ को जग्गा प्रस्तुत

मुद्दामा विवादमा आएको कि.नं. ९० को जग्गाको तथ्य र विषयवस्तु फरक फरक छ । यसरी यी दुवै कित्ता जग्गाको तथ्य एवं विषयवस्तु फरक फरक भएको कारण यस संस्थानबाट दुवै कित्ता जग्गामा फरक फरक किसिमले निर्णय भएको हो । समान किसिमको अवस्थामा फरक फरक निर्णय भएको होइन । यसरी कि.नं. ९२ को जग्गाको तथ्यसँग प्रस्तुत मुद्दाको तथ्य बिल्कुलै नमिल्ने भएकोले उक्त कि.नं. ९२ को जग्गाको हकमा भएको निर्णय प्रस्तुत मुद्दामा प्रमाणमा लगाउन मिल्ने त अवश्यै छैन । प्रस्तुत जग्गामा विपक्षी मोही कायम हुन सक्ने हो वा होइन भन्ने सम्बन्धमा सो कित्तामै सीमित रही प्रमाण बुझी निर्णय गर्नुपर्नेमा प्रमाणमा ग्रहण गर्ने नमिल्ने उक्त कि.नं.९२ को निर्णयलाई प्रमाणमा ग्रहण गरी भएको फैसला प्रस्ट नै त्रुटिपूर्ण छ । कारबाहीको प्रक्रियाको सिलसिलामा २१ दिने सार्वजनिक सूचना प्रकाशित गरेकै कारणले मात्र संस्थानले मोही स्वीकार गरेको सम्झन पनि मिल्दैन । सो २१ दिने सार्वजनिक सूचनाको म्यादभित्र कसैको दाबी नपरेकै आधारमा मात्र विपक्षी उक्त जग्गाको मोही कायम हुन सक्ने पनि होइन । जोताहाले जोत भोग नगरेको कारणले जोताहा मोही हक स्वतः दर्तावालामा सर्न जान सक्ने पनि होइन । गा.वि.स. को सिफारिस गराई रहनु पर्ने कानूनी अनिवार्यता पनि छैन । यी यावत् कुरातर्फ हेर्दै नहेरी गुठी संस्थान ऐन, २०३३ को दफा २६ र २७ को गलत एवं त्रुटिपूर्ण अर्थ लगाई जोताहा मोही कायम हुनै नसक्ने विपक्षीलाई जोताहा मोही कायम गर्ने गरी भएको फैसला प्रत्यक्ष नै त्रुटिपूर्ण छ । अतः उपर्युक्त उल्लेख गरेबमोजिम कानूनतः सबै हक अधिकार समाप्त भइसकेको जोताहा मोही हकप्राप्त गर्नै नसक्ने विपक्षी दर्तावालाको नाउँमा विना आधार प्रमाण कानून प्रतिकूल जोताहा मोही कायम नामसारी हुने ठहऱ्याई यस गुठी संस्थानलाई हराई भएको सुरू भूमिसुधार कार्यालय ललितपुरको त्रुटिपूर्ण फैसलालाई नै सदर गर्ने गरी भएको पुनरावेदन अदालत पाटनको फैसला प्रत्यक्ष नै त्रुटिपूर्ण रहेकोले मुद्दा दोहोऱ्याई म निवेदकको प्रतिउत्तर जिकिरबमोजिम हक इन्साफ गरिपाउँ भन्ने बेहोराको यस अदालतमा पर्न आएको पुनरावेदन पत्र ।

यसमा विवादित जग्गाको दर्तावाला मोही तीर्थकुमारी र जोताहा मोही हेरामान महर्जन रहेको विवाद देखिएन । गुठी संस्थान ऐन, २०३३ को दफा २६(१) ले दर्तावाल मोहीको हक समाप्त गरेको पाइन्छ । कानूनले नै हक समाप्त गरिसकेको स्थितिमा अन्य व्यवहारलाई उल्लेख गर्दै दर्तावाल मोहीका छोरा बलराम भन्ने विक्रमकुमार के.सी. लाई विवादित कि.नं. ९० को मोही कायमसमेत गरेको पुनरावेदन अदालतको निर्णय सर्वोच्च अदालतबाट यसै विवादमा २०६५।१०।१९ मा भएको निर्णयसमेत प्रतिकूल पाइँदा पुनरावेदन अदालत पाटनको २०६७।९।४ को निर्णयमा गुठी संस्थान ऐन, २०३३ को दफा २६(१) अ.बं.१८४क, १८५ र प्रमाण ऐन, २०३१ को दफा ३ र ५४ तथा निवेदक गोपालदास श्रेष्ठ प्रत्यर्थी काठमाडौं गुठी तहसिल कार्यालयसमेत भएको संवत् २०५७ सालको रि.पु.इ.नं. १३६ को उत्प्रेषण मुद्दामा मिति २०५८।६।२६ मा प्रतिपादित नजिरसमेतको त्रुटि देखिएबाट न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१)(क) र (ख) बमोजिम दोहोऱ्याउने निस्सा प्रदान गरिएको छ । कानूनबमोजिम गर्नु भन्ने यस अदालतको मिति २०६८।४।११ को आदेश ।

यसमा यस अदालतबाट मिति २०६८।४।११ मा मुद्दा दोहोऱ्याउने निस्सा प्रदान गर्ने आदेशमा उल्लेख भएको यस अदालतको मिति २०६५।१०।१९ को फैसलासहितको मिसिल साथै राखी नियमबमोजिम पेस गर्नु भन्ने यस अदालतको मिति २०६९।७।२६ को आदेश ।

यसमा यस अदालतको मिति २०६५।४।११ को आदेशमा उल्लिखित निवेदक गोपालदास श्रेष्ठ विरूद्ध काठमाडौं गुठी तहसिल कार्यालयसमेत भएको

संवत् २०५७ सालको रि.पु.ई.नं. १३६ को उत्प्रेषण मुद्दामा यस अदालतबाट मिति २०५८।६।२६ मा भएको निर्णयसहितको मिसिल साथै राखी नियमानुसार गरी पेस गर्नु भन्ने यस अदालतको मिति २०६९।१२।२ को आदेश।

यसमा गुठी संस्थानको मिति २०५६।४।१४ मा निर्णय हुँदा खडा भएको सक्कल मिसिल झिकाई आएपछि नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७१।७।२५ को आदेश।

यसमा गुठी संस्थान केन्द्रीय कार्यालयलाई पेसीको सूचना दिएको नदेखिँदा पेसीको सूचना दिई नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७३।८।८ को आदेश।

यसमा ललितपुर जिल्ला धापाखेल गा.वि.स. वडा नं. १क कि.नं. ९० को लगतको प्रमाणित प्रतिलिपि गुठी संस्थान शाखा कार्यालय भद्रकालीबाट र साबिक जोताहा गोपीलाल महर्जनलाई खारेज गरी धनविक्रम के.सी. को नाममा जोत कायम गर्ने गरी गुठी संस्थान तहसिल शाखा कार्यालय ललितपुरबाट मिति २०५०।३।२९ मा भएको निर्णयसहितको मिसिलसमेत उक्त कार्यालयबाट प्रमाणका लागि झिकाई नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७३।११।२ को आदेश।

यसमा दुवै पक्षका कानून व्यवसायीहरूबाट बहसनोट माग गरी नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७४।३।२५ को आदेश।

ठहर खण्ड

नियमबमोजिम आजको दैनिक पेसी सूचीमा चढी निर्णय सुनाउनका लागि यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीतर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री सानुबाबु पोखरेलले गुठी संस्थान ऐन, २०३३ को उद्देश्यसहितका समग्र कानूनी प्रावधान अध्ययन गर्दा भूमिको वास्तविक जोतभोग गर्ने जोताहालाई मोहियानी हक प्रदान गर भनी भूमिसुधार कार्यालय र गुठी जग्गाको संरक्षण गर्ने हक अधिकारप्राप्त पुनरावेदक गुठी संस्थानलाई निर्देशित गरेको पाइन्छ । उक्त ऐनले वास्तविक जोताहाले जोतभोग नगरी साबिकदेखि नै दर्तावाला मोहीले जोतभोग गरेको अवस्थामा दर्तावाला मोही भएकै कारण निज जोताहा मोही कायम हुन सक्दैन भनी कानूनी बन्देज लगाएको छैन। गुठी संस्थान ऐन, २०३३ को दफा २६ मा प्रयुक्त कानूनी व्यवस्थाको अवलम्बन गर्दा ऐ. ऐनको दफा २७ लाई पनि मनन् गर्नुपर्छ । पुनरावेदक गुठी संस्थानले गरेको सर्जमिन मुचुल्का र जोतभोग सम्बन्धमा यकिन सिफारिस गर्ने अधिकारप्राप्त तत्कालीन धापाखेल गा.वि.स.को कार्यालयबाट गरिएको पत्राचारबाट २०२३ सालदेखि नै वादीले दाबीको जग्गामा जोतभोग गरेको प्रमाणित भएको छ। एकै परिवारभित्रको यस्तै प्रकृतिको कि.नं. ९२ को हकमा प्रमाण बुझी जोताहा मोहीमा दर्तावाला मोहीलाई कायम पुनरावेदकले नै गरेको अवस्था छ । वादीका हकमा भने गुठी संस्थान ऐन, २०३३ को दफा २६ को शाब्दिक व्याख्या गरी जोताहा मोही अस्वीकार गरेको गुठी सस्थानको निर्णय आफैँमा विरोधाभाषपूर्ण छ। अतः वर्तमान प्रचलित ऐनको भावनाबमोजिम गुठी अधीनस्थ जग्गामा प्रमाणको मूल्याङ्कन गरी कानून तथा नजिरको आधारमा वादीको नाममा जोताहा मोही नामसारी हुने गरी भएको सुरू भूमिसुधार कार्यालयको फैसला र सोलाई सदर गरेको पुनरावेदन अदालत पाटनको फैसला मिलेको हुँदा उल्टी गर्नुपर्ने अवस्था छैन भन्ने र पुनरावेदक प्रतिवादी गुठी संस्थानको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री ज्ञानेन्द्रप्रसाद पोखरेलले विवादित कि.नं.९० को जग्गामा विपक्षी मोही कायम हुन सक्ने हो होइन ? सो सम्बन्धमा निर्णय गर्नुपर्नेमा कि.नं.९२ को आधार लिई भूमिसुधार कार्यालयबाट भएको फैसला त्रुटिपूर्ण हुँदा बदर हुनुपर्दछ भन्नेसमेत बेहोराको प्रस्तुत गर्नुभएको बहस

जिकिरसमेत सुनियो ।

यसमा ललितपुर जिल्ला धापाखेल गा.वि.स. वडा नं. १(क) कि.नं. ९० को जग्गा मोहीले खनजोत गर्न छाडी जग्गा उकास हुन आएकोले गुठी संस्थान ऐन, २०३३ को दफा २६ बमोजिम दर्तावालालाई क्षतिपूर्ति दिई सम्बन्धित देवस्थलको नाउँमा मोही महल खाली राखी गुठी तैनाथीमा जग्गा दर्ता गर्न लेखी पठाउने भनी मिति २०५६।४।१४ मा गुठी संस्थान केन्द्रीय कार्यालयबाट निर्णय भएको पाइयो । सो निर्णय बदर गरी मोही हक कायम गरिपाउँ भनी वादी बलराम भन्ने विक्रम कुमार के.सी.ले काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरेकोमा काठमाडौं जिल्ला अदालतबाट गुठी संस्थानको मिति २०५६।४।१४ को निर्णय बदर भई कि.नं. ९० को जग्गाको मोही महलमा हेरामान महर्जनको नाम कट्टा गरी वादीको नाम राखी पुर्जा तयार गरी दिनुपर्ने ठहरी मिति २०५८।११।२३ मा फैसला भएको देखियो । सो काठमाडौं जिल्ला अदालतको फैसला सदर हुने ठहरी पुनरावेदन अदालत पाटनबाट मिति २०५९।७।२८ मा फैसला भएको देखिन्छ । तत्पश्चात् यस अदालतबाट गुठी अधिनस्थ जग्गाको मोहीसम्बन्धी विवादका विषयमा निरूपण गर्ने अधिकार, अदालत एवं गुठी संस्थानलाई नभई भूमिसम्बन्धी ऐन, २०२१ बमोजिम भूमि सुधार अधिकारीलाई मात्र रहे भएको हुँदा क्षेत्राधिकारभन्दा बाहिर गई भएको पुनरावेदन अदालत पाटनसमेतको फैसलासमेत बदर भई भूमि सुधार कार्यालयमा मिसिल पठाई दिने गरी मिति २०६५।१०।१९ मा फैसला भएको पाइयो । यस अदालतबाट उक्त आदेश भएपछि कि.नं. ९० को जग्गामा मोही कायम गरिपाउँ भनी वादीले भूमि सुधार कार्यालय, ललितपुरमा ०६६।६।२ मा निवेदन दिई कारबाही प्रारम्भ भई कि.नं.९० को साबिक जोताहा हिरामान महर्जनको जोत कट्टा गरी तिर्थकुमारीको मृत्युपछि जोतभोग गर्ने निजका छोरा वादी बलराम भन्ने विक्रमकुमार के.सी.को नाउँमा जोताहा मोही कायम हुने ठहराई भूमिसुधार कार्यालय ललितपुरबाट मिति २०६७।२।३१ मा फैसला भएको देखिन आएको छ । सो फैसला चित्त बुझेन भनी प्रतिवादी गुठी संस्थानका तर्फबाट पुनरावेदन अदालत पाटनमा पुनरावेदन परेकोमा सुरु कार्यालयको फैसला सदर हुने ठहरी मिति २०६७।९।४ मा फैसला भएको देखियो । उक्त फैसलाउपर प्रतिवादी गुठी संस्थानका तर्फबाट यस अदालतमा मुद्दा दोहोर्‍याई हेरिपाउँ भनी परेको निवेदनमा गुठी संस्थान ऐन, २०३३ को दफा २६ र यस अदालतबाट निवेदक गोपालदास श्रेष्ठ प्रत्यर्थी काठमाडौं गुठी तहसिल कार्यालयसमेत भएको संवत् २०५७ सालको रि.पु.इ.नं. १३६ को उत्प्रेषण मुद्दामा मिति २०५८।६।२६ मा प्रतिपादित नजिरसमेतको त्रुटि भएको भन्ने आधारमा निस्सा प्रदान भई पुनरावेदनमा दर्ता भएको देखिन आयो ।

पक्ष विपक्षतर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ताहरूको उपर्युक्त बहस बुँदा र प्रत्यर्थी वादी र पुनरावेदक प्रतिवादीको निवेदन एवं पुनरावेदन जिकिरलाई समेत दृष्टिगत गरी पुनरावेदन अदालत पाटनबाट भएको फैसला मिलेको छ वा छैन र पुनरावेदन जिकिरबमोजिम हुने हो वा होइन भन्ने सम्बन्धमा निर्णय गर्नुपर्ने देखिन आयो ।

२. निर्णयतर्फ विचार गर्दा कि.नं. ९० को जग्गाको जग्गाधनीमा गुठी संस्थान अधिनस्थ गुठी भएको भन्ने कुरामा विवाद देखिँदैन । सो कि.नं. ९० को दर्तावाला मोहीमा तिर्थकुमारी र जोताहा मोहीमा हेरामान महर्जन भन्ने तथ्यमा पनि विवाद देखिएन । सो जग्गाका जोताहा मोही हेरामानले उक्त कि.नं. ९० मोही भई कमाई आएकोमा वृद्ध अवस्था र मेरो सन्तान परिवारसमेत कोही नभएको समयमा बाली लगाउन नसकी बाँझै रहने भएकोले जग्गाधनी तिर्थकुमारी खत्रीनी क्षेत्रीनीको नाउँमा जोतपोत कायम गरी खानु भनी जोताहा लगत कट्टा गरिपाउँ भनी मिति २०३६।१।१० मा तत्कालीन धापाखेल आदर्श गाउँ

पञ्चायत कार्यालय ललितपुरमा द.नं.१०३ मा निवेदन दर्ता गराएको र सो गा.वि.स.को च.नं. ३५६ मिति २०३६।१।१२ बाट जोताहा लगत कट्टा गरिदिनेबारे भनी तत्कालीन भूमि प्रशासन कार्यालय ललितपुरमा कि.नं. ९० को जग्गाको जोताहा हेरामान महर्जनको नाउँबाट खारेज गरी तिर्थकुमारीको नाउँमा जोतपोत दुवै कायम गरी दिन सिफारिससाथ पठाएको पत्रको फोटोकपीहरू मिसिल संलग्न रहेको पाइन्छ । वादी दाबीको यस तथ्यलाई आत्मसात् गरी पुनरावेदक गुठी संस्थानले कि.नं.९० को जग्गामा मोही कायम गरिपाउँ भनी दिएको निवेदनको कारबाही अगाडि बढाउने क्रममा २१ दिने हक दाबीको सूचना मिति २०५०।५।२८ को गोरखापत्रमा प्रकाशित गरेको देखिन्छ ।

३. तत्कालीन गा.वि.स.को कार्यालय धापाखेल ललितपुरले प.सं. ०४७।४८ मिति २०४७।१०।८ मा भुमिसुधार कार्यालय ललितपुरलाई सिफारिस गरेको पत्रमा कि.नं. ९० जग्गाको जोताहा मोही हेरामान महर्जन मिति २०४५।११।२३ गते र दर्तावाला मोही आमा तिर्थकुमारीको मिति २०४१।५।२१ मा कालगतिले परलोक भएबाट जोताहा हेरामानको हकदार श्रीमती छोरासमेत कोही नभएको हुँदा हामीहरूले नै भोगचलन खनजोत गरी आएको हेरामान महर्जनको नाम जोताहा लगतबाट कट्टा गरी पाउन सिफारिस पाउँ भनी उल्लेख गरेको र मृतक हेरामान महर्जनले मिति २०३६।१।१० मा यस गा.वि.स.मा छोडपत्र गर्नको लागि मन्जुरीनामा कागजसमेत गरेको भेटिएकोले निवेदनको बेहोरा मनासिब देखिएकोले आवश्यक कारबाहीको लागि सिफारिससाथ अनुरोध गर्दछु भन्ने उल्लेख भएको प्रमाण मिसिल संलग्न सो पत्रको फोटोकपीबाट देखिन आएको छ ।

४. कि.नं. ९० को जग्गाको जोतभोगको सम्बन्धमा पुनरावेदक गुठी संस्थानबाट मिति २०५२।१०।१४ मा सर्जमिन मुचुल्का गर्दा उक्त *जग्गा नापीको समयमा जोताहा मोही हेरामान महर्जन लेखिए तापनि ०२३ सालदेखि नै बलराम भन्ने विक्रम के.सी ले जोती आएको* देखिएको भनी प्रमाणमा साथै रहेको प्रतिवादी गुठी संस्थानबाट प्राप्त मिसिल संलग्न टिप्पणीबाट देखिन आउँछ । प्रतिवादी गुठी संस्थान केन्द्रीय कार्यलयबाट विवादको यही कि.नं. ९० वादीको नाममा मोही कायम नहुने भनी मिति २०५६।४।१४ मा गरेको निर्णयउपर वादीको काठमाडौं जिल्ला अदालतमा निर्णय बदर गरी मोही हक कायम गरिपाउँ भन्ने दर्ता भएको मुद्दाको प्रमाण बुझ्ने सिलसिलामा काठमाडौं जिल्ला अदालतबाट मिति २०५०।८।१५ मा भएको सर्जमिनबाट कि.नं. ९० को जग्गाको जोतभोग वादीबाट भएको भन्ने तथ्यहरू खुल्न आएको पाइन्छ । त्यस्तै यस अदालतबाट मोही तेरोमेरोको विवाद किनारा लगाउने क्षेत्राधिकार प्रतिवादी गुठी संस्थान र जिल्ला अदालतको नभई भूमि सुधार अधिकारीको भनी मिसिलसमेत सुरू भूमि सुधार कार्यालयमा पठाउने निर्णय भएपश्चात् प्रमाण बुझ्ने क्रममा भूमिसुधार कार्यालय ललितपुरबाट भएको मिति २०६७।२।२४ को सर्जमिनमा सो कि.नं. ९० को जग्गाका सँधियारहरू समेतले कि.नं.९० को जग्गा मोही हेरामानले ०३६ सालदेखि जोतभोत गर्न छाडेदेखि निरन्तर रूपमा विपक्षी वादीहरूले जोतभोग गरी आएका छन् भनी लेखाई दिएको पाइन्छ । यसरी २०३६ सालदेखि विवादको जग्गा कसको भोगमा छ भन्ने सम्बन्धमा विभिन्न कार्यालयहरूबाट भएका विभिन्न मितिका सर्जमिनबाट २०२३ सालदेखि नै जोताहा मोही हेरामानले जोतभोग गर्न छोडी वादीकी स्व. आमा तीर्थकुमारी र वादीसमेतले खनजोत गरेको भन्ने नै देखिन आउँछ । जोताहा मोहीले जोतभोग गर्न छोडेको मितिपश्चात् उक्त कि.नं. ९० को जग्गामा पुनरावेदक गुठी संस्थान आफैँले जोतभोग गरेको वा विपक्षी वादी बाहेक अन्य व्यक्तिले जोतभोग गरेको भन्ने कुनै प्रमाण पेस हुन सकेको छैन । साथै जोताहा

मोही हेरामानले कि.नं. ९० को जग्गामा साबिकमा जनिएको जोतपोतको लगत कट्टा गरिपाउँ भनी दिएको निवेदनलगायत गा.वि.स.को सिफारिस अन्यथा हो भनी पुनरावेदकसमेत कसैको उजुर पर्न आएको पनि देखिँदैन । उपर्युक्त मिसिल संलग्न तथ्यबाट वस्तुगतरूपमा कि.नं. ९० को जग्गाको जोताहा मोही हेरामानले जोतभोग गर्न छाडी दर्तावाला मोही तिर्थकुमारीका हकदार यी विपक्षी वादीले नै जोतभोग गरी आइरहेको भन्ने पुष्टि हुन आएको पाइन्छ ।

५. गुठीको जग्गा दर्तावाला मोहीले जोतभोग गरेको अवस्थामा मोही हक दर्तावाला मोहीले पाउन सक्ने नसक्ने भन्ने सन्दर्भमा विचार गर्दा, गुठी संस्थान ऐन, २०३३ को प्रस्तावनामा *राजगुठीलाई नेपाल सरकारको अधीनबाट झिकी एक संस्थाको जिम्मा सुम्पी राजगुठीहरूलाई सुव्यवस्थित रूपले सञ्चालन गराउन गुठी संस्थानको स्थापना भएकोमा, विभिन्न वर्गका जनताका बीच सुसम्बन्ध कायम राख्ने र सर्वसाधारण जनताको आर्थिक हित र नैतिकता कायम राख्ने उद्देश्यले गुठी संस्थानसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गरी बढी प्रभावकारी र सामयिक व्यवस्था गर्ने* रहेको भन्ने उल्लेख भएको देखियो । उक्त प्रस्तावनामा उल्लिखित *सर्वसाधारण जनताको आर्थिक हित र नैतिकता कायम राख्ने* भन्ने शब्दहरूले जसले वास्तविकरूपमा जग्गाको जोतभोग गर्दछ उसैले मोहियानी हक पाई निजको आर्थिक समुन्नति हुनुपर्दछ भन्ने नै हो । सपठित ऐनको दफा २६ मा *गुठी अधीनस्थ जग्गामा दर्तावाला मोहीको सबै हक अधिकार समाप्त भई त्यस्तो जग्गामा संस्थानको पूर्ण स्वामित्व कायम हुनेछ र त्यस्तो जग्गामा खास जोताहा किसानले प्रचलित कानूनबमोजिम मोहियानी हक पाउने छ र दर्तावाला मोहीले जोताहा मोहीबाट क्षतिपूर्ति पाउनेस*मेतको कानूनी व्यवस्था रहेको पाइन्छ । यस कानूनी व्यवस्थाले जग्गामा जोताहा मोहीले श्रम गर्ने गुठी संस्थान र जोताहाका बीचमा बसी विना श्रम दर्तावाला मोहीले लिने फाइदालाई पूर्णतः रोक लगाएको देखिन आउँछ । उक्त कानूनी व्यवस्थालाई जोताहा मोहीले नजोती दर्तावालाले नै जोतभोग गरेको अवस्थामा स्रेस्तामा दर्तावाला मोही जनिएकै कारणले निज मोही हुनबाट अयोग्य हुन्छ भनी अर्थ गर्दा वास्तविक रूपमा जोतभोग गर्ने किसानलाई मर्का पर्न जान्छ । यसै कारणले होला न्यायको मार्ग प्रसस्त गर्नको लागि कानूनको व्याख्या गर्दा प्रस्तावनाको सहारा लिने गरिन्छ । यसलाई विधिशास्त्रीय भाषामा कानूनको सुनौलो व्याख्या भनी नामाकरण पनि गरिएको पाइन्छ । न्यायका लागि प्रजातान्त्रिक मुलुकका अदालतहरूले फैसला गर्दा यस विधिशास्त्रीय मान्यतालाई अवलम्बन गर्ने गरेको पाइन्छ । प्रस्तुत विवादमा ऐनको दफा २६ को व्याख्या गर्दा दफा २७ लाई पनि मध्यनजर राखी हेरिनु गरिनु पर्दछ । दफा २७ मा *गुठी जग्गामा खास जोताहा किसानले प्रचलित कानूनबमोजिम मोहियानी हक पाउनेछ* भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ ।

६. उक्त दफा २७ को उद्देश्य र प्रयोजन गुठी जग्गामा खास जोतभोग गर्ने खास जोताहा किसानले मोहीयानी हक प्राप्त गरोस् भन्ने हो । विवादित कि.नं. ९० को जग्गामा लामो समयदेखि जोताहा मोहीले जोतभोग गर्न छाडी दर्तावाला मोही विपक्षी वादीतर्फबाट जोतभोग भइरहेको र जोताहा मोहीले सो तथ्य स्वीकार गरी दाबी विरोध गर्न नआएको हुँदा सो कि.नं. ९० को जग्गाको खास जोताहा, दर्तावाला मोही विपक्षी वादी रहेको मिसिल संलग्न संकलित तथ्यबाट पुष्टि भएको छ । प्रस्तुत विवादमा विपक्षी वादी दर्तावाला मोहीको हैसियत रहे पनि सोको साथै निज जग्गा जोतभोग गर्ने खास जोताहा किसान भएको आधार देखाई मोहियानी हकको दाबी गर्न आएको पाइन्छ । दर्तावाला मोहीले वास्तविक रूपमा जोतभोग पनि नगरेको साथै जोताहा मोहीले गुठी अधिनस्थको जग्गा जोत्न छाडी मोही हक दर्तावाला मोहीलाई लिखित सम्झौतामार्फत

समर्पणसमेत नगरेको अवस्थामा गुठी संस्थान ऐन, २०३३ को दफा २६ को व्यवस्थाबमोजिम त्यस्तो जग्गामा मात्र दर्तावाला मोहीको मोही हक स्थापित हुन्छ भन्न मिल्दैन। दर्तावाला मोहीले वास्तविकरूपमै गुठी अधिनस्थ जग्गाको जोतभोग पनि गरिरहेको र साथै जोताहा मोहीले गुठी अधिनस्थको जग्गा जोत्न छाडी मोही हक दर्तावाला मोहीलाई लिखितरूपमै समर्पण गरेको अवस्थामा गुठी संस्थान ऐन, २०३३ को दफा २६ बमोजिम दर्तावाला मोहीको मोही हक स्थापित हुँदैन भनी ऐ. दफा २६ को व्यवस्थालाई शाब्दिक व्याख्याका आधारमा संकुचन गरिए वास्तविक न्यायको मर्मविपरीत हुन जान्छ।

७. गुठी संस्थान ऐनले किसानको संरक्षण र रक्षा गर्न सकोस् भन्ने पवित्र उद्देश्यले पुनरावेदक गुठी संस्थानलाई स्वतन्त्र अस्तित्व भएको संस्थागत हैसियत प्रदान गरेको हो । विधायिकी भावना र उद्देश्यको पालना गर्नु कानून कार्यान्वयन गर्ने पुनरावेदकसमेत सबैको दायित्व हुन्छ । तर प्रस्तुत विवादमा एकै समयमा *विपक्षी वादीका आमा दर्तावाला मोही तिर्थकुमारीको नाउँमा रहेको कि.नं.९२ को जग्गाको जोताहा मोही गोपीलाल महर्जनले जोतभोग नगरी यिनै वादीका दाई धन विक्रम के.सी. नै मोही भनी ०४९।८।२५ को सर्जमिनबाट प्रमाणित भएको* र *सिफारिससमेत प्राप्त भएकोले गुठी संस्थान कार्य व्यवस्था विनियमको दफा १२ अनुसार खास जोताहा मोहीलाई नै गुठी अधिनस्थ जग्गाको मोही कायम गर्ने निर्णय भएअनुसार जोताहा मोहीमा धन विक्रम के.सी. र जग्गाधनीमा जंग हिरण्य हेम नारायण गुठी कायम गरी बाँकी बाली असुल गरी जग्गाधनी प्रमाण पुर्जाको लागि मा.पो.का. ललितपुरमा पठाइदिने* भनी निज धन विक्रम के.सी.लाई जोताहा मोही कायम गर्ने गरी मिति २०५०।३।२९ मा गुठी तहसिल तथा खर्च कार्यालयबाट निर्णय भएको गुठी संस्थान शाखा कार्यालय ललितपुरबाट प्राप्त प्रमाण मिसिलबाट देखिन आउँछ । पुनरावेदक संस्थानले समान तथ्य छैन भनी पुनरावेदनमा जिकिर लिए पनि प्रमाणमा आएका गुठी संस्थानका कारबाही फाइल संलग्न टिप्पणी आदेशहरूबाट प्रस्तुत विवाद र कि.नं.९२ नं. को विवादमा कुनै तात्विक एवं सारभूत भिन्नता रहेको पाइँदैन । यसवाट पुनरावेदक गुठी संस्थान वास्तविक जोताहा किसान वादीको हकमा ऐनको भावनाअनुरूप अगाडि नबढेको भन्ने नै देखिन आयो । यसरी समान तथ्य रहेको कि.नं.९० को दाबीको जग्गामा दर्तावाला मोही खास जोताहा मोही हुन नसक्ने भन्ने पुनरावेदन जिकिर न्यायसङ्गत देखिँदैन।

८. गुठी संस्थानले जोताहा मोहीले नियमित सालैपिच्छे कुतबाली नबुझाएको अवस्थामा कानूनबमोजिम जहिले पनि असुलउपर गर्न सक्ने नै हुन्छ। कुतबाली नबुझाएको आधार देखाई वादीलाई मोही स्वीकार गर्न इन्कार गरेको स्थिति पनि प्रस्तुत विवादमा छैन। यस्तै तथ्य भएको दर्तावाला मोहीले जोतभोग गरेको अवस्थामा दर्तावाला मोहीलाई जोताहा (मोही हक) कायम हुन ठहराएको भूमिसुधार कार्यालय ललितपुरको मिति २०५४।५।२२ को निर्णय सदर हुने ठहराई यस अदालतबाट इन्द्रकुमारी मरी मु.स. गर्ने धर्मबहादुर शाक्य विरूद्ध दलबहादुर रिजाल भएको ०६४-NF-०००४ र ०६५-NF-००१० को मोही तेरोमेरो मुद्दामा पूर्ण इजलासबाट मिति २०६५।११।२२ मा फैसला भएको पुनरावेदन संलग्न सो फैसलाको प्रतिलिपिबाट देखिँदा उक्त फैसलासमेतका आधारमा पुनरावेदन अदालतबाट भएको निर्णयमा त्रुटि रहेको देखिन आएन।

९. उपर्युक्त तथ्य र कानूनको विवेचनापश्चात् अब यस अदालतको पूर्वप्रत्यर्थी झिकाउने आदेशमा आधार ग्रहण गरिएको गोपालदास श्रेष्ठ विरूद्ध प्रत्यर्थी काठमाडौं गुठी तहसिल कार्यालयसमेत भएको संवत् २०५७ सालको रि.पु.इ.नं. १३६ को उत्प्रेषण मुद्दामा यस अदालतबाट मिति २०५८।६।२५ मा

प्रतिपादित नजिर प्रस्तुत विवादमा आकर्षित हुने नहुने के हो सोतर्फ विचार गर्दा उक्त मुद्दाका निवेदक दर्तावाला मोही र विपक्षीहरू भाइलाल डंगोलसमेत जोताहा मोहीका हकदारहरू रहेको देखिन्छ । उक्त मुद्दामा जग्गाको जोतभोगमा दर्तावाला मोही र जोताहा मोहीबीच विवाद भएको स्थिति छ । प्रस्तुत मुद्दामा जोताहा मोहीले नै दर्तावाला मोहीलाई जोतभोग गर्नु भनी स्थानीय निकायमा मन्जुरीनामा गरिदिएको तथ्यलाई पुनरावेदक गुठी संस्थान स्वयम्ले स्वीकार गरेको अवस्था छ । दर्तावाला मोही स्वयंको जोतभोग रहेकोमा कुनै विवाद छैन । विवादित तथ्य नै फरक रहेको मुद्दामा स्थापित भएको निर्णयाधारलाई अवलम्बन गर्दा न्यायको मार्ग गतिशील र समयसापेक्ष परिस्कृत हुँदै जानुपर्ने विधिशास्त्रीय मान्यताविपरीत हुन जाने हुँदा उक्त मुद्दामा प्रतिपादित सिद्धान्त प्रस्तुत मुद्दामा ग्रहण हुन सक्ने देखिन आएन ।

१०. वस्तुतः गुठी संस्थान ऐन, २०३३ को दफा २६ ले जोतभोग गर्ने वास्तविक मोहीले मोहियानी हक पाउने कानूनी निश्चितता प्रदान गरेको र दर्तावाला मोहीले जग्गाको जोतभोग गरेको अवस्थामा निज सो जग्गाको जोताहा मोहीमा परिणत हुन नसक्ने भनी स्पष्टरूपमा रोक नलगाएको स्थितिमा जग्गामा जसको जोतभोग प्रमाणित भइरहेको हुन्छ त्यही व्यक्ति नै वास्तविक मोही हो भनी मान्न न्यायोचित र कानूनको भावना र मर्मअनुकूल हुन जाने देखिन आयो ।

११. तसर्थ, माथि विवेचित कानूनी र तथ्यगत आधार प्रमाण एवं प्रेषित नजिरको विवेचनासमेतबाट जिल्ला ललितपुर गा.वि.स. धापाखेल वार्ड नं.१(क) कि.नं. ९० को जग्गामा साबिक जोताहा हिरामान महर्जनको जोत कट्टा गरी तिर्थकुमारीको मृत्युपछि जोतभोग गर्ने निजका छोरा वादी बलराम भन्ने विक्रमकुमार के.सी.का नाउँमा जोताहा (मोहियानी हक) कायम नामसारी हुने ठहराएको भूमिसुधार कार्यालय ललितपुरको मिति २०६७।२।३१ को फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत पाटनबाट मिति २०६७।९।४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादी गुठी संस्थानको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या. तेजबहादुर के.सी.

इजलास अधिकृतः कपिलमणि गौतम
इति संवत् २०७५ साल असार २४ गते रोज १ शुभम् ।

निर्णय नं. १००४५

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपकराज जोशी
माननीय न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.
फैसला मिति : २०७४।१।१७
०६८-CR-०१३३

मुद्दाः हातहतियार खरखजाना

पुनरावेदक / वादी : स.प्र. वल वेश कैम्प हनुमाननगर सप्तरीको पत्र जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : भारत विहार राज्य सुपौल जिल्ला ग्राम पञ्चायत वडा नं. १७ मा बस्ने विश्वनाथ मुखियाको छोरा वर्ष २८ को सिताराम मुखियासमेत

- **फौजदारी मुद्दामा कसुरसँग सम्बन्धित बरामदी मुचुल्कालाई महत्त्वपूर्ण प्रमाणको रूपमा लिने गरिन्छ । जुन बरामदी मुचुल्काका प्रतिवादीहरू घटनाका प्रत्यक्षदर्शी हुन् उनीहरूको भनाइले प्रमाण मूल्याङ्कनको रोहमा महत्त्व राख्ने ।**

(प्रकरण नं.८)

- **हातहतियार बरामद भएको अवस्थामा अपराध नमानिने जिकिर लिनको लागि आफूसँग हातहतियार रहनुपर्ने उचित कानूनी आधार देखाउन सक्नुपर्ने ।**

(प्रकरण नं.९)

पुनरावेदक / वादीका तर्फबाट :
प्रत्यर्थी / प्रतिवादीका तर्फबाट :
अवलम्बित नजिर :
सम्बद्ध कानून :

- हातहतियार खरखजाना ऐन, २०१९

सुरू तहमा फैसला गर्ने :
श्री रामप्रसाद घिमिरे
जिल्ला प्रशासन कार्यालय, सप्तरी
पुनरावेदन तहमा फैसला गर्नेः
माननीय न्यायाधीश श्री दीपककुमार कार्की
माननीय न्यायाधीश श्री कुमार चुडाल
पुनरावेदन अदालत राजविराज

फैसला

न्या.दीपकराज जोशी : न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम यस अदालतको अधिकार क्षेत्रभित्र परी दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः-

मिति २०६५।३।२७ गते स.प्र. वल वेस क्याम्प हनुमाननगर सप्तरीको स.प्र.नि. सुमन पोखरेलको कमाण्डमा गएको संयुक्त टोलीले जिल्ला सप्तरी गोवरगाडा २ स्थित कोशी टप्पुमा शंकास्पद तवरले घुमफिर गरी रहेका निम्नानुसार मानिसहरूलाई घेरा हाली पक्राउ गरी शरीर तलासी लिँदा कटुवा पेस्तोल थान ४, ऐ. मा लोड हुने गोली ८ समेत बरामद हुन आएको हुँदा बरामद हुन आएको हतियार तथा गोलीसहित पक्राउ परेका भारत विहार राज्य सुपौल जिल्ला धरहरा ग्राम पञ्चायत १७ बस्ने सिताराम मुखियासमेत ४ जनालाई आवश्यक कारबाहीका लागि बरामदी मुचुल्कासहित यसैसाथ पठाइएको छ भन्नेसमेत बेहोराको सशस्त्र प्रहरी सुरक्षा वेस क्याम्प हनुमाननगर सप्तरीको च.नं. १०७ मिति २०६५।३।२७ गतेको पत्र र बरामदी मुचुल्का ।

मिति २०६५।३।२७ गतेको दिन मसमेत आफ्नो घर भारतबाट नेपाल गोवरगाडा गा.वि.स. तर्फ नाउ लिएर अन्य साथीहरूको साथमा आएको थिएँ । सोही नावमा भारत विहार राज्य सुपौल जिल्लाको वथनाहा ग्राम वडा नं. १९ बस्ने कारीकान्त मेहता र नेपाल जिल्ला सप्तरी रम्पुरा मल्हनिया ३ बस्ने महमद मियाँ २ जना काठ तस्करीका ठेकेदारहरू पनि थिए । हतियार उनीहरूले हामीलाई दिई नावमा राखिएको हो । पछि प्रहरीले गोवरगाडा २ स्थित कोशी टप्पुमा घेरा हालेपछि अन्य भागी गए । हामीहरू हतियारसहित पक्राउमा परी आयौँ भन्नेसमेत बेहोराको मिन्टु मुखियाले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

मिति २०६५।३।२७ गतेको दिन मसमेतका अन्य साथीहरूलाई भारत देश विहार राज्य सुपौल जिल्लाको वथनाहा ग्राम वडा नं. १९ बस्ने कारीकान्त मेहता र नेपाल जिल्ला सप्तरी रम्पुरा मल्हनिया ३ बस्ने महमद मियाँले नेपालका कोशी टप्पुमा काठ आउँछ लिन जाउँ भनी भनेको हुँदा हामीहरू पानीमा सधैँ खेल्ने, नाउ चलाउने, माछा मार्ने काम गर्दै आएका हुँदा

सर्वोच्च अदालत

सो दिन पनि ज्यालाका लागि नाउ लिएर काठ ओसार्न भनी पक्राउ परेका ४ जनासँग आएका हौं । कोशी टप्पुमा आई पुगेपछि हामीहरू यहीँ बस्छौं । तिमीहरू कोही किनारामा गई नाउ रोक भनेका हुँदा हामीले नाउ रोक्यौं । सो नावमा आउने मानिसहरूबीच विवाद हुन थाल्यो । सोही समयमा कारीकान्त मेहता र अन्य मैले नचिनेका मानिसहरूबीच विवाद बढ्न थाल्यो । को कसले पेस्तोल निकाली फायर गरे थाहा भएन । यत्तिकैमा हामीहरूलाई प्रहरीले घेरा हाले । सो थाहा पाई कारीकान्त मेहतालगायत अन्य मानिसहरू भागी गए । हामीहरू नाउ ल्याउने चार जना मात्र पक्राउमा पर्‍यौं । को कसले उक्त स्थानमा कट्टुवा पेस्तोल छाडे थाहा भएन भन्नेसमेत व्यहोराको सिताराम मुखियाले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

मिति २०६५।३।२७ गते मसमेतका अन्य साथीहरूलाई दोब्बर ज्याला दिन्छौं भनी भारत सुपौल वथनाहा ग्राम १९ बस्ने कारीकान्त मेहता र जि.स. रम्पुरा मल्हनिया ३ बस्ने महमद मियाँले कोशी टप्पु गोवरगाडातर्फ नाउ लिएर जाउँ भनी भनेको हुँदा मसमेत आएका हौं । उक्त स्थानमा प्रहरीले घेरा हाली हामी ४ जनालाई पक्राउ गरेको हो । अन्य भागी गए उक्त हतियार गोली गट्ठा प्रहरीले नाउ तथा काठघारीमा बरामद गरेको हो भन्नेसमेत बेहोराको प्र. श्याम मुखियाले अधिकारप्राप्त अधिकारसमक्ष गरेको बयान ।

मिति २०६५।३।२७ गते म पनि नाउ लिएर नेपाल गोवरगाडाको कोशी टप्पुमा आएको थिएँ । उक्त स्थानमा मसमेतलाई प्रहरीले चारतिरबाट घेराहाली पक्राउ गरेको हो । अन्य कारीकान्त मेहतासमेतका व्यक्तिहरू भाग्न सफल भए । उक्त स्थानमा प्रहरीले बन्दुक बरामद गरेका हुन् । उक्त कट्टुवा पेस्तोल र गोली कारीकान्त मेहताले ल्याएका हुन् भन्नेसमेत बेहोराको प्रतिवादी लक्ष्मी मुखियाले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

प्रतिवादी जिल्ला सप्तरी गा.वि.स. रामपुरा मल्हनिया २ बस्ने सहमद मियाँको घर खान तलासी गर्दा अपराधसँग प्रमाण लाग्ने चिजवस्तु केही फेला नपरेको भन्नेसमेत बेहोराको जि.स. रामपुरा मल्हनिया २ बस्ने मोहम्द खजिर मियाँसमेतले गरिदिएको खानतलासी मुचुल्का ।

भारतबाट हतियारसहित नेपाल आएका प्रतिवादीहरू सिताराम मुखियासमेत ४ जनालाई नेपालको जि.सप्तरी गोवरगाडा २ कोशी टापुमा पक्राउ गरी हतियारसमेत बरामद गरी लगे भन्दा सुनी थाहा पाएँ । निजहरू हतियार बोकी हिँड्ने अपराधी प्रवृत्तिका हुनुपर्छ भन्नेसमेत बेहोराको शम्भु मुखियासमेतको व्यक्तिहरूको एकै मिलानको वस्तुस्थिति मुचुल्का ।

प्रतिवादीहरू सिताराम मुखिया, मिन्टु मुखिया, लक्ष्मी मुखिया, श्याम मुखिया, सहमद मियाँलाई हातहतियार खरखजना ऐन, २०१९ (संशोधनसहित २०६४) को दफा ३(२),४(२),५(१) को कसुर गरेको पुष्टि हुन आएकोले निजलाई ऐ. ऐनको दफा २०(२) र २०(३) अनुसार सजाय हुन तथा बरामद हतियार सोही ऐनको दफा १६ बमोजिम जफत गरी पाउनका साथै फरार प्रतिवादी सहमद मियाँको नाममा समाह्वान जारी गरी पाउनका अतिरिक्त अर्को फरार प्रतिवादी कारीकान्त मेहता भारतीय भएकाले नेपाल सरहदभित्र फेला परी पक्राउ परी आएका बखत पुरक दाबी पेस गरिने भन्नेसमेत बेहोराको अभियोग पत्र ।

मबाट कट्टुवा पेस्तोल तथा गोली बरामद भएको होइन । कारीकान्त बन्दुक छाडी भागी गएका हुन् । गोवरगाडा र डलवाको छेउमा माछा मार्ने उद्देश्यले गएको हो । खानतलासी मुचुल्काको सही मेरै हो । अन्य प्रतिवादीको साथमा पनि हतियार थिएन । अभियोग माग दाबीबमोजिम सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको लक्ष्मी मुखियाको बयान ।

उक्त कट्टुवा पेस्तोल मसमेतबाट बरामद भएको होइन । हतियार काठतस्करहरूले छोडी गएका हुन् । खानतलासी मुचुल्काको सही मेरै हो । गोवरगाडा

र डलवाको छेउमा माछा मार्ने उद्देश्यले गएको हो । अभियोग माग दाबीबमोजिम सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको श्याम मुखियाको बयान ।

मिति २०६५।३।२७ गतेका दिन म सीताराम मुखिया, लक्ष्मी मुखिया र श्याम मुखिया गोवरगाडा र डलवाको छेउमा माछा मार्ने उद्देश्यले गएको हो । नदीको पूर्वतर्फ तस्करहरू पनि थिए । सोहीबखत प्रहरी पुगेकाले हतियार छोडी तस्कर भागेका हुन् । खानतलासी मुचुल्काको सही मेरै हो । उक्त कटुवा पेस्तोल मबाट बरामद भएको होइन ।

अभियोग माग दाबीबमोजिम सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको मिन्टु मुखियाको बयान ।

मिति २०६५।३।२७ गतेका दिन म कोशी नदीको किनारमा माछा मार्ने उद्देश्यले गएको हो । नदीको पूर्वतर्फ तस्करहरू पनि थिए । सोहीबखत प्रहरी पुगेकाले हतियार छोडी तस्कर भागेका हुन् । खानतलासी मुचुल्काको सही मेरै हो । अधिकारप्राप्त अधिकारीसमक्षको बयान मैले भनेबमोजिम गरेको होइन । म नाउ चलाई खाने मान्छे हो । अभियोग माग दाबीबमोजिम सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको सिताराम मुखियाको बयान ।

फरार प्रतिवादी सहमद मियाँका नामको म्याद २०६५।८।८ गते तामेल भई निजले म्याद गुजारी बसेको रहेछ ।

प्रतिवादीका साक्षीहरूको बकपत्र मिसिल सामेल रहेको ।

यसमा प्रतिवादीहरू सिताराम मुखिया, श्याम मुखिया, लक्ष्मी मुखिया, मिन्टु मुखिया र फरार प्रतिवादी सहमद मियाँसमेतले हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) र ५(१) को कसुर गरेको ठहरेकोले निजहरूलाई ऐ. ऐनको दफा २०(२) अनुसार जनही ३ वर्षका दरले कैद हुने ठहर्छ । बरामद भएको हतियार हातहतियार खरखजाना ऐन, २०१९ को दफा १६ अनुसार जफत गरी कानूनबमोजिम गर्नु भन्ने मिति २०६६।१२।१६ गतेको जिल्ला प्रशासन कार्यालय, सप्तरीको फैसला ।

वादीको साक्षीले वादी दाबीलाई पुष्टि गरी अड्डासमक्ष बकपत्र गर्न सकेको छैन । त्यस्तो व्यक्तिको बकपत्रलाई फैसलामा आधार लिन नमिल्ने भनी प्रमाण ऐन, २०३१ को दफा १८ ले व्यवस्था गरेको हुँदा र मेरो साक्षीले हाम्रो दाबी पुष्टि हुने गरी अड्डामा बकपत्र गरिदिएकोले सुरू जिल्ला प्रशासन कार्यालय, सप्तरीले गरेको फैसला उल्टी गरिपाउँ भन्ने प्रतिवादीहरूको पुनरावेदन पत्र ।

बरामदी मुचुल्का र वस्तुस्थिति मुचुल्कामा रहेका मानिसहरू तथा वादी पक्षका गवाह भनी अभियोग पत्रमा उल्लेख व्यक्तिलाई वादी पक्षले उपस्थित गराई बकपत्र गराउन नसकेकोले प्रस्तुत फैसला प्रमाण ऐन, २०३१ को दफा १८ को परिप्रेक्ष्यमा फरक पर्न सक्ने देखिँदा मुलुकी ऐन, अदालती बन्दोबस्तको २०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ को प्रयोजनार्थ पुनरावेदन सरकारी वकिलको कार्यालय राजविराजलाई जानकारी गराई नियमानुसार गरी पेस गर्नु भन्ने मिति २०६७।३।१४ को पुनरावेदन अदालत राजविराजको आदेश ।

बरामदी मुचुल्का एवं जाहेरी प्रतिवेदनका कुनै पनि व्यक्ति मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित भई अनुसन्धानमा संकलन गरिएका कागजातलाई समर्थन हुने गरी बकपत्र गरेको नदेखिएकोले प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम त्यस्तो कागजलाई निश्चयात्मक ग्राह्य प्रमाणको रूपमा लिने अवस्था नरहेकोले को कसबाट कस्तो हतियार बरामद भएको भन्ने बरामदी मुचुल्का एवं अनुसन्धानका अन्य अवस्थाबाट खुल्न सकेको देखिन्न । यसर्थ यस्तो अवस्थामा निज प्रतिवादीहरूले अभियोग दाबीबमोजिम कसुर गरेको शंकारहित तवरबाट पुष्टि हुने ठोस सबुद प्रमाणको अभावमा निज प्रतिवादीहरूलाई हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) र ५(१) को

कसुरमा ऐ.ऐनको दफा २०(२) बमोजिम जनही ३ वर्षका दरले कैद गरी श्री जिल्ला प्रशासन कार्यालय सप्तरीबाट मिति २०६६।१२।१६ गते भएको फैसला मिलेको नदेखिँदा सो फैसला उल्टी भई प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ भन्ने पुनरावेदन अदालत राजविराजको मिति २०६७।३।२८ को फैसला।

मौकामा पक्राउ परेका सीताराम मुखिया, मिन्टु मुखिया, लक्ष्मी मुखिया र श्याम मुखियासमेतका साथबाट जनही १/१ थान कटुवा पेस्तोल र सबैको साथबाट गरी जम्मा गोली राउण्ड-८ बरामद भएको तथ्यमा दुविधा देखिँदैन। प्रतिवादीहरूको बयानबाट समेत उक्त हतियार फरार प्रतिवादी सहमद मियाले दिएको र प्रहरीले घेरा हालेपछि निजसमेतका अन्य काठ तस्करहरू भागेका र आफूहरू पक्राउमा परेको हो भन्ने निजहरूको कथनबाट पुष्टि हुन्छ। निजहरूकै सँगसाथबाट हातहतियार खरखजाना बरामद भएको विषय पुष्ट्याई भई कसुर अपराधजन्य भौतिक सबुदको संकलन एवं बरामद भई दशीको रूपमा अभियोजनसाथ पेस भएको अवस्थामा भौतिक सबुदको उपस्थितिले कसुर कायम गर्ने पर्याप्त आधार प्रमाण छन्। अदालतको फैसलाले हातहतियार खरखजाना बरामद भएको तथ्यगत अवस्थाको सत्यतालाई स्वीकार गरेको छ। बरामदित अवैध भौतिक सबुद कटुवा पेस्तोल-४ र गोली राउण्ड-८ बरामद भएको चित्रण मौकाको बरामदी मुचुल्कामा देखिई रहेको र अभियोग पत्रसाथ दशीको रूपमा पेस भइरहेको अवस्थामा प्रतिवादीहरूको कसबाट के कस्तो हतियार बरामद भएको भन्ने खुल्न नसकेको भन्ने फैसलाको निर्णयाधार खण्डित भई उक्त तर्क फितलो र प्रतिवादीहरूलाई कसुर अपराधबाट उन्मुक्ति दिने उद्देश्यले लिइएको आधार मात्र हो भन्ने स्पष्ट देखिएको छ।

पुनरावेदन अदालतले पुनरावेदन जाँदा न्याय प्रशासन ऐन, २०४८ को दफा १४ मा उल्लिखित अधिकारको प्रयोग गरी न्याय सम्पादन गर्नुपर्ने बाध्यात्मक कानूनी व्यवस्था हो। सो ऐनको दफा १४(ग) मा उल्लिखित कानूनी व्यवस्थाको अनुशरण भएको छैन। अवैध तरिकाबाट प्रतिवादीहरूले बोकी हिँडेका अवैधानिक कटुवा पेस्तोल र गोली प्रतिवादीहरूको साथबाट बरामद भएको घटनाक्रम देखिँदा को कसबाट के कस्तो हतियार बरामद भएको हो भन्ने जस्तो फितलो तर्कलाई बरामदी मुचुल्काले खण्डित गरिरहेको छ। कसुर अपराधबाट बच्नको लागि प्रतिवादीले गर्ने इन्कारी बयानको प्रमाणिक आधार कानून शून्य रहेको, विदेशी मुलुकका नागरिकले हतियार बोकी आएको अवस्थामा नेपाल सरहदभित्र पक्राउ परेको अवस्थाको गाम्भीर्यलाई वस्तुपरक रूपमा विश्लेषण नगरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ भन्ने नेपाल सरकारको पुनरावेदन पत्र।

प्रतिवादीहरूको सँगसाथबाट अवैध हातहतियार बरामद भएको तथ्य निजहरूको मुद्दा हेर्ने अधिकारीसमक्ष भएको बयानबाट देखिन आएकोमा साक्षीहरूको बकपत्रबाट बरामदी समर्थित नभएको भनी सफाइ दिने गरी भएको पुनरावेदन अदालत राजविराजको फैसला प्रमाण मूल्याङ्कनको रोहमा फरक पर्ने देखिँदा अ.बं. २०२ नं. को प्रयोजनार्थ विपक्षी झिकाई आएपछि वा अवधि नाघपछि नियमानुसार गरी पेस गर्ने भन्ने यस अदालतको मिति २०७१।३।१९ को आदेश।

यसमा नियमबमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएका प्रस्तुत मुद्दामा मिसिल संलग्न कागजातहरू अध्ययन गरी पुनरावेदन अदालत राजविराजको मिति २०६७।३।२८ को फैसलाउपर नेपाल सरकारको पुनरावेदन परी निर्णयार्थ पेस हुन आएको प्रस्तुत मुद्दाको फैसला मिलेको छ छैन सो विषयमा निर्णय दिनु पर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा मिति

२०६५।३।२७ गते कोशी टप्पुमा शंकास्पद तवरले घुमफिर गरी रहेका मानिसहरूलाई घेरा हाली पक्राउ गरी शरीर तलासी लिँदा कट्टुवा पेस्तोल थान ४ र ऐ. मा लोड हुने गोली ८ समेत बरामद हुन आएकोले हतियार तथा गोलीसहित पक्राउ परी आएका सिताराम मुखिया, श्याम मुखिया, लक्ष्मी मुखिया र मिन्टु मुखियालाई कारबाहीको लागि पेस गरेको छ भन्ने शसस्त्र प्रहरी वेस क्याम्पको पत्रसाथ हातहतियार बरामदी मुचुल्का पेस भएको देखिन्छ। उक्त बरामदी मुचुल्कामा पक्राउ परेका सबै प्रतिवादीहरूले सही गरेको पाइन्छ। बरामदी मुचुल्कामा आफूहरूले गरेको सहिछापलाई अन्यथा हो भनी प्रमाणित गर्न सकेको पाइँदैन।

३. प्रतिवादीमध्येका मिन्टु मुखियाले अनुसन्धान अधिकारीसमक्षको बयानमा हतियारसहित पक्राउ परेको बेहोरालाई स्वीकार गरी बयान गरेकोमा मुद्दा हेर्ने अधिकारीसमक्षको बयानमा अन्य बेहोरा अस्वीकार गरी खानतलासी मुचुल्काको सही मेरै हो भनी बयान गरी अप्रत्यक्ष रूपमा घटनालाई स्वीकार गरि बयान गरेको पाइन्छ। काठ तस्करका बीच विवाद हुँदा भारतीय नागरिक कारीकान्तले फायर गरेको हो भन्ने बेहोरा उल्लेख गर्दै प्रतिवादी श्याम मुखियाले गोलीगट्ठा प्रहरीले नाउ तथा काठघारीमा बरामद गरेको कुरा स्वीकार गरी खानतलासी मुचुल्कामा भएको आफ्नो सहिछापलाई अन्यथा भन्न सकेका छैनन्। काठ ओसार्न गएको बेहोरा स्वीकार गरी बयान गरेका छन्। प्रतिवादी मिन्टु मुखियाले कारीकान्त मेहता र सहमद मिया चिनेका काठ तस्करका ठेकेदार हुन्, काठ लिन नेपालमा नाउमा जाउ डबल ज्याला दिन्छु भनेकाले सहमति भई श्याम मुखिया, सिताराम मुखिया, लक्ष्मी मुखिया, भई दुइवटा डुङ्गामा अन्य नचिनेका व्यक्तिसमेत भई गएको हो, काठ ठेकेदारले पेस्तोल बोक्न दिएको हो, हतियार लिने लाइसेन्स छैन, हतियार अनौपचारिक हो भनी आरोपित कसुरलाई पुष्टि हुने गरी बयान गरिदिएका छन्। खानतलासी मुचुल्काको सही मेरै हो भनी बयान गरेका छन्। प्रतिवादी सिताराम मुखियाले कट्टुवा पेस्तोल थान चारलाई सनाखत गरेका र हतियार अवैधानिक हो भनी हतियार राख्ने इजाजत रहेको छैन भनी बयान गरेको पाइन्छ। प्रतिवादी लक्ष्मी मुखियाले सीताराम मुखिया र आफू एउटै डुङ्गामा र श्याम, मिन्टु मुखिया, कारीकान्त र नचिनेका अन्य दुईजना अर्को डुगामा रहेको स्वीकार गरी बयान गरेका छन्। ल्याप्चे सहिछाप मेरै हो भनी स्वीकार गरी पेस्तोल र गोली बरामद भएको तथ्यलाई इन्कार गर्न खोजी आफू निरक्षरी भएको कुराको सुविधा लिएर अपराधबाट उन्मुक्ति लिन खोजेको पाइन्छ।

४. अनुसन्धानको सिलासिलामा तयार पारिएको मिति २०६५।४।१५ को वस्तुस्थिति मुचुल्काका मानिस शम्भु मुखिया, रमेश मुखिया र बचाई मुखियाले आरोपित व्यक्तिहरू हातहतियारसहित पक्राउ परेको सुनेको हुँ भनी लेखाई दिएको पाइन्छ। यस तथ्यबाट खानतलासी मुचुल्का समर्थित भइरहेको देखिन आउँछ।

५. प्रतिवादीहरू आफू माछा मार्ने नाउ चलाउने व्यक्तिहरू भएकाले नाउ लिएर कोशी टप्पु आउँदा फरार प्रतिवादीमध्येका सहमद मियाले बरामद भएको हतियार दिएका र प्रहरीले घेरा हालेपछि भागी गएका र आफूहरू पक्राउ परेको भन्नेसमेत बेहोराको अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरेका छन्। नाउ चलाउने र माछा मार्ने पेसा भएको दाबी लिएका प्रतिवादीहरूबाट कट्टुवा पेस्तोल र गोली बरामद भएको देखिन्छ। माछा मार्ने जाल र नाउ डरले नदीमा फालेको भनी बयान गरेका छन् भने कानूनबमोजिम अवैध ठानिएको पेस्तोल र गोली बरामद भएको अवस्था रहेको छ।

६. बयानको क्रममा प्रतिवादीहरूले आफूहरूसँगबाट बरामद भएको हातहतियारको लाइसेन्स नभएको भनी स्वीकार गरिरहेका छन्। हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३ र

४ अनुसार हातहतियार आफूसाथ राख्न, विदेशबाट नेपाल लैजानको लागि यो ऐनको सर्त बन्देजमा रही लाइसेन्स प्राप्त गरेको हुनुपर्छ । यस्तै ऐ. ऐनको दफा ५ ले लाइसेन्सबेगर हातहतियार लिएर हिँड्न मनाही गरेको पाइन्छ । यस अवस्थामा भारतीय नागरिकहरूले नेपाल सरकारको अनुमतिबेगर लाइसेन्स नलिई नेपाल सरहदभित्र अवैध हातहतियार लिएर हिँडेको देखिन आयो ।

७. हातहतियार र गोली बरामद भएको तथ्यमा विवाद रहेन । सो तथ्यलाई निज प्रतिवादीहरूले समेत अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा स्वीकार गरेको देखिन आउँछ । पक्राउ परेका सबै प्रतिवादीहरू भारतीय नागरिकहरू रहेको देखिन्छ । यी प्रतिवादीहरूलाई नेपाल सरहदमा माछा मार्न र डुङ्गा चलाउने पेसा गर्न पनि अनुमति चाहिने हुन्छ सो अनुमति लिएर आएको भन्ने भनाइ पनि रहेको छैन । बरामद भएको हातहतियार कानूनबमोजिम प्राप्त गरेको वा राखेको हो भन्ने प्रमाणित गर्ने भार प्रतिवादीहरूमा रहने र सो प्रमाणित गर्न नसकेकाले हातहतियार खरखजाना ऐन, २०१९ बमोजिम सजाय पाउने कार्य गरेको मानिने देखियो ।

८. फौजदारी मुद्दामा कसुरसँग सम्बन्धित बरामदी मुचुल्कालाई महत्त्वपूर्ण प्रमाणको रूपमा लिने गरिन्छ । जुन बरामदी मुचुल्काका प्रतिवादीहरू घटनाका प्रत्यक्षदर्शी हुन् उनीहरूको भनाइले प्रमाण मूल्याङ्कनको रोहमा महत्त्व राख्दछ । पक्राउ प्रतिवादीहरूले हतियार हामीहरूको होइन भने पनि बरामदी मुचुल्कामा भएको सहिछापलाई अन्यथा भन्न सकेका छैनन् । प्रतिवादीहरूको बयान बेहोरा हेर्दा राजीखुसीले नै घटनास्थलमा आएको पाइन्छ । पेसाले नाउ चलाउने र माछा मार्ने व्यक्तिहरूको सँगसाथबाट उनीहरूले प्रयोग गर्ने माछा मार्ने जाल र नाउ बरामद नभई अवैध हतियारसहितको गोली बरामद हुनुलाई प्रतिवादीहरूको भनाइ विश्वासलायक देखिएन ।

९. हातहतियार बरामद भएको अवस्थामा अपराध नमानिने जिकिर लिनको लागि आफूसँग हातहतियार रहनुपर्ने उचित कानूनी आधार देखाउन सक्नुपर्ने हुन्छ । प्रतिवादीहरूले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान र मुद्दा हेर्ने अधिकारीसमक्ष खानतलासी मुचुल्कामा भएको सही हाम्रै हो भनी तथ्यलाई स्वीकार गरेको अवस्थालाई निजहरूले हातहतियार बोकी हिँडेको तथ्य प्रमाणित भइरहेको देखिन्छ । माथि विवेचना भई बरामदी मुचुल्का कानूनबमोजिम नै तयार भएको भन्ने प्रमाणित भइसकेको अवस्थामा प्रतिवादीहरूको सँगसाथबाट बरामद भएको हातहतियार तथा गोलीसमेत अवैध देखिन आयो ।

१०. तसर्थ माथि विवेचित आधार कारणको आधारमा निज प्रतिवादीहरूलाई हातहतियार खरखजना ऐन, २०१९ को दफा ३(२) र ५(१) को कसुरमा ऐ. ऐनको दफा २०(२) बमोजिम जनही ३ वर्षका दरले कैद हुने गरी जिल्ला प्रशासन कार्यालय सप्तरीबाट मिति २०६६।१२।१६ मा भएको फैसला उल्टी गरी अभियोग दाबीबाट सफाइ पाउने ठहर गरेको पुनरावेदन अदालत राजविराजको मिति २०६७।३।२८ गतेको फैसला उल्टी भई प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय गरेको जिल्ला प्रशासन कार्यालय सप्तरीको मिति २०६६।१२।१६ गतेको फैसला सदर हुने ठहर्छ । अरूमा तपसिलबमोजिम गर्नू ।

तपसिल

माथि इन्साफ खण्डमा ठहर भएबमोजिम प्रतिवादीहरू सिताराम मुखिया, श्याम मुखिया, लक्ष्मी मुखिया र मिन्टु मुखियालाई जनही ३ वर्ष कैद हुने ठहर भई फैसला भएकाले पुनरावेदन अदालत राजविराजको मिति २०६७।३।२८ गतेको फैसलाबमोजिम राखेको लगत कट्टा गरी उल्लिखित प्रतिवादीहरूलाई यस अदालतको फैसलाबमोजिम लागेको कैदको लगत राख्नु भनी जिल्ला प्रशासन कार्यालय, सप्तरीलाई

लेखी पठाउनू --१

प्रतिवादीहरू सिताराम मुखिया, श्याम मुखिया, लक्ष्मी मुखिया र मिन्टु मुखियालाई जनही ३ वर्ष कैद हुने ठहर भई फैसला भएकाले निजहरू मिति २०६५।३।२८ गतेको फैसलाबमोजिम कैद मुक्त भई हाल बेरूजू भएको देखिँदा बाँकी कैदको लगत कसी असुल गर्नु भनी जिल्ला प्रशासन कार्यालय सप्तरीलाई लेखी पठाउनू ---१

प्रस्तुत मुद्दाको प्रमाणित प्रतिलिपिसहितको फैसलाको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिनू --१

प्रस्तुत फैसला अपलोड गरी दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू --१

उक्त रायमा सहमत छु।
न्या.चोलेन्द्र शमशेर ज.ब.रा.

इजलास अधिकृत : दुर्गाप्रसाद भट्टराई
इति संवत् २०७४ साल वैशाख १७ गते रोज १ शुभम्।

निर्णय नं. १००४६

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपकराज जोशी
माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की
फैसला मिति : २०७४।७।२६
०६९-CI-०५२८

विषयः- निषेधाज्ञा

पुनरावेदक / निवेदक : स्व. पशुपति प्रताप शाहको छोरा काठमाडौं जिल्ला का.म.न.पा. साबिक वडा नं. १० हाल वडा नं. ३४ बस्ने को सन्दिप शाहसमेत

विरूद्ध

प्रत्यर्थी / विपक्षी : काठमाडौं उपत्यका नगर विकास समिति, अनामनगर, काठमाडौंसमेत

- **सम्मानपूर्वक बाँच्न पाउने हकअन्तर्गत मानिसको जीवन गुणस्तरीय रूपमा जीउन आवश्यक हुने गाँस, बास, कपास र स्वास्थ्य शिक्षा जस्ता आधारभूत विषयहरू अन्तरनिहित हुने कुरामा विवाद हुन नसक्ने।**

(प्रकरण नं.७)

- **संविधानले नै बसोबासको अधिकारलाई मौलिक हकको रूपमा छुट्टै व्यवस्था गरेबाट राज्यले नागरिकको यस हकलाई कार्यान्वयन गर्नेतर्फ बढी नै संवेदनशील भई आवश्यक तयारी गर्नुपर्ने देखिन्छ। अन्यथा संविधानमा यो हकलाई मौलिक हकको रूपमा स्थापित गरिरहनुको कुनै सार्थकता रहँदैन । संविधानमा मौलिक हकको**

सर्वोच्च अदालत

रूपमा लेखिने तर नागरिकले उपभोग गर्न पाउने कुराको सुनिश्चितता नहुने हो भने संविधानमा आवासको अधिकारलाई मौलिक हक भन्नुको औचित्य नहुने।

(प्रकरण नं.८)

- राज्यले नागरिकको बसोबासको अधिकारको सकारात्मक कार्यान्वयनको लागि संविधानले नै दायित्व सृजना गरिराखेको अवस्थामा कुनै नागरिकले आफ्नो सामर्थ्यबाट सृजना गरेको बसोबाससँग सम्बन्धित साम्पत्तिक हकमा अतिक्रमण गर्ने कुरा सामान्य अवस्थामा कल्पनासमेत गर्न सकिँदैन । नागरिकको मौलिक हकको रूपमा संविधानले स्थापित गरेको यस्तो अधिकार कार्यान्वयन गर्न राज्यलाई केही पूर्वतयारी आवश्यक पर्नु एउटा पक्ष हुन सक्छ तर भइरहेको बसोबासमाथि हस्तक्षेप गरी यो हकको निर्वाध रूपमा उपभोगमा असर पुऱ्याउने काममा राज्य क्रियाशील हुन नहुने।

(प्रकरण नं.१०)

- बृहत् सार्वजनिक हितको लागि राज्यले व्यक्तिको सम्पत्तिमाथि नियन्त्रण गर्न सक्ने मान्यतालाई अपवादको रूपमा स्वीकारिएको पाइन्छ। खासगरी **Eminent Domain** र **Police Power** को सिद्धान्तअनुसार राज्यले व्यक्तिको निजी सम्पत्तिमाथि नियन्त्रण, नियमन र अंकुश लगाउन सक्ने मान्यता रहेको छ। तथापि यसको प्रयोगसमेत राज्यले असीमित रूपमा गर्न सक्दैन। यसका निश्चित सीमा, प्रक्रिया र कार्यविधि रहेका हुन्छन्। त्यसका आधार र सीमाहरू राज्यको कानूनबाट निर्दिष्ट गरिएको हुनुपर्दछ । राज्यले व्यक्तिको निजी सम्पत्तिमाथि हस्तक्षेप गर्दा कानूनले निर्दिष्ट गरेका त्यस्ता आधार र सीमाहरूमा बाँधिनु पर्ने।

(प्रकरण नं.१२)

- राज्यले स्वेच्छाचारी ढंगबाट नागरिकलाई निजको साम्पत्तिक हकबाट वञ्चित गराएको विषय सदैव न्यायिक पुनरावलोकनको विषय बन्ने।

(प्रकरण नं.१४)

- बृहत् सार्वजनिक हितको लागि व्यक्तिको सम्पत्ति प्राप्त गर्दासमेत राज्यले आफूलाई निरंकुश वा असीमित रूपमा प्रस्तुत गर्ने नभई संविधान र कानून निर्दिष्ट सीमाहरूको अधीनमा रहनु पर्दछ । अझ व्यक्तिको बसोबासको अधिकार नै अन्यथा हुने स्थितिमा राज्य थप संवेदनशील बन्नु पर्ने।

(प्रकरण नं.१५)

- विकास निर्माणका आयोजना छनौट र निर्माणको चरणदेखि नै सम्बन्धित सरोकारवाला नागरिक वा त्यसबाट प्रत्यक्षरूपमा प्रभावित हुने व्यक्ति विशेषलाई सुसूचित गराउनु पर्दछ । साथै विकास आयोजनाको सञ्चालनबाट व्यक्तिको घर बसोबासलगायत कुनै सम्पत्तिमा असर पर्ने अवस्था भएमा प्रचलित कानूनबमोजिम उचित र पर्याप्त क्षतिपूर्ति वा मुआब्जा नदिई राज्यले आफ्नो शक्तिको आडमा जबरजस्ती त्यस्तो व्यक्तिगत सम्पत्तिमा अतिक्रमण गर्न नमिल्ने।

(प्रकरण नं.२४)

- खासगरी दीर्घकालीन नीति र योजनाको अभावमा सहरी क्षेत्रमा अव्यवस्थित बसोबास भएको र त्यसबाट सडक

आवागमन, ढल निकास, खानेपानी, विद्युत्, टेलिफोनलगायत आधुनिक पूर्वाधारका सेवा विस्तारमा कठिनाई परेको हुन सक्दछ । तर राज्यको नीतिगत कमजोरीका कारण सिर्जित भएको जटिलताको दोष निर्दोष नागरिकले मात्रै बहन गर्नुपर्दछ भन्ने सोच र कार्यशैली न्यायपूर्ण नहुने ।

(प्रकरण नं.२५)

- **विकासको नाममा राज्यले कुनै व्यक्तिको सम्पत्ति जबरजस्ती मर्का पर्ने गरी लिन र कब्जा गर्न मिल्दैन । त्यसमा पनि घरबास भनेको कुनै पनि व्यक्तिको आधारभूत आवश्यकताभित्रको वस्तु हुँदा घरबास भत्काउँदा वा घरबासको जग्गा प्राप्त गर्दा राज्यले अझ बढी संवेदनशीलता देखाउनु पर्ने हुन्छ । त्यसैले कुनै पनि सहरी क्षेत्रमा विकास निर्माण वा बाटो विस्तार वा G.L.D लगायतको कार्यक्रम लागू गर्नुपूर्व नियमनकारी निकायहरूले सो विषयमा विशेष ध्यान दिनुपर्ने ।**

(प्रकरण नं.२८)

पुनरावेदक / निवेदकका तर्फबाट : विद्वान् अधिवक्ताहरू श्री सन्तोष महतो र श्री पदम गिरी

प्रत्यर्थी / विपक्षीका तर्फबाट : विद्वान् अधिवक्ताहरू श्री हरेराम तिवारी र श्री प्रभुकृष्ण कोइराला

अवलम्बित नजिर :

सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्नेः

मा. न्यायाधीश श्री राजेन्द्रप्रसाद राजभण्डारी

माननीय न्यायाधीश श्री कूलरत्न भुर्तेल

पुनरावेदन अदालत पाटन

आदेश

न्या. हरिकृष्ण कार्की : पुनरावेदन अदालत पाटनको मिति २०६९/३/२० को फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) अन्तर्गत पर्न आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छः-

हामी निवेदकहरूमध्ये सन्दिप शाहका नाउँमा दर्ता भएको काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ९ कि.नं. ४८२ हाल काठमाडौं महानगरपालिका वडा नं. १० कि.नं. १३९ को क्षे.फ. २-१-१-२ जग्गाको पूर्वतर्फ १२ फिटे र पश्चिमतर्फ ३ फिटे गोरेटो बाटो रहेको थियो । साबिक कि.नं. ४८२ को जग्गामा भवन निर्माण गर्न तत्कालीन काठमाडौं नगर पञ्चायतबाट २०४१ साल पुस महिनामा नक्सा गरी भवन निर्माण गरी चारैतर्फ पर्खाल लगाई भोगचलन गरी आएका छौं । हामी निवेदकहरूमध्ये सूर्यकुमारी पन्तले पनि काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १० कि.नं. १२३ को क्षे.फ. ०-१२-२-३ को जग्गा भोग गरी आएकोमा उक्त कि.नं. १२३ र १२४ को पूर्वतर्फ ३ फिटको गोरेटो बाटो कायम रहेको छ । निवेदकहरूले कुनै सडक, गोरेटो बाटो वा त्यस्तै सार्वजनिक जग्गासमेत मिचेको च्यापेको अवस्था छैन ।

प्रत्यर्थीहरू मध्येका काठमाडौं उपत्यका नगर विकास समितिका कर्मचारीहरूले उक्त ३ देखि ४ फिटे गोरेटो बाटोलाई केही दिनअघि हामी निवेदकहरूलाई जानकारी नदिई बाटो फराकिलो पार्ने भनी घरै भत्किने गरी चिह्नसमेत लगाएपछि घर पर्खाल भत्काउने कार्य तत्काल रोकी पाउन प्रत्यर्थी काठमाडौं उपत्यका नगर विकास समितिसमक्ष मिति २०६८/१२/१४ गते निवेदन पेस गरेका छौं । पुनः मिति २०६८/१२/१७ गते पूर्व निवेदनअनुसारको जानकारी राख्दा कुनै जानकारी गराइएन । सोही दिन घर फर्की आएपछि साँझ घर भत्काउने सम्बन्धमा माइकिङ भयो । बाटो फराकिलो पार्ने सम्बन्धमा निवेदन, सिफारिस वा निर्णय भएको

भए कागजातको प्रतिलिपि पाउँ भनी २०६८/१२/१९ मा निवेदन गरेकोमा हालसम्म कुनै निर्णय वा लिखित जानकारी पाउन सकेको छैन ।

प्रत्यर्थीहरूले कानून प्रतिकूल हुने गरी कुनै सुनुवाइको मौकासमेत नदिई, योजना वा कार्यक्रमको बारेमा जानकारीसमेत नगराई पूर्वलिखित सूचनासमेत नगरी, मुआब्जा क्षतिपूर्ति बिना नै प्रत्यर्थीहरूले जुनसुकै समयमा हामीहरूको घर जग्गा भत्काउन सक्ने प्रबल आशंका रहे भएको र सो भए गरेमा नागरिक अधिकार ऐन, २०१२ को हक अधिकारबाट वञ्चित हुन सक्ने विद्यमान रहेकोले यो निवेदन गर्न बाध्य भएका छौं ।

नगर विकास समिति ऐन, २०४२ को दफा ९, १०, १२ समेतको प्रतिकूल हुने गरी हामी निवेदकहरूको घर कम्पाउन्डवालसमेत भत्काउने लागिएको कार्य नागरिक अधिकार ऐन, २०१२ को प्रतिकूल रहे भएकोले उक्त बाटो फराकिलो पार्ने क्रममा हामी निवेदकहरूको घर कम्पाउन्डवालसमेत भत्काउन लागिएको कार्य नागरिक अधिकार ऐन, २०१२ को प्रतिकूल रहे भएकोले उक्त बाटो फारकिलो पार्ने क्रममा हामी निवेदकहरूको कि.नं. १३९, १२३ र १२४ को जग्गामा नछुनु, कुनै भवन तथा कम्पाउन्ड वाल नभत्काउनु भनी प्रत्यर्थीहरूका नाउँमा निषेधाज्ञा जारी गरी निवेदनको अन्तिम किनारा नलागेसम्म उक्त जग्गालाई नछुनु, कुनै भवन तथा कम्पाउण्ड वाल नभत्काउनु भनी अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत रिट निवेदन ।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? मागबमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार, कारण भए सबुद प्रमाणसहित म्याद सूचना पाएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ पेस गर्नु भनी आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूका नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परेपछि वा अवधि व्यथित भएपछि नियमानुसार पेस गर्नू । व्यक्तिको सम्पत्तिको स्वामित्वको रक्षा हुनुपर्छ त्यसकारण निवेदकहरूको बसोबास भएको स्थानमा कानूनबमोजिम बाहेक निवेदकहरूको इच्छाबेगर प्रस्तुत रिट निवेदनमा निर्णय नभएसम्म बाटो बढाउने कार्य नगर्नु नगराउनु प्रत्यर्थीहरूको नाममा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ३३क बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ भन्नेसमेत बेहोराको पुनरावेदन अदालत पाटनको मिति २०६८/१२/२३ को आदेश ।

विवादित कि.नं. १३९, १२३, १२४ को जग्गा रहेको स्थानमा नगर विकास समितिको प्रस्ताविक ४ मिटरको G.L.D. बाटो लागू भई नियमानुसार बाटो विस्तार गर्न लागिएको छ । यो समिति नेपाल सरकारको मातहतमा रहेको नीति निर्देशनअनुसार साबिक नगर विकास ऐन, २०४५ अनुसार गठित र कार्य गर्ने अख्तियारप्राप्त निकाय हो । तदनुरूप यस कार्यालयबाट खटिएको टोलीले उक्त स्थानमा G.L.D. नक्सा भिडाई सडक क्षेत्र छुट्टिने गरी चिह्न लगाउने र सार्वजनिक सूचना दिने र लगाइएको चिह्नअनुसार बाटो विस्तार गर्ने कार्य गरिएको छ । रिट निवेदनमा उल्लेख गरेअनुसार रिट जारी हुन सक्ने आधार नहुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत काठमाडौं उपत्यका विकास प्राधिकरणको पुनरावेदन अदालत पाटनमा परेको लिखित जवाफ ।

विपक्षीको दाबीबमोजिमको कुनै पनि कार्य हामीबाट भए गरेको छैन र गर्नुपर्ने कारण छैन । विपक्षीले मिति २०६८/१२/१४ मा दिएको भनेको निवेदनमा नगर विकास समितिबाट निर्णय हुन बाँकी नै रहेको अवस्थामा सो निकायको हस्तक्षेप हुने गरी निषेधाज्ञा जारी गर्न मिल्दैन । यो अदालत नगर विकासको निर्णयउपर पुनरावेदन सुन्ने निकाय भएकोले नगर विकास समितिको काम कारबाही र गैरकानूनी भएमा मुलुकी ऐन, अ.बं. १७ नं. बमोजिम सामान्य कानूनी उपचारको मार्ग अवलम्बन हुन सक्नेमा असाधारण

अधिकारक्षेत्रसमक्ष परेको निवेदनबाट कारबाही हुन नसक्ने हुँदा क्षेत्राधिकारको अभावमा विपक्षीको मागबमोजिम आदेश जारी हुन सक्ने अवस्था नभएकोले निवेदन खारेज गरिपाउँ भन्नेसमेत काठमाडौं महानगरपालिका तथा ३४ नं. वडा कार्यालयको तर्फबाट पुनरावेदन अदालत पाटनमा परेको संयुक्त लिखित जवाफ।

यसमा मिसिल संलग्न कागजातहरूबाट निवेदकहरूको मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नहुँदा प्रस्तुत निवेदन खारेज हुने ठहर्छ भनी पुनरावेदन अदालत पाटनबाट मिति २०६९/३/२० मा भएको फैसला।

पुनरावेदन अदालत पाटनले निवेदन खारेज गर्दा नगर विकास समिति ऐन, २०४५ को दफा १०(२) बमोजिम नगर विकास समितिले गरेको निर्णयउपर पुनरावेदन अदालतमा पुनरावेदन पत्र लाग्ने कानूनी व्यवस्था भएको भन्ने आधार ग्रहण गरिनु त्रुटिपूर्ण छ। यो कानूनी तथ्यले विवादित न्याय निरूपण गर्नुपर्ने कानूनी प्रश्नसँग कुनै मेल खाँदैन।

हामी पुनरावेदकले सुरू निवेदनको प्रकरण नं. ९ मा नक्सा पास गराई स्रेस्ता क्षेत्रफलभित्र नापी नक्साअनुसार नै घर जग्गा भोगचलन गर्दै आएको, नगर विकास समिति ऐन, २०४५ को दफा ९ अनुसार प्रत्यर्थीहरू मध्येका काठमाडौं उपत्यका नगर विकास समितिले कुनै किसिमको नियमित, नियन्त्रण वा निषेध गरेको कार्यहरूको उल्लङ्घन नगरेको, यदि ऐ. ऐनको दफा ९ को विपरीत कुनै कार्य हामीहरूबाट भएको अवस्था छ भने सोही ऐनको दफा १० बमोजिम ३५ दिनको म्याद दिई स्वीकृति बिना वा सर्त वा मापदण्डविपरीत निर्माण भएको भाग जति भत्काउन वा हटाउन आदेश दिनुपर्ने हुन्छ, तर प्रत्यर्थीहरूले हालसम्म पनि ऐ. ऐनको दफा १० बमोजिम कुनै सूचना नदिएको अवस्थाले हामी निवेदकहरूले घर निर्माण गरेको कार्य र जग्गा भोगेको कार्य ऐ. ऐनको दफा ९ विपरीत नरहेको प्रस्ट हुन आउँछ भन्ने तथ्य उल्लेख गरेका थियौं।

हामी पुनरावेदकले उल्लेख गरेको तथ्यलाई प्रत्यर्थीहरूले स्वीकार गर्नुभएको छ। अर्थात् ऐ. ऐनको दफा ९ वा १० बमोजिमको कुनै आदेश वा निर्णय नदिएको कुरालाई प्रत्यर्थीहरूले लिखित जवाफबाट स्वीकार गरेका छन्। यदि प्रत्यर्थी नगर विकास समितिले ऐ. दफा १०(१) बमोजिम कुनै निर्णय वा आदेश जारी गरेको अवस्था थियो भने मात्र दफा १०(२) बमोजिम कुनै आदेश नै जारी नगरेको अवस्थामा पुनरावेदन अदालतले विवादको विषयवस्तुभन्दा बाहिर गई ऐ. दफा १०(२) बमोजिम पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्ने व्यवस्थालाई निर्णयको आधार बनाई निवेदन खारेज हुने गरी भएको फैसला त्रुटिपूर्ण छ।

पुनरावेदन अदालतले निवेदन खारेज गर्दा न्यायिक मनको प्रयोग नै नगरी साधारण अधिकार क्षेत्रबाट उपचार पाउने भनी गोलमटोल भाषामा असाधारण अधिकार क्षेत्र आकर्षित नहुने भनी प्रस्तुत रिट निवेदन खारेज गर्ने गरेको फैसला त्रुटिपूर्ण छ।

पुनरावेदन अदालतले प्रत्यर्थी नगर विकास समितिलाई हामी निवेदकले निषेधाज्ञाको निवेदनबाट माग गरेको विषयमा निर्णय वा आदेश दिन सक्ने अधिकार नगर विकास समिति ऐन, २०४५ को कुन दफाले दिएको छ भनी उल्लेख गरिएको छैन । काल्पनिक आधारमा नै साधारण उपचार छ भन्न मिल्दैन । प्रत्यर्थी नगर विकास समितिको लिखित जवाफमा हामी पुनरावेदक निवेदकले दिएको निवेदनउपर कारबाही हुन बाँकी रहेकोले सो विषयमा अदालतले कुनै न्याय निरूपण गर्न मिल्ने होइन भन्नेसमेत कुनै दाबी गरिएको छैन। विवाद नै नभएको विषयलाई अदालतले आफैँ विवाद उठान गर्न मिल्ने पनि होइन । पुनरावेदन अदालतको फैसला वादी दाबीभन्दा बाहिर गई न्यायिक मनको प्रयोग नगरी

फैसला गरिएको प्रस्ट छ।

पुनरावेदन अदालतबाट कानूनले तोकेको परिधिभित्र रही G.L.D. नक्सा भिडाई सडक क्षेत्र छुट्टिने गरी चिह्न लगाउने र सार्वजनिक सूचना दिने र लगाएको चिह्नअनुसार बाटो विस्तार गर्ने कार्य भएको देखिन्छ । प्राप्त लिखित जवाफले पनि कानूनको परिधिभित्र रही कार्य भएको देखिँदा प्रस्तुत विषयमा रिट क्षेत्रमा प्रवेश गरी निषेधाज्ञाको आदेश जारी हुन सक्ने अवस्था विद्यमानता देखिएन भनी हाम्रो निवेदनलाई अस्वीकार गर्ने भएको फैसला कानून प्रतिकूल रहेको छ। बाटो विस्तार गर्ने सम्बन्धमा हामी पुनरावेदकलाई कुनै लिखित जानकारी नगराएको, क्षतिपूर्ति वा अन्य कुनै रकम नदिएको भन्ने दाबी लिएका थियौं। प्रत्यर्थी नगर विकास समितिले लिखित जवाफ पेस गर्दा बाटो विस्तार सम्बन्धमा यो मितिको पत्रबाट जानकारी दिएको, यसरी मुआब्जा तथा क्षतिपूर्ति निर्धारण गर्न यसरी रकम दिएको भन्ने न त कुनै दाबी छ न त कुनै कागजात नै पेस गरेको अवस्था छ।

नगर विकास समिति ऐन, २०४५ को दफा १२.१.१ अनुसार नगर विकास समितिले लागू गरेको जग्गा विकास कार्यक्रमअन्तर्गत बाटोको निर्माण गर्दा त्यस्तो जग्गाको मुखमा कुनै व्यक्तिको जग्गा पर्न गएमा त्यस्तो व्यक्तिले मन्जुर नगरेमा सोही ऐनको दफा १६ बमोजिम जग्गा प्राप्त गर्नुपर्ने व्यवस्था ऐ. ऐनको दफा १२.२ मा गरिएको छ। ऐ.ऐनको दफा १६ ले नेपाल सरकारले नगर योजना कार्यान्वय गर्न आवश्यक गर्न आवश्यक पर्ने जग्गा प्रचलित कानूनबमोजिम प्राप्त गरी समितिलाई उपलब्ध गराई दिन सक्ने व्यवस्था गरेको छ। ऐ. ऐनको १२.२ अनुसार बाटो निर्माण गर्दा कसैको जग्गा बाटोमा पर्ने भएमा त्यस्तो जग्गाधनीलाई जग्गा प्राप्ति ऐन, २०३४ अनुसार मुआब्जा प्रदान गरेपश्चात् मात्र सो जग्गा प्राप्त गरी बाटोमा प्रयोग गर्न पाइने कानूनी अधिकारलाई संरक्षित गरेको छ। अर्थात् मुआब्जा बिना व्यक्ति विशेषको भोगचलनमा रहेको घर वा जग्गालाई बाटोमा प्रयोग गर्न वा भत्काउन पाइँदैन।

हामी पुनरावेदक निवेदकको जग्गा G.L.D. भित्र बाटोमा पर्ने भनी कोहीले पनि लिखित जानकारी नदिएको, ऐ. ऐनको दफा १२.२, दफा १६ अनुसार कुनै क्षतिपूर्ति निर्धारण नगरेको, क्षतिपूर्तिको रकम नदिएको, भवन तथा पर्खाल भत्काउने सम्बन्धमा कुनै पनि लिखित सूचना नदिएको जस्ता कार्यहरू कानून प्रतिकूल रहे भएकोले निषेधाज्ञाको आदेश जारी गरिपाउँ भन्ने दाबी रहेको थियो। यस सम्बन्धमा प्रत्यर्थी नगर विकास समितिले कुनै प्रकारको खण्डन नगरिकन हामी पुनरावेदकहरूको घर तथा पर्खाल भत्काउन सक्ने प्रवल सम्भावना रहेको प्रस्ट हुन आउँछ । पुनरावेदन अदालतको फैसलामा उल्लेख गरेअनुसार प्रत्यर्थीहरूबाट हुन सक्ने काम कारबाहीलाई कानूनको परिधिभित्र रही कार्य गरेको भन्न मिल्दैन।

अतः माथि उल्लेख गरेअनुसार नगर विकास समिति ऐन, २०४५ को दफा १२.१, १२.२, १६ नागरिक अधिकार ऐन, २०१२ को दफा १७ तथा सर्वोच्च अदालत बुलेटिन, २०६६, फागुन १, पूर्णाङ्क ४२३, पृष्ठ ४२, इजलास नं. १० क्रम संख्या १ मा प्रतिपादित सिद्धान्तसमेतको आधारमा पुनरावेदन अदालत पाटनको मिति २०६९/३/२० को फैसला उल्टी गरी सुरू निषेधाज्ञाको निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी हुने गरी फैसला गरिपाउँ भन्नेसमेत बेहोराको विनोद ओझासमेतको यस अदालतमा गरेको पुनरावेदन पत्र।

यसमा पुनरावेदन अदालतले निषेधाज्ञाको रिटमा गरेको निर्णयउपर परेको पुनरावेदनमा निवेदकले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ५२ अनुसार पुनरावेदनको टुंगो नलागेसम्म अन्तरकालीन आदेश जारी गरिपाउँ भनी निवेदन दिएको देखियो।

निवेदकले आफ्नो हक दर्ताको कि.नं. १२३, १३९ र १८१ को गल्लीबाटोमा रहेको घर जग्गाको पर्खाल प्रत्यर्थीहरूले भत्काउने आशंका भएको भनी

निषेधाज्ञाको रिट पुनरावेदन अदालत पाटनमा दर्ता गरिएकोमा अन्तरिम आदेश जारी भई पछि सो रिट खारेज हुने ठहरी फैसला भएउपर दे.पु.नं. ५२८ को पुनरावेदन दिएको र सो पुनरावेदन विचाराधीन रहेको अवस्थामा सो घर जग्गाको पर्खाल गैरकानूनी तवरबाट भत्काउने आशंका हाल पनि विद्यमान रहेकोले प्रस्तुत पुनरावेदनको टुंगो नलागेसम्म सो पर्खाल नभत्काउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ५२ बमोजिम अन्तरकालिन आदेश जारी गरिपाउँ भनी माग गरेको देखिन्छ।

निवेदकहरूको नाउँमा रहेको कि.नं.१२३, १३९ र १८१ को घर जग्गाक्षेत्र निर्देशित जग्गा विकास कार्यक्रम (GLD) अन्तर्गत रहेको र सो क्षेत्रमा ४ मिटर सडक रहने भनी निर्णय भएको भन्ने प्रत्यर्थी काठमाडौं उपत्यका नगर विकास समितिको कथन तथा लिखित जवाफ रहेको भन्ने सुरू मिसिलबाट देखिन्छ। तर निवेदकहरूको उक्त घर जग्गाक्षेत्र सो (GLD) अन्तर्गत रहने र ४ मिटर चौडाइको सडक हुने भनी अधिकारप्राप्त निकाय उपत्यका नगर विकास समितिको कुनै निर्णय पेस भएको सुरू मिसिलबाट नदेखिई हाल प्रस्तुत सुनुवाइ हुँदा पनि सो निर्णयको प्रतिलिपि पेस हुन सकेको देखिएन। निर्देशित जग्गा विकास कार्यक्रम लागू भएको अवस्थामा नगर विकास ऐन, २०४५ अन्तर्गतको विधि र प्रक्रियाबमोजिम मात्र सडक बनाउने वा विस्तार गर्न सकिने हुनाले सो विधि र प्रक्रिया पूरा नगर्दै निवेदकको घर जग्गा रहेको क्षेत्रमा बाटो विस्तार गर्न भनी निजहरूको घर पर्खाल भत्काएमा निवेदकहरूलाई सुविधा सन्तुलनको दृष्टि (Balace of Convenience) ले मर्का पर्न सक्ने तथा प्रस्तुत पुनरावेदनसमेत निष्प्रयोजित हुन सक्ने हुँदा प्रस्तुत पुनरावेदनको अन्तिम किनारा नलागेसम्म निवेदकहरूको घर पर्खाल कम्पाउन्डवाल नभत्काउनु भनी प्रत्यर्थीहरूको नाममा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ५२ बमोजिम अन्तरकालीन आदेश जारी गरिदिएको छ। यो आदेशको जानकारी प्रत्यर्थीहरूलाई दिई अरूमा कानूनबमोजिम गर्नु भनी यस अदालतबाट मिति २०७०/१/८ मा भएको आदेश।

यसमा प्रत्यर्थी काठमाडौं उपत्यका नगर विकास समितिले निवेदकहरूको दाबीको घर जग्गा, जग्गा विकास कार्यक्रम (GLD) अन्तर्गत पर्ने निर्णय भएअनुसार सडक विस्तारमा परेको भनी लिखित जवाफमा उल्लेख गरेको भए पनि सोको निर्णय वा त्यसलाई पुष्टि गर्ने आधार प्रमाणसमेत पेस गर्न नसकेको अवस्थामा पनि निवेदन खारेज गरेको पुनरावेदन अदालत पाटनको आदेश फरक पर्न सक्ने देखिँदा अ.ब. २०२ नं. बमोजिम प्रत्यर्थी झिकाई नियमानुसार पेस गर्नु भनी यस अदालतबाट मिति २०७०।११।५ मा भएको आदेश।

नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकहरूको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री सन्तोष महतो र श्री पदम गिरीले विपक्षीहरूले पुनरावेदक निवेदकको जग्गा G.L.D. भित्र बाटोमा पर्ने जग्गा हो भनी लिखित जानकारी नदिएको, नगर विकास ऐन, २०४५ को दफा १२.२ तथा दफा १६ अनुसार कुनै क्षतिपूर्ति निर्धारण नगरेको, क्षतिपूर्तिको रकम नदिएको, भवन तथा पर्खाल भत्काउने सम्बन्धमा कुनै पनि लिखित सूचना नदिई नगर विकास ऐन, २०४५ को दफा ९, १०, १२ समेतको प्रतिकूल हुने गरी निवेदकहरूको घर कम्पाउन्डवालसमेत भत्काउन लागिएको कार्य नागरिक अधिकार ऐन, २०१२ को प्रतिकूल रहे भएकोले पुनरावेदन अदालत पाटनबाट मिति २०६९/३/२० मा भएको फैसला उल्टी गरी उक्त बाटो फराकिलो पार्ने क्रममा यी निवेदकहरूको कि.नं. १३९, १२३ र १२४ को जग्गामा भएको भवन तथा कम्पाउन्ड वाल नभत्काउनु भनी सुरू निषेधाज्ञाको निवेदन मागबमोजिम आदेश जारी हुने गरी फैसला

गरिपाउँ भन्नेसमेत बेहोराको बहस प्रस्तुत गर्नुभयो।

विपक्षीहरूको तर्फबाट उपस्थित हुनु भएका विद्वान् अधिवक्ताहरू श्री हरेराम तिवारी र श्री प्रभुकृष्ण कोइरालाले विवादित कि.नं. १३९, १२३, १२४ को जग्गा रहेको स्थानमा नगर विकास समितिको प्रस्तावित ४ मिटरको G.L.D. बाटो लागू भई नियमानुसार बाटो विस्तार गर्न लागिएको छ। यो समिति नेपाल सरकारको मातहतमा रहेको र सरकारको नीति निर्देशनअनुसार साबिक नगर विकास ऐन, २०४५ अनुसार गठित र कार्य गर्ने अख्तियारप्राप्त निकाय हो। तदनुरूप यस कार्यालयबाट खटिएको टोलीले उक्त स्थानमा G.L.D. नक्सा भिडाई सडक क्षेत्र छुट्टिने गरी चिह्न लगाउने र सार्वजनिक सूचना दिने र लगाइएको चिह्नअनुसार बाटो विस्तार गर्ने कार्य गर्न लागिएको हुँदा पुनरावेदन अदालत पाटनबाट मिति २०६९/३/२० मा भएको फैसला मिलेकै हुँदा सदर हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो।

मिसिल संलग्न कागज प्रमाण, विद्वान् कानून व्यवसायीहरूले गर्नुभएको उपर्युक्तानुसारको बहस जिकिरसमेतका आधारमा पुनरावेदन अदालत पाटनबाट मिति २०६९/३/२० मा भएको आदेश मिलेको छ, छैन ? तथा निवेदकहरूको निवेदन मागबमोजिम आदेश जारी हुनुपर्ने हो वा होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

यसमा प्रत्यर्थीहरू मध्येका काठमाडौं उपत्यका नगर विकास समितिका कर्मचारीहरूले उक्त ३ देखि ४ फिटे गोरेटो बाटोलाई केही दिनअघि हामी निवेदकहरूलाई जानकारी नदिई बाटो फराकिलो पार्ने भनी घरै भत्किने गरी चिह्नसमेत लगाएपछि घर पर्खाल भत्काउने कार्य तत्काल रोकी पाउन प्रत्यर्थी काठमाडौं उपत्यका नगर विकास समितिसमक्ष मिति २०६८/१२/१४ गते निवेदन पेस गरेकोमा सो सम्बन्धमा कुनै निर्णय नै नगरी मिति २०६८/१२/१७ गते साँझ माइकिङ गरी घर भत्काउने सम्बन्धमा माइकिङ भएकोले विपक्षीहरूले हामी निवेदकहरूलाई कुनै सुनुवाइको मौकासमेत नदिई कानूनप्रतिकूल हुने गरी, योजना वा कार्यक्रमको बारेमा जानकारीसमेत नगराई पूर्वलिखित सूचनासमेत नगरी, मुआब्जा क्षतिपूर्ति बिना नै प्रत्यर्थीहरूले जुनसुकै समयमा हामीहरूको घर कम्पाउण्डवाल भत्काउन सक्ने प्रबल आशंका रहे भएकोले नगर विकास ऐन, २०४५ को दफा ९, १०, १२ समेतको प्रतिकूल हुने र सो कार्य नागरिक अधिकार ऐन, २०१२ को प्रतिकूल रहे भएकोले उक्त बाटो फराकिलो पार्ने क्रममा हामी निवेदकहरूको कि.नं. १३९, १२३ र १२४ को जग्गामा नछुनु, कुनै भवन तथा कम्पाउन्ड वाल नभत्काउनु भनी प्रत्यर्थीहरूका नाउँमा निषेधाज्ञा जारी गरिपाउँ भन्ने रिट निवेदकहरूको मुख्य निवेदन दाबी रहेकोमा पुनरावेदन अदालत पाटनले निवेदकहरूको मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नहुँदा प्रस्तुत निवेदन खारेज हुने ठहर्छ साथै अदालतबाट मिति २०६८/१२/२३ मा जारी भएको अन्तरिम आदेशसमेत निष्क्रिय गरिदिएको छ भन्नेसमेत बेहोराको मिति २०६९/३/२० मा गरेको फैसलाउपर यी निवेदकहरूको पुनरावेदन परी आज निर्णयार्थ पेस भएको रहेछ।

२. निर्णयतर्फ विचार गर्दा, प्रत्यर्थीहरूले ३ देखि ४ फिटे गोरेटो बाटोलाई केही दिनअघि हामी निवेदकहरूलाई सूचना, जानकारी नै नदिई बाटो फराकिलो पार्ने भनी घरै भत्किने गरी चिह्नसमेत लगाएकोमा सो कार्य रोक्नको लागि काठमाडौं उपत्यका नगर विकास समितिसमक्ष मिति २०६८/१२/१४ गते निवेदन दिएकोमा सो निवेदन सम्बन्धमा कुनै निर्णय नै नगरी घर भत्काउने भनी मिति २०६८/१२/१७ गते साँझ माइकिङ भई राखेको सुनी हाम्रो निवेदनउपर के निर्णय भयो भनी जानकारी माग्न जाँदा जानकारी नदिई सुनुवाइको मौका बिना तथा मुआब्जा क्षतिपूर्ति बिना नै कानून प्रतिकूलको कार्य गर्न लागेको छ। विपक्षीहरूले

हामी निवेदकहरूको जग्गामा भएको घर कम्पाउन्ड वाल भत्काउने सम्भावना भएकोले उक्त बाटो फराकिलो पार्ने क्रममा हामी निवेदकहरूको कि.नं. १३९, १२३ र १२४ को जग्गामा नछुनु, कुनै भवन तथा कम्पाउन्ड वाल नभत्काउनु भनी प्रत्यर्थीहरूका नाउँमा निषेधाज्ञा जारी गरिपाउँ भन्ने रिट निवेदकहरूको मुख्य निवेदन दाबी रहेको पाइन्छ।

३. विवादित कि.नं. १३९, १२३, १२४ को जग्गा रहेको स्थानमा नगर विकास समितिको प्रस्ताविक ४ मिटरको G.L.D. बाटो लागू भई नियमानुसार बाटो विस्तार गर्न लागिएको हो। यो नगर विकास समिति नेपाल सरकारको मातहतमा रहेको र सरकारको नीति निर्देशनअनुसार साबिक नगर विकास ऐन, २०४५ अनुसार गठित कार्य गर्ने अख्तियारप्राप्त निकाय हो । तदनुरूप यस कार्यालयबाट खटिएको टोलीले उक्त स्थानमा G.L.D. नक्सा भिडाई सडक क्षेत्र छुट्टिने गरी चिह्न लगाई, सार्वजनिक सूचना दिई लगाइएको चिह्नअनुसार बाटो विस्तार गर्न लागेको हुँदा विपक्षीहरूको रिट निवेदन झुठा तथा मनगढन्ते हुँदा निवेदन खारेजभागी छ भन्ने बेहोराको लिखित जवाफ रहेको पाइन्छ।

४. अब निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने हो होइन ? भन्ने सम्बन्धमा विचार गर्दा, मानिसको जीवन, स्वतन्त्रता र सम्पत्ति मानिसका अविभाज्य मौलिक मानव अधिकारहरू हुन् । मानिसलाई सम्मानपूर्वक बाँच्नको लागि यी कुराहरूको अपरिहार्यता रहने हुँदा यिनलाई नागरिक स्वतन्त्रताका आधारस्तम्भको रूपमा समेत लिइन्छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ र आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ लगायतका अन्तर्राष्ट्रिय मानव अधिकारहरूको अनुबन्ध गरेका पक्ष राष्ट्रले आफ्ना नागरिकहरूलाई यी अधिकारहरू उपलब्ध गराउनु पर्ने कुरामा जोड दिएको पाइन्छ।

६. संयुक्त राष्ट्र संघको सदस्य हुनुका साथै उपर्युक्त अभिसन्धिहरूको अनुमोदन गरिसकेको हुँदा यी अभिसन्धिहरूका व्यवस्थाहरूको पालना गर्नु नेपाल सरकारको दायित्व हुने कुरामा विवाद रहँदैन।

७. नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ को उपधारा (१) र हाल प्रचलित नेपालको संविधानको धारा १६ को उपधारा (१) ले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने कुरालाई मौलिक हककै रूपमा प्रत्याभूत गरेको देखिन्छ। सम्मानपूर्वक बाँच्न पाउने हकअन्तर्गत मानिसको जीवन गुणस्तरीय रूपमा जीउन आवश्यक हुने गाँस, बास, कपास र स्वास्थ्य शिक्षा जस्ता आधारभूत विषयहरू अन्तरनिहित हुने कुरामा विवाद हुन सक्दैन।

८. यसका अतिरिक्त हाल प्रचलित नेपालको संविधानको धारा ३७ ले प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुने र कानूनबमोजिम बाहेक कुनै पनि नागरिकलाई निजको स्वामित्वमा रहेको बासस्थानबाट हटाइने वा अतिक्रमण गरिने छैन भनी बसोबासको हकलाई अनतिक्रम्य मौलिक हककै रूपमा स्थापित गरेको छ। यसरी संविधानले नै बसोबासको अधिकारलाई मौलिक हकको रूपमा छुट्टै व्यवस्था गरेबाट राज्यले नागरिकको यस हकलाई कार्यान्वयन गर्नेतर्फ बढी नै संवेदनशील भई आवश्यक तयारी गर्नुपर्ने देखिन्छ । अन्यथा संविधानमा यो हकलाई मौलिक हकको रूपमा स्थापित गरिरहनुको कुनै सार्थकता रहँदैन। संविधानमा मौलिक हकको रूपमा लेखिने तर नागरिकले उपभोग गर्न पाउने कुराको सुनिश्चितता नहुने हो भने संविधानमा आवासको अधिकारलाई मौलिक हक भन्नुको औचित्य हुँदैन।

१०. राज्यले नागरिकको बसोबासको अधिकारको सकारात्मक कार्यान्वयनको लागि संविधानले नै दायित्व सृजना गरिराखेको अवस्थामा

कुनै नागरिकले आफ्नो सामर्थ्यबाट सृजना गरेको बसोबाससँग सम्बन्धित साम्पत्तिक हकमा अतिक्रमण गर्ने कुरा सामान्य अवस्थामा कल्पनासमेत गर्न सकिँदैन । नागरिकको मौलिक हकको रूपमा संविधानले स्थापित गरेको यस्तो अधिकार कार्यान्वयन गर्न राज्यलाई केही पूर्वतयारी आवश्यक पर्नु एउटा पक्ष हुन सक्छ तर भइरहेको बसोबासमाथि हस्तक्षेप गरी यो हकको निर्वाध रूपमा उपभोगमा असर पुऱ्याउने काममा राज्य क्रियाशील हुनु हुँदैन ।

११. यसैगरी नेपालको अन्तरिम संविधान, २०६३ को धारा १९ को उपधारा (२) र हाल प्रचलित नेपालको संविधानको धारा २५ (२) ले सार्वजनिक हितको लागि बाहेक राज्यले व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्ने वा त्यस्तो सम्पत्तिउपर अरू कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्न नपाउने व्यवस्था गरेको देखिन्छ । साथै सम्बन्धित उपधारा (३) ले सार्वजनिक हितको लागि राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्दा वा त्यस्तो सम्पत्तिउपर कुनै अधिकारको सिर्जना गर्दासमेत कानूनबमोजिम क्षतिपूर्ति दिनु पर्ने संवैधानिक प्रत्याभूति गरेको देखिन्छ ।

१२. बृहत् सार्वजनिक हितको लागि राज्यले व्यक्तिको सम्पत्तिमाथि नियन्त्रण गर्न सक्ने मान्यतालाई अपवादको रूपमा स्वीकारिएको पाइन्छ । खासगरी Eminent Domain र Police Power को सिद्धान्तअनुसार राज्यले व्यक्तिको निजी सम्पत्तिमाथि नियन्त्रण, नियमन र अंकुश लगाउन सक्ने मान्यता रहेको छ । तथापि यसको प्रयोगसमेत राज्यले असीमित रूपमा गर्न सक्दैन । यसका निश्चित सीमा, प्रक्रिया र कार्यविधि रहेका हुन्छन् । त्यसका आधार र सीमाहरू राज्यको कानूनबाट निर्दिष्ट गरिएको हुनुपर्दछ । राज्यले व्यक्तिको निजी सम्पत्तिमाथि हस्तक्षेप गर्दा कानूनले निर्दिष्ट गरेका त्यस्ता आधार र सीमाहरूमा बाँधिनु पर्दछ ।

१३. जग्गा प्राप्ति ऐन, २०३४, सार्वजनिक सडक ऐन, २०३१, नगर विकास ऐन, २०४५ लगायतका प्रचलित नेपाल कानूनहरूले बृहत् राष्ट्रिय वा सार्वजनिक हितका लागि व्यक्तिको अचल सम्पत्ति राज्यले प्राप्त गर्न सक्ने अधिकारका साथै त्यसको कार्यविधि र सीमासमेत निर्धारण गरेको पाइन्छ । ती ऐनहरूमा गरिएका मुख्य व्यवस्थाहरूमा अन्य कुराका अतिरिक्त व्यक्तिको अचल सम्पत्ति प्राप्त गर्नुपर्ने आधार कारणसहितको सार्वजनिक सूचना जारी गरी सम्बन्धित स्वामित्ववालालाई पूर्वजानकारी गराउने, त्यस्तो सम्पत्तिमा जडित पूर्वाधार हटाई नयाँ बसोबासको व्यवस्थापन गर्नुपर्ने रहेछ भने सोको लागि समय दिने, सम्पत्ति प्राप्त गरेबापत उचित र पर्याप्त क्षतिपूर्ति दिने, त्यस्तो क्षतिपूर्तिको निर्धारण र प्राप्त गर्ने तरिकाका सम्बन्धमा सुसूचित गराउनेलगायतका विषयहरू समेटिएको पाइन्छ ।

१४. साथै व्यक्तिको सम्पत्ति राज्यले त्यसरी प्राप्त गर्दा प्रचलित कानूनी कार्यविधिको उचित पालना नगरिएको, व्यक्तिलाई अनुचित मर्का पर्ने गरी काम कारबाही वा निर्णय गरिएको आदि आधार र अवस्थाहरूमा पुनरावेदन गर्न पाउने कुरालाई समेत ती कानूनहरूले स्थापित गरेको देखिन्छ । यसबाट राज्यले स्वेच्छाचारी ढंगबाट नागरिकलाई निजको साम्पत्तिक हकबाट वञ्चित गराएको विषय सदैव न्यायिक पुनरावलोकनको विषय बन्ने कुरा स्पष्ट छ ।

१५. यसरी बृहत् सार्वजनिक हितको लागि व्यक्तिको सम्पत्ति प्राप्त गर्दासमेत राज्यले आफूलाई निरंकुश वा असीमित रूपमा प्रस्तुत गर्ने नभई संविधान र कानून निर्दिष्ट सीमाहरूको अधीनमा रहनु पर्दछ । अझ व्यक्तिको बसोबासको अधिकार नै अन्यथा हुने स्थितिमा राज्य थप संवेदनशील बन्नु पर्ने हुन्छ ।

१९. पछिल्लो समयमा सहरीकरणलाई व्यवस्थित बनाउन मुख्य तथा सहायक सडक एवं भित्री गल्लीहरू विस्तार, खानेपानी तथा

ढल निकासको सुधार, नदी र खोला किनाराबाट कोरिडोर सडक निर्माणलगायतका कार्यहरू भइरहेको पाइन्छ । तर यसरी राज्यले पछिवाट सञ्चालन गरेका कतिपय विकास कार्यक्रमबाट अघिदेखि नै बसोबास गरिआएका घना आवादीयुक्त क्षेत्रहरू प्रभावित बन्न पुगेको सहजै अनुमान गर्न सकिन्छ । अझ त्यस्तो कार्य गर्नुपूर्व सम्बन्धित सरोकारवाला र प्रभावित व्यक्ति र समुदायको सहमति लिने, निजहरूलाई निर्णय प्रक्रियामा सहभागी गराउने तथा समुदाय र प्रभावित व्यक्तिको सहभागितामा त्यस्ता कार्यक्रमहरू कार्यान्वयन गर्नुको सट्टा राज्यले आफ्नो शक्तिको आडमा बलपूर्वक व्यक्तिको बसोबाससमेतलाई असर पर्ने गरी निजी सम्पत्तिमा अतिक्रमण गरेको कारणबाट प्रस्तुत मुद्दा र यस्तै प्रकृतिका अन्य कैयौं विवादहरू अदालतसमक्ष आइपुगेको अवस्था हो ।

२०. वस्तुतः सहरीकरण सबैको आवश्यकता हो । सहरीकरणबाट प्राप्त हुने लाभ मुख्यतः सोही स्थानमा बस्ने नागरिकहरूप्रति केन्द्रित हुनुपर्दछ । अन्य मुलुकको दृष्टान्त हेर्दा यसप्रकारको विकास निर्माणमा नागरिकलाई नीति निर्माण, योजना छनोट र कार्यान्वयनसमेतका तीनै चरणमा समावेश गर्ने गरेको पाइन्छ । निर्देशित जग्गा विकासको माध्यमबाट सहरीकरण गर्दा वा सहरीकरण भएका वस्तीमा विकास आयोजना सञ्चालन गर्दा सामान्यतया दुई तिहाइभन्दा बढी जनसङ्ख्या र भूभागको समेत सहभागिता र सहमतिबाट सञ्चालन भएका पाइन्छन् ।

२१. प्रस्तुत मुद्दाको सुरू निवेदनमा उल्लिखित कि.नं.१३९, १२३, १२४ मा रिट निवेदकहरूको घर कम्पाउण्ड लगाई बसोबाससमेत रहेको भन्ने मिसिलको अध्ययनबाट देखिन्छ । हाल प्रत्यर्थीहरूले विस्तार गर्न लागेको बाटो G.L.D. अन्तर्गतको हो भन्ने तथ्य पनि यस अदालतको आदेशानुसार काठमाडौं उपत्यका विकास प्राधिकरणको तर्फबाट प्रमाण पेस भएको प्रतिलिपिबाट देखिन्छ । साथै विवादित G.L.D. कार्यक्रम लागू हुनुभन्दा धेरै पहिलेदेखि नै निवेदकहरूले तत्कालीन नगरपञ्चायतबाट २०४१ सालमा नै नक्सा पास गराई घर बनाएको भन्ने मिसिल संलग्न कागजातहरूबाट देखिन आएको छ । सो निर्विवाद तथ्यहरूलाई दुवै पक्षले स्वीकार गरेको देखिन्छ । यसबाट विवादित G.L.D. कार्यक्रम लागू हुनुभन्दा अगाडि नै कि.नं. १३९, १२३, १२४ का जग्गामा प्रचलित कानूनबमोजिम नक्सासमेत पास गरी निवेदकहरूले आफू बसोबास गरिरहेका घरहरू बनाएको कुरामा विवाद देखिएन । उक्त जग्गामा घर निर्माण गर्न नक्सा पास गर्दाका बखत उक्त जग्गाबाट हालको विवादित बाटो फराकिलो पार्ने कुनै योजना, मापदण्ड वा कार्यक्रम नभएको कारणले नै प्रचलित कानून र मापदण्डअनुरूप निवेदकका घरहरू निर्माणका लागि सम्बन्धित निकायले स्वीकृति दिएको मान्नु पर्ने हुन्छ ।

२२. यसरी पुनरावेदक निवेदकहरूले घर बनाई बसोबास गर्दा कायमै नरहेको मापदण्डका आडमा कुनै पूर्व सूचना वा जानकारीसम्म पनि नदिई सो फराकिलो हुन लागेको बाटोको सम्बन्धमा दिएको उजुरीउपर कुनै निर्णय नै नगरी निवेदकहरूको बसोबासको घर कम्पाउण्डमा चिह्न लगाउने र डोजर लगाई भत्काउने कार्य कुनै पनि दृष्टिकोणबाट उचित मान्न सकिँदैन । सहरीकरणको क्रममा व्यक्ति विशेषको बसोबासको सम्पत्तिमा हस्तक्षेप गर्नुपर्ने अवस्थामा सरोकारवाला व्यक्तिलाई पूर्व सूचना दिने, मन्जुरी लिने र निजको बसोबास प्रभावित हुने अवस्थामा निजलाई अर्को बसोबासको व्यवस्थापन गर्न उचित र मनासिब क्षतिपूर्ति तथा समयसमेत प्रदान गर्नु राज्यको दायित्व हुन्छ । काठमाडौं उपत्यका विकास प्राधिकरणले लिखित जवाफमा उल्लेख गरेअनुरूप G.L.D. अन्तर्गत बाटो निर्माणसम्बन्धी कानूनी व्यवस्थालाई सहारा लिएको छ सो नगर विकास ऐनको दफा १२.१.१ ले नगर योजना क्षेत्रभित्रको कुनै भागमा कम्तीमा ७५ प्रतिशत स्थानीय

नकल प्रति अदालत

जग्गाधनी र मोहीहरू समेतको सहभागिता जुटाई सेवा सुविधासम्बन्धी परियोजना तर्जुमा गर्ने र निर्देशित जग्गा विकास कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरेको पाइन्छ। सोअनुरूप यी पुनरावेदकहरूको सहमति वा मन्जुरी लिएको भनी लिखित जवाफ प्रस्तुतकर्ताले उल्लेख गर्न सकेको छैन । यस्तो अवस्थामा उक्त ऐनको दफा १२.२ ले निर्देशित जग्गा विकास कार्यक्रम लागू गर्ने क्रममा बाटो निर्माण गर्दा त्यस्तो जग्गाको मुखमा कुनै व्यक्तिको जग्गा पर्ने रहेछ र त्यस्तो व्यक्तिले जग्गा छोड्न नमानी सो बाटो खुलाउने अरू कुनै उपाय नभएमा त्यस्तो जग्गा दफा १६ बमोजिम प्राप्त गरिनेछ । त्यसरी जग्गा प्राप्त गर्दा दिनुपर्ने क्षतिपूर्तिको रकममध्ये ५० प्रतिशत रकम समितिले र बाँकी ५० प्रतिशत रकम जग्गा विकास कार्यक्रम लागू गरिँदा लाभान्वित हुने व्यक्तिहरूले बेहोर्नु पर्नेछ भन्ने व्यवस्था गरी कसैको जग्गा बाटो निर्माणको लागि आवश्यक भएमा या त सहमति लिनुपर्ने या क्षतिपूर्ति दिएर मात्र जग्गा प्राप्त गर्नुपर्ने अनिवार्यता कानूनले सिर्जना गरेको छ। यस दायित्वबाट कुनै पनि निकाय, पदाधिकारी वा व्यक्तिले उन्मुक्ति पाउन सक्ने देखिँदैन।

२४. विकास निर्माणका आयोजना छनौट र निर्माणको चरणदेखि नै सम्बन्धित सरोकारवाला नागरिक वा त्यसबाट प्रत्यक्ष रूपमा प्रभावित हुने व्यक्ति विशेषलाई सुसूचित गराउनु पर्दछ । साथै विकास आयोजनाको सञ्चालनबाट व्यक्तिको घर बसोबासलगायत कुनै सम्पत्तिमा असर पर्ने अवस्था भएमा प्रचलित कानूनबमोजिम उचित र पर्याप्त क्षतिपूर्ति वा मुआब्जा नदिई राज्यले आफ्नो शक्तिको आडमा जबरजस्ती त्यस्तो व्यक्तिगत सम्पत्तिमा अतिक्रमण गर्न मिल्दैन।

२५. राज्य नागरिकको संरक्षक भएको हुँदा राज्यले सबै नागरिकहरूको अभिभावकत्व लिन सक्नु पर्दछ । एकथरी नागरिकलाई सुविधा दिने नाममा अर्कोथरीमाथि पूर्वाग्रह राखी अन्याय हुने अवस्था राज्यले सिर्जना गर्न हुँदैन। राज्यका क्रियाकलापहरू न्यायोचित मात्र नभई सबै नागरिकका लागि समन्यायिकसमेत हुनुपर्दछ । खासगरी दीर्घकालीन नीति र योजनाको अभावमा सहरी क्षेत्रमा अव्यवस्थित बसोबास भएको र त्यसबाट सडक आवागमन, ढल निकास, खानेपानी, विद्युत्, टेलिफोनलगायत आधुनिक पूर्वाधारका सेवा विस्तारमा कठिनाई परेको हुन सक्दछ। तर राज्यको नीतिगत कमजोरीका कारण सिर्जित भएको जटिलताको दोष निर्दोष नागरिकले मात्रै बहन गर्नुपर्दछ भन्ने सोच र कार्यशैली न्यायपूर्ण होइन।

२६. एक पटक प्रचलित कानूनबमोजिम घर निर्माणको लागि इजाजत लिई निवेदकहरूको बसोबासको लागि घर निर्माण भइसकेपछि त्यस्तो घर रहेको जग्गा नेपाल सरकार वा त्यसको कुनै निकायले बाटो फराकिलो पार्ने प्रयोजनको लागि वा अन्य कुनै सार्वजनिक प्रयोजनका लागि लिनु पर्ने भएमा सोको सूचना दिई प्रचलित कानूनबमोजिम कारबाही चलाई निवेदकहरूलाई उचित र विधिसम्मत रूपमा क्षतिपूर्ति दिई प्राप्त गर्नुपर्ने हुन्छ।

२७. तत्काल प्रचलित कानून र मापदण्डअनुरूप नागरिकले घर निर्माण गरी बसी आएको अवस्थामा पछिबाट तयार पारिएका मापदण्ड वा नीति कार्यान्वयन गर्नुपर्दा प्रभावित व्यक्तिलाई सुसूचित गराउनुपर्ने, निजको मन्जुरी लिने र उचित र पर्याप्त क्षतिपूर्ति दिई त्यस्तो व्यक्तिको सो सम्पत्ति क्षेत्रमा सो कठिनाई हटाउन सडक विस्तारलगायतका पूर्वाधार विकासका कार्यहरू सरकारले सञ्चालन गर्न सक्दछ।

२८. सडक विस्तार गर्न आवश्यक भएमा राज्यले सडक विस्तारलगायतको सुधार र विकासका कार्यहरू गर्न व्यक्तिको जग्गा वा घर परेमा कानूनी प्रक्रिया अवलम्बन गरेर मात्र प्राप्त गर्नु पर्दछ। विकासको नाममा राज्यले कुनै व्यक्तिको सम्पत्ति जबरजस्ती मर्का पर्ने गरी लिन र कब्जा गर्न मिल्दैन। त्यसमा पनि घरबास भनेको

कुनै पनि व्यक्तिको आधारभूत आवश्यकताभित्रको वस्तु हुँदा घरबास भत्काउँदा वा घरबासको जग्गा प्राप्त गर्दा राज्यले अझ बढी संवेदनशीलता देखाउनु पर्ने हुन्छ । त्यसैले कुनै पनि सहरी क्षेत्रमा विकास निर्माण वा बाटो विस्तार वा G.L.D लगायतको कार्यक्रम लागू गर्नुपूर्व नियमनकारी निकायहरूले सो विषयमा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

२९. यस विवादका पुनरावेदक निवेदकहरूले कि.नं.१३९, १२३, १२४ को जग्गामा G.L.D. कार्यक्रम सुरू हुनुपूर्व नै घर बनाई बसोबास गरी आएकोमा कुनै विवाद देखिएको छैन । पुनरावेदकको जिकिरबमोजिम प्रस्तावित सडक विस्तार गर्ने हो भने निवेदकहरूको जग्गाको प्रायः भाग सडकमा पर्ने अवस्था देखिन्छ । सो घरजग्गा निःशुल्क प्रदान गर्न निवेदकहरूले मन्जुरी दिएको वा निजहरू सहमत रहेको भनी प्रत्यर्थीहरूले उल्लेख गर्न नसकेको तथा उक्त घरजग्गा प्राप्त गर्न प्रत्यर्थीहरूले कानूनबमोजिम प्रक्रिया अपनाएको वा मुआब्जा र क्षतिपूर्ति दिएको भनी भन्न सकेको पनि देखिँदैन । विकासको नाममा विधि र प्रक्रिया पूरा नगरी व्यक्तिको सम्पत्ति सरकारले प्राप्त गर्न सक्दैन । यदि उक्त स्थानमा G.L.D. कार्यक्रमअन्तर्गत बाटो विस्तार गर्न आवश्यक देखिएमा निःशुल्क जग्गा उपलब्ध गराउन मन्जुर गरेमा बाहेक प्रत्यर्थीहरूलाई उचित क्षतिपूर्ति / मुआब्जा दिएर मात्र राज्यले निजहरूको घरजग्गा प्राप्त गर्नु पर्दछ । निवेदकहरूले उक्त बाटो विस्तारको लागि आफ्नो घरजग्गा दिन मञ्जुर नगरेको अवस्थामा निजहरूको घरजग्गा प्राप्त गर्नु पर्दा कानूनको उचित प्रक्रिया पूरा गरी मुआब्जा वा क्षतिपूर्ति दिनुपर्नेमा सो केही नगरी निवेदकहरूको घर जग्गा भत्काई सडक विस्तार गर्ने भनी माइकिङ् गरी चिह्नसमेत लगाएको कार्यलाई कानूनअनुरूपको हो भनी मान्न मिल्ने देखिएन ।

३०. प्रत्यर्थी काठमाडौं उपत्यका नगर विकास समितिले उपर्युक्तानुसार पुनरावेदक निवेदकहरूको घरजग्गामा बाटो विस्तारका लागि चिह्न लगाउने र भत्काउनेसमेत कार्य गर्नुअघि कुनै पूर्व सूचना वा जानकारी तथा क्षतिपूर्ति दिएको भन्न सकेको पाइँदैन । साथै प्रत्यर्थीहरूले घर निर्माण गर्नुअघि नै G.L.D मापदण्ड लागू भएको वा सोबापत क्षतिपूर्ति लिइसकेको भन्न र सोको प्रमाण दिन सकेको पनि छैन । यस स्थितिमा राज्यको जिम्मेवार निकायले नागरिकको संविधान र कानून प्रदत्त हकको संरक्षण गरेको भन्ने नभई उल्टै प्रचलित कानूनले तोकेको कार्यविधि र सीमा नै उल्लङ्घन गरी एकतर्फी रूपमा पुनरावेदकहरूको घरबसोबास प्रभावित हुने गरी बाटो विस्तार गर्न लागेको भन्ने देखिन आएको अवस्थामा पनि निवेदकहरूको मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नहुँदा प्रस्तुत निवेदन खारेज हुने ठहर्‍याई भनी पुनरावेदन अदालत पाटनबाट मिति २०६९/३/२० मा भएको फैसला मिलेको देखिन आएन ।

३१. अतः माथि उल्लिखित आधार कारणसमेतबाट कानूनबमोजिमको रीत पुर्‍याई, पूर्वसूचना वा जानकारी तथा उचित क्षतिपूर्ति दिई यी पुनरावेदक निवेदकहरूको घरजग्गामा बाटो विस्तारका लागि चिह्न लगाउने र भत्काउने कार्य गर्नुपर्नेमा सो कार्यहरू नगरी प्रत्यर्थीहरूले उल्टै प्रचलित कानूनले तोकेको कार्यविधि र सीमा नै उल्लङ्घन गरी एकतर्फी रूपमा पुनरावेदकहरूको घर बसोबासलाई प्रभावित हुने गरी बाटो विस्तार गर्न लागेको भन्ने देखिन आएकोले निवेदकहरूको मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नहुँदा प्रस्तुत निवेदन खारेज हुने ठहर्छ भनी पुनरावेदन अदालत पाटनबाट मिति २०६९/३/२० मा भएको फैसला मिलेको नदेखिँदा उल्टी हुने ठहर्छ । अब, यी पुनरावेदक निवेदकहरूको मन्जुरी नलिई वा उचित मुअब्जा, क्षतिपूर्ति नदिई कि.नं.१३९, १२३ र १२४ को घरजग्गामा चिह्न लगाउने र भत्काउने कार्य नगर्नु

नगराउनु तथा उक्त घरजग्गामा भएको भवन तथा कम्पाउन्ड वाल नभत्काउनु भनी विपक्षी प्रत्यर्थीहरूको नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ठहर्छ । विपक्षीहरूलाई अविलम्ब प्रस्तुत मुद्दाको फैसलाको जानकारी गराई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या. दीपकराज जोशी

इजलास अधिकृतः प्रेम खड्का / शा.अ.: दिपेन्द्र कुमार तिवारी
इति संवत् २०७४ साल कार्त्तिक २६ गते रोज १ शुभम् ।

निर्णय नं. १००४७

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हा
आदेश मिति : २०७४।६।२५
०७३-WO-१२००

विषयः- उत्प्रेषण / परमादेश

निवेदक : जिल्ला सुर्खेत, वीरेन्द्रनगर नगरपालिका वडा नं. ५ घर भई हाल जिल्ला जनस्वास्थ्य कार्यालय सुर्खेतमा कार्यरत वर्ष ३६ को नवराज पौडेलसमेत

विरूद्ध

विपक्षी : लोक सेवा आयोग, अनामनगर, काठमाडौंसमेत

- **कुनै ऐन वा दफामा भएको सामान्य कानूनी व्यवस्थालाई विशेष कानूनी व्यवस्थाले override (नियन्त्रित वा परिसीमित) गर्ने र त्यस्तो भएमा override गर्ने कानूनी व्यवस्था लागू हुने अवस्थामा सामान्य कानूनी व्यवस्था लागू हुन सक्दैन । ऐनका दफा, उपदफा वा कानूनी व्यवस्थाहरू प्रायः स्वतन्त्र हुने भएपनि कुनै कानूनी प्रावधानलाई अर्को कानूनी प्रावधानले परिसीमित गरेको अवस्थामा सामान्य दफा, उपदफा वा कानूनी व्यवस्थाहरू लागू नभई परिसीमित (override) गर्ने विशेष कानूनी व्यवस्था नै लागू हुने ।**
- **नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २६(१) सामान्य कानूनी व्यवस्था भई सो कानूनी व्यवस्थालाई ऐ. उपदफा (२) ले परिसीमित (override) गरेको देखिएकाले उपदफा (२) को कानूनी प्रावधान नै लागू हुने ।**

(प्रकरण नं. ६)

निवेदकतर्फबाट : विद्वान् अधिवक्ता श्री रामचन्द्र पौडेल
विपक्षीतर्फबाट : विद्वान् सहन्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठी
अवलम्बित नजिर :
सम्बद्ध कानून :

- नेपाल स्वास्थ्य सेवा ऐन, २०५३
- नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५

आदेश

न्या.ओमप्रकाश मिश्र : नेपालको संविधानको धारा ४६ तथा १३३ बमोजिम दर्ता भई नियमानुसार पेस हुन आएको प्रस्तुत रिट निवेदनको

संक्षिप्त तथ्य एवं आदेश यसप्रकार छः-

हामी निवेदकहरू मध्ये म गगनसिंह पाण्डे मिति २०५६।८।१०, म नवराज पौडेल मिति २०६१।५।७ मा, म बेदराम ओली मिति २०६०।५।३०, म यादवप्रसाद शर्मा मिति २०५९।९।७, म विवेक बि.एम. मिति २०६६।२।२८, म वीरभान बोहरा मिति २०६५।१२।२१, म डिल्लीबहादुर के.सी. मिति २०५९।१२।२०, म विष्णुमाया थापा मिति २०६१।५।११, म सुरेशप्रसाद गैरे मिति २०५९।११।२८, म बलराम दाहाल मिति २०६६।३।४ मा, म विरोध पाण्डे मिति २०६६।२।२४, म डिलाराम भुषाल मिति २०५९।१०।१५, म गणेश बहादुर कुँवर मिति २०६६।२।३१ को निर्णयानुसार अ.हे.व. सहायक चौथो तहमा सुरू नियुक्ति तथा स्तरवृद्धि भई विभिन्न मितिमा सहायक पाँचौं तहमा तहमिलान तथा स्तरवृद्धि भई निवेदन खण्डमा उल्लिखित स्थानमा सेवारत रही आएका छौं । उल्लिखित बेहोराबमोजिम सेवारत रही पेसा रोजगारी गर्न पाउने र रोजगारीको अभ्यास गर्न पाउने हकलाई नेपालको संविधानको धारा १७, १८, ३३ एवं स्वास्थ्य सेवा ऐन, २०५३ र स्वास्थ्य सेवा नियमावली, २०५५ समेतले संरक्षण प्रदान गरेको छ।

यसरी आफ्नो सेवामा सेवारत रही आएका हामी निवेदकहरूले कानूनबमोजिम रोजगारी गर्ने र रोजगारीको अभ्यास गर्ने हकलाई संविधान प्रदत्त मौलिक हक एवं स्वास्थ्य सेवा ऐन, २०५३ मा व्यवस्थित कानूनी हकको आधारमा प्रयोग गर्नलाई कसैले रोक्न सक्दैन। स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८ र दफा २६ लाई (स्वास्थ्य सेवा ऐन, २०५३ चौथो संशोधन २०७०।१२।१२) संशोधन गरी दफा ८(३) मा खुला तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति हुने कुनै तहको पदमा समान तहको वा समान तहमा स्तरवृद्धि भई पदनाम प्राप्त गरेको तर यो ऐनबमोजिम समायोजन भई पदस्थापना भई नसकेको कुनै कर्मचारीले त्यस्तो परीक्षाको लागि निर्धारित योग्यता पूरा गरेको भएमा निजसमेत सो परीक्षामा सामेल हुन सक्छ भन्ने कानूनी व्यवस्था रहेको छ भने दफा २६(२) मा उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्थामा कर्मचारीहरू बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछन्: (ख) बढुवा हुने पदभन्दा एक तहमुनिको पदमा कम्तीमा आठ वर्ष सेवा अवधि पूरा गरेको भएमा र ऐ (ग) मा सेवाका कुनै तहको पदमा कम्तीमा २ वर्ष काठमाडौं उपत्यकाबाहिरका जिल्लामा सेवा गरेका र बढुवा हुने पदभन्दा एक तहमुनिको पदमा पाँच वर्ष सेवा गरेको भएमा भन्ने व्यवस्था रहेबाट हामी निवेदकहरू चौथो तहमा कम्तीमा ७, ८ वर्ष बढी निरन्तर कामकाज गरी आएकोमा ती माथिल्लो तहमा बढुवा हुन पाउनेमा विवाद छैन।

यसरी स्वास्थ्य सेवा ऐनमा मिति २०७०।१२।१२ मा चौथो संशोधनपश्चात् आन्तरिक प्रतियोगिताबाट बढुवा हुनको लागि विभिन्न योग्यताहरू तोकिएको भए तापनि अन्य योग्यताको अतिरिक्त वा अन्य तालिम शैक्षिक योग्यता नभए तापनि स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २६(२)(ख)(ग) बमोजिम बढुवा हुने पदभन्दा १ तहमुनिको पदमा निर्धारित सेवा अवधि पूरा गरेको कर्मचारीले आन्तरिक बढुवामा भाग लिन पाउने स्पष्टै छ । त्यसैगरी दफा २६(२)(ग) मा सेवाको कुनै पदमा २ वर्ष उपत्यकाबाहिर र बढुवा हुने पदभन्दा एक तहमुनिको पदमा पाँच वर्ष सेवा गरेको भएमा भन्ने व्यवस्थाबमोजिम विपक्षी लोक सेवा आयोगको सूचना नं. ८३०।०७३।०७४ वि.नं. १४३१५।०७३-७४ सूचना नं. ८३० वि.नं. ११४१८।०७३-७४ मा उल्लिखित दफा २६(२) को व्यवस्थाबमोजिम बढुवाको लागि उम्मेदवार हुन पाउने व्यवस्था गरी सूचना प्रकाशित भएकोमा हामी निवेदकहरूसमेत माथि उल्लिखित कानूनी व्यवस्थाबमोजिम उम्मेदवार हुन योग्य रहेको स्पष्ट हुन्छ।

यसप्रकार स्वास्थ्य सेवा ऐन, २०५३ चौथो संशोधनबाट दफा २६(२) को व्यवस्थाबमोजिम मिति २०७३।१०।२६ मा प्रकाशित विज्ञापनमा दरखास्त फाराम भरी लिखित परीक्षा दिन प्रयासरत रहिरहेकोमा हामी निवेदकहरूले अनलाइनमार्फत फाराम भरेकोमा विपक्षीहरूबाट हामी निवेदकको फाराम अनलाइनमार्फत You have no required qualification (CMA) भनी निवेदकको दरखास्त फाराम अस्वीकृत गरी स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २६(२) मा उल्लिखित कानूनी व्यवस्थाको उल्लङ्घन गरी अन्याय गरेबाट हामी निवेदकको दरखास्त फाराम बुझी निर्धारित परीक्षामा समावेश गराई कानूनबमोजिम उत्तीर्ण भएमा नियुक्तिसमेत दिनु दिलाउनु भनी आदेश गरी पाउन सम्मानित अदालतको शरणमा आएका छौं।

यसरी हामी निवेदकहरूको दरखास्त फाराम अस्वीकृत गरेकोमा निवेदकमध्ये म सुरेशप्रसाद गैरेले विपक्षी लोक सेवा आयोगसमक्ष लिखित जानकारी माग गर्दा मिति २०७४।१।२४ मा मात्र लोक सेवा आयोगको विज्ञापन सूचनामा मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.व. वा सि.एम.ए. कोर्ष उत्तीर्ण गरी सि.एम.ए. तालिम प्राप्त भनी उल्लेख भएको तर निजको शैक्षिक योग्यता अ.हे.ब. कोर्ष उत्तीर्ण मात्र देखिएकोले दरखास्त फाराम अस्वीकृत भएको प्रमाणित गरिन्छ भनी हामी सम्पूर्ण निवेदकहरूलाई प्रभाव पार्ने किसिमको सूचना / पत्र प्रकाशन गरिएको र मिति २०७४।१।२४ च.नं. २३३ को उक्त पत्र स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २६(२) को विपरीत भएकोले उत्प्रेषणको आदेशले बदर गरी ऐनको दफा २६(२) बमोजिम सेवा अवधि पुगेका हामी निवेदकलाई निर्धारित परीक्षामा परीक्षा फाराम लिने व्यवस्था गरी परीक्षामा समावेश गरी पाउन परमादेशलगायत आवश्यक र उचित आदेश जारी गरिपाऊँ। साथै स्वास्थ्य सेवा ऐन, २०५३ मा मिति २०७१।१२।१२ मा संशोधन हुनुपूर्वको शैक्षिक योग्यता र अनुभव तोकी हामी निवेदकलाई उल्लिखित आन्तरिक प्रतियोगिताको प्रतिस्पर्धाबाट अलग्याउने र भविष्यमा समेत भाग लिन नपाउने गरी भएको भनिएको विपक्षीहरूको कार्य तथा मिति २०७४।१।२४ को पत्रलगायत सो सम्बन्धमा अन्य कुनै निर्णय भए सोसमेत बदर गरिपाऊँ।

ऐनको दफा २६(२)(ख) बमोजिम सेवा अवधिको आधारमा आ.प्र. (पाँचौं) मा भाग लिन पाउने भनी यही समान विषयवस्तु समावेश भएको विषयको सम्बन्धमा निवेदक देवनारायण उपाध्याय विपक्षी लोक सेवा आयोगसमेत भएको ०७३-WO-००१९ नं. को रिट निवेदनमा सम्मानित सर्वोच्च अदालतबाट मिति २०७३।१।१३ गते दफा २६ सम्बन्धमा बृहत् व्याख्या भई रिट निवेदन जारी भइसकेको अवस्थामा हामी निवेदकको दरखास्त पत्र लिन अस्वीकार गर्नु माथि उल्लिखित रिट निवेदनको विपरीत हुनाका साथै सम्मानित अदालतको आदेशको अवहेलनाको विषयसमेत हुने स्पष्टै छ।

अतः माथि उल्लिखित आधार कारणहरू एवं मिसिल संलग्न प्रमाण कागजहरूबाट स्वास्थ्य सेवा ऐन, २०५३ मा मिति २०७०।१२।१२ मा चौथो संशोधन भई दफा २६ मा शैक्षिक योग्यताका अतिरिक्त निश्चित सेवा अवधिको आधारमा समेत आ.प्र. मा भाग लिन पाउने व्यवस्थाबमोजिम २०७१/०७२ को सूचना नं. ६९७/०७१/७२ बाट सेवा अवधिको आधारमा हामीसरहका अन्य कर्मचारीले आ.प्र. मा भाग लिई नियुक्ति पदस्थापनसमेत भइसकेको र यसै प्रकृतिको एउटै विषयमा यसै सम्मानित अदालतबाट ०७३-WO-००१९ नं. को रिट निवेदनमा व्याख्यासमेत भइसकेको परिप्रेक्ष्यमा हामी निवेदकहरूको दरखास्त फाराम अस्वीकृत गर्ने विपक्षीहरूबाट कुनै निर्णय भएको भए सो र हामी निवेदकलाई SMS मार्फत जानकारी गराइएको दरखास्त फाराम अस्वीकृत गर्ने जानकारी मिति २०७४।१।२४ को च.नं. २३३ को

लोक सेवा आयोग दरखास्त व्यवस्थापन केन्द्रको पत्र, मिति २०७०।१०।२६ को विज्ञापनको बढुवा हुन तोकिएको शैक्षिक योग्यता प्राप्त गरेको हुनुपर्नेछ भन्ने वाक्यांश र सोसँग सम्बन्धित अन्य निर्णय एवं चिठ्ठीहरू समेत नेपालको संविधानको धारा १७, १८, ३३ एवं स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८(३), २६(२) तथा सम्मानित सर्वोच्च अदालतबाट ०७०-WO-१९५० करिसिंह भुल वि. लोक सेवा आयोग भएको मुद्दा र निवेदक देवनारायण उपाध्याय विपक्षी लोक सेवा आयोग भएको ०७३-WO-००१९ मुद्दामा प्रतिपादित नजिर सिद्धान्तविपरीत भएकोले उत्प्रेषणको आदेशले बदर गरी हामी निवेदकहरूको दरखास्त फाराम बुझी लिई परीक्षामा समावेश गराई लिखित परीक्षाफल प्रकाशित गराउनु र अन्तर्वार्तामा समावेश गरी अन्तर्वार्तासमेतको परीक्षाफल प्रकाशित गर्नु साथै यसपछिका प्रतियोगितामा समेत भाग लिन रोक नलगाउनु भनी परमादेशलगायत आवश्यक र उचित आदेश जारी गरिपाऊँ। साथै प्रस्तुत विषयमा तत्काल अन्तरिम आदेश जारी नगरेको अवस्थामा विपक्षीहरूको गैरकानूनी सूचना एवं परिपत्रले मूर्तरूप लिई हामी निवेदकहरूले निर्धारित योग्यता पूरा गरी ऐनले स्पष्ट रूपमा व्यवस्था गरेको कानूनी हकबाट वञ्चित हुनुपर्ने अवस्था सिर्जना भई सेवा सन्तुलनको दृष्टिकोणले निवेदकहरूलाई अपूरणीय क्षति पुग्ने हुँदा विपक्षी लोक सेवा आयोगबाट विज्ञापन नं. ११४१८/०७३/०७४, विज्ञापन नं. १४३१५/०७३/०७४ को सूचनामा हामी निवेदकलाई समावेश गराई हाम्रो दरखास्त फाराम बुझी परीक्षामा समावेश गराउनु र विपक्षी लोक सेवा आयोगको च.नं. २३३ मिति २०७४।१।२४ को पत्रलगायत हाम्रो दरखास्त फाराम नबुझ्ने सूचनासमेत प्रस्तुत रिटको किनारा नलागेसम्म यथास्थानमा राख्नु भनी विपक्षीहरूको नाममा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी गरिपाउँ भन्ने बेहोराको रिट निवेदन पत्र।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? आदेश जारी हुन नपर्ने भए आधार कारणसहित यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी विपक्षीहरूका नाममा यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना पठाई सोको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयलाई दिई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू । साथै निवेदकले अन्तरिम आदेश माग गरेतर्फ विचार गर्दा दुवै पक्षको कुरा सुनी निर्णय गर्न उपयुक्त हुने हुँदा अन्तरिम आदेश छलफलका लागि मिति २०७४।२।७ गतेको दिन तोकी विपक्षीहरूलाई सोको सूचना दिई यसैसँग सम्बन्धित ०७३-WO-००१९ नं. को रिटसमेत साथै राखी नियमानुसार गरी पेस गर्नु भन्ने यस अदालतको मिति २०७४।२।३ गतेको आदेश।

यस सम्बन्धमा स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २६(२)(ग) मा सेवाको कुनै तहको पदमा कम्तीमा २ वर्ष काठमाडौं उपत्यकाबाहिरको जिल्लामा सेवा गरेको र बढुवा हुने पदभन्दा १ तहमुनिको पदमा ५ वर्ष सेवा गरेको कर्मचारी बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन पाउने व्यवस्था भइरहेकोमा यी निवेदकहरूको योग्यता उपर्युक्तानुसार पुगिरहेकोमा विवाद नभएकोले पछि ठहरेबमोजिम हुने नै हुँदा फाराम अस्वीकृत हुँदा निजहरूलाई पर्न जाने अपूरणीय क्षति र सुविधा तथा सन्तुलनसमेतको दृष्टिकोणबाट हाल लोक सेवा आयोगबाट प्रकाशित सूचना नं. ८३०/०७३/०७४ विज्ञापन नं. १४३१५/०७३-०७४ सूचना नं. ८३ विज्ञापन नं. ११४१८/०७३-०७४ मा निवेदकहरूको दरखास्त फाराम नबुझ्ने सूचना कार्यान्वयन नगरी यथास्थितिमा राखी दरखास्त फाराम स्वीकृत गरी परीक्षामा समावेश गर्नु गराउनु भनी विपक्षीहरूको

नाममा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ । अन्तरिम आदेश जारी भएको सूचना विपक्षीहरूलाई यथाशीघ्र दिनु भन्ने मिति २०७४।२।९ मा यस अदालतबाट भएको आदेश ।

प्रस्तुत रिट निवेदनमा लोक सेवा आयोग, पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय पोखरालाई किन विपक्षी बनाइएको हो खुलेको छैन । उक्त विज्ञापनहरू यस निर्देशनालयसँग सम्बन्धित रहेको पनि देखिँदैन । निज निवेदकहरूको जिकिर लिएको माथि उल्लिखित विज्ञापनहरू यस निर्देशनालयबाट प्रकाशन भएको पनि नदेखिएको साथै यस निर्देशनालयको काम कारबाहीबाट निवेदकको कानूनप्रदत्त हकमा कुनै आघात नपुगेको अवस्था हुँदा विना आधार र कारण हचुवाका भरमा यस निर्देशनालयलाई विपक्षी बनाएको देखिँदा निवेदकको मागबमोजिम रिट जारी हुनुपर्ने अवस्था देखिँदैन । रिट निवेदन खारेज गरी पाउन सम्मानित सर्वोच्च अदालतसमक्ष सादर अनुरोध छ भन्ने बेहोराको विपक्षी लोक सेवा आयोग पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय पोखराको लिखित जवाफ ।

निवेदकहरूले यस मन्त्रालयलाई विपक्षी बनाएपनि सोको कारण उल्लेख गर्न नसकेको र सक्ने अवस्था पनि नभएकोले प्रत्यर्थी मन्त्रालयका विरूद्ध कुनै आदेश जारी गर्न मिल्दैन । यस मन्त्रालयबाट निवेदकले उल्लेख गरेका कानूनी व्यवस्था तथा नजिरविपरीत कुनै काम कारबाही तथा निर्णय नहुनुका अतिरिक्त कानूनी व्यवस्थाको उल्लङ्घन भएको छैन । कानूनले निर्धारण गरेको न्यूनतम योग्यता नपुगेका कारण दरखास्त अस्वीकृत भएको हुँदा निवेदकहरूलाई नेपालको संविधानको धारा १७, १८, ३३ ले प्रदत्त हकमा आघात परेको तथा पर्न सक्ने अवस्था नै छैन । तसर्थ यी निवेदकहरूको कुनै हक अधिकार कुनै प्रकारले आघात नभएको र निवेदन मागदाबी कानूनसम्मत नभएकोले रिट जारी गर्न मिल्दैन, खारेजभागी छ, खारेज गरिपाउँ भन्ने बेहोराको विपक्षी स्वास्थ्य मन्त्रालयको लिखित जवाफ ।

विपक्षी रिट निवेदकहरूले स्वास्थ्य सेवा विभागको के कुन कारबाहीबाट निजहरूको संविधानप्रदत्त रोजगारीसम्बन्धी हकबाट वञ्चित गरायो भन्ने कुरा स्पष्ट खुलाउन सकेको छैन । कुनै पनि खुला प्रतियोगिता र आन्तरिक प्रतियोगिताको विज्ञापनलगायत सबै कर्मचारी छनौट गर्ने कार्य संवैधानिक निकाय लोक सेवा आयोगको हो । आन्तरिक प्रतियोगिता तथा खुला प्रतियोगिताका विज्ञापन कानूनबमोजिम लोक सेवा आयोगले निर्धारण गरी पदपूर्ति गर्ने हुँदा यस विषयमा विभागको दरबन्दीसम्बन्धी रिक्त पदको जानकारी दिनेबाहेक कुनै समन्वय र संलग्नता रहेको हुँदैन । यी रिट निवेदकहरू स्वास्थ्य सेवाअन्तर्गतका कर्मचारी भएको नाताले मात्र स्वास्थ्य सेवा विभागलाई विपक्षी बनाउनु न्यायोचित नभएको, विभागको तर्फबाट रिट निवेदनमा उल्लेख भएअनुसार विपक्षीहरूको हक अधिकार हनन् हुने कुनै पनि काम कारबाही नभएको हुँदा यस विभागको हकमा प्रस्तुत रिट निवेदन खारेजभागी छ, खारेज गरिपाउँ भन्ने बेहोराको विपक्षी स्वास्थ्य सेवा विभागको लिखित जवाफ ।

नेपाल स्वास्थ्य सेवा, हे.ई. समूह, पाँचौ तह सि.अ.हे.व. / हेल्थ असिस्टेन्ट पदको लागि नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम १५ सँग सम्बन्धित अनुसूची-७ बमोजिम तोकिएको न्यूनतम शैक्षिक योग्यता नभएका दरखास्त फाराम बुझाउने कर्मचारीको दरखास्त अस्वीकृत गरेकोमा सम्मानित अदालतबाट निवेदक देवनारायण उपाध्यायसमेत १७ जना र विपक्षी लोक सेवा आयोगसमेत भएको उत्प्रेषण निवेदनमा निवेदकहरूलाई सहभागी गराई परीक्षाफल प्रकाशित गर्नु भन्ने आदेश भएको जानकारी यस आयोगमा प्राप्त भएपछि सोही प्रकृतिका योग्यता भएका उम्मेदवारहरूको दरखास्त स्वीकृत गर्ने भनी मिति

२०७४।२।९ मा आयोगबाट निर्णय भएको छ।

उक्त सम्बन्धमा सम्मानित अदालतबाट भएको मिति २०७४।२।१२ को अन्तरिम आदेश र आयोगको उक्त निर्णयका आधारमा उक्त पदका लागि नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची-७ बमोजिमको शैक्षिक योग्यता नभए पनि नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २६ को उपदफा (२) बमोजिमको योग्यता पूरा भएका स्वास्थ्य सेवाका कर्मचारीहरूलाई आन्तरिक प्रतियोगिताबाट हुने बढुवामा उम्मेदवार कायम गरिएको र निवेदकहरू पनि उम्मेदवार कायम भई निजहरूले लिखित परीक्षासमेत दिइसकेको हुँदा प्रस्तुत रिट निवेदनको औचित्य समाप्त भइसकेकोले निवेदन मागदाबी खारेज गरिपाउँ भन्ने बेहोराको विपक्षीहरू लोक सेवा आयोग केन्द्रीय कार्यालय अनामनगर र सो कार्यालयका सचिवको छुट्टाछुट्टै लिखित जवाफ।

यस निर्देशनालयको विज्ञापन नं. ११४१८/०७३-०७४ बाट नेपाल स्वास्थ्य सेवा हे.ई. समूहको आन्तरिक प्रतियोगिताबाट पदपूर्ति गर्ने गरी मिति २०७३ साल माघ २६ गते विज्ञापन भएको थियो । लोक सेवा आयोगको केन्द्रीय कार्यालयबाट विज्ञापन प्रकाशन गर्दा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची-७ मा उल्लेख गरिएको शैक्षिक योग्यता नै उल्लेख गरी प्रकाशन गरिएको थियो। स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची-७ मा नेपाल स्वास्थ्य सेवा, हे.ई. समूहको आन्तरिक प्रतियोगितामा सहभागी हुन मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.व. वा सि.एम.ए. कोर्ष उत्तीर्ण गरी सि.अ.हे.व. तालिम प्राप्त भएको हुनुपर्ने कानूनी व्यवस्था गरेअनुरूप सोही योग्यता भएका उम्मेदवारहरूको दरखास्त लिईआएकोमा रिट निवेदक देवनारायण उपाध्यायसमेत र विपक्षी लोक सेवा आयोगसमेत भएको मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट आदेश भएपछि उक्त पदमा स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २६(२) समेतको आधारमा उम्मेदवारहरूको दरखास्त फाराम स्वीकृत गर्ने गरी लोक सेवा आयोग केन्द्रीय कार्यालयबाट मिति २०७४।२।९ मा निर्णयसमेत भएको छ।

लोक सेवा आयोगबाट प्रकाशित विज्ञापनअनुसारका पदहरूमा अनलाइनबाट दरखास्त पेस गर्नुपर्ने व्यवस्था छ । यस निर्देशनालयबाट सम्बन्धित विज्ञापन तथा पदमा दरखास्त स्वीकृत भई रोल नम्बर कायम भएका यस निर्देशनालयको क्षेत्राधिकारभित्र लिखित परीक्षा, प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता तथा सिफारिससम्बन्धी कार्यसँग मात्र सम्बन्धित भएकोले निवेदकहरूको दरखास्त स्वीकृतिसम्बन्धी काम कारबाहीमा लोक सेवा आयोग, मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, नयाँ बानेश्वरको संलग्नता नभएकोले यस निर्देशनालयलाई विपक्षी बनाउनुपर्ने कुनै आधार र कारण रहेको देखिँदैन। तसर्थ निवेदकहरूको रिट निवेदन खारेजभागी छ, खारेज गरिपाउँ भन्ने बेहोराको विपक्षी लोक सेवा आयोग मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय नयाँ बानेश्वरको लिखित जवाफ।

दुवै पक्षबाट १० दिनभित्र बहसनोट मगाई प्राप्त भएपछि उक्त बहसनोट प्रस्तुत मिसिल सामेल राखी नि.सु. को लागि नियमानुसार पेस गर्नुहोला भन्ने मिति २०७४।५।१४ को आदेश।

रिट निवेदनको निवेदक खण्डमा उल्लिखित निवेदकहरूले रिट निवेदनमा उल्लेख गरेको सेवा अवधि अर्थात् आफू कार्यरत तहभन्दा तल्लो तह (चौथो तह) मा निश्चित सेवा अवधि पुगिसकेको निवेदन र निवेदकसरहका कर्मचारीले आफू कार्यरत पाँचौ तहमा आन्तरिक प्रतियोगितात्मक परीक्षामा सहभागी हुन पाउने / नपाउने भन्ने सम्बन्धमा प्रस्तुत रिट निवेदन दायर भएको देखिन्छ। प्रस्तुत विवादलाई प्रस्ट पार्नको लागि स्वास्थ्य सेवा ऐन, २०५३ (चौथो संशोधन २०७०।१२।१२) को दफा ८ र दफा २६

लाई हेर्नुपर्दछ । दफा ८:- खुला तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति हुने कुनै तहको पदमा समान तहको वा समान तहमा स्तरवृद्धि भई पदनाम प्राप्त गरेको तर यो ऐनबमोजिम समायोजन भई पदस्थापन भई नसकेको कुनै कर्मचारीले त्यस्तो परीक्षाको लागि निर्धारित योग्यता पूरा गरेको भएमा "निजसमेत सो परीक्षामा सामेल हुन सक्नेछ ।" दफा २६(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका कुनै अवस्थामा कर्मचारीहरू बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछन्: (ख) बढुवा हुने पदभन्दा एक तहमुनिको पदमा कम्तीमा आठ वर्ष सेवा अवधि पूरा गरेको भएमा र ऐ. (ग) मा सेवाका कुनै तहको पदमा कम्तीमा २ वर्ष काठमाडौं उपत्यकाबाहिरका जिल्लामा सेवा गरेका र बढुवा हुने पदभन्दा एक तहमुनिको पदमा पाँच वर्ष सेवा गरेको ।

यसरी स्वास्थ्य सेवा ऐनमा २०७०।१२।१२ मा चौथो संशोधनपश्चात् आन्तरिक प्रतियोगिताबाट बढुवा हुनको लागि विभिन्न योग्यताहरू तोकिएको भए तापनि अन्य योग्यताको अतिरिक्त वा अन्य तालिम शैक्षिक योग्यता नभएपनि स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २६(२)(ख)(ग) बमोजिम बढुवा हुने पदभन्दा १ तहमुनिको पदमा निर्धारित सेवा अवधि पूरा गरेको कर्मचारीले आन्तरिक बढुवामा भाग लिन पाउने स्पष्टै छ । त्यसैगरी दफा २६(२)(ग) मा सेवाको कुनै पदमा २ वर्ष काठमाडौं उपत्यकाबाहिर र बढुवा हुने पदभन्दा एक तहमुनिको पदमा पाँच वर्ष सेवा गरेको भएमा भन्ने व्यवस्थाबमोजिम विपक्षी लोक सेवा आयोगको सूचना नं. ८३०।०७३-०७४ वि.नं. १४३१५।०७३-०७४ वि.नं. ११४१८।०७३-०७४, १५६१०-१३०२५।०७३-०७४ समेतमा उल्लिखित दफा २६(२) को व्यवस्थाबमोजिम बढुवाको लागि उम्मेदवार हुन पाउने व्यवस्था गरी सूचना प्रकाशित भएकोमा निवेदकसमेत माथि उल्लिखित कानूनी व्यवस्थाबमोजिम उम्मेदवार हुन योग्य रहेको स्पष्ट हुन्छ ।

यसप्रकार स्वास्थ्य सेवा ऐन, २०५३ चौथो संशोधनबाट दफा २६(२) को व्यवस्थाबमोजिम मिति २०७३।११।२६ मा प्रकाशित विज्ञापनमा दरखास्त फाराम भरी लिखित परीक्षा दिन प्रयासरत निवेदकहरूले अनलाइनमार्फत फाराम भरेकोमा विपक्षीहरूबाट हामी निवेदकको फाराम अनलाइनमार्फत You have no required qualification (Only CMA) भनी निवेदकको दरखास्त फाराम अस्वीकृत गरी स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २६(२) मा उल्लिखित कानूनी व्यवस्थाको उल्लङ्घन गरी अन्याय गरेबाट हामी निवेदकको दरखास्त फाराम बुझी निर्धारित परीक्षामा समावेश गराई कानूनबमोजिम उत्तीर्ण भएमा नियुक्तिसमेत दिनु दिलाउनु भनी आदेश गरी पाउन सम्मानित अदालतको शरणमा आएका छौं र सम्मानित अदालतको आदेशले हाल लिखित परीक्षा सकिएपनि अन्य बाँकी प्रक्रिया स्थगित रहेको छ ।

यस्तो विवादको विषयवस्तु समावेश भएको ०७३-WO-००१९ नं. को रिट निवेदन (देवनारायण उपाध्याय विरूद्ध लोक सेवा आयोग केन्द्रीय कार्यालयसमेत भएको) मा रिट निवेदनपत्रमा स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २६ को बृहत् व्याख्या भई रिट जारी भएको र ने.का.प. २०७३ को नि.नं. ९५८५ पृ. ४५७ मा समेत स्वास्थ्य सेवा ऐनको दफा ८ को व्याख्या भएको परिप्रेक्ष्यमा प्रस्तुत रिट निवेदनपत्रमा समेत सोही व्याख्याको आधारमा रिट जारी गरिपाऊँ ।

विपक्षीहरू मध्ये लोक सेवा आयोग केन्द्रीय कार्यालयको लिखित जवाफलाई हेर्दा पनि विपक्षीले आफ्नो गल्ती स्वीकार गरी गल्तीलाई सच्चाएको पाइन्छ । यसप्रकार विपक्षी लोक सेवा आयोगले समेत मिति २०७४।२।९ मा निर्णय गरी निवेदकसरहलाई परीक्षामा समावेश गर्नु भन्ने निर्णय गरेबाट निवेदकहरूको निवेदन जिकिर थप पुष्टि हुन्छ ।

अतः माथि उल्लिखित आधार कारणहरू, एवं

मिसिल संलग्न प्रमाण कागजहरूबाट विपक्षी लोक सेवा आयोगले स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २६(२) लाई जानाजान अपव्याख्या गरी ऐनको दफा २६(२) बमोजिम योग्यता पुगेकालाई समेत परीक्षामा समावेश नै नगराउने नियतले परीक्षा फर्म नबुझ्ने कार्य गरेको र सम्मानित अदालतको आदेशबाट परीक्षा फर्म बुझी हाल लिखित परीक्षा दिई नतिजाको पर्खाईमा रहेका निवेदकहरूको फर्म नबुझ्ने लगायतका विपक्षी लोक सेवा आयोगको कार्य स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८, २६(२) तथा सम्मानित सर्वोच्च अदालतबाट ने.का.प. २०७३ नि.नं. ९५५८ पृ. ४५७, रिट नं. ०७३-WO-००१९ (देवनारायण उपाध्याय विरूद्ध लोक सेवा आयोग अनामनगरसमेत भएको) रिट निवेदनमा प्रतिपादित नजिर सिद्धान्तविपरीत भएकोले विपक्षी लोक सेवा आयोगबाट निवेदकको फाराम नबुझ्ने कार्य बदर गरी अदालतको आदेशबाट परीक्षामा समावेश भएको निवेदकहरूको परीक्षाफल प्रकाशित गर्नु भनी परमादेशलगायत आवश्यक र उचित आदेश जारी गरिपाऊँ। साथै अब यस्तै विषयवस्तुमा निर्धारित योग्यता पुगेकालाई परीक्षामा भाग लिन समावेश हुनलाई नरोक्नु भनी निर्देशनात्मक आदेशसमेत जारी गरिपाउँ भन्ने बेहोराको मिति २०७४।५।४ को आदेशानुसार निवेदक पक्षका कानून व्यवसायी विद्वान् अधिवक्ता श्री रामचन्द्र पौडेलबाट पेस भएको बहसनोट।

उल्लिखित तथ्य भएको प्रस्तुत मुद्दामा निवेदक तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ता श्री रामचन्द्र पौडेलले योग्यता पुगेका मेरो पक्षहरूलाई परीक्षामा संलग्न हुन नपाउने गरी अयोग्य देखाई विपक्षीहरूबाट गरिएको निर्णय स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८, २६(२) तथा यस सम्मानित अदालतबाट रिट नं. ०७३-WO-००१९ (देवनारायण उपाध्याय विरूद्ध लोक सेवा आयोग अनामनगरसमेत भएको) को उत्प्रेषण रिट निवेदनमा प्रतिपादित सिद्धान्तसमेतको विपरीत भएको हुँदा प्रस्तुत मुद्दामा आदेश जारी हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो भने विपक्षीतर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठीले रिट नं. ०७३-WO-००१९ मा यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका आधारमा प्रस्तुत मुद्दाका निवेदकहरू उम्मेदवार कायम भई निजहरूले लिखित परीक्षासमेत दिइसकेकोले रिट निवेदनको औचित्य नै समाप्त भइसकेको छ। अतः रिट खारेज हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो।

निवेदक र विपक्षीतर्फबाट प्रस्तुत भएको उल्लिखित बेहोराको बहससमेत सुनी मिसिल अध्ययन गरी निर्णय सम्बन्धमा विचार गर्दा प्रस्तुत मुद्दामा रिट निवेदकको मागबमोजिम आदेश जारी हुनुपर्ने हो वा होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

२. निर्णय सम्बन्धमा विचार गर्दा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ मा मिति २०७०।१२।१२ मा चौथो संशोधन भई कायम भएको सो ऐनको दफा २६(२) ले निर्धारित योग्यता र निश्चित सेवा अवधि पूरा गरेको अवस्थामा मिति २०७३।१०।२६ को बढुवा सूचनामा तोकिएको अवधिभित्र दरखास्त दिने हामी निवेदकहरूको दरखास्त स्वीकृत गरी परीक्षा लिई प्रतिस्पर्धात्मक बढुवा प्रक्रियामा समावेश हुन हामी निवेदकलाई अवसर दिनुपर्नेमा सो नगरी उल्लिखित मितिको बढुवा सूचनामा तोकिएको अवधिभित्र दिइएको हामी निवेदकको दरखास्त आवश्यक योग्यता नपुगेको भन्ने आधारमा अस्वीकृत गरी परीक्षामा सामेल हुनबाट रोक लगाइएको कार्य स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८(३) तथा २६(२) समेतको विपरीत भई त्यसबाट मेरो संवैधानिक एवं कानूनी हकसमेत हनन् भएकोले रिट जारी हुनुपर्छ भन्ने रिट निवेदकहरूले माग गरेकोमा स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम १५ सँग सम्बन्धित अनुसूची ७ बमोजिम तोकिएको न्यूनतम शैक्षिक योग्यता नभएका दरखास्त फाराम बुझाउने कर्मचारीहरूको दरखास्त अस्वीकृत गरिएकोमा सम्मानित अदालतबाट निवेदक देवनारायण

यादवसमेत र विपक्षी लोक सेवा आयोगसमेत (०७३-WO-००१९) भएको उत्प्रेषण मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट भएको आदेशपछि निवेदकहरू उम्मेदवार कायम भई निजहरूले परीक्षासमेत दिइसकेको हुँदा रिट खारेज हुनुपर्छ भन्ने लिखित जवाफ रहेको देखियो।

३. स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८(३) मा "खुला तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने कुनै तहको पदमा समान तहको वा समान तहमा स्तरवृद्धि भई पदनाम प्राप्त गरेको तर यो ऐनबमोजिम समायोजन भई पदस्थापन भई नसकेको कुनै कर्मचारीले त्यस्तो परीक्षाको लागि निर्धारित योग्यता पूरा गरेको भएमा निजसमेत सो परीक्षामा सामेल हुन सक्नेछ" भन्ने उल्लेख भएको देखिन्छ भने ऐ. ऐनको दफा २६ मा हेर्दा निम्न व्यवस्था भएको देखिन्छः- २६. बढुवाको लागि न्यूनतम योग्यता र सेवा अवधिः- (१) कर्मचारीको बढुवाको लागि उम्मेदवार हुन तोकिएबमोजिमको शैक्षिक योग्यता प्राप्त गरेको र बढुवा हुने तहभन्दा एक तहमुनिको पदमा रही कम्तीमा तीन वर्ष सेवा अवधि पूरा गरेको हुनुपर्नेछ। तर (१) संवत् २०५४ साल जेठ १४ पछि तह मिलान हुँदा वरिष्ठ पाँचौं तह कायम गरिएको वा पाँचौं तहमा १० वर्ष सेवा गरेको कर्मचारीको पाँचौं तहको लागि निर्धारित योग्यता नभएपनि बढुवाको लागि उम्मेदवार हुन सक्नेछ। (२) संवत् २०६९ साल चैत्र २९ पछि बढुवाको लागि उम्मेदवार हुन कम्तीमा एक वर्ष अति दुर्गम वा कम्तीमा २ वर्ष दुर्गम क्षेत्रमा काम गरेको हुनुपर्नेछ। (३) लोक सेवा आयोगद्वारा निर्धारित प्रक्रिया पूरा गरी सातौं तहमा नियुक्ति भई संवत् २०६९ साल चैत्र २९ अघि आठौं तहमा स्तरवृद्धि भएको कर्मचारीले सो तहभन्दा कम्तीमा एक तहमुनिको पदमा कम्तीमा २ वर्ष दुर्गम क्षेत्रमा काम गरेको भए निजले दुर्गम क्षेत्रमा काम गरेको मानी निजले नवौं तहको बढुवाको लागि उम्मेदवार हुन सक्नेछ। (२) माथि उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्थामा कर्मचारीहरू बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछन्:- (क) पद वा दरबन्दी नभएको कारण अति दुर्गम वा दुर्गम क्षेत्रमा सेवा गर्न नपाएकोमा, (ख) बढुवा हुने पदभन्दा एक तहमुनिको पदमा कम्तीमा ८ (आठ) वर्ष सेवा अवधि पूरा गरेको भएमा, (ग) सेवाका कुनै तहको पदमा कम्तीमा २ (दुई) वर्ष काठमाडौं उपत्यका बाहिरका जिल्लामा सेवा गरेको र बढुवा हुने पदभन्दा एक तहमुनिको पदमा पाँच वर्ष सेवा गरेको भएमा।

४. नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ मा भएका उल्लिखित कानूनी व्यवस्थाहरू मध्ये दफा ८(३) को व्यवस्थाले खुला तथा आन्तरिक प्रतियोगितात्मक परीक्षामा त्यस्तो परीक्षाको लागि निर्धारित योग्यता भएका समान तहका कर्मचारी वा समान तहमा स्तरवृद्धि भई पदनाम प्राप्त गरेका तर समायोजन भई पदस्थापन भई नसकेका कर्मचारीसमेत उम्मेदवार हुन सक्ने भन्ने देखिन्छ भने दफा २६(१) कर्मचारी बढुवा हुन निर्धारित शैक्षिक योग्यता भएको बढुवा हुने तहभन्दा १ तहमुनिको पदमा कम्तीमा तीन वर्ष सेवा गरेको भए बढुवाको लागि उम्मेदवार हुन सक्ने भन्ने देखिनुका साथै सोही दफा २६(१) को अपवादको रूपमा सोही उपदफाको (१) मा केही कर्मचारीको हकमा निर्धारित शैक्षिक योग्यता नभएपनि बढुवाको लागि उम्मेदवार हुन सक्ने विशेष व्यवस्था गरेको छ भने (२) र (३) मा केही कर्मचारीको हकमा बढुवाको उम्मेदवार हुन अति दुर्गम वा दुर्गम क्षेत्रमा काम गरेको हुनुपर्ने गरी विशेष व्यवस्थासमेत गरेको छ।

५. त्यसैगरी ऐ. दफा २६ को उपदफा (२) ले उपदफा १ लाई सीमित (override) गरेको देखिन्छ। उपदफा २ मा उल्लेख भएअनुसार पद वा दरबन्दी नभएका कारण अति दुर्गम वा दुर्गम क्षेत्रमा सेवा गर्न नपाएको अवस्थामा, बढुवा हुने पदभन्दा एक तहमुनिको पदमा कम्तीमा ८ वर्ष सेवा गरिसकेको अवस्थामा तथा सेवाको कुनै तहको पदमा काठमाडौं

उपत्यकाबाहिरको जिल्लामा कम्तीमा २ वर्ष र बढुवा हुने पदभन्दा एक तहमुनिको पदमा ५ वर्ष सेवा गरिसकेको अवस्थामा अर्थात् अनुभवको आधारमा त्यस्तो कर्मचारी बढुवाको लागि उम्मेदवार हुन सक्ने देखिएकाले नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २६(२) को मापदण्ड र परिधिभित्र पर्ने कर्मचारी उम्मेदवार हुन सक्ने नै देखियो।

६. कुनै ऐन वा दफामा भएको सामान्य कानूनी व्यवस्थालाई विशेष कानूनी व्यवस्थाले override (नियन्त्रित वा परिसीमित) गर्ने र त्यस्तो भएमा override गर्ने कानूनी व्यवस्था लागू हुने अवस्थामा सामान्य कानूनी व्यवस्था लागू हुन सक्दैन। ऐनका दफा, उपदफा वा कानूनी व्यवस्थाहरू प्रायः स्वतन्त्र हुने भएपनि कुनै कानूनी प्रावधानलाई अर्को कानूनी प्रावधानले परिसीमित गरेको अवस्थामा सामान्य दफा, उपदफा वा कानूनी व्यवस्थाहरू लागू नभई परिसीमित (override) गर्ने विशेष कानूनी व्यवस्था नै लागू हुन्छ। प्रस्तुत मुद्दामा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २६(१) सामान्य कानूनी व्यवस्था भई सो कानूनी व्यवस्थालाई ऐ. उपदफा (२) ले परिसीमित (override) गरेको देखिएकाले उपदफा (२) को कानूनी प्रावधान नै लागू हुने देखियो।

७. त्यसैगरी नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम १५ अनुसारको अनुसूची ७ मा शैक्षिक योग्यता मात्र हुने कर्मचारी बढुवा हुन नपाउने भन्ने किसिमको व्यवस्था भएपनि मिति २०७०।१२।१२ मा नेपाल स्वास्थ्य ऐन, २०५३ मा संशोधन भई दफा २६(२) को व्यवस्था भएको पाइन्छ। ऐनले गरेको व्यवस्थाले नियमावलीको व्यवस्थासँग सादृश्यता नराखेको अवस्थामा ऐनकै व्यवस्था लागू हुने व्यवस्था रहन्छ। यस सन्दर्भमा यस अदालतबाट ०७३-WO-००१९ नं. को उत्प्रेषण परमादेश मुद्दामा ऐनले नै शैक्षिक योग्यता आवश्यक नपर्ने भनी दफा २६(२) ले व्यवस्था गरेकोमा लोक सेवा आयोगले योग्यता तोक्न नमिल्ने भनी रिट जारी हुने ठहरी फैसलासमेत भइसकेको देखिन्छ।

८. प्रस्तुत मुद्दाका निवेदकहरू नवराज पौडेल, बेदराम ओली, यादवप्रसाद शर्मा, विवेक वि.एम., गगनसिंह पाण्डे, डिल्लीबहादुर के.सी., वीरभान बोहरा, विष्णुमाया थापा, सुरेश प्रसाद गैरे, बलराम दाहाल, विरोध पाण्डे, डिलाराम भुषाल, गणेशबहादुर कुँवर अ.हे.व. सहायक चौथो तहमा सुरू नियुक्ति भएकोमा विभिन्न मितिमा स्तरवृद्धि भई सहायक पाँचौं तहमा तह मिलान तथा स्तरवृद्धि भई विभिन्न कार्यालयमा कार्यरत रहेको भन्ने निवेदनमा उल्लेख भएको देखिन्छ। निवेदकहरूले रिट निवेदनमा उल्लेख गरेको नियुक्ति मिति, कार्यरत स्थान तथा निजहरूको स्तरवृद्धि भएको मितिसमेत हेर्दा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २६(२)(ख)(ग) ले निर्धारण गरेको मापदण्ड पूरा भइसकेको देखिँदा निर्धारित योग्यता नपुगेको भनी निवेदकहरूको दरखास्त अस्वीकृत गरेको कानूनबमोजिम मिलेको देखिएन।

९. नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची ७ मा हे.ई. पाँचौ को लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.व. वा सि.एम.ए. कोर्ष उत्तीर्ण गरी सि.अ.हे.व. तालिम प्राप्त गरेको भएमा मात्र कार्यक्षमता तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा गरिने बढुवाको लागि उम्मेदवार हुन पाउने भन्ने उल्लेख भएको र रिट निवेदकहरूसँग सोअनुसारको योग्यता नभएकोले दरखास्त अस्वीकृत गरिएको भएपनि नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २६(२) बमोजिमको योग्यता पूरा भएका स्वास्थ्य सेवाका कर्मचारीलाई सम्मानित सर्वोच्च अदालतबाट मिति २०७४।२।९ मा भएको अन्तरिम आदेश तथा लोक सेवा आयोगको मिति २०७४।२।९ को निर्णयसमेतका आधारमा रिट निवेदकहरू उम्मेदवार कायम भई निजहरूले लिखित परीक्षासमेत दिइसकेको भन्ने विपक्षी लोक सेवा आयोग केन्द्रीय कार्यालयको

लिखित जवाफसमेतबाट देखिन्छ । विपक्षी लोक सेवा आयोगबाट मिति २०७३।१०।२६ मा प्रकाशित सूचना नं. ८३०।०७३-०७४ वि.नं. १४३१५।०७३-०७४, सूचना नं. ८३० वि.नं. ११४१८।०७३-०७४ अनुसार निवेदकहरूले अनलाइनमार्फत भरेको फारामसमेत अस्वीकृत गर्ने किसिमको मिति २०७४।१।२४ च.नं. २३३ को पत्रसमेत उत्प्रेषणको आदेशले बदर गरी परीक्षामा समावेश गराई पाउँ भन्ने रिट निवेदक पक्षको माग भएपनि निवेदकहरू लिखित परीक्षामा सामेल भइसकेको देखिएकोले उत्प्रेषणको आदेश जारी गरिरहनुपर्ने औचित्य देखिएन ।

१०. अतः उल्लिखित आधार र कारणसमेतका आधारमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २६(२) बमोजिम निवेदकहरू विपक्षी लोक सेवा आयोगबाट प्रकाशित उल्लिखित विज्ञापनमा सम्भावित उम्मेदवार हुन योग्य देखिएको र निजहरू लिखित परीक्षामा सामेलसमेत भइसकेको अवस्था हुँदा रिट निवेदकहरूका हकमा परीक्षाफल प्रकाशित गरी अन्तर्वार्तासमेत लिई परीक्षामा उत्तीर्ण भएमा कानूनबमोजिम बढुवा नियुक्ति गर्नु गराउनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने ठहर्छ । आदेश जारी हुने ठहरेकाले मिति २०७४।२।९ मा जारी अन्तरिम आदेशसमेत निष्क्रिय हुने ठहर्छ । दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या. अनिलकुमार सिन्हा

इजलास अधिकृत: उद्धवप्रसाद गजुरेल
इति संवत् २०७४ साल असोज २५ गते रोज ४ शुभम् ।

निर्णय नं. १००४८

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री देवेन्द्र गोपाल श्रेष्ठ
माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हा
आदेश मिति : २०७४।२।१
०७१-wo-०७१५

मुद्दाः परमादेश

निवेदक : भुटान देश कालीकोला घर भई शरणार्थी शिविर झापा बेलडाँगी सेक्टर नं.३ बसी हाल कारागार कार्यालय जगन्नाथदेवल त्रिपुरेश्वर काठमाडौंअन्तर्गत सेन्टरमा थुनामा रहेको रूद्रे भन्ने भिमबहादुर बस्नेत

विरूद्ध

विपक्षी : जिल्ला प्रहरी कार्यालय, कास्की, पोखरासमेत

- **न्याय सम्पादनमा अनुसन्धानकर्ताको अत्यन्तै महत्त्वपूर्ण भूमिका हुन्छ । तथ्य र प्रमाणको स्वतन्त्र रूपमा अनुसन्धान तथा विश्लेषण गरी कानूनको प्रत्येक रीत पुर्‍याई अकाट्य वा तथ्यहरूको मालाकार रूपमा परिस्थितिजन्य प्रमाणहरू ग्रहण गरी ती प्रमाणहरूका साथ अभियोगपत्र कानूनले तोकिएको समयावधिभित्र वा त्यस्तो समय नतोकिएको अवस्थामा यथासम्भव चाँडो मुद्दा हेर्ने अधिकारी वा निकायसमक्ष प्रस्तुत गर्नु अभियोजन पक्षको प्रमुख दायित्व हुने ।**
- **आफ्नो अधिकारको प्रयोग अत्यन्त जिम्मेवार ढंगले गर्नुपर्ने हुन्छ, अधिकार छ भन्दैमा असीमित अवधिसम्म वा अन्य**

परिस्थिति वा मौका हेरी मुद्दा दायर गर्ने प्रवृत्तिलाई विकसित गर्नु न्यायको रोहमा मान्य नहुने।

(प्रकरण नं.५)

निवेदकका तर्फबाट :
विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराई
अवलम्बित नजिर :
सम्बद्ध कानून :

आदेश

न्या.अनिलकुमार सिन्हा : नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(२) बमोजिम यस अदालतको क्षेत्राधिकारअन्तर्गतको भई दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार रहेको छ:-

म निवेदक मिति २०५७।१०।१३ गतेबाट हालसम्म थुनामा रही आएको छु। मेरा विरूद्ध कविता के.सी.को जाहेरीले वादी नेपाल सरकार प्रतिवादी म निवेदक भएको जिउ मास्ने बेच्ने मुद्दामा विशेष अदालत काठमाडौंको मिति २०६०।२।२३ को फैसलाले कैद वर्ष १२ र जरिवाना २,४०,०००।- ठहर भएको मुद्दा-१, बिमला राइका जाहेरीले वादी नेपाल सरकार प्रतिवादी म भएको ऐ. मुद्दा र ऐ. मितिको फैसलाले कैद वर्ष १२ जरिवाना रू.१,४४,०००।- ठहर भएको मुद्दा -१, कल्पना गुरूङको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी म निवेदक भएको ऐ. मुद्दा र ऐ. मितिको फैसलाले कैद वर्ष १२ र जरिवाना रू.१,२८,०००।- ठहर भएको मुद्दा-१, नविना बस्नेतको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी म निवेदकसमेत भएको ऐ. मुद्दामा ऐ. मितिको फैसलाले कैद १२ वर्ष र जरिवाना रू.९६०००।- ठहर भएको मुद्दा-१, रमिला बस्नेतको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी म निवेदकसमेत भएको ऐ. मुद्दाको ऐ. मितिको फैसलाले १२ वर्ष कैद र रू.९६,०००।- जरिवाना ठहर भएको मुद्दा-१ र मुना मगरको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी म निवेदकसमेत भएको ऐ. मुद्दाको ऐ. मितिको फैसलाले कैद वर्ष १५ र जरिवाना रू.६४,०००।- ठहर भएको मुद्दासमेत थान ६ मुद्दामा जम्मा कैद ७५ वर्ष र जरिवाना रू.७,६८,०००।- भएकोमा मुलुकी ऐन दण्ड सजायको ४१ नं. बमोजिम कैद हद गरी ठूलो कैद वर्ष १५ र जरिवाना रू.७,६८,०००।- भएको बेहोरा अनुरोध गर्दछु।

म निवेदक मिति २०५७।१०।२३ गतेबाट थुनामा रहेको र मिति २०७२।१०।१२ गते लागेको कैद १५ वर्ष भुक्तान गरी जरिवाना तिरी थुनामुक्त हुने अवस्थामा छु भने, मिति २०६७।११।१५ गते मुद्दा मिसिल नं. ६३/०५७/०५८ च.नं. ६१५ विषय मानिस उपस्थित गराई दिने सम्बन्धमा, विशेष अदालत काठमाडौंलाई जिल्ला प्रहरी कार्यालय कास्कीले लेखेको पत्रको बेहोरा हेर्दा, कास्की जिल्ला भलाम गा.वि.स. वडा नं. ३ बस्ने आरती पौडेलले मलाई समेत निज रूद्र भन्ने रामबहादुर बस्नेतले भारतमा लगी बिक्री वितरण गरेकोले कारबाही गरिपाउँ भनी जिउ मास्ने बेच्ने ऐनअन्तर्गत दिएको जाहेरी दरखास्तअनुसार अनुसन्धान गर्दै जाँदा, निज रूद्रे भन्ने भिमबहादुर बस्नेतले नै मलाईसमेत रामबहादुर बस्नेत भनी भारतमा लगी बिक्री वितरण गरेको हो भनी मिति २०५७।११।१२ गते सनाखतसमेत गरिदिएकी हुँदा निज भिमबहादुर बस्नेत उक्त मुद्दामा छुटी जाने भए आवश्यक अनुसन्धान कारबाहीको लागि यस कार्यालयमा उपस्थित गराई दिने व्यवस्था हुन सादर अनुरोध गरिएको छ भनी प्रहरी निरीक्षक नरेन्द्रबहादुर सापकोटाद्वारा लेखेको पत्र।

म निवेदक मिति २०५७।१०।१३ गतेदेखि थुनामा रही विशेष अदालत काठमाडौंको फैसलाबमोजिम लागेको कैद भुक्तान गर्ने क्रममा छु।

मउपर लागेको आरती पौडेलको जाहेरी सम्बन्धमा पटकपटक जिल्ला प्रहरी कार्यालय पोखरामा कारागारमार्फत मउपर लागेको आरोपको सम्बन्धमा यथाशीघ्र अनुसन्धान गरिपाउँ भनी निवेदन दिँदा पनि मिति २०५७।११।१५ गतेको पत्रको आजसम्म कुनै अनुसन्धान नगरी जिल्ला प्रहरी कार्यालय पोखरालाई र प्रतिवादीलाई जाहेरवालाले सनाखत गरिसकेपछि प्रहरीको प्रारम्भिक रिपोर्ट बुझी चुपचाप बस्ने अधिकार जिल्ला सरकारी वकिलको कार्यालय पोखरालाई कुन ऐन, कानूनले दियो सो सम्बन्धमा निजहरूबाट प्रस्तुत हुने लिखित जवाफबाटै खुल्ने नै छ।

अतः कुनै पनि प्रतिवादीलाई फौजदारी मुद्दामा पक्राउ गरी थुनामा राखेको अवस्थामा पहिलो दायर भएको मुद्दाको परिणाम अदालतबाट के आउँछ हेरी, पुनः अर्को अभियोग निजउपर लगाउने परिपाटीलाई निरूत्साहित गर्नुपर्ने नितान्त आवश्यक छ। यद्यपि म निवेदकलाई विशेष अदालतको मिति २०६०।२।२३ मा फैसला भई १५ वर्ष कैद र रू.७,६८,०००।- जरिवाना भएको मुद्दाको मिति २०५७।१०।१३ देखि थुनामा रहेको अवस्थामा मउपर कास्की जिल्ला प्रहरी कार्यालयमा परेको जाहेरीउपर आज १४ वर्षसम्म किन कारबाही अगाडि बढाइएन ? उक्त जाहेरीउपर अनुसन्धान गर्न मैले १५ वर्ष कैद भुक्तान गरी जरिवाना तिरेपछि मात्र अनुसन्धान गर्नुपर्ने कास्की जिल्ला प्रहरीको मनसाय के हो ? नेपालको अन्तरिम संविधान, २०६३ लगायत प्रचलित ऐन कानून र सर्वोच्च अदालतबाट प्रतिपादित नजिरलाई हेर्दा, इमानबहादुर घर्ती मगरसमेतको हकमा अधिवक्ता दिनेशप्रसाद शर्मा विरूद्ध जिल्ला प्रशासन कार्यालय काठमाडौंसमेत भएको संवत् २०६४ सालको रिट नम्बर ००२२ पृष्ठ ४५७, एकै पटक मुद्दा नचलाई थुनामा राख्ने कार्यलाई प्रवृत्त हुनुको साथै सो कार्य कानून र न्यायसङ्गत भन्न मिल्ने अवस्था देखिन नआउने। त्यसैगरी ने.का.प. २०६६ अंक ९ नि.नं. ८२२१ पृष्ठ १४८३ मा अनुसन्धान अधिकारीलाई निवेदकले २ वटा वारदात घटाएको कुरा ठगी मुद्दाको अनुसन्धानको क्रममा थाहा भएको सो हुँदै वारदात घटनाको सम्बन्धमा उतिबेला नै अनुसन्धान भई मुद्दा दायर भएको भए सबैभन्दा ठूलो कलममा मात्र सजाय हुने दण्ड सजायको ४१ नं. मा कानूनी व्यवस्था देखिएको हुँदा सोहीबखत मुद्दा नचलाई हाल आएर पक्राउ गरी जिल्ला अदालतको अनुमतिबाट अनुसन्धानको क्रममा राखेको थुनालाई कानूनबमोजिम थुनामा राखेको भन्न नमिल्ने। आफ्नै हिरासतमा रहेका प्रतिवादीलाई सोहीबखत झुठ्ठा नागरिकता किर्ते मुद्दामा अनुसन्धान नगरी हाल आएर ठगी मुद्दाबाट सफाइ पाई छुटी जाने पश्चात् मात्र अनुसन्धानको लागि भनी प्रवृत्त भावना राखी थुनामा राखेको कार्यलाई कानून र न्यायसङ्गत भन्न नमिल्ने भनी भएको व्यवस्थाविपरीत म निवेदकलाई १४ वर्षसम्म जाहेरवालाले दिएको जाहेरी र प्रतिवादीलाई सनाखत गरिसकेको मुद्दामा अनुसन्धान नगरी जिल्ला प्रहरी कार्यालय कास्की र जिल्ला सरकारी वकिलको कार्यालय कास्कीलाई कुन ऐन, कानून र नजिरले आफूखुसी गर्ने अधिकार दियो र आजसम्म किन मउपर परेको जाहेरी दरखास्तउपर कारबाही किन नचलाई राखिएको हो ? जसबाट म रिट निवेदक हदैसम्म मानसिक पीडामा रहेकाले, प्रत्यर्थीहरूलाई उक्त जाहेरी र जाहेरवालाले प्रतिवादीलाई सनाखतसमेत गरिसकेको मिति २०५७।११।१२ को पत्रलाई के, कति कारणबाट अगाडि नबढाइएको हो ? विपक्षीहरूको उक्त कार्य लापरवाहीको पनि सीमा नाघेकाले मउपर आरती पौडेलले दिएको जाहेरी र निजले गरेको सनाखतउपर यथाशीघ्र अनुसन्धान गरी आवश्यक कानूनी कारबाही अघि बढाउनु भनी प्रत्यर्थीहरूको नाममा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२, १०७ (१) (२) बमोजिम परमादेशलगायत जो चाहिने आज्ञा आदेश जारी गरिपाउँ भनी निवेदक रूद्रे भन्ने भिमबहादुर बस्नेतको निवेदन पत्र।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने भए आधार र कारणसहित यो आदेशप्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र विपक्षीहरूलाई महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी विपक्षीहरूका नाममा यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना पठाई लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नु भन्नेसमेत बेहोराको मिति २०७१।११।२९ गते यस अदालतबाट भएको आदेश।

विपक्षीले दिएको निवेदनलगायतको सक्कलै मिसिल कागजातहरू सम्मानित अदालतमै रहेकोले सोहीबाट अवगत हुने नै हुँदा सो निवेदनमा उल्लिखित विषयको विस्तृत रूपमा पुनरावृत्ति गरिएको छैन।

यसमा निज विपक्षी रामबहादुर र रूद्रे भन्ने भिमबहादुर बस्नेतउपर जिउ मास्ने बेच्ने ऐन, २०४३ को दफा २, ५, ६ को रीत पुर्‍याई निजउपर यस कार्यालयमा मुद्दा दर्ता भएको । सोही मुद्दामा फरार रहेका प्रतिवादी राकेश भन्ने डम्बरबहादुर गुरूङलाई पक्राउ गर्न यस कार्यालयबाट सम्बन्धित कार्यालयलाई पटकपटक अनुरोध गरिएकोमा हालसम्म निज राकेश भन्ने डम्बरबहादुर गुरूङ पक्राउ नपरेकोले व्यापक रूपमा खोजतलास भइरहेको । विपक्षी रामबहादुर र रूद्रे भन्ने भिमबहादुर बस्नेत तत्काल सदरखोर डिल्लीबजार काठमाडौंमा थुनामा रहेकै अवस्थामा यस कार्यालयको च.नं. ६१५ मिति २०५७।११।१५ गतेको पत्रद्वारा बयान कार्यको लागि उपस्थित गराई दिनु हुन भन्ने बेहोराको पत्र यस कार्यालयबाट सम्मानित विशेष अदालत काठमाडौंलाई अनुरोध गरिएकोमा विशेष अदालतबाट विपक्षीलाई बयान कार्यको लागि यस कार्यालयमा उपस्थित गराउनको लागि आदेश भएको कुनै जानकारी यस कार्यालयमा प्राप्त हुन नआएको र विपक्षीलाई समेत उपस्थित नगराएबाट मुद्दा पेस गर्न ढिलाई हुन गएको हो । विपक्षी हाल थुनामा रहे, भएको अवस्थामा पुनः पक्राउ गर्ने अवस्था नभएको । विपक्षी रामबहादुर र रूद्रे भन्ने भिमबहादुर बस्नेतलाई कारागार कार्यालय जगन्नाथदेवल त्रिपुरेश्वर काठमाडौंबाट यस कार्यालयमा उपस्थित गराई दिई बयानसमेतको अन्य अनुसन्धान कार्य सम्पन्न हुनासाथ सम्मानित अदालतमा मुद्दा दायर गरिने हुँदा निज विपक्षीउपर यस मुद्दामा सम्मानित अदालतबाट फैसला भई लाग्ने कैद भुक्तानीको हकमा मुलुकी ऐन दण्ड सजायको ४१ नं. बमोजिम हुने नै हुँदा निज विपक्षीले यस कार्यालयसमेतलाई विपक्षी बनाई दिएको परमादेशसमेत जारी गरिपाउँ भन्ने रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको जिल्ला प्रहरी कार्यालय, कास्कीको लिखित जवाफ।

विपक्षी निवेदक विभिन्न वारदातमा पटकपटक जीउ मास्ने बेच्ने कार्यमा संलग्न रहेको तथ्य स्वीकार गरी आफूले गरेको कसुर अपराधको सजाय भोग्ने क्रममा विशेष अदालतको मिति २०६०।२।२३ को फैसलाबमोजिम १५ वर्ष कैद र रू.७,६८,०००।- जरिवाना भएकोले सो सजाय व्यतित गर्ने क्रममा थुनामा रहेको भन्ने विपक्षीको निवेदनबाटै देखिँदा थप विवेचना गरिरहन परेन । जहाँसम्म प्रहरीको प्रारम्भिक रिपोर्ट बुझी कारबाही अगाडि नबढेको भन्ने जिकिरतर्फ हेर्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ ले स्पष्टसँग अपराध अनुसन्धानको जिम्मेवारी नेपाल प्रहरीलाई र अभियोजनको जिम्मेवारी सरकारी वकिललाई तोकी दिई प्रतिवादीको बयान कार्य सरकारी वकिलसमक्ष गर्नुपर्ने व्यवस्था गरी मुद्दा अनुसन्धानका क्रममा आवश्यकताअनुसार सरकारी वकिलले निर्देशनसम्म दिन सक्नेसम्मको अवस्था हो । पीडित आरती पौडेलले आफूसमेतलाई यी रिट निवेदक रूद्रे भन्ने रामबहादुर बस्नेतसमेतले भारतमा लगी बिक्री गरेको भन्ने बेहोराको जाहेरी परेपश्चात् जिल्ला प्रहरी कार्यालय, कास्कीबाट अनुसन्धान कार्य प्रारम्भ

भएकोमा पीडितबाट प्रतिवादीको सनाखत कार्य भएको भन्ने प्रस्तुत रिट निवेदन बेहोराबाट पनि प्रस्ट हुन्छ । मुद्दा अनुसन्धानकै सन्दर्भमा जिल्ला प्रहरी कार्यालय कास्कीबाट प्रतिवादीको बयान कार्यका लागि तत्कालीन विशेष अदालत काठमाडौंलाई पत्राचार र तत्पश्चात् विभिन्न मितिमा सञ्चारसमेत भएको देखिन्छ । यसरी प्रस्तुत मुद्दाको अनुसन्धान कार्य जिल्ला प्रहरी कार्यालय कास्कीबाट जारी नै रहेको अवस्थामा यस कार्यालयको कुन चाहिँ कार्यले निवेदकको हक अधिकारमा आघात पुगेको हो सो कुरा निवेदकले स्पष्टसँग खुलाउन सकेको पाइँदैन । कानूनबमोजिम अनुसन्धान कार्य सम्पन्न गरी राय प्रतिवेदनसहित मिसिल प्राप्त हुन आएपछि यस कार्यालयबाट मुद्दा चल्ने नचल्ने निर्णय गरी अभियोजनसम्बन्धी कार्य अगाडि बढाइने नै हुँदा यस कार्यालयबाट निवेदकको कुनै पनि हक अधिकारमा आघात पुऱ्याउने कार्य नभएको हुँदा प्रस्तुत रिट निवेदन खारेजभागी छ खारेज गरिपाउँ भन्नेसमेत बेहोराको विपक्षीमध्येको जिल्ला सरकारी वकिल कार्यालय, कास्कीको लिखित जवाफ ।

नियमबमोजिम आजको दैनिक पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत निवेदनमा विपक्षीहरूका तर्फबाट उपस्थित हुनु भएको विद्वान् सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराईले निवेदकउपर परेको कविता के.सी. जाहेरीसमेतले वादी नेपाल सरकार भई चलेका विभिन्न जिउ मास्ने बेच्ने मुद्दाहरूमा ठहर भएको सजाय स्वरूप कैदमा रहिरहेकोमा निजका विरूद्धमा आरती पौडेलको जाहेरी परेको जिउ मास्ने बेच्ने आरोपको सम्बन्धमा यथाशीघ्र अनुसन्धान गरी कानूनी कारबाही अघि बढाई पाउनको निमित्त प्रस्तुत निवेदन गरेको भए पनि निजको निवेदन जिकिर रहेको विषयमा निजउपर अनुसन्धान कार्य पूरा गरी अभियोजनसमेत गरिसकिएको हुँदा निवेदकको प्रस्तुत रिट निवेदनको औचित्य समाप्त भइसकेको हुँदा प्रस्तुत रिट निवेदन खारेज हुनुपर्ने हो भनी गर्नुभएको बहस जिकिरसमेत सुनी रिट निवेदनसहितको मिसिल अध्ययन गरी हेर्दा, निवेदकको निवेदन मागबमोजिमको आदेश जारी हुने हो, होइन भन्ने सम्बन्धमा नै निर्णय दिनुपर्ने देखियो ।

२. निर्णयतर्फ विचार गर्दा, आरती पौडेलको जाहेरीले आफूउपर लागेको आरोपको सम्बन्धमा अनुसन्धान गरिपाउँ भनी निवेदन दिँदा पनि आजसम्म कुनै अनुसन्धान नगरी प्रतिवादीलाई जाहेरवालाले सनाखत गरिसकेपछि प्रहरीको प्रारम्भिक रिपोर्ट बुझी चुपचाप बस्ने अधिकार विपक्षीहरूलाई नरहेकाले यथाशीघ्र अनुसन्धान गरी कानूनी कारबाही अघि बढाउनु भनी परमादेशलगायत आदेश जारी गरिपाउँ भन्ने निवेदकको मुख्य निवेदन जिकिर रहेछ ।

३. निवेदकउपर कविता के.सी.को जाहेरीले वादी नेपाल सरकार भएको जीउ मास्ने बेच्ने मुद्दामा विशेष अदालत काठमाडौंको मिति २०६०।२।२३ को फैसलाले कैद वर्ष १२ र जरिवाना २,४०,०००।-, बिमला राइका जाहेरीले वादी नेपाल सरकार भई चलेको मुद्दामा १२ वर्ष कैद र जरिवाना रू.१४४०००।-, कल्पना गुरूङको जाहेरीले वादी नेपाल सरकार भई चलेको मुद्दामा कैद वर्ष १२ र जरिवाना रू.१,२८०००।-, नविना बस्नेतको जाहेरीले वादी नेपाल सरकार भई चलेको मुद्दामा कैद १२ वर्ष र जरिवाना रू.९६०००।-, रमिला बस्नेतको जाहेरीले वादी नेपाल सरकार भई चलेको मुद्दामा १२ वर्ष कैद र रू.९६,०००।- जरिवाना र मुना मगरको जाहेरीले वादी नेपाल सरकार भई चलेको मुद्दामा कैद वर्ष १५ र जरिवाना रू.६४,०००।- ठहर भएको मुद्दासमेत थान ६ मुद्दामा मुलुकी ऐन, दण्ड सजायको ४१ नं. बमोजिम कैद हद गरी ठूलो कैद वर्ष १५ र जरिवाना रू.७,६८,०००।- का हकमा यी निवेदक कैदमा रहिरहेको भन्ने देखिन आयो ।

४. यी निवेदकउपर उक्त मुद्दाहरूमा ठहर भएबमोजिमको कैद भुक्तान गरिरहेकै अवस्थामा

निजउपर जिउ मास्ने बेच्ने कसुरमा आरती पौडेलले दिएको जाहेरी परी निज थुनामा रहेको कारागारबाट निजलाई झिकाई बयान गराई पाउन अनुमति पाउँ भनी विपक्षीमध्येका जिल्ला प्रहरी कार्यालय, कास्कीले विशेष अदालत काठमाडौंलाई पत्र लेखी अनुमति माग गरेको विपक्षी मध्येको जिल्ला प्रहरी कार्यालय कास्कीको लिखित जवाफको बेहोराबाट देखिएकोमा निजलाई लागेको उक्त आरोपका सम्बन्धमा अनुसन्धान कार्य पूरा गरी कास्की जिल्ला अदालतमा मिति २०७२।११।०४ मा अभियोगपत्र दायर भई उक्त अदालतबाट निजका हकमा मिति २०७२।११।०५ मा थुनछेक आदेशसमेत सम्पन्न भएको भन्ने कुरा विपक्षीतर्फबाट उपस्थित हुनु भएका विद्वान् सहन्यायाधिवक्ताले बहसको क्रममा इजलाससमक्ष देखाउनु भएको उक्त अभियोगपत्र र कास्की जिल्ला अदालतबाट भएको उक्त आदेशको प्रतिलिपिबाट देखिन आएबाट निवेदकले निवेदन माग गरेको विषयको हाल सम्बोधन भइसकेको देखिन आएकोले प्रस्तुत रिट निवेदनमा माग गरिएबमोजिमको आदेश जारी गरिरहनु पर्ने अवस्था विद्यमान देखिन आएन, प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । प्रस्तुत रिट दर्ताको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइ दिनू।

५. अब, प्रस्तुत रिट निवेदन खारेज हुने भए तापनि प्रस्तुत मुद्दामा निवेदन मिति २०५७।१०।१३ देखि अन्य मुद्दाको रोहमा थुनामा रहेकोमा जाहेरवाली आरती पौडेलले दिएको जाहेरी मिति २०५७।११।१२ मा सनाखत गरी मिति २०५७।११।१५ मै जिल्ला प्रहरी कार्यालय, कास्कीले तत्कालमा सदरखोर डिल्लीबजारमा थुनामा रहेका यी निवेदकलाई बयानका लागि उपस्थित गराई दिन श्री विशेष अदालतमा पत्राचार गरेकोसमेत देखिएबाट प्रतिवादीलाई तदारूकताका साथ बुझी ऐन कानूनको प्रक्रिया पुर्‍याई अनुसन्धान सम्पन्न गरी मुद्दा दायर गर्नुपर्ने पर्याप्त प्रमाण भए मुद्दा दायर गर्न सक्नेमा अनुसन्धानकर्ता त्यसतर्फ उदासिन भई प्रस्तुत निवेदन दर्ता भएपश्चात् मात्र मिति २०७२।११।०४ मा अभियोगपत्र दायर गरिएको विषयमा यस इजलासको गम्भीर ध्यानाकर्षण भएको छ । न्याय सम्पादनमा अनुसन्धानकर्ताको अत्यन्तै महत्त्वपूर्ण भूमिका हुन्छ । तथ्य र प्रमाणको स्वतन्त्र रूपमा अनुसन्धान तथा विश्लेषण गरी कानूनको प्रत्येक रीत पुर्‍याई अकाट्य वा तथ्यहरूको मालाकार रूपमा परिस्थितिजन्य प्रमाणहरू ग्रहण गरी ती प्रमाणहरूकासाथ अभियोगपत्र कानूनले तोकिएको समयावधिभित्र वा त्यस्तो समय नतोकिएको अवस्थामा यथासम्भव चाँडो मुद्दा हेर्ने अधिकारी वा निकायसमक्ष प्रस्तुत गर्नु अभियोजन पक्षको प्रमुख दायित्व हो । आफ्नो अधिकारको प्रयोग अत्यन्त जिम्मेवार ढंगले गर्नुपर्ने हुन्छ, अधिकार छ भन्दैमा असीमित अवधिसम्म वा अन्य परिस्थिति वा मौका हेरी मुद्दा दायर गर्ने प्रवृत्तिलाई विकसित गर्नु न्यायको रोहमा मान्य हुँदैन । मिति २०५७।१०।२३ गतेबाट थुनामा रहेको व्यक्तिका सम्बन्धमा अनुसन्धानकर्तालाई जानकारी रहेको तथ्य जिल्ला प्रहरी कार्यालय, कास्कीको प.सं.६१५ मिति २०५७।११।१५ को विशेष अदालत काठमाडौंलाई लेखिएको पत्रबाट देखिए पनि उक्त अनुसन्धानलाई नटुंग्याई प्रस्तुत रिट दर्ता भएपछि मिति २०७२।११।०४ मा अभियोगपत्र दायर हुनुलाई सामान्य रूपमा हेर्न सकिने अवस्था छैन । प्रवृत्त भावनाले अनुसन्धान सम्पन्न गर्न तथ्ययुक्त प्रमाण फेला परेका अवस्थामा मात्र अभियोग दायर गर्नेतर्फ सचेत रहनु अनुसन्धानकर्ता तथा अभियोजन पक्षको कर्तव्य हुन्छ। यसै अदालतबाट निवेदक नन्दकली बुढा मगर विरूद्ध जिल्ला प्रशासन कार्यालय कञ्चनपुरसमेत भएको (०६६-CR-००५८) अदालतको अवहेलना मुद्दामा मिति २०७४।०१।१० मा फैसला हुँदा दोषी पत्ता लगाई कारबाही गर्न राज्यका तर्फबाट अनुसन्धान गरिएन वा लामो समयसम्म अनुसन्धानमा ढिलासुस्ती

गरियो वा लापरवाही देखाइयो वा अनुसन्धान गर्ने नाममा अभियोजन नै नगर्ने अभिप्राय राखियो भने कानूनी शासनमा मानिसको आस्था र विश्वास डगमगाउन सक्ने, दोषी पत्ता लगाई कारबाही गर्ने कुरा राज्यको कर्तव्य र दायित्वभित्रको कुरा हुने, यसको निमित्त राज्यसँग सक्षम संयन्त्र रहेको हुने, ती संयन्त्रको प्रभावकारी परिचालन गर्ने क्रममा कानूनले निर्दिष्ट गरेको दायित्वबाट राज्य पन्छिन पाउने अवस्था नहुने, समयमै अनुसन्धान कार्य पूरा गरी मुद्दा चल्ने नचल्ने सम्बन्धमा निर्णयमा पुग्नु पर्ने भन्ने सम्बन्धमा नेपाल सरकार गृह मन्त्रालयको नाममा निर्देशनात्मक आदेश जारी भएको सम्बन्धमा समेत यस इजलासको ध्यानाकर्षण भएको छ।

६. अतः उपर्युक्त निर्देशनात्मक आदेशसमेतलाई कार्यान्वयन गरी देशमा कानूनी राज्यको अनुभूति हुने गरी कानूनद्वारा तोकिएको समयभित्रै वा कानूनमा त्यस्तो समय नतोकिएको अवस्थामा जिम्मेवारीपूर्वक तदारूकताका साथ कुनै ढिलाई नगरी, यथासम्भव चाँडो अनुसन्धान तहकिकात सम्पन्न गरी गराई सुशासनको प्रत्याभूति दिने व्यवस्था मिलाउनु तथा त्यस्तो अनुसन्धान तहकिकातको प्रभावकारी अनुगमन गर्नु भनी महान्यायाधिवक्ताको कार्यालय तथा प्रहरी प्रधान कार्यालयसमेतलाई लेखि पठाउनू।

उक्त रायमा सहमत छु।
न्या. देवेन्द्र गोपाल श्रेष्ठ

इजलास अधिकृत (शा.अ.):- सुरथप्रसाद तिमल्सेना
इति संवत् २०७४ साल जेठ १ गते रोज २ शुभम्।

§§ 📖 ७७

निर्णय नं. १००४९

प्रस्तुत मुद्दामा गोपनीयताको लागि पीडितको परिवारको सदस्यको नाममा .... राखिएको छ।
- सम्पादक

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.
माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत
फैसला मिति : २०७४।१०।२६
०६७-CR-०१०६

मुद्दाः जबरजस्ती करणी

पुनरावेदक / वादी : नवलपरासी जिल्ला हरपुर गा.वि.स. वडा नं.५ बस्ने सतार खाँको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : नवलपरासी जिल्ला हरपुर गा.वि.स. वडा नं.३ बस्ने मुस्ताक खाँको छोरा सोहरत खाँ पठान

- **कुनै पुरूष व्यक्तिले कम उमेरका कुनै नाबालिका केटी (बालिका) लाई जबरजस्ती करणी गर्दा निजको उत्तेजित लिङ्ग नाबालिग बालिकाको अविकसित यौन अंगमा प्रविष्ट हुन सक्ने स्थिति अवस्था र कारण नै हुन सक्दैन भने यस स्थितिमा पुरूषको उत्तेजित लिङ्ग त्यस्तो अविकसित यौन अंगमा प्रवेश हुनसके पनि वा नसके पनि वा त्यस्ता पीडित यौन अंगमा जबरजस्ती गर्ने पुरूषको वीर्य स्खलन**

भएपनि नभए पनि त्यसरी लिङ्ग प्रवेश हुन नसकेको कारणले मात्र जबरजस्ती करणीको उद्योग ठहऱ्याउनु पीडितउपर अन्यायपूर्ण र विधायिकाले त्यस्ता प्रकृतिका प्रतिवादीहरू विरूद्ध गरेको सजायको व्यवस्थाको मनसायविपरीत पनि हुन जाने ।

(प्रकरण नं.४)

पुनरावेदक / वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री चन्द्रकान्त खनाल

प्रत्यर्थी / प्रतिवादीका तर्फबाट : वैतनिक अधिवक्ता श्री देवी रेग्मी

अवलम्बित नजिर :

- नेकाप २०७१, अंक ६, पृ.८७९

सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्नेः

मा.जि.न्या. श्री भीमबहादुर बोहरा
नवलपरासी जिल्ला अदालत

पुनरावेदन तहमा फैसला गर्नेः

माननीय न्यायाधीश श्री दिपकराज जोशी
मा. न्यायाधीश श्री गोविन्दकुमार उपाध्याय
पुनरावेदन अदालत बुटवल रूपन्देही

फैसला

न्या. चोलेन्द्र शमशेर ज.ब.रा.: न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१)(क) बमोजिम मुद्दा दोहोऱ्याई हेरिपाउँ भनी पर्न आएको निवेदनमा यस अदालतबाट निस्सा प्रदान हुने आदेश भएबमोजिम पुनरावेदनको रूपमा दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः

मिति २०६४।१२।२ गतेका दिन सोहरत खाँ ले मेरो नातिनी वर्ष ४ की ....लाई बिस्कुटसमेत दिई आफ्नो घरको कोठाभित्र लगी निजलाई बिस्तरामा सुताई नातिनीको योनाङ्गमा आफ्नो लिङ्ग दल्नुका साथै मुखमा समेत लिङ्ग पसाई करणी गरेको हुँदा निजलाई पक्राउ गरी कानूनबमोजिम गरिपाउँ भन्नेसमेत बेहोराको ....को जाहेरी दरखास्त ।

जिल्ला नवलपरासी हरपुर गा.वि.स. वडा नं.३ स्थित पूर्वमा पतरू कहारको घर, पश्चिममा सन्तोष ठाकुरको घर, उत्तर ओवाहा खाँको घर, दक्षिण सतार खाँ को घर यति चार किल्लाभित्र पर्ने सोहरत खाँको घरको कोठामा प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको भन्नेसमेत बेहोराको घटनास्थल मुचुल्का ।

मिति २०६४।१२।२ गतेका दिन मेरो छोरी वर्ष ५ की रूक्साना भन्ने साइना खातुनलाई घरनजिकै खेल्दै गरेको अवस्थामा प्रतिवादी सोहरत खाँ पठानले आफ्नो घरतर्फ लगेको देखेको हुँ । केहीबेरपछि छोरीलाई बोलाउँदा छोरी नबोलेपछि मैले तत्काल ससुरालाई खबर गरेँ । ससुरा निज प्रतिवादी सोहरता खाँ पठानको घरमा गई बोलाउँदा पनि छोरी नबोलेपछि जबरजस्ती ढोका खोलेर हेर्दा करणी गरेको अवस्थामा ससुराले फेला पारी निजबाट छुटाएका हुन् भन्ने ....को कागज ।

मिति २०६४।१२।२ गतेका दिन प्रतिवादीले मलाई बिस्कुटसमेत खान दिई घरको कोठामा लगी ओछ्यानमा सुताई निजको लिङ्ग मेरो योनाङ्गमा दली मुखमा लिङ्ग पसाली चुस्नसमेत लगाएका हुन् भन्ने पीडित ....को कागज ।

मिति २०६४।१२।२ गतेका दिन मेरो घरमा श्रीमतीसमेत नभएकोले ....लाई करणी गर्ने सोची बाटोमा खेलिरहेको अवस्थामा फकाई लिई गई बिस्कुट खान दिई आफ्नो ओछ्यानमा सुताई निजको योनिमा र मुखसमेतमा लिङ्ग पसाई भित्र बाहिर गरी करणी गर्दागर्दै निजको हजुरबुबा ....

मेरो घरमा आई ढोका जबरजस्ती खोलेपछि निज ....लाई लिई गए । सो समयमा मलाई कुटपिट गर्छन कि भनी घटनास्थलबाट भागी गएको हुँ भन्ने प्रतिवादी सोहरत खाँले अधिकारप्राप्त अनुसन्धान अधिकृतसमक्ष गरेको बयान ।

सोहरत पठानको स्वास्थ्य परीक्षण गर्दा शारीरिक तथा मानसिक स्थिति ठीक रहेको लिङ्गसमेतमा कुनै घाउ चोट नपाइएको भन्नेसमेत बेहोराको स्वास्थ्य परीक्षण प्रतिवेदन ।

पीडित ....को स्वास्थ्य परीक्षण गर्दा गुप्ताङ्गबाहेक अन्य शरीरको भाग नर्मल रहेकी योनि वरिपरि सुन्निएको रातो र परीक्षण गर्दा दुखेको पाइएको भन्नेसमेत बेहोराको .... को स्वास्थ्य परीक्षण प्रतिवेदन ।

सोहरत खाँले मिति २०६४।१२।२ गतेका दिन सतार खाँको नातिनी वर्ष ५ की .... लाई बिस्कुटसमेत खान दिई आफ्नो घरमा लगी योनि र मुखसमेतमा करणी गरेको भन्नेसमेत कुरा थाहा पाएको हो निज सोहरत पठान पहिलेदेखि नराम्रो चरित्र भएको व्यक्ति हो भन्नेसमेत बेहोराको बुझिएका मानिसहरूको कागज ।

सोहरत पठान र निजको बुबा सइद खाँको नाममा यस कार्यालयको अभिलेखमा कुनै जग्गा जमिन नपाइएको भन्ने जिल्ला मालपोत कार्यालयको पत्र ।

मिसिल संलग्न कागज प्रमाणका आधारमा प्रतिवादी सोहरत खाँ पठानले वर्ष ५ की नाबालिका ....लाई जबरजस्ती करणी गरी मुलुकी ऐन जबरजस्ती करणी महलको १ नं. विपरीत ३ (१) नं. को कसुर अपराध गरेको पुष्टि भएकोले निज प्रतिवादीलाई सोही महलको ३ नं. को देहाय १ नं. बमोजिम सजाय गरी पीडितलाई ऐ.ऐनको १० नं.बमोजिम क्षतिपूर्ति दिलाई पाउँ भन्नेसमेत अभियोगपत्र ।

मैले ....लाई जबरजस्ती करणी गरेको होइन । जाहेरी दरखास्त झुठा हो । अनुसन्धान अधिकृतसमक्ष भएको बयानमा मलाई कुटपिट गरी जबरजस्ती सही गराएका हुन् । उक्त साबिती बयान मैले भनेबमोजिम लेखिएको होइन । मेरो उपरको अभियोग दाबी झुठा भएको हुँदा फुर्सद पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी सोहरत खाँ पठानले सुरू अदालतसमक्ष गरेको बयान ।

मिति २०६४।१२।२ गतेका दिन प्रतिवादीले मलाई आफ्नो घरको कोठामा लगी ओछ्यानमा सुताई निजको लिङ्ग मेरो योनिमा दली लिङ्ग योनिमा नपसेपछि मुखमा करणी गरेका हुन् भन्नेसमेत बेहोराको पीडित ....ले सुरू अदालतसमक्ष गरेको बकपत्र ।

जाहेरवाला सतार खाँ तथा प्रतिवादीका साक्षी रामप्रसाद गौडाले गरेको बकपत्र मिसिल संलग्न रहेको ।

मिसिल संलग्न जाहेरी दरखास्त, पीडितको बयान कागज र बकपत्रसमेतबाट प्रतिवादीले करणी गरिसकेको नभई करणी गर्ने उद्योगसम्म गरेको देखिँदा प्रतिवादी कसुरमा इन्कार भए तापनि निजले जबरजस्ती करणीको महलको ५ नं.को कसुर अपराध गरेको ठहर्छ । सो ठहर्नाले निजलाई करणीको उद्योगमा ५ वर्ष कैद हुने ठहर्छ भन्ने नवलपरासी जिल्ला अदालतको मिति २०६५।५।१६ को फैसला ।

प्रतिवादीले वर्ष ४ की ....लाई जबरजस्ती करणी गरेको भनी किटानी जाहेरी दिएको, पीडितको स्वास्थ्य परीक्षण हेर्दा योनि सुन्निएको, पीडितले अदालतमा बकपत्र गर्दासमेत जबरजस्ती करणी गरेको भनी स्पष्ट रूपमा लेखाएको अवस्थामा दाबीबमोजिम कसुर ठहर गर्नुपर्नेमा जबरजस्ती करणीको उद्योग ठहऱ्याएको सुरू फैसला उल्टी गरी अभियोग दाबीबमोजिम कसुर ठहर गरी क्षतिपूर्तिसमेत भराउनु पर्दछ भन्ने वादी नेपाल सरकारको पुनरावेदन अदालत बुटवलमा दायर भएको पुनरावेदन पत्र ।

प्रतिवादी सोहरत पठानलाई जबरजस्ती करणीको उद्योगको कसुरमा मुलुकी ऐन जबरजस्ती करणीको महलको ५ नं.बमोजिम ५ वर्ष कैद हुने ठहर्‍याएको सुरू नवलपरासी जिल्ला अदालतको मिति २०६५।५।१६ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्नेसमेत बेहोराको मिति २०६६।३।२ को पुनरावेदन अदालत बुटवल रूपन्देहीको फैसला।

स्वास्थ्य परीक्षण (पीडितको) मा योनि सुन्निएको झिल्ली रातो भई दुखेको पाइएको सो कुरालाई जाहेरी, पीडितको कागज बकपत्र, मौकाको साबितीबाट पुष्टि भएको छ। ज.क.को १ नं.को देहाय (ग) मा योनिमा लिङ्ग केही मात्र प्रवेश भएको रहेछ भने पनि करणी भएको मानिने कानूनी व्यवस्था छ। योनिभित्रको झिल्ली रातो पाइएकोबाट लिङ्ग केही प्रवेश गरेको पुष्टि हुँदाहुँदै उद्योग ठहर गरेको उक्त फैसलामा कानूनको व्याख्यामा त्रुटि रहेको छ।

जबरजस्ती करणीको ९ क.नं. मा कसैले कुनै नाबालकसँग कुनै किसिमको अप्राकृतिक मैथुन गरे गराएमा जबरजस्ती करणी गरेको मानी ३ नं.को सजायमा १ वर्ष थप सजाय गरी पीडितलाई क्षतिपूर्तिसमेत भराई दिनुपर्छ भनी अनिवार्य रूपमा अप्राकृतिक मैथुन भएको अवस्थामा कानून व्यवस्था नै मानी सजाय गरी क्षतिपूर्तिसमेत भराउनु पर्ने बाध्यात्मक व्यवस्था हुँदाहुँदै त्यसको प्रतिकूल भएको फैसलामा प्रत्यक्षत: कानूनी त्रुटि रहेको छ।

वर्ष ६ की अवोध बालकले आफूमाथि भएको क्रियाको जस्ताको तस्तै बताएको, शारीरिक रूपमा पूर्ण विकसित नभएको बालिकाको यौनाङ्गमा पूर्ण प्रवेश गर्न सम्भव नभएको अवस्थामा केही प्रवेशलाई उद्योगमा ठहर भएको फैसलासमेत सर्वोच्च अदालतबाट प्रतिपादित नजिर प्रतिकूल रहेको हुँदा मुद्दा दोहोर्‍याई हेरी माथि उल्लिखित आधार र कारणहरूबाट प्रतिवादीलाई जबरजस्ती करणीको उद्योग गरेको ठहर्‍याई गरेको सुरू अदालतको फैसलालाई नै सदर गरी गरेको पुनरावेदन अदालतको त्रुटिपूर्ण फैसला बदर गरी प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको यस अदालतसमक्ष दायर गरेको मुद्दा दोहोर्‍याई हेरिपाउँ भन्ने निवेदनपत्र।

यसमा सम्बन्धित सुरू, रेकर्ड र भए प्रमाण मिसिलसमेत झिकाई आएपछि नियमबमोजिम पेस गर्नु भन्ने यस अदालतको मिति २०६६।९।६ को आदेश।

यसमा पीडितको योनि परीक्षण प्रतिवेदनबाट योनिको वरिपरिको झिल्ली रातो पाइएको र वरिपरि सुन्निएको उल्लेख भएको देखिएको, पीडितको योनिमा लिङ्ग दलेको भन्ने पीडितको भनाइ देखिएको अवस्थामा जबरजस्ती करणीको १ नं. को विपरीत परिभाषा गरी यस अदालतबाट प्रतिपादित ने.का.प.२०५३, अंक ४ पृष्ठ ४६२ नि.नं.७६८२ को सिद्धान्तसमेतको प्रतिकूल व्याख्या गरी जबरजस्ती करणीको महलको १ नं. र ५ नं. को त्रुटि गरेको देखिएकोले न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१)(क) र (ख) बमोजिम दोहोर्‍याई हेर्ने निस्सा प्रदान गरिएको छ भन्ने यस अदालतको मिति २०६७।४।१७ को आदेश।

यसमा यस अदालतबाट मिति २०६७।५।२८ मा जारी भएको प्रतिवादीका नाउँको सूचना निजको घर ठेगानामा पठाई तामेल गराइएको देखिए तापनि निज कारागार शाखा नवलपरासीमा कैदमा रहेको अवस्था हुँदा निजको नामको म्याद सूचना निजको जानकारीको लागि निज थुनामा रहेको कारागार शाखामा पठाई नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०६७।१०।१८ को आदेश।

यसमा यस्तै प्रश्न समाविष्ट रहेको जबरजस्ती करणी र (०७०-CF-०००२) मुद्दा पूर्ण इजलासमा विचाराधीन अवस्थामा रहेको हुँदा उक्त मुद्दाको निर्णय भएपछि सो फैसला प्रतिलिपि साथै राखी नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७०।९।७ को

आदेश ।

आजको दैनिक पेसी सूचीमा चढी पेस हुँदा आएको प्रस्तुत मुद्दाको पुनरावेदन पत्रसहितको मिसिल कागजात अध्ययन गरी पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री चन्द्रकान्त खनालले प्रतिवादी सोहरत खाँ पठानले आफ्नो उत्तेजित लिङ्ग वर्ष ५ की नाबालिका बच्ची ....को योनिमा प्रवेश गराउन बलपूर्वक रगड्नुको साथै मुखमा समेत लिङ्ग पसाई चुसाएको भन्ने साबिती बयानलाई स्वयं पीडितको बकपत्र तथा नाबालिकाको यौनाङ्गको घाउचोटबाट समेत प्रतिवादीको कसुर समर्थित भइरहेको अवस्थामा प्रतिवादीलाई जबरजस्ती करणीको उद्योगसम्म मात्र ठहऱ्याई सुरू अदालत र पुनरावेदन अदालतले गरेको त्रुटिपूर्ण फैसला उल्टी गरी हदैसम्म सजाय ठहर गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो । त्यस्तैगरी विपक्षी प्रतिवादीतर्फबाट उपस्थित वैतनिक अधिवक्ता श्री देवी रेग्मीले प्रतिवादी अधिकारप्राप्त अधिकारीसमक्ष साबित रहेपनि अदालतसमक्ष पूर्णत: इन्कारी रहेको, पीडिताको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट कन्याजाली नच्यातिएको र यौनाङ्गमा वीर्य Spermatozoa not seen भन्नेसमेत रिपोर्ट भइरहेको अवस्थामा जबरजस्ती करणीको कसुर ठहऱ्याई हदैसम्म सजाय गरिएको फैसला त्रुटिपूर्ण हुँदा सफाइ दिलाई पाउँ भनी गर्नुभएको बहससमेत सुनियो । यसमा पुनरावेदन अदालत बुटवलबाट मिति २०६६।३।२ मा भएको फैसला मिलेको छ छैन वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने हो होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो ।

२. निर्णयतर्फ विचार गर्दा, पुनरावेदन दाबीबमोजिम प्रतिवादीलाई जबरजस्ती करणीको हदैसम्म सजाय हुनुपर्ने हो अथवा सोको उद्योगसम्म ठहरिनुपर्ने हो भन्ने नै मुख्य प्रश्न रहेकोले यस सम्बन्धमा विचार गर्दा, योनिभित्रको झिल्ली रातो पाइएकोबाट लिङ्ग केही प्रवेश गरेको पुष्टि हुँदाहुँदै उद्योग ठहर गरेको फैसलामा कानूनको व्याख्यात्मक त्रुटि रहेको, जबरजस्ती करणीको ९ क नं.मा कुनै नाबालकसँग कुनै किसिमको अप्राकृतिक मैथुन गरे गराएमा जबरजस्ती करणी गरेको मानी ३ नं.को सजायमा १ वर्ष थप सजाय हुने व्यवस्था रहेको, शारीरिक रूपमा पूर्ण विकसित नभएको बालिकाको यौनाङ्गमा पूर्ण प्रवेश सम्भव नभएको अवस्थामा केही प्रवेशलाई जबरजस्ती करणी नठहराई करणीको उद्योग ठहर भएको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी प्रतिवादीलाई अभियोग दाबीबमोजिम हदैसम्म सजाय गरिपाउँ भन्ने मुख्य पुनरावेदन जिकिर रहेको देखियो ।

३. पीडित बालिकाको जन्म २०५९।९।८ मा भएको भन्ने निजको जन्म दर्ताको प्रमाण कागजबाट देखिएबाट २०६४।१२।२ मा वारदात हुँदाका बखत निज मात्र ५ (पाँच) वर्ष मात्र पूरा भएकी देखिन्छ । प्रतिवादीको उमेर, निजको बयान बेहोरालगायतको कागजबाट निज १८ वर्ष रहेको देखिन्छ । ५ वर्षकी सानी बालिकालाई प्रतिवादीले के कसरी जबरजस्ती करणी गऱ्यो त भन्नेतर्फ हेर्दा निज प्रतिवादीले अदालतसमक्ष गरेको बयानमा पूर्णत: इन्कार रही बयान गरेको भए तापनि अभियोजन कर्ता (सरकारी वकिल) समेतको समुपस्थितिमा हुने अधिकारप्राप्त अधिकारीसमक्ष गरिदिएको मौकाको बयानमा सम्पूर्ण घटना विवरणसहित कसुर गरेकोमा पूर्णत: साबित रही बयान गरेको देखिन्छ । निजले अदालतसमक्ष बयान गर्दा पूर्णत: इन्कार रहेको भए तापनि निजैले गरिदिएको सो बयानको स.ज.५ मा "मैले प्रहरी कार्यालयमा कुनै शारीरिक तथा मानसिक यातना पाएको छैन" भनी स्वत: स्फूर्त रूपमा बयान गरेको देखिन्छ । यसबाट सरकारी अभियोजनकर्तासमेतको उपस्थितिमा हुने बयानलाई डरधाकमा भएको भनी अन्यथा तर्क गर्न मिल्ने अवस्था पनि देखिँदैन । निजले गरिदिएको सो बयानको स.ज.१० मा हेर्दा पीडिता बालिकालाई

प्रतिवादीले पैसा दिएर बिस्कुट किन्न लगाएको र बालिकाले बिस्कुट किनेर आफूकहाँ आएपश्चात् निजको कपडा जबरजस्ती फुकाली आफ्नो उत्तेजित लिङ्ग प्रवेश गराउन खोज्दा नपसेपछि निज पीडाले कराउन खोज्दा मैले मुख थुनी दिई यौनाङ्गमा लिङ्ग प्रवेश नभएपछि मैले आफ्नो लिङ्ग पीडिता .... को मुखमा छिराई चुसाएको हुँ भनी वारदातको घटना विवरणलाई क्रमबद्ध रूपमा छर्लङ्ग हुने गरी उल्लेख गरिदिएको देखिन्छ । निजको सो बयानलाई पीडिता ....ले मौकामा गरिदिएको कागज तथा निजले अदालतमा गरिदिएको बकपत्रमा समेत स.ज.४ मा उक्त मितिका दिन मलाई प्रतिवादीले फकाई आफ्नो घरमा लगी ओछ्यानमा सुताई मैले लगाएको पेन्टी खोली आफ्नो लिङ्ग मेरो योनिमा घर्षण गरेपश्चात् नपसेपछि मेरो मुखमा निज सोहरत खाँ पठानले जबरजस्ती करणी गरेका हुन् भनी र सोही बकपत्रको स.ज. ५ मा मलाई प्रतिवादीले जबरजस्ती करणी गरेपश्चात् मेरो बाजेले त्यहाँबाट उठाई ल्याएका हुन् भनी बकपत्र गरेको पाइन्छ । त्यस्तैगरी पीडिताकी बाजे जाहेरवाला सतार खाँले गरिदिएको बकपत्रको स.ज.४ मा प्रतिवादीले मेरो नातिनी .... लाई आफ्नो घरमा चिच्याएको सुनेको र आफू पनि गई ढोका खोल्दा प्रतिवादी आफ्नो घरमा गई लुकी बसेको भनी लेखाई दिएबाट पीडिताको भनाइ र प्रतिवादी सोहरत खाँ पठानको साबिती बयानबीच तादात्म्यता (Corroboration) रहेको देखिन्छ । चिकित्सकले गरिदिएको स्वास्थ्य परीक्षण प्रतिवेदन हेर्दा "निज (पीडित) को गुप्ताङ्ग योनि परीक्षण गर्दा योनि वरिपरि सुन्निएको, रातो र परीक्षण गर्दा दुखेको पाइयो, योनिको झिल्ली रातो पाइएको" भनी उल्लेख गरी दिएबाट पीडिताको मौकाको बयान कागज, निजले गरिदिएको किटानी बकपत्र तथा प्रतिवादीको साबिती बयानलाई समेत समर्थन गरिरहेको अवस्था हुँदा प्रतिवादी सोहरत खाँ पठानले पीडिता बच्ची .... लाई जबरजस्ती करणी गरेको कसुर स्थापित हुन पुगेको देखिन्छ ।

४. जहाँसम्म पीडिताको योनिमा प्रतिवादीको लिङ्ग प्रवेश गर्न नसकेको र कन्याजाली नच्यातिएको भन्ने कारणले प्रतिवादीले पीडितामाथि गरेको कसुर अपराधलाई जबरजस्ती करणीको उद्योगसम्म ठहरिनु पर्ने हो कि ? भन्ने प्रश्नतर्फ विचार गर्दा नाबालिका बच्चीहरूउपर जबरजस्ती करणीको वारदात भएको घटनाहरूमा किशोरावस्था, युवा, वा पूर्ण बयस्क पुरूष व्यक्तिको उत्तेजित लिङ्ग सामान्यत: प्रवेश हुन सकेको पाइँदैन । किनकी त्यस्ता साना तथा नाबालिग बालिकाहरूको यौन अंग पूर्ण विकसित भइसकेको नहुने तथा यी विपक्षी प्रतिवादी जस्ता युवावस्था उन्मुख पुरूषहरूको लिङ्ग पूर्ण उत्तेजित अवस्थामा रहन सक्ने र यस उमेरसम्म आई पुग्दा पुरूषहरूमा वीर्य उत्पादन पनि भइसकेको हुन्छ भन्ने स्वास्थ्य विज्ञानबाट पनि स्थापित भइसकेको तथ्य हो । यसबाट कुनै पुरूष व्यक्तिले कम उमेरका कुनै नाबालिका केटी (बालिका) लाई जबरजस्ती करणी गर्दा निजको उत्तेजित लिङ्ग नाबालिग बालिकाको अविकसित यौन अंगमा प्रविष्ट हुन सक्ने स्थिति अवस्था र कारण नै हुन सक्दैन भने यस स्थितिमा पुरूषको उत्तेजित लिङ्ग त्यस्तो अविकसित यौन अंगमा प्रवेश हुनसके पनि वा नसके पनि वा त्यस्ता पीडित यौन अंगमा जबरजस्ती गर्ने पुरूषको वीर्य स्खलन भएपनि नभए पनि त्यसरी लिङ्ग प्रवेश हुन नसकेको कारणले मात्र जबरजस्ती करणीको उद्योग ठहऱ्याउनु, पीडितउपर अन्यायपूर्ण र विधायिकाले त्यस्ता प्रकृतिका प्रतिवादीहरू विरूद्ध गरेको सजायको व्यवस्थाको मनसायविपरीत पनि हुन जान्छ । किनकी यसै विषयवस्तुसँग मेल खाने कैयन जबरजस्ती करणीसम्बन्धी मुद्दामा सर्वोच्च अदालतबाट व्याख्या र विश्लेषण भई सिद्धान्तसमेत प्रतिपादन भइरहेको अवस्था छ । सोमध्ये प्रस्तुत मुद्दाको विषयवस्तुसँग मेल खाने केही मुद्दालाई यस

प्रसङ्गमा उद्धृत गरिएको छ।

५. सो सन्दर्भमा यस अदालतको मिति २०७०।९।७ को आदेशअनुसार प्रस्तुत मुद्दाको मिसिलसाथ संलग्न गरिएको, प्रहरी प्रतिवेदनले वादी नेपाल सरकार विरूद्ध टसी वि.क.समेत प्रतिवादी भई यस अदालतको पूर्ण इजलासबाट मिति २०७२।१।३ मा फैसला भएको जबरजस्ती करणी मुद्दामा प्रत्यर्थी प्रतिवादीहरूले पीडित नाबालिकाहरूलाई जबरजस्ती करणी गर्ने मनसाय राखी आफ्नो लिङ्ग निजहरूको योनिमा छिराउन खोजी जबरजस्ती करणीको महलको १ नं.बमोजिमको कसुर अपराध गरेको कुरा पुष्टि हुन आएकोले प्रतिवादीहरूलाई १० (दश) वर्ष कैद हुने र प्रतिवादीहरूबाट जनही दश हजारका दरले क्षतिपूर्तिसमेत भराई दिन पाउने ठहर्छ भनी भएको फैसलासमेतलाई लिइएको आधार र कारणबाट प्रतिवादीको कसुरलाई जबरजस्ती करणीको उद्योगतर्फ ठहर नगरी जबरजस्ती करणी नै ठहर गरेको पाइयो। सोको अत्तिरिक्त यसै मुद्दाको विषयवस्तुसँग मेल खाने जिल्ला कारागार तेह्रथुममा कैदमा रहेका पुनरावेदक प्रतिवादी बद्री खत्री विरूद्ध यसोदा कार्कीको जाहेरीले वादी नेपाल सरकार भएको (ने.का.प. २०७१ अंक ६ पुष्ठ ८७९) जबरजस्ती करणी मुद्दाको फैसलाको पृष्ठ ८८६ मा MODI'S MEDICAL JURISPRUDENCE AND TOXICOLOGY को २१ औं संस्करणको पृष्ट ३६९ को कुरालाई उद्धत गर्दै लेखिएको छ "to constitute the offence of rape it is not necessary that there should be complete Penetration of the penis within the Labia majora or the vulva or pudenda with or without emission of semen or even an attempt at penetration is quite sufficient for the purpose of the law. It is therefore quite possible to commit legally the offence of rape without producing any injury to the genitals or leaving any seminal stains" भनिएको छ। अर्थात् जबरजस्ती करणी हुन लिङ्गको पूर्ण प्रवेश र वीर्य स्खलन भएको हुनुपर्ने भन्ने छैन। लिङ्गको केही भाग मात्र पनि योनिको Labia majora (भगोष्ठ) सम्म प्रवेश वा प्रवेशको प्रयाससम्म (An attempt) पनि कानूनको प्रयोजनको लागि पर्याप्त हुन्छ भनी विवेचना गरिएकोसमेतका आधारमा "नाबालक" र कम उमेरका बालबालिकाउपर हुने सबै करणीमा वारदातमा उद्योग ठहऱ्यानु पर्छ भन्ने कानूनले व्यवस्था गरेको मान्न नमिल्ने" भन्दै सोही फैसलामा "लिङ्ग नपसेकै कारणले मात्र सबै मुद्दा उद्योगसम्म मात्र कसुर ठहऱ्याउँदा विधायिकाले परिकल्पना गरेको ऐनको उद्देश्य र मक्सद मर्न जाने" भन्ने सिद्धान्त प्रतिपादित भएकोले उल्लिखित मुद्दाको प्रतिवादीलाई जबरजस्ती करणीको कसुरमा उद्योगतर्फको सजाय ठहर नगरी जबरजस्ती करणीको पूर्ण कसुर ठहर गरेको अवस्था छ। सो फैसलाको व्याख्यालाई सोपश्चात् भएका पछिल्ला फैसलाहरूले अन्यथा गरेमा बाहेक माथि उल्लिखित फैसलाबाट कायम भएको सिद्धान्तलाई अनुकरणीय र प्रासङ्गिक मान्न सकिन्छ। अझ भन्नुपर्दा हालको विश्वव्यापी मान्यताअनुसार प्रस्तुत मुद्दाकी पीडिता जस्ता नाबालिका बालबालिकाहरू जसको सहमति लिएरै करणी गरिएको भए पनि कानून (Statute) ले नै "सहमति लिएको" नमानिने भनी त्यस्तो प्रकारको "बालबालिकालाई गरिने करणीलाई" "Statutory Rape" को संज्ञा दिइन्छ। यस सम्बन्धमा Black's Law dictionary ले "Carnal Knowledge of Child is frequently declared to be rape by statute and where this is true the offence is popularly known as statutory rape" भनी बालबालिकाउपर हुने यस्ता जधन्य करणीजन्य अपराधलाई त्यस्ता बालबालिकाको सहमति लिएपनि नलिए पनि कानूनत: जबरजस्ती करणीको Statutory rape भनी परिभाषित गरेको पाइन्छ। सोही सर्वमान्य

कानूनी सिद्धान्तलाई नै अनुशरण गर्दै हाल विद्यमान मुलुकी ऐनको जबरजस्ती करणीको महलमा भएको व्यवस्था हेर्दा सोको १ नं.मा "कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा सोह्रवर्षभन्दा कम उमेरकी बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा निजले जबरजस्ती करणी गरेको ठहर्छ" भन्ने व्यवस्था रहेको पाइन्छ। त्यस्तैगरी सोही ऐनको ३ नं.को देहाय १ मा "दश वर्षभन्दा मुनिकी बालिका भए दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद सजाय हुनेछ।" भन्ने व्यवस्था रहेको देखिन्छ। त्यसैगरी सोही महलको १० नं. मा कुनै महिलालाई जबरजस्ती करणी गरेको ठहरेमा अदालतले मनासिब ठहराएबमोजिम क्षतिपूर्तिसमेत भराई दिनुपर्नेछ" भन्नेसमेत कानूनी व्यवस्था रहेकोबाट प्रस्तुत मुद्दाको सन्दर्भमा यी प्रतिवादी सोहरत खाँ पठानलाई निजको लिङ्ग पीडिता बालिकाको योनिमा प्रवेश हुन नसकेको र कन्याजाली नच्यातिएको भन्नेसम्मको कारण र आधार एकातर्फ देखाइए तापनि अर्कोतर्फ निज बालिकाको यौन अंगको कन्याजाली रहेको (झिल्ली) को भित्री भागसम्म पनि रातो देखिएको, सो यौनाङ्ग सुनिएको भन्नेसमेत बेहोराको डाक्टरले पीडित बालिकाको स्वास्थ्य जाँच गरिदिएको प्रतिवेदनबाट देखिइरहेको अवस्था हुँदा वयस्क युवती वा महिलाको यौनाङ्गमा घटेको घटनाजस्तो गरी पीडित नाबालिकाउपर घटेको यस्तो जघन्य कसुरमा प्रतिवादीलाई जबरजस्ती करणीको उद्योगसम्म ठहर्‍याई सजाय गर्न मिल्ने देखिन आएन।

६. अतः पुनरावेदन अदालत बुटवलबाट मिति २०६६।३।२ मा भएको फैसला केही उल्टी हुने ठहरी प्रतिवादी सोहरत खाँ पठानलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. को कसुरमा सोही महलको ३ नं. को देहायको १ नं. बमोजिम पीडिता ....लाई जबरजस्ती करणी गरेको ठहर्छ। सो ठहर्नाले निज प्रतिवादीलाई १० वर्ष कैद सजाय हुन्छ र निजले पीडित बालिकालाई रू.५०,०००।- (पचास हजार) रूपैयाँ क्षतिपूर्तिसमेत भराई दिनुपर्ने ठहर्छ। अरूमा तपसिलबमोजिम गर्नु।

तपसिल

माथि इन्साफ खण्डमा लेखिएबमोजिम सुरू तथा पुनरावेदन अदालतबाट ५ वर्ष मात्र कैद हुने ठहर्‍याई भएको फैसला केही उल्टी हुने ठहरी प्रतिवादीलाई १० वर्ष कैद हुने र रू.५०,०००।- (पचास हजार) रूपैयाँसमेत क्षतिपूर्तिसमेत भराई पाउने ठहरेकोले प्रतिवादी मिति २०६४।१२।६ देखि हिरासतमा रहेको देखिँदा निजलाई सुरू तथा पुनरावेदन अदालतको फैसलाले लागेको कैद ५ वर्ष भुक्तान भई थुनामुक्त भइसकेको भए यस अदालतको फैसलाबमोजिम थप कैदसमेतको लगत कसी असुल गर्नु भनी सुरू जिल्ला अदालतमा लेखी पठाई दिनू -------------------------१

पीडिताले प्रतिवादीबाट रू.५०,०००।- (पचास हजार) रूपैयाँ क्षतिपूर्ति भराई लिन पाउनेसमेत ठहरेको हुँदा प्रतिवादी र जायजातबाट कानूनबमोजिम पीडितालाई क्षतिपूर्ति भराई दिनु भनी सुरूमा लेखी पठाई दिनू ---२

प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाइ दिनू -----३

उक्त रायमा सहमत छु।
न्या. प्रकाशमान सिंह राउत

इजलास अधिकृत : शिवहरि पौड्याल
इति संवत् २०७४ साल माघ २६ गते रोज ६ शुभम्।

निर्णय नं. १००५०

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.
माननीय न्यायाधीश श्री टंकबहादुर मोक्तान
फैसला मिति : २०७४।८।२६
०७३-CI-१३८६

मुद्दा : बाटो खिचोला बाटो कायम

पुनरावेदक / प्रतिवादी : काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.३४ मीनभवन मार्ग बस्ने कमला बज्राचार्यसमेत

विरूद्ध

प्रत्यर्थी / वादी : काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.३५ बस्ने शान्ति बैद्य (जोन्छे)

- **न्यायका मान्य सिद्धान्तहरूतर्फ नजर गर्दा एकाको स्वामित्वको जग्गाबाट गैर स्वामित्व भएका अन्य व्यक्तिले अनन्तकालदेखि बाटोको रूपमा प्रयोग गरी आएको भए पनि सुविधाधिकारको सिद्धान्तअनुसार त्यस्तो बाटो बन्द गर्न नमिल्ने ।**

(प्रकरण नं.५)

- **महानगरपालिकाबाट कुनै भवन वा कुनै भाग भत्काउन नपर्ने गरी निर्णय भएको अवस्थामा सो निर्णयमा चित्त नबुझ्ने पक्षले पुनरावेदन गर्न पाउने व्यवस्था गरेको देखिएन । बाटो खुलाउन नपर्ने वा भवन वा कुनै भाग भत्काउन नपर्ने गरी नगरपालिका प्रमुखबाट भएको निर्णयउपर पुनरावेदन लाग्न सक्ने कानूनी व्यवस्था नभएको अवस्थामा एक पटक निर्णय भइसकेको भन्ने आधारमा मर्का पर्ने पक्षले कानूनको म्यादभित्रै कानूनी उपचारको बाटो अवलम्बन गर्न नपाउने भन्न नमिल्ने ।**

(प्रकरण नं.७)

पुनरावेदक / प्रतिवादीका तर्फबाट : विद्वान् अधिवक्ता श्री सुरेन्द्रकुमार बोगटी
प्रत्यर्थी / वादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री हरिहर दाहाल
अवलम्बित नजिर :
सम्बद्ध कानून :

- स्थानीय स्वायत्त शासन ऐन, २०५५

सुरू तहमा फैसला गर्नेः
मा. जिल्ला न्यायाधीश श्री नागेन्द्रलाल कर्ण
काठमाडौं जिल्ला अदालत
पुनरावेदन तहमा फैसला गर्नेः
माननीय न्यायाधीश श्री मोहनबहादुर कार्की
माननीय न्यायाधीश श्री शारङ्गा सुवेदी
पुनरावेदन अदालत पाटन

फैसला

न्या. टंकबहादुर मोक्तान : न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१)(क)(ख) बमोजिम मुद्दा दोहोर्‍याई पाउँ भनी परेको निवेदनमा यस अदालतबाट निस्सा प्रदान गर्ने आदेश भएपश्चात् पुनरावेदनको रूपमा दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छ :-

म फिरादीले कानूनबमोजिम राजीनामा गरी खरिद गरेको कि.नं. १२४ र कि.नं. ४७८ को जग्गासम्म पुग्न पहिलेदेखि नै बाटो खोली हिँड्डुल, प्रयोग र उपभोग गरी आएको विवादित कच्ची मोटरबाटोको

विषयमा काठमाडौं महानगरपालिकालाई निर्णय गर्ने क्षेत्राधिकार नै नभएको निकायले गरेको निर्णय आफैँमा क्षेत्राधिकारविहीन भई शून्य भएकोमा विवाद छैन । स्थानीय टोल छिमेकीहरूको समेत आग्रहमा हामी दुवै पक्षको सहमतिमा मिति २०६७/३/१० मा विपक्षीहरूले पहिलेको फलामे ढोका खुलाई म फिरादीसमेतले हिँड्डुल गर्न पाउने गरी मौखिक सहमति भएको थियो । पछि फेरि उक्त कच्ची मोटरबाटो मिति २०६७/५/२ बाट बन्द गरी म फिरादीलाई बाटो प्रयोग गरी घर निर्माण गर्न अवरोध पुऱ्याएको र उक्त बाटोबाट गएको अन्य व्यक्तिहरूको ढल, पानीको निकाससमेत बन्द गराएकोले उल्लिखित तरिकाबाट पहिला नै खुली म फिरादीले समेत प्रयोग गरी आएको कच्ची मोटर बाटोको मुखमा फलामे ढोकासमेत लगाई म फिरादीसमेतको निर्माणाधीन घरजग्गामा आवतजावत गर्न रोक लगाई विपक्षीहरूले उक्त बाटो खिचोला गरेको हुनाले विपक्षीहरूको बाटोको मुखमा फलामे ढोका राखी गरेको बाटोको खिचोला मेटाई उक्त ढोका खोली बाटो कायम गरिपाउँ भन्नेसमेत बेहोराको फिराद पत्र ।

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १० सिट नं. १०८६०९ कि.नं. ४१८ को नारायणदास श्रेष्ठको नामको निजी जग्गालाई विपक्षीले परापूर्वकालदेखि सार्वजनिक बाटो भनी गेट भत्काई बाटो कायम गरिपाउँ भनी दाबी लिए पनि विपक्षीलाई बाटो दिने कुनै कागज गरी नदिएको, नयाँ र पुरानो नापीको नक्सामा समेत बाटो नजनिएको, परापूर्वकालको बाटो नभएको, निजी हक भोगचलनको घर कम्पाउण्ड र गेट रहेको जग्गा भएको हुँदा विपक्षीको फिराद दाबी गैरकानूनी हुँदा खारेजभागी छ । प्रस्तुत विवादको विषयमा काठमाडौं महानगरपालिकामा मुद्दा अन्तिम भएपश्चात् पुनरावेदन नगरी क्षेत्राधिकारबाहिर गई काठमाडौं महानगरपालिकाको निर्णयलाई अदालतमा पुनरावेदनसरह गरी फिराद दर्ता नगरेको र हदम्यादसमेत नघाई दायर गरेको फिराद दाबी मुलुकी ऐन, अ.बं.१८० नं. बमोजिम खारेज गरिपाउँ भन्ने प्रतिउत्तर पत्र ।

वादीले काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १० स्थित कि.नं. ४७८ र १२४ दुवै कित्ता जग्गा कानूनबमोजिम खरिद गर्दा जग्गाको पूर्वपट्टि ८ फिटे बाटोलाई छुने गरी घरबाटो प्रमाणित भएको थियो । पछि काठमाडौं महानगरपालिकाबाट सो जग्गामा घर बनाउन नक्सा पास गर्दा पनि सोही घरबाटो सिफारिस भई नक्सा पास भएको थियो । यदि विवादित कच्ची मोटर बाटो निजी जग्गा हुँदो हो त जग्गा पास गर्दा र घर बनाउन नक्सा पास गर्दा घरबाटो भनेर सिफारिस हुँदाको अवस्थामा निज प्रतिवादीहरूले केही नगरी बस्ने, पछि वादीले घर बनाउन थालेपछि निजी भनी बाटो बन्द गरी फलामे ढोका राखेको हो भन्नेसमेत बेहोराको वादीका साक्षी प्रज्वल जोन्छेको बकपत्र ।

अर्काको जग्गामा मान्छेले हिँडेको भरमा चलन चल्तीको बाटो भन्न मिल्दैन । २०४७ सालमै उक्त जग्गाका जग्गाधनीले घर बनाई उक्त फलामे गेट राखेको थियो । विवादित जग्गा नारायणदासको दर्ता स्रेस्ता रहेको जग्गा हो । वादीले उक्त जग्गामा बाटो पाएको भन्ने कुरा गलत हो । वादीले नक्सा पास गराएको कुरा जग्गाधनी नारायणदासलाई जानकारी थिएन भन्नेसमेत बेहोराको प्रतिवादीका साक्षी गणेशप्रसाद दुलालको बकपत्र ।

मिसिल संलग्न प्रमाणबाट कि.नं. ४१८ को जग्गा निजी जग्गा भएको देखिएकोले वादी दाबी पुग्न नसक्ने ठहर्छ भन्ने काठमाडौं जिल्ला अदालतको मिति २०६९/३/१९ को फैसला ।

मेरो दातासँग मैले जग्गा राजीनामा गरी लिँदा कि.नं. ४६७ बाटो प्रयोजनको कित्ता कायम भएको थियो । विपक्षीहरूको परिवारको नाममा जग्गा रजिस्ट्रेसन गर्दाको बखत सिफारिस दिँदा कच्ची मोटरबाटो भनी सिफारिस दिएको थियो । साथै

विपक्षी उज्जनकुमार श्रेष्ठ अ.वा. भई पारित कि.नं. ११८ कि.का. भई कायम कि.नं.५०० बाटो प्रयोजन भनी विपक्षी स्वयंले स्वीकार गरी बसेको देखिन्छ । विपक्षीका पिताले दाबीको कित्ता जग्गामा घर बनाउन नक्सा पास निवेदन गर्दा काठमाडौं उपत्यका नगर विकास योजनाबाट भएको नक्सा सिफारिसपत्र र सोसम्बन्धी प्रकाशित सूचनामा विपक्षीले भोगचलन गरेको हालको कि.नं. ४१८ समेतको कित्ता जग्गाको उत्तरतर्फ साबिकमा बाटो रहे भएको भनी हालको कि.नं. ४१८ का दर्तावाला भनिएका नारायणदास श्रेष्ठले लेखाई दिएको थियो । सम्मानित काठमाडौं जिल्ला अदालतले गराएको नाप नक्सा मुचुल्काबाट बाटोको वस्तुस्थिति अधिकारप्राप्त निकायले प्रमाणित गरिदिएको घरबाटो सिफारिसपत्र, काठमाडौं उपत्यका म्यापिङ कार्यक्रमबाट तयार गरेको स्याटेलाइट नक्सा एवं बाटो कायम भएको फिल्डबुक उतार जस्ता आधिकारिक प्रमाणहरूको सही विश्लेषण नै नगरी भएको काठमाडौं जिल्ला अदालतको फैसला त्रुटिपूर्ण हुँदा खारेज गरी फिराद दाबीबमोजिम गरिपाउँ भन्नेसमेत बेहोराको वादीको पुनरावेदन अदालत पाटनमा परेको पुनरावेदन ।

यसमा मिति २०६८/४/२३ मा भई आएको स्थलगत नक्साबाट न.नं.२७, २९ र न.नं.१४, १७ समेत केहीमा बाटो र केहीमा विवादित बाटो भनी उल्लेख भइरहेको समेतका कुराले काठमाडौं जिल्ला अदालतको मिति २०६९/३/१९ को फैसला फरक पर्न सक्ने देखिँदा प्रत्यर्थी झिकाई पेस गर्नु भन्ने पुनरावेदन अदालत पाटनको मिति २०७०/४/२४ को आदेश ।

विवेचित आधार र कारणबाट फिराद दाबीबमोजिम फलामे ढोका खोली बाटो कायम गर्नुपर्नेमा वादी दाबी नपुग्ने ठहर गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०६९/३/१९ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई वादी दाबीबमोजिम न.नं.९ को फलामे ढोका खोली बाटो कायम हुने ठहर्छ भन्नेसमेत बेहोराको पुनरावेदन अदालत, पाटनको मिति २०७२।२।३२ को फैसला ।

विपक्षीले बाटो भनी दाबी गरेको जग्गा बाटो नभई हामी पुनरावेदकमध्ये उज्जनकुमार श्रेष्ठको पिता नारायणदास श्रेष्ठको नाम दर्ताको निजी हक भोगचलन र दर्ताको जग्गा हो । उक्त जग्गामा अघिदेखि चली आएको बाटो पनि होइन । २०२२ र २०४५ सालमा भएको नापीमा समेत बाटो नजनिएको र २०५५ सालमा हाल साबिक हुँदासमेत बाटो नभएबाट स्रेस्ताले नै बाटो नभएको पुष्टि हुन्छ । बाटो भनी दाबी गरिएको उक्त कि.नं.४१४, ४१५ र ४१८ को जग्गा बाटो नभई साबिकदेखि नै कम्पाउण्ड गरी नक्सा पास गरी घर बनाई गेट तथा कम्पाउण्डवालसमेत लगाई भोगचलन गरी आएको निर्विवाद जग्गा हो । फिराद दाबीमा कि.नं.४१८ को जग्गाधनी नारायणदास श्रेष्ठलाई विपक्षी नबनाएको हुँदा प्राकृतिक न्यायको सिद्धान्तविपरीतको फिराद खारेज हुनुपर्ने हो । विपक्षी वादीले यसै बाटोको विवादको विषयमा २०६६।२।२१ मा काठमाडौं महानगरपालिकामा अनाधिकृत रूपले बनाएको गेट भत्काई बाटो खुलाई पाउँ भनी हामीउपर मुद्दा दायर गरेकोमा हामीले प्रतिउत्तरसमेत नफिराएपछि जाँचबुझ र कारबाही फैसला हेर्दा उक्त कि.नं.४१८ को जग्गा निजी भएको भनी उल्लेख भएको थियो । उक्त फैसलाउपर पुनरावेदनसमेत नगरी सोही विषयमा प्रस्तुत मुद्दा दिएको हो । पुनरावेदन अदालतबाट भएको फैसला हेर्दा मुख्यतः नक्सा नं.२९, १४, ३, २ र १ मा बाटो कायम भएको आधार लिएको रहेछ । नक्सा नं.१ नारायणदास श्रेष्ठको जग्गाको पूर्वभागको साबिकदेखिको बाटो हो, सो बाटोबाट विपक्षीको जग्गालाई छुने होइन । नक्सा नं.९, १०, १८ नारायणदास श्रेष्ठको भोग रहेको भन्ने नक्सा मुचुल्काबाट प्रस्ट छ । त्यसमा पनि नक्सा मुचुल्का हुँदा विवादित बाटो भनी लेखिएको सन्दर्भमा हामीहरूको तर्फबाट अरू जग्गा विवादित बाटो नभई नारायणदास

श्रेष्ठ र कमला बज्राचार्यको निजी हो भनी जिरह भएको छ। त्यसैगरी पुनरावेदन अदालतको फैसलामा कि.नं.१२४ को जग्गा उमा वैद्यको पालादेखि नै आठ फिटको चलनचल्तीको बाटो देखिन्छ भनी उल्लेख भएको आधार गलत हो। त्यहाँ कुनै किसिमको बाटो रहेको भन्ने कागजात प्रमाण दाखिला भएको अवस्था छैन। विपक्षीले खरिद गर्दा नगरपालिकाबाट के कस्तो बाटो सिफारिसमा नारायणदास श्रेष्ठको कि.नं.४१८ को जग्गाबाट बाटो छ भनी लेखिएको पनि नदेखिएको र उक्त जग्गामा बाटो दिने भनी जग्गाधनीसँग कुनै कागज भएको पनि नदेखिएको अवस्थामा कि.नं.४१८ को जग्गाबाट फलामको गेट खोली बाटो खोली दिनुपर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७२।२।३२ मा भएको फैसलामा कानूनी त्रुटि विद्यमान हुँदा मुद्दा दोहोर्‍याई हेरिपाउँ भन्ने प्रतिवादीहरूको संयुक्त निवेदनपत्र।

यसमा यही विवादको बाटोको सम्बन्धमा वादी शान्ति जोन्छे वैद्यले यी निवेदकहरू प्रतिवादी कमला बज्राचार्यसमेत उपर काठमाडौं महानगरपालिकामा अनाधिकृतरूपले बनाएको गेट भत्काई बाटो खुलाई पाउँ भनी मुद्दा दायर गरेकोमा वादी दाबी पुग्न नसक्ने ठहर्‍याई मिति २०६७।३।२ मा निर्णय भई अन्तिम रहेको देखिएकोमा सोही विवादको विषयमा पुन: काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर भएकोमा वादी दाबी पुग्न नसक्ने ठहर्‍याएको सुरू फैसला उल्टी गरी वादी दाबी पुग्ने ठहर्‍याई पुनरावेदन अदालत पाटनबाट भएको फैसलामा मुलुकी ऐन अ.बं.८५ नं., प्रमाण ऐन, २०३१ को दफा ३, ५४ को गम्भीर व्याख्यात्मक त्रुटि भई ने.का.प. २०४९ को नि.नं.४६१७ को मुद्दामा (पृष्ठ ८३९) प्रतिपादित सिद्धान्तको प्रतिकूलसमेत देखिँदा न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१) को खण्ड (क) र (ख) को आधारमा निस्सा प्रदान गरिएको छ भन्ने यस अदालतको मिति २०७३।११।१९ को आदेश।

नियमबमोजिम पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दाको सम्पूर्ण मिसिल अध्ययन गरियो। पुनरावेदकहरूका तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ता श्री सुरेन्द्रकुमार बोगटीले वादीले बाटो भनी दाबी गरेको जग्गा पुनरावेदकहरूको दर्ता तिरो भोगभित्रको जग्गा हो, उक्त जग्गा बाटो भनी जनिएको कुनै पनि प्रमाण पेस नभएको सन्दर्भमा पुनरावेदन अदालत, पाटनबाट भएको फैसला त्रुटिपूर्ण हुँदा उल्टी गरी दाबी नपुग्ने ठहर्‍याएको सुरू फैसला सदर गरी इन्साफ होस् भनी बहस प्रस्तुत गर्नुभयो। प्रत्यर्थीतर्फबाट उपस्थित हुनुभएका विद्वान् वरिष्ठ अधिवक्ता श्री हरिहर दाहालले वादीले जग्गा खरिद गर्नुभन्दा अघिदेखि नै विवादित कि.नं. ४१८ मा कच्ची मोटरबाटो रहेको र घर निर्माणको लागि नक्सा पास गर्दा कच्ची बाटो रहेको भनी वादीले सिफारिस पाई नक्सा पास भएकोमा पछि आएर उक्त जग्गाको मुखमा विपक्षी पुनरावेदकले फलामे ढोका राखी बाटो बन्द गरी बाटो खिचोला गरेको हुँदा पुनरावेदन अदालत पाटनको फैसला सदर हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो।

मिसिल संलग्न कागजात प्रमाण एवं प्रतिवादीहरूको पुनरावेदन जिकिरसमेतलाई मध्यनजर गर्दा प्रस्तुत मुद्दामा वादी दाबी पुग्ने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको फैसला मिलेको छ, छैन ? र प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्ने हो होइन ? भन्ने प्रश्नमा सीमित रही निर्णय दिनुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा, मैले राजीनामा गरी खरिद गरेको कि.नं. ४७८ र कि.नं. १२४ को जग्गासम्म पुग्न कच्ची मोटर बाटोको विषयमा काठमाडौं महानगरपालिकाले क्षेत्राधिकारविहीनरूपमा गरेको निर्णय शून्य छ। स्थानीय टोल छिमेकीहरूको समेत आग्रहमा हामी दुवैपक्षको सहमतिमा मिति

२०६७।३।१० मा विपक्षीहरूले पहिलेको फलामे ढोका खुलाई म फिरादीसमेतले हिँड्डुल गर्न पाउने भनी मौखिक सहमतिसमेत भएकोमा उक्त कच्ची मोटरबाटो मिति २०६७।५।२ बाट बन्द गरी म फिरादीलाई बाटो प्रयोग गर्न अवरोध पुऱ्याएको हुँदा उक्त बाटो खिचोला मेटाई बाटो कायम गरिपाउँ भन्ने मुख्य फिराद दाबी देखियो। दाबीको उक्त कि.नं.४१८ को जग्गा नारायणदास श्रेष्ठको नाउँको निजी जग्गा रहेको, त्यसमा परापूर्वकालदेखि कुनै बाटो पनि नरहेको एवं बाटो दिने कुनै सहमतिसमेत नभएको हुँदा फिराद दाबी झुठा हो भन्ने प्रतिउत्तर जिकिर रहेको प्रस्तुत मुद्दामा वादी दाबी पुग्न नसक्ने ठहरी काठमाडौं जिल्ला अदालतबाट भएको फैसला उल्टी भई वादी दाबीबमोजिम न.नं.९ को फलामे ढोका खोली बाटो कायम हुने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको फैसलाउपर मुद्दा दोहोऱ्याई पाउँ भनी परेको निवेदनमा यस अदालतबाट निस्सा प्रदान गर्ने आदेशपश्चात् प्रस्तुत पुनरावेदन दायर हुन आएको देखियो।

३. प्रतिवादीहरूको पुनरावेदन जिकिर हेर्दा दाबीको जग्गा परापूर्वकालदेखि बाटो नभएको उक्त जग्गा निजी दर्ताको निजी हकभोग स्वामित्वको रहेको, कहिल्यै पनि सो जग्गामा बाटो दिने सहमतिसमेत नभएकोमा निजी दर्ताको जग्गालाई बाटो कायम गरेको फैसला त्रुटिपूर्ण रहेको भन्ने मुख्य बेहोरा देखिन्छ। सुरू अदालतको फैसलाउपर पुनरावेदन अदालत पाटनमा वादीको पुनरावेदन पर्दा आफूले उक्त जग्गा राजीनामा पारित गरी लिँदा नै कि.नं. ४६७ बाटो प्रयोजनको कित्ता कायम भएको थियो । विपक्षीको परिवारको नाममा जग्गा रजिस्ट्रेसन गर्दाको बखत सिफारिस दिँदा कच्ची मोटर बाटो भनी सिफारिस दिएको, कि.नं. ११८ कित्ताकाट हुँदा कि.नं. ५०० बाटो प्रयोजन भनी विपक्षी स्वयंले स्वीकार गरेको विपक्षीका पिताले घर बनाउन नक्सा स्वीकृत गराउँदा कि.नं. ४१८ को उत्तरतर्फ बाटो रहेको भनी निज नारायणदास श्रेष्ठले लेखाई दिएकोसमेतबाट सुरू अदालतको फैसला त्रुटिपूर्ण रहेको भनी जिकिर लिएको देखिन्छ।

४. यसमा वादी शान्ति जोन्छे वैद्यले खरिद गरेको कि.नं. ४७८ र कि.नं.१२४ को जग्गाहरू निजले खरिद गर्नुपूर्व उमा वैद्य, सरद वैद्य र सचिन वैद्यका नाउँमा संयुक्त दर्ता रहेको र उक्त जग्गामध्ये साबिक कि.नं.४५ को जग्गा निज जग्गाधनीहरू र मोहीबीच २०६३।१०।२१ मा भूमिसुधार कार्यालयमा मिलापत्र भई बाँडफाँड भई कित्ताकाट हुँदा कायम हुन आएका कित्ताहरूमध्ये कि.नं.४७७ मोहीको भागमा परेको र कि.नं.४७८ जग्गाधनीको भागमा परेको भन्ने देखिन्छ। उक्त मिलापत्र हेर्दा कि.नं.४५ को पूर्वतर्फको चलनचल्तीको बाटो छुने गरी उत्तरतर्फ १० फिटको बाटो मोहीले पाउने र कि.नं.४५ बाट सो बाटोसमेत कटाई बाँकी हुन आउने दक्षिणतर्फको बाँकी जग्गा र कि.नं.१२४ को सबै जग्गा जग्गाधनीले पाउने भन्ने देखिन्छ । सुरू अदालतको आदेशानुसार मिति २०६८।४।२३ मा भइआएको नक्सा मुचुल्का हेर्दा कि.नं.४७७ को पश्चिम (न.नं.३३) एवं कि.नं.४७८ (न.नं.२६) को दक्षिण पूर्वमा न.नं.२७ बाटो रहेको भन्ने देखिन्छ। त्यसैगरी न.नं.१ बाटो देखिन आएको, न.नं.२ र ३ पनि बाटो देखिन आएको छ। सोही न.नं.३ सँग जोडिएको न.नं.९ प्रतिवादी नारायणदास श्रेष्ठको भोगमा रहेको विवादित (जग्गा) बाटो भनी जनिएको, सो विवादित न.नं. ९ को बाटो न.नं.१०, ११, १२, २८, २९ र ३० समेतका जग्गासम्म अनवरत रूपमा फैलिएको र उक्त बाटोमा ग्राभेल बिछ्याइएको भन्ने देखिन्छ । सोही बाटोमध्ये न.नं.९ मा छुट्टै पिलर नराखी भइरहेको दुईतिरको वालमा अड्याई फलामे गेट राखिएको भन्ने उक्त नक्सा मुचुल्काको न.नं.९ एवं न.नं. १३ को विवेचनाबाट खुल्न आएको छ।

५. उपर्युक्त विश्लेषणबाट प्रस्तुत मुद्दाका

वादीको कि.नं.४७८ र १२४ को जग्गामा जाने बाटोको रूपमा न.नं.९ को कि.नं.४१८ को जग्गा देखिन आई उक्त जग्गामा रहेको विवादित बाटो रोकिँदा वादीको जग्गाहरूमा आवतजावत बन्द हुन गएको स्थिति देखियो । प्रत्यर्थी वादीको उल्लिखित कि.नं.४७८ र १२४ को जग्गाहरूमा कि.नं.४१८ (न.नं.९) हुँदै साबिकदेखि नै बाटो रहेको भनी काठमाडौं महानगरपालिका ३४ नं.वडा कार्यालयबाट भएको घरबाटो प्रमाणित पत्र र वादीको साक्षी प्रज्वल जोन्छेको बकपत्र बेहोराबाट पनि देखिन आएको छ । माथि उल्लिखित न.नं.१ देखि न.नं.९ हुँदै वादीको जग्गासम्म पुग्ने बाटो रहेको भन्ने कुरालाई प्रतिवादीले खण्डन गरी उक्त जग्गामा जाने बाटो अरू कुनै हो भनी खुलाउन सकेको पनि पाइँदैन । कुनैपनि जग्गा जमिनसम्म पुग्नको लागि परापूर्वकालदेखि नै चलनचल्तीमा रहेको बाटो नापी नक्सामा नजनिएको वा सो जग्गा बाटोको रूपमा प्रयोग भएको र नक्सामा उक्त बाटो कोही कसैको नाममा रहेको पनि हुनसक्छ । कुनै पनि घरजग्गासम्म जाने आउने निकास हुनुपर्ने र पुनरावेदक प्रतिवादीकै साक्षीको बकपत्रबाट सो विवादित जग्गामा मानिसहरूको आवत जावत रहेको भन्ने देखिन्छ । प्रस्तुत विवादमा कि.नं.४७८ र कि.नं.१२४ को जग्गाको लागि यस्तो निकास उक्त न.नं.९ को जग्गा रहेको भन्ने देखिन आउँछ । माथि उल्लिखित भूमिसुधार कार्यालय, काठमाडौंमा भएको मिति २०६३।१०।२१ को मिलापत्रबाट प्रत्यर्थी वादीको जग्गामा जाने बाटो कायम रहे भएको भन्ने देखिएको छ । त्यस्तो होइन, छैन भनी पुनरावेदक प्रतिवादीको पुनरावेदनमा जिकिर लिएको पाइँदैन । प्रत्यर्थी वादीको उक्त जग्गामा जान न.नं. ९ को जग्गाबाहेक अरू कुनै निकास छ भनी पुनरावेदकहरूले जिकिर लिन सकेको पाइँदैन । न्यायका मान्य सिद्धान्तहरूतर्फ नजर गर्दा पनि एकाको स्वामित्वको जग्गाबाट गैरस्वामित्व भएका अन्य व्यक्तिले अनन्तकालदेखि बाटोको रूपमा प्रयोग गरी आएको भए पनि सुविधाधिकारको सिद्धान्तअनुसार त्यस्तो बाटो बन्द गर्न मिल्दैन ।

६. उल्लिखित वादीको कि.नं.४७८ र १२४ को जग्गामा जान न.नं.९ समेतको जग्गा निजी रहेको भनी फलामे ढोका लगाई बन्द गर्दा आवतजावत गर्न पाउने प्रत्यर्थी वादीको नागरिक अधिकारमा आघात पुग्ने देखिन्छ । कायम भइरहेको बाटोमा फलामे ढोका लगाई अवरोध उत्पन्न गरी यी प्रतिवादीले निकास बाटो थुन्ने कार्य गरेको देखिँदा वादी दाबीबमोजिम प्रतिवादीबाट लगाइएको फलामे ढोका खोली बाटो कायम गरिदिने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको फैसलालाई अन्यथा भन्न मिलेन ।

७. वादीले यसै बाटोको विषयमा अनधिकृत रूपले बनाएको गेट भत्काई बाटो खुलाई पाउँ भनी काठमाडौं महानगरपालिकामा मुद्दा दायर गरेकोमा महानगरपालिकाबाट कि.नं. ४१८ को जग्गा निजी जग्गा देखिएको भनी बाटो कायम गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने गरी भएको फैसलाउपर पुनरावेदन नगरी सोही विषयमा जिल्ला अदालतमा फिराद दिन मिल्दैन भन्ने पुनरावेदन जिकिर रहेको पाइन्छ । यस अदालतबाट प्रस्तुत मुद्दामा निस्सा प्रदान गर्दा वादीले काठमाडौं महानगरपालिकामा दायर गरेको मुद्दामा वादी दाबी पुग्न नसक्ने ठहऱ्याई काठमाडौं महानगरपालिकाबाट भएको निर्णय अन्तिम रहेको देखिएकोमा सोही विवादको विषयमा पुन: काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर भएकोमा वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको सुरू फैसला उल्टी गरी वादी दाबी पुग्ने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट फैसला भएको देखिएको भन्ने आधार लिएको पाइन्छ । स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६१ मा नगरपालिका क्षेत्रमा कसैले निर्माण गरेको, गरिरहेको भवनले सार्वजनिक जग्गा, बाटो, मन्दिर,

चोक, ढल, नाला, पोखरी आदि मिचेको छ, छैन भनी जाँचबुझ गरी पेस हुन आएको प्रतिवेदनबाट कसैले उक्त ऐनबमोजिम अनुमति नलिई वा सार्वजनिक जग्गा, बाटो, मन्दिर, चोक, ढल, नाला, पोखरी आदि मिची भवन निर्माण गरेको वा गरिरहेको ठहर गरी प्रमुखले सो भवन वा कुनै भाग भत्काउने गरी आदेश दिएको अवस्थामा सो ऐनको दफा १६२ बमोजिम पुनरावेदन अदालतमा पुनरावेदन दिन सक्ने व्यवस्था रहेको पाइन्छ । सो ऐनमा भवन वा कुनै भाग भत्काउने गरी नगरपालिकाको प्रमुखबाट आदेश भएको अवस्थामा मात्र पुनरावेदन अदालतमा पुनरावेदन लाग्न सक्ने व्यवस्था रहेको देखिन्छ । महानगरपालिकाबाट कुनै भवन वा कुनै भाग भत्काउन नपर्ने गरी निर्णय भएको अवस्थामा सो निर्णयमा चित्त नबुझ्ने पक्षले पुनरावेदन गर्न पाउने व्यवस्था उक्त ऐनले गरेको देखिएन । प्रस्तुत मुद्दामा महानगरपालिका प्रमुखबाट वादी दाबीबमोजिम गेट भत्काई बाटो खुलाई दिन नपर्ने भनी फैसला गरेको देखिन्छ । बाटो खुलाउन नपर्ने वा भवन वा कुनै भाग भत्काउन नपर्ने गरी नगरपालिका प्रमुखबाट भएको निर्णयउपर पुनरावेदन लाग्न सक्ने कानूनी व्यवस्था नभएको अवस्थामा एक पटक निर्णय भइसकेको भन्ने आधारमा मर्का पर्ने पक्षले कानूनको म्यादभित्रै कानूनी उपचारको बाटो अवलम्बन गर्न नपाउने भन्न नमिल्ने हुँदा यस अदालतबाट निस्सा प्रदान गर्दा लिएको आधारसँग सहमत हुन सकिएन ।

८. तसर्थ माथि विवेचित आधार, कारण र प्रमाणहरूबाट फिराद दाबीबमोजिम फलामे ढोका खोली बाटो कायम गर्नुपर्नेमा वादी दाबी नपुग्ने ठहर्‍याएको काठमाडौं जिल्ला अदालतको फैसला उल्टी गरी वादी दाबीबमोजिम न.नं.९ को कि.नं. ४१८ को जग्गामा भएको फलामे ढोका खोली बाटो कायम हुने ठहर्‍याएको पुनरावेदन अदालत पाटनको मिति २०७२।२।३२ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या. चोलेन्द्र शमशेर ज.ब.रा.

इजलास अधिकृत : आत्मदेव जोशी
इति संवत् २०७४ साल मङ्सिर २६ गते रोज ३ शुभम् ।

निर्णय नं. १००५१

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपककुमार कार्की
माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे
फैसला मिति : २०७४।१।११
०६९-CR-०१३७

मुद्दा : कर्तव्य ज्यान र जबरजस्ती करणी

पुनरावेदक / प्रतिवादी : नुवाकोट जिल्ला, कल्याणपुर गा.वि.स. वडा नं. ५ घर भई हाल कारागार कार्यालय नख्खुमा थुनामा रहेको मदन नारायण श्रेष्ठ

विरूद्ध

प्रत्यर्थी / वादी : कृष्ण लामाको जाहेरीले नेपाल सरकार

- **कुनै पनि व्यक्तिलाई यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार गर्नु**

फौजदारी कानूनको मान्य सिद्धान्तविपरीत तथा न्यायको बर्खिलाप हुन जान्छ । अनुसन्धानको क्रममा अख्तियारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयानलाई स्वइच्छाबाट भएको नभई शारीरिक तथा मानसिक दबाबमा पारी चरम यातना दिई साबिती हुन लगाएको देखिनुका साथै साबितीलाई अन्य कुनै पनि प्रमाणहरूबाट समेत समर्थन गरी रहेको मिसिल संलग्न प्रमाणहरूबाट नदेखिँदा उक्त साबितीलाई प्रमाणको मूल्याङ्कनको रोहमा प्रमाणको रूपमा ग्रहण गर्न नमिल्ने ।

(प्रकरण नं.३)

- **सुनिजान्ने प्रमाणलाई अन्य प्रमाणहरूले शंकारहित तवरले समर्थित नगरेसम्म त्यसलाई प्रमाणको मूल्याङ्कनको रोहमा गौण प्रमाणको रूपमा मात्र लिनुपर्ने हुन्छ । जाहेरी दरखास्तलाई पनि अन्य प्रमाणहरूले समर्थन तथा पुष्टि नगरेसम्म प्रमाणको रूपमा ग्रहण गर्न नमिल्ने अवस्थामा जाहेरी र बुझिएको व्यक्तिले गरिदिएको सनाखत कागजलाई विश्वास गरी व्यक्त गरिदिएको रायको आधारमा मात्र प्रतिवादीलाई आरोपित कसुर गरेको ठहऱ्याउन नमिल्ने ।**

(प्रकरण नं.५)

पुनरावेदक / प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री रजित भक्त प्रधानाङ्ग

प्रत्यर्थी / वादीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराई

अवलम्बित नजिर :

सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्ने :

माननीय न्यायाधीश श्री नारायणप्रसाद श्रेष्ठ
काठमाडौं जिल्ला अदालत

पुनरावेदन तहमा फैसला गर्ने :

माननीय न्यायाधीश एकराज आचार्य
माननीय न्यायाधीश श्री यज्ञप्रसाद बस्याल
पुनरावेदन अदालत पाटन

फैसला

न्या.दीपककुमार कार्की : न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम यस अदालतमा पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दाको **संक्षिप्त तथ्य र ठहर** यसप्रकार छः-

का.जि.गोंगबु गा.वि.स. वडा नं. ४ स्थित वसन्तबहादुर थापाले सञ्चालन गरेको न्यू लेसपाल गेष्ट हाउसको १०६ नं. कोठामा रिता लामा मोक्तान मृत अवस्थामा रहेकी र उक्त लासको नाकबाट रगत निस्किएको, कानको लोतीको भाग सुन्निएको, घाँटीमा हरियो रङ्गको सलले ४ फन्का बेरी कस्सिएको, दाहिने मालाको थल च्यापुको भागमा खोस्रिएको, छाला खुइलिएको, रातो डाम भएको भन्नेसमेत बेहोराको **लास जाँच तथा घटनास्थल प्रकृति मुचुल्का** ।

मेरी श्रीमती वर्ष ३१ की रीता लामा मोक्तानलाई का.जि.गोंगबु गा.वि.स. वडा नं.४ स्थित वसन्तबहादुर थापाले सञ्चालन गरेको न्यू पर्वत लेसपार गेष्ट हाउसको १०६ नं. कोठामा कर्तव्य गरी मारेकोले मार्नेहरूलाई पक्राउ गरी कारबाही गरिपाउँ भन्ने बेहोराको कृष्ण लामाको मिति २०६०।७।९ को **जाहेरी दरखास्त ।**

जाहेरवालाकी श्रीमती वर्ष ३१ की रिता लामा मोक्तानलाई मिति २०६०।७।८ गते राति न्यू लेसपार गेष्ट हाउसको १०६ नं. को कोठामा लगी करणीसमेत गरी गाउँले दोहरी साँझ रेष्टुरेण्टमा वियर खुवाई मदहोस बनाई गेष्ट हाउसमा लगी करणी गरी सोही गेष्ट

हाउसमा मदननारायण श्रेष्ठ र विष्णु सिलवालसमेतका व्यक्तिहरूले कर्तव्य गरी मारेकाले कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको **कृष्ण लामाको किटानी जाहेरी।**

मिति २०६०।७।८ गतेका राति हाम्रो गेष्ट हाउसमा आई आफ्नो ठेगाना धादिङ बताई मेरो श्रीमती भनी लेखी १०६ नं. कोठामा बास बस्ने व्यक्ति यिनै हुन् भनी सोही का.जि.गोंगबु ४ स्थित न्यू पर्वत लेसपार गेष्ट हाउसमा काम गर्ने वर्ष १२ को **सरोज लामाले मदन नारायण श्रेष्ठलाई गरिदिएको सनाखत कागज।**

मृतक रिता लामाको पोष्टमार्टम हुँदा निजको मृत्यु Ligature Strangulation Coupled With Smothering को कारणबाट भएको भन्ने बेहोराको **पोष्टमार्टम प्रतिवेदन।**

पक्राउ परेका प्रतिवादी मदननारायण श्रेष्ठ र निजको साथी तत्काल नाम थाहा नभएका पछि नाम थाहा हुन आएका विष्णु सिलवालसमेतका व्यक्ति र रिता लामा मिति २०६०।७।८ गतेका राति सँगै बसी वियर खाएको हो भन्ने बेहोराको **शुष्मा राईले गरेको कागज।**

मिति २०६७।७।९ गतेका बिहान रिता लामाको कर्तव्य गरी मारेको भनी सुनी थाहा पाएकी हुँ, पछि बुझ्दै जाँदा उक्त घटना मदननारायण श्रेष्ठ र विष्णु सिलवालले कर्तव्य गरी मारेको हो भनी सुनी थाहा पाएकी हुँ भन्ने बेहोराको **मिना राईले गरेको कागज।**

मिति २०६०।७।८ गतेका साँझ मृतक रिता लामा, निजकै साथी शुष्मा राई र म मदन नारायण श्रेष्ठ, मेरो साथी विष्णु सिलवालसमेतका व्यक्तिहरू भई का.जि. गोंगबुस्थित गाउँले दोहोरी साँझ रेष्टुरेण्टमा गई वियर मबाहेकका तीनै जनाले खाई बसेका र सोको केही समयपछि हामीहरू मध्येकै सुष्मा राई एक्लै उक्त स्थानबाट गएकी र केही समयपछि म, विष्णु सिलवाल र रिता लामासँगै सोही नजिकमा रहेको न्यु लेसपार गेष्ट हाउसमा सर्वप्रथम म र निज रिता लामा भित्र पसी इन्ट्री गराएका र सोको केही समयपछि विष्णु सिलवाललाई पर्खालबाट भित्र छिराई आफूहरू बसेको कोठामा लगी निज रिता लामासँग करणीसमेत गरेको र तत्पश्चात् हामी केटा मान्छे दुईजना भएको र केटी मान्छे एक्लै भएको कारणले हामी दुवै जनाबीच वादविवाद हुँदा विष्णु सिलवालले मादक पदार्थ खाएको र मलाई पनि यौन तृष्णाले सताएको झोकमा परी हामी दुवै जनाको सल्लाहअनुसार निजलाई करणी गरी निजको घाँटीमा निजकै हरियो रंगको सलले कसी बेरी कर्तव्य गरी मारेका हौं भन्ने बेहोराको पक्राउमा परेका **प्रतिवादी मदननारायण श्रेष्ठले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।**

मिति २०६०।७।८ गतेका राति का.जि. गोंगबु, गा.वि.स. वडा नं.४ स्थित म वसन्तबहादुर थापाले सञ्चालन गरेको न्यू पर्वत लेसपार गेष्ट हाउसमा तत्काल नाम थाहा नभएका पछि नाम थाहा हुन आएका टिका कार्की भनी इन्ट्री बुकमा आफ्नो नाम इन्ट्री गरी मदननारायण श्रेष्ठले आफ्नो श्रीमती हो भनी इन्ट्री बुकमा नाम उल्लेख भएकी रिता लामासमेतका दुईजना आई मेरो गेष्ट हाउसको १०६ नं. कोठामा सुतेका रहेछन्। भोलिपल्ट अबेरसम्म पनि उक्त कोठाको बत्ती खुल्ला अवस्थामा भएपछि किन अहिलेसम्म बत्ती बालेको कोही गेष्टहरू आएछन् कि क्या हो भनी त्यहाँ काम गर्ने केटाहरूलाई भन्दा निज केटाले उक्त कोठामा गई हेर्दा रिता लामा मृत अवस्थामा रहेकी र निजको के कसरी को कसले कर्तव्य गरी मारेको भनी घटनाको सम्बन्धमा बुझ्दै जाँदा गोंगबु बिटमा कार्यरत प्रहरी जवान मदननारायण श्रेष्ठ र विष्णु सिलवाल भन्ने व्यक्तिले निज रिता लामालाई करणीसमेत गरी कर्तव्य गरी मारेको भनी थाहा हुन आएको र सो गेष्ट हाउसमा काम गर्ने सरोज लामासमेतले निज मदननारायण श्रेष्ठलाई सनाखत गरेको कागजको आधार प्रमाणहरूबाट निज मदन नारायण श्रेष्ठसमेतले कर्तव्य गरी मारेको भन्नेमा विश्वास लाग्छ भन्ने बेहोराको बुझिएका **मानिस वसन्त थापा र माया थापाको कागज।**

मृतक रिता लामा, मदननारायण श्रेष्ठ र विष्णु सिलवालले मेरो रेष्टुरेन्टमा बसी बियर खाएको र निजहरूले रिता लामालाई करणीसमेत गरी कर्तव्य गरी मारेको कुरा सुनी थाहा पाएको हुँ भन्ने बेहोराको **बलबहादुर भट्टचनको कागज ।**

मृतक रिता लामालाई कर्तव्य गरी मारेकोतर्फ प्रतिवादीहरू मदननारायण श्रेष्ठ र विष्णु सिलवालउपर मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. को कसुर अपराधमा ऐ.महलको १३(३) नं. बमोजिम सजाय हुन र जबरजस्ती करणी गरेको अपराधमा प्रतिवादीहरू मदन नारायण श्रेष्ठ र विष्णु सिलवालउपर मुलुकी ऐन जबरजस्ती करणीको महलको १ नं. प्रतिकूलको कसुर अपराधमा ऐ.महलको ३ नं. को देहाय (३) बमोजिम सजाय गरिपाउँ भन्ने **अभियोग पत्र** ।

मलाई कुटपिट गरी विभिन्न कागजहरू बयान तथा सनाखतको कागजमा सही गराएको हो, मैले आफ्नो इच्छाले गरेको होइन । मैले कसैलाई मारेको छैन, म निर्दोष छु । मलाई प्रहरीले विभिन्न शारीरिक तथा मानसिक यातना दिएकोले प्रहरी उपरीक्षकसमेत उपर यातना क्षतिपूर्ति दिलाई विभागीय कारबाहीसमेत गरिपाउँ भन्ने मुद्दा यसै अदालतमा दायर गरेको छु । यस मुद्दामा म निर्दोष हुँदा यस मुद्दाबाट छुटकारा पाउँ भनी **प्रतिवादी मदन नारायण श्रेष्ठले अदालतमा गरेको बयान ।**

मृतक रिता लामालाई प्रतिवादी मदन नारायणले जबरजस्ती करणी गरी कर्तव्य गरी मारेको होइन, घटना घटेको दिन पनि गोंगबु बसपार्कमा डिउटीमा राति १०:३० बजे भेटेको हुँ, निजले मृतक रितालाई कर्तव्य गरी मारेको होइन, निज निर्दोष व्यक्ति भएकोले अभियोग दाबीअनुसार सजाय हुनुपर्ने होइन, निजले सफाइ पाउनुपर्छ भनी प्रतिवादी मदन नारायणका साक्षी **जितेन्द्रकृष्ण श्रेष्ठले अदालतमा गरेको बकपत्र ।**

प्रतिवादी मदन नारायण श्रेष्ठले मृतक रिता लामालाई जबरजस्ती करणी गरी कर्तव्य गरी मारेका होइनन् भनी प्रतिवादीका साक्षी **भिमसेन श्रेष्ठले गरेको बकपत्र ।**

घटना मेरो गेष्ट हाउसमा राति घटेको रहेछ, मैले पछि थाहा पाएँ, उक्त घटना भोलिपल्ट ७:१५ बजेतिर मात्र थाहा भयो । कसले मारेको हो यकिनसाथ भन्न सक्दिन भनी **गेष्ट हाउस सञ्चालक वसन्तबहादुर थापाले अदालतमा गरेको बकपत्र ।**

प्रतिवादी विष्णु सिलवाल फरार रहेको देखिँदा निज प्रतिवादी पक्राउ भई आएमा वा हाजिर भएमा वा निज प्रतिवादीको अंश रोक्का भएको दुई वर्ष पुगेपछि जगाई कानूनबमोजिम कारबाही, किनारा गर्ने गरी फरार रहेका प्रतिवादी विष्णु सिलवालको हकमा अ.बं.१९० नं. बमोजिम मुलतबी राखी दिएको छ । अर्का प्रतिवादी मदन नारायण श्रेष्ठले मृतकलाई कर्तव्य गरी मार्नमा संलग्न भई अभियोग दाबीबमोजिमको कसुर गरेको देखिँदा ज्यानसम्बन्धीको १३(३) नं. अनुसार जन्मकैदको सजाय हुने ठहर्छ । दण्ड सजायको ८ नं. अनुसार प्रतिवादी मदननारायण श्रेष्ठलाई जन्मकैदको सजाय भइसकेकोले सानो सजायको खत नखापिने भएको हुँदा जबरजस्ती करणीको ३(३) नं. अनुसार प्रतिवादी मदननारायण श्रेष्ठलाई सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको अभियोग दाबीको सम्बन्धमा केही बोलिरहनु परेन भन्ने **काठमाडौं जिल्ला अदालतको फैसला ।**

का.जि.गोंगबु स्थित न्यू पर्वत लेसपार गेष्ट हाउसको कोठा नं. १०६ बुक गरी गेष्ट हाउसको इन्ट्री बुकमा आफैँले टीका कार्की नाम उल्लेख गरी लेखेको र रीता लामाको हत्या गरेको भनी दाबी गरिएपनि म उक्त गेष्ट हाउसमा नगएको कुराको पुष्टि राष्ट्रिय विधि विज्ञान प्रयोगशालाबाट भएको हस्ताक्षर जाँचबाट भएको छ । मेरो हातबाट मरेको भनी कुनै पनि प्रमाण तथा बयानलाई अन्य प्रमाणहरूद्वारा समर्थित गर्न

सकेको छैन । फौजदारी मुद्दामा शंकारहित तवरबाट पुष्ट्याईं हुनुपर्दछ । म पुनरावेदकलाई यातना दिएको भनी काठमाडौं जिल्ला अदालतले ठहर गरेको यातनासम्बन्धी क्षतिपूर्ति मुद्दाले नै मेरो अदालतमा भएको इन्कारी बयानलाई पुष्टि गरिरहेको अवस्था छ । यसरी कानूनी एवं तथ्यगत आधारमा मलाई अभियोग दाबीबमोजिम कसुर ठहर गर्ने गरी गरेको फैसला नमिलेकोले उल्टी गरी फुर्सद दिलाई पाउँ भन्ने **पुनरावेदक मदननारायण श्रेष्ठको पुनरावेदन पत्र ।**

प्रतिवादीलाई यातना दिइएको भन्ने कुरा यातना क्षतिपूर्तिसम्बन्धी मुद्दामा ठहर भइरहेका अवस्थामा प्रहरीसमक्ष भएको बयानलाई प्रमाणमा लिएको तथा जबरजस्ती करणीतर्फको अभियोग दाबीतर्फ कुनै कुरा नबोली मुलुकी ऐन, दण्ड सजायको महलको ८ नं. को त्रुटिपूर्ण व्याख्या भएको अवस्थासमेत देखिएकोले सुरू फैसला फरक पर्न सक्ने देखिएकाले छलफलका लागि अ.बं.२०२ नं. बमोजिम प्रत्यर्थी झिकाउने भन्ने **पुनरावेदन अदालत पाटनको आदेश ।**

जबरजस्ती करणीको वारदात कायम र ठहर गरी सजायसमेत तोकी दण्ड सजायको ८ नं. को बेहोरा उल्लेख गर्नुपर्नेमा सो नगरी केवल दण्ड सजायको ८ नं. को प्रयोग गरेतर्फ हेर्दा यस सम्बन्धमा अभियोजन पक्ष वादी नेपाल सरकारले उक्त इन्साफमा चित्त बुझाई बसी पुनरावेदनसमेत नगरेको हुँदा त्यसतर्फ केही बोलिरहनु परेन । अतः सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६६।१।२७ मा भएको फैसला सदर हुने भन्ने **पुनरावेदन अदालत पाटनको फैसला** ।

म पुनरावेदक थुनामा रहेको अवस्थामा डर, त्रासमा परी यातना पाई गरेको बयानलाई आधार मानी स्वतन्त्र निष्पक्ष तवरसँग गरेको बयानलाई पुष्टि गर्न नसकेको भनी गरेको फैसला त्रुटिपूर्ण छ । म थुनामा रहँदा प्रहरी कर्मचारीले यातना दिएको ठहर गरी काठमाडौं जिल्ला अदालतले मिति २०६६।१।२७ क्षतिपूर्ति भराउने फैसला भएको छ । त्यसैगरी गेष्ट हाउसमा इन्ट्री गर्दाको हस्ताक्षरसँग मेरो हस्ताक्षर भिडाउँदा विधि विज्ञान प्रयोगशालाले मेरै हस्ताक्षर भएको पुष्टि गर्न नसकेको कारणबाट पनि मेरो उक्त गेष्ट हाउसमा अनुपस्थिति भएको पुष्टि हुन्छ । होटलको सञ्चालकले अदालतमा बकपत्र गर्दा आफूलाई घटनाको बारेमा थाहा नभएको र क-कसले कसरी मारेको पनि थाहा नभएको भनी गरेको बकपत्रबाट समेत मेरो निर्दोषिता पुष्टि हुन्छ । जाहेरी दरखास्त र बुझिएका मानिसले विश्वास लाग्छ भनी हचुवाको भरमा व्यक्त गरेका कुराका आधारमा कसुरको ठहर गर्नु न्याय कानूनसमेतबाट नमिल्ने हुँदा प्रस्तुत मुद्दामा काठमाडौं जिल्ला अदालत र पुनरावेदन अदालत पाटनको फैसला बदर गरी मलाई सफाइ दिलाई न्याय इन्साफ गरिपाउँ भनी प्रतिवादी मदन नारायण श्रेष्ठको यस अदालतमा परेको **पुनरावेदन पत्र ।**

अनुसन्धान अधिकारीसमक्ष प्रतिवादीको साबिती बयान भए पनि कसुरमा इन्कार रही निजले अदालतसमक्ष बयान गरेकोमा प्रतिवादीको मौकाको साबिती बयानलाई समर्थन गर्ने प्रमाणहरू वादी पक्षबाट पेस हुन नसकेको, निजले गेष्ट हाउसको ईन्ट्री किताबमा कोठा नं. १०६ मा बस्नको लागि लेखिएको विवरणको हस्ताक्षरको परीक्षण हुँदा प्रतिवादीको नमूना हस्ताक्षरसँग नमिलेको भन्ने विशेषज्ञको राय प्राप्त भइरहेको अवस्थामा मिसिल संलग्न प्रमाणहरूको मूल्याङ्कन नगरी अभियोग दाबीबमोजिम पुनरावेदक प्रतिवादीलाई कसुरदार ठहर गरी सजाय गर्ने गरेको पुनरावेदन अदालत पाटनको फैसला सबुत प्रमाणको मूल्याङ्कनको रोहमा फरक पर्न सक्ने देखिँदा अं.बं. २०२ नं. को प्रयोजनको लागि महान्यायाधिवक्ताको कार्यालयलाई सूचना दिई प्रत्यर्थी झिकाउने भन्ने यस अदालतको **आदेश** ।

नियमबमोजिम यस इजलाससमक्ष पेस हुन

आएको प्रस्तुत मुद्दाको पुनरावेदन पत्रसहितको सुरू मिसिल अध्ययन गरी पुनरावेदक प्रतिवादीका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री रजित भक्त प्रधानाङ्गले थुनामा रहेको अवस्थामा प्रहरी कर्मचारीले चरम यातना दिई, डर, त्रासमा परी, साबिती बयान कागजमा सहिछाप गर्न लगाएको ठहर गरी काठमाडौं जिल्ला अदालतले मिति २०६६।१।२७ क्षतिपूर्ति भराउने फैसला हुनुका साथै गेष्ट हाउसमा इन्ट्री गर्दाको हस्ताक्षरसँग प्रतिवादी मदन नारायण श्रेष्ठको हस्ताक्षर भिडाउँदा नमिल्नुसमेतबाट निज उक्त गेष्ट हाउसमा अनुपस्थिति रहेको तथा निर्दोष भएको पुष्टि भइरहेको छ । होटलको सञ्चालकले अदालतमा बकपत्र गर्दा आफूलाई घटनाको बारेमा थाहा नभएको र क-कसले कसरी मारेको पनि थाहा नभएको भनी गरेको बकपत्र, जाहेरी दरखास्त र बुझिएका मानिसले विश्वास लाग्छ भनी हचुवाको भरमा व्यक्त गरेका कुराका आधारमा आरोपित कसुरको ठहर गर्नु न्याय कानूनसमेतबाट नमिल्ने हुँदा काठमाडौं जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत पाटनको फैसला बदर गरी अभियोग दाबीबाट सफाइ दिलाई न्याय इन्साफ गरिपाउँ भनी गर्नुभएको **बहस** सुनियो ।

विपक्षी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराईले शव परीक्षण प्रतिवेदन, लास जाँच मुचुल्का, बुझिएका वसन्तबहादुर थापाले गरेको बकपत्रसमेतबाट मृतक रिता लामाको मृत्यु कर्तव्यबाट भएको तथ्य पुष्टि भइरहेको छ । यो प्रतिवादीसमेतको संलग्नतामा मृतकको कर्तव्यबाट मृत्यु भएको हुँदा यी प्रतिवादीलाई कसुरदार ठहर गरेको सुरू काठामाडौं जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत पाटनको फैसला सदर गरिपाउँ भनी गर्नुभएको **बहस**समेत सुनियो ।

अब पुनरावेदन अदालत पाटनले सुरू काठमाडौं जिल्ला अदलतबाट भएको फैसला सदर गरेको मिलेको छ छैन ? र प्रतिवादी मदन नारायण श्रेष्ठको पुनरावेदन जिकिर पुग्न सक्छ सक्दैन ? भनी निर्णय गर्नुपर्ने देखियो ।

२. निर्णयतर्फ विचार गर्दा मदननारायण श्रेष्ठसमेतले २०६०।७।८ गते राति का.जि.गोंगबु, गा.वि.स. वडा नं.४ स्थित न्यू पर्वत लेसपार गेष्ट हाउसको १०६ नं. कोठामा रीता लामा मोक्तानलाई जबरजस्ती करणी गरिसकेपछि कर्तव्य गरी मारी मुलुकी ऐन, ज्यानसम्बन्धीको १ र १३(३) नं. तथा जबरजस्ती करणीको महलको १ नं. को कसुरमा ज्यानसम्बन्धी महलको १३(३) नं. र जबरजस्ती करणीको महलको ३(३) नं. बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग माग दाबी रहेकोमा, प्रतिवादी मदन नारायण श्रेष्ठलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १ नं. को कसुर कायम गरी १३(३) नं. बमोजिम सजाय गरेपछि दण्ड सजायको ८ नं. को व्यवस्थाअनुसार जन्मकैदको सजाय भएपछि अरू सजाय हुने खत नखापिने हुँदा जबरजस्ती करणीको ३(३) नं. बमोजिम सजाय हुने हो होइन ? भन्ने सम्बन्धमा केही बोलिरहन परेन भनी सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसलाउपर प्रतिवादी मदन नारायण श्रेष्ठको पुनरावेदन परी पुनरावेदन अदालत पाटनले सुरू निर्णय सदर गरेउपर प्रतिवादीको यस अदालतमा पुनरावेदन पर्न आएको देखियो ।

३. प्रतिवादी मदननारायण श्रेष्ठले आरोपित कसुरमा पूर्णरूपमा इन्कार रही अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान स्वइच्छाले गरेको नभई यातना दिई गराइएको भन्ने अदालतमा गरेको बयान र पुनरावेदन जिकिरको सम्बन्धमा विचार गर्दा निज प्रतिवादी मदननारायण श्रेष्ठ वादी र प्रतिवादी उपत्यका अपराध अनुसन्धान शाखा हनुमानढोका काठमाडौंमा कार्यरत मिनबहादुर रावलसमेत भएको २०६० फौ.नं. १९/२५९ को यातना क्षतिपूर्ति मुद्दामा काठमाडौं जिल्ला अदालतबाट मिति २०६६।१।२७ मा वादीदाबी

ठहर गरी निज मदन नारायण श्रेष्ठलाई यातनाबाट परेको पीडा एवं क्षतिको आधारमा रू. ४०,०००।– क्षतिपूर्ति नेपाल सरकारबाट भराई पाउने फैसला भएको देखिन्छ । उक्त फैसलाबाट अनुसन्धानका क्रममा प्रस्तुत मुद्दाका निज प्रतिवादी मदननारायण श्रेष्ठलाई आफ्नो विरूद्धमा बयान गर्न चरम शारीरिक तथा मानसिक यातना दिई साबिती हुन लगाएको पुष्टि हुनआयो । कुनै पनि व्यक्तिलाई यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार गर्नु फौजदारी कानूनको मान्य सिद्धान्तविपरीत तथा न्यायको बर्खिलाप हुन जान्छ । अतः निज प्रतिवादी मदन नारायण श्रेष्ठले अनुसन्धानको क्रममा अख्तियारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयानलाई स्वइच्छाबाट भएको नभई शारीरिक तथा मानसिक दबाबमा पारी चरम यातना दिई साबिती हुन लगाएको देखिनुका साथै उक्त साबितीलाई अन्य कुनै पनि प्रमाणहरूबाट समेत समर्थन गरिरहेको मिसिल संलग्न प्रमाणहरूबाट नदेखिँदा उक्त साबितीलाई प्रमाणको मूल्याङ्कनको रोहमा प्रमाणको रूपमा ग्रहण गर्न मिलेन ।

४. वारदातको दिन मिति २०६०।७।८ मा प्रतिवादी मदननारायण श्रेष्ठ आफू ड्युटीमा नै रहेको र लेसपार गेष्ट हाउसमा नगएको भन्ने जिकिरतर्फ हेर्दा उक्त घटना घटेको राति १०:३० बजे गोंगबु बसपार्कमा ड्युटी गरेको अवस्थामा भेटेको हुँ भनी प्रतिवादीका साक्षी जितेन्द्रकृष्ण श्रेष्ठ र भिमसेन श्रेष्ठको बकपत्रले प्रतिवादीको जिकिर समर्थन गरिरहेको देखिन्छ भने राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको विवादित प्रलेख ईकाई परीक्षण प्रतिवेदनमा विशेषज्ञले व्यक्त गरेको रायअनुसार लेसपार गेष्ट हाउसको कोठा नं. १०६ मा बस्नको लागि इन्ट्री बुकमा लेखिएको विवरणको हस्ताक्षरसँग निज प्रतिवादी मदन नारायण श्रेष्ठको हस्ताक्षर मेल खाँदैन भन्नेसमेतको प्रतिवेदन रहेको देखिँदा निज प्रतिवादी उक्त मितिमा वारदातस्थल लेसपार गेष्टहाउसमा गई बसी उक्त वारदातमा संलग्न रही घटना घटाएको भन्ने वादी दाबी विश्वसनीय देखिएन । साथै गेष्ट हाउस सञ्चालक वसन्तबहादुर थापाले कसले मारेको हो यकिन भन्न सक्तिन भनी अदालतमा गरेको बकपत्रबाट समेत अभियोग दाबी पुष्टि भएको देखिएन ।

५. मौकामा बुझिएका वसन्तबहादुर थापा उक्त वारदातको चस्मदिद / प्रत्यक्षदर्शी नभई सरोज लामाले गरिदिएको सनाखत कागजलाई विश्वास गरी मृतक रिता लामाको कर्तव्यमा निज प्रतिवादीको संलग्नता रहेको भनी बकपत्र गरेको देखिन्छ । निज वसन्तबहादुर थापाको बकपत्रको स.ज.नं. ८ मा "प्रतिवादी मदन नारायण श्रेष्ठ गेष्ट हाउसमा सुतेको भन्ने उल्लेख गरेको हुँदा सो सनाखतलाई विश्वास गरेको हुँ" भनी सनाखतलाई आधार मानी भएको बकपत्रलाई प्रमाणको मूल्याङ्कनमा शंकारहित विश्वसनीय प्रमाणको रूपमा लिन मिलेन । सुनिजान्ने प्रमाणलाई अन्य प्रमाणहरूले शंकारहित तवरले समर्थित नगरेसम्म त्यसलाई प्रमाणको मूल्याङ्कनको रोहमा गौण प्रमाणको रूपमा मात्र लिनुपर्ने हुन्छ । जाहेरी दरखास्तलाई पनि अन्य प्रमाणहरूले समर्थन तथा पुष्टि नगरेसम्म प्रमाणको रूपमा ग्रहण गर्न नमिल्ने अवस्थामा मृतकको पति कृष्ण लामाको जाहेरी र बुझिएको वसन्तबहादुर थापाले अर्को व्यक्तिले गरिदिएको सनाखत कागजलाई विश्वास गरी व्यक्त गरिदिएको रायको आधारमा मात्र निज प्रतिवादी मदन नारायण श्रेष्ठलाई आरोपित कसुर गरेको ठहऱ्याएको काठमाडौं जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत पाटनको फैसलासँग सहमत हुन सकिएन ।

६. वादी दाबी पुष्टि हुनको लागि पेस भएको प्रमाणहरू शंकारहित तवरबाट एकअर्काबीच निरन्तर समर्थन गरिरहेको हुनु आवश्यक हुन्छ । प्रस्तुत मुद्दामा प्रतिवादी मदन नारायण श्रेष्ठले आरोपित कसुरमा अदालतमा इन्कारी बयान गरेको देखिन्छ भने निज प्रतिवादीको मौकाको साबिती बयान स्वेच्छाको

नभएको पुष्टि भएको र उक्त साबिती बयानलाई समर्थन गर्ने प्रमाणहरू वादी पक्षबाट पेस गर्न सकिरहेको मिसिल संलग्न प्रमाणहरूबाट देखिँदैन । यसरी प्रतिवादी आरोपित कसुरमा इन्कार रही निजको निर्दोषिताको सम्बन्धमा वारदात भएको भनिएको लेसपार गेष्ट हाउसको ईन्ट्री बुकमा कोठा नं.१०६ मा बस्नको लागि लेखिएको विवरणको हस्ताक्षरको परीक्षण हुँदा प्रतिवादीको नमूना हस्ताक्षरसँग नमिलेको भन्ने राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको विशेषज्ञले व्यक्त गरेको राय तथा काठमाडौं जिल्ला अदालतको मिति २०६६।१।२७ को २०६० फौ. नं. १९/२५९ को यातना क्षतिपूर्ति मुद्दाको फैसलाबाट निज प्रतिवादीलाई नियन्त्रणमा लिई चरम यातना दिई आरोपित कसुरमा साबित गराइएको पुष्टि भइरहेको अवस्थासमेतबाट निज प्रतिवादी मदन नारायण श्रेष्ठ निर्दोष नै रहेको देखिँदा, शंकाको आधारमा दिएको किटानी जाहेरी र अर्को व्यक्तिले गरिदिएको सनाखतलाई मात्र विश्वास गरी भनेको आधारमा आरोपित कसुर ठहऱ्याई जन्मकैद गरेको काठमाडौं जिल्ला अदालतको मिति २०६६।१।२७ को फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६९।२।२ को फैसला उल्टी हुने र प्रतिवादीले अभियोग माग दाबीबाट सफाइ पाउने ठहर्छ । अरूमा तपसिलबमोजिम गर्नू ।

तपसिल

माथि इन्साफ खण्डमा लेखिएबमोजिम प्रतिवादी मदन नारायण श्रेष्ठलाई सुरू काठमाडौं जिल्ला अदालतले जन्मकैद हुने गरी भएको मिति २०६६।१।२७ को फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६९।२।२ को फैसला उल्टी भई प्रतिवादी मदन नारायण श्रेष्ठले अभियोग दाबीबाट सफाइ पाउने ठहरेकोले सुरू काठमाडौं जिल्ला अदालतले यी प्रतिवादीका नाउँमा कसेको जन्मकैदको लगत कट्टा गर्नु भनी सुरू काठमाडौं जिल्ला अदालतमा लेखी पठाउनू १

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइ दिनू २

उक्त रायमा सहमत छु ।
न्या.केदारप्रसाद चालिसे

इजलास अधिकृत : गीता श्रेष्ठ
इति संवत् २०७४ साल वैशाख ११ गते रोज २ शुभम् ।

निर्णय नं. १००५२

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपककुमार कार्की
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
फैसला मिति : २०७५।३।२१

मुद्दाः मानव बेचबिखन तथा ओसारपसार

०६९-CR-०३०५

पुनरावेदक / प्रतिवादी : नुवाकोट जिल्ला सुन्दरादेवी गा.वि.स. वडा नं.५ घर भई हाल कारागार कार्यालय जगन्नाथदेवलमा थुनामा रहेका दीपक भन्ने दीपेन्द्र पाठक

विरूद्ध

प्रत्यर्थी / वादी : मुना तामाङसमेतको जाहेरीले नेपाल सरकार

०६९-CR-०४८३

पुनरावेदक / वादी : मुना तामाङसमेतको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : नुवाकोट जिल्ला कालुका गा.वि.स. वडा नं.७ घर भई काठमाडौं जिल्ला मनमैजु गा.वि.स. वडा नं.८ डेरा गरी बस्ने दीपक नेपालीसमेत

- **मानव बेचबिखन तथा ओसारपसार जस्तो संगीन अपराधमा पीडित सधैँ अभियुक्तहरूको नियन्त्रणमा रहने, आफू बेचिएको प्रमाणहरू राख्न असम्भव हुने, उनीमाथि भएको कसुरको उनीसँग हुने प्रमाण भनेको आफू / व्यक्ति स्वयं नै प्रमाण / साक्षीको रूपमा रहने हुँदा उनले दिएको जाहेरी र उनले गरेको बयानको प्रमाणमा धेरै ठूलो महत्त्व राख्दछ । बयानमा लेखिएका घटनाक्रमको वर्णन र प्रतिवादीको बयानमा Chain of Incident बाट पनि अभियोगहरू स्थापित हुन्छ । यस्तो अवस्थामा घटनाक्रम गलत हो, लगाइएको आरोप गलत हो भनी सफाइको माग गर्दा सोको प्रमाण पुर्‍याउने भार प्रतिवादीमै रहने ।**

(प्रकरण नं.७)

वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री नारायण रिमाल र विद्वान् अधिवक्ताद्वय श्री शोभा पोखरेल र श्री सन्तोष महर्जन

प्रतिवादीका तर्फबाट : विद्वान् अधिवक्ता श्री भीमप्रसाद ढकाल

अवलम्बित नजिर :

- नेकाप २०७२, अंक १, नि.नं.९३३३

सम्बद्ध कानून :

- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४

सुरू तहमा फैसला गर्नेः

मा. जिल्ला न्या. श्री महेशप्रसाद पुडासैनी
काठमाडौं जिल्ला अदालत

पुनरावेदन तहमा फैसला गर्नेः

मा. मुख्य न्यायाधीश श्री टीकाबहादुर हमाल
माननीय न्यायाधीश श्री प्रकाशराम मिश्र
पुनरावेदन अदालत पाटन

फैसला

न्या. सपना प्रधान मल्ल : न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको भई प्रतिवादी दीपेन्द्र पाठक र वादी नेपाल सरकारको तर्फबाट समेत गरी दोहोरो पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त टिपोट र ठहर यसप्रकार छः-

तथ्य खण्ड

जाहेरवालीहरू मध्ये म भीम कुमारीको सामाखुशीमा रहेको चिया होटलमा राजेश चिया खान आउँथे । एक दिन राजेशले भारतमा गएर जडिबुटीको व्यापार गरौं भनेर फकाउन थालेपछि मैले मेरो साथी मुनालाई बताएपछि निजले जान्न भनिन् । राजेशले मुनालाई भेटेर फकाएर गोपाल र कृष्णलाई लिएर आए । यी तीनै जना प्रतिवादीहरूले जडिबुटी बेच्न भारत जाने हो ३ दिनमा त घरमा फर्कन भ्याइन्छ, ३ दिनको ३०,०००।– दिन्छौं बाटोमा राम्रो ग्राहक भेटेमा ४०,०००।– नै दिन्छौं भनेपछि र दुवै जना जान तयार भई मिति २०६४।४।२ मा मुना, उसको १ छोरा, १ छोरी, भीमकुमारी, उनको छोरा, गोपाल, राजेश, कृष्ण भई माछा पोखरी छेउको गेस्ट हाउसमा गएर बस्यौं । धने, दीपक, कुमार, दीपेन्द्र, राजु र २ जना महिलाहरू

पहिलादेखि नै गेस्ट हाउसमा बसेका रहेछन् । ऐ. ४ गतेका दिन साँझ हामी ४ जना महिलाहरूलाई १/१ पोका जडिबुटी हो भनेर बोक्न लगाइयो र लोकल बस चढी कलङ्की पुगी काँकडभिट्टा जाने बस चढी हामी ४ जना केटीहरू, हाम्रा ३ बच्चा र प्रतिवादीहरू भई भोलिपल्ट बिहान अं. ११ बजे काँकडभिट्टा पुगेर गेस्ट हाउसमा खाना खाएर दिनको ३/४ बजेतिर रिक्सा चढी बोर्डर पार गर्‍यौं । बाटामा कसैले सोधेमा पानी ट्याङ्की जाने भन्नु भनी सिकाए । बोर्डर पार गरी बस चढी १ घण्टाजति गएपछि नाइट बस चढी भोलिपल्ट दिनको ३ बजेतिर कोलकत्ता बसपार्क पुगी धरमताला भन्ने ठाउँमा गई बस्यौं । र आधा घण्टा हिँडाएर एउटा गेस्ट हाउसमा लगेर राखे र केही दिन बितेपछि मुनालाई धने, गोपाल, कुमार परियार भई गाडीमा राखेर २।३ घण्टासम्म लगे र नाम थाहा नभएको धनेको दिदी गंगा परियार, घरबाली र अर्को नाम थाहा नभएकी २ जना घरबालीहरू आई मसँग परिचय गराए र भोलिपल्ट मुनालाई जडिबुटीको पोको बोकाएर लैजान खोज्दा तिमीहरूले मलाई बेच्न लैजान लागेका हो की ? भन्दा गोपालले हामी तिमीहरूलाई छाडेर जान्छौ । तिमीहरूको बिचल्ली हुन्छ भनेपछि मुनालाई सबै भएर फकाएपछि म जान तयार भएँ । त्यसपछि म, मुना, गोपाल, कुमार, धने र मेरो छोरी भई गाडी चढेर हिजोको ठाउँमा गई पुगेपछि २ जना घरवालीहरू र एक जना बुढी महिलामध्ये बुढी महिलाले कति राम्री छोरी भनी बोकी अगाडि बढिन् र २ जना महिला बेपत्ता भए र प्रतिवादीहरू पनि बेपत्ता भए ती महिलाले म र मेरो छोरीलाई लिएर ट्याक्सीमा नाम थाहा नभएको ठाउँमा लगे । म बेचिएको मलाई ती २ घरवालीले किनेको थाहा पाएँ भन्नेसमेत बेहोराको मुना तामाङ र भीमकुमारी लामाले संयुक्त रूपमा पेस गरेको जाहेरी दरखास्त ।

मिति २०६४ साल श्रावण २ गते मसमेत मेरो १ छोरा, १ छोरी, भीमकुमारी लामाको १ छोरा र कृष्ण गिरी भन्ने कृष्ण नेपाली, गोपाल नेपाली, राजेश भन्ने कुमार परियार भई बालाजुको गेस्ट हाउसमा गई बस्यौं र २०६४ साल श्रावण ४ गते जडिबुटी जस्तो १।१ पोका लिई कलङ्कीसम्म लोकल गाडीमा चढी काँकडभिट्टाको बस चढी भोलिपल्ट ११ बजे पुगी रिक्सा चढी पार भएपछि बसमा चढाई कोलकत्ता पुर्‍याएर नाम थाहा नभएको गेस्ट हाउसमा राखे र हामीले किन यहाँ ल्याएको भनी सोध्दा जडिबुटी बिक्री गर्न मानिस खोज्न जान पर्‍यो भनी बाहिर जान्थे । यसै क्रममा भोलिपल्ट २ जना मानिसहरू आई परिचय गरी गए र ३ जना महिलाहरू नबोली बसे १ जना महिलाले जबरजस्ती छोरीलाई लिई भागेकीले म पनि निजसँगै कराउँदै गएँ । करिब २ घण्टा ट्याक्सीमा राखी निज महिलाले मलाई निजको घरमा लगिन् र त्यहाँ १०।१२ जना बच्चाहरू भएको ठाउँमा लगी मलाई किन यहाँ ल्याएको भनी जिद्दी गरेपछि मैले तिमीलाई एक लाखमा किनेको हो । तिमीलाई लिई आउने मानिसहरूले तिमीलाई बिक्री गरिसके भनी बताएपछि आफू बिक्री भएको भन्ने पूर्ण विश्वास भयो । र त्यहाँबाट भाग्ने योजना बनाई राति नै एउटा ट्याक्सीलाई अनुरोध गरी आफू पहिला बसेको गेस्ट हाउससम्म पुगेँ । त्यहाँबाट भारतीय मानिसहरूको सहयोगमा मेरो छोरी, भीमकुमारी लामा र निजको छोरालाई साथमा लिई भाग्न सफल भयौं भन्नेसमेत बेहोराको पीडित मुना थापा (तामाङ) ले अनुसन्धान अधिकृतसमक्ष दिएको बयान ।

निज पीडित मुना थापा (तामाङ) को बयानमा मेल खाने गरी अर्की पीडित भीमकुमारी लामाले अनुसन्धान अधिकृतसमक्ष दिएको बयान ।

मानव बेचबिखन तथा ओसार पसार मुद्दाका प्रतिवादीहरू डल्ले भन्ने कुमार नेपाली, गोपाल नेपाली, दीपक नेपाली, कुमार नेपालीलाई पक्राउ गरी यसै प्रतिवेदनसाथ दाखिला गरेका छौं भन्नेसमेत बेहोराको प्र.ना.नि. अमृतबहादुर श्रेष्ठसमेतको प्रतिवेदन ।

मिति २०६४।४।३ गते कृष्ण गिरी भन्ने कृष्ण नेपालीले बालाजुमा आउनु भनी बोलाए र बालाजु स्थित

नाम थाहा नभएको गेस्ट हाउसमा आउँदा मुना तामाङ, भीमकुमारी तामाङ लामा, मुना तामाङको १ छोरा र १ छोरी, भीमकुमारीका १ छोरा, जाहेरीमा उल्लिखित प्रतिवादीहरू जम्मा भई परिचय गरी दीपक भन्ने दीपेन्द्र पाठकसमेतले प्लास्टिकमा पोको पारी जडिबुटी जस्तो बनाई ल्याएको पोकाहरू जाहेरवालीहरूलाई दिई भोलिपल्ट जाने भन्ने सल्लाह गरी ऐ.४ गते बिहान उक्त गेस्ट हाउसबाट जाहेरवालीहरू, निजकै बच्चाहरू र हामीहरू समेत १० जना भई बस चढी कलङ्कीसम्म गयौं। कलङ्कीबाट दिउँसो ३।४ बजेतिर काँकडभित्ता जाने रात्री बस चढी भोलिपल्ट मिति २०६४।४।५ गते अ.१०।११ बजे काँकडभित्ता पुग्यौं र नाम थाहा नभएको होटलमा खाना खायौं । त्यसपछि दिनको ३।४ बजेतिर रिक्सा चढी पानी ट्यांकी गयौं । त्यहाँबाट नाइट बसमा चढी कोलकत्ता पुगी एउटा गेस्ट हाउसमा कोठा लिई जाहेरवालीहरूलाई त्यहीँ राख्यौं । हामीसँगै गएका धने भन्ने धनबहादुर परियार, डल्ले भन्ने कुमार परियारसमेत ग्राहक खोज्न भनी गएका थिए । सो समयमा जाहेरवालीहरूले यहाँ किन ल्याएको भनी कराउन थालेकोमा हामीले धेरै सम्झाए पछि शान्त भई बसे । मुना तामाङ र भीमकुमारी लामालाई हेरी गए । निजहरूले मुनालाई भेटी भोलिपल्ट ल्याउनु भनेका थिए । अन्य ३ जना महिलाहरू आई हामीहरूको सल्लाहबमोजिम मुना तामाङको छोरीलाई तीन जना महिलाहरूले लिई गए । मुना तामाङ बच्चा लिई फर्किई आई भीम कुमारी लामालाई यिनीहरू १० जनाले हामीहरूलाई बेच्न ल्याएका रहेछन् भागौं भनेकीले निजहरू त्यहाँबाट भागी काठमाडौं आई जाहेरी दिएका रहेछन् । मससमेत भई जाहेरवालीहरूलाई भारतको कोलकत्तामा पुर्‍याएपछि सोही स्थानमा रहेको सञ्चालकहरूसँग सम्पर्क गरी जाहेरवाली मुना तामाङलाई देखाउँदा मुना तामाङलाई भा.रू.६०,०००।– दिने र भीम कुमारी लामाको पछि निर्णय गर्ने भएकोमा मुना तामाङलाई कोठीमा बिक्री गरिएकोमा कोठीबाट भागी आएको र भीमकुमारी लामाको बारेमा दलालसँग कुराकानी भइरहेको अवस्थामा मुना तामाङ भागी गेस्ट हाउसमा आइसकेपछि हाम्रो योजना असफल भएको हो भन्नेसमेत बेहोराको पक्राउ परेका प्रतिवादी दीपक नेपालीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज।

निज प्रतिवादी दीपक नेपालीको बयानमा मेल खाने गरी पक्राउमा परेको प्रतिवादीहरू राजेश भन्ने कुमार काले दमाई, गोपाल बहादुर नेपाली, डल्ले भन्ने कुमार परियार नेपाली, कृष्ण गिरी भन्ने कृष्ण परियार र हरि नेपाली (परियार) ले अधिकारप्राप्त अधिकारीसमक्ष दिएको बयान कागज।

मिति २०६४।२।४ गते हामीहरूलाई बालाजु स्थित गेस्ट हाउसबाट जाँदा नाम थर वतन खुल्न नआएका २ जना महिलाहरू पनि थिए । निजहरू हामीसँगै गएका हुन्। निजहरू र हामीबीच केही कुराकानी भएन निजहरू अन्य व्यक्तिगत कामको लागि पनि गएको हुन सक्छ। भारतको कोलकत्तामा हामीहरूलाई राखिएको गेस्ट हाउसमा पनि निजहरूलाई देखेको हो । हामीहरू भागी फिर्ता भएपछि निजहरूसँग पछि भेट भएन, कहाँ गए थाहा भएन भन्नेसमेत बेहोराको जाहेरवाली मुना तामाङ र भीम कुमारी लामाले मौकामा गरेको कागज।

मानव बेचबिखन तथा ओसारपसार मुद्दामा फरार रहेका राजु परियारसमेतलाई खोज तलास गर्दा फेला नपरेको भन्नेसमेत बेहोराको प्र.ना.नि. रामबहादुर कार्कीको प्रतिवेदन।

मानव बेचबिखन तथा ओसारपसार मुद्दामा जाहेरीमा उल्लेख भई पक्राउ नपरी फरार रहेका प्रतिवादीहरू मध्ये राजु परियार भन्ने अशोक परियार र दीपक भन्ने दीपेन्द्र पाठकको यकिन वतन खुलाई पेस गरेको प्रतिवेदन।

प्रतिवादीहरू दीपक नेपाली, राजेश भन्ने

कुमार काले दमाई, कृष्ण गिरी भन्ने कृष्ण परियार, हरि नेपाली (परियार), गोपालबहादुर नेपाली, डल्ले भन्ने कुमार परियार, दीपक भन्ने दीपेन्द्र पाठक, राजु परियार भन्ने अशोक परियारसमेतले मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ को उपदफा १ को (क) (ख) र उपदफा २ को खण्ड (क) (ख) बमोजिमको कसुर अपराध गरेकोले निजहरू उपर सोही ऐनको दफा १५ (१)(क) बमोजिम सजाय हुन र ऐ.ऐनको दफा १७ बमोजिम निज प्रतिवादीहरूबाटै पीडितहरू मुना तामाङ र भीमकुमारी लामालाई क्षतिपूर्तिसमेत दिलाई भराई पाउँ भन्ने बेहोराको वादी नेपाल सरकारको अभियोग पत्र।

जाहेरवालीहरू चिनजानका दिदीहरू हुन्। दिदीको होटल भएकोले निजको होटलमा खाने बस्ने काम गर्दै आएका थियौं। मिति २०६५ साल श्रावणमा जाहेरवाली मुना तामाङ र भीमकुमारीले सानो सामान बोकेर भारत कलकत्ता पुऱ्याएपछि रू.३०,०००।– ७/१० दिनभित्रमा पाइन्छ भनी भनिन् निजहरूलाई अर्का हामीले नचिनेका केटाहरू फरार भएका धने, अमृत, दीपेन्द्र पाठक भन्नेले बस चढ्नु भन्दा आधा घण्टा अगाडि सानो पोकामा १०० ग्राम जति सामान सेन्टसमेत छर्केर बोक्ने भनी दिए। हामी बसपार्कबाट काँकडभित्ताको रात्रीबसमा गयौं। त्यहाँबाट कलकत्ताको रात्री बसमा कलकत्ता पुगी हामी ४ जना र ४ जना केटीहरू समेतले बोकेको सामान ती फरार भएका केटाहरूले मागे एउटा होटलमा राखी सबैजनासँगै एउटै कोठामा बसेपछि केटीहरूलाई मात्र ती तीन जनाले लान खोजे हामीले दिदीहरू समेत ४ जनालाई ती केटाहरूसँगै जान नदिएपछि ती तीनजनासँग हामीहरूको झगडा भयो। हामीले पनि कुटियो। तिनिहरूले पनि कुटेपछि ती तीनजना हामीहरूलाई छोडी होटलमा बाहिरबाट चुकूल लगाई भागेर फरार भए। होटलवालाले राति १२ बजे ८ जनालाई निकाली राति प्लेट फार्ममा लगेकाले गयौं। त्यहाँ प्रहरीले चिट बनाई सिलगुडीको रेलमा चढाई हामी काँकडभित्ता पुगी एउटा होटलमा बसियो। हामी भोकै थियौं पैसा पनि थिएन त्यही पैसा आउँछ भनी खाना खाई ढाटेर रू.१०००।– रूपियाँ होटलवालासँग मागी ४ जना केटीहरूलाई गाडी चढाई काठमाडौं पठायौं। ४ जना केटाहरू होटलमा बसियो। राति होटलबाट भागी ट्रकमा चढेर हिँडी काठमाडौं पुगेपछि त्यहाँ हामीसँग गएको सृजना परियारसँग मैले विवाह गरे। हामी सबै जना भेट्ने बस्ने गरेको थियौं। अचानक मिति २०६५।२।३ गते प्रहरीले पक्रेको हो। यी जाहेरवालीले भने अनुसार मसमेतले भारत लगी बिक्री गरेको र बिक्री गर्न खोजेको होइन। जाहेरी गलत छ र जाहेरवालीहरूको बयानसमेत गलत हो। मैले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान झुट्टा हो। प्रहरीले आफैँ लेखी सही गराएका हुन्। मउपरको दाबी झुट्टा हो। मसमेतले जाहेरवालीलाई बिक्री गर्न लागेको होइन। यी जाहेरवालीहरूले नै थोरै समयमा धेरै पैसा आउँछ भनी निजहरूले नै दिएको सामान बोकी नेपालबाट भारत गएको र दुःख पाई यी जाहेरवालीहरू समेतलाई बचाई नेपाल ल्याएको हो। बेचेको र बेच्न लगेको भन्ने दाबी झुट्टा हो। दाबीबमोजिम सजाय हुने होइन भन्नेसमेत बेहोराको प्रतिवादी राजेश भन्ने कुमार काले दमाईले सुरू अदालतमा गरेको बयान।

निज प्रतिवादी राजेश भन्ने कुमार दमाईको बयानमा मेल खाने गरी प्रतिवादीहरू दीपक नेपाली, गोपालबहादुर नेपाली, डल्ले भन्ने कुमार परियार समेतले अदालतमा आई गरेको बयान।

जाहेरवालीहरूलाई चिन्दिन। यी जाहेरवालीलाई भारत लगी मैले बिक्री पनि गरेको छैन। मुना तामाङ र भीमकुमारीको जाहेरी बेहोरा झुट्टा हो। मलाई मिति २०६५ वैशाखमा नेपालटारबाट प्रहरीले पक्राउ गरेको हो। अनुसन्धान अधिकारीसमक्ष भएको मेरो बयान झुट्टा हो। प्रहरीले सहिछाप गर भनेकोले सहिछापसम्म गरिदिएको हुँ। मउपरको

अभियोग झुट्टा हो । मैले कसैलाई पनि ललाउने फकाउने काम गरी भारत लगी अलपत्र पारी बिक्री गर्ने गरेको छैन । अभियोग दाबीबमोजिम मलाई सजाय हुने होइन भन्नेसमेत बेहोराको प्रतिवादी कृष्ण नेपाली भन्ने कृष्ण गिरीले सुरू अदालतमा गरेको बयान ।

जाहेरवालीहरूलाई चिन्दिन । जाहेरवालीहरूसँग २०६४ साल श्रावणमा भारत गएको छैन । यी जाहेरवालीहरूलाई मसमेतले बिक्री गरेको भन्ने कुरा गलत हो । मलाई मिति २०६५ वैशाखमा नेपालटारबाट प्रहरीले प्रक्राउ गरेको हो । अनुसन्धान अधिकारीसमक्ष भएको मेरो बयान झुट्टा हो । प्रहरीले आफैँले लेखी राखेको कागजमा डर त्रास देखाई सहिछाप गराएका हुन् । मउपरको अभियोग झुट्टा हो । जाहेरवालीहरूलाई फकाई भारत लगी बिक्री गर्ने कार्यमा मेरो संलग्नता नभएकोले मलाई सजाय हुने होइन भन्नेसमेत बेहोराको प्रतिवादी हरि नेपालीले सुरू अदालतमा गरेको बयान ।

म कृष्ण गिरीलाई मात्र चिन्दथेँ । उनले कलकत्ता घुम्न जाउँ केटी साथी लिएर आइज रमाइलो हुन्छ भनेकोले मैले विमला भन्ने साथीलाई लिएर काठमाडौँबाट नाइट बस चढी ६ जना भई कलकत्ताको लागि घुम्न हिँड्यौं र कलकत्ता पुग्यौँ । कृष्णले बसपार्कमा बस भनेर आफू र उसको धने भन्ने व्यक्ति घुम्न गएर आए । सँगै बस्नु हुँदैन । केटीलाई अन्तै राखौं भनी केटीहरूलाई एउटा दिदीको साथमा लागेर पठाइयो । केटी बेच्ने हिसाबले ल्याएको थाहा पाएर जान्न भने । मलाई त्यतिखेर केटीहरू बेच्न ल्याएको रहेछ भन्ने थाहा भयो । म चाहिँ मेरो केटी लिएर फर्केर जान्छु भने । म र मेरो साथी विमलालाई लिएर कृष्ण गिरीले रू.३,०००।– दिएपछि नेपाल फर्कियौं । त्यसपछि मेरो कोहीसँग भेटघाट भएको छैन । म जाहेरवालीहरूलाई चिन्दिन, मलाई किन मुद्दा हाले थाहा भएन । मेरो साथी विमलासँग गएर सँगै नेपाल फर्केको हो । रिसइवीले गर्दा मलाईसमेत यस्तो मुद्दामा फसाएका हुन् । मैले कुनै केटीलाई बिक्री वितरण गर्ने काम गरेको छैन । सँगै घुम्न जाउँ भनी साथीले भनेकोले सँगै गएको र साथीलाई सँगै लिएर आएको हो । यस्तो कार्यमा मेरो संलग्नता नरहेकोले प्रस्तुत मुद्दामा फुर्सद पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी दीपेन्द्र पाठकले सुरू अदालतमा गरेको बयान ।

वादीका साक्षी जाहेरवाली पीडित २ जना र प्रतिवादी राजेश भन्ने कुमार काले दमाईका साक्षी सृजना परियारसमेतले गरेको बकपत्र मिसिल सामेल रहेको ।

प्रतिवादी राजेश भन्ने कुमार काले दमाईको हकमा विचार गर्दा जाहेरवालीलाई फकाई लैजाने मूल रूपमा यिनै प्रतिवादी रहेको भन्ने जाहेरीमा तथा अन्य प्रतिवादीहरूको बयानमा समेत उल्लेख भएको देखिन आएबाट निज प्रतिवादी राजेश भन्ने कुमार काले दमाईले अभियोग दाबीअनुसार कसुर गरेको देखिन आएकोले निजलाई मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१) (क) बमोजिम कैद वर्ष बीस र जरिवाना रू. दुई लाख हुने ठहर्छ । प्रतिवादीहरू दीपक नेपाली, गोपालबहादुर नेपाली, कुमार परियार, कृष्ण नेपाली भन्ने कृष्ण गिरी, हरि नेपाली तथा दीपेन्द्र पाठकको संलग्नता कागज प्रमाणबाट मतियारसरहको देखिन आएकोले यी प्रतिवादीहरूलाई मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(क) ले हुने सजायको आधाले ऐ. ऐनको दफा १५(१)(ज) अनुसार जनही कैद वर्ष दश र जनही जरिवाना रू. एक लाखसमेत हुने ठहर्छ र जाहेरवाली पीडितहरूले ऐ. ऐनको दफा १७ अनुसार क्षतिपूर्तिसमेत भरी पाउने ठहर्छ । प्रतिवादीमध्ये राजु परियार भन्ने अशोक परियारको हकमा तामेलीमा राखी दिएको छ भन्नेसमेत बेहोराको काठमाडौं जिल्ला अदालतबाट मिति २०६७।१०।२४ मा भएको फैसला ।

म कुमार परियार गार्मेन्टमा काम गर्ने भएकाले

जाहेरवालीसमेतले गार्मेन्टमा काम पाइन्छ कि भनी सोध्न आएका थिए। म कुमार परियारसमेतले गार्मेन्टमा काम छैन भन्दा जाहेरवालीहरूले नै हामीसँग एउटा काम छ ३० हजार जति पाइन्छ थोरै सामान बोकी भारत जानुपर्छ भनेकाले निजहरूले चिनेका ३ जना केटा हामी ४ जना केटा र ४ जना केटी मानिस भई भारत कलकत्ता गएका हौं। तीन जना केटाले हामीलाई ढोका लगाई थुनेपछि हामीले प्रहरीलाई खबर गरी ती ४ जना केटीहरूलाई काठमाडौं पठाएको हो । यसरी हामीले जाहेरवालीहरूलाई उद्धार गरी कलकत्ताबाट काठमाडौं पठाएको हो, बिक्री गर्ने मनसायले भारत लगेको होइन । प्रतिवादी म हरि नेपालीलाई त सो घटनाका सम्बन्धमा केही थाहा जानकारीसमेत छैन । कृष्ण गिरीसँग मेरो चिनजान भएको कारण प्रस्तुत मुद्दामा निज कृष्ण गिरीले मलाई पोलेका होलान् । तर, म हरि नेपालीले न त जाहेरवालीलाई चिन्दछु न त विदेश भारत लगेको छु। मलाई पक्राउ गरी मुद्दा दायर गर्न मिल्ने होइन। अपराध स्वीकार गर्नु र तथ्य स्वीकार गर्नु अलग पाटा हुन्। म कुमार परियारले तथ्य स्वीकार गरेको हो। अपराधका सम्बन्धमा मलाई थाहा छैन । हामीहरूले विदेश लगेको कुनै तरिकाले प्रलोभन दिएको नदेखिएको अवस्थामा हचुवाको भरमा हामीहरू समेतलाई जाहेरी दिँदैमा त्यसले मान्यता पाउन सक्दैन । यस स्थितिमा हामीहरूलाई सफाइ दिने गरी फैसला गर्नुपर्नेमा मतियार ठहर गरी सजाय गरेको फैसला बदर गरी सफाइ पाउँ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादी कुमार परियार नेपाली र हरि नेपालीको पुनरावेदन अदालत पाटनमा परेको संयुक्त पुनरावेदनपत्र।

प्रतिवादीहरू पीडितहरूको उद्धार गर्न भन्दा बिक्री गर्ने कार्यमा संलग्न रहेको तथ्य निजहरूकै अनुसन्धानको क्रममा भएको बयान, जाहेरवालीहरूको बयान र बकपत्रसमेतबाट पुष्टि भएकोले प्रतिवादीहरू बिक्री गर्ने कार्यमै संलग्न रहेको प्रमाणित भएको छ । त्यसैले प्रतिवादीहरू मतियार मात्र नभई मुख्य कसुरदार देखिएकाले मतियारसम्म ठहर गरेको फैसला त्रुटिपूर्ण हुँदा सो हदसम्म फैसला बदर गरी प्रतिवादीहरू दीपक नेपाली, काले भन्ने गोपाल नेपाली, डल्ले भन्ने कुमार परियार नेपाली, कृष्ण नेपाली भन्ने कृष्ण गिरी, हरि नेपाली र दीपेन्द्र पाठकसमेतलाई अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ र अभियोग माग दाबीबमोजिम कसुर ठहर भएका राजेश भन्ने कुमार काले दमाई र तामेलीमा राखिएको राजु परियार भन्ने अशोक परियारको हकमा कुनै जिकिर लिइएको छैन भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको पुनरावेदन अदालत पाटनमा परेको पुनरावेदनपत्र।

जाहेरी दरखास्तमा गोश्वारा रूपमा नामसम्म उल्लेख गरेबाट सोलाई किटानी भन्न मिल्ले अवस्था छैन । जाहेरवालीहरूलाई मैले भारत कलकत्ता लगेको होइन । मैले बिक्री गर्नको लागिसमेत कुनै भूमिका निर्वाह गरेको छैन । प्रहरीसमक्ष गरेको बयान जबरजस्ती गराइएको बयान हो जो स्वतन्त्र प्रमाणबाट वा स्थापित तथ्यबाट समर्थित नभएसम्म त्यसलाई अदालतले विवादरहित प्रमाणको रूपमा ग्रहण गर्न सक्दैन । जाहेरवालीहरू मुना तामाङ र भीमकुमारी लामालाई मैले बिक्री गरेको होइन । मिसिल संलग्न प्रमाणको उचित मूल्याङ्कन नै नगरी हचुवा किसिमले अनुमान कै भरमा मलाई कसुरदार ठहराई गरिएको फैसला त्रुटिपूर्ण हुँदा उक्त फैसला बदर गरी सफाइ दिलाई पाउँ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादी गोपाल बहादुर नेपालीको पुनरावेदन अदालत पाटनमा परेको पुनरावेदनपत्र।

प्रहरीमा भएको साबिती बयानलाई स्वतन्त्र प्रमाणको रूपमा ग्रहण गरी मलाई कसुरदार ठहऱ्याउने गरी भएको फैसला त्रुटिपूर्ण छ । प्रहरीले कुटपिट गरी उनीहरूले नै लेखी तयार गरेको कागजमा सहिछाप गराएको हो । मैले अदालतमा बयान गर्दा जाहेरवालीहरूलाई बिक्री गर्नका लागि कलकत्ता लिएर

गएको होइन र बिक्री गर्न गराउन कुनै भूमिका छैन भनी बयान दिएको छु । जाहेरवालीहरूले अदालतमा बकपत्र गर्दा प्रतिवादी दीपक नेपालीले ललाई फकाई भारत लगेको र बिक्री गर्न भूमिका निर्वाह गरेको भनी भनेका पनि छैनन् । यस्तो स्थितिमा मलाई कसुरदार ठहराई मलाई १० वर्ष कैद र एक लाख रूपैयाँ जरिवाना गर्ने गरी सुरू काठमाडौं जिल्ला अदालतले गरेको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी सफाइ पाउँ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादी दीपक नेपालीको पुनरावेदन अदालत पाटनमा परेको पुनरावेदनपत्र ।

म पुनरावेदकसमेत भई जाहेरवालीहरूलाई बिक्री गर्न लगेको होइन । जाहेरवालीहरूले नै भारत लगी जडिबुटी बेच्दा धेरै पैसा आउँछ भनी गएका हुन् । अधिकारप्राप्त अधिकारीसमक्षको बयान कुटपिट गरी डर धाक धम्की दिएर गराइएको बयान हो । अदालत बाहिरको साबिती बयानलाई मूल निर्णयाधार बनाई सुरू काठमाडौं जिल्ला अदालतले म पुनरावेदकलाई सजाय गरेको फैसला बदर गरी अभियोग दाबीबाट फुर्सद दिलाइ पाउँ भन्नेसमेत बेहोराको राजेश भन्ने कुमार काले दमाईको पुनरावेदन अदालत पाटनमा परेको पुनरावेदनपत्र ।

जाहेरवालीहरूलाई चिन्दिन यी जाहेरवालीलाई भारत लगी मैले बिक्री पनि गरेको छैन । जाहेरी बेहोरा झुट्टो हो । अनुसन्धान अधिकारीसमक्ष भएको मेरो बयान झुट्टा हो । प्रहरीले सहिछाप गर भनेकोले सहिछापसम्म गरिदिएको हुँ भनी मैले अदालतमा गरेको बयानभन्दा अदालतदेखि बाहेक अन्यत्र प्रहरीसमक्ष गराइएको बयानलाई अदालतले प्रमाण ग्राह्य मान्नु निर्दोषिताको सिद्धान्तविपरीत जानु हो । प्रहरीसमक्षको बयान अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि हुन सकेको छैन । यसरी प्रहरीको बयानको आधारमा मलाई कसुदार ठहऱ्याई सजाय गर्ने गरी भएको सुरू काठमाडौं जिल्ला अदालतको फैसला बदर गरी सफाइ पाउँ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादी कृष्ण नेपाली भन्ने कृष्ण गिरीको पुनरावेदन अदालत पाटनमा परेको पुनरावेदनपत्र ।

म पुनरावेदकसँग जाहेरवालीहरूको कुनै चिनजान नभएको र जाहेरवालीहरूलाई बिक्री गर्ने कुनै सरसल्लाह तथा फकाउने र लैजाने कार्य मबाट भएको छैन । सो तथ्यलाई जाहेरवालीहरूले स्वीकार गरेको छ । साथै वादी नेपाल सरकारले मेरो विरूद्धमा आफ्नो अभियोग दाबी पुष्टि गराउन कुनै पनि प्रमाण पेस गर्न सकेको छैन । म पुनरावेदकले अदालतसमक्ष बयान गर्दा कसुरमा इन्कारी बयान गरेको छु । मेरो उक्त इन्कारी बयान ग्राह्य प्रमाण हो । मेरा साक्षीहरूले मेरो निर्दोषिताबारे बकपत्र गरेका छन् । म पुनरावेदकको जाहेरवालीहरूसँग कुनै सरसल्लाह नभएकोले फकाई लैजाने कार्यमा संलग्नता नदेखिएको तथ्य स्वयम् जाहेरवालीको बकपत्रसमेतबाट निर्विवाद देखिएको हुँदाहुँदै सोतर्फ मूल्याङ्कन नगरी मतियारसरह सजाय गर्ने ठहराएको सुरू जिल्ला अदालतको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी झुट्टा अभियोग दाबीबाट फुर्सद दिलाई पाउँ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादी दीपेन्द्र पाठकको पुनरावेदन अदालत पाटनमा परेको पुनरावेदनपत्र ।

यसमा वादी नेपाल सरकारबाट CS-७९४ नं. को र प्रतिवादीहरूबाट पनि क्रमशः ०२३८, ०२८१, ०२८५, ०४५०, ०७३७ र ०९२८ नं. को पुनरावेदन परेको देखिँदा उक्त पुनरावेदनपत्रहरू मुलुकी ऐन, अ.बं.२०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ को प्रयोजनको लागि प्रत्यर्थीहरूलाई परस्परमा सुनाई नियमानुसार पेस गर्नु भन्नेसमेत बेहोराको पुनरावेदन अदालत पाटनबाट मिति २०६८।१०।१७ मा भएको आदेश ।

प्रतिवादीहरू दीपक नेपाली, गोपाल बहादुर नेपाली, कुमार परियार, कृष्ण नेपाली भन्ने कृण गिरी, हरि नेपाली तथा दीपेन्द्र पाठकले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयान,

निज प्रतिवादीहरूले जाहेरवालीहरूलाई उद्धार गरी ल्याएको हो बिक्री गरेको होइन भनी अदालतमा बयान गरे तापनि सोको प्रमाण पेस गर्न नसकेको अवस्था, जाहेरी दरखास्त, प्रमाणित बयान र पीडित जाहेरवालीहरूले गरेको बकपत्र तथा प्रतिवादी दीपेन्द्र पाठकको अदालतसमक्षको बयानसमेतबाट निजहरूलाई सुरुमा ललाई फकाई गरी भारत जान मनाउने कार्यमा मुख्य भूमिका यी प्रतिवादीहरूको रहेको भन्ने अवस्था नदेखिँदा निजहरूले मुख्य कसुरदार राजेश भन्ने कुमार काले दमाईसँगै आरोपित कसुरको मतियार भई आपराधिक कार्य गरेको पुष्टि हुन आएको देखिँदा निजहरूलाई मतियार ठहर गरी सजाय गरेको सुरू काठमाडौं जिल्ला अदालतको इन्साफ मिलेकै देखियो । अतः प्रतिवादी राजेश भन्ने कुमार काले दमाईलाई मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१) (क) बमोजिम २० (बीस) वर्ष कैद र रू.२,००,०००।- (दुई लाख) जरिवाना गर्ने, प्रतिवादीहरू दीपक नेपाली, गोपालबहादुर नेपाली, डल्ले भन्ने कुमार परियार, कृष्ण नेपाली भन्ने कृष्ण गिरी, हरि नेपाली र दीपेन्द्र पाठकलाई उक्त दफा १५(१)(क) ले हुने सजायको आधा दफा १५(१)(ज) बमोजिम जनही १० (दश) वर्ष कैद र रू.१,००,०००।- (एक लाख) जरिवाना गर्ने र दफा १७ बमोजिम जाहेरवालीहरूले क्षतिपूर्ति भराई पाउने गरी मिति २०६७।१०।२४ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्नेसमेत बेहोराको पुनरावेदन अदालत पाटनबाट मिति २०६८।१२।१४ मा भएको फैसला ।

म पुनरावेदकउपर लगाएको अभियोग आरोप वस्तुनिष्ठ तवरबाट पुष्टि हुन सकेको छैन । जाहेरवालीले मिति २०६३।१२।१४ गतेको घटनाउपर मिति २०६५।१।२९ गते अर्थात् १ वर्ष डेढ महिनापछि मात्र जाहेरी परेको देखिन्छ । त्यसैगरी पीडित जाहेरवालीको बयान र अदालतबाट बुझिएकी पार्वती खतिवडा अनुमानको आधार थाहा पाएको भन्ने भनाइमा कुनै सत्यता नरहेको, सोको सबुद प्रमाण पेस गर्न नसकेको, जाहेरी एक आपसमा बाझिएको तथ्यहरू मेल नखाने, प्रमाणित बयान एक आपसमा बाझिएको, कुनै पनि कसुर स्थापित गर्ने आधार नभएको अवस्थामा ठोस सबुद प्रमाण बिना मलाई दोषी ठहऱ्याई जाहेरीमा प्रतिवादी बनाएकै भरमा म पुनरावेदकलाई मतियारलाई हुने सजाय गरी भएको फैसला ने.का.प.२०५४, नि.नं.६३४३, पृष्ठ १७९ मा प्रतिपादित सिद्धान्तसमेतका आधारमा त्रुटिपूर्ण छ । म पुनरावेदक अभियोग कसुर दाबीबमोजिम कसुरमा इन्कार रहेको, त्यस्तो कार्यमा संलग्नता नरहेको अवस्थामा पनि मेरो विरूद्धमा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ दफा १५(१) (ज) बमोजिम सजाय हुने ठहराएको छ । मिसिल संलग्न प्रमाणहरूको स्वतन्त्रपूर्वक ग्रहण नगरी परीक्षणसमेत नगरी भएको जाहेरवालीको बयानकै आधारमा भएको सुरू अदालतको फैसला र पुनरावेदन अदालत पाटनको मिति २०६८।१२।१४ को फैसला त्रुटिपूर्ण र गैरकानूनीसमेत भएको हुँदा सो फैसला बदर गरी मलाई झुट्टा अभियोग दाबीबाट फुर्सद दिलाई पाउँ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादी दीपेन्द्र पाठकको यस अदालतमा दायर हुन आएको ०६९-CR-०३०५ नं. को पुनरावेदनपत्र ।

पीडित जाहेरवालीहरूलाई विरूद्ध खण्डका प्रत्यर्थीहरू समेत भई फकाई भारतको कलकत्ता पुऱ्याई बेचेको भन्ने जाहेरवालीहरूको जाहेरी, प्रमाणित बयान र प्रतिवादीहरूकै बयानबाट पुष्टि भएको छ । पीडितहरूलाई सुरूमा ललाई फकाई प्रतिवादी काले दमाईले गरेको भनिए तापनि कसुरजन्य कार्यमा सुरूको चरणदेखि नै निजहरू समेत संलग्न रहेको कुरा स्वीकार गरेको अवस्था छ । मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(१)(२) मा कसुरदारको संलग्नताको क्रमअनुसार

कसुरको गम्भीरता बढ्ने (Aggravating factor) वा घट्ने (Mitigating Circumstances) भन्ने कहीँकतै उल्लेख भएको पाइँदैन । प्रतिवादी कुमार काले दमाई एक्लैले दुई जाहेरवालीलाई काठमाडौं माछापोखरीको गेस्ट हाउसबाट फकाएका नभई प्रतिवादी गोपाल र कृष्णसमेतले त्यहाँ लगेका र गेस्ट हाउसमा पहिला नै धने, दीपेन्द्र, दीपक कुमार, अमृत राजु र अन्य २ जना महिलासमेत भए रहेको पीडितहरूकै भनाइबाट समेत देखिन्छ र निजहरूको बकपत्रबाट सो पुष्टिसमेत भएको छ । तसर्थ, दुई महिला तीन बच्चालाई भारतमा एक मात्र प्रतिवादीले बेचेका हुन् भनी असम्भव तर्क गरी भारतमा पीडितलाई बेच्दासम्म सम्पूर्ण कार्यमा संलग्न भई मौद्रिक प्रतिफलसमेत लिएका प्रत्यर्थीहरूलाई कसुरको मतियार मात्र ठहर गरी कम सजाय गर्ने गरी भएको फैसला सङ्गठित अपराधमा संलग्न व्यक्तिहरूको चरित्र कार्य र अन्तरदेशीय मानव तस्करीको कसुरको व्याख्याको दृष्टिले त्रुटिपूर्ण देखिँदा बदरभागी छ । प्रतिवादीहरू दीपक नेपाली, गोपालबहादुर नेपाली, कुमार परियार, कृष्ण नेपाली भन्ने कृष्ण गिरी, हरि नेपाली र दीपेन्द्र पाठकले पीडितहरूलाई नेपालमा फकाउने, झुट्टा व्यापारको प्रलोभन देखाउने, झुक्याई सीमा पार गराउने, भारतभित्रै स्थानान्तरण गर्ने, अभिभावक, पीडितहरू र अबोध बालबालिका छुट्याई पैसामा मानव शरीर बेची आफूहरू नेपाल फर्किनेसम्मका सबै कार्य शृङ्खलाभर संलग्न रहेको देखिँदा देखिँदै निजहरूलाई मतियारसम्म मात्र ठहर गरी भएको त्रुटिपूर्ण फैसला सो हदसम्म बदर गरी प्रतिवादीलाई सुरू अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत बेहोराको पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा दायर हुन आएको ०६९-CR-०४८३ नं. को पुनरावेदनपत्र ।

यसमा वादी प्रतिवादीको दोहोरो पुनरावेदन परेकोले मुलुकी ऐन, अ.बं.२०२ नं. को प्रयोजनार्थ दुवै पक्षको पुनरावेदन एकअर्कालाई परस्पर सुनाई नेपाल सरकारको पुनरावेदनमा प्रत्यर्थी बनाइएका पुनरावेदन नगर्ने प्रतिवादीहरूलाई म्याद जारी गरी झिकाई आए वा अवधि नाघेपछि नियमानुसार पेस गर्नु भन्नेसमेत बेहोराको यस अदालतबाट मिति २०७२।२।६ मा भएको आदेश ।

प्रतिवादीमध्येका डल्ले भन्ने कुमार नेपाली परियारको तर्फबाट समेत यस अदालतमा ०६९-CR-०३०७ नं. को पुनरावेदन परेकोमा पछि निज प्रतिवादी स्वयंले आफूले लिएको दाबी जिकिर पुष्टि गर्न नसक्ने हुँदा उक्त पुनरावेदन फिर्ता गरिपाउँ भन्ने अ.ब. ९२ नं. बमोजिम दिएको निवेदनउपर कारबाही भई यस अदालतबाट मिति २०७४।९।२९ मा उक्त पुनरावेदन फिर्ता गरिदिएको भन्ने यस अदालतको आदेश ।

ठहर खण्ड

नियमबमोजिम साप्ताहिक तथा आजको दैनिक मुद्दा पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादी दीपक भन्ने दीपेन्द्र पाठकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री भीमप्रसाद ढकालले निज प्रतिवादीले जाहेरवालीहरूलाई बिक्री गरेका होइनन्, प्रतिवादीउपरको दाबी शङ्कारहित तवरले पुष्टि भएको छैन । प्रतिवादीले अदालतमा कसुरमा इन्कार रही गरेको बयानलाई प्रमाणमा लिइएको छैन । कसुरमा संलग्नता रहेको देखिने ठोस प्रमाणको अभावमा प्रतिवादीको अनुसन्धानको बयानलाई आधार लिई मानव बेचबिखन जस्तो गम्भीर प्रकृतिको अपराधको मतियार ठहराई सजाय गरेको सुरू अदालतको फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत पाटनको फैसला मिलेको छैन, अतः नमिलेको हदसम्म उक्त फैसला बदर गरी निज प्रतिवादीलाई आरोपित कसुरमा सफाइ हुनुपर्छ भनी बहस गर्नुभयो ।

पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित महान्यायाधिवक्ता कार्यालयका विद्वान् उपन्यायाधिवक्ता श्री नारायण रिमाल र जाहेरवाली

मुना तामाङसमेतको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताद्वय श्री शोभा पोखरेल र श्री सन्तोष महर्जनले प्रतिवादी दिपेन्द्र पाठकसमेतको मिलोमतोमा जाहेरवालीहरूलाई भारतको कोलकत्तासम्म पुऱ्याई जाहेरवालीमध्येकी मुना तामाङलाई बेचबिखन गरी सकेपछिको अवस्थामा निज भाग्न सफल भएपश्चात् निजले अर्की जाहेरवालीसमेतलाई आफूहरूलाई प्रतिवादीहरूले बेचबिखनका लागि भारत पुऱ्याएको कुरा बताएपछि जाहेरवालीद्वय कष्ट, सकसका साथ नेपाल फर्केका हुन् । सो कुरा जाहेरवालीहरूको प्रमाणित बयान र प्रतिवादीहरूको आरोपित कसुरमा अनुसन्धानमा गरेको साबिती बयानबाट पुष्टि हुन्छ । प्रतिवादीहरूको समान संलग्नता रहेको देखिने मानव बेचबिखन तथा ओसारपसार जस्तो गम्भीर अपराधमा प्रतिवादी राजेश भन्ने कुमार काले दमाईलाई मात्र अभियोग दाबीबमोजिम सजाय हुने र अन्य प्रतिवादीहरूलाई मतियारमा सजाय गर्ने गरी भएको पुनरावेदन अदालत पाटनको फैसला सो हदसम्म नमिलेकोले मतियार ठहरिएका प्रतिवादीहरूलाई समेत अभियोग दाबीबमोजिम नै सजाय गरिपाउँ भनी गर्नुभएको बहससमेत सुनियो।

प्रतिवादीहरू राजेश भन्ने कुमार काले दमाई, दीपक नेपाली, काले भन्ने गोपालबहादुर नेपाली, डल्ले भन्ने कुमार परियार, कृष्ण नेपाली भन्ने कृष्ण गिरी, राजु परियार भन्ने अशोक परियार, हरि नेपाली र दीपेन्द्र पाठकले पूर्व योजना र मिलेमतोमा पीडित जाहेरवालीहरू मुना तामाङ र भीम कुमारी लामालाई भारतको कोलकत्ता स्थित वेश्यालयमा बिक्री गरी मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ को उपदफा (१) को खण्ड (क) (ख) र उपदफा (२) को खण्ड (क) (ख) बमोजिमको कसुर अपराध गरेकोले निजहरूलाई सोही ऐनको दफा १५ को (१) (क) बमोजिम सजाय हुन र ऐ. ऐनको १७ नं. बमोजिम निजहरूबाट पीडितहरूलाई क्षतिपूर्ति दिलाई भराई पाउँसमेतको अभियोग दाबीमा प्रतिवादी राजु परियार भन्ने अशोक परियारको हकमा मुद्दा तामेलीमा रहने र प्रतिवादी राजेश भन्ने कुमार काले दमाईलाई ऐनको दफा १५(१)(क) बमोजिम २० वर्ष कैद र जरिवाना रू. दुई लाख गर्ने र प्रतिवादीहरू दीपक नेपाली, काले भन्ने गोपालबहादुर नेपाली, डल्ले भन्ने कुमार परियार, कृष्ण नेपाली भन्ने कृष्ण गिरी, हरि नेपाली र दीपेन्द्र पाठकलाई सोही दफा १५ (१) (क) ले हुने सजायको आधा ऐ. ऐनको दफा १५(१)(ज) अनुसार जनही कैद वर्ष १० र जनही रू. एक लाख जरिवाना एवं जाहेरवाली पीडितहरूले ऐ. ऐनको दफा १७ अनुसार क्षतिपूर्तिसमेत भराई पाउने ठहर गरी सुरू अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत पाटनको फैसलाउपर मतियारमात्र कायम गरेका प्रतिवादीहरूको हकमा चित्त नबुझी वादी नेपाल सरकार र मतियार कायम गरेको मिलेन भनी प्रतिवादी दिपेन्द्र पाठकको छुट्टाछुट्टै पुनरावेदन परेको देखियो।

उपर्युक्तानुसारको तथ्य, पुनरावेदन जिकिर र बहस बुँदासमेत रहेको प्रस्तुत मुद्दामा पुनरावेदन अदालत पाटनबाट भएको फैसला मिलेको छ, छैन? र पुनरावेदक वादी, प्रतिवादीहरूको पुनरावेदन जिकिरबमोजिम हुने हो, होइन? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा, प्रतिवादीहरू राजेश भन्ने कुमार काले दमाई, दीपक नेपाली, काले भन्ने गोपालबहादुर नेपाली, डल्ले भन्ने कुमार परियार, कृष्ण नेपाली भन्ने कृष्ण गिरी, राजु परियार भन्ने अशोक परियार, हरि नेपाली र दीपेन्द्र पाठकले पूर्व योजना र मिलोमतोमा पीडित जाहेरवालीहरू मुना तामाङ र भीम कुमारी लामालाई काठमाडौंबाट जडिबुटीको पोका भनिएको सामान ओसार गरेबापत पैसा दिन्छौं भनी ललाई फकाई भारतको कोलकत्ता स्थित वेश्यालयमा लगी बिक्री गरी प्रतिवादीहरूले मानव बेचबिखन तथा

ओसारपसार (नियन्त्रण) ऐन, २०६४ विपरीतको कार्य गरेकोले कारबाही गरिपाउँ भनी दिएको पीडितहरूको किटानी जाहेरीबाट प्रस्तुत मुद्दाको उठान भएको देखिन्छ। प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा जाहेरवालीहरूलाई भारतको कोलकत्तामा लगी बिक्री गर्ने योजना रहेको र जाहेरवालीमध्येकी मुना तामाङलाई भारतीय रू. ६०,०००।– मा कोठीमा बिक्री गरिसकेको र अर्की पीडित जाहेरवाली भीमकुमारी लामालाई बेच्नको लागि दलालसँग मोलमोलाई भइरहेको अवस्थामा सोनागाछीस्थित कोठीमा बेचिएकी मुना तामाङ उक्त स्थानबाट भागी आएको र निजले प्रतिवादीहरूले आफूहरूलाई बेच्न ल्याएको रहेछन, आफू बेचिएको र भागेर आएको भनी घटना वृत्तान्त अर्की पीडित जाहेरवाली भीमकुमारीलाई बताएपछि निजहरू फर्की आएको र आफूहरूले जाहेरवालीसमेतलाई बेच्ने नै उद्देश्यले कोलकत्ता लगेको भनी प्रतिवादीहरूले एकै बेहोराको साबिती बयान गरेको देखिन्छ। पीडित जाहेरवालीहरूले जाहेरी बेहोरालाई समर्थन हुने गरी अनुसन्धान क्रममा गरेको बयान अदालतबाट समेत प्रमाणित भएको देखिन्छ। साथै मौकामा कागज गरिदिएकी पार्वती खतिवडाले पनि प्रतिवादीहरूले पीडित जाहेरवालीसमेतलाई भारत कोलकत्तास्थित कोठीमा बेचेको भन्ने सुनेको भनी लेखाइदिएको देखिन्छ।

३. मिसिल संलग्न किटानी जाहेरीमा जडिबुटीको पोका जस्तो सामान भारतमा बेचेबापत धेरै आम्दानी हुने भनी प्रतिवादी दिपेन्द्र पाठकसमेतले जाहेरवाली मुना तामाङसमेतलाई प्रलोभनमा पारी भारतको कलकत्तास्थित कोठीमा लगी ६०,०००।– भा.रू मा बेचेको र जाहेरवाली मुना तामाङ मौका मिलेको बेलामा भागी भारतीय प्रहरीको सहायता एवं कोलकत्ता स्थित नेपाली महावाणिज्य दूतावासको पहलमा माइती नेपाल शाखा कार्यालय, वीरगञ्जबाट उद्धार भएको भन्ने उल्लेख छ। प्रतिवादीहरू दिपेन्द्र पाठकसमेतले पीडित जाहेरवालीलाई ललाई फकाई, झुक्याई भारतको कोठीमा वेश्यावृत्तिका लागि बेचबिखन गरेकोमा अदालतमा इन्कारी बयान गरे तापनि पुनरावेदक प्रतिवादी दिपक भन्ने दिपेन्द्र पाठकले अदालतमा बयान गर्दा प्रतिवादी कृष्ण गिरीले एकजना केटी लिएर आइज घुम्न जाउँ रमाइलो हुन्छ भनी भनेकोले बिमलालाई लिएर कलकत्ता गएको र पछि बेचबिखनका लागि बोलाएको भन्ने थाहा पाएपछि बिमलासँग फर्केको भनी गएकोसम्म स्वीकार गरेका छन्। अर्का सहप्रतिवादी कृष्ण गिरीले समेत विमलाले रोई कराई गरी आफू गर्भवतीसमेत रहेको भनेकोले नबेचेर नेपाल फर्काएको, जाहेरवाली मुना तामाङसमेतलाई भारतस्थित कोठीमा बेचेको र बेच्ने उद्देश्यले नै लगेको हो भनी स्वीकारी बयान गरिदिएका छन्। जाहेरवालीहरूले दिपेन्द्र पाठकसमेत उपर किटानी जाहेरी दिएको अवस्था छ। साथै सहप्रतिवादी कृष्ण गिरीले जाहेरवालीहरूलाई आफू र प्रतिवादी दिपेन्द्र पाठकसमेत भई बेचेको र बिक्री गरेबापत धनबहादुरले रू.३०,०००।– लिएको, प्रतिवादीहरू हरि नेपालीले र दिपेन्द्र पाठकलाई समेत रकम दिएको कुरालाई अदालतमा समेत गरेको स्वीकार बयान प्रतिवादी दिपेन्द्र पाठकको बयानसँग मेल खाएको देखिन्छ।

४. मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ६ को उपदफा (२) बमोजिम जाहेरीलाई समर्थन गर्ने पीडित जाहेरवालीहरूको प्रमाणित बयान मिसिल संलग्न देखिन्छ। ऐ. ऐनको दफा ६(३) मा, **"बयान प्रमाणित गरिएकोमा त्यस्तो पीडित मुद्दाको कारबाहीको सिलसिलामा अदालतमा उपस्थित नभएपनि त्यसरी प्रमाणित गरिएको बयान अदालतले प्रमाणमा लिन सक्नेछ"** भन्ने कानूनी व्यवस्थाको रोहबाट समेत पीडित जाहेरवालीहरूको प्रमाणित बयान प्रमाणमा लिन सक्ने देखियो। मिसिल संलग्न नेपाली महावाणिज्य

दूतावास, कोलकता (Consulate General of Nepal) को मिति २०६३।१२।२४ को अलपत्र परेको महिलाहरू पठाइएको सम्बन्धमा भनी जिल्ला प्रशासन कार्यालय, वीरगञ्ज, पर्सालाई लेखेको पत्र बेहोराबाट निज जाहेरवालीहरूको उद्दार भएको भनिएको जाहेरी र निजको प्रमाणित बयान थप पुष्टि हुन गएको देखियो।

५. मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(१)(क) मा **कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने** (ख) **कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने** कार्यलाई मानव बेचबिखन र ऐ. दफाको उपदफा २(क) मा **किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने** (ख) **"वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जबरजस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी पद वा शक्तिको दुरूपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने कार्य"** गरेमा मानव ओसारपसार गरेको मानिने भन्ने कानूनी व्यवस्था छ। आरोपित कसुरमा आफ्नो संलग्नता नरहेकोले सजायबाट रिहाई पाउनुपर्ने जिकिर लिएका निज प्रतिवादीहरू उपरको किटानी जाहेरी, पीडित जाहेरवालीको अदालतबाट प्रमाणित बयान, जाहेरवालीले निज प्रतिवादीउपर किन र के कति कारणले पोल गरेका हुन् ? भन्ने कुराको वस्तुनिष्ठ आधार देखाउन नसकेको अवस्था एवं प्रतिवादी कृष्ण गिरीले केटी साथी लिएर आईज भनी बोलाएकोले आफू भारतसम्म गएको हुँ, बेचबिखनसम्बन्धी कुरा भारत पुगेपछि नै थाहा भएको हो, आफ्नो कसुरमा संलग्नता छैन भन्ने निजको जिकिर सबुद प्रमाणबाट पुष्टि हुन नसकेको स्थितिमा निजको जिकिर प्रतितलायक देखिएन । अतः सहप्रतिवादीहरूको जाहेरवालीलाई जडिबुटीका पोका बेच्ने बहाना बनाई ललाई फकाई झुक्याई काठमाडौंबाट भारतको कोलकत्तास्थित कोठीमा लैजाने कार्यसम्ममा निज प्रतिवादी दिपेन्द्र पाठकसमेतको भूमिका रहेको भन्ने बेहोराको प्रतिवादी कृष्ण गिरीसमेतको पोललगायतका मिसिल संलग्न अन्य कागजातबाट आरोपित कसुरमा निज प्रतिवादीहरूको संलग्नता रहेनछ भनी मान्न सकिएन।

६. यस स्थितिमा प्रतिवादी दिपेन्द्र पाठकको आरोपित कसुरमा आफ्नो संलग्नता नरहेकोले सजायबाट रिहाई पाउनुपर्ने भन्ने पुनरावेदन जिकिर सम्बन्धमा हेर्दा, सर्वप्रथम त निज प्रतिवादीसमेत उपर किटानी जाहेरी परेको अवस्था छ। मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ९ मा **"प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिलाई यस ऐनअन्तर्गतको कसुर गरेको अभियोग लागेकोमा सो कसुर आफूले गरेको छैन भन्ने कुराको प्रमाण निजले नै पुऱ्याउनु पर्नेछ"** भन्ने कानूनी व्यवस्था छ। यस व्यवस्थाको मकसद मैले आपराधिक कार्य गरेको होइन अथवा मेरो उक्त आपराधिक कार्यमा संलग्नता छैन, मैले सजायबाट रिहाई पाउनुपर्छ भन्ने प्रतिवादी जिकिर रहेमा सोको पुष्टि सबुद प्रमाणबाट निजले नै गर्न सक्नुपर्दछ अनि मात्र निजको जिकिर प्रमाणयोग्य हुन्छ भन्ने हो । अपराधशास्त्रमा केवल आपराधिक कार्यमा आफ्नो संलग्नता छैन भन्ने तवरले लिइएको प्रतिवाद जिकिर प्रमाण जाँचको कसीमा औचित्यहीन हुन जान्छ। साथै यस व्यवस्थालाई थप विवेचना गर्दै **"कतिपय सङ्गीन प्रकृतिका फौजदारी अपराधमा पीडितले समाजमा बेहोर्नुपर्ने क्षति, अपराधबाट समाजलाई पुग्न जाने असर तथा अपराधलाई निरूत्साहित गर्न राज्यले**

निर्वाह गर्नुपर्ने नियन्त्रणकारी भूमिकासमेतलाई मध्यनजर गरी प्रमाणको भार (Burden of proof) आरोपित पक्षलाई नै सार्ने गरी कठोर कानूनी व्यवस्था गर्नुपरेको हो । अपराधमा संलग्न पक्ष पेशेवर हुन सक्ने र अपराध बडो योजनाबद्ध एवम् सङ्गठित तरिकाले हुन सक्ने र कतिपय सङ्गठित आपराधिक समूहको संलग्नतामा समेत अपराध हुन सक्ने भएकाले अपराधमा संलग्न पक्ष नै पहिचान गर्न कठिन हुन सक्ने परिस्थितिको आँकलन गरेर नै विधायिकाले कानूनको निर्माण गरेको हो । प्रमाण सङ्कलनका क्रममा हुन सक्ने कतिपय कमजोरीको फाइदा अपराध गर्ने पक्षलाई नै नपुगोस् भन्ने नै विधायिकी मनसाय हुने भनी (ने.का.प. २०७२ अंक १ नि.नं ९३३३ प्रकरण नं.५ मा) यस अदालतबाट सिद्धान्तसमेत प्रतिपादन भएको देखिन्छ । उल्लिखित कानूनी व्यवस्था र प्रतिपादित नजिर सिद्धान्तसमेतका आधारमा आरोपित कसुरमा आफ्नो संलग्नता नरहेकोले सफाइ पाउनुपर्दछ भन्ने जिकिर प्रमाणित गर्ने भार प्रतिवादीमा रहने र निजहरूले आफ्नो जिकिर वस्तुनिष्ठ आधारमा पुष्टि गर्न नसकेको स्थितिमा निजको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन ।

७. मानव बेचबिखन तथा ओसारपसार जस्तो संगीन अपराधमा पीडित सधैँ अभियुक्तहरूको नियन्त्रणमा रहने, आफू बेचिएको प्रमाणहरू राख्न असम्भव हुने, उनीमाथि भएको कसुरको उनीसँग हुने प्रमाण भनेको आफू / व्यक्ति स्वयं नै प्रमाण / साक्षीको रूपमा रहने हुँदा उनले दिएको जाहेरी र उनले गरेको बयानको प्रमाणमा धेरै ठूलो महत्त्व राख्दछ । बयानमा लेखिएका घटनाक्रमको वर्णन र प्रतिवादीको बयानमा Chain of Incident बाट पनि अभियोगहरू स्थापित हुन्छ । यस्तो अवस्थामा घटनाक्रम गलत हो, लगाइएको आरोप गलत हो भनी सफाइको माग गर्दा सोको प्रमाण पुऱ्याउने भार प्रतिवादीमै रहन्छ ।

८. मानव बेचबिखन जस्तो आपराधिक कार्यमा समान भूमिकामा रहे भएका प्रतिवादीहरूलाई मतियारलाई हुने सजाय गरेको मिलेन, सम्पूर्ण प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम नै सजाय हुनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर रहेको पाइयो । यसबाट प्रतिवादीहरू मुख्य अभियुक्त हुन् वा निजहरूले मुख्य अभियुक्तलाई सहयोगसम्म गरेको हुन् भन्ने कुराको व्याख्या विश्लेषण जरूरी देखिन आयो । मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ (१)(क) को कानूनी व्यवस्था हेर्दा, **"मानिस किन्ने वा बेच्नेलाई बीस वर्ष कैद र दुई लाख रूपैयाँ जरिवाना हुने"** उल्लेख छ, जुन कुरा मुख्य अभियुक्तको हकमा लागू हुने देखिन्छ । ऐ. ऐनको को दफा १५(१)(ज) मा "**मानव बेचबिखन वा ओसारपसारको कसुर गर्न दुरूत्साहन, षडयन्त्र वा उद्योग गर्नेलाई वा सो कसुरको मतियारलाई सो कसुर गर्दा हुने सजायको आधा सजाय हुने"** कानूनी व्यवस्था छ । यसरी कानून स्वयंले मानव बेचबिखन तथा ओसारपसारको अपराधमा मुख्य अभियुक्त र मतियारहरू समेत रहन सक्ने परिकल्पना गरेको छ ।

९. फौजदारी प्रकृतिको संगीन अपराधमा दोषी करार गर्न आपराधिक कार्यमा अभियुक्तहरूको संलग्नता, निजहरूले खेलेको भूमिका एवं निजले गरेको कार्यबाट सिर्जित परिणाममा रहेको आपराधिक मात्रासमेतलाई दृष्टिगत गरी मात्र कसुर निर्धारण गर्नुपर्ने मान्य न्यायको सिद्धान्त हो । प्रस्तुत मुद्दाका प्रतिवादीहरूले अदालतमा बयान गर्दा जाहेरवालीसँग आफू पनि भारत कलकत्ता गएको तथ्यलाई स्वीकार गरेको र सुरूमा भारतमा गएर जडीबुटीको व्यापार गरौं भनी फकाउने राजेश नेपाली हुन् भनी लेखाएको देखिन्छ र निज प्रतिवादी राजेश नेपालीले भारतमा ग्राहक खोज्नेलगायतका अन्य चाँजोपाँजो मिलाउने भूमिकासमेत खेलेको देखिन्छ । निजको उक्त कार्यमा रहेको संलग्नता एवं निजले खेलेको भूमिकासमेतलाई

विश्लेषण गरी निजलाई मूल अभियुक्तलाई हुने सजायसमेत भएको देखिन्छ । साथै जाहेरी दरखास्त, जाहेरवालीको प्रमाणित बयान र प्रतिवादी दीपेन्द्र पाठकको अदालतसमक्षको बयानसमेतबाट पीडितहरूलाई ललाई फकाई भारत लैजाने कार्यमा प्रतिवादीहरूको मिलोमतो रहेको देखिए तापनि विरूद्ध खण्डका प्रतिवादीहरूको समेत जाहेरवालीहरूलाई बेचबिखन गर्ने योजना बनाउने, बेचबिखनको लागि ग्राहक खोज्नेलगायतका कार्यमा मुख्य भूमिका देखिएको भन्ने वादी दाबी पुष्टि हुन सकेको देखिँदैन । प्रतिवादीहरू पीडितसँगै भारतसम्म गएको अवस्था भए तापनि निज पीडितहरूलाई बेच्नका निम्ति ग्राहक खोज्नेलगायतका मुख्य कार्यमा सरिक नभई जाहेरवालीको रेकी, निगरानीसम्म गरेको देखिएको स्थितिमा निज प्रतिवादीहरूको कसुरमा रहेको संलग्नताको मात्रा एवं भूमिकासमेतको मूल्याङ्कन गरी आरोपित कसुरमा मतियारसम्म ठहर गरी सजाय गरेको सुरू अदालतको इन्साफ अन्यथा नदेखिएकोले सुरू फैसलालाई सदर गरेको पुनरावेदन अदालत पाटनको फैसला मिलेकै देखिँदा निज प्रतिवादीहरूलाई पनि मुख्य अभियुक्तसरह नै सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर र सोही बेहोराको विद्वान् उपन्यायाधिवक्ता एवं जाहेरवालीको तर्फबाट रहनुभएका विद्वान् कानून व्यवसायीहरूको बहस जिकिरसँग सहमत हुन सकिएन । साथै प्रतिवादीले आफ्नो पुनरावेदन पत्रमा उल्लेख गरेको नजिर सिद्धान्तसमेत प्रस्तुत मुद्दाको तथ्यको सन्दर्भमा सान्दर्भिक हुने देखिएन ।

१०. अतः उपर्युक्त विवेचित आधार, प्रमाण तथा कारणबाट प्रतिवादीहरूउपरको किटानी जाहेरी दरखास्त र सोलाई समर्थन गर्ने पीडित जाहेरवालीको प्रमाणित बयान, प्रतिवादीहरूको अनुसन्धान क्रमको साबिती बयान, घटना विवरणका व्यक्तिको कागजलगायतका प्रमाणबाट प्रतिवादीहरू दीपक नेपाली, गोपालबहादुर नेपाली, डल्ले भन्ने कुमार परियार, कृष्ण गिरी भन्ने कृष्ण नेपाली, हरि नेपाली र दीपेन्द्र पाठकले मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(क) ले हुने सजायको आधा दफा १५(१)(ज) बमोजिम जनही १० (दश) वर्ष कैद र रू.१,००,०००।- (एक लाख) जरिवाना गर्ने र ऐ. ऐनको दफा १७ को **"अदालतले कसुरदारलाई भएको जरिवानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी निजहरूबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराई दिनुपर्नेछ"** भन्ने कानूनी व्यवस्थाको रोहबाट जाहेरवालीले क्षतिपूर्ति भराई पाउने गरी भएको सुरू अदालतको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६८।१२।१४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुन्छ । प्रतिवादी दिपेन्द्र पाठक र वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइ दिनू ।

उक्त रायमा मेरो सहमति छ ।
न्या.दीपककुमार कार्की

इजलास अधिकृतः कमलकान्त जोशी
इति संवत् २०७५ साल असार २१ गते रोज ५ शुभम् ।

निर्णय नं. १००५३

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री सारदाप्रसाद घिमिरे
माननीय न्यायाधीश श्री बमकुमार श्रेष्ठ
फैसला मिति : २०७४।११।३०
०७२-CI-१८८०

मुद्दा: राजीनामा लिखत बदर

पुनरावेदक / वादी : जिल्ला नवलपरासी सुक्रौली गा.वि.स. वडा नं.२ बस्ने मालतीकुमारी सैथवारसमेत

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : जिल्ला नवलपरासी सुनवल गा.वि.स. वडा नं.४ बस्ने कलावती सापकोटासमेत

- **यान्त्रिक रूपमा प्रतिवादीका नाउँमा भएको जग्गाको कूल क्षेत्रफललाई हेरी बिक्री गरेको जग्गाको क्षेत्रफल कूल क्षेत्रफलको आधाभन्दा कम रहेको भनी निष्कर्षमा पुगेकोलाई न्यायको रोहमा उचित ठान्न नसकिने ।**

(प्रकरण नं.५)

- **नाबालिगको संरक्षण गर्ने पहिलो दायित्व निजहरूकै बाबुआमाको हो । बाबुआमाले सन्तानको संरक्षण नगरेको अवस्थामा मात्र अन्य व्यक्तिहरू संरक्षकको रूपमा अगाडि देखा पर्ने ।**
- **बाबु स्वयम्ले आफ्ना सन्तानको भविष्यका बारेमा सोच विचार नगरी जग्गा राजीनामा पारित गरिदिई हक छाडिदिएको अवस्थामा त्यस्ता नाबालिगहरूको अंश हकको संरक्षणतर्फ सक्रियता देखाउनु अदालतको कर्तव्य र दायित्व पनि हो । बालबालिकाको अन्तिम संरक्षक राज्य हो । राज्यले बालबालिका सर्वोत्तम हितको लागि कार्य गर्नुपर्दछ । अदालत राज्यको एउटा महत्त्वपूर्ण अंग हो । त्यसैले अदालतले पनि बालबालिकाको सर्वोत्तम हितलाई ख्यालमा राखी न्यायिक निष्कर्षमा पुग्नु वाञ्छनीय हुन जाने ।**

(प्रकरण नं.६)

पुनरावेदक / वादीका तर्फबाट : विद्वान् अधिवक्ता श्री रामवन्धु शर्मा
प्रत्यर्थी / प्रतिवादीका तर्फबाट : विद्वान् अधिवक्ता श्री भोजराज भट्ट
अवलम्बित नजिर :
सम्बद्ध कानून :

सुरू फैसला गर्नेः
माननीय न्यायाधीश श्री राजेन्द्र प्रसाद खरेल
नवलपरासी जिल्ला अदालत

पुनरावेदन फैसला गर्नेः-
मा. न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.
माननीय न्यायाधीश श्री मनोजकुमार शर्मा
पुनरावेदन अदालत, बुटवल

फैसला

न्या.सारदाप्रसाद घिमिरे : साबिक पुनरावेदन अदालत बुटवलको फैसलाउपर, साबिक न्याय प्रशासन ऐन, २०४८ को दफा १२ हाल प्रचलित न्याय प्रशासन ऐन, २०७३ को दफा १२ बमोजिम मुद्दा दोहोऱ्याई हेरिपाउँ भनी पर्न आएको निवेदनमा दोहोऱ्याई हेर्ने निस्सा प्रदान भई पुनरावेदनको रोहमा

दर्ता भई निर्णयार्थ पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छः-

तथ्य खण्ड

हामीहरूको समेत अंशहक लाग्ने विपक्षी शिवदासको नाउँमा दर्ता रहेको जि.न.प. सुक्रौली गा.वि.स. वडा नं.२क कि.नं.८८० को ज.वि. ०–१७–० जग्गा हामीहरूलाई थाहा जानकारी नदिई गुपचुपमा विपक्षी शिवदास सैथवारले विपक्षी कलावती सापकोटालाई मिति २०६८।८।२० मा र.नं.५५०५ बाट हकछाडी राजीनामा पारित गरिदिएको कुरा मिति ०६८।९।१४ मा नक्कल सराई लिई थाहा हुन आएकोले प्रस्तुत फिराद गर्न आएका छौं। निजहरूलाई झिकाई उक्त कि.नं.८८० को ज.वि. ०–१७–० जग्गामध्ये हामीहरूको अंशहकमा पर्ने ६ भागमध्ये ३ भाग राजीनामा लिखत बदर गरिपाउँ भन्नेसमेत बेहोराको फिराद दाबी।

विपक्षीको फिरादमा उल्लिखित नाता सम्बन्धबाहेक अन्य सम्पूर्ण बेहोरा झुट्ठा एवं बनावटी हो। विपक्षीमध्ये मालती कुमारी र रामदास नाबालक भएको र हामी बाबुआमासँगै बसेको हुँदा एवं निजहरूको लिखत बदरको नालेस गर्ने हक नपुगेको हुँदा लिखत बदर हुनुपर्ने कुरै भएन। अर्का विपक्षी राममिलनको हकमा म बाबुबाट आफूले मनि ट्रान्सफर खोली कारोबार गरी आर्थिक आर्जन गर्छु भनी राजेश वनिया र सुरेन्द्र यादवलाई जग्गा दृष्टिबन्धक पारित गरी दिई कर्जा लिई विपक्षीले नै कारोबार गरि पछिबाट सो रकम नै हिनामिना गरी भएको सबै जग्गा नै लिलाम हुने अवस्था आएकोले सो ऋण तिर्नको लागि सहप्रतिवादी कलावती सापकोटालाई वादी दाबीको जग्गा बिक्री गर्नु परेको हो, सो लिखतमा विपक्षी राममिलनको श्रीमतीसमेत सनाखत साक्षीमा बसेकी हुँदा निज विपक्षीको मन्जुरी लिनुपर्ने होइन, झुट्ठा दाबीबाट फुर्सद पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी शिवदास सैथवारसमेतको संयुक्त प्रतिउत्तर जिकिर।

यी नाबालकहरू शिवदास जिम्मा नै रहेका र निजले नै पालन पोषण गरेका छन्। वादी दाबीबमोजिम लिखत बदर हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादीको साक्षी टेकबहादुर कँडेलको बकपत्र।

यिनै वादी राम मिलन सैथवारसमेत वादी र प्रतिवादी शिवदास सैथवारसमेत भएको दे.नं.००७४३ को अंश नामसारी मुद्दा प्रमाणको रूपमा साथै रहेको।

मुलुकी ऐन अंशबन्डाको १९(१) बमोजिम घरको मुख्य व्यक्ति पिता पतिले अचलमा आधाभन्दा बढी सम्पत्ति व्यवहार चलाउनको लागि बिक्री व्यवहार गर्दा २१ वर्ष नाघेका स्वास्नी, छोरा, अविवाहित छोरी र विधवा बुहारीको मन्जुरी लिनुपर्ने कानूनी व्यवस्था रहेकोमा यिनै वादी एवं प्रतिवादी भएको दे.नं.००७४३ को लगाउको अंश मुद्दामा प्रतिवादी शिवदास सैथवारले पेस गरेको तायदाती फाँटवारी हेर्दा निजको नाममा विभिन्न कित्ता जग्गाहरू गरी जम्मा १–२–२$^{१}/_{२}$ जग्गा कायमै रहेको र वादीले दाबी लिएको राजीनामाबाट प्रतिवादीले ज.वि.०–१७–० आधाभन्दा कम नै जग्गा बिक्री गरेको देखिन्छ। मिसिल सामेल रहेको मिति २०६८।१।२० र.नं.८७०० र मिति ०६७।९।५ र.नं.३१०९ बाट कर्जा लिई दृष्टिबन्धक लिखतसमेत गरिदिएकोसमेतबाट पनि निज प्रतिवादी शिवदास सैथवारले आफ्नो घर व्यवहार चलाउनको लागि विवादित जग्गा राजीनामा लिखत गरी बिक्री गरेको मान्नु पर्ने हुन आयो। अंशबन्डाको १९(१) को कानूनी व्यवस्थाको परिधिभित्र रही घर व्यवहार चलाउन आफ्नो कूल अचल सम्पत्तिको आधाभन्दा कम सम्पत्ति राजीनामा गरिदिने कार्य उक्त कानूनी व्यवस्थाको प्रतिकूल भन्न नमिल्ने हुँदा प्रतिवादीहरू बीच भएको र.नं.५५०५ मिति २०६८।८।२० को राजीनामा लिखत बदर गरिपाउँ भन्ने वादी दाबी पुग्न सक्दैन भन्ने सुरू नवलपरासी जिल्ला अदालतको मिति २०६९।८।१० को फैसला।

मुलुकी ऐन अंश बन्डाको १९(१) नं. बमोजिम घरको मुख्य व्यक्ति पिता पतिले अचलमा आधाभन्दा बढी सम्पत्ति व्यवहार चलाउनको लागि बिक्री व्यवहार गर्दा २१ वर्ष नाघेको स्वास्नी, छोरा, अविवाहिता छोरी र विधवा बुहारीको मन्जुरी लिनुपर्ने कानूनी व्यवस्था रहेको र लगाउको ००७४३ को अंश मुद्दामा प्रतिवादी शिवदास सैथवारले पेस गरेको तायदाती फाँटवारीबाट आधाभन्दा कम नै जग्गा बिक्री गरेको तथा यी नाबालकहरू प्रतिवादी शिवदासकै जिम्मामा रहेको भनी प्रतिवादीका साक्षीले बकपत्र गरेको भएपनि बिक्री गरिएको जग्गा अरू सबै जग्गाभन्दा धेरै मूल्यवान् भएको, प्रतिवादीका साक्षीले घुस खाई झुठा बकपत्र गरेको र असल कमसल, नरम करम, दार नदार नहेरी निर्णय गरिएकाले सो कि.नं.८८० को राजीनामा लिखत बदर गरी नवलपरासी जिल्ला अदालतको त्रुटिपूर्ण फैसलासमेत बदर गरिपाउँ भन्नेसमेतको पुनरावेदन जिकिर।

मुलुकी ऐन, अंशबन्डाको महलको १९(१) ले घरको मुख्य व्यक्तिले अचलमा आधीसम्म व्यवहार चलाउनलाई स्वास्नी, छोरा, अविवाहित छोरी वा विधवा बुहारीको मन्जुरी नभएपनि आफूखुस गर्न पाउँछ भन्नेसमेतको व्यवस्था गरेको र सोही कानूनी व्यवस्थाको परिधिभित्र रही घरको मुख्य व्यक्ति प्रतिवादी शिवदास सैथवारले आफ्नो कूल अचल सम्पत्तिको आधाभन्दा कम ०-१७-० जग्गा राजीनामा गरिदिएको देखिँदा प्रतिवादीको सो कार्यलाई उक्त कानूनी व्यवस्थाको प्रतिकूल भन्न मिल्ने देखिएन । प्रतिवादीहरू बीच भएको र.नं.५५०५ मिति २०६८।८।२० को राजीनामा लिखत बदर गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको नवलपरासी जिल्ला अदालतको मिति २०६९।८।१० को फैसला सदर हुने ठहर्छ भन्नेसमेत बेहोराको मिति २०७०।५।२६ को पुनरावेदन अदालत बुटवलको फैसला।

हाम्रो निर्विवाद रूपमा अंश हक लाग्ने जग्गा हामी अंशियारहरूको मन्जुरी नलिई हामीलाई थाहा जानकारी नदिई बिक्री गरेको अवस्थामा हाम्रो हक जति लिखत बदर गर्नुपर्नेमा सो नगरेको पुनरावेदन अदालतको फैसला सर्वोच्च अदालतबाट प्रतिवादित सिद्धान्तको प्रतिकूल रहेको छ । प्रतिवादीले पारित गरिदिएको जग्गाको क्षेत्रफल कूल अचल सम्पत्तिको आधीभन्दा कम नै रहेको भएपनि उक्त जग्गा घडेरी योग्य मूल्यवान् जग्गा हो । पुनरावेदनको फैसलामा सोतर्फ विवेचना गरिएको छैन । पुनरावेदन अदालतको फैसला मुलुकी ऐन, अंशबन्डाको १९ नं., लेनदेन व्यवहारको १० नं., अ.बं.८२ नं.१८४क नं., १८५ नं. र प्रमाण ऐन, २०३१ को दफा ३ र ५४ समेतको प्रतिकूल हुँदा मुद्दा दोहोऱ्याई हेरी सुरू अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत बुटवलको फैसला उल्टी गरी फिराद दाबीबमोजिम इन्साफ पाउँ भन्नेसमेत बेहोराको वादीहरूको दोहोऱ्याई हेरिपाउँ भन्ने निवेदन।

यसमा मुलुकी ऐन, लेनदेन व्यवहारको १० नं. लाई निष्क्रिय गरी वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत बुटवलको मिति २०७०।५।२६ को फैसलामा उक्त १० नं. को त्रुटि देखिँदा न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१) बमोजिम मुद्दा दोहोऱ्याई हेर्ने निस्सा प्रदान गरिदिएको छ भन्ने बेहोराको यस अदालतको मिति २०७३।१।१३ को आदेश।

ठहर खण्ड

नियमबमोजिम दैनिक मुद्दा पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादीको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री रामबन्धु शर्माले राजीनामा पारित गरिदिएको जग्गामा वादीहरूको समेत अंश हक लाग्ने हो। त्यस्तो जग्गा राजीनामा पारित गरी दिँदा वादीहरूको

मन्जुरी लिनुपर्नेमा सोबमोजिम भए गरेको देखिँदैन । सुरूले र पुनरावेदन तहबाट फैसला गर्दा अंशबन्डाको महलको १९(१) लाई आधार लिएको देखिन्छ । तर प्रतिवादीको नाउँमा बाँकी रहेको जग्गा र राजीनामा पारित गरिदिएको जग्गाको अवस्था र मूल्य फरक रहेको तथ्यलाई विचार गरिएको छैन । नाबालिग भाई बहिनीको अंशहकको संरक्षणको लागि बालबालिका ऐन, २०४८ को दफा ५१ बमोजिम संरक्षक भई दाजुले फिराद दायर गरेको तथ्यलाई बेवास्ता गरी वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको नवलपरासी जिल्ला अदालतको फैसलालाई नै सदर गर्ने गरेको पुनरावेदन अदालत बुटवलको फैसला गम्भीर कानूनी त्रुटिपूर्ण हुँदा उल्टी गरी वादी दाबी एवं पुनरावेदन जिकिरबमोजिम राजीनामा लिखत बदर हुनुपर्दछ भनी र प्रत्यर्थी प्रतिवादीहरूको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री भोजराज भट्टले प्रतिवादी शिवदास सैथवार घरको मुख्य व्यक्ति भएको र घरको मुख्य व्यक्तिले अंशबन्डाको १९(१) नं. बमोजिम चलमा सबै र अचलमा आधासम्म घर व्यवहार चलाउन बिक्री गर्न पाउने हुँदा वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको सुरूको फैसला सदर गरेको पुनरावेदनको फैसला सदर कायम हुनुपर्दछ भनी गर्नुभएको बहस सुनियो ।

उल्लिखित विद्वान् कानून व्यवसायीहरूले गर्नुभएको बहस जिकिर एवं मिसिल संलग्न प्रमाण कागजहरूको अध्ययन गरी निर्णयतर्फ विचार गर्दा, वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको नवलपरासी जिल्ला अदालतको मिति २०६९।८।१० को फैसला सदर गरेको मिति २०७०।५।२६ को पुनरावेदन अदालत, बुटवलको फैसला मिले नमिलेको के हो ? र वादीको पुनरावेदन जिकिर पुग्न सक्छ सक्दैन ? सोही विषयमा निर्णय दिनुपर्ने देखियो ।

२. निर्णयतर्फ विचार गर्दा, हाम्रोसमेत अंशहक लाग्ने नवलपरासी जिल्ला सुक्रौली गा.वि.स. वडा नं.२/क कि.नं.८८० क्षेत्रफल ०-१७-० जग्गा हामीलाई थाहा जानकारी नदिई बिक्री गरेको, उक्त जग्गा घडेरी योग्य बहुमूल्य जग्गा भएकोले अंशबन्डाको महलको १९(१) नं. को व्यवस्था लागू हुँदैन । पुनरावेदन अदालत बुटवलको फैसला, सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त एवं मुलुकी ऐन, अंशबन्डाको महलको १९(१) नं., लेनदेन व्यवहारको १० नं., अ.बं.८२ नं., १८४(क) नं. १८५ नं. र प्रमाण ऐन, २०३१ को दफा ३ र ५४ समेतको प्रतिकूल हुँदा उल्टी गरी वादी दाबीबमोजिम ६(छ) भागको ३(तीन) भाग लिखत बदर गरिपाउँ भन्ने नै वादीहरूको मुख्य पुनरावेदन जिकिर देखिन्छ ।

३. उक्त पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा यी वादीहरूको पिता शिवदास सैथवारले नवलपरासी जिल्ला सुक्रौली गा.वि.स. वडा नं.२/क कि.नं.८८० को क्षेत्रफल ०-१७-० को जग्गा प्रतिवादीमध्येकै कलावती सापकोटालाई मिति २०६८।८।२० मा र.नं.५५०५ बाट राजीनामा लिखत पारित गरिदिई हक छाडी दिएको मिसिल संलग्न लिखतबाट देखिन्छ । मुलुकी ऐन, लेनदेन व्यवहारको १० नं. मा "अंश नभएका अंशियारले सगोलको अचल सम्पत्ति बेचबिखन गर्दा वा कुनै किसिमले हक छाडिदिँदा ऐनले आफूखुसी गर्न पाउने अरूको मन्जुरी लिनु नपर्नेमा बाहेक अरूमा एकाघरसँगका अंशियार सबै साक्षी बसेको वा निजहरूको मन्जुरीको लिखत गरिदिएको भए मात्र पक्का ठहर्छ । साक्षी पनि नवसेको र मन्जुरीको लिखत पनि नभए मन्जुर नहुनेले रजिस्ट्रेसन भएको मितिले १ (एक) वर्षसम्ममा थाहा पाएको पैंतीस दिनभित्र उजुर गऱ्यो र निजको मन्जुरी ठहरिएन भने निजको हक जति सो सम्पत्ति निजलाई फिर्ता गराई दिनुपर्छ । आफ्नो निजी आर्जनको भएसँग बस्नेको मन्जुरी लिनु पर्दैन । बेचबिखनसमेत गैह्र गर्न हुन्छ" । भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । उक्त कानूनी व्यवस्थाअनुसार प्रत्यर्थी प्रतिवादीले ०-१७-० जग्गा राजीनामाको लिखतबाट हक छाडिदिँदा उमेर

पुगेका श्रीमती र वादी राममिलन सैथवारको मन्जुरी लिएको मिसिल संलग्न प्रमाणबाट देखिएको छैन । विवादको जग्गा राजीनामाको लिखतद्वारा हक छाडी दिने वादीहरूका पिता प्रतिवादी शिवदास सैथवारले आफूले वादीहरूको मन्जुरी लिई राजीनामाको लिखत पारित गरिदिएको भनी जिकिर लिन र सोबमोजिमको प्रमाणसमेत गुजार्न सकेको अवस्था छैन। प्रतिवादीले विवादको उक्त जग्गा पिता पुर्खाको पालाको नभई मेरो आफ्नो निजी आर्जनको सम्पत्ति हो भनी भन्न सकेको अवस्थासमेत देखिँदैन। यस्तो अवस्थामा उक्त जग्गा राजीनामा पारित गरिदिँदा उल्लिखित कानूनी व्यवस्थाको अधीनमा रही सम्पूर्ण अंशियारहरूको मन्जुरी लिनु निजको दायित्व हुन्छ। तर प्रतिवादीले सोबमोजिमको दायित्व पूरा गरेको नदेखिँदा त्यस्तो लिनुदिनु गरेको कार्यलाई कानूनसङ्गत मान्न मिल्ने देखिँदैन।

४. सुरू नवलपरासी जिल्ला अदालत एवं पुनरावेदन अदालत बुटवलले वादी दाबीको राजीनामाको लिखत बदर नहुने ठहर गर्दा मूलतः मुलुकी ऐन अंशबन्डाको महलको १९(१) लाई मुख्य आधार लिएको पाइन्छ । उक्त कानूनी व्यवस्थालाई नियाल्दा "पिता पुर्खाको पालाको चल अचल गैह्र सम्पत्तिको हकमा चलमा सबै र अचलमा आधीसम्म व्यवहार चलाउनलाई स्वास्नी, छोरा, एकासगोलको छोरी वा विधवा बुहारीको मन्जुरी नभएपनि आफूखुस गर्न पाउँछ । अचलमा आधीभन्दा बढी भने व्यवहार चलाउनै परे पनि एक्काइस वर्ष नाघेका स्वास्नी, छोरा, एकासगोलका छोरी र विधवा बुहारीको मन्जुरी लिई मात्र खर्च गर्न हुन्छ। मन्जुरी नलिई गरेको सदर हुँदैन" भन्ने कानून व्यवस्था रहेको पाइन्छ । उल्लिखित कानूनी व्यवस्थाअनुसार पिता पुर्खाको पालाको चल अचल गैह्र सम्पत्तिमध्ये चलमा सबै र अचलको हकमा आधासम्म घरको मुख्य भई व्यवहार गर्नेले घर चलाउने प्रयोजनको लागि आफूखुस गर्न पाउने र सक्ने देखिन्छ । प्रतिवादीले विवादको ०-१७-० जग्गा रू.१५,००,०००।– मा घरखर्च गर्न भनी राजीनामाको लिखतबाट बिक्री गरेको बेहोरा उक्त राजीनामाको लिखतबाट देखिएको छ। उक्त रकमबाटै मिति २०६७।९।५ र.नं.३१०९ र २०६८।१।२० र.नं.८७०० को दृष्टिबन्धकबमोजिमको साँवा ब्याज बुझाएको भन्ने दाबी पनि लिएको देखिन्छ। तर उक्त साँवा ब्याज रकम के कुन मितिमा तिरी बुझाई फट्टा गरेको हो सो यकिन साथ उल्लेख गरेको देखिँदैन । ठोस सबुद प्रमाणको अभावमा उक्त जग्गा बिक्री गरी प्राप्त रकमबाटै उक्त दृष्टिबन्धकबमोजिमको रकम तिरे बुझाएको भनी सम्झन मिल्दैन।

५. प्रतिवादीले बिक्री गरेको नवलपरासी जिल्ला सुक्रौली गा.वि.स. वडा नं.२/क कि.नं.८८० क्षेत्रफल ०-१७-० जग्गा वादीहरूको मन्जुरी विनानै बिक्री गरेको भएपनि प्रतिवादी शिवदास सैथवारका नाममा उल्लिखित जग्गाबाहेक १-२-२$^1/_2$ जग्गा बाँकी रही आधाभन्दा कमै जग्गा बिक्री गरेको देखिएको भन्ने आधार फैसलामा उल्लेख गरेको पाइन्छ। तर वादीले पुनरावेदन गर्दा प्रतिवादीका नाउँमा बाँकी रहेको १-२-२$^1/_2$ जग्गा खेती योग्य जग्गा भएको र प्रतिवादीले बिक्री गरेको ०-१७-० जग्गा घर घडेरी योग्य बहुमूल्य जग्गा हो भन्ने कुराको जिकिर लिएको पाइन्छ। वादीको उक्त भनाइलाई पुनरावेदन अदालतले आत्मसात गर्न सकेको देखिँदैन। यान्त्रिक रूपमा प्रतिवादीका नाउँमा भएको जग्गाको कूल क्षेत्रफललाई हेरी बिक्री गरेको जग्गाको क्षेत्रफल कूल क्षेत्रफलको आधाभन्दा कम रहेको भनी निष्कर्षमा पुगेकोलाई न्यायको रोहमा उचित ठान्न सकिँदैन। क्षेत्रफलको आधारमा आधा वा आधाभन्दा कम भएपनि बहुउपयोगिताको दृष्टिले बाँकी जग्गाको भन्दा बिक्री गरेको उक्त जग्गाको मूल्य बढी हुनसक्छ भन्नेतर्फ विचार गरेको देखिँदैन। बिक्री गरेको जग्गा

रहेको स्थानको प्रचलित मूल्य र बाँकी रहेको जग्गाको प्रचलित मूल्यसमेतलाई मध्यनजर राखी मूल्याङ्कन र विवेचना गरी प्रतिवादीले बिक्री गरेको जग्गा आधा वा सोभन्दा कम रहेको भनी निष्कर्षमा पुग्नु उपयुक्त हुन्छ। तर सोबमोजिम भए गरेको देखिँदैन। प्रतिवादी स्वयम्ले पनि विवादित जग्गा घरघडेरी प्रयोजनमा आउने जग्गा होइन भनी उल्लेख गर्न सकेको नदेखिँदा केवल बाँकी रहेको जग्गाको क्षेत्रफलभन्दा आधा जग्गा राजीनामाबाट बिक्री गरेको आधारमा दाबी पुग्न नसक्ने ठहऱ्याएको फैसलालाई समेत न्यायिक दृष्टिकोणले मनासिब भन्न मिलेन।

६. त्यसैगरी अंश व्यक्तिको नैसर्गिक अधिकारको विषय हो। कसैलाई पनि अंश हकबाट वञ्चित गर्न सकिँदैन र गर्न मिल्दैन पनि। त्यसमा पनि नाबालिगको हकमा विशेष रूपमा विचार गर्नुपर्ने हुन्छ। प्रस्तुत मुद्दामा तीनजना वादीमध्ये २(दुई) जना वादी नाबालिग रहेको देखिन्छ। नाबालिगको संरक्षण गर्ने पहिलो दायित्व निजहरूकै बाबुआमाको हो। बाबुआमाले सन्तानको संरक्षण नगरेको अवस्थामा मात्र अन्य व्यक्तिहरू संरक्षकको रूपमा अगाडि देखा पर्ने हो। प्रस्तुत मुद्दामा नाबालिग छोराछोरीको अंशहकमा प्रत्यक्ष आघात पार्ने किसिमले बाबुले घर घडेरीमा उपयोग हुने जग्गा बिक्री गरिदिएउपर नाबालिग भाइबहिनीको संरक्षण भई दाजुले फिराद दायर गरेको अवस्था देखिन्छ। बाबु स्वयम्ले आफ्ना सन्तानको भविष्यका बारेमा सोच विचार नगरी जग्गा राजीनामा पारित गरिदिई हक छाडिदिएको अवस्थामा त्यस्ता नाबालिगहरूको अंश हकको संरक्षणतर्फ सक्रियता देखाउनु अदालतको कर्तव्य र दायित्व पनि हो। बालबालिकाको अन्तिम संरक्षक राज्य हो। राज्यले बालबालिका सर्वोत्तम हितको लागि कार्य गर्नुपर्दछ। अदालत राज्यको एउटा महत्त्वपूर्ण अंग हो। त्यसैले अदालतले पनि बालबालिकाको सर्वोत्तम हितलाई ख्यालमा राखी न्यायिक निष्कर्षमा पुग्नु वाञ्छनीय हुन जान्छ। तर सुरू जिल्ला अदालत र पुनरावेदन अदालतसमेत त्यसतर्फ गम्भीर भएको अवस्था देखिएन।

७. अतः माथि उल्लिखित कानूनी व्यवस्था एवं मिसिल संलग्न प्रमाणहरूको विवेचनासमेतका आधारमा वादी दाबीको नवलपरासी जिल्ला सुक्रौली गा.वि.स. वडा नं.२/क नं.८०० क्षेत्रफल ०-१७-० जग्गा प्रतिवादीहरू बीच लिनुदिनु गरेको र.नं.५५०५ मिति २०६८।८।२० को राजीनामाको लिखत बदर नहुने ठहऱ्याएको नवलपरासी जिल्ला अदालतको मिति २०६९।८।१० को फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत बुटवलको मिति २०७०।५।२६ को फैसला मिलेको नदेखिँदा उक्त फैसला उल्टी भई वादी दाबीबमोजिम ६ भागको ३ भाग लिखत बदर हुने ठहर्छ। अरू तपसिलबमोजिम गर्नु।

तपसिल खण्ड

माथि ठहर खण्डमा लेखिएबमोजिम पुनरावेदन अदालत बुटवलको फैसला उल्टी भई र.नं.५५०५ मिति २०६८।८।२० को राजीनामाको लिखत वादी दाबीबमोजिम ६(छ) भागको ३ (तीन) भाग बदर हुने ठहरेकोले सोको जानकारी मालपोत कार्यालयमा दिनु भनी सुरू जिल्ला अदालतमा लेखी पठाई दिनू.......१

वादी दाबीबमोजिम लिखत बदर हुने ठहरेकोले वादीले फिराद दायर गर्दा राखेको कोर्ट फी रू.२००।– पुनरावेदन अदालतमा पुनरावेदन गर्दा राखेको कोर्ट फी रू.११५।– र यस अदालतमा पुनरावेदन गर्दा दाखिल गरेको कोर्ट फी रू.१००।– समेत जम्मा रू.४१५।– वादीले प्रतिवादीबाट भरी पाउने हुँदा कोर्ट फी ऐन, २०१७ को दफा १५(११) को म्याद दुई वर्षभित्र निवेदन दिए केही दस्तुर नलिई भराई दिनु भनी नवलपरासी जिल्ला अदालत, तहसिल शाखामा लेखी पठाई दिनू..२

मुद्दाको दायरीको लगत कट्टा गरी फैसला विद्युतीय प्रणालीमा अपलोड गरी अभिलेख शाखामा बुझाई दिनू ३

उक्त रायमा सहमत छु ।
न्या. बमकुमार श्रेष्ठ

इजलास अधिकृत : तारादेवी महर्जन
इति संवत् २०७४ साल फागुन ३० गते रोज ४ शुभम् ।

निर्णय नं. १००५४

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री मीरा खडका
माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हा
फैसला मिति : २०७५।२।२
०७३-CR-०३७५

मुद्दा: जबरजस्ती करणी

पुनरावेदक / वादी : कास्की जिल्ला पोखरा उपमहानगरपालिका वडानं.९ बस्ने परिवर्तित नाम २०७१(ख) को जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : कास्की जिल्ला पुम्दी भुम्दी गा.वि.स. वडा नं.९ घर भई हाल कास्की जिल्ला पोखरा उपमहानगरपालिका वडा नं.१७ घारीपाटन बस्ने चन्द्रबहादुर गुरूङ

- **अनुसन्धान अधिकारीसमक्ष भएको बयान वस्तुनिष्ठ प्रमाणहरूबाट समर्थित हुनु आवश्यक हुन्छ । आफूसमक्ष कुनै जाहेरी परेको छ भने जाहेरी मात्रको भरमा अन्य प्रमाणहरूको संकलनलाई बेवास्ता गर्नु अनुसन्धानकर्ताबाट अपेक्षित हुँदैन । अनुसन्धानका क्रममा भएका बयानमा मात्र सीमित नभई यसका विभिन्न कडीहरू हुन्छ, त्यस्तो बयान, प्रमाण तथा सम्बन्धित तथ्यहरूको समष्टिगत विश्लेषणपश्चात् मात्र न्यायकर्ताबाट सही न्याय दिन सक्ने अवस्थामा पुग्न सक्छन् । जाहेरीको बेहोरा तथा अनुसन्धान अधिकारीसमक्षका पीडित भनिएका व्यक्तिको बकपत्र एक महत्त्वपूर्ण आधारको रूपमा लिइन्छ, तथापि वस्तुनिष्ठ प्रमाणबाट त्यस्ता बेहोराहरू पुष्टि हुन सकेन भने त्यस्तो जाहेरी दरखास्त र अनुसन्धान अधिकारीसमक्षको बयानको बेहोरालाई थप प्रमाणहरूका रोहमा पनि विश्लेषण गर्नु आवश्यक हुने ।**
- **जबरजस्ती करणी आफैँमा एक घृणित अपराध हो, यसको अनुसन्धान अत्यन्त सूक्ष्म तथा गम्भीरतापूर्वक हुनुपर्ने हुन्छ । त्यसमाथि पनि हाडनातामा करणीको आरोप अझै गम्भीर विषय हो । यस अवस्थामा यान्त्रिक प्रकृतिबाट आरोपकर्ता, अनुसन्धानकर्ता, पीडित एवं आरोपित व्यक्तिका भनाइ मात्रमा सीमित नरही घटना भएको भनिएको स्थान, समय, वस्तीको अवस्था, पारिवारिक पृष्ठभूमि एवं व्यवहारहरू आसपासका प्रमाणयोग्य लुगा, कपडालगायत अन्य वस्तुनिष्ठ प्रमाणहरू, स्वास्थ्य परीक्षण प्रतिवेदन, विशेषज्ञको बकपत्र र मुद्दा अदालतमा दायर भएपछि सम्बन्धित पक्षहरूलगायत साक्षी तथा बुझिएका व्यक्तिहरूको**

अदालतभित्रको स्वतन्त्र परिवेशमा बसी दिएको बयान, बकपत्र आदिको समष्टिगत मूल्याङ्कनपश्चात् मात्र निष्कर्षमा पुग्नु पर्ने ।

(प्रकरण नं.४)

- **जाहेरी दिनुलाई सामान्य दृष्टिकोणबाट हेर्न सकिँदैन, जाहेरीका बेहोराको आधारमा अनुसन्धान अगाडि बढाउनु अनुसन्धानकर्ताको कर्तव्य हो र सोही जरियाबाट वस्तुनिष्ठ प्रमाणसम्म पुग्नु पर्ने हुन्छ । अदालतमा प्रवेश गरेपछि जाहेरवाला वा पीडित भनिएका व्यक्तिले आफ्नो बयान परिवर्तन गरेबाट अदालतले के कुन अवस्था र परिवेशमा जाहेरी दिएको हो ? कस्ता प्रमाण संकलित छन् ? अदालतमा आई गरेको बकपत्र तथा प्रतिवादीको बयानलाई पुष्टि गर्न अन्य तथ्ययुक्त प्रमाणका कडीहरू छ, छैन आदि विषयमा गम्भीरतापूर्वक सोच्नु पर्ने ।**
- **पीडक भनिएको प्रतिवादी थुनामा रहेकै अवस्थामा जाहेरवाली अदालतमा आई घर झगडाको कारण तथा आफूलाई अरूसँग हिँडेको भन्ने आरोप लगाएको कारण आफूले पनि आरोप लगाई दिएको भनी बकपत्र गरेको अवस्थामा पीडितको स्वास्थ्य परीक्षण नै एक प्रमुख आधार देखिने ।**

(प्रकरण नं.६)

पुनरावेदक / वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री दयाशंकर अधिकारी

प्रत्यर्थी / प्रतिवादीका तर्फबाट :

अवलम्बित नजिर :

- नेकाप २०७४, अंक ८, नि.नं.९८५६

सम्बद्ध कानून :

- प्रमाण ऐन, २०३१

सुरू तहमा फैसला गर्ने :

मा. न्यायाधीश श्री पुरूषोत्तमप्रसाद ढकाल

कास्की जिल्ला अदालत

पुनरावेदन तहमा फैसला गर्ने :

माननीय न्यायाधीश श्री दुर्गादत्त भट्ट

माननीय न्यायाधीश श्री सत्यराज गुरूङ

पुनरावेदन अदालत पोखरा

फैसला

न्या. अनिलकुमार सिन्हा : नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दा तत्कालीन न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम दर्ता भई निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको छ । प्रस्तुत फैसला सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ९१(४) र अनुसूची १२ को ढाँचामा तयार गरिएको छ ।

सुरू जाहेरी दरखास्त, प्रतिवादीको बयान, साक्षीको बकपत्र, अभियोगपत्र लगायतका मुद्दाको सम्पूर्ण तथ्य, सुरू जिल्ला अदालतको फैसला एवं पुनरावेदन अदालत पोखराको फैसलाको बेहोरासमेत सोही अदालतबाट भएको मिति २०७३।३।७ को फैसलाबाट देखिने हुँदा यहाँ सो कुराको पुनरावृति गरिएको छैन ।

यस अदालतको निर्णय

मिति २०७१।६।२१ गते दिनको १:०० बजेको समयमा आफ्नै घर कोठामा मेरो श्रीमान् चन्द्रबहादुर गुरूङले नाबालिग छोरी वर्ष १४ की परिवर्तित नाम पोखरा २३ लाई घरमा कोही नभएको मौकामा जबरजस्ती करणी गरेकोले कारबाही गरिपाउँ भन्ने परिवर्तित नाम २०७१(ख) को जाहेरी

दरखास्त परेकोमा मलाई पटकपटक करणी गर्ने बुबालाई कडा कारबाही गरिपाउँ भनी पीडित पोखरा २३ को अनुसन्धान अधिकारीसमक्षको कागज बेहोरा देखिन्छ । छोरीले लगाएको पाइन्ट, पेन्टी म आफैँले खोली दिनको २ बजेतिर निज छोरीलाई निजकै बिस्तरामा पल्टाई जबरजस्ती करणी गरेको हुँ भनी प्रतिवादी चन्द्रबहादुर गुरूङले अनुसन्धान अधिकारीसमक्ष बयान गरेको देखियो। किटानी जाहेरी, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन, प्रतिवादीको साबिती बयान, पीडितको मौकाको कागजसमेतको आधारमा प्रतिवादी चन्द्रबहादुर गुरूङलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १, २, ३(३) नं. को कसुर अपराधमा ऐ. को ३(३) नं. बमोजिम सजाय हुन र हाडनाता करणीको महलको १ नं. बमोजिम थप सजाय हुन माग दाबी लिई अभियोग दायर भएको पाइयो। प्रतिवादी चन्द्रबहादुर गुरूङले अदालतसमक्ष बयान गर्दा अभियोग दाबीको कसुर मैले गरेको होइन भनी बयान गरेको पाइन्छ । प्रस्तुत मुद्दामा संकलित प्रमाणको समग्र परिवेशबाट आफैँले लालनपालन संरक्षण गर्नुपर्ने आफ्नै नाबालक छोरीलाई डर, धाक, धम्की दिई अनुचित प्रभावमा पारी प्रतिवादीले जबरजस्ती करणीको आरोपित कसुर गरेको ठहर्छ भन्ने सुरू कास्की जिल्ला अदालतको मिति २०७१।११।३ को फैसलाउपर प्रतिवादीको पुनरावेदन परी पुनरावेदन अदालत पोखराबाट सुरू जिल्ला अदालतले प्रमाणमा ग्रहण गर्न नमिल्ने जाहेरी र पीडितको प्रहरीमा भएको कागजलाई प्रमाणको रूपमा ग्रहण गरी प्रतिवादीलाई दोषी करार गरी सजाय गरेको देखिँदा सो फैसला मिलेको अवस्था देखिएन । सुरू कास्की जिल्ला अदालतबाट मिति २०७१।११।३ मा भएको फैसला उल्टी भई प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ भन्ने भएको फैसलाउपर वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा प्रस्तुत पुनरावेदन पर्न आएको रहेछ।

पुनरावेदक वादी नेपाल सरकारले पुनरावेदनपत्रमा मूलत: प्रतिवादी चन्द्रबहादुर गुरूङले आरोपित कसुर गरेकोमा अदालतमा इन्कार रहेपनि अधिकारप्राप्त अधिकारीसमक्ष आफू विदेशमा काम गर्दै आएकोमा घर आएपछि श्रीमतीसँग मनमुटाव बढ्दै गई श्रीमतीसँग शारीरिक सम्पर्क हुन नसकेको कारण छोरी पोखरा २३ लाई पटकपटक जबरजस्ती करणी गर्दै आएको र वारदातको दिन घरमा कोही नभएको मौका पारी पीडितको कोठामा गई जबरजस्ती करणी गरी वीर्य योनिभित्र स्खलन नगराई तन्नामा गराएको र तन्ना, पेन्टी धुन लगाएको भनी कसुरमा पूर्ण साबिती रहेको र प्रतिवादीको उक्त साबितीलाई मौकाको जाहेरी, पीडितको कागज, घटनास्थल प्रकृति मुचुल्कासमेतबाट पुष्टि भएको अवस्था छ । जाहेरवालाले आफूखुसी झुठो जाहेरी दिनुपर्ने र पीडितले झुठा बेहोराको कागज गरेको भनी प्रमाण ऐन, २०३१ को दफा २७(१) बमोजिम पुष्टि गर्न सकेको छैन । १३ वर्षकी पीडितले आफ्नो इज्जत, प्रतिष्ठा र नारी अस्मितामा आँच आउने गरी प्रतिवादीमाथि जबरजस्ती करणी गरेको भनी पोल्नु पर्ने कुनै कारण देखिन आइँदैन । पीडितको शारीरिक परीक्षणबाट पीडितको कन्याजाली च्यातिएको भन्ने पुष्टि भएको देखिन्छ। जसलाई परीक्षण गर्ने डाक्टरको बकपत्रले पुष्टि गरेको छ। ४७ वर्षका आफ्ना बाबुले १४ वर्षकी आफ्नो संरक्षणमा रहेको नाबालिग छोरीलाई डर, धाक देखाई जबरजस्ती करणी गर्दा पीडितले प्रतिकार गर्न सक्ने अवस्था कल्पना गर्न नसकिने र पीडितको Hymen च्यातिएको हो भन्ने कुरा पीडितको शारीरिक परीक्षण प्रतिवेदनबाट पुष्टि भएको देखिँदादेखिँदै प्रतिवादीलाई हाडनाता र नाबालिकाउपर भएको जबरजस्ती करणी जस्तो जघन्य फौजदारी अपराधबाट सफाइ दिने गरी भएको पुनरावेदन अदालत पोखराको फैसला बदर गरी सुरू अभियोग माग दाबीबमोजिम प्रतिवादीलाई सजाय गरिपाउँ भन्ने जिकिर लिएको पाइयो।

पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री दयाशंकर अधिकारीले प्रतिवादीउपर मौकामा किटानी जाहेरी परेको र किटानी जाहेरीलाई समर्थन गर्दै पीडितले मौकामा कागज गर्दा प्रतिवादीले आफूलाई वारदातको दिन र सोबाहेक पनि पहिले पटकपटक करणी गरेको भन्ने उल्लेख गरेको साथै प्रतिवादीले मौकामा बयान गर्दासमेत कसुरमा साबित भई बयान गरेका छन । अदालतमा जाहेरवाला र पीडित Hostile भएकै आधारमा कसुरदारले सजायबाट मुक्ति पाउने अवस्था छैन । पीडितको शारीरिक परीक्षणबाट Hymen not intact भन्ने उल्लेख भएबाट जबरजस्ती करणी भएको अवस्था देखिन्छ । अभियोग दाबी पुष्टि भएको अवस्थामा प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गर्नुपर्नेमा सफाइ दिने गरी पुनरावेदन अदालत पोखराबाट भएको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी अभियोग दाबीबमोजिम प्रतिवादीलाई सजाय गरिपाउँ भनी गर्नुभएको बहससमेत सुनियो ।

उपर्युक्त तथ्य एवं विद्वान् उपन्यायाधिवक्ताको बहस रहेको प्रस्तुत मुद्दामा पुनरावेदन अदालत पोखराबाट मिति २०७३।३।७ मा भएको फैसला मिलेको छ वा छैन र पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्छ वा सक्दैन ? सोही विषयमा निर्णय दिनुपर्ने हुन आयो ।

२. सोतर्फ विचार गर्दा, प्रतिवादी चन्द्रबहादुर गुरूङले घरमा कोही नभएको मौका पारी आफ्नै छोरी परिवर्तित नाम पोखरा २३ लाई बोल्न कराउन नदिई ज्यान मार्ने धाक धम्की दिई जबरजस्ती करणी गरी वीर्य बाहिर स्खलित गरेकोले कानूनबमोजिम कारबाही गरिपाउँ भन्ने प्रतिवादीकी श्रीमती पीडितको आमा परिवर्तित नाम २०७१(ख) को किटानी जाहेरी परेको देखियो । पीडित पोखरा २३ ले अनुसन्धानका क्रममा बुबा विदेशबाट आउँदै पिच्छे जबरजस्ती करणी गर्ने गरेको, हाल १ वर्षदेखि घरमै बसी रहनुभएकोमा यसबीच पनि पटकपटक संवेदनशील अङ्ग छुने, चलाउने गर्नु हुन्थ्यो । मिति २०७१।६।२१ गते आमा, बज्यै घरबाहिर जानु भएकोमा बुबा मेरो कोठामा आई मलाई बोल्न कराउन नदिई डर, धाक देखाई मैले लगाएको कपडा खोली जबरजस्ती करणी गरी वीर्य बाहिर स्खलन गरी बिस्तरा र मेरो कपडा धुन लगाई गएको र आमा घरमा आएपछि आमालाई बताउँदा आमाले बुबासँग सोबारे सोधखोज गर्दा बुबा घरबाट निस्की जानु भएको भनी कागज बेहोरा लेखाएको पाइन्छ । त्यसैगरी प्रतिवादी चन्द्रबहादुर गुरूङले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा करिब २ वर्ष पहिला विदेशबाट आएको बेला छोरीलाई जबरजस्ती करणी गरेको, बेलाबेलामा जबरजस्ती करणी गर्ने गरेकोमा मिति २०७१।६।१८ गते श्रीमती छोरा लिई बाहिर गएको र बुढी आमा घुम्न निस्केकाले अन्दाजी १ बजे छोरीको कोठामा गई जबरजस्ती करणी गरेको हुँ भनी कसुरमा साबित भई बयान गरेको पाइन्छ ।

३. अब अनुसन्धानका क्रममा परेको किटानी जाहेरी, पीडितको भनाइ, प्रतिवादीको अनुसन्धान अधिकारीसमक्षको साबिती बयानलगायतको अभियोग दाबी पुष्टि हुने प्रमाणहरू स्वतन्त्र प्रमाणद्वारा पुष्टि भएका छन् छैनन् भन्नेतर्फ विचार गर्नुपर्ने हुन्छ ।

४. अनुसन्धान अधिकारीसमक्ष भएको बयान वस्तुनिष्ठ प्रमाणहरूबाट समर्थित हुनु आवश्यक हुन्छ । आफूसमक्ष कुनै जाहेरी परेको छ भने जाहेरी मात्रको भरमा अन्य प्रमाणहरूको संकलनलाई बेवास्ता गर्नु अनुसन्धानकर्ताबाट अपेक्षित हुँदैन । अनुसन्धानका क्रममा भएका बयानमा मात्र सीमित नभई यसका विभिन्न कडीहरू हुन्छ, त्यस्तो बयान, प्रमाण तथा सम्बन्धित तथ्यहरूको समष्टिगत विश्लेषणपश्चात् मात्र न्यायकर्ताबाट सही न्याय दिन सक्ने अवस्थामा पुग्न सक्छन । जाहेरीको बेहोरा तथा अनुसन्धान अधिकारीसमक्षका पीडित भनिएका व्यक्तिको बकपत्र एक महत्त्वपूर्ण आधारको रूपमा

लिइन्छ, तथापि वस्तुनिष्ठ प्रमाणबाट त्यस्ता बेहोराहरू पुष्टि हुन सकेन भने त्यस्तो जाहेरी दरखास्त र अनुसन्धान अधिकारीसमक्षको बयानको बेहोरालाई थप प्रमाणहरूका रोहमा पनि विश्लेषण गर्नु आवश्यक हुन्छ । त्यसै कारणबाट अनुसन्धान अधिकारीबाट संकलित प्रमाणहरूलाई अदालत आफैँले स्वतन्त्र दृष्टिकोणबाट हेर्नु अत्यावश्यक छ। जबरजस्ती करणी आफैँमा एक घृणित अपराध हो, यसको अनुसन्धान अत्यन्त सूक्ष्म तथा गम्भीरतापूर्वक हुनुपर्ने हुन्छ । त्यसमाथि पनि हाडनातामा करणीको आरोप अझै गम्भीर विषय हो। यस अवस्थामा यान्त्रिक प्रकृतिबाट आरोपकर्ता, अनुसन्धानकर्ता, पीडित एवं आरोपित व्यक्तिका भनाइ मात्रमा सीमित नरही घटना भएको भनिएको स्थान, समय, वस्तीको अवस्था, पारिवारिक पृष्ठभूमि एवं व्यवहारहरू आसपासका प्रमाणयोग्य लुगा, कपडालगायत अन्य वस्तुनिष्ठ प्रमाणहरू, स्वास्थ्य परीक्षण प्रतिवेदन, विशेषज्ञको बकपत्र र मुद्दा अदालतमा दायर भएपछि सम्बन्धित पक्षहरू लगायत साक्षी तथा बुझिएका व्यक्तिहरूको अदालतभित्रको स्वतन्त्र परिवेशमा बसी दिएको बयान, बकपत्र आदिको समष्टिगत मूल्याङ्कनपश्चात् मात्र निष्कर्षमा पुग्नु पर्ने हुन्छ। जबरजस्ती करणी जस्तो अपराधमा न्यायको रोहबाट न्यायको लागि संवेदनशील हुनु आवश्यक हुन्छ तर अति संवेदनशील भई एकतर्फी रूपमा विचार गर्दा न्याय मर्न जाने हुँदा विवेकशील भई प्रमाणको मूल्याङ्कन गरी न्यायमा पुग्नु पर्ने सिद्धान्त विजय सुन्दास विरूद्ध नेपाल सरकार भएको जबरजस्ती करणी मुद्दामा प्रतिपादित पनि भएको छ । (ने.का.प. २०७४, अंक ८, नि.नं.९८५६)

५. अभियोग दाबी पुष्टि गर्न प्रमाणका रूपमा वादी पक्षले अघि सारेको जाहेरवाली परिवर्तित नाम २०७१(ख) को अदालतसमक्षको बकपत्र हेर्दा मिति २०७१।६।२१ गतेभन्दा पहिला बुढाबुढीमा झै-झगडा भइरहन्थ्यो, श्रीमान् प्रतिवादी चन्द्रबहादुर गुरूङले मलाई कुटपिट गर्ने, बाहिर अरू फलानासँग हिँड्छेस् भन्ने आरोप लगाएपछि झुठा जाहेरी दिएकी हुँ। वारदात भएको मिति २०७१।६।२१ गते छोरी (पीडित) पोखरा २३ ठूली आमाको घर पोखरा एयरपोर्ट गएकी थिइन् भनी अनुसन्धानको सिलसिलामा दिएको जाहेरीको ठीकविपरीत हुने गरी बकपत्र गरेको पाइयो । यसबाट जाहेरवालीले मौकामा दिएको जाहेरी बेहोरा समर्थित नभई वारदात भएको भनिएको मिति स्थानमा पीडित उपस्थित नभएको नरहेको भन्ने जाहेरवालीकै भनाइ देखिन आयो । त्यस्तै पीडित परिवर्तित नाम पोखरा २३ ले अदालतसमक्ष बकपत्र गर्दा २०७१।६।२१ गते ठूलो बुबाको घरमा गएकी र बेलुका ममीसँगै आएकी हुँ। जबरजस्ती करणी भएको छैन भनी अनुसन्धानका क्रममा गरेको कागज बेहोराको विपरीत हुने गरी बेहोरा उल्लेख गरेको पाइयो।

६. यदाकदा यस प्रकृतिका अवस्था जबरजस्ती करणीलगायत अन्य कसुरमा देखिने गर्दछ । जाहेरी दिनुलाई सामान्य दृष्टिकोणबाट हेर्न सकिँदैन, जाहेरीका बेहोराको आधारमा अनुसन्धान अगाडि बढाउनु अनुसन्धानकर्ताको कर्तव्य हो र सोही जरियाबाट वस्तुनिष्ठ प्रमाणसम्म पुग्नु पर्ने हुन्छ। यस मुद्दामा जस्तै अन्य कतिपय मुद्दामा पनि अदालतमा प्रवेश गरेपछि जाहेरवाला वा पीडित भनिएका व्यक्तिले आफ्नो बयान परिवर्तन गरेबाट अदालतले के कुन अवस्था र परिवेशमा जाहेरी दिएको हो ? कस्ता प्रमाण संकलित छन् ? अदालतमा आई गरेको बकपत्र तथा प्रतिवादीको बयानलाई पुष्टि गर्न अन्य तथ्ययुक्त प्रमाणका कडीहरू छ, छैन आदि विषयमा गम्भीरतापूर्वक सोच्नु पर्ने हुन्छ । दबाब, प्रभाव र अभावको कारणले पहिले किटानी पोल गर्ने, जाहेरवाला वा पीडित लामो समयसम्म बकपत्रका लागि अदालतमा उपस्थित नै नहुने वा उपस्थित भए पनि Hostile हुने गरेको कारण वास्तविक अपराधीले उन्मुक्ति पाउने गरेको हुँदा जाहेरवाला वा पीडित अदालतमा बकपत्र

गर्न उपस्थित नभएमा वा उपस्थित भए पनि Hostile भएमा पनि स्वास्थ्य परीक्षण प्रतिवेदनसमेतका अन्य स्वतन्त्र प्रमाणहरूले घटना र वारदात पुष्टि गरेको छ भने त्यस्तो Hostile बकपत्रको आधारमा मात्रै प्रतिवादीलाई उन्मुक्ति हुँदैन भन्ने नजिरहरू पनि कायम छ। यी पीडक भनिएको प्रतिवादी थुनामा रहेकै अवस्थामा जाहेरवाली अदालतमा आई घर झगडाको कारण तथा आफूलाई अरूसँग हिँडेको भन्ने आरोप लगाएको कारण आफूले पनि आरोप लगाई दिएको भनी बकपत्र गरेको अवस्थामा पीडितको स्वास्थ्य परीक्षण नै एक प्रमुख आधार देखिने हुन्छ।

७. पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन हेर्दा Hymen not intact र No trech tear / laceration seen भन्ने उल्लेख भएको दखियो। यसरी Hymen not intact भने पनि No trech tear / laceration seen भन्ने उल्लेख भएबाट करणी भएको पुष्टि हुन आएन। पीडितको शारीरिक परीक्षण गर्ने डा.राजेश अधिकारीले अदालतमा आई बकपत्र गर्दा पीडित पोखरा २३ को टाउको, घाँटी, पेट, ढाड, स्तन, साप्रासमेतमा कुनै दाग खत नदेखिएको, योनि जाँच गर्दा कुनै घाउ खत नदेखिएको, योनिको झिल्ली फाटेको अवस्थामा पाइएको, सो झिल्ली हालसालै नभई पहिला नै फाटेको, योनिमा वीर्य नभेटिएको भनी उल्लेख गरेको पाइन्छ। पीडितले अदालतमा बकपत्र गर्दा सवाल जवाफ ८ मा नियमित एक्सरसाइज गर्दिन। भलिबल खेल्छु। साइकल चलाउँछु भनी उल्लेख गरेको देखियो। यस अवस्थामा अन्य कारणबाट पनि पीडितको Hymen not intact हुन सक्ने तथ्य पुष्टि हुन आयो। यसरी जबरजस्ती करणी गरेको भन्ने मौकाको जाहेरी र पीडितको अनुसन्धान अधिकारीसमक्ष भएको किटानी कागजलाई अन्य प्रमाणद्वारा समर्थित गरेको देखिएन।

८. प्रतिवादी चन्द्रबहादुर गुरूङले अदालतसमक्ष बयान गर्दा जाहेरवालीसँग विवाह गरेदेखि नै हामीबीच राम्रो सम्बन्ध रहन सकेन। जाहेरवाली विवाह गरेपछि ५ वर्षसम्म भारतमा बसेकी हुन्। मैले पीडित भनिएकी पोखरा २३ लाई जबरजस्ती करणी गरेको होइन भनी कसुरमा इन्कार रही बयान गरेको पाइयो। प्रतिवादीका साक्षी तिलबहादुर गुरूङसमेतले प्रतिवादी चन्द्रबहादुर गुरूङ असल चालचलन भएका मानिस हुन्, यिनी उपरको अभियोग दाबी झुट्ठा हो, प्रतिवादीले सफाइ पाउनुपर्छ भनी प्रतिवादीको इन्कारी बयानलाई समर्थन गरी बकपत्र गरेको देखिन्छ। यस अवस्थामा जाहेरवालीले घर झगडाको कारण प्रतिवादीलाई झुट्ठा आरोप लगाएको हो भनी तथा पीडित स्वयंले जबरजस्ती करणी भएको छैन भनी अदालतमा उपस्थित भई स्वतन्त्र रूपमा बकपत्र गरेबाट र विशेषज्ञको बकपत्रबाट आरोप लगाएको प्रकृतिबाट जबरजस्ती करणी भएको प्रमाणित नहुँदा प्रतिवादीउपरको आरोप प्रमाणित हुनुको सट्टा आरोप खण्डित हुन गएको छ।

९. प्रमाण ऐन, २०३१ को दफा १८ ले **"कुनै काम, घटना वा अवस्थाका सम्बन्धमा भएको तहकिकात वा जाँचबुझको सिलसिलामा प्रचलित नेपाल कानूनबमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो कुरा व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भई बयान गरेमा प्रमाणमा लिन हुन्छ"** भन्ने व्यवस्था गरेको पाइयो। जाहेरवालालगायत अन्य अनुसन्धानका क्रममा बुझिएका व्यक्तिहरूले अदालतमा उपस्थित भई आ-आफ्नो बेहोरालाई समर्थन नगरेसम्म जाहेरीलगायतका अन्य कागजातहरूलाई प्रमाणको रूपमा ग्रहण गर्न सकिँदैन भन्ने मान्नु पर्ने देखियो। यस अर्थमा जाहेरवालाले मौकामा दिएको जाहेरी, पीडितले अनुसन्धानको क्रममा गरेको कागज बेहोराविपरीत अदालतमा आई बकपत्र गर्छन् भने त्यस्तो बकपत्रले प्रतिवादीको कसुर अपराध स्थापित गर्न मद्दत गर्दैन। त्यस्तो प्रमाणलाई प्रतिवादी विरूद्ध ग्रहण गर्न मिल्ने

पनि देखिँदैन । जाहेरी दर्खास्त र अनुसन्धानका क्रममा भएका कागज, साबिती बयानसमेतका आधारमा मात्र प्रतिवादीलाई कसुरदार ठहर गर्नु कानून एवं न्यायसङ्गत हुँदैन ।

१०. अतः अभियोग दाबीबाट प्रतिवादीलाई सफाइ दिने गरी पुनरावेदन अदालत पोखराबाट मिति २०७३।३।७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकारको प्रस्तुत पुनरावेदन जिकिर पुग्न सक्तैन । दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या. मीरा खड्का

इजलास अधिकृत : सुदिपकुमार भट्टराई
इति संवत् २०७५ साल जेष्ठ २ गते रोज ४ शुभम् ।

निर्णय नं. १००५५

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री मीरा खड्का
माननीय न्यायाधीश श्री बमकुमार श्रेष्ठ
फैसला मिति : २०७४।७।२८
०७२-CI-१०६७

मुद्दा : परमादेश

पुनरावेदक / निवेदक : जिल्ला सप्तरी गा.वि.स. कविलासा वडा नं.८ बस्ने दु:खीलाल साह

विरूद्ध

प्रत्यर्थी / विपक्षी : मालपोत कार्यालय, सप्तरीसमेत

- **राज्यका कुनै संयन्त्रद्वारा राज्यसँग प्रत्यक्ष एवं परोक्ष सरोकार हुने विषयमा कुनै नीति तथा कार्यनीति बनाइन्छ भने उक्त नीति तथा कार्यनीतिलाई अनिवार्यरूपमा पालना गर्नु प्रत्येक नागरिकको दायित्व तथा कर्तव्यभित्र पर्दछ । सोबारे सरोकारवाला निकाय तथा व्यक्तिले अनभिज्ञता प्रकट गर्न नमिल्ने ।**

(प्रकरण नं.४)

पुनरावेदक / निवेदकका तर्फबाट :
प्रत्यर्थी / विपक्षीका तर्फबाट :
अवलम्बित नजिर :
सम्बद्ध कानून :

सुरू तहमा आदेश गर्ने :
माननीय न्यायाधीश श्री यज्ञप्रसाद बस्याल
माननीय न्यायाधीश श्री उमेशकुमार सिंह
पुनरावेदन अदालत राजविराज

आदेश

न्या. मीरा खड्का : नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दा तत्कालीन न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम दर्ता भई निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको छ । प्रस्तुत फैसला सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ९१(४) र अनुसूची १२ को ढाँचामा तयार गरिएको छ ।

सुरू निवेदन, लिखित जवाफका बेहोरा र पुनरावेदन अदालत राजविराजको आदेशको बेहोरासमेत सोही अदालतबाट भएको मिति

२०७१।१०।१८ को आदेशबाट देखिने हुँदा यहाँ पुनरावृत्ति गरिएको छैन।

यस अदालतको निर्णय

प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरी हेर्दा, सप्तरी जिल्ला प्रगना रामझमुना मौजे मधुवन र.नं.५० को सा.कि.नं.७ के बन्द नं.८४ को १-११-१ जग्गामध्ये ०-१२-१ सुनर साहको नाउँमा र ०-१९-० जग्गा खुद नम्बरी पुछारमा भएको पोखरीको डिल सर्वे नापीमा जिल्ला सप्तरी, कविलासा गा.वि.स. वडा नं.८ कि.नं.२०२ को ०-१०-१७ पोखरीको महाड र कि.नं.२०३ को ०-१३-२ पोखरीमा नापी भएको छ। उक्त जग्गा नापीको समयमा उपस्थित हुन नसकी छुट हुन गएको छ। सो जग्गाहरू दर्ता गर्न मालपोत कार्यालय, सप्तरीमा निवेदन लिई जाँदा मालपोत ऐन, २०३४ को दफा ७(२) तथा मालपोत नियमावली २०३६ को नियम ४(क) बमोजिम छुट जग्गा दर्ता गर्न इन्कार गरेको र दरपिठसमेत नगरी दिई दु:ख दिएकोले विपक्षी मालपोत कार्यालय, सप्तरी र ऐ. का प्रमुख मालपोत अधिकृतको नाउँमा मेरो निवेदन दर्ताको लागि परमादेशको आदेश जारी गरिपाउँ भन्ने निवेदन दाबी तथा निवेदनमा उल्लिखित पोखरी र पोखरीको डिल नापी भई फिल्डबुक कायम रहेको जग्गा छुट दर्ता गरिपाउँ भनी निवेदकले यस कार्यालयमा कुनै निवेदन नगरेको तथा २०७०।९।१५ सम्म त्यस्तो जग्गा दर्ताको लागि निवेदन दिनु पर्नेमा सो म्यादभित्र निवेदकले निवेदन नदिएकाले निवेदन खारेज गरिपाउँ भन्ने विपक्षीहरूको लिखित जवाफ रहेको देखिन्छ। कुनै जग्गा दर्ता छुट भएकोमा त्यस्तो जग्गा दर्ता गर्न चाहने र यस अगाडि निवेदन दिन बाँकी भएको जग्गाको जग्गावालाले मिति २०७०।९।१५ गतेसम्ममा त्यस्तो जग्गा दर्ताको लागि निवेदन दिनुपर्नेछ भनी मिति २०६९।९।१६ मा नेपाल राजपत्रमा सूचना प्रकाशित भएकोमा निवेदकले आफ्नो जग्गा छुट दर्ता गर्न विपक्षी मालपोत कार्यालय, राजविराजमा मिति २०७१।७।३० मा मात्र निवेदन दिएको हुँदा कानूनको अज्ञानता क्षम्य हुँदैन भन्ने सिद्धान्तसमेतले नेपाल राजपत्रमा प्रकाशित भएको सूचना सबै नागरिकले थाहा भएकै मान्नुपर्ने अवस्था रहेको देखिँदा निवेदन मागबमोजिम परमादेशको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिएकोले निवेदन खारेज हुने ठहर्छ भन्ने पुनरावेदन अदालत राजविराजको मिति २०७१।१०।१८ को आदेशउपर चित्त नबुझी निवेदकको तर्फबाट प्रस्तुत पुनरावेदन पर्न आएको देखिन्छ।

छुट जग्गा दर्ता कार्यनीति, २०६९ ले मालपोत ऐनको सारभूत कानूनी व्यवस्थालाई कम गर्ने गरी कार्यनीति बनाउन मिल्दैन। छुट जग्गा कार्यनीति, २०६९ लाई नेपाल ऐन कानूनको संज्ञा दिन नमिल्ने हुँदा कानूनको अज्ञानता क्षम्य हुँदैन भन्ने सिद्धान्तको आधार लिई परमादेशको आदेश जारी गर्न नमिल्ने हुँदा जुन आधार आदेशमा लिइएको हो सो कुरा कानून व्याख्यासम्बन्धी ऐनको परिभाषाविपरीत रहेकोले पुनरावेदन अदालत राजविराजले रिट निवेदन खारेज गरेको आदेश बदर गरी निवेदन मागबमोजिम परमादेशको आदेश जारी गरिपाउँ भन्ने मुख्य पुनरावेदन जिकिर रहेको पाइन्छ।

पुनरावेदन अदालत राजविराजको मिति २०७१।१०।१८ आदेश मिलेको छ वा छैन र पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्छ वा सक्दैन भन्ने बारेमा निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा, म निवेदक दु:खी लाल साहको बाजे सुनर साह नाउँ दर्ताको २००४ सालमा दर्ता कायम रहेको जिल्ला सप्तरी रामझमुना मौजे मधुवनको रै.नं.५० सा.कि.नं.७ के बन्द नं.८४ को १-११-१ जग्गामध्ये ०-१२-१ पोखरी मिन्ही सुनर साहको नाममा र ०-१९-० जग्गा खुद नम्बरी पुछारमा भएको पोखरी र पोखरीको डिल सर्वे नापीमा जिल्ला सप्तरी गा.वि.स. कविलासा वडा नं.८ कि.नं.२०२

को ०-१०-१७ पोखरीको महाड र कि.नं.२०३ को ०-१३-२ पोखरी नापीको समयमा उपस्थित नभएकोले छुट जग्गा रहन गएको र उक्त पोखरी र पोखरीको महाल हामी सबै अंशियारले भोग गरी आएकोले मालपोत ऐन, २०३४ को दफा ६(३), ७,७(२),३२ नं. बमोजिम म निवेदकको नाममा छुट जग्गा दर्ता गरिपाउँ भनी मालपोत कार्यालय, राजविराजमा मिति २०७१।७।३० मा निवेदन परेको तथ्य मिसिल संलग्न निवेदनपत्रको प्रतिलिपिबाट देखिन्छ। अर्कोतर्फ मिति २०६९।९।१६ को नेपाल राजपत्र भाग-५, खण्ड ६२, संख्या ३९ मा प्रकाशित सूचनाबमोजिम पर्न आउने निवेदनहरूको फछ्र्यौटसम्बन्धी कार्यलाई छिटो छरितो व्यवस्थित एवं विवादरहित तरिकाबाट सम्पादन गर्नका लागि "छुट जग्गा दर्ताको लागि परेका निवेदनहरूको फछ्र्यौटसम्बन्धी कार्यनीति-२०६९" नेपाल सरकार (मा.मन्त्रीस्तर) बाट मिति २०६९।११।१ मा स्वीकृत भएकोले यसै स्वीकृत कार्यनीतिबमोजिम गर्नु गराउनु भनी भूमिसुधार तथा व्यवस्थापन विभागको च.नं.२०२५ मिति २०६९।११।६ को पत्रमार्फत सबै मालपोत कार्यालयलाई सूचित गराएको मिसिल संलग्न पत्रको प्रतिलिपिबाट देखिन्छ।

३. प्रस्तुत सन्दर्भमा भूमिसुधार तथा व्यवस्थापन विभाग जग्गा प्रशासन शाखाबाट सबै मालपोत कार्यालयहरूलाई प्रेषित "छुट जग्गा दर्ताका लागि परेका निवेदनहरूको फछ्र्यौटसम्बन्धी कार्यनीति, २०५९ को अवलोकन हुनु सान्दर्भिक देखिन आयो । प्रस्तुत कार्यनीतिको अध्ययनबाट नेपाल सरकारले नाप जाँच ऐन, २०१९ बमोजिम नाप नक्सा भएको कुनै जग्गा दर्ता गर्नसम्म छुट भएकोमा त्यस्तो जग्गा दर्ता गर्न चाहने र यस अगाडि निवेदन दिन बाँकी भएको जग्गाको जग्गावालाले मिति २०६९।०९।१६ को नेपाल राजपत्र भाग ५ खण्ड ६२ संख्या-३९ मा प्रकाशित सूचनाबमोजिम २०७० साल पौष १५ गतेसम्म भित्रमा निवेदन दिनु पर्ने देखिन्छ। उक्त को बुँदा नं. ३ मा छुट जग्गा दर्ता गर्न चाहने जग्गावालाले जग्गा प्रशासन निर्देशिका, २०५८ को ५८(२) र (३) बमोजिमका जग्गाको साबिक दर्ता लगत कागजातहरू समेत निवेदनसाथ संलग्न गरी निवेदन दिनुपर्ने उल्लेख रहेको देखियो । उल्लिखित व्यवस्था तथा निवेदन प्रयोजनार्थ तोकिएको म्याद सिमाको दृष्टिकोणबाट हेर्दा रिट निवेदकको तर्फबाट मिति २०७१।७।३० मा मालपोत कार्यालय, राजविराजमा परेको निवेदन कार्यनीतिले तोकेको म्यादभित्र नपरेको स्पष्ट देखिन आउँछ। यसबाट रिट निवेदकले आफ्नो हक अधिकार प्रचलनको निर्धारित समय सिमाभित्र निवेदन लिई साधिकार निकायमा प्रवेश गरेकोसमेत देखिन आएन।

४. राज्यका कुनै संयन्त्र (State Instrument) द्वारा राज्यसँग प्रत्यक्ष एवं परोक्ष सरोकार हुने विषयमा कुनै नीति तथा कार्यनीति बनाइन्छ भने उक्त नीति तथा कार्यनीतिलाई अनिवार्य रूपमा पालना गर्नु प्रत्येक नागरिकको दायित्व तथा कर्तव्यभित्र पर्दछ। सोबारे सरोकारवाला निकाय तथा व्यक्तिले अनभिज्ञता प्रकट गर्न पनि मिल्दैन । "छुट जग्गा दर्ताका लागि परेका निवेदनहरूको फछ्र्यौटसम्बन्धी कार्यनीति, २०५९" मिति २०६९।९।१६ मा नेपाल राजपत्रमा प्रकाशित भएबाट सबै नागरिकले सो कार्यनीतिबारे थाहा पाएकै मान्नुपर्ने अवस्थासमेत रहेको देखिँदा कानूनको अज्ञानता क्षम्य हुँदैन भन्ने सिद्धान्तको आधार लिई पुनरावेदन अदालत राजविराजबाट भएको मिति २०७१।१०।१८ को आदेशलाई अन्यथा रहेछ भनी मान्न मिलेन।

५. तसर्थ, निवेदन मागबमोजिम परमादेशको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिएको भनी निवेदन खारेज हुने गरी पुनरावेदन अदालत राजविराजवाट मिति २०७१।१०।१८ मा भएको आदेश मिलेको देखिँदा सदर हुने ठहर्छ। सो आदेश बदर

गरी परमादेशको आदेश जारी गरिपाउँ भन्ने पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या. बमकुमार श्रेष्ठ

इजलास अधिकृत : नन्दकिशोरप्रसाद यादव
इति संवत् २०७४ साल कार्तिक २८ गते रोज ३ शुभम् ।

निर्णय नं. १००५६

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की
माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत
फैसला मिति : २०७४।७।१५
०६७-CR-०४७७

मुद्दाः- विद्युत् चोरी

पुनरावेदक / प्रतिवादी : दाङ जिल्ला, धनौरी गा.वि.स. वडा नं.६ बस्ने मान सिंह डाँगी

विरूद्ध

प्रत्यर्थी / वादी : दीपकजङ्ग चौधरीको जाहेरीले नेपाल सरकार

- **कानूनमा स्पष्टसँग पुनरावलोकनको निवेदन नपरेमा सो म्याद समाप्त भएको मितिले ७ दिनभित्र अनुसन्धान अधिकारीले कायम गरेको रकम बुझाउन ल्याउनु भनी सूचना जारी गरी उक्त म्यादभित्र बुझाउन नल्याए ३० दिनभित्र अभियोग पत्र दायर गर्नुपर्नेमा हदम्याद सिर्जना गर्नको लागि पछिल्लो मितिमा सूचना जारी गरी सोबाट हदम्याद कायम गरेकोलाई मान्न मिल्ने नदेखिने ।**

(प्रकरण नं.४)

- **कानूनले सृजना गरेको कुनै पनि निकाय वा पदाधिकारीले कानूनले तोकिदिएअनुसार मात्र काम गर्नुपर्ने हुन्छ । कानूनले कुनै काम गर्न निश्चित समयावधि र प्रक्रिया तोकिदिएको अवस्थामा सो समयावधि र प्रक्रियाको अनिवार्य पालना गर्नु पर्दछ । अन्यथा त्यस्तो कामले वैधता प्राप्त गर्न सक्ने देखिँदैन । कानूनअनुसारको समयावधिभित्र गर्नुपर्ने काम नगरी समयावधि नघाई काम गरेकोमा त्यस्तो कार्यको पालना गर्न कुनै पनि व्यक्तिलाई बाध्य पार्न सकिँदैन । सुरूको कुनै कामले वैधता प्राप्त गर्न नसक्ने अवस्थामा सोका आधारमा भए गरेका पछिका अन्य कामले पनि वैधता नपाई स्वतः अमान्य नै हुने ।**

(प्रकरण नं.५)

पुनरावेदक / प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री रमणकुमार श्रेष्ठ
प्रत्यर्थी / वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री राजेन्द्र सिंह भण्डारी
अवलम्बित नजिर :
सम्बद्ध कानून :

- विद्युत् चोरी नियन्त्रण ऐन, २०५८

सुरू तहमा फैसला गर्नेः
मानननीय न्यायाधीश श्री नारायणप्रसाद श्रेष्ठ
दाङ जिल्ला अदालत
पुनरावेदन तहमा फैसला गर्नेः
माननीय न्यायाधीश श्री भीमबहादुर बोहोरा
माननीय न्यायाधीश श्री पवनकुमार शर्मा
पुनरावेदन अदालत तुलसीपुर

फैसला

न्या.हरिकृष्ण कार्की : पुनरावेदन अदालत तुलसीपुरको मिति २०६६/०९/१३ को फैसलाउपर तत्कालीन न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम प्रतिवादी मान सिंह डाँगीको तर्फबाट यस अदालतमा पुनरावेदन पत्र दायर भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य यसप्रकार छ।

मिति २०६२/०८/१४ गतेका दिन नेपाल विद्युत् प्राधिकरण प्रशाखा तुलसीपुरबाट खटिई गएको निरीक्षण टोलीहरू धनौरी गा.वि.स. वडा नं.६ स्थित कासीपुरको गंगा राइस एण्ड आयल मिलमा निरीक्षण गर्दा, उक्त मिलको मिटरवक्सको टर्मिनल कभर नभएको, मिटरको अन्तिम अङ्क नदेखिने गरी प्वाल पारेको र मिटरको माथिबाट पनि प्वाल पारी चक्का नघुम्ने गरी काठको किलाले रोकेको भन्नेसमेत बेहोराको मिति २०६२/०८/१४ को मुचुल्का।

मिति २०६२/०८/१४ गते धनौरी गा.वि.स. वडा नं.६ काशीपुर स्थित गंगा राइस एण्ड आयल मिल (ग्राहक नं.२-१८-५०२) को मिटर निरीक्षण गर्दा विद्युत् मिटर रिडिङ अङ्कको अन्तिम अङ्क माथिबाट प्वाल पारेको, मिटरको माथिबाट चक्कामा सटायर किल्ला गाडेको र मिटर चालु अवस्थामा रहेको भन्नेसमेत बेहोराको मिटरको रेखाभित्रसहितको मुचुल्का।

गंगा राइस एण्ड आयल मिल (ग्राहक नं.२-१८-५०२) ले मिटर बिगारी अनियमितता गरेको देखिएकोले आवश्यक कारबाहीका लागि स्थलगत मुचुल्का साथै ग्राहक लेजर पेस गरेको भन्नेसमेत बेहोराको दिपकजंग चौधरीको मिति २०६२/०८/१६ को प्रतिवेदन।

गंगा राइस एण्ड आयल मिलले २३,००० युनिट विद्युत् अनाधिकार उपयोग गरी बिलअनुसारको युनिट रकम रू.२९१५७।५०, क्षतिपूर्ति रकम रू.१२५३५०।-, जरिवाना रकम रू.१२५३५०।- बाकस सिल दस्तुर रू.२००।- र लाइन काट्ने जोड्ने दस्तुर रू.३००।- समेत जम्मा रू.२,५१, २००।- नेपाल विद्युत् प्राधिकरण घोराही वितरण केन्द्रलाई हानि नोक्सानी पुऱ्याएको भन्नेसमेत बेहोराको मूल्याङ्कन मुचुल्का।

नेपाल विद्युत् प्राधिकरणले यस वितरकलाई हुन गएको हानि नोक्सानीबापतको रू.१२५३५०।- क्षतिपूर्तिबापतको रू.१२५३५०।- र विद्युत् पुन: जडानबापतको रू.५००।- समेत जम्मा रू.२,५१, २००।- रकम बुझाउन ल्याउनु भनी गंगा राइस एण्ड आयल मिललाई मिति २०६२/०८/२० गते दिइएको सूचना।

गंगा राइस एण्ड आयल मिलमा जडान भएको विद्युत् मिटरमा यस संस्थाबाट प्रत्येक महिना मिटर रिडिङ गर्न गई सोबाट आएको महसुल बिलअनुसार महिना महिनामै बुझाउँदै आएको थिएँ। मिटरमा प्वाल पारी मिटर नचल्ने भएको कुरा निरीक्षण टोलीले देखाएपछि मात्र थाहा हुन गयो। मैले धेरै समयदेखि विद्युत् चोरी गरेको भए यसै कार्यालयबाट प्रत्येक महिना मिटर रिडिङ गर्न जाने कर्मचारीबाट थाहा हुने नै थियो। कार्तिक महिनामा यस कार्यालयबाट मिटर रिडिङ भएअनुसारको महसुल भुक्तानी गरिसकेको छु। म निवेदकको अनुपस्थितिमा भएगरेको काम कुरालाई आधार बनाई रू.१२५३५०।- बराबरको विद्युत् चोरी गरेको भन्ने प्रमाणिक आधार विना अनुमानको भरमा कारबाही गर्न खोजिएको र रू.२५१२००।- रकम बुझाउन ल्याउनु भनी जारी गरिएको सूचना आधारहीन

हुँदा उक्त कारबाहीबाट फुर्सद दिलाई विद्युत् लाइन नकाटी पुन: जडान गरिपाउँ भन्नेसमेत बेहोराको गंगा राइस एण्ड आयल मिलका प्रोप्राइटर मान सिंह डाँगीको मिति २०६२/०८/२२ को निवेदन।

गंगा राइस एण्ड आयल मिलले विद्युत् चोरी नियन्त्रण ऐन, २०५८ को दफा ७ को उपदफा ङ बमोजिमको कसुर गरेको देखिएकोले नेपाल विद्युत् प्राधिकरण घोराही वितरण केन्द्रले विद्युत् चोरी नियन्त्रण नियमावली, २०५९ को अनुसूची ६ बमोजिम नेपाल विद्युत् प्राधिकरणलाई हुन गएको हानि नोक्सानीबापत मूल्याङ्कन गरेको रकम रू.२५१२००।- निज ग्राहकबाट असुलउपर गर्न मनासिब देखिएकोले स्वीकृतिको लागि पेस भएको टिप्पणी महानिर्देशकबाट मिति २०६२/०९/१४ मा सो टिप्पणी आदेश सदर भएको।

गंगा राइस एण्ड आयल मिललाई विद्युत् चोरी नियन्त्रण नियमावली, २०५९ को अनुसूची ८ बमोजिम मिति २०६२/०८/२० मा सूचना दिइएकोमा निजले उक्त मितिले ३५ दिनभित्र पुनरावेदन गरी सक्नुपर्नेमा हदम्याद नघाई पुनरावेदन गरेको देखिँदा उक्त पुनरावेदनउपर विचार गरी रहनुपर्ने देखिएन भन्नेसमेत बेहोराको नेपाल विद्युत् प्राधिकरण पुनरावेदन समितिको मिति २०६२/१२/०४ को निर्णय।

विपक्षी प्रतिवादीले आफूले सञ्चालन गरेको गंगा राइस एण्ड आयल मिलमा जडान गरेका विद्युत्को मिटर बिगारी २०६१ मंसिरदेखि २०६२ कार्तिकसम्मको समयमा २३००० युनिट विद्युत् चुहावट गरी रू.१२५३५०।-, नेपाल विद्युत् प्राधिकरण घोराही वितरण केन्द्रलाई हानि नोक्सानी पुऱ्याएको हुँदा वितरकलाई पुऱ्याएको हानि नोक्सानी तथा जरिवानासमेत जम्मा रू.२,५१,२००।- बुझाउन ल्याउनु भनी सूचना गरिएकोमा निजले उक्त रकम बुझाएको नदेखिँदा निज प्रतिवादीले विद्युत् चोरी नियन्त्रण ऐन, २०५८ को दफा ७ को उपदफा (ङ) (ज) र (ट) बमोजिमको कसुर गरेको प्रस्ट हुन आएकोले निज प्रतिवादीबाट यस वितरकलाई हुन गएको हानि नोक्सानी क्षतिपूर्ति लाइन काट्ने जोड्ने र मिटर बाकस सिल दस्तुरसमेत जम्मा रू.२,५१,२००।- दिलाई भराई पाउँ भन्नेसमेत बेहोराको मिति २०६३/१/५ को अभियोग पत्र।

प्रतिवादी मान सिंह डाँगीको नाममा दाङ जिल्ला अदालतबाट जारी भएको म्याद मिति २०६३/०२/१ मा रीतपूर्वक तामेल भएकोमा सो म्याद गुजारी बसेको।

यसमा प्रतिवादी मान सिंह डाँगीले २०६२ मार्ग २२ गते विद्युत् प्राधिकरण दाङमा दिएको निवेदनमा प्रत्येक महिना मिटर रिडिङ भई सोबाट आएको महसुल बिलअनुसार बुझाउँदै आएको थिएँ भनी उल्लेख भएको देखिँदा २०६१ मार्गदेखि २०६२ कार्तिकसम्मको महसुल भुक्तानी भएको हो, होइन ? सो सम्बन्धमा विद्युत् प्राधिकरणबाट खुलाउन लगाई पेस गर्नु भन्ने बेहोराको दाङ जिल्ला अदालतबाट मिति २०६४/०४/२४ मा भएको आदेश।

गंगा राइस एण्ड आयल मिलका मालिक मान सिंह डाँगीले विद्युत् चोरी गरेका हुन्। चोरी गरेकै कारण उनीमाथि लगाइएको विद्युत् चोरी अभियोगको सफाइ दिनसमेत अदालतमा आएका छैनन्। मिलमा जडान भएको मिटरको दायाँतिरको रिडिङ गर्ने अन्तिम अङ्कको अगाडि सिसामा प्वाल पारी अन्तिम अङ्क नदेख्ने बनाएको र माथिबाट बाँसको सुई घोची मिटरको चक्का नघुम्ने गरी सटाएर राखेको देखिएको हो भन्नेसमेत बेहोराको जाहेरवाला दीपकजंग चौधरीले मिति २०६३/७/१३ गते अदालतमा गरिदिएको बकपत्र।

मिति २०६१ मंसिरदेखि २०६२ कार्तिकसम्मको विद्युत् चुहावट गरेको भन्ने अभियोग भएकोमा उक्त अवधिको विद्युत् महसुल भुक्तानी गरेको विद्युत् प्राधिकरणको च.नं.४०६ मिति

२०६४/११/०३ को पत्रबाट देखिएको र प्रत्येक महिना मिटर रिडिङ भइरहेकोमा विद्युत् चुहावट गरेको नखुली एकै चोटी २०६२/०८/१४ गते खुलेको देखिएको अवस्था तथा प्रतिवादी विद्युत् चुहावट गरेकोमा इन्कार रहेको एवं विद्युत् चोरी गरेको प्रमाण वादीबाट पेस हुन नसकेकोले प्रतिवादीले सफाइ पाउने ठहर्छ भन्नेसमेत बेहोराको दाङ जिल्ला अदालतबाट भएको मिति २०६५/०३/१५ को फैसला।

मिति २०६२/०८/१४ मा प्रशासन प्रमुख सम्मिलित टोलीले निरीक्षण गर्दा मिटर रिडिङ अङ्कको अन्तिम अङ्क माथिबाट प्वाल परेको, मिटरको माथिबाट चक्कामा सटाएर चक्का नघुम्ने गरी किला गाडेको मिटर चालु अवस्थामा रहेको भन्ने मुचुल्का र सो मुचुल्कालाई स्वीकार गर्दै एकजना विद्युत्कै कर्मचारीले बिगारेको भन्ने गैह्र जिम्मेवारीपूर्ण जवाफ तथा विद्युत् चोरी नियन्त्रण ऐन, २०५८ को दफा १३ तथा ऐ.को नियमावली, २०५९ बमोजिम म्यादभित्रै पुनरावलोकनको लागि यी प्रतिवादीले निवेदन गर्न नसकेको र आफूउपर विद्युत् चोरीको अभियोग लागी सोको प्रतिवादको लागि अदालतबाट म्याद जारी हुँदासमेत कसुरलाई स्वीकार गरी बस्ने प्रतिवादीलाई कसुरबाट सफाइ दिने गरी दाङ जिल्ला अदालतबाट भएको मिति २०६५/०३/१५ को फैसला त्रुटिपूर्ण हुँदा उक्त फैसला बदर गरी प्रतिवादीलाई अभियोग माग दाबीबमोजिम सजाय गरी क्षतिपूर्तिसमेत भराई पाउँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको मिति २०६५/०८/२२ मा पुनरावेदन अदालत तुलसीपुरमा परेको पुनरावेदन पत्र।

यसमा अभियोग पत्रसहितको रीतपूर्वकको म्याद बुझेर पनि अदालतमा उपस्थित भई प्रतिवाद नगरी अभियोग दाबी स्वीकार गर्ने प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ दिएको सुरूको फैसला फरक पर्न सक्ने देखिँदा अ.बं.२०२ नं.तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम प्रत्यर्थी झिकाई आएपछि वा म्याद नाघेपछि नियमानुसार पेस गर्नु भन्ने बेहोराको पुनरावेदन अदालत तुलसीपुरको मिति २०६६/०५/२९ को आदेश।

प्रतिवादीले आफूउपर लागेको कसुर मिटर रिडिङ अङ्कको अन्तिम अङ्क माथिबाट प्वाल पारेको, मिटरको माथिबाट चक्कामा सटायर (जोडेर) चक्का नघुम्ने गरी किला गाडेको अवस्थामा रहेको, मुचुल्का खण्डन गर्नुपर्ने भए खण्डन गर्नका लागि सफाइ पेस गर्नु भनी दिएको मिति २०६२/०८/२० को सूचनालाई बेवास्ता गरी आफ्नो निर्दोषिताको आधार देखाउन नसकेको, निजउपर मुद्दा दायर भएपछि अदालतबाट जारी भएको म्यादमा समेत उपस्थित नभई सुरू म्यादै गुजारी बसेको, कानूनबमोजिम अनुसन्धानका क्रममा खडा भएका कागजातलाई अन्यथा भन्न सकिने अवस्था नरहेकोले निज प्रतिवादी मानसिंह डाँगीले अभियोग माग दाबीबमोजिम कसुर गरेको ठहऱ्याई क्षतिपूर्ति भराई जरिवानासमेत गर्नुपर्नेमा सफाइ दिने गरी मिति २०६५/०३/१५ मा गरेको फैसला उल्टी हुन्छ । प्रतिवादीले सफाइ दिने मौका पाएकोमा सो नगरी बसेबाट घटनास्थल मुचुल्काबाट अभियोग माग दाबीबमोजिम कसुर गरेको देखिँदा प्रतिवादी गंगा राईस मिलका प्रो.मानसिंह डाँगीलाई ऐनको दफा १६(१) बमोजिम कायम भएको वास्तविक हानि नोक्सानीको बिगो र क्षतिपूर्तिसमेत जम्मा रू.२,५१, २००।- विद्युत् प्राधिकरणलाई भराई सोही ऐनबमोजिम प्रतिवादी मानसिंह डाँगीलाई रू.२,०००।- (दुई हजार) जरिवानासमेत हुने ठहर्छ भन्नेसमेत बेहोराको पुनरावेदन अदालत तुलसीपुरको मिति २०६६/०९/१३ को फैसला।

विपक्षी विद्युत् प्राधिकरणले मउपर दायर गरेको अभियोग विद्युत् चोरी नियन्त्रण ऐन, २०५८ को दफा १५ बमोजिमको हदम्यादभित्र दायर नभएको, म पुनरावेदकले मिति २०६१ मंसिरदेखि २०६२ कार्तिकसम्मको विद्युत् महसुल विपक्षीको महसुल

संकलन केन्द्र तुलसीपुरमा बुझाई विद्युत् महसुल बुझाउन बाँकी नभएको सोही अवधिको विद्युत् चुहावट भएको भनी आफ्नो कर्मचारीबाट रिडिङ तथा निरीक्षण गरिसकेको कुरामा रिडिङसम्बन्धी ज्ञान नभएको म पुनरावेदक प्रतिवादीलाई झुट्टा आरोप लगाइएको, विद्युत् चेकजाँच गर्ने मिटर रिडिङ गर्ने कार्य विद्युत् प्राधिकरणको जिम्मेवारी रहेको र मासिक रूपमा वितरक संस्थाबाट विद्युत् खपतको मिटर रिडिङ र चेक जाँच हुँदै आएको स्वीकारोक्ति जनाएपछि सो कुरालाई बेवास्ता गरी सोही अवधिको विद्युत् चोरी भएको भनी चोरी गरेको आरोप वादी पक्षले पुष्टि गर्न नसकेको, पुनरावेदन अदालतले फैसला गर्दा आधार लिएको मिति २०६२/०८/१४ को मुचुल्का बेरीतको भएकोले कानूनी मान्यता पाउन नै नसक्ने अवस्थामा म पुनरावेदक मौकामा हाजिर हुन नसकेको भन्ने आधारमा मलाई सजाय गरी बिगो भराई दिने गरी पुनरावेदन अदालत तुलसीपुरबाट भएको फैसला त्रुटिपूर्ण हुँदा उक्त फैसला बदर उल्टी गरी झुट्टा अभियोग दाबीबाट फुर्सद दिलाई पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी मानसिंह डाँगीको मिति २०६७/०८/१४ मा यस अदालतमा परेको पुनरावेदन पत्र।

यसमा रकम बुझाउन आउनु भनिएको पत्र मिति २०६२/१०/२५ मा बुझेको र सो मितिबाट विद्युत् चोरी नियन्त्रण ऐन, २०५८ को दफा १५ को हदम्याद नाघेको भन्ने पुनरावेदन जिकिर रहेको र सुरू नालेस पर्दा मिति २०६२/११/१४ मा सो पत्र बुझिएकोले हदम्यादभित्र रहेको भन्ने वादी भनाइ रही हदम्यादको प्रश्न नै विवाद रही पुनरावेदन अदालत तुलसीपुरको फैसला फरक पर्न सक्ने हुँदा छलफलको निमित्त अ.बं.२०२ नं. बमोजिम प्रत्यर्थी झिकाई आए वा अवधि नाघेपछि नियमानुसार पेस गर्नु भन्ने बेहोराको यस अदालतको मिति २०७०/२/६ को आदेश।

नियमबमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदकका तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ता श्री रमणकुमार श्रेष्ठले यी प्रतिवादीलाई रकम बुझाउन ल्याउनु तथा चित्त नबुझे पुनरावलोकनका लागि निवेदन गर्नु भनी मिति २०६२/८/२० मा नै सूचना दिएकोमा सो सूचनाबमोजिमको म्यादभित्र रकम नबुझाएमा वा पुनरावलोकन नगरेमा सो सूचनाको म्याद समाप्त भएको मितिले सात दिनभित्र विद्युत् चोरी नियन्त्रण नियमावली, २०५९ को नियम १७ बमोजिम ऐ. को अनुसूची १० बमोजिमको अर्को सूचना दिनु पर्नेमा यी पुनरावेदकलाई सो सात दिने म्याद नघाएर मात्र सो सूचना दिइएको छ। यसरी दिएको सूचना र सोअनुसार भएका कामकारबाही कानूनअनुरूप भएको भन्न मिल्दैन। त्यसैले सो सूचनाको म्यादलाई आधार बनाई दायर भएको अभियोग पत्र खारेज हुनुपर्दछ भनी बहस गर्नुभयो। यसैगरी प्रत्यर्थी / वादी नेपाल सरकारका तर्फबाट विद्वान् उपन्यायाधिवक्ता श्री राजेन्द्र सिंह भण्डारीले अभियोग दर्ता गर्ने हदम्याद दोस्रो पटक सूचना तामेल भएको मिति २०६२/११/०४ बाट मात्र लागु हुने हो। सोको म्यादभित्र अभियोग पत्र दायर भएको नै छ। साथै प्रतिवादीले विद्युत् चोरी गरेको स्थलगत मुचुल्कालगायतका कागज प्रमाणहरूबाट प्रस्ट देखिएको छ। निजउपर विद्युत् चोरीको अभियोग लागी प्रतिवाद गर्ने मौकाका लागि म्यादसमेत जारी भएकोमा निजले म्याद गुजारी बसेको अवस्था छ। त्यसैले निजलाई सजाय गर्ने गरी पुनरावेदन अदालतबाट भएको फैसला सदर हुनुपर्दछ भनी बहस गर्नुभयो।

उपर्युक्तानुसारको बहस सुनी मिसिल अध्ययन गरी निर्णयतर्फ विचार गर्दा, प्रस्तुत मुद्दामा पुनरावेदन अदालत तुलसीपुरबाट भएको फैसला मिलेको छ वा छैन ? तथा प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्छ वा सक्दैन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

यसमा पुनरावेदक प्रतिवादीउपर विद्युत् चोरी

नियन्त्रण ऐन, २०५८ को दफा ७ को उपदफा (ङ), (ज) र (ट) बमोजिमको कसुर कायम गरी ऐ.ऐनको उपदफा १६(१) अनुसार कारबाही गरी बिगो र क्षतिपूर्तिसमेत भराई पाउँ भनी अभियोग पत्र दायर भएको छ । सुरू जिल्ला अदालतबाट प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने ठहर्‍याई फैसला भएको पाइन्छ । सोउपर वादी नेपाल सरकारको पुनरावेदन परी पुनरावेदन अदालतबाट सुरू फैसला उल्टी भई निज प्रतिवादीलाई बिगो र क्षतिपूर्तिसमेत रू.२,५१, २००।- विद्युत् प्राधिकरणलाई भराई सोही ऐनबमोजिम प्रतिवादी मानसिंह डाँगीलाई रू.२,०००।- जरिवानासमेत हुने ठहर्‍याई फैसला भएको पाइयो । सोउपर प्रतिवादी मानसिंह डाँगीको यस अदालतमा पुनरावेदन परी आज यस इजलाससमक्ष पेस हुन आएको छ।

२. निर्णयतर्फ विचार गर्दा, यसमा मिति २०६२/०८/१४ का दिन नेपाल विद्युत् प्राधिकरण प्रशाखा तुलसीपुरबाट खटिएको निरीक्षण टोलीले मानसिंह डाँगीको राइस मिलमा निरीक्षण गर्दा LD ३६ को सिल भएको मिटर बक्स यथावत् रहेको, सो सिल काटी हेर्दा टर्मिनल कभर नभएको, मिटरको अन्तिम अंक नदेखिने गरी प्वाल पारेको र मिटरको माथिबाट पनि प्वाल पारी चक्का नघुम्ने गरी काठको किलाले रोकेको देखियो भनी मुचुल्का गरेबाट प्रस्तुत मुद्दाको उठान भएको पाइन्छ। मिति २०६२/०८/२० मा घोराही वितरण केन्द्र दाङले विद्युत् चोरी भएको मूल्याङ्कन रकम र सोको क्षतिपूर्ति रकमसमेत गरी जम्मा रू. २,५१, २००।- बुझाउन ल्याउन र सूचनामा चित्त नबुझेमा विद्युत् चोरी नियन्त्रण ऐन, २०५८ को दफा १३(१) तथा ऐ. नियमावली २०५९ को नियम १५ बमोजिम पुनरावलोकनका लागि निवेदन दिन सक्नुहुनेछ भनी विद्युत् चोरी नियन्त्रण नियमावली, २०५९ को अनुसूची ८ बमोजिम गंगा राइस एण्ड आयल मिलका नाममा सूचना दिइएको देखियो। सोही मितिमा नेपाल विद्युत् प्राधिकरण घोराही वितरण केन्द्रबाट निज प्रतिवादीलाई स्पष्टीकरण दिनेबारेको पत्रसमेत पठाएकोमा निज मानसिंह डाँगीले आफ्नो मिलमा जडान गरेको विद्युत् मिटरमा विद्युत् प्राधिकरणबाट प्रत्येक महिना रिडिङ गर्न गई सोबाट आएको महसुल बिलअनुसार महिना महिना बुझाउँदै आएको थिएँ। म बाहिर गएकोमा २०६२/०८/१४ मा घर आउँदा सोही दिन दिउँसो विद्युत् प्राधिकरणको टोली आई मिटर हेर्दा मिटरमा प्वाल पारी मिटर नचल्ने भएको रहेछ भनी टोलीले मलाई देखाएपछि मात्र मलाई थाहा भएको हो । पछि सोबारेमा बुझ्दा एकजना बिजुलीको काम गर्ने विद्युत् अफिसकै कर्मचारी बताउने मानिसले मिटर हेरी मैले मिटर बिग्रेको बनाई दिएको छु, मिल मालिक आएपछि भनिदिनु भनी बताएको थियो भनी गएको थाहा हुन गयो। मैले अगाडिदेखि नै मिटर बिगारी विद्युत् चोरी गरेको भए प्रत्येक महिना मिटर रिडिङ गर्न जाने कर्मचारीबाट थाहा हुने थियो। म प्रत्येक महिना महसुल बुझाउँदै आएको छु। त्यसैले मैले विद्युत् चोरी गर्ने कुनै कार्य गरेको छैन। सो सम्बन्धमा छानबिन गर्न छानबिन टोली गठन गरिपाउँ भनी मिति २०६२/०८/२२ मा स्पष्टीकरण पेस गरेको पाइन्छ। सोही स्पष्टीकरणका साथ निजले कार्तिक महिनामा रू.३८४१।- विद्युत्को बिल बुझाएको रसिद पनि संलग्न गरेको पाइन्छ। मिति २०६२/०८/२० को सूचनाअनुसार निजले उक्त सूचना बुझेको मितिले ३५ दिनभित्र पुनरावलोकनका लागि निवेदन दिइसक्नुपर्नेमा निज मानसिंह डाँगीले सोही दिन सूचना बुझी बुझेको ३५ दिन नघाई २०६२/१०/२३ मा मात्र पुनरावलोकनका लागि निवेदन दिएकोमा हदम्याद नाघी आएको निवेदनउपर विचार गरिरहनुपरेन भनी नेपाल विद्युत् प्राधिकरण पुनरावेदन समितिले निर्णय गरेको पाइयो। यसपश्चात् मिति २०६२/१०/२५ मा घोराही वितरण केन्द्र दाङले तपाइँले मिति २०६२/०८/२० मा दिइएको सूचनाअनुसार तपाइँले पुनरावलोकनको लागि निवेदन

नदिनु भएकोले विद्युत् चोरी भएको मूल्याङ्कन रकम र सोको क्षतिपूर्ति रकमसमेत गरी जम्मा रू.२,५१,२००।- सूचना प्राप्त भएको मितिले पैंतीस दिनभित्र बुझाउन ल्याउनु, नल्याए मुद्दा चलाइने भनी ऐ. नियमावलीको अनुसूची १० बमोजिमको सूचना जारी गरिदिएको पाइन्छ। सो सूचनाअनुसार पनि उक्त मिलको तर्फबाट रकम दाखिला हुन नआएकोले मिति २०६३/०१/०५ मा उल्लिखित रू.२,५१,२००।- दिलाई भराई हदैसम्मको कारबाहीसमेत गरिपाउँ भनी अभियोग पत्र दायर भएको पाइयो।

३. यसमा सर्वप्रथम अभियोग पत्र कानूनअनुरूपको नभएको भनी बहसका क्रममा अभियोग पत्रउपर नै प्रश्न उठेकोले तथ्यमा प्रवेश गर्नुअगाडि अभियोग पत्र कानूनअनुरूपको छ वा छैन? भन्ने सम्बन्धमा सर्वप्रथम निर्णय दिनुपर्ने देखिन आयो । यस सम्बन्धमा हेर्दा विद्युत् चोरी नियन्त्रण नियमावली, २०५९ को नियम १४ मा विद्युत् चोरीमा कायम भएको हानि नोक्सानी तथा सोबापत तिर्नु पर्ने क्षतिपूर्तिसमेतको विवरण खोली अनुसन्धान अधिकारीले सोही नियमावलीको अनुसूची ८ को ढाँचामा आरोपित व्यक्ति वा संस्थालाई सूचना दिनुपर्ने व्यवस्था छ । सोमा चित्त नबुझ्ने व्यक्ति वा संस्थाले सो सूचना पाएको ३५ दिनभित्र पुनरावलोकनको लागि वितरकसमक्ष निवेदन दिन सक्ने व्यवस्था विद्युत् चोरी नियन्त्रण ऐन, २०५८ को दफा १३ मा र ऐ. नियमावलीको नियम १५ मा रहेको छ। यस्तै ऐ. ऐनको दफा १४ मा *दफा १२ को उपदफा (२) को खण्ड (ख) बमोजिम भएको मूल्याङ्कनमा दफा १३ बमोजिम पुनरावलोकनको लागि निवेदन नपरेमा सोहीबमोजिम र पुनरावलोकनको लागि निवेदन परेकोमा पुनरावलोकन गरी ठहर भएको वास्तविक हानि नोक्सानी तथा सोबापतको क्षतिपूर्ति रकम पैंतीस दिनभित्र तिर्न बुझाउन ल्याउन सम्बन्धित व्यक्ति वा संस्थालाई तोकिएबमोजिम सूचना दिनुपर्नेछ* भन्ने व्यवस्था छ। ऐ. नियमावलीको नियम १७ मा पनि *अनुसन्धान अधिकारीले गरेको निर्णयउपर नियम १५ बमोजिम पुनरावलोकनको लागि निवेदन नपरेकोमा त्यस्तो निवेदन दिने म्याद समाप्त भएपछि र पुनरावलोकनको लागि निवेदन परेकोमा नियम १६ को उपनियम (४) बमोजिम फाइल प्राप्त भएको मितिले सात दिनभित्र पुनरावलोकन हुँदा निर्णय भएबमोजिमको जरिवाना वा हानि नोक्सानी तथा क्षतिपूर्ति रकम तिर्न बुझाउन ल्याउन सम्बन्धित व्यक्ति वा संस्थालाई अनुसूची १० बमोजिमको ढाँचामा अनुसन्धान अधिकारीले सूचना दिनुपर्नेछ* भन्ने व्यवस्था छ। ऐ. ऐनको दफा १५ (१) मा *दफा १४ बमोजिम दिएको सूचनाको म्यादभित्र कसुरदारले रकम तिर्न बुझाउन ल्याएमा रकम बुझी लिई निजउपरको कारबाही टुंग्याई तामेलीमा राखिदिनुपर्ने छ। रकम बुझाउन नल्याएमा अनुसन्धान अधिकृतले सो म्याद समाप्त भएको मितिले तीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गर्नुपर्नेछ* भन्ने व्यवस्था छ । उल्लिखित कानूनी व्यवस्थाहरू अनुसार सर्वप्रथम विद्युत् चोरीमा कायम भएको हानि नोक्सानी तथा सोबापत तिर्नु पर्ने क्षतिपूर्तिसमेतको विवरण खोली अनुसन्धान अधिकारीले आरोपित व्यक्ति वा संस्थालाई सूचना दिनुपर्ने सो सूचनामा चित्त नबुझेको अवस्थामा आरोपित व्यक्तिले सूचना बुझेको पैंतीस दिनभित्र वितरकसमक्ष पुनरावलोकनका लागि निवेदन दिन सक्ने हुन्छ । यदि आरोपित व्यक्तिले पुनरावलोकनको लागि निवेदन नदिएकोमा निवेदन दिने म्याद समाप्त भएको मितिले सात दिनभित्र पहिले अनुसन्धान अधिकारीले विद्युत् हानि नोक्सानी भएको भनी कायम गरेको बिगो र क्षतिपूर्तिको रकम र पुनरावलोकनको लागि निवेदन दिएकोमा सोमा निर्णय भएको मितिले सात दिनभित्र सोमा भएको निर्णयअनुसारको बिगो र क्षतिपूर्तिको रकम पैंतीस दिनभित्र बुझाउन ल्याउनु भनी अर्को सूचना अर्थात् ऐ. नियमावलीको अनुसूची १० बमोजिमको सूचना

आरोपित व्यक्तिलाई दिनुपर्ने हुन्छ । यसरी दोस्रो सूचना दिँदा निजले सूचनाअनुसारको रकम बुझाउन ल्याएमा रकम बुझी कारबाही टुङ्ग्याई दिनुपर्ने हुन्छ भने नबुझाएमा सो पैंतीस दिनको म्याद समाप्त भएको तीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गर्नुपर्ने देखिन्छ।

४. प्रस्तुत मुद्दाको सन्दर्भमा अनुसन्धान अधिकारीले चोरी भएको बिगोको मूल्याङ्कन गरी सोबापत तिर्नुपर्ने क्षतिपूर्तिको रकमसमेत खुलाई ऐ. नियमावलीको अनुसूची ८ अनुसारको सूचना मिति २०६२/०८/२० मा गंगा राइस एण्ड आयल मिलका नाममा पठाएकोमा सोही दिन सो मिलका प्रोपाइटर मानसिंह डाँगीले सूचना बुझिलिएको देखिएको छ। सो मितिले ३५ दिनभित्र अर्थात् मिति २०६२/९/२५ सम्म निज मानसिंह डाँगीले पुनरावलोकनका लागि निवेदन दिइसक्नुपर्नेमा सो समयभित्र पुनरावलोकनको लागि निवेदन दिएको पाइँदैन। यसरी अनुसन्धान अधिकारीले गरेको मूल्याङ्कनमा पुनरावलोकनका लागि निवेदन नपरेकोमा उल्लिखित कानूनी व्यवस्थाअनुसार सो पुनरावलोकन गर्ने म्याद समाप्त भएको मितिले सात दिनभित्र अर्थात् मिति २०६२/१०/०३ भित्र अर्को सूचना अर्थात् ऐ. नियमावलीको अनुसूची १० बमोजिम पैंतीस दिनभित्र अनुसन्धान अधिकारीले गरेको मूल्याङ्कनअनुसारको बिगो तिर्न बुझाउन ल्याउनु भनी सूचना दिनुपर्ने हुन्छ। यसमा सो अनुसूची १० बमोजिमको सूचना सो सात दिनभित्र नदिई सो सात दिन नघाई अर्थात् मिति २०६२/१०/२५ मा मात्र जारी गरेको देखिन आयो। यसबाट यी पुनरावेदक / प्रतिवादी मानसिंह डाँगीले पुनरावलोकनको लागि निवेदन नदिएको अवस्थामा निजका नाममा पहिलो सूचनाको म्याद समाप्त भएको मितिले सात दिनभित्रै अनुसन्धान अधिकारीले कायम गरेअनुसारकै रकम बुझाउन ल्याउनु भनी अर्को सूचना जारी गर्नुपर्नेमा सो कानूनले तोकेको समयावधि (म्याद) भित्र त्यस्तो सूचना जारी नगरी म्याद नघाएर मात्र जारी गरेको देखिन्छ। सो म्याद नघाई मिति २०६२/१०/२५ मा जारी गरेको पैंतीस दिने सूचना यी पुनरावेदक / प्रतिवादी मानसिंह डाँगीले मिति २०६२/११/०४ मा मात्र बुझिलिएकोले सो बुझिलिएको मितिले ३५ दिनभित्र निज पुनरावेदक / प्रतिवादीले आफूले बुझाउनुपर्ने रकम बुझाउन नल्याएको भनी सो ३५ दिनको म्याद समाप्त भएको मितिले ऐ. ऐनको दफा १५ अनुसारको ३० दिने हदम्यादभित्रको भनी दाङ जिल्ला अदालतमा मिति २०६३/१/५ मा अभियोग पत्र दायर गरेको देखिन आउँछ। कानूनमा स्पष्टसँग पुनरावलोकनको निवेदन नपरेमा सो म्याद समाप्त भएको मितिले ७ दिनभित्र अनुसन्धान अधिकारीले कायम गरेको रकम बुझाउन ल्याउनु भनी सूचना जारी गरी उक्त म्यादभित्र बुझाउन नल्याए ३० दिनभित्र अभियोग पत्र दायर गर्नुपर्नेमा हदम्याद सिर्जना गर्नको लागि पछिल्लो मितिमा सूचना जारी गरी सोबाट हदम्याद कायम गरेकोलाई मान्न मिल्ने देखिएन।

५. कानूनले सृजना गरेको कुनै पनि निकाय वा पदाधिकारीले कानूनले तोकिदिएअनुसार मात्र काम गर्नुपर्ने हुन्छ। कानूनले कुनै काम गर्न निश्चित समयावधि र प्रक्रिया तोकिदिएको अवस्थामा सो समयावधि र प्रक्रियाको अनिवार्य पालना गर्नुपर्दछ। अन्यथा त्यस्तो कामले वैधता प्राप्त गर्न सक्ने देखिँदैन । कानूनअनुसारको समयावधिभित्र गर्नुपर्ने काम नगरी समयावधि नघाई काम गरेकोमा त्यस्तो कार्यको पालना गर्न कुनै पनि व्यक्तिलाई बाध्य पार्न सकिँदैन। सुरूको कुनै कामले वैधता प्राप्त गर्न नसक्ने अवस्थामा सोका आधारमा भए गरेका पछिका अन्य कामले पनि वैधता नपाई स्वतः अमान्य नै हुने हुन्छ । कानूनबमोजिम प्रस्तुत मुद्दामा पनि पहिलो सूचनाको म्यादभित्र पुनरावलोकनको लागि निवेदन

नदिएको अवस्थामा सो सूचनाको म्याद समाप्त भएको मितिले सात दिनभित्रै तपाईंले पुनरावलोकन नगर्नुभएकोले तपाईंले विद्युत् चोरी गरी पुग्न गएको हानि नोक्सानीबापतको रकम र क्षतिपूर्तिसहितको रकम पैंतीस दिनभित्र बुझाउन ल्याउनुहोला भनी सूचना जारी गर्नुपर्नेमा सो सात दिन नघाएर मात्र त्यस्तो सूचना जारी गरेकोलाई कानूनअनुरूपको मान्न मिलेन। सो सूचना नै कानूनको म्याद नघाई जारी भएको अवस्थामा सो सूचनाका आधारमा गरिएका अन्य कामहरू पनि स्वतः कानूनअनुरूपको नभई खारेज हुने हुन्छन्। त्यसैले उक्त म्याद नघाई जारी भएको पैंतीस दिने सूचना र सो सूचनाका आधारमा यी पुनरावेदक / प्रतिवादीउपर दायर गरेको अभियोग पत्रलाई पनि कानूनी मान्यता दिन सकिँदैन। त्यसैले प्रस्तुत मुद्दाको अभियोग पत्र कानूनअनुसारको नभएकोले खारेज हुन्छ।

६. अतः माथि विवेचित आधार र कारणहरूबाट गंगा राइस एण्ड आयल मिलका प्रोप्राइटर मानसिंह डाँगीलाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याई दाङ देउखुरी जिल्ला अदालतबाट मिति २०६५/०३/१५ मा भएको फैसला उल्टी गरी निजबाट अभियोग दाबीअनुसार हानि नोक्सानीको बिगो र क्षतिपूर्तिसमेत गरी रू.२,५१, २००।- विद्युत् प्राधिकरणलाई भराइदिने र निजलाई रू.२,०००।- जरिवानासमेत हुने ठहऱ्याई पुनरावेदन अदालत तुलसीपुरबाट मिति २०६६/०९/१३ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई प्रस्तुत मुद्दाको अभियोग पत्र नै कानूनअनुरूपको नदेखिएकोले सो अभियोग पत्र खारेज हुने ठहर्छ। अरू तपसिलबमोजिम गर्नू।

तपसिल

अभियोग पत्र खारेज हुने ठहरी फैसला भएकोले निजका नाउँमा पुनरावेदन अदालत तुलसीपुरको फैसलाअनुसार लगत कसिएको रू.२,०००।- जरिवानाको लगत कट्टा गरिदिनु भनी सुरू दाङ देउखुरी जिल्ला अदालतमा लेखी पठाई दिनू -------१

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू -------------------------२

उक्त रायमा सहमत छु।

न्या. प्रकाशमान सिंह राउत

इजलास अधिकृत:- यदुराज शर्मा

इति संवत् २०७४ साल कार्तिक १५ गते रोज ४ शुभम्।

निर्णय नं. १००५७

सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ

माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा

फैसला मिति : २०७४।५।१९

०७२-CR-२१२८

मुद्दा : कर्तव्य ज्यान

पुनरावेदक / प्रतिवादी : हिरे कामीको छोरा जिल्ला रूकुम गरायला गा.वि.स. वडा नं. ५ घर भई हाल कारागार कार्यालय, नेपालगञ्जमा थुना कैदमा रहेको किरण वि.क.

विरूद्ध

प्रत्यर्थी / वादी : मोहमद फुर्कान अन्सारीको जाहेरीले नेपाल सरकार

- **कुनै प्रतिवादीले आफू संलग्न वारदातका सम्बन्धमा अनुसन्धान अधिकारीसमक्षको**

बयानमा आरोपित कसुर स्वीकार गरी अदालतसमक्षको बयानमा असत्य वा झुठो कुरा व्यक्त गर्न सक्दछ तर परिस्थिति र तथ्यले कहिल्यै झुठो बोल्दैन भन्ने मान्यताको जगमा परिस्थितिजन्य प्रमाणको सिद्धान्त अडेको हुन्छ। अप्रत्यक्ष प्रमाणको आधारबाट पनि अदालतले विवादको सही निरूपण गर्नुपर्ने हुन्छ। अपराधीले सदा कसैले देख्ने गरी अपराध नगर्ने र अपराधसँग सम्बन्धित दशी प्रमाणसमेत नष्ट गर्ने प्रयास गर्ने हुँदा फौजदारी मुद्दामा परिस्थितिजन्य प्रमाणबाट पनि दोषी पत्ता लगाउनु पर्ने बाध्यता रहने।

- **कुनै पनि प्रतिवादीले प्रत्यक्ष प्रमाण (Direct Evidence) नष्ट गर्न सक्ने र प्रत्यक्षदर्शीको अभाव रहेको अवस्थामा पनि दोषी पत्ता लगाउनु पर्ने अवस्थामा परिस्थितिजन्य (Circumstantial Evidence) प्रमाणको सहारा लिनु पर्ने हुन्छ। यस्तो अवस्थामा प्रतिवादीले परिस्थितिजन्य प्रमाणलाई दबाउन, लुकाउन वा तोडमोड गर्न कठिन हुने हुँदा प्रत्यक्ष प्रमाणभन्दा यो बढी विश्वासयोग्य मानिने।**

(प्रकरण नं.७)

पुनरावेदक / प्रतिवादीका तर्फबाट :
प्रत्यर्थी / वादीका तर्फबाट :
अवलम्बित नजिर :

- नेकाप २०६८, अंक ९, नि.नं.८६८७

सम्बद्ध कानून :

सुरू तहमा निर्णय गर्ने :
मा‍ननीय न्यायाधीश श्री हरिप्रताप के.सी.
बाँके जिल्ला अदालत

पुनरावेदन तहमा निर्णय गर्ने :
माननीय न्यायाधीश श्री यज्ञप्रसाद बस्याल
माननीय न्यायाधीश श्री वीरबहादुर डाँगी
पुनरावेदन अदालत, नेपालगञ्ज

फैसला

न्या. विश्वम्भरप्रसाद श्रेष्ठ : तत्कालीन न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र रही प्रतिवादी किरण वि.क.को पुनरावेदन परी दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार रहेको छ:-

जिल्ला बाँके, कचनापुर गाउँ विकास समिति वडा नं. ९ राजपुर स्थित वनशक्ति सामुदायिक जंगलमा पूर्व पश्चिम वनशक्ति सामुदायिक जंगल, उत्तर दक्षिण राजमार्ग सडक खण्ड र राजपुर गाउँ जोड्ने ग्रावेल बाटो यति चार किल्लाभित्र पर्ने उक्त बाटोमा उत्तरतर्फ फर्काइ राखेको सेतो रंगको बोलेरो गाडी रहेको सो गाडीको अगाडिको भारतीय नम्बर लेखिएको नम्बर प्लेटमा रातो इनामेलले पोती पछाडिपट्टीको नम्बर प्लेट निकाली सो प्लेट राखेको स्थानमा इनामेलले लिपेको दुवै ठाउँ अगाडि पछाडि हातले बा.७.च.०७६४ नं. को लेखिएको सो गाडी शंकास्पद लागि उक्त गाडीको ढोका खोली हेर्दा सो गाडीभित्रको सिटमा भारतीय UP40T0072 नं. लेखिएको नम्बर प्लेट फेला परेको शंकास्पदमा अवस्थामा प्रहरी टोलीले फेला पारी हामीहरूको रोहबरमा बरामद गरी लिएको भन्ने खानतलासी तथा बरामदी मुचुल्का।

म निवेदकको घर भारत जिल्ला बहराइच नानपारा बजारमा रहेको र मेरो ४ जना छोराहरू रहेकोमा जेठो छोरा मोहम्मद हसन अन्सारीले भारतकै नानपारा बस्ने विनोद कुर्मीको भारतीय नम्बर UP40T0072 नं. को बोलेरो गाडी भाडामा चलाई आएकोमा ४ जना नेपाली नागरिकहरूले मेरो छोराले चलाई

ल्याएको गाडीलाई नेपालगञ्जको राँझा बजारसम्म लग्नु छ भनी रिजर्व गरी सन् २०१२ जनवरी १७ मा लखिमपुरबाट नेपालगञ्जको लागि रिजर्व गरी ल्याएको कुरा मेरो छोराले फोनमार्फत जानकारी गराएका थिए। तत्पश्चात निज छोरा घरमा फर्की नआएकोले ढिलो भई आउन नसकेको होला भनी सोची केही वास्ता गरेका थिएनौं। छोरा अर्को दिन पनि घरमा नआएकोले निजको विषयमा गाडी साहु तथा निजको साथीहरूसँग सम्पर्क गर्दा नेपालबाटै फर्की नआएको जानकारी पाएकोले अर्को दिन नेपालगञ्ज आई बुझ्दा बोर्डरको SSB को चौकीमा साँझ ६:३० बजे भारतीय समयअनुसार इन्ट्री भएको र सोही दिन नेपालको भन्सारमा पनि साँझ ७:१० बजे इन्ट्री गरिएको कुरा थाहा जानकारी हुन आयो। त्यसपछि निज छोराको खोजतलास गर्दै जाँदा गाडी कोहलपुरको ढकेरीमा बेवारिसे अवस्थामा भेटिएपछि उक्त गाडी कोहलपुर इलाका प्रहरी कार्यालयमा रहेको र निज छोराको कहींकतै जानकारी हुन नसकेको हुँदा खोजतलास गरिपाउँ भन्ने बेहोराको अन्नी अंसारीको हुलिया निवेदन।

वारदात मिति र समयमा बिहान म कोहलपुरबाट खाना खाई कोहलपुर शमशेरगञ्ज चल्ने जिपमा कपडा राखी गाउँघरमा डुलाई बिक्री गर्ने भनी गएको थिएँ। ढकेरीदेखि केही अगाडि जंगलको बाटोमा गाडीबाट ओर्ली दक्षिणतर्फको बाटो हुँदै म राजपुर गाउँमा कपडा बेच्न भनी गएका अवस्थामा राजमार्ग सडक खण्डदेखि अं. ५०० मिटरभित्र जंगल बाटोमा सामुदायिक जंगलबाट राजमार्गतर्फ मोहडा लगाई उत्तरतर्फ फर्काइ गाडी राखिएको थियो। गाडीको सबै ढोका बन्द अवस्थामा थियो र सो गाडीमा रातो कलर लगाई बा.७.च.०७६४ को नम्बर लेखिएको थियो। सो स्थानमा कोही कसैले नदेखेपछि म आफ्नै सुरमा गाउँतर्फ गएँ, म राजपुर गाउँमा जाँदा १५।१६ जना मानिस जम्मा भएका बेला मैले चोरीको गाडी जस्तो छ, म आउँदा जंगल बाटोमा नयाँ नम्बर प्लेट लेखेको देखे भोलि तपाइँहरूलाई अप्ठेरो पर्ला प्रहरी कहाँ खबर गर्नुहोस् भनेपछि पहाडी मूलका ३ जना केटाहरू २।३ पटक गाउँमा आएका थिएँ। बिग्रेको छ भनी भन्दै थिएँ त्यसपश्चात् प्रहरी कहाँ खबर गरेका हौं भन्ने बेहोराको कपडा व्यापारी सुरेन्द्रप्रसाद गुप्ताले गरिदिएको घटना विवरण कागज।

जिल्ला बाँके, मनिकापुर गाउँ विकास समिति वडा नं. ३ स्थित पूर्वमा राँझा जाने बाटो, पश्चिममा डुरूवा खोला, उत्तरमा खाली बाँझो खेत, दक्षिणमा बाटो यति चार किल्लाभित्र रहेको मदनापुर भन्ने स्थानमा डुरूवा खोलाको २५ मिटर राँझा जाने बाटोको १० मिटर पश्चिमतर्फ खोलाको ढिक रहेको सो ढिक माटोले पुरी राखेको मृत बेवारिसे लासको टाउकोको भाग जमिनदेखि माथि देखिएको, सो टाउको वरिपरि छोटो कपालहरू छरिएर रहेको, उक्त लासको वरिपरि रहेको माटो उत्खनन् गरी हेर्दा दक्षिण शिरान, उत्तर गोड्यान भई घोप्टो पारी रहेको लासको टाउकाको छाला खुइलिएको, अनुहार शरीर सडी गली गएको, टाउकोको खप्पर भाग जमिनमाथि देखिएको अवस्थामा रहेको भन्ने बेहोराको लास जाँच मुचुल्का।

मिति २०६८।१०।२८ मा जिल्ला बाँके, नेपालगञ्ज नगरपालिका वडा नं. ११ जोलाहान टोल बस्ने फिरोज अहमद अन्सारीले गरिदिएको लास सनाखत कागज।

वारदात मिति र समयमा म आफ्नै होटल कोठामा थिएँ। कमल वि.क. करिब १ वर्षअगाडि मेरो होटल नजिक क्यापिटल होटलमा कोठा लिई बसेको अवस्थामा परिचय भई चिनजान भएको हो। त्यस्तैमा २०६८ सालको मंसिर महिनाको पहिलो हप्तामा निज कमल वि.क. सहित अन्य नाम थाहा नभएका २ जना केटा र १ जना केटीसहित मेरो होटलमा आई कोठा लिई बसेका थिए। निजहरू ३।४ दिन त्यहाँ बसी कहाँ कता गएँ। त्यसको ३।४ दिन पछाडि भारतीय नम्बर प्लेटको गाडीमा आएका थिए। हामीहरूले भन्सार गरी

ल्याएका हौं भनी भनेका थिए। निजहरू त्यसपश्चात् के कुन स्थानमा गए, UP40T0072 नं. को बोलेरो चालक मोहम्मद एहसान अन्सारीलाई कसैले कर्तव्य गरी मारी फालेको हुनुपर्छ जस्तो लाग्छ। निजलाई को कसले के कसरी मारेका हुन् मलाई थाहा भएन भन्ने बेहोराको भिमबहादुर खत्री, ससे कामीको घटना विवरण कागज।

मिति २०६८।१०।३ गते जिल्ला रूकुम, गरायाला गाउँ विकास समिति वडा नं. ५ बस्ने कमल भन्ने खडक वि.क समेतका व्यक्तिहरूले भारत १८ बेलदारन टोल बस्ने मोहम्मद एहसान अन्सारीले चलाई ल्याएको UP40T0072 नं. को बोलेरो जिप चालकलाई बाँके, मनिकापुर–३ स्थित कर्तव्य गरी मारी फाली उक्त लास मिति २०६८।१०।२८ गते फेला परेको हुँदा कानूनबमोजिम गरिपाउँ भन्ने बेहोराको मो.फुर्कान अन्सारीको जाहेरी दरखास्त।

मिति २०६८।१०।३ गते म र मेरो जेठो बुबाको छोरा कमल भन्ने खड्क वि.क., दाई ललित वि.क. र गाउँले दाई गोपाल वादीसमेत ४ जना भारत हरिद्वारबाट घर फर्की नेपाल आउने क्रममा हामी चारै जनाले गाडी रिजर्व गरी रूपैडिया भन्सारसम्म जाने भनी सल्लाह भएपछि दाई कमल भन्ने खड्क वि.क.ले मृतकसँग पूर्व चिनजान भएकोले फोन सम्पर्क गरी भारत लखिमपुरबाट UP40T0072 नं. को बोलेरो जिप रिजर्भ गरी रूपैडिया आई रूपैडियामा नै रात परिसकेकाले हामी चारै जनाको पूर्व सल्लाहअनुसार निजलाई राँझासम्म लग्ने र निजलाई कर्तव्य गरी मारौं निजसँग भएको धनमाल तथा सो बोलेरो गाडीसमेत चोरी गरी दाङतर्फ लगी बिक्री गर्ने सल्लाह भएकोले हाम्रो पूर्वयोजनाअनुसार नै दाई कमल भने खड्क वि.क.ले राँझा एयरपोर्टसम्म जाउँ सबै हिसाब किताब राँझामा गरौंला भनेपछि बोलेरो चालकले दाईसँग पूर्व चिनजानको कारणले नै राँझासम्म आउनका लागि सहमत भएपछि भन्सारमा गाडी इन्ट्री गराइसकेपछि नेपाल आउने क्रममा भन्सार क्रस भएपछि दाई खडक वि.क. ले गाडी म चलाउँछु भनी आफैँ गाडी चलाई राँझाको बजार हुँदै बाँके, मनिकापुर–३ जंगलको बाटो डुरूवा नालातर्फ लगी रहेका अवस्थामा हामीहरूको पूर्व सल्लाह तथा योजनाअनुसार नै अगाडि सिटमा बसेका भारतीय चालक मोहम्मद एहसान अन्सारीलाई पछाडि बाट म, दाई ललित वि.क. र गोपाल वादीसमेतले गाडी गुडिरहेकै अवस्थामा पछेउरीले घाँटीमा कसी निजलाई कराउनसमेत नदिई गुडिरहेकै गाडीमा कर्तव्य गरी मारेका हौं। सोपश्चात् डुडुवा नालाको ढिकमा पुगेपछि हामीसँग खाल्डो खन्ने साधन नभएकोले पहिरो गएको स्थान खाल्डो परेको देखेपछि निजलाई गाड्नुपूर्व निजको साथमा भएको मोबाइल र पर्समा भएको सबै पैसा दाई कमल भन्ने खड्क वि.क.ले नै झिकी सोही खाल्टोमा पुरेका हौं। बोलेरो गाडी बिक्री भएपछि सबै हिसाब एवं भागबन्डा गरौंला भनेका थिए। राति नै दाई खड्क वि.क.ले सो गाडी आफैँले चलाई दाङतर्फ लैजाने भनी गएका अवस्थामा गाडीको भारतीय नम्बर प्लेट भएकोले नेपाली नं. प्लेट हाली लिनका लागि बाँके, शमशेरगंज स्थित पर्ने राजपुर गाउँ जाने जंगलको बाटोमा गाडी लुकाई राख्यौं। बिहानपख दाई खड्क वि.क.ले नेपालगञ्जबाट नम्बर प्लेट र गाडीका कागजात बनाएर ल्याउँछु तिमीहरू गाडी कुरेर बस्नु भनेपछि दाई नेपालगञ्ज गएपछि हामी तिनै जनाले भारतीय गाडीको नम्बर प्लेट झिकी दाई ललित वि.क.ले रातो इनामेलले बा.७.च.०७६४ नं. लेखेका थिए। दिउँसो अं. १।२ बजेको थियो होला कहाँ कताबाट प्रहरीले थाहा पाई सोही जंगलतर्फ आएको दाई गोपाल वादीले देखी थाहा पाएपश्चात् हामीहरू जंगल एरियाबाट भागी फरार भएका हौं भन्ने बेहोराको प्रतिवादी किरण वि.क. को अनुसन्धान अधिकारीसमक्ष भएको बयान।

वारदात मिति र समयमा म आफ्नै घरमा थिएँ। तत्काल भारत नानपारा बस्ने UP40T0072 नं. को बोलेरो चालक मोहम्मद एहसान अन्सारीलाई

कर्तव्य गरी मारेको भन्ने केही थाहा भएन । मिति २०६८।१०।२८ गते मनिकापुर–३ डुडुवा नालाको ढिक पहिरोमा कर्तव्य गरी मारेका अवस्थामा कोहलपुरको प्रहरी टोलीले मृतकको लासलाई फेला पारी घटनास्थल मुचुल्कासमेत गरेको कुरा सुनी थाहा पाएको हुँ । तत्काल को कसले कर्तव्य गरी मारेका हुन् भन्ने थाहा भएन हाल बुझ्दै जाँदा पक्राउमा परेका रूकुम, गरयाला–५ बस्ने किरण वि.क. समेतका व्यक्तिहरूले बोलेरो जिप चालक मोहम्मद एहसान अन्सारीलाई मारेको कुरा थाहा भयो भन्ने बेहोराको नेपाल सिंह घर्ति, प्रलाद यादव, वाङ्गे चमार र धनिराम पुनको एकै मिलानको छुट्टाछुट्टै घटना विवरण कागज ।

मेरो श्रीमान् मोहम्मद एहसान अन्सारी विगत लामो समयदेखि भारत जिल्ला बहराइच नानपारा गुरदासपुरूवा बस्ने राम शरव बर्माको UP40T0072 नं. को बोलेरो जिप बुकिङमा नानपारा रूपैडिया नेपालगञ्जसम्म चलाउने गर्दै आएका बेला मिति २०६८।१०।३ गते मेरो श्रीमान्ले गाडी बुकिङ गरी लखिमपुर भारतबाट नेपालगञ्जको लागि रिजर्वमा ४ जना नेपाली मानिसहरूलाई लिई जाँदैछु भनी फोनमार्फत जानकारी पाएकी थिएँ । निज घरमा फिर्ता नभएपछि खोजतलासका लागि नेपालगञ्ज आएका अवस्थामा मिति २०६८।१०।४ गते जिल्ला बाँके, महादेवपुरी गाउँ विकास समिति वडा नं. ९ महेन्द्र राजमार्ग सडक खण्डमा दक्षिणतर्फ राजपुर सामुदायिक जंगलमा भारतीय नम्बर प्लेट निकाली बा.७.च.०७६४ नं. लेखिएको अवस्थामा मेरो श्रीमान्ले रिजर्वमा ल्याएको गाडी फेला परेको र मिति २०६८।१०।२८ गते जिल्ला बाँके, मनिकापुर–३ स्थित डुडुवा खोलाको ढिकमा खाल्डोमा माटोले पुरिएको अवस्थामा मृतक मोहम्मद एहसान अन्सारीको लास फेला परेको हुँदा निज प्रतिवादी कमल भन्ने खड्क वि.क., ललित वि.क., किरण वि.क. र गोपाल वादीसमेतका व्यक्तिहरूले पूर्व मार्ने योजना बनाई मोहम्मद एहसान अन्सारीले बुकिङमा चलाउँदै आएको UP40T0072 नं. को बोलेरो गाडी नेपालगञ्ज राँझा एयरपोर्टसम्मको लागि बुकिङ गरी ल्याई आई कर्तव्य गरी मारी खाल्डोमा पुरी फालेका हुन् । निजहरूलाई हदैसम्मको सजाय तथा कारबाही गरिपाउँ भन्ने मृतक मोहम्मद एहसान अन्सारीको श्रीमती सविना अन्सारीले समिर अहमद अन्सारीको रोहबरमा गरेको कागज ।

प्रतिवादीहरूले चोरी गरेको UP40T0072 नं. को बोलेरो गाडीको मुल्य रू.२८, २०,०००।– पर्छ भन्ने भुषाल इन्टरनेसनलको पत्र ।

प्रतिवादीहरू किरण वि.क., कमल भन्ने खड्कबहादुर वि.क., ललित वि.क. र गोपाल वादीले मोहम्मद एहसान अन्सारीले चलाउने गरेको भारतीय UP40T0072 नं. को बोलेरो जिप भारत लखिनपुरबाट नेपालगञ्जको लागि रिजर्भ गरी लिई आई वारदातस्थल बाँके, मनिकापुर गाउँ विकास समिति वडा नं. ३ स्थितमा पुगेपछि उक्त गाडीका चालक मोहम्मद एहसान अन्सारीलाई कर्तव्य गरी मारेर मुल्य रू.२८, २०,०००।– पर्ने उक्त UP40T0072 नं. को बोलेरो गाडी चोरी गरी लगेको पुष्टि भई प्रतिवादीहरू किरण वि.क., कमल भन्ने खड्कबहादुर वि.क., ललित वि.क. र गोपाल वादीले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. तथा चोरीको महलको १ र ४ नं. को कसुर गरेको हुँदा निज प्रतिवादीहरूलाई सोही ज्यानसम्बन्धी महलको १३(३) नं. तथा चोरीको महलको १४(२) नं. बमोजिम सजाय गरिपाउँ भन्ने बेहोराको अभियोग पत्र ।

मिति २०६८।१०।४ को बरामदी मुचुल्का र घटना विवरण मुचुल्का ठीक हो । प्रतिवादी गोपाल वादी, ललित वि.क.ले मृतक ड्राइभरलाई पछ्यौरीले कसी मारेका हुन् । म पछाडि डिक्कीको सिटमा थिएँ । गाडी कमल भन्ने खड्कबहादुरले चलाएका थिए । मैले किन यस्तो गर्छौ भन्दा तँलाई पनि यस्तै गर्छौं भनी धम्की दिएका हुन् । मलाई गाडीबाट झर्न नदिई

गाडीको ढोका लक गरी अन्य प्रतिवादीहरू लास गाड्न गएका हुन्। मैले मोहम्मद एहसान अन्सारीलाई कर्तव्य गरी मारेको होइन। अभियोग दाबीबमोजिम सफाइ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी किरण वि.क. ले सुरू अदालतमा गरेको बयान।

प्रतिवादीहरू कमल भन्ने खड्कबहादुर वि.क., ललित वि.क., गोपाल वादीको नाउँमा यस सुरू अदालतबाट मिति २०६९।१२।२५ मा जारी भएको वारेन्ट म्याद पुर्जी।

प्रतिवादी किरण वि.क. को अनुसन्धान अधिकारीसमक्ष भएको बयान तथा सुरू अदालतमा गरेको बयानबाट निज प्रतिवादी वारदात हुँदा मृतकको गाडीमा रहे भएको देखिन्छ। यस अवस्थामा तत्काल प्राप्त प्रमाणहरूका आधारमा प्रतिवादी किरण वि.क.लाई निर्दोष मान्न मिलेन । पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी अ.बं.११८ को देहाय २ बमोजिम नियमानुसार सिधा खान पाउने गरी थुनामा राख्नु भन्ने मिति २०६९।१२।२३ को आदेश।

प्रतिवादी किरण वि.क.ले मोहम्मद एहसान अन्सारीलाई हत्या गरेका होइनन्। निज परिवन्दमा परी फसेका हुन्। निज प्रतिवादी निर्दोष व्यक्ति हुन् भन्नेसमेत बेहोराको प्रतिवादी किरण वि.क. को साक्षी लिलबहादुर वि.क. ले सुरू अदालतमा गरेको बकपत्र।

मोहम्मद एहसान अन्सारीको हत्यामा किरण वि.क. को कुनै संलग्नता छैन । प्रतिवादी खड्क वि.क., किरण वि.क. ठूला बुबाको छोरा भई निजहरूले बदमासी गर्ने कार्य थाहा नभएर परिबन्दमा परी फसेका हुन्। निज निर्दोष हुँदा सफाइ पाउनु पर्ने हो भन्नेसमेत बेहोराको प्रतिवादी किरण वि.क.का साक्षी कृष्ण मल्लले सुरू अदालतमा गरेको बकपत्र।

फरार प्रतिवादीहरू खडकबहादुर वि.क., ललित वि.क. र गोपाल वादीको अंश रोक्का राखी पेस गर्नु भन्ने मिति २०७१।२।१८ को आदेश।

प्रतिवादीमध्येका कमल भन्ने खड्कबहादुर वि.क., ललित वि.क. र गोपाल वादी म्यादमा हाजिर नभई फरार रहेको देखिँदा निजहरूका हकमा अ.बं.१९० नं. बमोजिम मुलतबी राखी दिने र प्रतिवादी किरण वि.क. को हकमा निजले वादीको अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. र ऐ. चोरीको महलको १ र ४ नं. को कसुर गरेको पुष्टि हुन आएकोले ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद र ऐ. चोरीको महलको १४(२) नं. बमोजिम १ महिना १५ दिन र बिगो रू.२८,२०,०००।- को डेढी रू.४२,३०,०००।- जरिवाना गरी जरिवानाबापत समेत कैद हुने ठहर्छ भन्ने सुरू बाँके जिल्ला अदालतको मिति २०७१/१०/११ को फैसला।

वारदात हुँदा म वारदातस्थलमा रहे भए पनि मृतकलाई मार्नमा मेरो कुनै सल्लाह संलग्नता रहेको छैन। अन्य प्रतिवादीहरू मिली मेरो सामुन्नेमा मृतकलाई मारेको हो । मलाई अन्य प्रतिवादीहरूले धम्की दिएका कारण डरले कहीँकतै नभनेको हो । मृतकलाई कर्तव्य गरी मार्नमा मेरो कुनै संलग्नता छैन । अनुसन्धानमा मलाई इच्छा विरूद्ध साबिती बयान गराइएको हो । मृतकको लास जाँच मुचुल्का र शव परीक्षण प्रतिवेदनमा मृतकको मृत्युको कारण र को कसको संलग्नता खुल्न सकेको छैन । वादी पक्षका साक्षीहरूले अदालतसमक्ष बकपत्र गर्न सकेको पनि पाइँदैन । मैले बोलेरो जिप चोरी गरेको, सो बेची पैसा धनमाल बाँडी खाएको तथ्य कहीँकतैबाट पुष्टि भएको छैन । प्रहरी अनुसन्धानमा मेरो इच्छा विरूद्ध भएको साबिती बयानका आधारमा सुरू बाँके जिल्ला अदालतले मलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद र ऐ. चोरीको महलको १४(२) नं. बमोजिम १ महिना १५ दिन र बिगो रू.२८,२०,०००।- को डेढी रू.४२,३०,०००।- जरिवाना गरी जरिवानाबापत समेत कैद हुने ठहऱ्याई गरेको फैसला प्रमाण ऐन, २०३१ को

दफा ३,९,१०,१५,१८,३१,३७ र ५४ नं., सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ३,६,७ र ११, मुलुकी ऐन अ.बं. १७३ नं. र ज्यानसम्बन्धी महलको १,१३(३) नं.को कानूनी व्याख्या तथा सर्वोच्च अदालतबाट मा प्रतिपादित नजिर सिद्धान्तसमेतको गम्भीर त्रुटिपूर्ण गरी भएकोले उक्त फैसला उल्टी गरी अभियोग दाबीबाट सफाइ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी किरण वि.क. को पुनरावेदन पत्र।

मृतक मोहमद एहसान अन्सारीलाई मसमेतले पछ्यौरीले निजको घाँटीमा कसी कर्तव्य गरी मारी निज मृतक मोहमद एहसान अन्सारीले भारतबाट ल्याएको भारतीय UP40T0072 नं. को बोलेरो गाडीको नम्बर प्लेट झिकी उक्त गाडीमा बा.७.च ०७६४ नं. लेखी मृतक मोहमद एहसान अन्सारीको लास डुडुवा नालाको ढिकनजिक पहिरो गई खाल्टो परेको स्थानमा गाडी माटोले पुरेकासमेत हौं भनी प्रतिवादी किरण वि.क.ले अधिकारप्राप्त अधिकारीसमक्ष साबित भई बयान गरेको र निजको उक्त साबिती बयान उक्त भारतीय UP40T0072 नं. को बोलेरो जिपको अगाडि पछाडि रातो इनामेलले बा. ७ च ०७६४ नं. लेखिएको भन्नेसमेतको उक्त गाडी बरामद भएको मिति २०६८/१०/४ को बरामदी मुचुल्का र त्यस्तै डुडुवा खोलाको ढिकनजिक माटोले पुरी राखेको, दक्षिण शिरान, उत्तर गोड्यान भई सडीगली टाउकोको खप्पर जमिनमाथि देखिएको बेवारिसी लास रहेको भन्नेसमेतको मिति २०६८/१०/२८ को लास जाँच प्रकृति मुचुल्कासमेतबाट समर्थन भएकोसमेतका आधारमा निज मृतक मोहमद एहसान अन्सारीलाई प्रतिवादी किरण वि.क. समेतले कर्तव्य गरी मारी उक्त बोलेरो जिप चोरी गरेकोसमेत देखिँदा निज प्रतिवादी किरण वि.क.लाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद तथा चोरीको महलको १४(२) नं. बमोजिम १ महिना १५ दिन कैद र रू.४२,३०,०००।– जरिवानासमेत हुने ठहऱ्याई भएको सुरू बाँके जिल्ला अदालतबाट मिति २०७१/१०/११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादी किरण वि.क.को पुनरावेदन जिकिर पुग्न सक्दैन भन्ने पुनरावेदन अदालत नेपालगञ्जको मिति २०७२।९।५ गतेको फैसला।

मेरो इच्छाविपरीत अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयानलाई अभियोग दाबीबमोजिम सजाय गर्न मिल्ने होइन। मेरो उक्त बयान Exclusionary rule को विरूद्ध रहेको छ। सो बयान श्री ५ को सरकार विरूद्ध सोचन्द्र प्रसाद यादव (ने.का.प. २०६६, नि.नं. ६१२) भएको मुद्दा र (नेकाप २०६९, अंक २, नि.नं. ८७६४) मा प्रतिपादित सिद्धान्तसमेतको प्रतिकूल रहेको छ । लासजाँच मुचुल्का तथा बरामदी मुचुल्काबाट मेरो कसुरमा संलग्नता देखिँदैन । आरोपबमोजिमको उक्त बोलेरो जिप मेरो सँगसाथबाट बरामद भएको र मैले नै चोरेको भन्ने प्रमाणित हुँदैन। वारदातमा मेरो संलग्नताको पुष्टि हुन सकेको छैन। प्रस्तुत मुद्दामा मृतकको मृत्यु कसको कर्तव्यबाट भएको हो भन्ने यकिन गर्ने स्वतन्त्र तथा ठोस प्रमाणको अभाव रहेको छ । लासजाँच प्रकृति मुचुल्काबाट मृतकको मृत्यु कर्तव्यबाटै भएको भन्ने प्रमाणित हुँदैमा सो कर्तव्य मैले नै गरेँ भन्ने प्रमाणको सर्वथा अभाव रहेको छ। मृतकलाई कर्तव्य गरी मैले मारेको हो भनी देख्ने प्रत्यक्षदर्शीको अभाव रहेको छ। जाहेरवालाको जाहेरी बकपत्र भई जाहेरी सनाखत हुनसम्म सकेको छैन । ठोस प्रमाणको अभावमा जाहेरीकै भरमा कसुरदार ठहर गर्न मिल्ने होइन। प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम मउपरको अभियोग शंकारहित तवरले पुष्टि भएको छैन। अपराध जतिसुकै गम्भीर, शंका जतिसुकै बलियो, गतिविधि जस्तोसुकै शंकास्पद भए पनि त्यस्ता कुराले प्रमाण ग्रहण गर्न नसक्ने अवस्थामा सोही आधार बनाई अभियोग दाबीबमोजिम कसुर ठहराई सुरू अदालतबाट भएको

फैसला सदर गरेको पुनरावेदन अदालत नेपालगञ्जको मिति २०७२/९/५ गतेको फैसला उल्टी गरी अभियोग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादी किरण वि.क. को पुनरावेदन पत्र।

साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न कागजातहरू र पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसमेत अध्ययन गरी इन्साफतर्फ विचार गर्दा, अभियोग दाबीबमोजिमको कसुर ठहर गरेको सुरू जिल्ला अदालतको फैसला मनासिब ठहराई तत्कालीन पुनरावेदन अदालत नेपालगञ्जबाट मिति २०७२/९/५ मा भएको फैसला मिले नमिलेको के रहेछ ? पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा, प्रतिवादीहरू किरण वि.क., कमल भन्ने खड्कबहादुर वि.क., ललित वि.क. र गोपाल वादीले मृतक मोहम्मद एहसान अन्सारीलाई कर्तव्य गरी मारी रू.२८,२०,०००।- पर्ने UP40T0072 नं. को भारतीय बोलेरो गाडी चोरी गरी लगेको पुष्टि भएकाले निज प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. तथा चोरीको महलको १ र ४ नं. को कसुरमा १३(३) नं. तथा १४(२) नं. बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग पत्र रहेकोमा प्रतिवादीहरू मध्ये यी पुनरावेदक प्रतिवादी किरण वि.क. बाहेक अन्य आरोपित प्रतिवादीहरू फरार रही निजहरूको हकमा अ.बं. १९० नं. बमोजिम मुलतबी रहेकाले फरार रहेका प्रतिवादीहरूको हकमा मुलतबीबाट जगाई बाँकी कारबाही हुने नै हुँदा सोतर्फ प्रस्तुत मुद्दाबाट केही बोलिरहन परेन।

३. पक्राउ परेका किरण वि.क.को हकमा विचार गर्दा, प्रतिवादीहरू किरण वि.क., कमल भन्ने खड्कबहादुर वि.क., ललित वि.क. र गोपाल वादीले बाँके जिल्ला, मनिकपुर गाउँ विकास समिति वडा नं. ३ स्थित गाडी चालक मोहम्मद एहसान अन्सारीलाई कर्तव्यगरीमारेररू.२८,२०,०००।-पर्नेUP40T0072 नं. को बोलेरो गाडी चोरी गरी लगेको पुष्टि भएकाले निज प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. तथा चोरीको महलको १ र ४ नं. को कसुर गरेको हुँदा निज प्रतिवादीहरूलाई सोही महलको १३(३) नं. तथा चोरीको महलको १ र ४ नं. को कसुर गरेको हुँदा निज प्रतिवादीहरूलाई सोही महलको १३(३) नं. तथा चोरीको १४(२) नं. बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग दाबी भएको पाइयो। उक्त अभियोग दाबीबमोजिम प्रतिवादी किरण वि.क.ले कसुर गरेको पुष्टि भएकाले निजलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद र ऐ. चोरीको महलको १४(२) नं. बमोजिम १ महिना १५ दिन कैद र बिगो रू.२८,२०,०००।– को डेढी रू.४२,३०,०००।– जरिवाना गरी जरिवानाबापत कैदसमेत हुने ठहराई भएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत नेपालगञ्जको मिति २०७२/९/५ को फैसलाउपर प्रतिवादी किरण वि.क. को पुनरावेदन परी प्रस्तुत मुद्दा निर्णयार्थ पेस हुन आएको पाइयो।

४. प्रतिवादीहरू किरण वि.क., कमल भन्ने खड्कबहादुर वि.क., ललित वि.क. र गोपाल वादीले UP40T0072 नं. को बोलेरो गाडी चालक मोहम्मद एहसान अन्सारीलाई कर्तव्य गरी मारेको पुष्टि भएकाले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. तथा चोरीको महलको १ र ४ नं. को कसुरमा निज प्रतिवादीहरूलाई सोही ज्यानसम्बन्धी महलको १३(३) नं. तथा चोरीको महलको १४(२) नं. बमोजिम सजाय गरिपाउँ भन्ने बेहोराको अभियोग पत्र रहेको पाइयो । यस सन्दर्भमा मृतक मोहम्मद एहसान अन्सारीको मृत्यु कर्तव्यबाट भएको हो, होइन भन्नेतर्फ हेर्दा, जिल्ला बाँके, मनिकापुर गाउँ विकास समिति वडा नं. ३ स्थित मदनापुर भन्ने स्थानमा डुरूवा खोलाको २५ मिटर पूर्व राँझा जाने बाटोको १० मिटर पश्चिमतर्फ खोलाको ढिक रहेको सो ढिकमा

माटोले पुरी राखेको मृत बेवारिसी लासको टाउकोको भाग जमिनदेखि माथि देखिएको, उक्त लासको वरिपरि रहेको माटो उत्खनन गरी हेर्दा दक्षिण शिरान, उत्तर गोड्यान भई घोप्टो पारी रहेको लासको टाउकोको छाला खुइलिएको अनुहार सडीगली गएको, टाउकोको खप्पर मात्र जमिनमाथि देखिएको भन्नेसमेतको मिति २०६८/१०/२८ को घटनास्थल लास जाँच मुचुल्का रहेको पाइन्छ। भेरी अञ्चल अस्पतालको शव परीक्षण प्रतिवेदनमा "NOT SPECIFIED DUE TO HIGHLY DECOMPOSED BODY, VISCERA SENT FOR BIO-CHEMICAL ANALYSIS" भन्ने रहेको देखिन्छ।

५. वारदात मिति र समयमा राजमार्ग सडक खण्डदेखि अं. ५०० मिटरभित्र जंगल बाटोमा सामुदायिक जंगलबाट राजमार्गतर्फ मोहडा लगाई उत्तरतर्फ फर्काई गाडी राखिएको थियो। गाडीको सबै ढोका बन्द अवस्थामा थियो र सो गाडीमा रातो कलर लगाई बा.७.च.०७६४ को नम्बर लेखिएको थियो। म राजपुर गाउँमा जाँदा १५।१६ जना मानिस जम्मा भएका बेला मैले चोरीको गाडी जस्तो छ म आउँदा जंगल बाटोमा नयाँ नम्बर प्लेट लेखेको देखेँ। भोलि तपाइँहरूलाई अप्ठेरो पर्ला प्रहरीकहाँ खबर गर्नुहोस् भनेपश्चात् प्रहरीकहाँ खबर गरेका हौं भन्नेसमेत बेहोराको कपडा व्यापारी सुरेन्द्रप्रसाद गुप्ताले गरिदिएको घटना विवरण कागज र वारदात मिति र समयमा म आफ्नै होटल कोठामा थिएँ। कमल वि.क. करिब १ वर्षअगाडि क्यापिटल होटलमा कोठा लिई बसेको अवस्थामा परिचय भई चिनजान भएको हो। २०६८ सालको मंसिर महिनाको पहिलो हप्तामा निज कमल वि.क. सहित अन्य नाम थाहा नभएका २ जना केटा र १ जना केटीसहित होटलमा आई कोठा लिई बसेका थिए। त्यसको ३।४ दिनपछाडि भारतीय नम्बर प्लेटको गाडीमा आएका थिए। हामीहरूले भन्सार गरी ल्याएका हौं भनी भनेका थिए। निजहरू त्यसपश्चात के कुन स्थानमा गए, UP40T0072 नं. को बोलेरो चालक मोहम्मद एहसान अन्सारीलाई कसैले कर्तव्य गरी मारी फालेको हुनुपर्छ जस्तो लाग्छ। निजलाई को कसले के कसरी मारेका हुन् हामीलाई थाहा भएन भन्नेसमेत बेहोराको भिमबहादुर खत्री र ससे कामीको घटना विवरण कागज देखिन्छ। बेवारिसी लास गाडिएको घटनास्थल र उक्त लास रहेको भेरी अञ्चल अस्पतालमा गई हेर्दा उक्त बेवारिसी भनिएको लास मेरो मामा नाता पर्ने मृतक मोहम्मद एहसान अन्सारीको हो भनी सनाखत गरिदिएँ भनी फिरोज अहमद अन्सारीले मिति २०६८/१०/२८ मा सनाखत कागज गरेकोसमेत पाइन्छ। किटानी जाहेरी, घटनास्थल लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, घटना विवरणको कागज गर्नेहरूको भनाइसमेतको तथ्यबाट पनि मोहम्मद एहसान अन्सारीको मृत्यु कर्तव्यबाट भएको तथ्यमा विवाद देखिएन।

६. यी प्रतिवादी किरण वि.क. उपर किटानी जाहेरी परेकोमा अनुसन्धान अधिकारीसमक्षको बयानमा *हामीहरूको पूर्वसल्लाह तथा योजनाअनुसार नै अगाडि सिटमा बसेका भारतीय चालक मोहम्मद एहसान अन्सारीलाई पछाडिबाट म, दाई ललित वि.क. र गोपाल वादीसमेतले गाडी गुडिरहेकै अवस्थामा पछ्यौरीले घाँटीमा कसी निजलाई कराउनसमेत नदिई गुडिरहेकै गाडीमा कर्तव्य गरी मारेका हौं* भनी किटानी जाहेरीबमोजिम घटनालाई सहज र सरल ढङ्गले स्वीकार गरी बयान गरेका यी प्रतिवादीले अदालतमा इन्कारी बयान गरेको पाइन्छ। यसरी अदालतमा इन्कारी बयान गरे तापनि मृतकसहित अन्य फरार प्रतिवादीसहित भारतीय UP४०T००७२ नं. को बोलेरो जीपमा सँगै आई यी प्रतिवादी, फरार प्रतिवादीहरू कमल भन्ने खड्कबहादुर वि.क., ललित वि.क. र गोपाल वादीसमेत भई गाडी गुडिरहेकै अवस्थामा पछ्यौरीले घाँटीमा कसी गाडीमा नै मारी तत्पश्चात् डुडुवा नालाको ढिकमा पुगेपछि हामीसँग

खाल्डो खन्ने साधन नभएकोले पहिरो गएको स्थान खाल्डो परेको देखेपछि निजलाई सोही खाल्टोमा पुरेका हौं भनी बयान गरेको पाइन्छ । बोलेरो गाडी भारतीय नम्बर प्लेट भएकोले नेपाली नं. प्लेट हाली लिनका लागि राजपुर गाउँ जाने जंगलको बाटोमा गाडी लुकाई राखी हामी तिनै जनाले भारतीय गाडीको नम्बर प्लेट झिकी दाई ललित वि.क.ले रातो इनामेलले बा. ७ च ०७६४ नं. लेखेको अवस्थामा प्रहरीले थाहा पाई भागेका हौं भन्नेसमेत बेहोराको स्वभाविक र वास्तविक तथ्यमा आधारित बयान दिएको पाइन्छ । भारत हरिद्वारबाट आउँदा भारतबाट नै रिजर्भ गरी गाडी ल्याइएको र नेपालमा ल्याई एकान्त जंगल स्थानमा ड्राइभरलाई अन्य फरार प्रतिवादीहरूले गाडीभित्रै मारेका र गाडी लगेका तर सो गाडीमा बसेका यी प्रतिवादी किरण वि.क. ले कर्तव्य गरी मार्ने कार्य गरेको होइन भनी अदालतमा बयान गरेका छन् । भारतबाट सँगसँगै अन्य प्रतिवादीहरूसँग भारतीय नम्बरको जिप रिजर्भ गरी ४ जना मात्र आएको भन्ने निजको बयान छ। मृतकको लासलाई गाड्ने कार्य भएको छ। भारतीय नम्बरको गाडीलाई चोरी गर्ने उद्देश्यले नेपाली नम्बर राख्ने कार्य गरेका छन् । गाडीलाई जंगलमा लुकाई राखेको अवस्थामा बरामद भएको छ। गाडी चोरी गर्ने नियतले नै भारतबाट रिजर्भ गरी ल्याई ड्राइभरलाई मार्ने कार्य भएको र सो गाडी भारतबाट रिजर्भ गरी ल्याउने कार्यमा यी प्रतिवादी किरण वि.क. समेतको संलग्नता रहेको भन्ने तथ्य स्पष्ट छ । स्वयं प्रतिवादी गाडीभित्र बसेको अवस्थामा मार्ने कार्य हुँदा निज प्रतिवादीको सहमति मन्जुरी र कार्यमा सहभागिता थिएन भन्ने भनाइ स्वभाविक छैन । वस्तुत: भारत हरिद्वारबाट आउँदा भारतीय नम्बरको गाडी रिजर्भ गरी ल्याउने र गाडी चोरी गर्ने उद्देश्य भएको, सो कार्य गर्नमा प्रतिवादी किरण वि.क.को समेत संलग्नता रहेको परिस्थितिजन्य प्रमाणले पुष्टि गरिरहेको पाइयो । सो उद्देश्य पूर्ति गर्न गाडीको ड्राइभरलाई कर्तव्य गरी मारेमा मात्र सफल हुने हुँदा मार्ने कार्यमा पनि प्रतिवादीको संलग्नता रहेकै देखियो। निजले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको आरोपित कसुरबमोजिमको समर्थित बयान बेहोरालाई मिसिल संलग्न अन्य (Indirect and Circumstantial Evidence) प्रमाणले समर्थित गरेको देखिन्छ।

७. प्रस्तुत मुद्दाको वारदातमा यी प्रतिवादी प्रत्यक्षदर्शी हुन् भने सोबाहेक अन्य प्रमाणहरू अप्रत्यक्ष प्रमाणको रूपमा रहेका छन् । प्रत्यक्षदर्शीको रूपमा रहेका प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान बेहोरालाई मिसिल संलग्न अन्य परिस्थितिजन्य (Indirect and Circumstantial Evidence) प्रमाणले समर्थित गरेको पाइन्छ । कुनै प्रतिवादीले आफू संलग्न वारदातका सम्बन्धमा अनुसन्धान अधिकारीसमक्षको बयानमा आरोपित कसुर स्वीकार गरी अदालतसमक्षको बयानमा असत्य वा झुठो कुरा व्यक्त गर्न सक्दछ तर परिस्थिति र तथ्यले कहिल्यै झुठो बोल्दैन भन्ने मान्यताको जगमा परिस्थितिजन्य प्रमाणको सिद्धान्त अडेको हुन्छ। अप्रत्यक्ष प्रमाणको आधारबाट पनि अदालतले विवादको सही निरूपण गर्नुपर्ने हुन्छ। अपराधीले सदा कसैले देख्ने गरी अपराध नगर्ने र अपराधसँग सम्बन्धित दशी प्रमाणसमेत नष्ट गर्ने प्रयास गर्ने हुँदा फौजदारी मुद्दामा परिस्थितिजन्य प्रमाणबाट पनि दोषी पत्ता लगाउनु पर्ने बाध्यता रहन्छ। यसै कारणबाट अप्रत्यक्ष वा परिस्थितिजन्य प्रमाणलाई फौजदारी न्याय प्रणालीमा स्थान दिइएको हो। कुनै पनि प्रतिवादीले प्रत्यक्ष प्रमाण (Direct Evidence) नष्ट गर्न सक्ने र प्रत्यक्षदर्शीको अभाव रहेको अवस्थामा पनि दोषी पत्ता लगाउनु पर्ने अवस्थामा परिस्थितिजन्य (Indirect and Circumstantial Evidence) प्रमाणको सहारा लिनुपर्ने हुन्छ । यस्तो अवस्थामा प्रतिवादीले परिस्थितिजन्य प्रमाणलाई दबाउन, लुकाउन वा तोडमोड गर्न कठिन हुने हुँदा प्रत्यक्ष प्रमाणभन्दा यो बढी विश्वासयोग्य मान्ने गरिन्छ।

८. मेरो इच्छाविपरीत अधिकारप्राप्त

अधिकारीसमक्ष भएको बयानलाई अभियोग दाबीबमोजिम सजाय गर्न मिल्ने होइन भन्ने प्रतिवादी किरण वि.क.को पुनरावेदन जिकिर रहेको पाइन्छ। यस सन्दर्भमा हेर्दा अधिकारप्राप्त अधिकारीसमक्ष भएको स्वीकारोक्ति बयान होस् वा अदालतमा भएको इन्कारी बयान होस् यी दुवै बयानलाई अन्य स्वतन्त्र, वस्तुनिष्ठ तथा ठोस प्रमाणसहित आरोपित प्रतिवादीउपरको कसुर शंकारहित तवरबाट पुष्टि नभएसम्म आरोपित कसुर पुष्टि गर्न वा खण्डन गर्ने प्रयोजनको लागि प्रमाणमा ग्रहण गर्ने स्थिति रहन सक्दैन । कुनै दबाब, प्रभाव र त्रास विना आफ्नो राजीखुसीसाथ मौकामा स्वइच्छाले बयान गरी सहिछाप गरेको बेहोरालाई अदालतमा इन्कारी बयान गर्दैमा सो बयान निजको इच्छाविपरीत गराइएको थियो भन्ने देखिँदैन । अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान डर त्रासमा गराएको भए सो बेहोरा अदालतमा म्याद थप गर्ने क्रममा भन्नु पर्नेमा निजले सो बेहोरा भनेको वा कुनै निवेदन अदालतमा दिएको मिसिल संलग्न कागजातबाट देखिन नआएबाट निजको अधिकारप्राप्त अधिकारीसमक्षको बयान कुनै डर, त्रास र प्रभाव विना नै भएको रहेछ भनी मान्नु पर्ने देखिन आयो । अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयानलाई सप्रमाण खण्डन नभएसम्म निजको मौकाको बयान निज विरूद्ध प्रमाणमा लाग्ने नै देखिन आउँछ । निज प्रतिवादीले अदालतमा मृतकलाई मार्नमा आफ्नो संलग्नता थिएन भन्नेबाहेक अन्य बयान बेहोरा, जाहेरी दरखास्त, लासजाँच मुचुल्का, मौकामा कागज गर्नेहरूको भनाइमा मिल्ने गरी नै बयान दिएको पाइन्छ । मृतकलाई मारी खाल्डोमा पुरिसकेपछि सो गाडी भारतीय भएको कारण नेपाली नं. मा परिणत गर्नसम्म यी प्रतिवादी सहमत भएको कुरा गाडीको रेखदेख गर्न बस्नुले नै पुष्टि हुन्छ । यदि प्रतिवादी मृतकलाई मार्न र गाडी चोर्नमा सहमत नभएको भए मृतकलाई खाल्डोमा पुरेपछि गाडी नं. परिवर्तन गर्न लागेको समयसम्म सो घटनाको बारेमा जानकारी दिने पर्याप्त समय र अवसर हुँदाहुँदै सम्पूर्ण घटनामा पूरै संलग्न रही आरोपित कसुर गरी अन्य प्रतिवादीहरूसँग भागी गएको बेहोरा निजको बयानबाटै देखिन्छ। आफ्नो मन्जुरबेगर मृतकलाई मार्न र गाडी चोरी कार्यमा संलग्न नरहेको भए घटना घटेको समय मिति २०६८/१०/३ देखि पक्राउ भएको समय मिति २०६९/१२/१ सम्म सो घटनाको बारेमा कहीँकतै जाहेर नगर्नुले स्पष्ट पार्छ।

९. अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयानलाई अभियोग दाबीबमोजिम सजाय गर्न मिल्ने होइन भन्ने प्रतिवादी किरण वि.क.को पुनरावेदन जिकिर रहेको सन्दर्भमा वादी मेदनीप्रसाद न्यौपानेको जाहेरीले नेपाल सरकार विरूद्ध प्रतिवादी राजकुमार श्रेष्ठ भएको कर्तव्य ज्यान मुद्दामा (ने. का.प. २०६८, अङ्क ९, नि.नं. ८६८७) ***वारदात एकान्तस्थल जंगलमा घटेकोले त्यस्तो ठाउँमा अन्य व्यक्तिको उपस्थिति हुन सक्ने सम्भावना नहुँदा कर्तव्य गरी मारेको देख्ने प्रत्यक्षदर्शी साक्षीको उपस्थिति नहुनु स्वाभाविकै हो । त्यतिकै कारणले मात्र वारदातमा यी प्रतिवादीहरूको संलग्नता छैन भनी अन्य परिस्थितिजन्य प्रमाणलाई ठाडै अस्वीकार गर्न नमिल्ने । इन्कारीले मात्र कुनै अभियुक्तले आरोपित कसुरबाट फुर्सद पाउन र सजायबाट उन्मुक्ति पाउन सक्दैन । सजायबाट बच्नका लागि अदालतमा सामान्य रूपले इन्कारी बयान गर्नु एउटा कुरा हो र त्यसको पुष्ट्याइँका लागि विश्वसनीय र ठोस आधार, प्रमाण पनि पेस गर्न सक्नु अर्को कुरा हो । दुवै अवस्थालाई अदालतले गम्भीरतापूर्वक विचार गर्नुपर्ने हुन्छ । दुईमध्ये दोस्रो अवस्था बढी विश्वसनीय हुन सक्दछ जसको खण्डन वादी पक्षबाट हुन नसकेमा निर्दोषिताको लागि प्रमाणको रूपमा ग्राह्य हुन सक्ने । अभियोजन पक्षबाट उल्लेख्य प्रमाणहरूको उपस्थितिमा अभियुक्तको पहिलो अवस्थाको सामान्य इन्कारी मात्र निजको निर्दोषिताको प्रमाण बन्न सक्दैन ।***

किनभने सजायबाट बच्नका लागि मात्र अदालतलाई ढाँट्न खोजेको हो वा वास्तवमै अमूक अभियुक्त बेकसुर रहेको छ ? अदालतले उपलब्ध समग्र प्रमाणको विश्लेषण गरी सत्य र तथ्यको निरूपण गरी प्रमाणको आधारमा ठहर इन्साफ गर्नुपर्ने भन्ने कानूनी सिद्धान्तसमेत प्रतिपादित भएको पाइन्छ ।

१०. भारतबाट ल्याएको UP40T0072 नं. को जिप आफ्नो होइन भन्ने बेहोरामा यी प्रतिवादी सहमत नै भएको पाइन्छ । गाडी चालक मृतक मोहम्मद एहसान अन्सारीको हत्या भएपछि सो गाडी भारतीय नं. को भएकोले सो गाडीलाई आफ्नो कब्जामा लिई मृतकको हक मेटी आफ्नो हक स्वामित्व बनाउन नेपाली नं. बा.७ च. ०७६४ नं. लेख्नसमेत यी प्रतिवादीको मन्जुरी नै भएको देखिन्छ । यसबाट यी प्रतिवादीसमेतको संलग्नतामा चोरीको १ र ४ नं. को कसुर गरेको पुष्टि हुन आयो । यी प्रतिवादीले आरोपित कसुरबमोजिमको अपराध नगरेको भए प्रहरी आएको देखेपछि सोही ठाउँमा गाडी छाडी फरार हुनुपर्ने अवस्था र परिस्थिति देखिन आउँदैन । आफ्नो इच्छा र सहमतिबेगर अन्य सहप्रतिवादीले मात्र आरोपित कसुर गरेको भए सो घटना घटेको बेहोराको जानकारी दिने दायित्वबाट यी प्रतिवादी किन पन्छिए सो कुराको पुष्टि हुन सकेको देखिँदैन । आफ्नो अधिकारप्राप्त अधिकारीसमक्ष भएको स्वीकारोक्ति बयानलाई अदालतमा भएको बयानले खण्डन गरेको अवस्थामा उक्त बयानलाई प्रमाणमा लिने गरी भएको फैसला Exclusionary rule विरूद्ध रहेको जिकिर लिने प्रतिवादीले आफूसमेत संलग्न रहेको घटनाको जानकारी दिएको खण्डमा सो कसुरको भागीदार स्वयं हुनुपर्छ भन्ने जानकारी भई जाना जान नदिएको भन्ने देखिन आयो ।

११. तसर्थ, माथि विवेचित तथ्य तथा आधार कारणबाट पुनरावेदक प्रतिवादीको समेत संलग्नतामा मोहम्मद एहसान अन्सारीलाई कर्तव्य गरी मारी गाडी चोरी गरी बेच्ने सल्लाह भएको भन्ने उपर्युक्त विवेचित (Indirect and Circumstantial Evidence) प्रमाणहरूसमेतबाट पुष्टि हुन आएकोले प्रतिवादी किरण वि.क.लाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. तथा चोरीको महलको १ र ४ नं. को कसुरमा निजलाई ज्यानसम्बन्धी महलको १३(३) नं. सर्वस्वसहित जन्मकैदको सजाय तथा चोरीको महलको १४(२) नं. बमोजिम १ महिना १५ दिन र बिगो रू.२८,२०,०००।- को डेढी रू.४२,३०,०००।- जरिवाना गरी जरिवानाबापत समेत कैद हुने ठहराई भएको सुरू बाँके जिल्ला अदालतको मिति २०७१/१०/११ को फैसला मनासिब ठहराएको पुनरावेदन अदालत नेपालगञ्जको मिति २०७२।९।५ को फैसलामा तथ्यको विवेचना, प्रमाणको मूल्याङ्कन, अपराधको निर्धारण र सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको त्रुटि विद्यमान रहेको नदेखिँदा सदर हुने ठहर्छ । अभियोग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी यस अदालतको अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या. ईश्वरप्रसाद खतिवडा

इजलास अधिकृत : दुर्गाप्रसाद भट्टराई
इति संवत् २०७४ साल भाद्र १९ गते २ रोज शुभम् ।

निर्णय नं. १००५८

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ
माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
फैसला मिति : २०७४।५।१९
०७१-CR-१३०७

मुद्दाः कर्तव्य ज्यान

पुनरावेदक / प्रतिवादी : जिल्ला दार्चुला, धुलीगडा गाउँ विकास समिति वडा नं. घर भई हाल कारागार कार्यालय दार्चुलामा कैदमा रहेका आन सिंह ठगुन्ना

विरूद्ध

प्रत्यर्थी / वादी : नरेन्द्र सिंह ठगुन्नाको जाहेरीले नेपाल सरकार

- **आवेशप्रेरित हत्याको कुरामा तत्काल उठेको रिसको आवेगमा कुनै प्रतिक्रियात्मक कार्य गर्दा मानिसको मृत्यु भएको अवस्था हुन्छ । मृतकले गरेको कुनै कार्यको परिणामस्वरूप अभियुक्त तत्काल आवेगमा आई कसुरजन्य कार्य गर्न पुगेको अवस्था देखिनु आवेशप्रेरित हत्या ठहर हुनका लागि आवश्यक हुन्छ । मृतकले गरेको कार्यबाट आवेशमा आउने अवस्था थियो वा थिएन भन्ने कुरा Reasonable person standard बाट परीक्षण गरिनुपर्दछ । केवल मृतकको व्यवहार वा कार्यका कारणबाट आवेशमा आएर ज्यान लिएको हुँ भनी प्रतिवादीले गरेको जिकिरलाई नै आवेशप्रेरित हत्या भनी मान्ने निर्णायक आधारको रूपमा ग्रहण गर्न नसकिने ।**

(प्रकरण नं.५)

पुनरावेदक / प्रतिवादीका तर्फबाट : विद्वान् वैतनिक अधिवक्ता श्री शोभा कार्की
प्रत्यर्थी / वादीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता श्री सुरेन्द्र थापा
अवलम्बित नजिर :
सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्नेः
मा. जिल्ला न्यायाधीश श्री जयानन्द पनेरू
दार्चुला जिल्ला अदालत
पुनरावेदन तहमा फैसला गर्नेः
माननीय मुख्य न्यायाधीश श्री पोषनाथ शर्मा
मा. न्यायाधीश श्री रामेश्वरनाथ अमात्य
पुनरावेदन अदालत, महेन्द्रनगर

फैसला

न्या. ईश्वरप्रसाद खतिवडा : तत्कालीन न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम पुनरावेदक प्रतिवादी आन सिंह ठगुन्नाको पुनरावेदन यस अदालतमा दायर भई पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छः-

तथ्य खण्ड

पूर्वमा जय सिंह ऐरीको आवादी जमिन, पश्चिममा निजकै खरफागलो, उत्तरमा निज जय सिंह ऐरीको आवादी जमिन, दक्षिणमा धुलिगडा गाउँबाट दार्चुला खलंगा जाने गोरेटो बाटो यति चार किल्ला सिमानाभित्र दक्षिण मोहडा भएको भूमिराज मन्दिर, सो मन्दिरको बाहिरपट्टि फूल र धूपका कभरहरू तथा चामल रहेको, सो नजिकै आगो बालेको खरानी जलेका दाउरा रहेका, सो स्थान नजिकै फलामको

कराई र दाउराको थुप्रो रहेको, सोही स्थानमा जिल्ला दार्चुला धुलिगडा गाउँ विकास समिति वडा नं. १ बस्ने पदम सिंह ठगुन्ना उत्तानो अवस्थामा रहेको निजको अनुहारको बायाँपट्टि र टाउको पछाडि रगत जस्तो रातो पदार्थ बगिरहेको, निज आगो बालेको स्थानमा बसिरहेको अवस्थामा खानेपानीको विषयलाई लिएर वादविवाद हुँदा विपक्षी आन सिंह ठगुन्नाले सोही स्थाननजिक रहेको दाउराको थुप्रोबाट दाउराको चिरपट समाती निज पदम सिंह ठगुन्नाको टाउकोमा प्रहार गरी सख्त घाइते बनाएको, घटनास्थलमा प्रयोग गरेको लम्बाई २ फिट, गोलाई अं. ५ ईन्च भएको रातो रगत जस्तो दाग लागेको रूइस काठको चिरपट प्रहरीले घटनास्थल मुचुल्कासाथ उठाई लगेको भन्ने बेहोराको घटनास्थल मुचुल्का।

पूर्वमा चौलानी नदी, पश्चिममा गोकुलेश्वर अस्पतालको भवन, उत्तरमा बहुमुखी क्याम्पस जाने रोड, दक्षिणमा सोही अस्पतालको शौचालय, यति चारकिल्लाभित्र उक्त गोकुलेश्वर अस्पतालको लास घर, सो लास घरको उत्तरपट्टिको बरण्डामा खैरो रङको कम्बलले छोपी उत्तानो अवस्थामा मृतक पदम सिंह ठगुन्नाको लास रहेको भन्ने बेहोराको लास जाँच मुचुल्का।

मिति २०७१।२।२७ गतेको बिहान अं. ८.०० बजेको समयमा जिल्ला दार्चुला धुलिगडा गाउँ विकास समिति वडा नं. १ स्थित भूमिराज मन्दिरमा पाठ पूजा भइरहेको अवस्थामा खानेपानीसम्बन्धी वादविवाद हुँदा ऐ.ऐ. बस्ने आन सिंह ठगुन्नाले मेरा बाबु पदम सिंह ठगुन्नाको शरीरमा कराईमा उम्लेको तेल फाली त्यसपछि नजिकै रहेको काठको चिरपटले टाउकोमा हिर्काउँदा बाबु पदम सिंह ठगुन्नालाई चोटपटक लागी सख्त घाइते भइसकेपछि मेरा फुपू नरूली देवीले मलाई खबर गरेपछि घटनास्थलमा गई अन्यायीलाई किन मेरो बाबुलाई हानेको भन्दा मलाई पनि मारी दिन्छु भनेपछि गाउँलेहरूले जोगाएका हुन् र त्यसपछि बाबुलाई उपचारको लागि प्राथमिक स्वास्थ्य केन्द्र गोकुलेश्वरमा लगेकोमा सो अस्पतालमा उपचार हुन नसकी नेपालगञ्ज कोहलपुरतर्फ लैजाने क्रममा बैतडी जिल्लाको सित्तड गाउँ विकास समिति वडा नं. ४ चमतड भन्ने स्थानमा बाबु पदम सिंह ठगुन्नाको मृत्यु भएकोले निज प्रतिवादीलाई पक्राउ गरी कर्तव्य ज्यानअन्तर्गत कारबाही गरिपाउँ भन्ने बेहोराको नरेन्द्र सिंह ठगुन्नाको जाहेरी दरखास्त।

मृत्युको कारण Blunt Force Injury of Head causing Fracture of Skull and Damage to Brain Matter भन्ने बेहोराको जिल्ला स्वास्थ्य कार्यालय दार्चुलाबाट भएको मृतक पदम सिंह ठगुन्नाको मिति २०७१।२।२८ गतेको शव परीक्षण प्रतिवेदन।

मिति २०७१।२।२७ गते म घटनास्थलमा थिएँ। घटनाबारे मैले प्रत्यक्ष देखी थाहा पाएको हुँ। उल्लिखित मितिको बिहान जिल्ला दार्चुला धुलिगडा गाउँ विकास समिति वडा नं. १ पनढुङ्गामा रहेको भूमिराज मन्दिरमा सबै गाउँलेहरूको पाठ पूजा भएकाले मसमेतका व्यक्तिहरू उक्त मन्दिरमा गएका थियौं। मृतक पदम सिंह ठगुन्ना सो मन्दिरका पुजारी भएकाले सो मन्दिर नजिकै कराईमा तेल तताई रहेका अवस्थामा मृतक पदम सिंह ठगुन्ना र आन सिंह ठगुन्नाबीच खानेपानी विषयमा वादविवाद हुँदा उक्त कराईमा तताई राखेको तेल प्रतिवादी आन सिंह ठगुन्नाले मृतकको शरीरमा फाली सोही नजिकै रहेको दाउराको खातबाट दाउराको चिरपट समाती मृतक पदम सिंह ठगुन्नाको टाउकोमा दुई पटक प्रहार गर्दा सख्त घाइते भई भुइँमा ढलेको हो। सोपश्चात् घाइते पदम सिंह ठगुन्नालाई मसमेतले उपचारका लागि गोकुलेश्वर अस्पताल ल्याएकोमा सो अस्पतालमा उपचार हुन नसकी कोहलपुरतर्फ लैजाने क्रममा बाटोमा नै मृत्यु भएको हो भन्ने कुरा थाहा पाएको थिएँ। मृतकको मृत्यु प्रतिवादीकै कुटपिटबाट भएको

हो र मृतक र प्रतिवादीबीच उक्त विषय सम्बन्धमा पूर्वरिसइवी थियो, थिएन थाहा भएन र सो घटनामा अन्य कसैको संलग्नता छैन भन्ने बेहोराको जय सिंह ऐरीले गरिदिएको घटना विवरण कागज।

मिति २०७१।२।२७ गते बिहान सबै गाउँलेहरू वारदात स्थानमा रहेको भूमिराज मन्दिरमा पाठ पूजा भएकाले म आफ्नो घरबाट पूजाको सामान लिई उक्त मन्दिरमा जाँदा मृतक पदम सिंह ठगुन्ना मन्दिरनजिकै आगो बालेको स्थानमा भुइँमा बेहोस अवस्थामा ढलेको देखेकी हुँ । सोपछि वारदात स्थानमा रहेका दलिसिंह ठगुन्नासमेतलाई सोधपुछ गर्दा मृतक उल्लिखित मन्दिरका पुजारी भएकाले पुरी, रोटी पकाई रहेका र सोही स्थानमा विपक्षीसमेत बसेका अवस्थामा मृतक र विपक्षीबीच खानेपानीको विषयलाई लिएर एकआपसमा वादविवाद हुँदा विपक्षीले सोही आगो बालेको नजिक दाउराको खातबाट दाउराको चिरपट समाती मृतक पदम सिंह ठगुन्नाको टाउकोमा दुई पटक प्रहार गरेको भन्ने कुरा सुनी थाहा पाई निज प्रतिवादीलाई किन कुटपिट गरेको भनी सम्झाउँदा मलाईसमेत कुटपिट गर्न आएको हो । पछि मैले घटनास्थलको केही दूरीमा रहेको वनमा गाई चराउन गएका मृतकका छोरा जाहेरवालालाई बोलाएकी हुँ । मृतकको मृत्यु प्रतिवादीकै कुटपिटबाट भएको हो भन्ने बेहोराको नरूली देवी धामीले गरिदिएको कागज।

मिति २०७१।२।२७ गते म घटनास्थलमा थिएँ । घटनाबारे मैले प्रत्यक्ष देखी थाहा पाएको हुँ । उल्लिखित मितिको बिहान जिल्ला दार्चुला धुलिगडा गाउँ विकास समिति वडा नं. १ पनढुङ्गामा रहेको भूमिराज मन्दिरमा सबै गाउँलेहरूको पाठ पूजा भएकाले मसमेतका व्यक्तिहरू उक्त मन्दिरमा गएका थियौं । मृतक पदम सिंह ठगुन्ना सो मन्दिरका पुजारी भएकाले मन्दिर नजिकै कराईमा तेल तताई रहेका अवस्थामा प्रतिवादीले मृतकलाई मेरो खानेपानीको पाइप किन काटेको हो भनी भन्दा मृतकले मैले काटेको छैन, मृतकले मेरो फागलामा चारवटा बाटो लगाएको छ, चार बाटो दिँदैन दुई बाटो मात्र दिन्छु भन्नासाथ सोही विषयलाई लिएर कराईमा तताई रहेको तेल प्रतिवादी आन सिंह ठगुन्नाले मृतकको शरीरमा फाली सोही नजिक रहेको दाउराको खातबाट दाउराको चिरपट समाती मृतक पदम सिंह ठगुन्नाको टाउकोमा दुई पटक प्रहार गर्दा सख्त घाइते भई भुइँमा ढलेको हो र प्रतिवादीलाई कुटपिट झै-झगडा नगर भनेको अवस्थामा उल्टै रिसको आवेगमा मलाई समेत हातपात गर्न खोज्दा म घटनास्थलबाट अलि टाढा गएँ । मृतकको अवस्था देखी म होपलेस भएको थिएँ। सोपश्चात् घाइते पदम सिंह ठगुन्नालाई उपचारका लागि गोकुलेश्वर अस्पताल दार्चुलामा लैजान आधा बाटोसम्म गएको थिएँ। पछि मृतकको सो अस्पतालमा उपचार हुन नसकी कोहलपुर अस्पतालतर्फ लैजाने क्रममा बाटोमा नै मृत्यु भएको हो भन्ने कुरा थाहा पाएको थिएँ । मृतकको मृत्यु प्रतिवादीकै कुटपिटबाट भएको हो । मृतक र प्रतिवादीबीच उक्त विषय सम्बन्धमा पूर्वरिसइवी थियो, थिएन सोबारे थाहा भएन र सो घटनामा अन्य कुनै कसैको संलग्नता छैन भन्ने बेहोराको दली सिंह ठगुन्नाले गरिदिएको घटना विवरण कागज।

मिति २०७१।२।२७ गतेको बिहान मेरै गाउँमा भूमिराज मन्दिरमा पाठ पूजा भएकाले घरबाट सामान लिई गाउँका १२।१३ परिवारसहित सँगै गएका थियौं। उक्त वारदात मितिको बिहान पाठ पूजा हुनुभन्दा पहिला नै खानेपानीको विषयलाई लिएर मृतक पदम सिंह ठगुन्ना र मेरो एक आपसमा वादविवाद हुँदाका बखत उक्त मन्दिर नजिकै आगो बाली रोटी पुरी पकाउने क्रममा चुलोमा कराईमा तेल राखेको अवस्थामा सोही चुलोमा आगोले बलेको बलमुणो समाई मृतकले मलाई हान्न खोज्दा मैले दायाँ हातले छेक्दा मेरो दायाँ हातको बुढी औंलामा आगोले जली फोका उठेको थियो । सोही वारदात स्थानमा म र मृतकसमेतका ६।७ जना

गाउँले व्यक्तिहरू थियौं । सोपछि चुलोमा लगाएको तेलसहितको कराई मृतकको शरीरमा फालेको थिएँ। पुनः मृतकले मलाई हान्न खोज्दा मैले सोही मन्दिर नजिकै दाउराको खातबाट दाउराको चिरपट समाती निज मृतक पदम सिंह ठगुन्नाको टाउकोमा दुई पटक प्रहार गरेपछि मृतक सोही स्थानमा ढलेका थिए । सोही चोटले निज मृतक सख्त घाइते भई निजको टाउकोबाट रगत बगेको थियो । सोपछि म तत्काल घटनास्थलबाट भागी गएको हुँ। पछि मृतक पदम सिंह ठगुन्नालाई उपचारका लागि प्राथमिक स्वास्थ्य केन्द्र गोकुलेश्वर दार्चुलामा लगेका र सो अस्पतालमा उपचार हुन नसकी साधन स्रोत सम्पन्न अस्पताल नेपालगञ्ज कोहलपुर लैजाने क्रममा बैतडी जिल्लाको सित्तड गा.वि.स. भन्ने स्थानमा सोही मितिको राति नै निजको मृत्यु भएको भन्ने कुरा थाहा पाएको थिएँ। मृतकको मृत्यु मैले नै प्रहार गरेको दाउराको चिरपटको चोटबाट भएको हो । सो घटनामा अन्य कुनै कसैको संलग्नता छैन। निज मृतकलाई म एक्लैले कुटपिट गरेको हो भन्ने बेहोराको प्रतिवादी आन सिंह ठगुन्नाले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज।

मिति २०७१।२।२७ गतेको बिहान जिल्ला दार्चुला धुलिगडा गाउँ विकास समिति वडा नं. १ पनढुङ्गा स्थित रहेको भूमिराज मन्दिरमा सबै गाउँलेहरूको पूजा पाठ भएकाले सोही मन्दिरमा गएको थिएँ। मृतक पदम सिंह ठगुन्नाको मृत्युसम्बन्धी मैले घटनास्थलमा प्रत्यक्ष देखी थाहा पाएअनुसार उक्त वारदात मितिको बिहान उक्त मन्दिरमा पूजा पाठ भएका कारण आगो बाली कराईमा पुरी रोटी हाल्नको लागि तेलको कराई चुलोमा राखेको र तेल हल्का तातिरहेको अवस्थामा पुरी रोटी हाल्नको लागि तयारी गर्दागर्दै सोही स्थानमा खानेपानीको विषयलाई लिएर प्रतिवादी आन सिंह ठगुन्ना, मृतक पदम सिंह ठगुन्नाबीच एकआपसमा वादविवाद भई एक्कासी प्रतिवादीले कराईमा भएको तेल मृतकको शरीरमा फाली चुलो नजिकै रहेको दाउराको खातबाट दाउराको चिरपट समाती मृतकको टाउकोमा दुईपटक प्रहार गरेको र सोपछि निज मृतक सोही स्थानमा ढलेका थिए । मृतकको टाउकोबाट रगतसमेत बगेको अवस्था थियो । मैले निज प्रतिवादीलाई किन यसरी कुटपिट गरेको भन्दा निजले खानेपानीको विषयलाई लिएर वादविवाद गरेको हुँदा सोही कारणले मैले मृतकलाई दाउराको चिरपटले दुई पटक प्रहार गरेको हुँ भनी भनेका थिए । मृतक सख्त घाइते भएपश्चात् उपचारका लागि प्राथमिक स्वास्थ्य केन्द्र गोकुलेश्वर, दार्चुलामा लगेका हुन् । सो अस्पतालमा उपचार हुन नसकि थप उपचारका लागि नेपालगञ्ज कोहलपुरतर्फ लैजाने क्रममा बैतडी जिल्लाको सित्तड गाउँ विकास समितिअन्तर्गत चमतड भन्ने स्थानमा सोही मितिको राति मृत्यु भएको हो भन्ने कुरा थाहा पाएको थिएँ। मृतक पदम सिंह ठगुन्नाको मृत्यु अन्य कुनै कसैको कारणबाट नभई प्रतिवादीकै कुटपिटबाट भएको हो । मृतक र प्रतिवादीबीच पूर्व कुनै रिसइवी थियो, थिएन सोबारे थाहा छैन । सो घटनामा अन्य कुनै कसैको संलग्नता छैन भन्नेसमेत बेहोराको जयमल सिंह ठगुन्नाले गरिदिएको घटना विवरण कागज।

मिति २०७१।२।२७ गतेको बिहान जिल्ला दार्चुला धुलिगडा गाउँ विकास समिति वडा नं. १ पनढुङ्गा स्थित रहेको भूमिराज मन्दिरमा सबै गाउँलेहरूको पूजा पाठ भएकाले सोही मन्दिरमा पूजाको सामान पुऱ्याई घरमा आई पुनः उक्त मन्दिरमा जाँदा मृतक मन्दिर नजिकै आगो बलेको ठाउँमा बेहोस अवस्थामा भुइँमा ढलेको देखी घटनास्थलमा रहेका दलि सिंह ठगुन्ना, नरूली देवी धामीसमेतलाई के भएको हो भनी सोधपुछ गर्दा प्रतिवादी आन सिंह ठगुन्ना र मृतक पदम सिंह ठगुन्नाबीच एकआपसमा वादविवाद भई एक्कासी प्रतिवादीले कराईमा भएको तेल मृतकको शरीरमा फाली चुलो नजिकै रहेको दाउराको खातबाट दाउराको चिरपट समाती मृतकको टाउकोमा दुई पटक

हानेको भनी भन्दा थाहा पाएको हुँ । सोपश्चात् मृतक सख्त घाइते भएको अवस्थामा गाउँलेहरूले उपचारका लागि प्रा.स्वा.केन्द्र गोकुलेश्वर, दार्चुलामा लगेका हुन् । सो अस्पतालमा उपचार हुन नसकी थप उपचारका लागि नेपालगञ्ज कोहलपुरतर्फ लैजाने क्रममा बैतडी जिल्लाको सित्तड गाउँ विकास समितिअन्तर्गत चमतड भन्ने स्थानमा सोही मितिको राति मृत्यु भएको हो भन्ने कुरा थाहा पाएको थिएँ । मृतक पदम सिंह ठगुन्नाको मृत्यु अन्य कुनै कसैको कारणबाट नभई प्रतिवादीकै कुटपिटबाट भएको हो । मृतक र प्रतिवादीबीच पूर्व कुनै रिसइवी थियो, थिएन सोबारे थाहा छैन । सो घटनामा अन्य कुनै कसैको संलग्नता छैन भन्नेसमेत बेहोराको जय सिंह धामीले गरिदिएको घटना विवरण कागज ।

मिति २०७१।२।२७ गतेको बिहान जिल्ला दार्चुला धुलिगडा गाउँ विकास समिति वडा नं. १ पनढुङ्गा स्थित रहेको भूमिराज मन्दिरमा सबै गाउँलेहरूको पूजा पाठ भएकाले सोही मन्दिरमा गएको थिएँ । सोही स्थानमा खानेपानी विषयलाई लिएर प्रतिवादी आन सिंह ठगुन्ना र मृतक पदम सिंह ठगुन्नाबीच एकआपसमा वादविवाद भई एक्कासी उल्लिखित प्रतिवादीले कराईमा भएको तेल मृतकको शरीरमा फाली चुलो नजिकै रहेको दाउराको खातबाट दाउराको चिरपट समाती मृतकको टाउकोमा दुई पटक प्रहार गरेको र सोपछि निज मृतक सोही स्थानमा ढलेका थिए । मृतकको टाउकोबाट रगतसमेत बगेको अवस्था थियो । मैले निज प्रतिवादीलाई किन यसरी कुटपिट गरेको भन्दा निजले खानेपानीको विषयलाई लिएर वादविवाद गरेको हुँदा सोही कारणले मैले मृतकलाई दाउराको चिरपटले दुई पटक प्रहार गरेको हुँ भनी भनेका थिए । मृतक सख्त घाइते भएपश्चात् उपचारका लागि प्रा.स्वा.केन्द्र गोकुलेश्वर, दार्चुलामा लगेका हुन् । सो अस्पतालमा उपचार हुन नसकी थप उपचारका लागि नेपालगञ्ज कोहलपुरतर्फ लैजाने क्रममा बैतडी जिल्लाको सित्तड गाउँ विकास समितिअन्तर्गत चमतड भन्ने स्थानमा सोही मितिको राति मृत्यु भएको हो भन्ने कुरा थाहा पाएको थिएँ । मृतक पदम सिंह ठगुन्नाको मृत्यु अन्य कुनै कसैको कारणबाट नभई प्रतिवादीकै कुटपिटबाट भएको हो । मृतक र प्रतिवादीबीच पूर्व कुनै रिसइवी थियो, थिएन सोबारे थाहा छैन । सो घटनामा अन्य कुनै कसैको संलग्नता छैन भन्नेसमेत बेहोराको लाल सिंह ठगुन्नाले गरिदिएको घटना विवरण कागज ।

मृतकको मृत्यु प्रतिवादी आन सिंह ठगुन्नाकै कुटपिटबाट भएको हो भनी बुझिएका व्यक्तिहरू समेतले किटानीसाथ लेखाई दिएको किटानी जाहेरी दरखास्तलगायत मिसिल संलग्न कागजातहरू तथा सबुद प्रमाणहरूबाट प्रतिवादी आन सिंह ठगुन्नाले मृतकको टाउकोमा दाउराको चिरपटले प्रहार गरी सोही चोटका कारणबाट मृतकको मृत्यु भएको पुष्टि हुन आएकाले प्रतिवादी आन सिंह ठगुन्नाले गरेको उक्त कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३(३) नं. बमोजिमको कसुर अपराध गरेकोले निज प्रतिवादी आन सिंह ठगुन्नालाई सोही महलको १३(३) नं. बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग माग दाबी ।

मृतक पदम सिंह ठगुन्नाले उक्त घटना हुनुभन्दा ४ दिनअघि सोही गाउँका ६।७ जनाको घरमा जाने खानेपानीको पाइप काटी आफूले मात्रै लगाएको थियो । त्यतिबेलादेखि मेरो निजसँग भेट भएको थिएन । मिति २०७१।२।२७ गते बिहान सोही ठाउँ नजिकै रहेको भूमिराज मन्दिरमा पूजाको तयारी भइरहेको समयमा निज पदम सिंह ठगुन्नासँग भेट भई खानेपानीको पाइप किन काटेका हौ भनी सोधनी गर्दा वादविवाद हुन गई निज मृतकले ममाथि हातपात गर्न खोज्दा मैले हातले रोकेको र पछि मलाई एक्कासी रिस उठेकाले कराईमा तताई राखेको तेल निजको शरीरमा फाली दाउराको चिरपट समाती टाउकोमा दुई चोट हानेको हुँ । सो चोटबाट निज सख्त घाइते भएका र उपचारका लागि अस्पतालतर्फ लैजाने क्रममा बाटोमा नै मृत्यु भएको हो भन्ने बेहोराको प्रतिवादी आन सिंह

ठगुन्नाले अदालतसमक्ष गरेको बयान।

प्रतिवादी आन सिंह ठगुन्ना, मृतक पदम सिंह ठगुन्ना र मलगायत अन्य गाउँलेहरू भूमिराज मन्दिरमा पूजा गर्न भनी तयारी गरिराखेको अवस्थामा यी प्रतिवादी आन सिंह ठगुन्ना र मृतकका बीचमा खानेपानीको पाइप काटेको सम्बन्धमा वादविवाद हुँदा मृतकले मेरो खर फागलोबाट चार ओटा बाटो छ त्यो चारै बाटोबाट हिँड्न दिँदैन भनेपछि प्रतिवादीले पनि मेरो खर फागलोबाट हिँड्न दिँदैन भन्दा वादविवाद भएको र प्रतिवादीले तिमी मेरो बाटोबाट हिँड्छौ, म तिम्रो बाटोबाट हिँड्छु बढी कुरा नगर बढी गरेपछि तेल तिम्रो शरीरमा फाली दिउँला भन्दा मृतकले बाबुको छोरा भए मेरो शरीरमा फाल भनेपछि यी प्रतिवादीले तताएको तेल मृतकको शरीर र मुखमा फाली नजिकै रहेको दाउराको खातबाट दाउराको चिरपट समाती मृतकको टाउकोमा दुईपटक हान्दा मृतक बेहोस भई ढलेको र निजलाई उपचारका लागि अस्पताल लैजाँदा बाटामा नै मृत्यु भएको हो भन्ने बेहोराको घटना विवरण कागज गर्ने तथा प्रत्यक्षदर्शी जय सिंह ऐरीले गरेको बकपत्र।

मिति २०७१।२।२७ को बिहान ८ बजेको समयमा भूमिराज मन्दिरमा पूजाको सामाग्री लिई पुग्दा मृतकलाई बेहोस अवस्थामा देखेकी हुँ। को कस्ले निजलाई कुटपिट गरेको हो भनी त्यहाँ उपस्थित व्यक्तिहरूलाई सोध्दा यी प्रतिवादी आन सिंह ठगुन्नाले मैले कुटपिट गरेको हुँ भनी बताएको र त्यसपछि मैले मृतकको छोरा नरेन्द्र सिंह ठगुन्नालाई खबर गरी निज घटनास्थलमा आएका र मृतकलाई उपचारका लागि अस्पताल लैजाँदा बाटोमा नै मृत्यु भएको हो भन्ने बेहोराको घटना विवरणका व्यक्ति नरूली देवी धामीले गरेको बकपत्र।

प्रतिवादी आन सिंह ठगुन्ना, मृतक पदम सिंह ठगुन्ना र अन्य गाउँलेहरू भूमिराज मन्दिरमा पूजा गर्न भनी तयारी गरिराखेको अवस्थामा यी प्रतिवादी आन सिंह ठगुन्ना र मृतकका बीचमा खानेपानीको पाइप काटेको सम्बन्धमा वादविवाद हुँदा यी प्रतिवादी आन सिंह ठगुन्नाले कराईमा उम्ली राखेको तेल मृतक बाबुको शरीर र अनुहारमा फाली नजिकै रहेको दाउराको खातबाट दाउराको चिरपट समाती मृतक बाबुको टाउकोमा दुई चोट हानी कुटपिट गर्दा निज बेहोस भएकाले सो कुरा मेरी फुपू नरूली देवी धामीले मलाई बताई घटनास्थलमा पुग्दा मृतक बाबुलाई घाइते र बेहोस अवस्थामा देखेको हुँ। निजको उपचारका लागि अस्पताल लैजाँदा बाटोमा नै मृत्यु भएको हो भन्ने बेहोराको जाहेरवाला नरेन्द्र सिंह ठगुन्नाले गरेको बकपत्र।

प्रतिवादी आन सिंह ठगुन्नालाई अभियोग माग दाबीबमोजिम मुलुकी ऐन ज्यानसम्बन्धी महलको १ र १३ (३) नं. विपरीतको कसुरमा सोही महलको १३ (३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्छ। साथै मुलुकी ऐन अ.बं. १८८ नं. बमोजिम १२ (बाह्र) वर्ष मात्र कैद हुनुपर्ने राय जाहेर गरेको छु भन्नेसमेत बेहोराको दार्चुला जिल्ला अदालतको मिति २०७१।३।३० को फैसला।

आरोपित कसुरमा अनुसन्धान र अदालतमा समेत तत्काल उठेको रिसको झोकमा मैले हानेको दाउराको चिरपटको चोटबाट मृत्यु भएको कुरा मैले स्वीकार गरेको छु। मेरो रिसइवी भएको कहीँकतै छैन। मन्दिरमा पूजामा सामेल हुन म पूजाको सामान लिई आएको छु। मन्दिरमा पानी विवादको कुराले एक्कासी रिस उठी घटना घटेको कुरा मिसिल संलग्न प्रमाण बोली राखेका छन्। यस्तो अवस्थामा सजाय गर्दा ज्यानसम्बन्धीको १४ नं. आकृष्ट हुनेमा १३ (३) नं. बमोजिम सजाय गर्ने गरेको फैसलामा प्रत्यक्ष त्रुटि भएको हुँदा दार्चुला जिल्ला अदालतले गरेको फैसला बदर गरी हक इन्साफ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी आनसिंह ठगुन्नाको पुनरावेदन पत्र।

मृतक पदम सिंहको मृत्यु यी पुनरावेदक

प्रतिवादी आन सिंह ठगुन्नाको चोट प्रहारबाट भएको कुरा निज स्वयंले स्वीकारेको, मिसिल संलग्न लास जाँच मुचुल्का र लास जाँच प्रतिवेदनबाट मृतकको टाउकोमा २ ठाउँमा साङ्घातिक प्रहार भएको देखिएको, मान्छे मर्छ भन्ने कुरा जानी जानी तातो तेल निजको शरीरमा फाल्नुको अलावा चिरपट दाउराले पटकपटक प्रहार गरेको मिसिल संलग्न प्रमाणबाट देखिन आएकोले निजलाई ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सजाय गर्ने गरी भएको दार्चुला जिल्ला अदालतको मिति २०७१।३।३० को फैसला मनासिब देखिँदा केही परिवर्तन गरिरहन परेन सुरू सदर हुने ठहर्छ। अ.बं. १८८ नं. बमोजिम व्यक्त गरिएको रायसमेत मनासिबै देखिँदा सोही रायलाई साधक सदरको लागि जाहेर गरेका छौं साधक सदर भई आएबमोजिम गर्नु भन्नेसमेत बेहोराको पुनरावेदन अदालत महेन्द्रनगरको मिति २०७१।७।१८ को फैसला।

अनुसन्धानको क्रममा र अदालतमा समेत मैले तत्काल उठेको रिस थाम्न नसकी रिसको आवेगमा दाउराले २ पटक हानेको चोटबाट मृतकको मृत्यु भएको कुरा स्वीकार गरेको छु। अनुसन्धानको क्रममा गरिएका कागज प्रमाणहरूबाट कहीँकतै पनि मार्ने मनसाय, पूर्वरिसइवी केही देखिँदैन। मन्दिरमा पूजाकै क्रममा खानेपानीसम्बन्धी विवाद हुँदा मृतकले मलाई कुट्न खोज्दा तत्काल रिस उठी सो रिसको आवेगमा त्यहाँ बाल्न राखिएको दाउराले २ चोट हानेको र सोही चोटबाट मृत्यु भएको कुरा मैले आफ्नो बयानमा स्वीकार गरेको छु। जुन कुराको पुष्टि जाहेरी दरखास्त, जाहेरवालाको अदालतमा भएको बकपत्र, अनुसन्धानका क्रममा तयार गरिएका कागज प्रमाणले पनि पुष्टि गरेको छ। यस्तो अवस्थामा ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम सजाय गर्नुपर्नेमा आत्मनिष्ठ तर्क लगाई १३(३) नं. को कसुरदार ठहर गरेको दार्चुला जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत महेन्द्रनगरको फैसला त्रुटिपूर्ण भएकोले बदर गरी इन्साफ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी आनसिंह ठगुन्नाको तर्फबाट यस अदालतमा पर्न आएको पुनरावेदनपत्र।

यसमा पूर्वरिसइवी नभएको, खानेपानी सम्बन्धमा तत्काल उठेको रिसको कारणबाट घटना भएको अवस्थामा ज्यानसम्बन्धी महलको १३ नं. को व्याख्याको प्रश्न उपस्थित भई कम सजाय हुन सक्ने अवस्थाको देखिँदा सर्वस्वसहित जन्मकैद हुने ठहराएको पुनरावेदन अदालत महेन्द्रनगरको मिति २०७१।७।१९ को फैसला फरक पर्ने देखिँदा अ.बं. २०२ नं. को प्रयोजनार्थ महान्यायाधिवक्ताको कार्यालयलाई पेसीको सूचना दिई नियमानुसार पेस गर्नु भन्ने यस अदालतबाट मिति २०७३।१२।१७ मा भएको आदेश।

नियमबमोजिम आजको दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक आनसिंह ठगुन्नाको तर्फबाट उपस्थित विद्वान् वैतनिक अधिवक्ता श्री शोभा कार्कीले प्रतिवादीले मृतकलाई मार्नुपर्ने रिसइवी केही छैन, मृतकले नै पानीको पाइपको विषयमा विवाद निकाली तत्काल उठेको रिसको आवेगमा सामान्य कुटपिट हुँदा मृत्यु भएकोले आवेशप्रेरित हत्यामा सजाय हुनुपर्दछ भन्नेसमेत बहस प्रस्तुत गर्नुभयो।

प्रत्यर्थी वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री सुरेन्द्र थापाले मृतकको तर्फबाट आवेशमा आउने कुनै काम भएको नदेखिएको, प्रतिवादीले तातो तेलको कराई मृतकको शरीरमा खन्याएरसमेत पुनः चिरपट दाउराले मृतकको टाउकोमा पटकपटक प्रहार गरेको देखिएबाट मनसायपूर्वक ज्यान मारेको देखिएकोले अभियोग दाबीबमोजिम सर्वस्वसहित जन्मकैदको सजाय ठहर गरेको सुरू तथा पुनरावेदनको फैसला मिलेको हुँदा सदर हुनुपर्दछ भनी गर्नुभएको बहससमेत सुनियो।

अब विवादित वारदात ज्यानसम्बन्धी

महलको १३ नं. वा १४ नं. मध्ये कुन कानूनअनुसारको वारदात हो ? प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्ने हो, होइन ? पुनरावेदन अदालत महेन्द्रनगरको फैसला मिलेको छ, छैन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

२. इन्साफतर्फ विचार गर्दा प्रतिवादी आनसिंह ठगुन्नाले जाहेरवाला नगेन्द्र सिंह ठगुन्नाको बाबु पदमसिंह ठगुन्नालाई कराईको तातो तेल खन्याई चिरपट दाउराले टाउकोमा हिर्काई कर्तव्य गरी मारेको हुँदा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार सजायको मागदाबी लिई अभियोगपत्र दायर भएकोमा सुरू दार्चुला जिल्ला अदालतबाट प्रतिवादी आनसिंह ठगुन्नाले अभियोग दाबीअनुसारको कसुर गरेको ठहर गरी प्रतिवादीलाई सर्वस्वसहित जन्मकैदको सजाय गरी अ.बं. १८८ नं. बमोजिम १२ वर्ष कैद हुनुपर्ने भनी राय व्यक्त गरेको र पुनरावेदन अदालत महेन्द्रनगरबाट समेत सुरू दार्चुला जिल्ला अदालतको फैसला सदर भएको पाइयो। पुनरावेदन अदालत महेन्द्रनगरको सो फैसलामा चित्त बुझेन। आवेशप्रेरित हत्याको वारदात भएकाले ज्यानसम्बन्धी महलको १४ नं. अनुसार सजाय हुनुपर्ने हो, १३(३) नं. अनुसार सजाय गरेको कानूनी रूपमा त्रुटिपूर्ण छ भनी प्रतिवादीको तर्फबाट यस अदालतमा पुनरावेदन परेको देखियो।

३. प्रतिवादी आनसिंह ठगुन्नाले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष तथा अदालतसमक्षको बयानमा समेत पानीको पाइप काटेको विषयमा विवाद हुँदा आफूले मृतकलाई पुरी बनाउन तताएको कराईको तेल खन्याई टाउकोमा दुईपटक चिरपट दाउराले प्रहार गरेको र सोही चोटबाट निजको मृत्यु भएको हो भनी आफ्नो कर्तव्यबाट मृतकको मृत्यु भएको कुरामा साबित भई वारदातमा प्रयोग भएको दाउरो सनाखतसमेत गरेको देखिन्छ। प्रतिवादीउपर किटानी जाहेरी परेको छ । वारदातका चश्मदिद व्यक्तिहरू जयसिंह ऐरी, दलीसिंह ठगुन्ना, जयसिंह धामीसमेतका व्यक्तिहरूले भूमिराज मन्दिरमा पाठ पूजाको लागि प्रतिवादी, मृतक र आफूहरू समेत गएको अवस्थामा पानीको पाइप काटेको विषयमा विवाद हुँदा प्रतिवादी आनसिंह ठगुन्नाले मृतक पदमसिंह ठगुन्नालाई पुरी पकाउन कराईमा तताएको तेल खन्याई त्यही भएको चिरपट दाउराले टाउकोमा दुई पटक प्रहार गरेको भनी उल्लेख गरेको पाइयो। सोही चोटबाट निज पदमसिंह ठगुन्नाको मृत्यु भएको तथ्यमा विवाद पनि छैन । जयसिंह ऐरी, नसुली देवी धामी तथा जाहेरवाला नरेन्द्र सिंह ठगुन्नाले अदालतमा बकपत्र गर्दासमेत प्रतिवादीउपर किटानी गरेको देखिन्छ । Autopsy Report बाट समेत मृतकको टाउकोमा चोटपटकहरू देखिएको छ। Cause of Death: "Blunt Force Injury of Head causing Fracture of Skull and Damage to Brain Matter" भनी उल्लेख भएबाट प्रतिवादीको साबिती बयान समर्थित भएको छ । मिसिल संलग्न प्रमाणबाट प्रतिवादीकै कर्तव्यबाट पदमसिंह ठगुन्नाको मृत्यु भएको तथ्य शंकारहित तवरबाट प्रमाणित भएको देखिन आयो।

४. पानीको पाइप काटेको विषयमा विवाद हुँदा मृतकले पहिला बल्दै गरेको अगुल्टोले आफूलाई हिर्काएको, मृतकले हातपात गर्न खोज्दा रिस उठेकोले कराईमा तताई रहेको तेल निजको शरीरमा खन्याई चिरपट दाउराले टाउकोमा दुई चोटी हानेको हो । मार्ने मनसाय नभई एक्कासी उठेको रिसको कारण चिरपट दाउराले हिर्काउँदा मृतकको मृत्यु भएकोले ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम आवेशप्रेरित हत्यामा मात्र सजाय हुनुपर्ने भन्ने प्रतिवादीको पुनरावेदन जिकिर रहेको छ। प्रतिवादीको पुनरावेदन जिकिरअनुसार प्रस्तुत वारदात आवेशप्रेरित हत्याको हो, होइन ? र निजको पुनरावेदन जिकिरअनुसार ज्यानसम्बन्धी महलको १४ नं. बमोजिमको कसुर ठहर हुने हो होइन ? भन्ने नै निर्णय गर्नुपर्ने मूल प्रश्न देखिन्छ।

मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. मा "***ज्यान मार्नाको मनसाय रहनेछ, ज्यान लिनुपर्नेसम्मको इवी पनि रहेनछ, लुकी चोरीकन हानेको पनि रहेनछ उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी जोखिमी हतियारले हानेको वा विष खुवाएकोमा बाहेक साधारण लाठा, ढुंगा लात, मुक्का इत्यादि हान्दा सोही चोटपिरले ऐनका म्यादभित्र मरेमा दश वर्ष कैद गर्नुपर्छ"*** भन्ने उल्लेख भएको देखिन्छ। उक्त कानूनी व्यवस्थाअनुसार आवेशप्रेरित हत्याको वारदात कायम हुनको लागि ज्यान मार्ने मनसाय नभएको, ज्यान लिनुपर्नेसम्मको रिसइवी नभएको, लुकी चोरी नहानेको, तत्काल उठेको कुनै कुरामा रिस थाम्न नसकी सामान्य लाठा ढुंगा लात, मुक्का आदिले हान्दा मानिस मरेको हुनुपर्ने देखिन्छ।

५. आवेशप्रेरित हत्याको कुरामा तत्काल उठेको रिसको आवेगमा कुनै प्रतिक्रियात्मक कार्य गर्दा मानिसको मृत्यु भएको अवस्था हुन्छ। मृतकले गरेको कुनै कार्यको परिणामस्वरूप अभियुक्त तत्काल आवेगमा आई कसुरजन्य कार्य गर्न पुगेको अवस्था देखिनु आवेशप्रेरित हत्या ठहर हुनका लागि आवश्यक हुन्छ। मृतकले गरेको कार्यबाट आवेशमा आउने अवस्था थियो वा थिएन भन्ने कुरा Reasonable person standard बाट परीक्षण गरिनुपर्दछ। केवल मृतकको व्यवहार वा कार्यका कारणबाट आवेशमा आएर ज्यान लिएको हुँ भनी प्रतिवादीले गरेको जिकिरलाई नै आवेशप्रेरित हत्या भनी मान्ने निर्णायक आधारको रूपमा ग्रहण गर्न सकिँदैन।

६. विवादित घटना वा वारदातका सन्दर्भमा हेर्दा मृतक र प्रतिवादी मात्र नभएर पूजामा सँगै गएका अन्य व्यक्तिहरू पनि उपस्थित रहेको देखिन्छ। मृतकबाहेक अन्य व्यक्तिहरू समेतको उपस्थिति रहेको मेला लागेको स्थानमा वारदात भएको देखिँदा विवादित वारदातलाई पूर्वनियोजित मान्न सकिँदैन। भूमि पूजामा गएको अवस्थामा पानीको पाइप काटेको विषयमा संयोगवश विवाद भएको र वारदात घटित हुन पुगेको पाइयो। यति कुराको हदसम्म विचार गर्दा विवादित वारदात ज्यानसम्बन्धीको १४ नं. बमोजिम सजाय हुने आवेशप्रेरित हत्यासम्बन्धी वारदात हो कि भन्ने पनि प्रतित हुन्छ। तर प्रतिवादीले गरेको कार्यलाई समग्रमा हेर्दा उल्लिखित वारदातलाई आवेशप्रेरित हत्या मान्न सकिने अवस्था देखिँदैन। प्रतिवादीले मृतकउपर पहिले पुरी बनाउनको लागि कराईमा तताएको तेल खन्याएको र त्यसपछि चिरपट दाउराले दुई पटक टाउको जस्तो संवेदनशील स्थानमा प्रहार गरेको देखिन्छ। तताएको तेल खन्याउनु र टाउकोमा चिरपट दाउराले दुई पटक प्रहार गर्नुबाट आवेशप्रेरित हत्याभन्दा फरक प्रकृतिको वारदात भन्ने देखिएको छ। त्यसैले प्रतिवादीलाई अभियोग दाबीअनुसार ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिमको कसुरदार ठहर गरी सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको सुरू जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत महेन्द्रनगरको फैसला मनासिब नै देखियो।

७. सुरू तथा पुनरावेदन अदालतबाट अ.बं. १८८ नं. बमोजिम प्रतिवादीलाई १२ वर्ष कैद सजाय हुनुपर्ने भनी राय व्यक्त भई आएको देखिन्छ। मृतक र प्रतिवादीबीच ज्यानै लिनुपर्नेसम्मको पूर्वरिसइवी रहेको अवस्था देखिएन। प्रतिवादीले मृतकलाई मार्ने पूर्वयोजना बनाएको, षड्यन्त्र गरेको भन्ने पनि देखिँदैन। भूमि पूजामा गएको र सोही ठाउँमा विवाद भई कुटपिट हुँदा ज्यान मर्न गएको देखिएको छ। आफूले गरेको कसुर स्वीकार गरी प्रतिवादीले अनुसन्धान अधिकारी तथा अदालतसमक्ष बयान गर्दा स्वीकार गरेबाट न्यायिक प्रक्रियामा सहयोग गरेकोसमेत देखिएको छ। लुकिछिपी कसुर गरेको देखिँदैन, कुनै जोखिमी हतियार प्रहार गरेकोसमेत पाइएन। साधारण लाठीको प्रयोग गरी कुटपिट गरेको देखिएको छ। यस अवस्थामा ऐनबमोजिम ठहर भएको सजाय गर्दा

चर्को पर्ने भएकाले अ.बं. १८८ नं. बमोजिम १२ वर्ष कैद सजाय हुन भनी व्यक्त गरिएको राय मनासिब नै देखियो।

८. अतः माथि उल्लिखित आधार, कारण र प्रमाणबाट प्रतिवादीले मृतकउपर पुरी बनाउनको लागि कराईमा तताएको तेल खन्याएको र त्यसपछि चिरपट दाउराले दुई पटक टाउको जस्तो संवेदनशील स्थानमा प्रहार गरेको कारणबाट पदमसिंह ठगुन्नाको मृत्यु भएको पुष्टि भएकाले प्रतिवादी आनसिह ठगुन्नालाई अभियोग दाबीअनुसार ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरी अ.बं. १८८ नं. बमोजिम १२ (बाह्र) वर्ष कैद सजाय हुन भनी व्यक्त गरिएको सुरू जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत महेन्द्रनगरको मिति २०७१।७।१८ को फैसला मनासिब देखिँदा सदर हुने ठहर्छ । अरूमा तपसिलबमोजिम गर्नू।

तपसिल

माथि इन्साफ खण्डमा लेखिएबमोजिम प्रतिवादी आनसिंह ठगुन्नालाई अभियोग दाबीअनुसार ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसारको कसुरदार ठहराई सर्वस्वसहित जन्मकैदको सजाय गरी अ.बं. १८८ नं. बमोजिम १२ (बाह्र) वर्ष कैद सजाय हुने ठहरी फैसला भएकाले निजलाई सुरू तथा पुनरावेदन अदालतको फैसलाबमोजिम राखिएको सर्वस्वसहित जन्मकैदको लगत संशोधन गरी १२ (बाह्र) वर्षको कैद सजायको लगत कसी असुल गर्नको लागि सुरू दार्चुला जिल्ला अदालतमा लेखी पठाउनू -------------------१

निज प्रतिवादी मिति २०७१।२।२९ मा पक्राउ परी हालसम्म थुनामा रहेको देखिएकाले निजलाई मिति २०८३।२।२८ सम्म कैदमा राखी मिति २०८३।२।२९ गते कैदबाट मुक्त गरिदिनु भनी सम्बन्धित कारगारमा लेखी पठाउनु भनी सुरू जिल्ला अदालतमा लेखी पठाउनू ---२

प्रस्तुत मुद्दाको फैसलाको प्रतिलिपिसहितको जानकारी थुनामा रहेका प्रतिवादीलाई र महान्यायाधिवक्ताको कार्यालयलाई दिई सोको निस्सा मिसिल सामेल राख्नू --३

दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ----------------------४

उक्त रायमा सहमत छु।
न्या.विश्वम्भरप्रसाद श्रेष्ठ

इजलास अधिकृत: दुर्गाप्रसाद भट्टराई
इति संवत् २०७४ साल भाद्र १९ रोज २ शुभम्।

निर्णय नं. १००५९

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ
माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हा
फैसला मिति : २०७४।७।६

मुद्दाः अपहरण तथा शरीर बन्धक

०६९-CR-०६५६

पुनरावेदक / प्रतिवादी : जिल्ला सर्लाही सुदामा गाउँ विकास समिति वडा नं. ९ घर भई हाल कारागार शाखा कार्यालय महोत्तरीमा थुनामा रहेकी कोशिला देवी महतो

विरूद्ध

प्रत्यर्थी / वादी : सिताराम महतोको जाहेरीले नेपाल सरकार

०७०-CR-०२२२

पुनरावेदक / प्रतिवादी : जिल्ला सर्लाही सुदामा गाउँ विकास समिति वडा नं. ९ घर भई हाल कारागार शाखा कार्यालय महोत्तरीमा थुनामा रहेकी अनितादेवी धोबी बैठा

विरूद्ध

प्रत्यर्थी / वादी : सिताराम महतोको जाहेरीले नेपाल सरकार

०७१-CR-०१७१

पुनरावेदक / वादी : सिताराम महतोको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : जिल्ला सर्लाही सुदामा गाउँ विकास समिति वडा नं. ९ घर भई हाल कारागार शाखा कार्यालय महोत्तरीमा थुनामा रहेकी अनितादेवी धोबी बैठा

- **सामान्यतया अनुसन्धान अधिकारीसमक्ष गरेको साबिती बयानको आधारमा मात्र कसुर ठहर गर्न पर्याप्त प्रमाण होइन । तर अनुसन्धान अधिकारीसमक्षको बयान कुनै दबाब प्रभावविना आफ्नो अन्तर हृदयबाट स्वस्फूर्त रूपमा आरोपित कसुरसँग स्वभाविक सामाञ्जस्यता हुने गरी बयान गरी सो बयानलाई अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि भइराखेको छ भने अनुसन्धान अधिकारीसमक्ष गरेको बयानलाई प्रमाणमा ग्रहण नगर्ने हो भने सो बयान गर्न पर्ने कानूनी व्यवस्थाको कुनै अर्थ र प्रयोजन देखिन नआउने ।**

(प्रकरण नं.६)

- **कसुरजन्य कार्यमा कसुरदारको सहभागिताको संख्याले थप सजाय हुने र पीडित नाबालक वा महिला विरूद्ध कसुर गरेकोमा हुने थप सजायको कानूनी व्यवस्थाले अलगअलग आपराधिक दायित्व रहने भएर नै अलगअलग थप सजायको कानूनी व्यवस्था गरिएको हो । उक्त ७ र ९ नं. मा उल्लिखित अलगअलग प्रकृति र तत्वहरू विद्यमान भएको अवस्थामा कुनै एउटा कानूनी व्यवस्थाले गर्नुपर्ने थप सजाय मात्र गरिने हो भने अलगअलग थप सजाय हुने कानूनी व्यवस्थाको कुनै प्रयोजन नै रहन नजाने ।**

(प्रकरण नं.१४)

पुनरावेदक / प्रतिवादीका तर्फबाट :

प्रत्यर्थी / वादीका तर्फबाट : विद्वान् शाखा अधिकृत श्री प्रतिमा दाहाल

अवलम्बित नजिर :

- नेकाप २०६१, नि.नं.७४११, पृ.८९३

सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्नेः

माननीय न्यायाधीश श्री ओमकार उपाध्याय
सर्लाही जिल्ला अदालत

पुनरावेदन तहमा फैसला गर्नेः

माननीय न्यायाधीश श्री पोषनाथ शर्मा
माननीय न्यायाधीश श्री कुमारप्रसाद पोखरेल
पुनरावेदन अदालत जनकपुर

फैसला

न्या. विश्वम्भरप्रसाद श्रेष्ठ : तत्कालीन न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र परी दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एव ठहर यसप्रकार रहेको छः-

सर्वोच्च अदालत

मिति २०६७/४/२ गते मेरो काकाको कालगतिले मृत्यु भई उक्त दिन श्राद्ध परेको हुँदा म र मेरो जेठो छोरा दिनभरि काकाको घरमा कामकाज गरिरहेका थियौं । मेरो भर्खर जन्मेको छोरा अविनाश महतोको रेखदेख गर्नको लागि मेरो श्रीमती कसैकीमा सोही दिन अन्दाजी १७:३० बजेको समयमा नाबालक छोरालाई घरमा एक्लै छोडी श्राद्ध हेर्न गएको अवस्थामा मेरो गाउँकै कोशिलादेवी महतो र अनिता धोबीले नाबालक छोरालाई अपहरण गरी लगी जिल्ला सर्लाही मधुवनगोठ गाउँ विकास समिति वडा नं. ३ मा बस्ने रामभरोस रायको एकान्तमा रहेको गोठमा बन्धक बनाई राखेको अवस्थामा सोही राति अन्दाजी १:४५ बजेको समयमा प्रहरीको सहयोगमा उद्धार गरी मुक्त गरेको हुँदा निजहरूलाई पक्राउ गरी कारबाही गरिपाउँ भन्ने बेहोराको सिताराम महतोको जाहेरी दरखास्त ।

जिल्ला सर्लाही सुदामा गाउँ विकास समिति वडा नं. ९ स्थित पूर्वमा रामनारायण महतोको खपडाको घर, पश्चिममा सिताराम महतोको खाली जग्गा, उत्तरमा रामविनोद महतोको एकतले घर, दक्षिणमा योगेन्द्र महतोको खपडाको घर यति ४ किल्लाभित्र पूर्व मोहडा गरी बनेको सिताराम महतोको खपडा घर सो घरको पश्चिमतर्फको कोठामा रहेको बच्चा अपहरण गरी लगेको भन्ने बेहोराको घटनास्थल मुचुल्का ।

मलाई जिल्ला सर्लाही सुदामा गाउँ विकास समिति वडा नं. ९ मा बस्ने कोशिलादेवी महतोले मेरो देवरले हेप्ने झैझगडा गर्ने जग्गाको विषयमा वादविवाद गर्ने गर्छ । निजको छोरालाई अपहरण गरी भारतमा लगी बन्धक बनाएपछि फिरौती मागी आधा आधा गर्न भनेको हुँदा मेरो पनि आर्थिक अवस्था कमजोर भएकोले सहमति जनाई अपहरण गरी भारततर्फ लान लाग्दा जिल्ला सर्लाही मधुवनगोठ गाउँ विकास समिति वार्ड नं.३ स्थित पुग्दा प्रहरी र स्थानीय मानिसहरूलाई देखी बच्चा छाडी भागेका हौं । फिरौती रकम माग गर्न पाएनौं । फिरौती नदिएमा मेरो बहिनीको छोरा छोरी छैन अपहरण गरी ल्याएको बालक निजलाई दिए म तिमीलाई रू.१०,०००।- दश हजार दिन्छु भनेकै थिए भन्ने बेहोराको प्रतिवादी अनिता देवी धोबीको बयान ।

मेरो देवर जिल्ला सर्लाही सुदामा गाउँ विकास समिति वार्ड नं.९ बस्ने जाहेरवाला सिताराम महतोले मलाई हेप्ने, जग्गाको विषयमा सधैँ झै-झगडा गर्ने कुटपिट गर्ने हुँदा निजसँग बदला लिनु पर्‍यो भनी सोची जिल्ला सर्लाही सुदामा गाउँ विकास समिति वडा नं.८ मा बस्ने अनितादेवी धोबी भएको स्थानमा गई मलाई देवरले सधैँ हेप्ने गर्छ बदला लिनु पर्‍यो सहयोग गर भन्दा कस्तो सहयोग हो भनेपछि निज नाबालक छोरा अविनाश महतोलाई अपहरण गरी फिरौती रकम नदिएमा मेरो बहिनीको छोराछोरी छैन उसलाई नै दिने । म तिमीलाई रू.१०,०००।- दिन्छु भनेपछि हुन्छ भनी मिति २०६७।४।१२ गते १७:३० बजेको समयमा जाहेरवालाको घरमा कोही नभएको मौका पारी नाबालक छोरालाई अपहरण गरी लिई भारततर्फ जान लाग्दा जिल्ला सर्लाही मधुवनगोठ गाउँ विकास समिति वडा नं.३ मा पुग्दा रात परी सो ठाउँमा रहेको रामभरोष रायको एकान्त कोठामा राखेको अवस्थामा रातको करिब १:४५ बजे प्रहरीसमेतको टोलीले देखी अपहरित बालकलाई त्यहीँ छोडी भागेको हो भन्ने बेहोराको प्रतिवादी कोशिलादेवी महतोको बयान ।

जाहेरी दरखास्त, प्रतिवादीहरू अनितादेवी धोबी र कोशिलादेवी महतोको बयान बेहोरासँग एकै मिलान हुने राजकिशोर महतोसमेतले गरेको मौकाको कागज ।

प्रतिवादीहरू अनितादेवी धोबी र कोशिलादेवी महतोले जाहेरवाला सिताराम महतोसँग पूर्वरिसइवी साँध्न र फिरौती रकमसमेत असुल गर्ने उद्वेश्यले जाहेरवालाको ३ महिनाको छोरा अविनाश महतोलाई अपहरण गरी शरीर बन्धक राखेको पुष्टि भएको हुँदा निज प्रतिवादीहरूको उक्त कार्य मुलुकी ऐन अपहरण तथा शरीर बन्धक लिनेको महलको १, २

र ३ नं. विपरीतको कसुर अपराध भएको हुँदा निज प्रतिवादीहरूउपर ऐ. महलको ३ नं. बमोजिम सजाय हुन र ऐ. महलको ७ र ९ नं. बमोजिम थप सजाय हुन र ऐ. महलको १२ नं. बमोजिम पीडित अविनाश महतोलाई प्रतिवादीबाट क्षतिपूर्ति भराई दिनेसमेत मागदाबी।

जाहेरी बेहोरा सुनाउँदा सुनेँ। जाहेरी बेहोरा झुठा हो। मैले भतिजाको अपहरण गरेको छैन। बच्चा अपहरण गर्नमा मेरो कुनै हात छैन। मैले कसुर गरेको छैन । म निर्दोष छु भन्नेसमेत बेहोराको अभियुक्त कौशिलादेवी महतोले सुरू अदालतमा गरेको बयान।

जाहेरी बेहोरा सुनाउँदा सुनेँ, मैले बच्चा अपहरण गरेको छैन । मेरो हकमा जाहेरी झुठा हो । बच्चा मैले कहिल्यै देखेको छैन भन्नेसमेत बेहोराको अभियुक्त अनितादेवी बैठाले सुरू अदालतमा गरेको बयान।

जाहेरवालाले मेरो बुबा असक्त भएको फाइदा लिनलाई मेरो आमालाई जेलमा राखी भएभरको सम्पत्ति लिनलाई गाउँघरको व्यक्तिहरूको उक्साहटमा परी झुठ्ठा जाहेरी गरेका हुन् भन्नेसमेत बेहोराको प्रतिवादी कौशिलादेवी महतोका साक्षी कृष्णनन्दन महतोले गरेको बकपत्र।

मैले जाहेरी दर्खास्त दिएको हुँ । शंकाको भरमा कौशिल्यादेवीको नाम पनि दिएको थिए । तर बच्चा बरामद हुँदा निज कौशिल्यादेवी महतो त्यहाँ थिइनन् भन्नेसमेत बेहोराको जाहेरवाला सिताराम महतोले बकेको बकपत्र।

मिति २०६७।४।१२ गतेका दिन म आफ्नै गाउँ घरमा थिएँ। यी जाहेरवालाको छोरालाई गाउँकै अनिता धोबी नाम गरेकी स्वास्नी मानिसले अपहरण गरी लगेका थिए। पछि जाहेरवालाले गाउँकै सहयोग मद्दत लिई खोजतलास गर्दै जाँदा यसै जिल्लाको मधुवनगोठ गा.वि.स.मा फेला परेको हो भनीसमेत बेहोराको घटना विवरणको कागज गर्ने रामललित महतोले गरेको बकपत्र।

यी प्रतिवादीहरू कोशिलादेवी महतो र अनितादेवी धोबीले ३ महिनाको बच्चा अविनाश रायलाई रकम फिरौती लिने उद्देश्यले अपहरण गरी भारततर्फ लैजाने क्रममा बाटोमा पक्राउ परेको भन्ने पुष्टि भएकोले निजहरूलाई अभियोग दाबीअनुसार अपहरण तथा बन्धक लिनेको ३ नं. बमोजिम जनही ७ वर्ष कैद र रू.२५,०००।- जरिवाना हुने ठहर्छ। साथै दुईजना व्यक्ति मिली महिना ३ की बच्चालाई अपहरण गरेकोले ऐ.को ७ र ९ नं. बमोजिम थप जनही २ वर्ष कैद हुने ठहर्छ। क्षतिपूर्तितर्फ १२ नं. बमोजिम भराई रहनु परेन भन्ने सुरू सर्लाही जिल्ला अदालतको मिति २०६७।११।११ को फैसला।

चश्मदिद गवाहको अभाव रहेको छ। मौकाको बयान स्वेच्छाको होइन। बच्चा बरामदी भएको मुचुल्का छैन। मौकाको कागज गर्नेहरूको प्रमाण ऐन, २०३१ को दफा १८(ख) बमोजिम अदालतमा आई बकपत्र हुन सकेको छैन। मौकाको कागज गर्ने कृष्णनन्दनले अदालतमा बकपत्र गर्दा म वारदातमा संलग्न नरहेको पुष्टि गरिदिएका छन् । शंकाको भरमा कसुर कायम गरेको सुरू फैसला त्रुटिपूर्ण हुँदा अभियोग दाबीवाट सफाइ पाउनु पर्छ भन्ने प्रतिवादी कोशिलादेवी महतोको पुनरावेदनपत्र।

मबाट बच्चा बरामद भएको मुचुल्का छैन । चश्मदिद गवाहको अभाव रहेको छ । मौकाको बयान स्वेच्छाको होइन । बच्चा बरामदी भएको मुचुल्का छैन । प्रतिवादीसँग मेरो कुनै रिसइवी रहेको छैन । मौकाको कागज गर्नेहरूको प्रमाण ऐन, २०३१ को दफा १८(ख) बमोजिम अदालतमा आई बकपत्र हुन सकेको छैन । शंकाको भरमा कसुर कायम गरेको सुरू फैसला त्रुटिपूर्ण हुँदा अभियोग दाबीवाट सफाइ पाउनु पर्छ भन्ने प्रतिवादी अनितादेवी धोबीको पुनरावेदनपत्र।

प्रतिवादीहरूलाई सुरूले गरेको जरिवानाको

हकमा अपुग देखिएको र अपहरण गर्ने तथा शरीर बन्धक लिनेको १२ नं. बमोजिम प्रतिवादीवाट पीडितलाई क्षतिपूर्ति नभराएको हकसम्म सुरू फैसला त्रुटिपूर्ण हुँदा अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदनपत्र।

यसमा दुवैपक्षको पुनरावेदन परेको देखिँदा नेपाल सरकारको पुनरावेदनपत्रको प्रतिलिपिसहितको जानकारी प्रतिवादीहरूलाई दिनु साथै प्रतिवादीहरूको पुनरावेदनपत्रको प्रतिलिपिसहितको पेसीको सूचना पुनरावेदन सरकारी वकिलको कार्यालय जनकपुरलाई दिई नियमानुसार गरी पेस गर्नु भन्ने तत्कालीन पुनरावेदन अदालत जनकपुरको मिति २०६९।१।६ को आदेश।

अत: प्रतिवादीहरू कोशिलादेवी महतो र अनितादेवी धोबीले बच्चा अपहरण गरी बिक्री गर्ने तथा फिरौती लिने उद्देश्य समाहित भएको प्रस्तुत मुद्दामा निज प्रतिवादीहरूउपर अपहरण गर्ने तथा शरीर बन्धक लिनेको ३ नं. अनुरूप जनही रू.५०,०००।- जरिवाना गर्नुपर्नेमा जनही रू.२५,०००।- जरिवाना गरेको तथा सोही महलको १२ नं. बमोजिम प्रतिवादीहरूबाट पीडितलाई जनही रू.५००।- क्षतिपूर्ति भराई दिनुपर्नेमा नभराएको सुरू सर्लाही जिल्ला अदालतको मिति २०६७।११।११ को फैसला सो हदसम्म नमिलेकोले केही उल्टी भई प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम नै सजाय हुने ठहर्छ भन्नेसमेत बेहोराको तत्कालीन पुनरावेदन अदालत जनकपुरको मिति २०६७।११।११ को फैसला।

प्रस्तुत मुद्दामा प्रमाणको सूक्ष्म न्यायिक विवेचना भएको छैन। प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम कसुर प्रमाणित गर्ने भार वादी पक्षको भएकोमा शंकारहित तवरले कसुर प्रमाणित हुन सकेको छैन। अपहरण तथा शरीर बन्धकको वारदात स्थापित नभइकन सजाय गर्न मिल्ने होइन। मौकामा कागज गर्ने राम भरोसको अदालतमा भएको बकपत्रको अवमूल्यन भएको छ। चश्मदिद गवाहको अभाव रहेको छ। घटना विवरणको कागज गर्नेहरू राजकिशोर महतोसमेतले अदालतमा आई घटना विवरणलाई पुष्टि गर्न / गराउन सकेको पाइँदैन । वारदात भएको भनिएको दिन पूरै समय घरमै छु। जग्गासम्बन्धी विवाद भएको कारणले मात्र मेरो नाम जाहेरी दरखास्तमा पारेकोसम्म हो। मेरो साक्षी कृष्णनन्दन महतोको बकपत्रबमोजिम पनि म निर्दोष रहेकाले पुनरावेदन अदालतले गरेको फैसला उल्टी गरी आरोपित कसुरबाट सफाइ पाउँ भन्ने कोशिला देवी महतोको पुनरावेदनपत्र।

प्रहरीसमक्ष भएको बयान मैले भनेबमोजिम लेखिएको होइन । प्रहरीले भनेबमोजिम तयार गरेको कागजमा सहिछापसम्म गरिदिएको हो । हचुवा किटानी जाहेरीको आधारमा मात्र सजाय गर्न मिल्ने होइन । जाहेरी र बकपत्र एकआपसमा बाझिएको छ । अपहरण तथा शरीर बन्धक लिने कार्य भएको छैन । अनुसन्धानमा भएको साबिती बयानलाई प्रमाणमा लिने र अदालतमा भएको इन्कारी बयानलाई प्रमाणमा नलिने गर्न पाइँदैन । थुनामा रहेको अवला नारीले आफैँ प्रमाण जुटाउने भन्ने कुरा सम्भव रहेको छैन। आरोपित कसुर नगरी निर्दोष रहेकाले मिसिल संलग्न विद्यमान परिस्थितिजन्य प्रमाणको यथोचित मूल्याङ्कन नगरी भएको पुनरावेदन अदालतको फैसलामा प्रमाण ऐन, २०३१ को दफा ८, २५, ५४ र अ.बं. १८४क तथा अ.बं. १८५ नं. को त्रुटि रहेकाले अभियोग दाबीबमोजिम सजाय हुने ठहर गरेको पुनरावेदन अदालतको फैसला उल्टी गरी आरोपित कसुरबाट सफाइ पाउँ भन्ने प्रतिवादी अनितादेवी धोबी बैठाको पुनरावेदनपत्र।

प्रतिवादीहरू कोशिलादेवी र अनितादेवी धोबी दुईजना भई ३ महिनाको अविनाश महतोलाई अपहरण गरी बन्धक बनाएकाले सो कसुर मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको महलको १, ७ र ९ नं. को विपरीत भएकाले दुईजना मिली गरेकाले २

वर्ष थप हुने र सो अपराध बालबालिका र महिलाले गरेको भए अर्को २ वर्ष थप गरी सजाय गर्नुपर्नेमा कसुर कायम गरी सजाय थप नगरेको मिलेन । अभियोग माग दाबीबमोजिम कसुर ठहर भएपछि सोहीबमोजिम सजाय हुनुपर्छ । उक्त ७ र ९ नं. को व्यवस्था अलगअलग भएकाले सजाय पनि अलगअलग गर्नुपर्ने हुन्छ । सोबमोजिम नभएको फैसला उल्टी गरी अभियोग दाबीबमोजिम नै अलगअलग कसुरमा अलगअलग सजाय गरिपाउँ भन्ने नेपाल सरकारको पुनरावेदनपत्र ।

यसमा वादी नेपाल सरकार तथा प्रतिवादीहरूका तर्फबाट दोहोरो पुनरावेदन परेको देखिँदा अ.बं. २०२ नं. को प्रयोजनार्थ दुवै पक्षलाई एक अर्कोको पुनरावेदन पत्र सुनाई नियामानुसार पेस गर्नू भन्ने पुनरावेदन अदालतको मिति २०७२।१२।२६ को आदेश ।

साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् शाखा अधिकृत श्री प्रतिमा दाहालले प्रतिवादीहरू दुईजना भई तीन महिनाको बालकलाई अपहरण तथा शरीर बन्धकको कसुर अपराध गरेको पुष्टि गरी अपहरण तथा शरीर बन्धक लिनेको महलको ७ र ९ नं. बमोजिम दुई दुई वर्ष गरी चार वर्षको सजाय गर्नुपर्नेमा दुई वर्षको मात्र थप सजाय गरेको मिलेको छैन । ७ र ९ नं.को अलग अलग व्यवस्था हो । अलग अलग कसुर कायम गरी एउटा कसुरमा मात्र गरेको सजाय नमिलेकाले पुनरावेदन अदालतले अभियोग दाबीबमोजिम सजाय नगरेको हदसम्म उल्टी गरी अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भनी गर्नुभएको बहस सुनियो ।

उपर्युक्त कानून व्यवसायीले गर्नुभएको बहस तथा मिसिल संलग्न कागजातहरूको अध्ययन गरी पुनरावेदन अदालतले गरेको फैसला मिलेको छ, छैन ? अभियोग दाबीबाट सफाइ पाउनुपर्छ भन्ने प्रतिवादीहरूको र अभियोग दाबीबमोजिम सजाय गर्नुपर्छ भन्ने नेपाल सरकारको पुनरावेदन जिकिर रहेकोमा पुनरावेदन अदालतको मिति २०६९।३।२० को फैसला मिलेको छ, छैन ? सोही विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

२. निर्णयतर्फ विचार गर्दा, जाहेरवालाको ३ महिनाको छोरा अविनाश महतोलाई अपहरण गरी शरीर बन्धक राखेको पुष्टि भएको हुँदा निज प्रतिवादीहरूको उक्त कार्य मुलुकी ऐन अपहरण तथा शरीर बन्धक लिनेको महलको १, २ र ३ नं. विपरीतको कसुर अपराध भएको हुँदा निज प्रतिवादीहरूउपर ऐ. महलको ३ नं. बमोजिम सजाय हुन र ऐ. महलको ७ र ९ नं. बमोजिम थप सजाय हुन र ऐ. महलको १२ नं. बमोजिम पीडित अविनाश महतोलाई प्रतिवादीबाट क्षतिपूर्ति भराई दिनेसमेत मागदाबी भएको पाइयो । सुरू अदालतबाट फैसला हुँदा जनही ७ वर्ष कैद र रू.२५,०००।- जरिवाना हुने ठहर्छ, साथै दुईजना व्यक्ति मिली ३ महिनाको बच्चालाई अपहरण गरेकोले ऐ.को ७ र ९ नं. बमोजिम थप जनही २ वर्ष कैद हुने ठहराई क्षतिपूर्तितर्फ १२ नं. बमोजिम भराई रहनु परेन भन्ने फैसलाउपर दुवै पक्षको पुनरावेदन परेकोमा जनही रू.५०,०००।- जरिवाना गर्नुपर्नेमा जनही रू.२५,०००।- जरिवाना गरेको तथा सोही महलको १२ नं. बमोजिम प्रतिवादीहरूबाट पीडितलाई जनही रू.५००।- क्षतिपूर्ति भराई दिनुपर्नेमा नभराएको हदसम्म सुरूको फैसला उल्टी भएको देखियो । उक्त फैसलाउपर पनि दुवै पक्षको पुनरावेदन परी प्रस्तुत मुद्दा निर्णयार्थ पेस हुन आएको पाइयो ।

३. मुलुकी ऐन अपहरण तथा शरीर बन्धक लिनेको महलको १, २ र ३ नं. विपरीतको कसुरमा ऐ. महलको ३ नं. बमोजिमको सजाय, ऐ. को ७ र ९ नं. बमोजिम थप सजाय, र ऐ. महलको १२ नं. बमोजिम क्षतिपूर्तिको मागदाबी भएको प्रस्तुत मुद्दामा सर्वप्रथम अभियोग दाबीबमोजिमको वारदात भएको हो होइन भन्ने प्रश्नको निरूपण गर्नुपर्ने देखिन आयो । सो सन्दर्भमा

हेर्दा, मिति २०६७/४/२ गते अन्दाजी १७:३० बजेको समयमा ३ महिनाको नाबालक छोरा अविनाशलाई मेरो गाउँकै कोशिलादेवी महतो र अनितादेवी धोबीले अपहरण गरी लगी जिल्ला सर्लाही मधुवनगोठ गाउँ विकास समिति वडा नं. ३ स्थित रामभरोस रायको गोठमा बन्धक बनाई राखेको अवस्थामा सोही राति अन्दाजी १:४५ बजेको समयमा प्रहरीको सहयोगमा उद्धार गरी मुक्त गरेको हुँदा निजहरूलाई पक्राउ गरी कारबाही गरिपाउँ भन्ने बेहोराको सिताराम महतोको किटानी जाहेरी दरखास्तबाट प्रस्तुत मुद्दाको उठान भएको पाइन्छ।

४. उक्त जाहेरी दरखास्तलाई पुष्टि हुने किसिमको प्रहरी सञ्चार र सिताराम महतोको घरको घटनास्थल मुचुल्का भएको देखिन्छ। प्रहरी सञ्चारले बच्चा अपहरण भएको, मधुवन गोठ हुँदै भारततर्फ लान लागेको अवस्थामा प्रहरी गस्ती टोलीसमेतको सक्रियतामा बच्चासहित अपहरणकारी प्रतिवादीहरू कोशिलादेवी महतो र अनितादेवी धोबी पक्राउ परेको देखिन्छ । अनुसन्धान अधिकारीसमक्षको बयानमा अपहरण गरी फिरौती लिने मनसायपूर्वक जाहेरवालाको बच्चा उसको सहमति र मन्जुरीबेगर प्रतिवादी कोशिलादेवीको जाहेरवालासँग भएको मनमुटावको कारण रिस फेर्ने र दु:ख दिने उद्देश्यले अर्को प्रतिवादी अनिता देवी धोबीको सल्लाहमा ३ महिनाको बालकलाई अपहरण गरी भारततर्फ लैजाने क्रममा सर्लाही जिल्ला मधुवन गाउँ विकास समिति वडा नं. ३ स्थित राम भरोस रायको गोठमा मिति २०६७।४।१२ को राति करिब १.४५ बजेको समयमा प्रहरीदेखि भागी गएको बेहोरा सविस्तार उल्लेख गरी दुवै प्रतिवादीहरूले अनुसन्धान अधिकारीसमक्ष छुट्टाछुट्टै बयान दिएको पाइन्छ।

५. प्रतिवादी कोशिलादेवी महतोले आरोपित कसुरमा आफ्नो संलग्नता अस्वीकार गरी बयान गरे तापनि अदालतको बयानमा नाबालक अपहरण भएको बेहोरा स्वीकार गरी अपहरणकारी सहप्रतिवादी अनितालाई पोली बयान गरेको पाइन्छ भने प्रतिवादी अनितादेवी धोबीले अदालतमा बच्चा अपहरण भएको कुरामा सहमत जनाउँदै अन्य आरोपमा अदालतमा इन्कारी रही सहप्रतिवादी कोशिलादेवीले यी प्रतिवादीलाई लगाएको आरोपमा अन्यथा भनी इन्कार गर्न सकेको पाइँदैन । जाहेरवालाको ३ महिनाको नाबालक बच्चा अभिभावकको मन्जुरीबेगर भारततर्फ किन लैजानु परेको हो भन्ने कुराको भरपर्दो, स्पष्ट, तथ्ययुक्त जवाफ यी प्रतिवादीहरूसँग भएको देखिँदैन । प्रतिवादीमध्येकी कोशिलादेवी महतो र जाहेरवाला देवर भाउजु नाताका देखिन्छन् । यिनीहरूबीच घरायसी वादविवादको कारण झै-झगडा हुने कुरा अनुसन्धान अधिकारीसमक्षको बयानमा उल्लेख गरेकी र सो कुरा सहप्रतिवादी अनितादेवी धोबीलाई पनि भनेको देखिन आउँछ । निजहरूको बीचको विवादको कारण जाहेरवालाको बच्चा अपहरण गरी प्रतिशोध लिने मनसायले प्रतिवादी कोशिलादेवी महतोको योजनामा प्रतिवादी अनितादेवी धोबीले सहयोग पुऱ्याएको, दुवै जनाको पूर्वसल्लाह र योजना भएको, आरोपित कसुरमा यी दुई जनाबाहेक अरूको संलग्नता नदेखिएकोसमेतबाट नाबालक अपहरणमा प्रत्यक्ष रूपमा यी प्रतिवादीहरूको संलग्नता देखिएबाट जाहेरवालाको ३ महिनाको नाबालक बच्चा अपहरणमा परेको पुष्टि हुन आयो।

६. अनुसन्धान अधिकारीसमक्षको बयानमा जाहेरी दर्खास्त, प्रहरी सञ्चार र घटनास्थल प्रकृति मुचुल्कालाई पुष्टि हुने गरी बयान गर्ने यी दुवै प्रतिवादीहरूले अदालतसमक्ष भएको बयानमा अभियोग दाबीमा इन्कारी रही बयान गरेको पाइन्छ। सामान्यतया अनुसन्धान अधिकारीसमक्ष गरेको साबिती बयानको आधारमा मात्र कसुर ठहर गर्न पर्याप्त प्रमाण होइन । तर अनुसन्धान अधिकारीसमक्षको बयान कुनै दबाब प्रभावविना आफ्नो अन्तर हृदयबाट स्वस्फूर्त रूपमा

आरोपित कसुरसँग स्वभाविक सामाञ्जस्यता हुने गरी बयान गरी सो बयानलाई अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि भइराखेको छ भने अनुसन्धान अधिकारीसमक्ष गरेको बयानलाई प्रमाणमा ग्रहण नगर्ने हो भने सो बयान गर्न पर्ने कानूनी व्यवस्थाको कुनै अर्थ र प्रयोजन देखिन आउँदैन।

७. तत्काल अपहरण गर्दा देख्ने प्रत्यक्षदर्शीको अभावमा मिसिल संलग्न निज प्रतिवादीहरूको मौकाको बयान, प्रहरी सञ्चार, मौकाको कागज गर्नेहरूको भनाइ, प्रतिवादी कोशिलादेवी महतोको जाहेरवालासँग भएको आपसी वैमनश्यताको पृष्ठभूमिसहितको परिस्थितिजन्य प्रमाणको आधारमा प्रस्तुत तथ्यको निरूपण गर्नुपर्ने अवस्था रहेको छ । प्रतिवादी कोशिलादेवी महतोको मौकाको बयान हेर्दा, देवर सीताराम महतो र निजको परिवारले सधैँ नकारात्मक दृष्टिले हेर्ने, झगडा गर्ने गर्थे, दाजु भाइको जग्गा साँधमा भएकोले जग्गाको साँधको विषयमा बारम्बार झगडा गर्ने हुँदा निजसँग बदला लिने सोच बनाई जाहेरवालाको परिवारको कुनै सदस्यलाई अपहरण गरी बन्धक बनाई रकम असुल्ने सोच बनाई अनितादेवी धोबीसँग सरसल्लाह गरी जाहेरवालाको ३ महिनाको छोरालाई अपहरण गरी बन्धक बनाउने र रकम माग गर्ने, नदिएमा सो बच्चा भारत सितामढी बस्ने आफ्नो बहिनी बबितालाई दिएर सोबापत अनितालाई रू.१०,०००।- दिन्छु भन्ने सल्लाह भएबमोजिम जाहेरवालाको छोरा ३ महिनाको अविनाश महतोलाई लिई भारततर्फ जाँदा रात परी मधुवनको रामभरोस बैठाको एकान्त गोठमा राखेको अवस्थामा प्रहरी र स्थानीय मानिसहरू देखी बच्चालाई त्यहीँ छाडी यी प्रतिवादी र अनितादेवी धोबी भागी गएको भनी उल्लेख भएको देखिन्छ।

८. प्रतिवादी कोशिलादेवी महतोको बयानबमोजिम बच्चा बिक्री गर्ने भनेर लिएर गएको नभई निजलाई बन्धक बनाई, रकम असुल गर्ने सोच बनाई अपहरण गरी लगेको देखिन्छ। यिनको आफ्नो छोरा कृष्णनन्दन महतोले बकपत्र गरी अपहरण गर्ने मेरी आमा नभएर प्रतिवादी अनितादेवी धोबी हो भनी आफ्नी आमा निर्दोष रहेको तर प्रतिवादी अनितादेवीलाई मात्र कसुरदार भनेको पाइन्छ। जबकि सोही बकपत्रबाट वारदातको समयमा ऊ घरमा नभई धान हेर्न खेतमा गएको थिएँ भनेबाट निजको सो बकपत्र सत्य र यथार्थमा आधारित रहेनछ भन्ने आफैँमा प्रस्ट हुन्छ । यस अवस्थामा मिसिल संलग्न प्रमाणबाट समर्थित नभएको प्रतिवादीहरूको अदालतमा भएको इन्कारी बयानले मात्र कसुरबाट उन्मुक्ति मिल्न सक्ने देखिँदैन । आफू देवरबाट घृणित, अपमानित र अपहेलित बन्नु परेको पीडा बोधको मनोविज्ञान स्वरूप त्यसको जसरी पनि बदला लिई छाड्ने सोचको कारण अनितासँग पहिले सहयोगको सरसल्लाह तथा योजना बनाएको देखिन्छ । साथी अनिताबाट यी प्रतिवादीको योजनामा सहमति र स्वीकृतिप्राप्त भएपछि उनले देवरप्रतिको इवीको बदला लिने योजना कार्यान्वयन गर्ने मौकाको खोजीमा रहेको देखिन्छ । यी दुवै प्रतिवादीहरूको मौकाको एक आपसमा पोल गरी भएको साबिती बयानलाई प्रहरीको घटना घट्दाघट्दैको तत्कालको सञ्चारको बेहोरामा *मिति २०६७/४/१२ गते अन्दाजी १७.३० बजेको समयमा जिल्ला सर्लाही सुदामा गाउँ विकास समिति वडा नं. ९ मा बस्ने सिताराम महतोको छोरा अन्दाजी ३ महिनाको अविनाश महतोलाई घरमा सुताई निजको आमा काम विशेषले बाहिर गएको र घरमा कोही नभएको मौका छोपी निज बच्चा अविनाश महतोलाई अपहरण गरी लगेको बुझिएकोमा निजको आफन्तसमेतले खो.त. गर्दै जाँदा अपहरणकारीहरू जि.स. सुदामा-९ बस्ने कौशिलादेवी महतो र ऐ. वडा नं. ८ मा बस्ने अनितादेवी धोबीसमेत संलग्न भई अपहरित बच्चा अविनाश महतोलाई मधुवन गोठ हुँदै भारततर्फ लान लाग्दा शंका लागी मधुवन गोठ प्र. चौ. को गस्ती टोलीले पक्राउ गरी आवश्यक कारबाहीको लागि यस का.*

मा बुझाएकोमा आवश्यक कारबाही भइरहेको, बच्चा सम्बन्धित आमालाई जिम्मा दिएको, घटनास्थल यस का. बाट ३० कि.मि. पश्चिम पर्ने वि.वि. पछि जाहेर गर्ने बेहोरा सादर जाहेर भनी उल्लेख भएको पाइनुले थप पुष्टि गरेको तथा जाहेरवालाको जाहेरीसमेतले प्रमाणित गरेको यस स्थितिमा अपहरण गर्ने भनी आरोपित गरिएका प्रतिवादीहरू कोशिलादेवी महतो र अनितादेवी धोबी अन्य प्रमाणहरूबाट कसुरदार होइनन् भन्न मिल्ने अवस्था देखिएन।

९. प्रतिवादी कोशिलादेवीको पुनरावेदन जिकिर हेर्दा प्रथमत: जाहेरवाला अपहरण हुँदा देख्ने प्रत्यक्ष साक्षी नभएकाले निजको भनाइ पत्यारलायक छैन, जाहेरवालाले बकपत्र गर्दा आफूलाई आरोपित कसुरमा संलग्नतालाई इन्कार गरेको छ भनी जिकिर लिएको पाइन्छ। उक्त सन्दर्भमा प्रहरीको सहयोगमा बच्चा अपहरणमुक्त गराइएको हो भन्ने प्रहरी सञ्चार देखिन्छ। अपहरित बच्चा खोजतलास गर्दै जाँदा कोशिलादेवी र अनितादेवी संलग्न भई भारततर्फ लैजाँदै गर्दा मधुवनगोठ प्रहरी चौकीको गस्ती टोलीले पक्राउ गरेको भन्ने उल्लेख गरेबाट जाहेरवालाको मौकाको जाहेरी प्रहरी सञ्चारले पुष्टि गरी रहेको देखिन्छ। यसै सन्दर्भमा (ने.का.प.२०६१ नि.नं.७४११ पेज ८९३) वादी गीता माझीको जाहेरीले श्री ५ को सरकार विरूद्ध प्रत्यर्थी प्रतिवादी श्याम माझी भएको ज.क. मुद्दामा *फौजदारी मुद्दामा अभियुक्तले अपराध गरेको हो कि होइन भन्ने तथ्यगत सबुदहरूको आधारमा निर्णय गर्ने कुरा हो, अपराधीलाई बचाई दिने नियतले स्वयम् पीडितलगायत कसैले बयान दिन सक्ने स्थितिलाई ध्यानमा राखी न्यायकर्ताले निर्णय दिँदा कसैले सफाइ दिने बयान दिँदैमा अभियुक्त निरअपराध ठहर गर्नुपर्ने वा कसैले अभियुक्त विरूद्ध बयान दिँदैमा अपराधी ठहरिनै पर्ने भन्न सकिन्न। व्यक्तिको बयानलाई सबुदैको रूपमा मात्र लिन सकिन्छ, तर अकाट्य प्रमाण मान्न नसकिने* भनी सिद्धान्तसमेत प्रतिपादन भइरहेको यस स्थितिमा मौकाको कुरा फेरी विना आधार प्र. कोशिलादेवीको संलग्नता छैन भन्ने जाहेरवालाको अदालतमा भएको बकपत्र मिसिल संलग्न तथ्यसँग मालाकार कडीमा मेल खाएको देखिएन। ३ महिनाको बच्चा अपहरण भएको रातको समयमा गोठबाट उद्धार गरेकोमा वस्तुगत प्रमाणले प्रस्तुत वारदात जघन्य भएको र सो कसुरमा प्रतिवादी कोशिलादेवीसमेतको संलग्नता उक्त विवेचित आधारमा स्वभाविक रूपमा पुष्टि भइरहेको छ। अतः जाहेरवालाले निज प्रतिवादी कोशिलादेवी महतोको कसुरमा संलग्नता छैन भनी गरेको बकपत्र तथ्यगत प्रमाणबाट मिल्ने देखिन आएन। कसैलाई सफाइ दिने उद्देश्यले बकपत्र गर्दैमा त्यस्तो बकपत्र अकाट्य प्रमाण हुँदैन। अन्य मिसिल संलग्न प्रमाणको विवेचना र मूल्याङ्कनबाट नै न्यायिक निरूपण गर्नुपर्ने वाञ्छनीय हुन्छ।

१०. अर्को प्रतिवादी अनितादेवी धोबीको कसुरको सम्बन्धमा विचार गर्दा, प्रतिवादी अनितादेवीले मौकाको आफ्नो बयानमा कोशिलादेवी महतो मेरो घरमा आई मलाई जाहेरवाला सीताराम महतोले मेरो लोग्ने अशक्त भएको कारण मलाई हेप्ने जग्गा विषयमा झगडा गरिरहने गर्दछन् निजलाई बदला लिनु पर्‍यो भनी सहयोग मागेको देखिन्छ। निजको ३ महिनाको छोरा अविनाश महतोलाई अपहरण गरी निजबाट आएको पैसा आधाआधा गरौंला भनेकी र मैले पनि सहमति जनाई जाहेरवालाको छोरा अपहरण गरी बन्धक बनाउने, रकम माग गर्ने योजनामा सहमति जनाएको तथ्य रहेको छ। तत्पश्चात् मिति २०६७।४।१२ गते साँझ १७.३० बजेको समयमा प्रतिवादी कोशिलादेवी महतोले ३ महिनाको जाहेरवालाको बच्चा अविनाश महतोलाई लिई आएकी र उक्त बच्चालाई भारततर्फ लैजाँदा रात परेको कारण मधुवनी रामभरोसको एकान्त गोठमा बन्धक बनाई राखेको अवस्थामा ऐ.रातको करिब १.३० बजेको समयमा प्रहरीसहितको टोली आएको देखी बच्चालाई छोडी भागी गएको

हो भनी मौकाको बयानमा उल्लेख गरेको पाइन्छ । तत्पश्चात् बच्चा उद्धार गरी लगिएको र भोलिपल्ट प्रहरीले दुवैलाई पक्राउ गरेको स्वीकारोक्ति रहेको छ । कोशिलादेवी महतोसँग जाहेरवालाको रिसइवी भएको कारण निजले बदला लिन खोजेकोले अपहरण गरी रकम लिने र आएको रकम आधाआधा लिने भनेको हुँदा पैसाको प्रलोभनमा परी अपहरण गरेको हो भनी यी प्रतिवादी अनितादेवीले मौकामा बयान गरेको अवस्था छ ।

११. जहाँसम्म पुनरावेदक प्रतिवादी अनितादेवी धोबीको पुनरावेदन जिकिर हेर्दा अदालतमा कसुर गरेकोमा इन्कार रहेकोले स्वेच्छा विरूद्धको मौकाको साबिती बयान प्रमाणयोग्य हुने नहुँदा सफाइ पाउनु पर्छ भनी जिकिर लिएको पाइन्छ । निजले जाहेरवालाको छोरा अविनाश अपहरणमा परेको हो अपहरण कसले गरे थाहा छैन भनी अदालतको बयानमा आरोपित कसुरमा इन्कार रही बयान गरे तापनि सो इन्कारी बयानलाई पुष्टि हुने कुनै प्रमाण पेस गरेको पाइँदैन । आफ्नो सो बेहोरा प्रमाणित गर्ने साक्षीको बकपत्र गराउन सकेको अवस्था देखिँदैन ।

१२. अत: प्रतिवादीहरू अनितादेवी धोबी र कोशिलादेवी महतोलाई पुनरावेदन अदालत जनकपुरले अभियोग माग दाबीबमोजिम मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको महलको १, २ र ३ नं. विपरीतको कसुर अपराधमा ७ वर्ष कैद सजाय हुने ठहराई ऐ. महलको १२ नं. बमोजिम रू. ५००।– क्षतिपूर्ति भराई दिने गरी भएको फैसला सो हदसम्म मिलेकै देखियो ।

१३. अब पुनरावेदन अदालत जनकपुरले प्रतिवादीहरूलाई अभियोग मागदाबीबमोजिम मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको महलको १, २ र ३ नं. विपरीतको कसुर अपराधमा ऐ. महलको ७ र ९ नं. बमोजिम थप सजाय हुनुपर्नेमा थप २ वर्ष मात्र सजाय गरेको मिलेन भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको पुनरावेदन जिकिर रहेको पाइयो । यस सन्दर्भमा मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको महलको ७ र ९ नं. को कानूनी व्यवस्था हेर्नु सान्दर्भिक देखियो । उक्त ७ नं.मा *दुई वा दुईभन्दा बढी व्यक्ति मिली वा सङ्गठित रूपमा कुनै व्यक्तिलाई अपहरण गरेको वा शरीर बन्धक लिएको भए सो काममा संलग्न सबै व्यक्तिलाई यस महलबमोजिम हुने सजायमा दुई वर्ष थप गरी सजाय गर्नुपर्छ* भन्ने र सोही महलको ९ नं.मा *यस महलको १, २ वा ३ नं. बमोजिमको कसुर महिला वा नाबालक विरूद्ध गरिएको भए यस महलबमोजिम हुने सजायमा दुई वर्ष थप गरी सजाय गर्नुपर्छ* भन्ने कानूनी व्यवस्था रहेको देखियो । यस परिप्रेक्ष्यमा ऐ. महलको ३ नं. बमोजिमको कसुर ठहर भएको अवस्थामा सो कसुर दुई जनाभन्दा बढी व्यक्ति मिली गरेको ठहर भएमा ऐ. महलको ७ नं. बमोजिम थप २ वर्ष कैद सजाय हुने स्पष्ट छ । सोही कसुर नाबालकलाई गरेको भएमा ऐ. महलको ९ नं. बमोजिम थप २ वर्ष कैद सजाय गर्न पर्ने अर्को कानूनी व्यवस्था रहेको छ ।

१४. मुलुकी ऐन अपहरण तथा शरीर बन्धक लिनेको महलको ७ नं. को कसुर दुई वा सोभन्दा बढी व्यक्ति संगठित भई गरेबापत हुने अपराधको दायित्वमा थप सजाय हुने हो, अर्थात् संगठित भई गरेको कसुरमा २ वर्ष थप कैदको सजाय हुने हुन्छ । त्यस्तो अपराध संगठित भई नाबालक वा महिलालाई गरेको भए ऐ. को ९ नं. ले अर्को थप २ वर्ष कैद सजाय हुने भन्ने उक्त कानूनी व्यवस्थाको मनसाय हो । कसुरजन्य कार्यमा कसुरदारको सहभागिताको संख्याले थप सजाय हुने र पीडित नाबालक वा महिला विरूद्ध कसुर गरेकोमा हुने थप सजायको कानूनी व्यवस्थाले अलगअलग आपराधिक दायित्व रहने भएर नै अलगअलग थप सजायको कानूनी व्यवस्था गरिएको हो । उक्त ७ र ९ नं. मा उल्लिखित अलगअलग प्रकृति र तत्त्वहरू विद्यमान भएको अवस्थामा कुनै एउटा कानूनी व्यवस्थाले गर्नुपर्ने

थप सजाय मात्र गरिने हो भने अलगअलग थप सजाय हुने कानूनी व्यवस्थाको कुनै प्रयोजन नै रहन जाने हुँदैन । प्रस्तुत सन्दर्भमा उक्त दुवै कानूनी व्यवस्थाको आ-आफ्नो विशेषता रहेको देखिन्छ ।

१५. अपराध गर्ने कसुरदारहरू २ जना वा सोभन्दा बढी भई अपहरण गर्ने कार्य गरेको तत्त्व विद्यमान भएमा उक्त ७ नं. को कानूनी व्यवस्थाले २ वर्ष थप सजाय हुन्छ । २ जना वा सोभन्दा बढी भई त्यस्तो कसुर नाबालक वा महिलालाई गरेको भए उक्त ९ नं. ले २ वर्ष थप सजाय हुन्छ । ७ र ९ नं. मा उल्लिखित प्रकृति र तत्त्वहरू फरकफरक छन् । त्यस्तो अवस्थामा कुनै एउटा मात्र थप सजाय हुने भन्ने स्पष्ट कानूनी व्यवस्था छैन । अपराधको गाम्भीर्य र प्रकृतिलाई हेरेर नै अलगअलग थप सजाय गर्नुपर्ने विधायिकी मनसाय रहेको पाइन्छ । अवोध ३ महिनाको नाबालकलाई २ जना भई सरसल्लाह गरी अपहरण गरी रातारात भारततर्फ लान लागेको प्रस्तुत मुद्दाको तथ्य छ । रातको समयमा नाबालकलाई उद्धार गरिएको पाइन्छ । रातारात २ जनाले नाबालकलाई अपहरण गरी लाने क्रिया भएको छ । प्रस्तुत मुद्दामा थप सजाय हुने भनी गरिएको व्यवस्थाबमोजिमको अलग अलग तत्त्वहरू विद्यमानता रहेको छ भने ७ नं. र ९ नं. ले गरेको थप सजायमध्ये कुनै एउटालाई मात्र छनोट गरी थप सजाय हुने होइन । थप सजायको अर्थ अपराधको प्रकृति र गाम्भीर्य हेरी कानूनले व्यवस्था गरेअनुसारको कार्यहरू र सोबमोजिमको तत्त्वहरू विद्यमान भएमा अलगअलग थप सजाय गर्नुपर्ने नै देखिन आउँछ । यस्तो कसुर नाबालक वा महिलाउपर गर्नेलाई यस महलबमोजिम अरू बढी गम्भीरताकासाथ लिएको देखिन्छ । उक्त थप व्यवस्थाको प्रयोग यसप्रकारको कसुरमा नाबालक र महिलालाई अपहरण गर्ने कसुरदारलाई कठोर रूपमा लिई निजहरूको संरक्षण गर्ने उद्देश्य नै हो ।

१६. अतः माथि उल्लिखित तथ्य, कानूनी व्यवस्था, यस अदालतबाट प्रतिपादित सिद्धान्तको रोहमा प्रतिवादीहरू अनितादेवी धोबी र कोशिलादेवी महतोलाई मुलुकी ऐन अपहरण तथा शरीर बन्धक लिनेको महलको १, २ र ३ नं. को कसुरमा ७ र ९ नं. बमोजिम थप २ वर्ष कैद गर्ने गरेको पुनरावेदन अदालत जनकपुरको मिति २०६९।३।२० को फैसला सो हदसम्म नमिली केही उल्टी हुने भई निज प्रतिवादीहरूलाई ऐ. १,२ र ३ नं. को कसुरमा ऐ. ३ नं. बमोजिम ७ वर्ष कैद सजाय हुने, ऐ. ७ नं. बमोजिम थप २ वर्ष कैद सजाय हुने र ऐ. ९ नं. बमोजिम थप २ वर्ष कैद सजायसमेत गरी जम्मा ११ वर्ष कैद सजाय र ऐ.को १२ नं.बमोजिम रू.५००।– क्षतिपूर्ति भराइदिने ठहर्छ । प्रतिवादी पुनरावेदकहरूको पुनरावेदन जिकिर पुग्न सक्तैन । अरूमा तपसिलबमोजिम गर्नू ।

तपसिल

माथि ठहर खण्डमा उल्लेख भएबमोजिम प्रतिवादीहरू अनितादेवी धोबी र कोशिलादेवी महतोलाई मुलुकी ऐन अपहरण तथा शरीर बन्धक लिनेको महलको १, २ र ३ नं. को कसुरमा ७ र ९ नं. बमोजिम जनही थप २ वर्ष कैद गर्ने गरेको पुनरावेदन अदालत जनकपुरको मिति २०६९।३।२० को फैसला सो हदसम्म नमिली केही उल्टी हुने भई निज प्रतिवादीहरूलाई ऐ. १, २ र ३ नं. को कसुरमा ऐ. ३ नं. बमोजिम जनही ७ वर्ष कैद सजाय हुने, ऐ. ७ नं. बमोजिम थप जनही २ वर्ष कैद सजाय हुने र ऐ. ९ नं. बमोजिम थप जनही २ वर्ष कैद सजायसमेत गरी जम्मा जनही ११ वर्ष कैद सजाय हुने ठहरेकाले पुनरावेदन अदालतको फैसलाबमोजिम जनही ९ वर्ष कैद सजाय हुने गरी राखेको लगतको सट्टा जनही ११ वर्ष कैद सजाय हुने लगत कसी असुल गर्नु भनी सर्लाही जिल्ला अदालतमा लेखी पठाउनू ------१

प्रस्तुत मुद्दाको फैसलाको प्रतिलिपिसहितको जानकारी थुनामा रहेका प्रतिवादीहरूलाई र महान्यायाधिवक्ताको कार्यालयलाई दिनू ----------------------------------२

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू ------------------------३

उक्त रायमा सहमत छु ।
न्या. अनिलकुमार सिन्हा

इजलास अधिकृतः दुर्गाप्रसाद भट्टराई
इति संवत् २०७४ साल कार्तिक ६ गते रोज २ शुभम् ।

निर्णय नं. १००६०

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
माननीय न्यायाधीश डा.श्री आनन्दमोहन भट्टराई
फैसला मिति : २०७५।५।८
०७२-CR-१४७१

मुद्दा : अपहरण उद्योग

पुनरावेदक / वादी : सुरेन्द्रकुमार झाको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : जिल्ला महोत्तरी, सोनमा गा.वि.स. वडा नं.२ घर भई हाल जिल्ला धनषा, जनकपुर उपमहानगरपालिका वडा नं.८ बस्ने रामबाबु यादवको छोरा हाल कारागार कार्यालय जलेश्वरमा थुनामा रहेको त्रिलोककुमार यादवसमेत

- **न्यायालयले ऐन बनाउने होइन, संशोधन गर्ने र खारेज गर्ने पनि होइन । व्याख्याको माध्यमबाट ऐनमा रहेको प्रस्ट प्रावधानलाई निष्क्रिय गर्ने काम पनि अदालतले गर्न हुँदैन । कानूनको प्रयोग गर्ने क्रममा अदालतले विधायिकाको मनसाय, भावना र उद्देश्यलाई आत्मसात् गरी व्याख्या गर्नुपर्ने हुन्छ । कानूनको व्याख्या गर्दा "र" एवं "वा" को प्रयोग वा अर्थ के हो भन्ने कुरा सामान्य समझबाट बुझिने कुरा हो । यस्ता कुरामा त्रुटि देखिनु शोभनीय हुँदैन । यसप्रकारको प्रवृत्तिबाट निर्णयकर्ताको क्षमता सम्बन्धमा प्रश्न उठने अवस्था रहने ।**
- **न्यायको मकसद पूरा हुने भन्ने कुराको आडमा कानून प्रतिकूल निर्णय गर्न हुँदैन । अदालतबाट कानूनअनुकूल, कानूनको सीमा र परिधिभित्र रही न्याय सम्पादन गर्नुपर्दछ । कानूनको दायरा नाघेर स्वेच्छाचारी तवरले "मकसद" को नाममा गरिएका कार्यको औचित्य प्रमाणित हुन सक्दैन । त्यस प्रकारको प्रवृत्ति बढ्दै गयो भने न्यायिक अन्यौल, अनिश्चितता र अराजकताको स्थिति पैदा हुने खतरा रहन्छ । कैद र जरिवाना दुवै सजाय अनिवार्य रूपमा गर्नुपर्ने गरी भएको कानूनी व्यवस्थालाई न्यायको मकसद पूरा हुने भनी कैदको मात्र सजाय गर्दा न्यायको उद्देश्य परास्त हुन जाने ।**

(प्रकरण नं.५)

पुनरावेदक / वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री गंगाप्रसाद पौडेल

प्रत्यर्थी / प्रतिवादीका तर्फबाट : विद्वान् अधिवक्ता श्री वीरेन्द्रप्रसाद साह

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं., ५ नं.

सुरू तहमा फैसला गर्ने:-

माननीय न्यायाधीश श्री मुकेश उपाध्याय
धनुषा जिल्ला अदालत

पुनरावेदन तहमा फैसला गर्नेः

माननीय न्यायाधीश श्री शेषराज सिवाकोटी
माननीय न्यायाधीश श्री मेघनाथ भट्टराई
पुनरावेदन अदालत जनकपुर

फैसला

न्या. ईश्वरप्रसाद खतिवडा : तत्कालीन न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१)(क) बमोजिम मुद्दा दोहोऱ्याई हेर्ने अनुमति प्राप्त भई पुनरावेदनको रोहमा पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार रहेको छः-

जिल्ला धनुषा, जनकपुर नगरपालिका, वडा नं.७ स्थित उत्तर मोहडा भएको २ तल्ले सुरेन्द्र झाको पक्की घर रहेको, सो घर कोठाहरू मध्येको माथिल्लो तल्लाको उत्तर पश्चिम कुनाको घर कोठामा सुरेन्द्रकुमार झालगायतका निजका छोराछोरी सुत्ने गरेको घर कोठा रहेकोमा सोही घर कोठामा ९८०४८३२२३८ नम्बरको मोबाइलमा ९८०४८५३५६१ नम्बरको मोबाइल फोनबाट बलराम त्यागी भन्नेलगायत ३/४ जना व्यक्तिहरूले पटकपटक फोन गरी नगद रू.५,००,०००/- मागेको, नदिएमा छोराछोरीसमेतलाई अपहरण गर्ने धाकधम्की दिएको भन्ने बेहोराको घटनास्थल मुचुल्का।

मिति २०६९।२।७ गते राति म जाहेरवालालगायतका घर परिवारका मानिसहरू खाना खाई घरमा घरायसी कुराकानी गरी बसिरहेका थियौं । राति ९ बजेर ५९ मिनेट जाँदाको समयमा मेरो ९८०४८३२२३८ नम्बरको मोबाइलमा ९८०४८५३५६१ नम्बरको मोबाइलबाट फोन आयो । फोन उठाउँदा म बलराम त्यागी बोलेको, हाम्रो समूहलाई चन्दा दिनु पऱ्यो । हामीलाई रू.५ लाख चाहियो भनी भनेपछि मैले यत्रो रकम कहाँबाट दिने, म दिन सक्दिन भनेँ । बलराम त्यागी भन्नेले रू.५ लाख नदिए छोराछोरीलाई अपहरण गरी ज्यान मारी दिन्छौं भनी धाकधम्की दियो । मेरो मोबाइलमा रू.५ लाख माग गरी बलराम त्यागी भन्ने व्यक्तिसमेत अन्य फरक फरक ३/४ जना व्यक्तिले सोही मोबाइल नम्बरबाट रू.५ लाख देउ होइन भने तँलाई, तेरो छोराछोरीलाई अपहरण गर्छौं, ज्यान मारी दिन्छौं भनी धाकधम्की दिँदै आइरहेका थिए। फोन गरी रकम माग्ने धाकधम्की दिने व्यक्ति कहाँका को को व्यक्तिहरू हुन् ? मैले पहिचान गर्न सकेको छैन। अतः निजहरूको पहिचान गरी मसँग रू.५ लाख माग गरी रकम नदिए छोराछोरीसमेतको अपहरण गरी ज्यान मार्ने धाकधम्की दिने व्यक्तिहरूलाई खोजतलास, पक्राउ गरी अपहरण उद्योगमा सजाय गरिपाउँ र ज्यानको समेत सुरक्षा गरिपाउँ भन्नेसमेत बेहोराको जाहेरी दरखास्त।

अपहरण उद्योग मुद्दामा चन्दा माग गरी अपहरणको धम्की दिन प्रयोग गरिएको ९८०४८५३५६१ नम्बरको मोबाइलको कल डिटेल सि.डि.आर. विश्लेषण गर्दा पीडित जाहेरवालाको ९८०४८३२२३८ नम्बरको मोबाइलमा मिति २०१२-०५-२० मा २१.५९.१५, २१.५८.०४ बजेको समयमा २ कल, मिति २०१२-०५-२१ मा Recharge पश्चात् १३.२४.०९, १३.५४.३६ बजेको समयमा २ कल र मिति २०१२-०५-२२ मा १७.४९.३९, २२.५८.३४ बजेको समयमा २ कल र मिति २०१२-०५-२३ मा २१.२८.०२

बजेको समयमा १ कल अर्थात् लगातार ४ दिनसम्म ७ फोन सम्पर्क गरेको Outgoing call देखिएको र Recharge पश्चात्को प्रायोरिटी कलमा समेत पीडित जाहेरवालालाई नै फोन गरेको देखिन आएकोले सोही बेहोराको कल डिटेल्स र सि.डी.आर पाना ३ समेत यसैसाथ दाखिला गरेको छु । प्रतिवादीहरूलाई कानूनबमोजिम आवश्यक कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको प्रहरीको प्रतिवेदन ।

मेरो सालो नाताको प्रतिवादी रामबाबु यादव जाहेरवाला सुरेन्द्रकुमार झाको घरमा २ वर्षदेखि कोठा भाडामा लिई बस्दै आएकोमा निज जाहेरवाला सुरेन्द्रकुमार झाले रामबाबु यादवलाई कोठाको भाडा रू.१,१००/- बाट रू.१,५००/- दिने, नभए कोठा खाली गर्ने भनेपछि निज रामबाबु यादवसमेतले सुरेन्द्रकुमार झालाई ठीक पार्नुपर्छ भनी योजना बनाई मैले भेटाई प्रयोग गर्ने गरेको मेरो साथबाट बरामद भएको ९८०४८५३५६१ नम्बरको सिम भएको मोबाइलबाट जाहेरवालाको ९८०४८३२२३८ नम्बरको मोबाइल फोनमा पटकपटक फोन गरी म बलराम त्यागी हो, मलाई रू.५ लाख रकम चन्दा चाहियो भनी मागेको हो । चन्दा नदिएमा जाहेरवालाको छोराछोरीसमेतलाई अपहरण गर्ने धम्की दिएको हो भनी पक्राउ परेका प्रतिवादी त्रिलोककुमार यादवले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज ।

म २ वर्ष अगाडिदेखि जाहेरवाला सुरेन्द्रकुमार झाको घरमा १ वटा कोठा भाडामा लिई बस्दै आएको थिएँ । एउटा कोठा रू.१,१००/- मा भाडामा लिई बस्दै आएकोमा २/३ महिना अगाडिदेखि घरधनी जाहेरवालाले एक्कासी कोठा खाली गर, बस्नुछ भने महिनाको रू.१,५००/- दिनुपर्छ भनी जानकारी गराउनु भयो । त्यसपछि त्रिलोककुमार यादवको घरमा गई निजसँग भेटी सुरेन्द्रकुमार झालाई ठीक पार्नु पर्छ भनी भिनाजु त्रिलोककुमार यादवले ९८०४८५३५६१ नम्बरको मोबाइलबाट जाहेरवालाको मोबाइल नम्बर ९८०४८३२२३८ मा पटकपटक फोन गरी बलराम त्यागी हो भनी रू.५ लाख रकम चन्दा मागेको हो । सोही मोबाइलबाट मैले पनि ३/४ पटक फोन गरी चन्दा मागेको हो । निज सुरेन्द्रकुमार झाले चन्दा दिन नमान्दा निजलाई त्रिलोककुमार यादवले फोन गरी छोराछोरीसमेतलाई अपहरण गर्ने धम्की दिएको हो भनी प्रतिवादी रामबाबु यादवले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज ।

मिति २०६९।२।७ गते प्रतिवादी रामबाबु यादव र त्रिलोककुमार यादवसमेतले मोबाइल नम्बर ९८०४८५३५६१ बाट पटकपटक जाहेरवाला सुरेन्द्रकुमार झालाई मोबाइल नम्बर ९८०४८३२२३८ मा फोन गरी बलराम त्यागी हुँ भनी रू.५,००,०००/- चन्दा माग्दै आएको र चन्दा नदिएमा जाहेरवालाको छोराछोरीसमेतलाई अपहरण गर्ने धम्कीसमेत मोबाइल फोनबाट दिएको हो भन्ने बेहोराको वस्तुस्थिति मुचुल्का ।

मिति २०६९।२।७ गते प्रतिवादी रामबाबु यादव र त्रिलोककुमार यादवसमेतले मोबाइल नम्बर ९८०४८५३५६१ बाट पटकपटक जाहेरवाला सुरेन्द्रकुमार झालाई मोबाइल नम्बर ९८०४८३२२३८ मा फोन गरी बलराम त्यागी हुँ भनी रू.५,००,०००/- चन्दा माग्दै आएको र चन्दा नदिएमा जाहेरवालाको छोराछोरीसमेतलाई अपहरण गर्ने धम्कीसमेत मोबाइल फोनबाट दिएको भन्ने तथ्य स-प्रमाण सिद्ध हुन आएको हुँदा विरूद्ध खण्डमा उल्लिखित प्रतिवादीहरूको कार्य मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ६ नं. अनुसारको कसुर अपराध भएको देखिँदा निज प्रतिवादी रामबाबु यादव र त्रिलोककुमार यादवसमेतलाई सोही महलको ५ र ६ नं. अनुसार सजाय गरिपाउँ भन्ने अभियोगपत्र ।

मिति २०६९।२।७ गते म आफ्नो घर मगरथानामा थिएँ । जाहेरवालाको घरमा १ कोठा रू.१,१००/- भाडामा लिई बसेको थिएँ । जाहेरी

बेहोराबारेमा मलाई केही थाहा छैन। ९८०७८२५२६६ नं. को मोबाइल मेरो हो। मैले फोन गरी चन्दा मागेको होइन। मैले प्रयोग गर्ने गरेको मोबाइलबाट फोन गरेको छैन। कल डिटेलमा पनि मेरो नं. छैन। मेरो कोठाबाट मेरा साथबाट कुनै समान बरामद भएको छैन। मेरो गोजीबाट नगद रू.१,२९०/- र एउटा मोबाइल मात्र फेला परेको थियो। अरू चिजवस्तु कसको हो, मलाई थाहा छैन। मैले जाहेरवालासँग ५ लाख चन्दा मागेको छैन। निजको छोराछोरीलाई अपहरण गर्ने भनेको छैन। प्रहरीले झुट्टा आरोपमा फसाएको हो। अभियोग मागदाबीअनुसारको अपराध मैले नगरेको हुँदा झुट्टा अभियोग दाबीबाट सफाइ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी रामबाबु भन्ने प्रमोदकुमार यादवले सुरू अदालतमा गरेको बयान।

मिति २०६९।२।७ गते राति म जनकपुरकै घरमा थिएँ। मेरो घर जिल्ला धनुषा, जनकपुर नगरपालिका वडा नं. ८ मा छ। ९८०४८३२२३८ र ९८०४८५३५६१ नं. को मोबाइल कसको हो मलाई थाहा छैन। ९८१४८९०४०२ नं. को मोबाइल मैले प्रयोग गर्ने गरेकोमा उक्त मोबाइल डेढ दुई महिना पहिला हराएको हो। हाल सिम पनि बन्द गराई सकेको छु। जाहेरवालाको घर मैले देखेको छैन। ९८०४८३५५६१ नं.को मोबाइल मबाट बरामद भएको होइन, उक्त नं. मेरो होइन। प्रहरीले मेरो घर खानतलासी गरेको छैन। बरामदी मुचुल्का झुट्टा हो। मेरो घर साथबाट कुनै समान बरामद भएको छैन। मैले कसैसँग चन्दा मागेको छैन। कसैलाई फोन गरी धम्की पनि दिएको छैन। तसर्थ झुट्टा अभियोग दाबीबाट सफाइ पाउँ भनी प्रतिवादी त्रिलोककुमार यादवले सुरू अदालतमा गरेको बयान।

मिति २०६९।२।७ गते त्रिलोककुमार यादवको डेरामा थिए। ९८०४८५३५६१ नं.को मोबाइल त्रिलोककुमार यादवको होइन। खाना खाएर १०;३० बजेतिर सबैजना सुतेको हो। त्यो समयमा कहीँकतै फोन गरेका थिएनन् भन्नेसमेत बेहोराको प्रतिवादी त्रिलोककुमार यादवका साक्षीहरू विरेन्द्रप्रसाद यादव, उमेशकुमार यादवले करिब एकै मिलानको सुरू अदालतमा गरेको बकपत्र।

मिति २०६९।२।७ गते प्रतिवादी रामबाबु भन्ने प्रमोदकुमार यादव आफ्नो घर जिल्ला महोत्तरी, सुन्दरपुर गा.वि.स. वडा नं. २ मगरथानामै थिए। निजको मोबाइल नं. ९८०७८२५२६६ हो। निजको चालचलन राम्रो छ भन्नेसमेत बेहोराको प्रतिवादी रामबाबु भन्ने प्रमोदकुमार यादवको साक्षी मुनेशराय यादवले सुरू अदालतमा गरेको बकपत्र।

अनुसन्धानको क्रममा प्रहरीद्वारा खडा गरिएको वस्तुस्थिति मुचुल्काको कागजमा मैले सहिछाप गरेको हुँ। मिति २०६९।२।७ गते राति सुरेन्द्रकुमार झाको घरमा रू.५ लाख रूपैयाँ माग गरेको भनी ९८०४८५३५६१ नं. बाट फोन आएको भनी जाहेरवालाले भन्दा थाहा पाएको भन्ने बेहोराको कागज गरेको हुँ भनी वस्तुस्थिति मुचुल्काकाका मानिस उदयचन्द्र साहले सुरू अदालतमा गरेको बकपत्र।

मिति २०६९।२।७ गते आइतबारको दिन राति ९.५९ बजे ९८०४८५३५६१ नं.को मोबाइलबाट बलराम त्यागी भन्ने एरिया इन्चार्ज हुँ भनी रू.५ लाख चन्दा माग गरी फोन गरेको थियो। प्रतिवादीहरूको उक्त वारदातमा संलग्नताबारे मलाई थाहा छैन भन्नेसमेत बेहोराको जाहेरवाला सुरेन्द्रकुमार झाले सुरू अदालतमा गरेको बकपत्र।

प्रतिवादीहरूले अभियोग माग दाबीबमोजिम मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ५ र ६ नं.को कसुर अपराध गरेको पुष्टि हुन आयो। प्रतिवादीहरूको उमेर अवस्था र प्रतिवादीमध्येका रामबाबु भन्ने प्रमोदकुमार यादव जाहेरवालाको घरमा भाडा लिई बसेको र भाडा बढाएको कारण सोही जरियाबाट जाहेरवालालाई ठिक पार्नेसम्मको योजना बनाई फोन गरेको भन्नेसम्मको

अवस्था देखिएको र योजनाबमोजिम जाहेरवाला विरूद्धका अन्य सम्बद्ध कार्यहरू गरेको वा गर्ने तयारी गरेको भन्नेसम्मको आधार अवस्था मिसिल कागजबाट देखिन नआएकोमा न्यूनतम रूपको सजाय गर्दा पनि यी प्रतिवादीहरूका हकमा न्यायको मकसद पूरा हुने देखिँदा प्रतिवादीहरू त्रिलोककुमार यादव र रामबाबु भन्ने प्रमोदकुमार यादवलाई जनही कैद वर्ष ३।६।० (तीन वर्ष छ महिना) हुने ठहर्छ भन्ने सुरू धनुषा जिल्ला अदालतको मिति २०७१।१।२१ को फैसला।

हातहतियार खरखजाना मुद्दामा सजाय पाएको भन्ने आधार लिई गरिएको फैसला त्रुटिपूर्ण छ । अर्धन्यायिक निकायबाट न्यायका कुनै मूल्य मान्यता नहेरी हचुवाको भरमा निर्णय गरिने र सक्षम अदालतबाट त्यसलाई प्रमाण बनाउने हो भने स्वच्छ सुनवाइको हक मरेर जान्छ। अर्को कुरा हातहतियार मुद्दा भनेको Possession crime भित्र पर्दछ। त्यसको आधारमा मलाई कसुरदार ठहर गरेको निर्णय त्रुटिपूर्ण हुँदा बदर गरी अभियोग मागदाबीबाट सफाइ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी त्रिलोककुमार यादवको पुनरावेदन अदालत जनकपुरमा परेको पुनरावेदन पत्र।

हातहतियार मुद्दामा पुनरावेदन नगरेको कारण प्रस्तुत मुद्दामा दोषी भन्न मिल्दैन। किनभने हतियार म पुनरावेदकबाट बरामद भएको छैन। सोही कारणबाट अपहरण उद्योग साबित हुन सक्दैन। अपहरण उद्योग साबित हुनका लागि जुन मोबाइल नं. बाट धम्की दियो भनिएको छ, सो मोबाइल नं. म पुनरावेदकको नभई अरूको नै रहेको कुरा मिसिल संलग्न कागजातबाट पुष्टि भइरहेको छ। म निर्दोषलाई दोषी ठहऱ्याई सजाय गर्ने गरेको सुरूको फैसला त्रुटिपूर्ण हुँदा उक्त फैसला बदर गरी सफाइ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी रामबाबु भन्ने प्रमोदकुमार यादवको पुनरावेदन अदालत जनकपुरमा परेको पुनरावेदन पत्र।

प्रतिवादीहरूलाई अपहरण तथा शरीर बन्धक लिनेको महलको ५ र ६ नं. बमोजिमको सजाय गर्दा कैद मात्र गरे हुने, जरिवाना नगरे पनि हुने गरी स्वविवेकीय अधिकार न्यायकर्तालाई कानूनले प्रदान नगरेको अवस्थामा न्यूनतम रूपको सजाय गर्दा पनि न्यायको मकसद पूरा हुने भनी कैद मात्र गर्ने गरी भएको हदसम्म फैसला प्रत्यक्ष कानूनी त्रुटिपूर्ण रहेकाले बदरभागी रहेको छ। प्रतिवादीहरूलाई कैदको मात्र सजाय गरी जरिवाना नगरी भएको हदसम्मको धनुषा जिल्ला अदालतको फैसला त्रुटिपूर्ण एवं बदरयोग्य रहेकोले उक्त फैसला सो हदसम्म बदर गरी प्रतिवादीहरूलाई अभियोग माग दाबीबमोजिम जरिवानासमेतको सजाय गरिपाउँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको पुनरावेदन अदालत जनकपुरमा परेको पुनरावेदन पत्र।

प्रतिवादीहरू त्रिलोककुमार यादवसमेतको तथा निजहरू उपर वादी नेपाल सरकारको पुनरावेदनपत्र दायर भई दोहोरो पुनरावेदन परेको देखियो । प्रतिवादीहरू उपर अपहरण तथा शरीर बन्धक लिनेको महलको ६ नं. को कसुरमा ऐ.को ५ र ६ नं. बमोजिमको कसुर ठहर गरी जरिवानासमेत गर्नुपर्नेमा कैद मात्र गरेको तथा घटनाको समयमा प्रयोग गरेको भनिएको मोबाइल कसको हो भनी यकिन नगरी प्रतिवादीहरूले प्रयोग गरेको मोबाइल हो भन्नेसमेतको आधारमा दाबीबमोजिम कसुर कायम गर्ने गरी भएको सुरू फैसला कानून व्याख्या तथा प्रमाण मूल्याङ्कनको रोहमा फरक पर्न सक्ने देखिएको हुँदा अ.बं. २०२ नं. को प्रयोजनार्थ पुनरावेदन परेको जानकारी परस्पर सुनाई नियमानुसार पेस गर्नु भन्ने बेहोराको पुनरावेदन अदालत जनकपुरको आदेश।

ऐन कानूनले तोकेबमोजिम कैद जरिवाना दुवै नगरी न्यायको मकसदलाई पूरा गर्ने उद्देश्यबाट कैदको मात्र सजाय गर्दा पनि न्यायोचित हुन जान्छ। सुरूले विवेकसम्मत रूपमा विचार गरी जरिवाना नगरी कैदसम्म हुने गरी गरेको फैसलालाई अन्यथा भन्न नसकिँदा पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदनसँग सहमत हुन सकिएन। तसर्थ माथि उल्लिखित आधार

र कारणबाट सुरू जिल्ला अदालतबाट प्रतिवादीहरू त्रिलोककुमार यादव र रामबाबु भन्ने प्रमोदकुमार यादवलाई अभियोग मागदाबीअनुसार मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ५ र ६ नं. को कसुर अपराध गरेको ठहर गरी निजहरूलाई जनही ३ वर्ष ६ महिना कैद गर्ने गरी भएको फैसला मिलेकै देखिन आएकोले परिवर्तन गरी रहन परेन भन्नेसमेत बेहोराको पुनरावेदन अदालत जनकपुरको मिति २०७१।१२।११ को फैसला।

कसैले कुनै रकम माग गरी त्यस्तो रकम नदिएमा अपहरण गर्ने वा शरीर बन्धक लिने धम्की दिएमा निजलाई उद्योग गर्ने व्यक्तिसरह सजाय गर्नुपर्छ भन्ने मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ६ नं.मा उल्लेख भएको पाइन्छ। कुनै व्यक्तिले यस महलमा लेखिएको कसुर गरी नसकेको सो कुराको उद्योगसम्म गरेको भए त्यस्तो व्यक्तिलाई सो कसुरमा हुने सजायको आधा सजाय गर्नुपर्छ भन्ने ऐ. महलको ५ नं. मा कानूनी व्यवस्था रहेको पाइन्छ। प्रस्तुत वारदातमा प्रतिवादीहरूले पाँच लाख रूपैयाँ चन्दा नदिएमा जाहरवालाको छोराछोरीको अपहरण गर्ने, ज्यान मार्ने धम्की दिएको भन्ने पुष्टि भइरहेको र सोही आधारमा प्रतिवादीहरू त्रिलोककुमार यादव र रामबाबु भन्ने प्रमोदकुमार यादवलाई कसुर ठहर गरी जनही ३ वर्ष ६ महिना कैदसमेत भएको अवस्था छ। अपहरण गर्ने तथा शरीर बन्धक लिनेको ३ नं. मा शरीर बन्धक लिने व्यक्तिलाई ७ वर्षदेखि १५ वर्षसम्म कैद र पचास हजार रूपैयाँदेखि दुई लाख रूपैयाँसम्म जरिवाना हुने कानूनी व्यवस्था रहेको छ। यसरी अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं.मा कैद र जरिवाना दुवै हुने अनिवार्य एवं बाध्यात्मक कानूनी व्यवस्था रहेको देखिन्छ। यस अर्थमा प्रतिवादीहरूलाई ३ वर्ष ६ महिना कैद सजायको अतिरिक्त कम्तीमा पच्चीस हजारदेखि एक लाख रूपैयाँसम्म जरिवानासमेत अनिवार्य रूपमा हुनुपर्ने कानूनी व्यवस्था रहेकोमा कैदको मात्र सजाय गरी जरिवानाको सजाय नगरेको हदसम्म पुनरावेदन अदालत जनकपुरको फैसला सो हदसम्म त्रुटिपूर्ण हुँदा बदरभागी छ, बदर गरी प्रतिवादीहरूलाई सुरू अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको यस अदालतमा परेको पुनरावदेनपत्र।

अपहरण उद्योगको कसुर गरेको अवस्थामा त्यस्तो व्यक्तिलाई सो कसुरमा हुने सजायको आधा सजाय गर्नुपर्ने मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको महलको ५ नं. मा कानूनी व्यवस्था रहेको देखिन्छ। सो कानूनी व्यवस्थाबमोजिम अपहरण उद्योगको कसुर ठहर भएपछि प्रतिवादीलाई ऐ. ३ नं. मा उल्लिखित सजायको आधा सजाय गर्नुपर्नेमा कैद सजायतर्फ मात्र बोली जरिवाना नगरेको सुरू धनुषा जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत जनकपुरको मिति २०७१।१२।११ को फैसलामा उक्त ३ र ५ नं. को व्याख्यात्मक त्रुटि देखिँदा न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१) को खण्ड (क) बमोजिम प्रस्तुत मुद्दा दोहोऱ्याई हेर्ने निस्सा प्रदान गरिदिएको छ। सुरू रेकर्ड र भए प्रमाण मिसिल तथा विपक्षीसमेत झिकाई आएपछि नियमानुसार पेस गर्नु भन्ने बेहोराको यस अदालतको मिति २०७२।११।२० गतेको आदेश।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न कागजातहरू अध्ययन गरी पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री गंगाप्रसाद पौडेलले मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको ३ नं.मा कैद तथा जरिवाना दुवै सजाय हुने व्यवस्था गरेको देखिन्छ। उक्त वारदातको उद्योगमा कैद र जरिवाना

दुवै आधा सजाय गर्नुपर्ने कानूनी व्यवस्थाको बर्खिलाप कैदको मात्र सजाय गरी जरिवानाको सजाय नगरेको हदसम्मको धनुषा जिल्ला अदालतको त्रुटिपूर्ण फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत जनकपुरको मिति २०७१।१२।११ को फैसला त्रुटिपूर्ण हुँदा सो फैसला बदर गरी अभियोग मागदाबीअनुसार कैद र जरिवाना दुवै सजाय गरिपाउँ भनी बहस गर्नुभयो । प्रतिवादी त्रिलोककुमार यादवको तर्फवाट उपस्थित विद्वान् अधिवक्ता श्री वीरेन्द्रप्रसाद साहले सुरू जिल्ला अदालतले प्रतिवादी त्रिलोककुमार यादव र रामबाबु भन्ने प्रमोदकुमार यादवहरूलाई ३ वर्ष ६ महिना कैद गर्ने गरेको फैसलालाई पुनरावेदन अदालत जनकपुरबाट सदर भएको र प्रतिवादीहरू आफूलाई लागेको कैद सजाय भोगी कैदबाट छुटिसकेको देखिँदा पुनरावेदन अदालत जनकपुरको फैसला सदर गरिपाउँ भनी गर्नुभएको बहससमेत सुनियो।

अब धनुषा जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत जनकपुरको मिति २०७१/१२/११ को फैसला मिलेको छ वा छैन ? वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन ? सो सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा प्रतिवादी त्रिलोककुमार यादव र रामबाबु भन्ने प्रमोदकुमार यादवलाई मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं. को कसुरमा ५ र ६ नं. बमोजिम निज प्रतिवादीहरूलाई जनही ३ वर्ष ६ महिना कैद हुने ठहर गरी धनुषा जिल्ला अदालत र पुनरावेदन अदालत जनकपुरबाट फैसला भएको पाइयो । सो फैसलामा प्रतिवादीहरू त्रिलोककुमार यादव र रामबाबु भन्ने प्रमोदकुमार यादवलाई जरिवानाको सजाय नगरेको हदसम्म वादी नेपाल सरकारको पुनरावेदन परेको देखियो । प्रतिवादी त्रिलोककुमार यादव र रामबाबु भन्ने प्रमोदकुमार यादवलाई जनही ३ वर्ष ६ महिना कैदको सजाय गरेकोतर्फ निजहरूको पुनरावेदन परेको नदेखिँदा कसुर ठहर भएको हदसम्म थप विवेचना गरी रहन परेन।

३. मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं. मा ***"कसैलाई ज्यान लिने, कुटपिट गरी चोट पुऱ्याउने, जबरजस्ती करणी वा अप्राकृतिक मैथुन गर्ने, बिक्री गर्ने, दास बनाउने, निजको ईच्छा विरूद्ध काममा लगाउने, यातना दिने, वेश्यावृत्तिमा लगाउने, कुनै काम गर्न वा गराउन बाध्य गराउने, छुटकारा रकम (फिरौती) लिने वा शरीर बन्धकमा लिइएको व्यक्ति वा निजको हकवालाको धन सम्पत्ति प्राप्त गर्ने, व्यवसाय समर्पण गराउने वा प्रचलित कानूनबमोजिम कसुर हुने अन्य कुनै काम गर्न लगाउने उद्देश्यले यस महलको १ वा २ नं. बमोजिम अपहरण गरेमा वा शरीर बन्धक लिएमा सो गर्ने गराउने व्यक्तिलाई सात वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रूपैयाँदेखि दुई लाख रूपैयाँसम्म जरिवाना र लेखिएबाहेक अन्य उद्देश्यले अपहरण गरेमा वा शरीर बन्धक लिएमा चार वर्षदेखि आठ वर्षसम्म कैद र पच्चीस हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिवाना हुनेछ"*** भन्ने व्यवस्था रहेको छ । ***"कुनै व्यक्तिले यस महलमा लेखिएको कसुर गरी नसकेको सो कुराको उद्योगसम्म गरेको भए त्यस्तो व्यक्तिलाई सो कसुरमा हुने सजायको आधा सजाय गर्नुपर्छ"*** भन्ने ऐ. महलको ५ नं. मा व्यवस्था रहेको पाइन्छ। त्यसै गरी ***"कसैले कुनै रकम माग गरी त्यस्तो रकम नदिएमा अपहरण गर्ने वा शरीर बन्धक लिने धम्की दिएमा निजलाई उद्योग गर्ने व्यक्तिसरह सजाय गर्नुपर्छ"*** भनी मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ६ नं.मा उल्लेख भएको पाइयो । यसप्रकार अपहरणको कार्य भइसकेको अवस्थामा सात वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास

हजार रूपैयाँदेखि दुई लाख रूपैयाँसम्म जरिवाना गर्न सकिने देखिन्छ । तर उक्त कानूनी व्यवस्थाले कैद वा जरिवानामध्ये कुनै एउटा मात्र सजाय गर्ने गरी तजबिजी अधिकार दिएको देखिँदैन । कसुर ठहर गरेपछि कैद र जरिवाना दुवै सजाय गरिनु पर्दछ । कैदको मात्रा र जरिवानाको मात्रा कति तोक्ने भन्ने सम्बन्धमासम्म कानूनले न्यायकर्तालाई अधिकतम र न्यूनतम हदको सिमाभित्र रही कैद र जरिवाना निर्धारण गर्ने तजविजी अधिकार दिएको देखिन्छ । सजाय निर्धारण गर्ने सम्बन्धमा कैद र जरिवाना सम्बन्धमा उल्लेख गर्दा "र" भन्ने अक्षर प्रयोग भएकोबाट कैद र जरिवाना दुवै प्रकारको सजाय तोक्नु अनिवार्य हुन्छ । ऐनमा कैद र जरिवानाको प्रावधान समावेश गर्दा "वा" अक्षरको संयोजन रहेको हुन्थ्यो भने कुनै एक प्रकारको सजाय तोक्न सकिन्थ्यो । तर "र" भन्ने अक्षरको संयोजन रहेको देखिएबाट कैद मात्र गरी जरिवाना नगर्ने कुरा मनासिब र तर्कपूर्ण हुँदैन ।

४. स्वेच्छाचारिता कानूनी राज्यको अवधारणा प्रतिकूल कुरा हो । स्वविवेकीय अधिकारको प्रयोग स्वेच्छाचारी तरिकाबाट हुनुहुँदैन । न्याय सम्पादन कार्य गर्दा वस्तुगत र तर्कपूर्ण रूपमा गरिनु पर्दछ, मनोगत होइन । मनोगत स्वेच्छाचारिताले न्यायको मूल मर्मलाई नै विकृत बनाई दिन्छ । तजबिजी अधिकारको प्रयोग सदाशयपूर्ण र वस्तुगत ढङ्गबाट हुनुपर्दछ । प्रस्तुत मुद्दाको सन्दर्भमा मिसिल संलग्न कागजात हेर्दा प्रतिवादी त्रिलोककुमार यादव र रामबाबु भन्ने प्रमोदकुमार यादवउपर मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिने महलको ३ नं. को कसुरमा ऐ. महलको ५, ६ नं. अनुसार सजाय गरिपाउँ भन्ने अभियोग दाबीबमोजिम नै सुरू धनुषा जिल्ला अदालतबाट प्रतिवादीहरू उपरको कसुर ठहर भएको देखिन्छ । यसरी कसुर ठहर भइसकेपछि प्रतिवादीहरूलाई सजाय गर्दा ऐनले निर्दिष्ट गरेअनुसार कैद र जरिवाना दुवै सजाय गरिनु पर्ने हुन्छ । कानूनले तोकेबमोजिम कैद र जरिवाना दुवै सजाय नगरी "न्यायको मकसद पूरा हुने" भनी प्रतिवादीहरूलाई जनही ३ वर्ष ६ महिना कैद मात्र हुने तर जरिवाना नहुने ठहर गरेको सुरू धनुषा जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत जनकपुरको फैसला अतार्किक, बेमुनासिब, अनुचित र कानून प्रतिकूलसमेत देखियो ।

५. न्यायालयले ऐन बनाउने होइन, संशोधन गर्ने र खारेज गर्ने पनि होइन । व्याख्याको माध्यमबाट ऐनमा रहेको प्रस्ट प्रावधानलाई निष्क्रिय गर्ने काम पनि अदालतले गर्नु हुँदैन । कानूनको प्रयोग गर्ने क्रममा अदालतले विधायिकाको मनसाय, भावना र उद्देश्यलाई आत्मसात् गरी व्याख्या गर्नुपर्ने हुन्छ । कानूनको व्याख्या गर्दा “र” एवं “वा” को प्रयोग वा अर्थ के हो भन्ने कुरा सामान्य समझबाट बुझिने कुरा हो । यस्ता कुरामा त्रुटि देखिनु शोभनीय हुँदैन । यसप्रकारको प्रवृत्तिबाट निर्णयकर्ताको क्षमता सम्बन्धमा प्रश्न उठने अवस्था रहन्छ । मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ५ नं. र ६ नं. सपठित ३ नं. अनुसार कसुर ठहर भएपछि कैद “र” जरिवाना दुवै सजाय गर्नुपर्ने बाध्यात्मक कानूनी व्यवस्था रहेको कुरा स्वयममा छर्लङ्ग र प्रस्ट छ । यस अवस्थामा कसुरदार ठहर भएका प्रतिवादी त्रिलोककुमार यादव र रामबाबु भन्ने प्रमोदकुमार यादवलाई “कैद” को मात्र सजाय गरेकोलाई उचित मान्न सकिँदैन । न्यायको मकसद पूरा हुने भन्ने कुराको आडमा कानून प्रतिकूल निर्णय गर्न हुँदैन । अदालतबाट कानूनअनुकूल, कानूनको सिमा र परिधिभित्र रही न्याय सम्पादन गर्नुपर्दछ । कानूनको दायरा नाघेर स्वेच्छाचारी तवरले "मकसद" को नाममा गरिएका कार्यको औचित्य प्रमाणित हुन सक्दैन । त्यस प्रकारको प्रवृत्ति बढ्दै गयो भने न्यायिक अन्यौल, अनिश्चितता र अराजकताको स्थिति पैदा हुने खतरा

रहन्छ । कैद र जरिवाना दुवै सजाय अनिवार्यरूपमा गर्नुपर्ने गरी भएको कानूनी व्यवस्थालाई न्यायको मकसद पूरा हुने भनी कैदको मात्र सजाय गर्दा न्यायको उद्देश्य परास्त हुन जान्छ । तसर्थ सुरू धनुषा जिल्ला अदालत र पुनरावेदन अदालत जनकपुरले मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ५ नं. र ६ नं. सपठित ३ नं. अनुसार कसुर ठहर भएका प्रतिवादीहरू त्रिलोककुमार यादव र रामबाबु भन्ने प्रमोदकुमार यादवलाई कैद र जरिवाना दुवै सजाय गर्नुपर्नेमा कैदको मात्र सजाय गरी कानूनप्रतिकूल फैसला गरेको देखियो ।

६. अतः माथि विवेचित आधार, कारणवाट पुनरावेदन अदालत जनकपुरको मिति २०७१।१२।११ को फैसला केही उल्टी भई प्रतिवादीहरू त्रिलोककुमार यादव र रामबाबु भन्ने प्रमोदकुमार यादवलाई जनही ३ वर्ष ६ महिना कैद र रू.२५,०००।– (पच्चीस हजार) जरिवानासमेत हुने ठहर्छ । अरूमा तपसिलबमोजिम गर्नु ।

तपसिल

माथि ठहर खण्डमा उल्लेख भएबमोजिम त्रिलोककुमार यादव र रामबाबु भन्ने प्रमोदकुमार यादवलाई ३ वर्ष ६ महिना कैदको सजाय गर्ने गरेको सुरू धनुषा जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत जनकपुरको फैसला मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादीहरूलाई जनही ३ वर्ष ६ महिना कैद र रू.२५,०००।– (पच्चीस हजार) जरिवानासमेत हुने ठहर भएकोले सुरू फैसलाले राखेको कैदको लगतमा जरिवाना रू.२५,०००।- समेतको लगत कसी असुलउपर गर्नु भनी सुरू धनुषा जिल्ला अदालतमा लेखी पठाउनू १

प्रस्तुत फैसलाको प्रतिलिपि साथै राखी फैसला भएको जनाउ महान्यायाधिवक्ताको कार्यालय काठमाडौंलाई दिनू २

नक्कल माग्ने सरोकारवालालाई नियमानुसार नक्कल दिई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू ३

उक्त रायमा सहमत छु ।

न्या.डा.आनन्दमोहन भट्टराई

इजलास अधिकृत: डल्लुराम चौधरी

इति संवत् २०७५ साल भाद्र ८ गते रोज ६ शुभम् ।

निर्णय नं. १००६१

सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश डा.श्री आनन्दमोहन भट्टराई

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल

फैसला मिति : २०७४।७।२६

०६६-CI-०४२०

मुद्दाः- क्षतिपूर्ति दिलाई कारबाही गरिपाऊँ

पुनरावेदक / वादी : नवलपरासी जिल्ला, रामग्राम नगरपालिका वडा नं.२ बस्ने पीडित उपभोक्ता राजिया खातुनको हकमा ऐ.को एकाघरको ससुरा नेसार अहमद मियाँ

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : पृथ्वीचन्द्र अस्पताल, रामग्राम, नवलपरासी तथा सोमा कार्यरत डा.प्रमोद पौडेलसमेत

- **स्वास्थ्यको सेवा उपभोक्ताले पाउने एउटा सेवा हो । चाहे सरकारी वा गैरसरकारी वा**

निजी संस्था वा व्यक्तिगत तवरबाट प्रदान गरिएको नै किन नहोस्, यस्तो सेवा हरेक तरहले गुणस्तरयुक्त हुनु जरूरी हुन्छ । गुणस्तरीय स्वास्थ्य सेवा नहुँदा व्यक्तिका अन्य हकहरू जस्तो स्वास्थ्य, शिक्षा, रोजगारी, आय आर्जन र सम्मानपूर्वक बाँच्न पाउने हकसमेत निस्तेज र निरर्थक हुन पुग्ने ।

(प्रकरण नं.३)

- उपभोक्ता संरक्षण ऐनले गरेको उपभोक्ताको संरक्षणसम्बन्धी व्यवस्था, वर्जित गरेका कार्यहरू र ऐनको दफा २(क) मा उपभोक्ता शब्दको परिभाषामा "व्यक्ति वा संस्था" दुवै राखिएको अवस्था तथा गुणस्तरहीन वस्तु वा सेवाको वितरणबाट असर पर्ने पीडितहरूको सामाजिक र शैक्षिक स्थितिसमेतलाई मध्यनजर गर्दा उपभोक्ता संस्थाले उजुर गर्ने भन्नाले उपभोक्ता संस्थाले मात्र उजुर गर्न पाउने भनी संकुचित अर्थ गर्न मिल्ने देखिँदैन । यसो गर्दा वास्तविक पीडितले उजुर गर्न नपाउने भई उपचार विहीनताको स्थितिको सृजना हुन्छ । बरू पीडित उपभोक्ता, उसको परिवार र सोको अतिरिक्त उपभोक्ता संस्थाले समेत उजुर गर्न पाउने व्यवस्था गरिएको रहेछ भनी अर्थ गर्दा पीडित र पीडितको परिवारले उजुर गर्न पाउने र कुनै कारणवश पीडितले उजुर गर्न नपाउने वा नसक्ने अवस्था परेमा वा सार्वजनिक हक वा सरोकारको विषय उत्पन्न भएमा उपभोक्ता संस्थासमेतले उजुर गर्न पाउने हुन्छ । परिणामतः एउटा सम्यक व्यवस्था कायम भई संविधान र ऐनले प्रत्याभूत गरेका अधिकारहरू उपभोग गर्न सकिने ।

(प्रकरण नं.५)

- कुनै रोगीको उपचार गर्ने क्रममा कुनै चिकित्सक र सो सम्बद्ध संस्थाले लापरवाही गरेको छ वा छैन भनी हेर्दा मूलतः हेरचाह गर्नुपर्ने दायित्व **(Duty of Care)** को समुचित प्रयोग भयो वा भएन र चिकित्सकले गरेको कार्य र निस्किएको परिणामबीच सोझो सम्बन्ध **(Direct causal relation)** छ वा छैन सो हेरिनुपर्छ । चिकित्सकको हेरचाह गर्ने दायित्वभित्र बिरामीको उपचार गर्न सहमति जनाउने, उपचार गर्ने र उपचार गर्दा होसियारीपूर्वक र सतर्कतापूर्वक गर्ने दायित्वसमेत पर्ने ।
- हेरचाहसम्बन्धी दायित्वको उल्लङ्घन हुँदा लापरवाही हुन जान्छ । लापरवाहीले अवस्थाअनुसार दुई किसिमको दायित्व निम्त्याउँछ । पहिलो हो देवानी दायित्व; यसअन्तर्गत दुष्कृतिसम्बन्धी कानून वा उपभोक्ता संरक्षणसम्बन्धी कानूनअन्तर्गत क्षतिपूर्ति तिर्ने दायित्व लापरवाही गर्ने व्यक्ति वा संस्थामा रहन्छ । दोस्रो हो फौजदारी दायित्व; जहाँ लापरवाही गम्भीर छ, उदाहरणार्थ जहाँ योग्यता नभएको मानिसले उपचार गरेको छ, वा जहाँ सामान्यतः व्यावसायिक योग्यता भएका व्यक्तिहरूले गर्दै नगर्ने अनौठो र हेर्दै आश्चर्य लाग्ने कार्यहरू जस्तो, एउटा अङ्गको चिरफार गर्नुपर्नेमा अर्को अङ्गको चिरफार गरेको वा चिरफार गर्दा शरीरभित्र गज वा कैंची आदि छाडेको अवस्था छ, यस्तो लापरवाहीलाई गम्भीर लापरवाही

भनिन्छ र यस्तोमा फौजदारी कानून आकर्षित हुन्छ र क्षतिपूर्तिको अतिरिक्त अन्य सजाय पनि हुन सक्ने ।

(प्रकरण नं.६)

- **मानव सेवामा समर्पित व्यक्तिलाई उसले होसियारी एवं पूर्ण सावधानीपूर्वक काम गरेसम्म अनावश्यक दोष लगाइनु हुँदैन । तर बिरामीलाई उपचार गर्ने व्यक्ति हो भन्दैमा देखादेखी योग्यता नै नभई काम गरेको छ वा अक्षम्य गल्तीहरू, लापरवाहीहरू गरेको छ भने त्यस्तो अवस्थामा त्यसलाई ढाकछोप पनि गरिनु नहुने ।**

(प्रकरण नं.७)

- **सेवा प्रदान गर्न स्वीकार गरिएको व्यक्तिको सेवा प्रदान गर्नु चिकित्सकको प्रत्यक्ष दायित्व (Direct Liability) भित्र पर्छ भने त्यस्तो सेवा सुनिश्चित गर्नु चिकित्सक कार्यरत रहेको वा पीडितले सेवा उपभोग गरेको अस्पताल वा स्वास्थ्य केन्द्रको अप्रत्यक्ष दायित्व (Vicarious Liability) बन्ने ।**

(प्रकरण नं.८)

- **चिकित्सकीय लापरवाही (Medical Negligence) को मुद्दामा मूल रूपमा कारण र परिणामबीचको सम्बन्ध त हेरिन्छ नै तर सोको अलावा हेरचाह गर्नुपर्ने दायित्वको (Duty of Care) को सही किसिमबाट पालना भएको छ वा छैन, तथ्यले के भन्छ, प्रमाणको प्रचुरता कति छ, सो पनि हेरिनुपर्ने ।**

(प्रकरण नं.९)

- **चिकित्सा क्षेत्रसँग सम्बन्धित व्यक्तिहरूले बिरामीलाई रोगको विषयमा सही सूचना पाउने र अमुक सेवा लिने वा नलिने भन्ने विषयमा आत्मनिर्णयको हक रहन्छ भन्ने कुरामा विशेष ख्याल गर्नु आवश्यक हुने ।**

(प्रकरण नं.२३)

- **अपराध पीडितहरूको अनुसन्धानमा सहभागी हुने, क्षतिपूर्तिसहितको न्याय पाउने हक (धारा २१) को रक्षा निम्ति पनि चिकित्सकीय लापरवाहीको स्थितिको अन्त्य हुनुपर्दछ । यी समस्त सन्दर्भ र कानूनी एवं व्यावहारिक परिवेशमा अमुक विवादमा त्यस्तो लापरवाही छ वा छैन भन्ने कुराको निक्यौंल सर्वप्रथम देवानी दायित्व कायम हुन्छ वा हुँदैन भन्ने यकिन गरिनुपर्ने ।**

(प्रकरण नं.३४)

पुनरावेदक / वादीका तर्फबाट : विद्वान् अधिवक्ता श्री ज्योति बानियाँ

प्रत्यर्थी / प्रतिवादीका तर्फबाट :

अवलम्बित नजिर :

- नेकाप २०६६, नि.नं.८२६२, पृ.१५१९
- नेकाप २०७४, नि.नं.९८१४, पृ.८७१

सम्बद्ध कानून :

- उपभोक्ता संरक्षण ऐन, २०५४

फैसला

न्या.डा.आनन्दमोहन भट्टराई : न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम पेस हुन आएको प्रस्तुत मुद्दाको तथ्य र ठहर यसप्रकार रहेको छः-

मेरो छोरा बुहारी राजिया खातुन गर्भवती भई डेलिभरीका लागि पृथ्वीचन्द्र अस्पताल परासीमा मिति २०६४/०३/०९ गते राति ८:३० बजे भर्ना गरी राति ११:५३ बजे सकुशल बच्चा जन्मिएकोमा सो सयममा कार्यरत डा.प्रमोद पौडेल, अ.न.मि.शान्ता पौडेल र

अ.न.मि.अनिता जैसवालले प्रदान गरेको स्वास्थ्य सेवा गलत एवं लापरवाहीपूर्वक शल्यक्रिया गरी स्वास्थ्यमा प्रतिकूल असर पुऱ्याई गम्भीर खतरा उत्पन्न गरी मर्ने बाँच्ने दोसाँधमा पारी मिति २०६४/०३/१० गते साँझ ५ बजे बुटवलमा रिफर गरेकोमा बुटवलस्थित आम्दा अस्पतालले उपचार गर्न नसक्ने भनी जवाफ दिएपछि लुम्बिनी अञ्चल अस्पतालमा लगी भर्ना गरी उपचार गर्दा पनि अस्पतालले त्यहाँ उपचार हुन नसक्ने भनेकाले तत्कालै भैरहवा स्थित टिचिङ अस्पतालमा लगी उपचार गराउँदा त्यहाँसमेत उपचार गर्न नसक्ने भनी जवाफ दिएकाले भारत गोरखपुरमा लगी उपचार गराउँदा पनि विपक्षीहरूले गलत एवं लापरवाहीपूर्वक गरेको शल्यक्रियाबाट उत्पन्न शारीरिक स्वास्थ्य नसुध्रिएकाले सोही कारणबाट मिति २०६४/०३/१२ गते साँझ ७:२५ बजे निज बुहारीको मृत्यु हुन गएकाले विपक्षीहरूले उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा १० समेतको विपरीत कार्य गरेकोले निजहरूलाई कारबाही गरी क्षतिपूर्ति दिलाई पाउँ भन्ने मिति २०६४/०३/१८ को नेसार अहमदको निवेदन।

मृतक राजिया खातुन २०६४/०३/०९ गते राति १०:१५ बजे भर्ना भएको र मिति २०६४/०३/१० गते दिउँसो २ बजेदेखि राति ८ बजेसम्म मेरो ड्युटी थियो । मृतक राजिया खातुनलाई घर परिवारको अनुरोधअनुसार २०६४/०३/१० गते बेलुका ४:४५ बजे डिस्चार्ज गरिएको थियो। २ घण्टा ४५ मिनेटसम्म मात्र मेरो रेखदेखमा रहेकोमा ड्युटीको दौरानमा मबाट कुनै लापरवाही भएको छैन । उजुरी निवेदनअनुसार मैले कुनै कसुर अपराध तथा लापरवाही नगरेकोले विपक्षीको झुट्टा दाबीबाट अलग फुर्सद गराई पाउँ भन्ने अनिता जैसवालको २०६४/०६/०३ को प्रतिउत्तर पत्र।

राजिया खातुनलाई अस्पतालमा २०६४/०३/०९ गते रातिको समयमा ल्याउँदाका बखत बिरामीको उमेर १८ वर्ष हुनुका साथै रक्तचाप १६०/१२० भई सुन्निएको र उक्त अवस्थाको विश्लेषण गरी यसबाट आउने परिणाम, सोको उपचारतर्फ विवेचना गर्दा अस्पतालबाट प्रदान गरिएको सेवामा कुनै कमी वा अन्यथा भएको अवस्था छैन । बिरामीको सम्पूर्ण सूचकहरूलाई चिकित्सा विज्ञानका आधारमा विश्लेषण गरी उपयुक्त तवरबाट नेपाल सरकारको लक्ष्यअनुरूप कार्य गरिएको हो । यसरी चिकित्सकीय जटिलता देखा परेपछि सीमित भौतिक पूर्वाधार रहेको अस्पतालबाट अधिक सुविधा सम्पन्न स्वास्थ्य संस्थामा पठाइएकोलाई अन्यथा भन्न मिल्ने होइन। झुट्टा दाबीबाट फुर्सद पाउँ भन्ने शान्ता पौडेलको २०६४/०६/०२ को प्रतिउत्तर पत्र।

विपक्षी निवेदकको बुहारी २०६४/०३/०९ गते राति १०:३५ बजे भर्ना भएकोमा ११:५३ बजे ड्युटीमा रहेका सिस्टरबाट डेलिभरी गराइएको थियो। निजको Per Vaginal bleeding भइरहेकोले भोलिपल्ट बिहान म जाँच्न गएको थिएँ । जाँच्ने क्रममा निजको Abdomina Examination मा Uterus Contracted रहेको र Perspeculum Examination गर्दा Vaginal Mucosa मा Tear (Laceration) र Hematoma देखिएको र त्यही ठाउँबाट Bleeding देखिएकाले Hematoma Drain गरी Vaginal Mucosa stitch गरिएको हो, त्यसपछि Bleeding रोकिएको थियो । Examination गर्ने र Mucosa stitch गर्ने कार्य पूर्ण aseptic उपायहरू अवलम्बन गरी गरेको थिएँ। त्यसपछि पनि Infection Prophylaxis को लागि Injection Megapen 1 gm iv star दिई Antibiotics मा राखेको थिएँ। त्यसपछि हाललाई Bleeding रोकिएको र यदि Bleeding भइरहेमा स्त्री रोग विशेषज्ञ बुटवलमा लानु पर्ने सल्लाह दिएको थिएँ । साथसाथै Blood को Hemoglobin र Blood Group Investigation गर्न पठाएको थिएँ। बिहानको Round मा हेर्दा HB 8 gm% आएको Blood group B positive भएको र Vitals Stable

रहेको थियो । उक्त समयमा Bleeding नभएको बताइएको थियो । दिउँसो ४:०० बजेतिर बिरामीको जाँच गर्दा बिरामी afebrile थियो, anemic देखिएको र Blood pressure 110/90 mm of Hg देखिएको थियो, ड्युटीमा रहनुभएको सिस्टरले Bleeding भइरहेको जानकारी दिनुभएकोले बिरामीलाई बुटवल लैजानुपर्ने र रगत चढाउनुपर्ने सल्लाह दिएको थियो, तर बिरामी कुरूवाको बढी अनुरोधले गर्दा वहाँहरूकै अनुरोधको आधारमा डिस्चार्ज (Discharge on request) गरेका हौं, Discharge गरेको २०-२५ मिनेटपछि बिरामी Shock मा गएकोले Intervenous fluids hemacel ले Resuscitate गरिएको र Blood transfusion गर्नुपर्ने र blood उपलब्ध नभएको र विशेषज्ञको सल्लाह लिनु पर्ने भएकाले बिरामीलाई बुटवल अस्पताल पठाइएको हो । असल नियतले बिरामीको स्वास्थ्यमा कसरी राम्रो सेवा पुर्‍याउन सकिन्छ भनी दत्तचित्त भई काम गरेको, मबाट कुनै लापरवाही हुन नगएको र मेरो कारणबाट निजको स्वास्थ्यमा कुनै प्रतिकूलता पनि नभएको हुँदा मैले क्षतिपूर्ति दिनुपर्ने होइन भन्नेसमेत बेहोराको डा.प्रमोद पौडेलको २०६४/५/२१ को प्रतिउत्तर पत्र ।

मिति २०६४/०३/०९ गते राति ८:३० बजेको समयमा राजिया खातुनलाई सुत्केरी व्यथा लागि परासी स्थित पृथ्वीचन्द्र अस्पतालमा भर्ना गरेकोमा सकुशल बच्चा जन्मिएकोमा घर लाने भन्दा नदिई अनावश्यक रूपमा अप्रेसन गरी स्वास्थ्यमा प्रतिकूल असर पुर्‍याई सो अस्पतालका डा. प्रमोद पौडेल, अ.न.मि.शान्ता पौडेल र अ.न.मि.अनिता जैसवालका गलत एवं लापरवाहीपूर्वक शल्यक्रिया कार्यबाट निज राजिया खातुनको मृत्यु भएको हो । निवेदकले क्षतिपूर्ति पाउनु पर्ने हो भन्ने वादीका साक्षी मुख्तार अहमद, हदिसुन नेसा, नौसाद आलम, सो एवं अख्तरसमेतले क्षतिपूर्ति समितिसमक्ष २०६४/०६/१६ मा गरेको बकपत्र ।

पृथ्वीचन्द्र अस्पताल परासीका डा. प्रमोद पौडेल, अ.न.मि.शान्ता पौडेल र अ.न.मि.अनिता जैसवालले बिरामीको अवस्था नाजुक भएपछि संरक्षकको अनुरोधमा मात्र डिस्चार्ज गरेको देखिई अस्पतालबाट सामान्य हेलचेक्र्याईं भएको देखिएको र बिरामीको मृत्यु डिस्चार्ज गरेको ३ दिनपछि भारतमा भएको देखिएको साथै कुन अस्पतालको लापरवाहीबाट मृत्यु भएको भन्ने यकिन भन्न नसकिए तापनि उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा २४ र उपभोक्ता संरक्षण नियमावली, २०५६ को नियम ४५ बमोजिम विपक्षीहरू कार्यरत रहेको पृथ्वीचन्द्र अस्पताल नवलपरासीबाट पीडित पक्षलाई रू.४५,०००।- क्षतिपूर्ति भराइदिने ठहर्छ भन्ने क्षतिपूर्ति समिति नवलपरासीको मिति २०६५/०३/२२ को निर्णय ।

उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा २३(१) (घ) बमोजिमको सदस्य नियुक्त नगरी अधुरो समितिबाट निर्णय भएको छ । पृथ्वीचन्द्र अस्पताललाई विपक्षी नबनाइएकोमा सोहीबाट क्षतिपूर्ति भराई दिने गरी भएको निर्णय गलत छ । मृतकको शव परीक्षण भएको नदेखिएको र के कुन कारणबाट मृत्यु भएको भन्ने नखुलेकोमा क्षतिपूर्ति भराउन मिल्दैन । पृथ्वीचन्द्र अस्पतालबाट डिस्चार्ज भएपछि अन्यत्र उपचारका लागि राजिया खातुनलाई लगेको देखिएकोमा कुन अस्पतालको उपचारको कारण मृत्यु भएको हो भन्ने विषय नै यकिन भएको छैन । तसर्थ क्षतिपूर्ति समितिबाट भएको निर्णय बदर गरी निवेदन दाबीबाट फुर्सद दिलाई पाउँ भन्ने पृथ्वीचन्द्र अस्पताल नवलपरासीका तर्फबाट डा.गोपालप्रसाद खनालको पुनरावेदन पत्र ।

समितिको निर्णयमा उल्लेख भएबमोजिम सामान्य हेलचेक्र्याईं नभई उपचारमा गम्भीर त्रुटि भएको छ सो कुरा प्रतिवादी डा.प्रमोद पौडेलको प्रतिउत्तरको विश्लेषण गरेमा स्पष्ट हुन्छ । के कस्तो अप्रेसन कति पटक भएको हो मेडिकल रिपोर्टमा खुलेको छैन । गलत अप्रेसनका कारण Intection भई मृत्यु भएको हो । केबल

अनुभव लिने नियतले अप्रेसन गरेको प्रस्ट छ । प्रमोद पौडेलसमेतका प्रतिवादीहरू चिरफार गर्ने विशेषज्ञ पनि होइनन् । एक दिन अगाडि बच्चा जन्मिएपछि आफैँले राखी अप्रेसन किन गर्नुपर्ने हो ? कुनै प्रतिवेदन नलिई अप्रेसन गरिएको छ । उपभोक्ता संरक्षण ऐन, २०५४ बमोजिम सेवा प्रदायकबाट सुरक्षित हुन पाउने र जिउ ज्यानमा असर हानि परेमा क्षतिपूर्ति भराउन पाउने अधिकार हुन्छ । तसर्थ सुरू समितिबाट रू.४५,०००।- मात्र भराई दिने ठहऱ्याएको निर्णय केही उल्टी गरी रू.१२,१९,६००/- विपक्षीहरूबाट भराई पाउँ भन्ने मृतक राजिया खातुनका ससुरा नेसार अहमद मियाको पुनरावेदन पत्र ।

उपभोक्ता संरक्षण ऐन, २०६४ को दफा २३(१)(घ) बमोजिम सदस्यको पदपूर्ति नभई भएको निर्णय आफैँमा त्रुटिपूर्ण छ । हाम्रो ड्युटी रहेको अवस्थामा हामीले यथोचित सेवा प्रदान गर्ने कार्यमा लापरवाही गरेका छैनौं । राजिया खातुन सुत्केरी भएपछि रक्तस्राव नरोकिएको हुँदा सोको उपाय अपनाएको हो । रगत चढाउने र स्त्री रोग विशेषज्ञ भएको अस्पतालमा लैजानसमेत सल्लाह दिइएको हो । के कुन अस्पतालमा के कस्तो उपचार भई मृत्यु भएको हो भन्ने नखुलेको अवस्थामा हामीलाई दोषी ठहर गरी भएको क्षतिपूर्ति समितिको निर्णय बदर गरी निवेदन खारेज गरिपाउँ भन्ने प्रतिवादी शान्ता पौडेल र अनिता जैसवालको पुनरावेदन पत्र ।

ऐनबमोजिम सदस्यको पदपूर्ति नगरी गठित समिति आफैँमा अवैधानिक छ । मृतक राजिया खातुनको जाँच गर्दा बढी रक्तस्राव भएकोले अप्रेसन गरेको र रगत रोकिएको थियो । पुन: रगत बढी बगेपछि रगत खोज्दा नपाइएकाले बिरामीका कुरूवालाई सुविधा सम्पन्न अस्पतालमा लैजानका लागि समयमै सल्लाह दिइएको हो । शव परीक्षण नभएको अवस्थामा कुन कारणले र कुन अस्पतालको उपचारको कारण मृत्यु भएको हो । सो कतै खुलेको छैन । स्वास्थ्य लाभको लागि आफ्नो बुद्धि र विवेकले भ्याएसम्म औषधी उपचार गरेको हुँ । मृतकको स्वास्थ्य बिग्रनुमा मेरो दोष छैन । कुन दफाअनुसार मउपर दाबी लिइएको हो भन्नेसमेत प्रस्ट छैन । बुझ्नु पर्ने प्रमाण नबुझेको र बुझ्नु नपर्ने प्रमाण बुझी भएको निर्णय त्रुटिपूर्ण हुँदा बदर गरी निवेदन खारेज गरिपाउँ भन्ने डा. प्रमोद पौडेलको पुनरावेदन जिकिर ।

उपभोक्ता संरक्षण ऐन, २०५४ अन्तर्गत गठित क्षतिपूर्ति समिति नवलपरासीको निर्णयउपर दुवै पक्षको पुनरावेदन परेको देखिँदा उक्त पुनरावेदनहरू एक अर्को पक्षलाई सुनाई नियमानुसार पेस गर्नु भन्ने पुनरावेदन अदालतको मिति २०६५/१०/१३ को आदेश ।

मृतकको मृत्यु पृथ्वीचन्द्र अस्पतालका प्राविधिक कर्मचारीको कारणले भएको हो होइन । त्यसपछि उपचार गर्ने संस्थाहरूको पनि कारण छ छैन सो सम्बन्धमा यकिन राय पठाउनका लागि लुम्बिनी अञ्चल अस्पताल बुटवलमा महिला प्रसूतिसम्बन्धी विशेषज्ञसमेत समावेश गरी कम्तीमा ३ जना डाक्टरको समिति (बोर्ड) बाट प्रतिवेदन पठाउन अनुरोध गरी प्रतिवेदन प्राप्त भएपछि पेस गर्नु भन्ने २०६६/०१/२८ को पुनरावेदन अदालतको आदेशानुसार प्रतिवेदन प्राप्त भई मिसिल सामेल रहेको ।

यसमा प्रतिवादीहरूबाट उपचारको क्रममा लापरवाही भएको प्रमाणित हुन नआएकोले चिकित्सक डा. प्रमोद पौडेल र सहायकहरू शान्ता पौडेल तथा अनिता जैसवालले बिरामीको चिकित्सामा र हेरचाहमा लापरवाही गरेको वा गलत उपचार गरेको कुरा किमार्थ प्रमाणित हुन सकेको देखिन्न । कुनै पनि विवेकी व्यक्ति (reasonable person) बाट बिरामीको उपचार यस्तो हुनुपर्नेमा यी प्रतिवादीहरूबाट सोभन्दा कम गुणस्तरको भएकोले यी दोषी रहेका भनी भन्न सकिने अवस्था नरहेकोले उपभोक्ता संरक्षण ऐन, २०५४ अन्तर्गत गठित क्षतिपूर्ति समिति नवलपरासीबाट

मिति २०६५/०३/२२ मा निवेदकलाई रू.४५०००/- क्षतिपूर्ति भराउने गरी भएको निर्णय मिलेको नदेखिँदा उल्टी हुन्छ। क्षतिपूर्ति भराई पाउँ भन्ने नेसार अहमदको निवेदन दाबी रू.१२,१९,६००/- क्षतिपूर्ति दिलाई भराई पाउँ भन्ने निजको पुनरावेदन जिकिरसमेत पुग्न सक्दैन भन्नेसमेत पुनरावेदन अदालत बुटवलको मिति २०६६/०३/०८ को फैसला।

बिरामी राजिया खातुनको Mucosa मा देखिएको Tear or Lacration, second or third degree मध्ये कस्तो हो भन्ने जाँच गरिएको छैन। तत्पश्चात् बिरामी तथा बिरामीका कुरूवाहरूलाई कुनै जानकारी नै नदिई भित्र लगी स्टिच गरिसकेपछि पनि रगत बग्न नरोकिएको जानकारी ४ बजे सिस्टरले डा.प्रमोद पौडेललाई भनेको भनी प्रतिउत्तरपत्रमा उल्लेख गरेबाट मिति २०६३/०३/०९ गते राति ११:५३ बजे बच्चा जन्माइसकेपछि सामान्य रक्तचाप भएकी बिरामी राजिया खातुनको Bleeding भइरहेको कुरा भोलिपल्ट ४ बजे मात्र जानकारीमा लिनु गम्भीर लापरवाही हो। बिरामी राजिया खातुनको रक्तचाप कम हुँदै गएकोले निजलाई लुम्बिनी अञ्चल अस्पतालमा लगिएको थियो। त्यहाँ उपचार हुन नसकी अन्यत्र रिफर गरिएको थियो। यसरी बिरामी राजिया खातुनलाई युनिभर्सल मेडिकल कलेज भैरहवामा लगेपछि त्यहाँ पनि उपचार सम्भव नभएकोले निज बिरामीलाई स्टार हस्पिटलमा लगिएको हो। निज बिरामी राजिया खातुनको post artum sepsis with shock with renal failure with low General condition भनी रोगको नामाकरण भई उपचार भएको तथा अन्तिमतः निजको मृत्यु Cardio Respiratory Arrest ले भएकोले anemic तथा sepsis भएको अवस्थामा विपक्षीहरूले कुनै ध्यान नदिई सोको प्राथमिक उपचार नगरी अन्यत्र लैजान जानकारी नदिई लापरवाही गरी विपक्षीहरूले विपक्षी अस्पतालमा राखी संक्रमणबाट बिरामीलाई बचाउने कुनै उपाय नै नगरी लापरवाही गरेको प्रस्ट छ। यसरी बिरामीलाई लुम्बिनी अस्पतालमा पुऱ्याउनुपूर्व नै संक्रमण भई shock मा गएको अवस्था विपक्षीहरूकै उपचारको क्रममा नै भएको हो भन्ने कुरामा द्विविधा छैन। प्रस्तुत मुद्दामा सामान्य लापरवाही नभई गम्भीर लापरवाही भएको तथ्य अस्पतालको रेकर्डहरूबाट देखिएकोले दाबी नपुग्ने गरी पुनरावेदन अदालत बुटवलबाट भएको फैसला त्रुटिपूर्ण तथा अन्यायपूर्ण देखिएकोले सो फैसला उल्टी गरी उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा ६,२२,२४ बमोजिम दाबी गरिएको रू.१२,१९,६००।- रकम क्षतिपूर्तिबापत भराई न्याय पाउँ भन्ने यस अदालतमा परेको नेसार अहमद मियाँको पुनरावेदन पत्र।

पीडित मृतक राजिया खातुनको उपचार गर्दागर्दै निजको अवस्था बढी गम्भीर हुन गएकोमा अर्को सुविधा सम्पन्न अस्पतालमा जान भन्नुपर्नेमा सोबमोजिम नगरी रोगीका परिवारको दबाबमा डिस्चार्ज गरेको भनी प्रतिउत्तरपत्रमा उल्लेख गरेको देखिएको छ। जुनकुरा वादी प्रतिवादीमा उल्लेख नभए पनि त्यसलाई अदालतले अनुमान गरी निर्णयाधार बनाएको देखिन्छ। यसको अतिरिक्त अदालत स्वयंले गठन गरेको चिकित्सकहरूको बोर्डले मिति २०६६/०१/३१ मा प्रतिवेदन दिएकोमा प्रतिवेदन दिने चिकित्सकहरूको बकपत्र नगराई सो प्रतिवेदनलाई प्रमाणमा ग्रहण गरेको तथा सक्षम शल्य चिकित्सक नहुँदा सामान्य चिकित्सकले शल्यक्रिया गर्न नहुनेमा र सुत्केरीको गम्भीर अवस्थामा अस्पताल भर्ना भई निजको रक्तस्राव भइरहेको अवस्थामा आवश्यक पर्ने रगतको उपलब्धतालाई विचार नगरी सामान्य चिकित्सकले शल्यक्रिया गरेबाट लापरवाहीपूर्ण कार्य भए गरेको देखिएको अवस्थामा समेत उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा २२ को संकुचित व्याख्या गरी चिकित्सकको लापरवाहीले भए पनि रोगीको मृत्यु भएमा निजको जीवित हकवालाले क्षतिपूर्तिमा दाबी गर्न नपाउने भन्नेसमेत निर्णयाधार उल्लेख गरी दाबी

नपुग्ने ठहऱ्याएको पुनरावेदन अदालत बुटवलको फैसला त्रुटिपूर्ण भई फरक पर्न सक्ने देखिएकोले अ.बं.२०२ नं. बमोजिम प्रत्यर्थी झिकाई आएपछि वा अवधि नाघेपछि नियमानुसार पेस गर्नु भन्ने यस अदालतबाट मिति २०६७/११/१ मा भएको प्रत्यर्थी झिकाउने आदेश।

यस अदालतको मिति २०६७/११/०१ को आदेशमा उल्लेख भएबमोजिम मृतकको मृत्यु सम्बन्धमा मिति २०६६/०१/३१ मा प्रतिवेदन दिने चिकित्सकहरूको बकपत्र भएको नदेखिएकोले सो प्रयोजनको लागि प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम बकपत्र गर्न चिकित्सकहरू झिकाई प्रक्रिया पूरा गरी नियमानुसार पेस गर्नु भन्ने यस अदालतबाट मिति २०७०/११/२६ मा भएको आदेश।

मिति २०६६/०१/३१ मा प्रतिवेदन दिने चिकित्सकहरू झिकाई बकपत्र गराउने भनी मिति २०७०/११/२६ मा भएको आदेश कार्यान्वयन भएको नदेखिएकोले नवलपरासी जिल्ला, रामग्राम नगरपालिकास्थित पृथ्वीचन्द्र अस्पतालमार्फत उक्त मिति २०६६/०१/३१ मा प्रतिवेदन दिने चिकित्सकहरूको वतन खुलाई झिकाई उक्त पूर्व आदेशानुसार बकपत्र गराई नियमानुसार गरी पेस गर्नु भन्ने यस अदालतबाट मिति २०७३/१०/२४ मा भएको आदेश।

पुनरावेदन अदालत बुटवलले अध्ययनको लागि पठाएको कागजातको अध्ययन गरी प्रतिवेदन तयार गरेको हो। पृथ्वीचन्द्र अस्पतालले माथिल्लो स्तरको अस्पतालमा बिरामी रेफर गरेको देखिन्छ। प्रसूति तथा स्त्रीरोगसम्बन्धी उपचार गर्दा उत्पन्न हुने जटिल अवस्थाले बिरामीको उपचार गर्नुपर्ने र सो सम्बन्धित चिकित्सकले मात्र गर्न सक्ने उक्त उपचार दिने संस्था पनि पूर्ण व्यवस्थित हुनुपर्ने, स्त्रीरोग विशेषज्ञबाहेक अन्य विधाको विशेषज्ञ चिकित्सक जस्तै, फिजिसियन, सर्जन, एनेस्थेटिस्टलगायतको सेवा उपलब्ध हुनुपर्ने, अस्पतालमा सम्पूर्ण इन्भेस्टिगेसनको सुविधा, रगत बैंक र औषधीहरूको व्यवस्था, आइ.सि.यु. सिस्टरहरूको व्यवस्था हुनुपर्ने हुन्छ। केही रोगहरू यस्तो हुन्छ कि जसलाई उपचार गर्न विकसित देशहरूमा पनि गाह्रो हुन्छ। पल्मोनरी इम्बेलिजम भएको बिरामीहरूको मृत्युदर ९० प्रतिशतसम्म रहन्छ। यस्तो अवस्थामा हामीलाई बिरामी बचाउन असम्भवप्राय: हुन्छ। जुन कुरा बिरामीका आफन्तहरूले नबुझीकन आक्रोशमा आउँछन्। त्यसैले बिरामी समयमा अस्पतालमा पुऱ्याउन र जटिल रोगहरूको बारेमा जनचेतना जगाउन कार्यक्रम गर्नु आवश्यक देखिन्छ भनी प्रतिवेदन दिने डा. रविप्रसाद रेग्मीले गरेको बकपत्र।

प्रतिवेदन हेर्दा परासी अस्पतालको रिपोर्टमा हेमोटोमालाई Incise गर्ने र स्टिज गरेको देखिन्छ। त्यही आधारमा बिरामीको स्वास्थ्य उपचार त्यसबेलाको गहन अवस्था हेरी अञ्चल अस्पतालमा गरिएको उपचार र सम्बन्धित विशेषज्ञहरू र गाइनेकोलोजिस्टसँग सोधपुछको आधारमा चिकित्सक प्रमुख भएको हुनाले आफ्नो प्रतिवेदन दिएको हो। लुम्बिनी अञ्चल अस्पतालको सम्बन्धित विभागले गरेको काम ठीक देखिन्छ भनी प्रतिवेदन दिने बुझिएका डा.लोकेन्द्रदेव भट्टले यस अदालतमा गरेको बकपत्र।

विभिन्न ठाउँमा उपचार गर्ने क्रममा भैरहवा मेडिकल कलेजमा भर्ना भएको रजिस्ट्रेसन नं. बाट देखिन्छ तर उपचारसम्बन्धी कागजातहरू नभएको र अन्यत्र अस्पतालहरूमा भएको उपचारको डकुमेन्टको आधारमा प्रतिवेदन तयार भएको हो। कुनै पनि प्रसूति तथा स्त्रीरोगसम्बन्धी समस्या भएमा बिरामीहरू निजी वा सरकारी अस्पतालमा जाँदा बिरामीको जटिलता, त्यस अस्पतालमा भएको दक्ष जनशक्ति, विशेषज्ञ सेवा तथा उपचारको लागि चाहिने भौतिक पूर्वाधार तथा उपकरणहरूको आधारमा निश्चित प्रोटोकल भएको हुन्छ, हुनुपर्छ। उक्त संस्थामा उपचार सम्भव

नहुने भएमा समयमा नै रेफर गर्ने व्यवस्था हुनुपर्छ । प्राप्त भएका कागजातहरूका आधारमा निजको उपचार प्रोटोकलअनुसार नै भएको देखिएको र पृथ्वीचन्द्र अस्पतालमा सम्बन्धित रोगको विशेषज्ञ भए नभएको थाहा नभएको र लुम्बिनी अस्पतालमा प्राप्त भएका कागजातहरूको आधारमा त्यहाँ विशेषज्ञ चिकित्सकहरू उपचारमा संलग्न भएको देखिन्छ भनी प्रतिवेदन दिने बुझिएका डा.श्रीधर आचार्यले यस अदालतमा गरेको बकपत्र।

नियमबमोजिम पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदन पत्रसहितको सुरू तथा प्रमाण मिसिलसमेत अध्ययन गरी पुनरावेदकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री ज्योति बानियाँले मृतक राजिया खातुनको कति पटक कस्तोखाले अप्रेसन गरियो भन्ने मेडिकल रिपोर्ट नै नभएको अवस्थामा र विपक्षीले बारम्बार पीडित राजिया खातुनलाई अत्यन्त दुःख दिई पटकपटक स्टिच र अप्रेसन गरी सोही गलत अप्रेसन गरेको कारणबाट Infection भई मृत्यु भएको पाइन्छ । यसरी गम्भीर प्रकृतिको लापरवाही गरिएको हुँदा यसलाई सामान्य मान्न मिल्ने होइन । अतः क्षतिपूर्ति समितिको मिति २०६५/०३/२२ को फैसलाबाट पृथ्वीचन्द्र अस्पताल नवलपरासीबाट पीडित पक्षलाई अस्पतालबाट रू.४५,०००।- दिलाई भराई दिने गरी भएको फैसला उल्टी गरी पुनरावेदन अदालत बुटवलबाट भएको फैसला त्रुटिपूर्ण भएकोले निवेदकको उजुरी दाबीबमोजिम रू.१२,१९,६००।- रकम क्षतिपूर्ति दिलाई भराई पाउनु पर्छ भनी बहस गर्नुभयो।

विद्वान् अधिवक्ताको बहस सुनी र मिसिल संलग्न कागजपत्रहरूको अध्ययन गरी निर्णयतर्फ विचार गर्दा, प्रस्तुत मुद्दामा देहायका प्रश्नहरूको निरूपण गर्नुपर्ने देखियो।

(१) पुनरावेदकलाई उजुरी गर्ने हकदैया छ वा छैन।

(२) मृतक राजिया खातुनको उपचार गर्ने क्रममा पृथ्वीचन्द्र अस्पतालसँग सम्बन्धित चिकित्सकसमेतबाट लापरवाही भएको छ वा छैन।

(३) क्षतिपूर्ति समितिको निर्णय उल्टी गरेको पुनरावेदन अदालत बुटवलको इन्साफ मिलेको छ वा छैन।

उपर्युक्त प्रश्नहरूको निरूपण गर्नुपूर्व प्रस्तुत मुद्दासँग सम्बन्धित तथ्यहरूलाई राखेर मात्र अघि बढ्नु उपयुक्त हुने देखिन्छ।

राजिया खातुन नवलपरासी जिल्लाको रामग्राम निवासी १८/१९ वर्षकी महिला रहिछन् । कलिलो उमेरमा नै दोजिया भएकी निजलाई प्रसव वेदना लागेपछि निजको परिवारले मिति २०६४/३/९ को राति १०:३५ बजे परासी बजारस्थित पृथ्वीचन्द्र अस्पतालमा भर्ना गराएको रहेछ। सोही रात ११:५३ बजे ड्युटीमा रहेका सिस्टरहरूको सहयोगमा निजले बच्चा जन्माएकी रहिछन्। राति बच्चा जन्मिएपछि भोलिपल्ट अर्थात् मिति २०६४/०३/१० गते बिहान ६ बजे डा. प्रमोद पौडेलले राजियालाई हेरेको जाँचेको र जाँच्ने क्रममा पेट जाँच्दा **"Uterus Contrated रहेको र Perspeculum Examination गर्दा Vaginal Mucosa मा Tear (laceration) र Hematoma देखिएको र त्यही ठाउँबाट Bleeding भएको देखिएकोले Hematoma Drain गरी Vaginal Mucosa Stitch गरिएको"** रहेछ । सो उपचारको क्रममा राजियालाई नदुख्ने औषधी र एन्टिबायोटिक दिइएको, रगतमा हेमोग्लोबिन जाँच्न र रगतको वर्ग छुट्याउन पठाएको, बिरामीको अवस्था स्थिर रहेको भन्ने डा. प्रमोद पौडेलको भनाइ (प्रतिउत्तरको अनुच्छेद ३ख) रहेको छ । बिहान त्यति कार्य गरेपछि दिउँसो ४ बजेतिर डा. प्रमोद पौडेल पुनः बिरामी जाँच्न गएको, सो अवस्थामा बिरामीको अवस्था गम्भीर

रहेको, बिरामीलाई बुटवल लग्नुपर्ने सल्लाह दिइएको र त्यसपछि सो अस्पतालबाट डिस्चार्ज गरेको र त्यसको २०/२५ मिनेटमा बिरामी अस्पतालकै हातामा बेहोस भएको र उनलाई होसमा ल्याएपछि लुम्बिनी अञ्चल अस्पताल बुटवल लगिएको भन्ने उल्लेख छ। लुम्बिनी अञ्चल अस्पतालमा उपचार हुन नसकेपछि सोही साँझ भैरहवास्थित युनिभर्सल मेडिकल कलेज लगिएको र त्यहाँ पनि उपचार नभएपछि मिति २०६४/०३/११ मा भारत गोरखपुरस्थित स्टार अस्पताल भर्ना गरिएकोमा मिति २०६४/०३/१२ गतेको साँझ ७ बजे राजिया खातुनको मृत्यु भएको भन्ने देखिन्छ। यसरी एउटा कलिलो उमेरकी महिलाको सुत्केरी अवस्थामा उपचारको क्रममा एक अस्पतालबाट अर्को, अर्कोबाट अर्को अस्पतालको चक्कर काट्दा काट्दै इहलिला समाप्त भएको पाइन्छ। यही प्रसङ्गमा सुरूमा उपचार गर्ने पृथ्वीचन्द्र अस्पतालबाटै उपचारमा लापरवाही भएको भनी मृतकको तर्फबाट निजका ससुराद्वारा क्षतिपूर्तिको मागदाबी गरी प्रस्तुत मुद्दामा उजुरी परेको देखिन्छ।

२. अब पुनरावेदकलाई प्रस्तुत मुद्दामा उजुर गर्ने हकदैया छ वा छैन भन्ने पहिलो प्रश्नतर्फ हेरौं, कुनै विवादमा उजुर गर्ने हकदैया उक्त विवादबाट पीडित वा प्रभावित व्यक्तिलाई प्राप्त हुन्छ । प्रस्तुत मुद्दामा "राजिया खातुनको हकमा" भनी निजका एकाघरका ससुरा नेसार अहमद मियाँले राजिया खातुनको उपचार गर्दा लापरवाही गरेको भनी उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा ६, २२ र २४ अन्तर्गत क्षतिपूर्तिको दाबी गरी उजुरी गरेको देखिन्छ। उजुरीको विषयलाई लिएर सुरू तहमा विवाद उठाइएको र पुनरावेदन अदालत बुटवलले उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा २२ मा उपभोक्ता वा निजको हकवालालाई क्षतिपूर्ति भराउने कुरा उल्लेख भएको कुरालाई औंल्याउँदै **"ऐनमा स्पष्टता आवश्यक देखिन्छ, यद्यपि यो इजलास हकदैयालाई चुनौती दिन चाहँदैन । यो व्याख्या सर्वोच्चले नै गरोस् भन्ने चाहन्छ"** (पृ.८) भन्ने उल्लेख गरेको पाइन्छ । यद्यपि पुनरावेदन अदालतले क्षतिपूर्तिमा निवेदन दिन पाउने राजिया खातुनका ससुराको हकदैयालाई चुनौती नदिई विषयवस्तुमा प्रवेश गरी फैसला गरेको छ तर यो प्रश्नमा सर्वोच्च अदालतले स्पष्ट गरोस् भन्ने चाहना पुनरावेदन अदालतले राखेको र हकदैयाको प्रश्न सुरू तहदेखि यस अदालतसम्म उठेको हुँदा यो प्रश्नको उचित तथा न्यायपूर्ण समाधान गर्नु आवश्यक देखिन्छ।

३. प्रस्तुत विवादमा हकदैयासम्बन्धी निरूपणको निर्धारण गर्दा उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा २२ को मात्र चर्चा नगरी संविधान र उक्त ऐनका व्यवस्थाहरूको समग्रमा अध्ययन र विश्लेषण गरी गरिनु पर्ने हुन्छ । यद्यपि प्रस्तुत विवाद क्षतिपूर्ति समितिमा प्रवेश गर्दाको अवस्थामा उपभोक्ताको अधिकार संविधानमार्फत प्रत्याभूत गरिएको अवस्था थिएन तर अब नेपालको संविधान जारी भएको अवस्था छ। संविधानको धारा ४४ को उपधारा (१) मा **"प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु वा सेवा प्राप्त गर्ने"** र उपधारा (२) मा **"गुणस्तरहीन सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानूनबमोजिम क्षतिपूर्ति पाउने हक"** प्रत्याभूत गरिएको छ । स्वास्थ्यको सेवा उपभोक्ताले पाउने एउटा सेवा हो। चाहे सरकारी वा गैरसरकारी वा निजी संस्था वा व्यक्तिगत तवरबाट प्रदान गरिएको नै किन नहोस्, यस्तो सेवा हरेक तरहले गुणस्तरयुक्त हुनु जरूरी हुन्छ। गुणस्तरीय स्वास्थ्य सेवा नहुँदा व्यक्तिका अन्य हकहरू जस्तो स्वास्थ्य, शिक्षा, रोजगारी, आय आर्जन र सम्मानपूर्वक बाँच्न पाउने हकसमेत निस्तेज र निरर्थक हुन पुग्छन्। यो कुरालाई समेत मनमा राखेर उपभोक्ता संरक्षण ऐन, २०५४ को व्यवस्थाहरूको अध्ययन, मनन् र विश्लेषण गरिनु न्यायको रोहमा सान्दर्भिक हुन आउँछ।

४. उपभोक्ता संरक्षण ऐन, २०५४ ले वस्तु

र सेवा दुवैका उपभोक्तालाई समेट्छ। चिकित्सा सेवा पनि एक किसिमको सेवा भएको कारण चाहे शुल्क वा प्रतिफल लिई प्रदान गरिएको होस् वा प्रत्यक्षतः शुल्क नलिई राज्यको खर्चमा प्रदान गरिएको नै किन नहोस्, यस्तो सेवा ऐनको परिधिभित्र पर्ने नै हुन्छ । उपभोक्ता संरक्षण ऐनको दफा ६ ले उपभोक्तालाई जिउ ज्यान तथा सम्पत्तिमा हानि पुऱ्याउने उपभोग्य वस्तु वा सेवाबाट सुरक्षित रहन पाउने अधिकार प्रत्याभूत गरेको छ। त्यस्तैगरी ऐनको दफा १० को देहाय खण्ड (ङ) मा उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पर्ने किसिमको उपभोग्य वस्तु वा सेवाको उत्पादन वा बिक्री वितरण गर्न बन्देज लगाइएको छ । त्यस्तै गरी दफा ११ मा उपभोग्य वस्तु वा सेवाको गुणस्तर कायम गर्न एउटा निश्चित मापदण्ड आवश्यक पर्ने कुरा उल्लेख छ। चिकित्सा सेवामा त्यस्तो मापदण्ड भनेको चिकित्सकीय प्रोटोकलको अनुशरण गर्न सकिने परिस्थितिको निर्माण र प्रोटोकलको अनुशरण नै हो। अन्तर्राष्ट्रिय स्तरमा यस्तो प्रोटोकल एक हिसाबले तय भइसकेको नै छ। चिकित्सकीय प्रोटोकलको अनुशरण नगरी उपचार गर्दा लापरवाही हुन्छ। यसबाट सृजित परिणाम अवस्थानुसार गम्भीर हुनसक्छ; कतिपय अवस्थामा उपभोक्ताको ज्यान जान पनि सक्छ । त्यसैले उपभोक्ता संरक्षण ऐन, २०५४ ले बर्जित गरेको कार्यलाई दण्डात्मक र पुनःस्थापकीय गरी दुई वर्गमा विभाजन गर्न सकिन्छ । दण्डात्मक कारबाही दफा १८ र १९ अन्तर्गत सरकार वादी भई सुरू गरिन्छ भने पुनर्स्थापकीय कारबाही व्यक्तिगत हैसियतमा चलाइन्छ । प्रस्तुत मुद्दाको सन्दर्भ पुनर्स्थापकीय कारबाहीसँग छ । पुनस्थापकीय कारबाही कसले चलाउन पाउँछ भन्ने प्रश्न नै यहाँ मुख्य रूपमा उठाइएको छ। यसको निम्ति ऐनको दफा २२ हेर्नुपर्ने हुन्छ। दफा २२ को व्यवस्था देहायबमोजिम छ।

> **"यस ऐनको विपरीत हुने गरी उपभोग्य वस्तु वा सेवा बिक्री वितरण वा प्रदान गरेको कारणबाट कुनै उपभोक्तालाई कुनै पनि किसिमको हानि नोक्सानी हुन गएमा त्यस्तो उपभोक्ताको तर्फबाट कुनै उपभोक्ता संस्थाले त्यस्तो उपभोग्य वस्तु वा सेवा बिक्री वितरण वा प्रदान गर्ने व्यक्तिबाट क्षतिपूर्ति भराई पाउँ भनी क्षतिपूर्ति समितिसमक्ष त्यस्तो हानि नोक्सानी पुगेको पैंतीस दिनभित्र उजुरी गर्न सक्नेछ"**

५. यहाँ दफा २२ मा "**उपभोक्ता संस्था"** ले उजुरी गर्ने कुरा उल्लेख भएकोबाट उपभोक्ता स्वयं वा उसको परिवार वा हकवाला वा संरक्षकले उजुरी गर्न सक्ने हो वा होइन भन्ने विषयमा पुनरावेदन अदालतले संसय उठाएको छ । यस सन्दर्भमा हेर्दा, **ऐनले गरेको उपभोक्ताको संरक्षणसम्बन्धी व्यवस्था, वर्जित गरेका कार्यहरू र ऐनको दफा २(क) मा उपभोक्ता शब्दको परिभाषामा "व्यक्ति वा संस्था" दुवै राखिएको अवस्था तथा गुणस्तरहीन वस्तु वा सेवाको वितरणबाट असर पर्ने पीडितहरूको सामाजिक र शैक्षिक स्थितिसमेतलाई मध्यनजर गर्दा उपभोक्ता संस्थाले उजुर गर्ने भन्नाले उपभोक्ता संस्थाले मात्र उजुर गर्न पाउने भनी संकुचित अर्थ गर्न मिल्ने देखिँदैन। यसो गर्दा वास्तविक पीडितले उजुर गर्न नपाउने भई उपचार विहिनताको स्थितिको सृजना हुन्छ । बरू पीडित उपभोक्ता, उसको परिवार र सोको अतिरिक्त उपभोक्ता संस्थाले समेत उजुर गर्न पाउने व्यवस्था गरिएको रहेछ भनी अर्थ गर्दा पीडित र पीडितको परिवारले उजुर गर्न पाउने र कुनै कारणवश पीडितले उजुर गर्न नपाउने वा नसक्ने अवस्था परेमा वा सार्वजनिक हक वा सरोकारको विषय उत्पन्न भएमा उपभोक्ता संस्थासमेतले उजुर गर्न पाउने हुन्छ । परिणामतः एउटा सम्यक व्यवस्था कायम भई संविधान र ऐनले प्रत्याभूत गरेका अधिकारहरू उपभोग गर्न सकिने हुन्छ । ऐनले अधिकार प्रत्याभुत गरेको**

छ, उपचारको मार्ग पनि तोकेको छ, तर पीडित र पीडितसँग जोडिएका व्यक्तिहरूले उपचार खोज्ने हकदैया भने राख्दैनन् भन्ने अर्थ गर्दा अधिकारहरू निरर्थक हुन जान्छन् । उपभोक्ता सार्वभौम हुन्छन् भन्ने मान्यतामा आधारित उपभोक्ता संरक्षण ऐन, २०५४ को यस्तो उद्देश्य हुनसक्छ भनी कदापि मान्न सकिँदैन । यस दृष्टिबाट प्रस्तुत मुद्दामा पीडित मृतक राजिया खातुनको ससुराले क्षतिपूर्तिको माग गरी उजुरी गर्न पाउने नै देखिँदा क्षतिपूर्ति समितिमा गरेको उजुरीलाई हकदैयाविहीन मान्न मिलेन।

६. अब राजिया खातुनको उपचार गर्ने क्रममा पृथ्वीचन्द्र अस्पतालसँग सम्बन्धित चिकित्सकसमेतबाट लापरवाही भएको छ वा छैन भन्ने दोस्रो प्रश्नतर्फ हेरौं : **कुनै रोगीको उपचार गर्ने क्रममा कुनै चिकित्सक र सो सम्बद्ध संस्थाले लापरवाही गरेको छ वा छैन भनी हेर्दा मुलतः हेरचाह गर्नुपर्ने दायित्व (Duty of Care) को समुचित प्रयोग भयो वा भएन र चिकित्सकले गरेको कार्य र निस्किएको परिणामबीच सोझो सम्बन्ध (Direct causal relation) छ वा छैन सो हेरिनुपर्छ । चिकित्सकको हेरचाह गर्ने दायित्वभित्र बिरामीको उपचार गर्न सहमति जनाउने, उपचार गर्ने र उपचार गर्दा होसियारीपूर्वक र सतर्कतापूर्वक गर्ने दायित्वसमेत पर्छ । हेरचाहसम्बन्धी दायित्वको उल्लङ्घन हुँदा लापरवाही हुन जान्छ । लापरवाहीले अवस्थाअनुसार दुई किसिमको दायित्व निम्त्याउँछ । पहिलो हो देवानी दायित्व; यसअन्तर्गत दुष्कृतिसम्बन्धी कानून वा उपभोक्ता संरक्षणसम्बन्धी कानूनअन्तर्गत क्षतिपूर्ति तिर्ने दायित्व लापरवाही गर्ने व्यक्ति वा संस्थामा रहन्छ । दोस्रो हो फौजदारी दायित्व; जहाँ लापरवाही गम्भीर छ, उदाहरणार्थ जहाँ योग्यता नभएको मानिसले उपचार गरेको छ, वा जहाँ सामान्यतः व्यावसायिक योग्यता भएका व्यक्तिहरूले गर्दै नगर्ने अनौठो र हेर्दै आश्चर्य लाग्ने कार्यहरू जस्तो, एउटा अङ्गको चिरफार गर्नुपर्नेमा अर्को अङ्गको चिरफार गरेको वा चिरफार गर्दा शरीरभित्र गज वा कैंची आदि छाडेको अवस्था छ, यस्तो लापरवाहीलाई गम्भीर लापरवाही भनिन्छ र यस्तोमा फौजदारी कानून आकर्षित हुन्छ र क्षतिपूर्तिको अतिरिक्त अन्य सजाय पनि हुन सक्छ ।** कुन ऐन आकर्षित हुन्छ भन्ने कुरा सामान्यतः लापरवाहीको गम्भीरतामा निर्भर रहन्छ[1] । लापरवाहीको अतिरिक्त बदनियतपूर्वक वा कुनै कार्यको परिणाम यस्तो हुन्छ भन्ने जानी जानी कुनै कार्य गरेमा कार्यको अनुपातमा फौजदारी दायित्व बेहोर्नुपर्ने हुन सक्छ। फौजदारी दायित्वको सम्बन्धमा Lord Atkin को देहायको भनाइ सान्दर्भिक हुन्छ। उनी भन्छन्:

Simple lack of care such as will constitute civil liability is not enough; for the purpose of the criminal law there are degrees of negligence, and a very high degree of negligence is required to be proved before the felony is established.[2]

७. यो सत्य हो कि चिकित्सक भगवान होइन । उसले मानवलाई जीवन दिन सक्दैन । तर उसले अकाल मृत्युबाट बिरामीलाई बचाउन भने सक्छ । यो आम मानिसमा रहेको विश्वास हो र यो धेरै हदसम्म सत्य पनि हो । यसरी मानव सेवामा समर्पित व्यक्तिलाई उसले होसियारी एवं पूर्ण सावधानीपूर्वक काम गरेसम्म अनावश्यक दोष लगाइनु हुँदैन । तर बिरामीलाई उपचार गर्ने व्यक्ति हो भन्दैमा देखादेखी योग्यता नै नभई काम गरेको छ वा अक्षम्य गल्तीहरू, लापरवाहीहरू गरेको छ भने त्यस्तो अवस्थामा त्यसलाई ढाकछोप पनि

1 Jacob Mathew v. State of Pujab and Ors. (2005) 6SCC1

2 Andrews v. Director of Public Prosecution (1937) A.C. 576

गरिनु हुँदैन । कुनै पेसा जति नै उत्कृष्ट, जति नै विशिष्ट, जति नै सम्मानित भएपनि सो पेसामा संलग्न व्यक्तिहरूबाट गल्ती हुँदैनन् भनी मान्न सकिँदैन । गल्ती, लापरवाही र हेलचक्र्याइँलगायतका अक्ष्यम्य गल्तीहरूलाई प्रभावकारी ढंगबाट सम्बोधन गर्न सक्यौं भने मात्र चिकित्सा पेसाको सम्मान कायम रहन्छ ।

८. लामो समयसम्म चिकित्सा सेवा, वकिलको सेवा जस्ता विशिष्टीकृत सेवाहरू उपभोक्ता संरक्षण ऐनको परिधिभित्र पर्दैनन् भन्ने गरिन्थ्यो । तर अब यो कुरालाई अस्वीकार गरिएको छ । अब उपभोक्ता सार्वभौम हुन्छ र उसलाई प्रदान गरिने सेवा जोसुकैले प्रदान गरेको भए पनि गुणस्तरयुक्त हुनुपर्छ भन्ने कुरा एउटा स्थापित मान्यता बनेको छ । सेवा प्रदान गर्न स्वीकार गरिएको व्यक्तिको सेवा प्रदान गर्नु चिकित्सकको प्रत्यक्ष दायित्व (Direct Liability) भित्र पर्छ भने त्यस्तो सेवा सुनिश्चित गर्नु चिकित्सक कार्यरत रहेको वा पीडितले सेवा उपभोग गरेको अस्पताल वा स्वास्थ्य केन्द्रको अप्रत्यक्ष दायित्व (Vicarious Liability) बन्दछ । यही अधिकार र दायित्वको अन्तरसम्बन्धबाट अमुक मुद्दामा सेवाग्राहीको उपचारमा लापरवाही वा हेलचेक्र्याईं भएको छ वा छैन भनी हेरिनुपर्छ । हाम्रो छिमेकी भारतमा Indian Medical Association Vs. V.P. Shantha and Others[3] र नेपालमा **दिनेशविक्रम शाह**को मुद्दामा[4] यस अदालतले दिएको निर्णयपछि अब चिकित्सा सेवा उपभोक्ता संरक्षण ऐनको परिधिभित्र पर्दैन भन्ने कुरामा विवाद गरिँदैन ।

९. त्यसो भए चिकित्सकीय लापरवाही (Medical Negligence) को मुद्दामा मूल रूपमा के हेरिनुपर्छ भन्ने सम्बन्धमा माथि भनिएझैं कारण र परिणामबीचको सम्बन्ध त हेरिन्छ नै तर सोको अलावा हेरचाह गर्नुपर्ने दायित्वको (Duty of Care) को सही किसिमबाट पालना भएको छ वा छैन, तथ्यले के भन्छ, प्रमाणको प्रचुरता कति छ, सो पनि हेरिनुपर्दछ । त्यस्तै गरी प्रत्यक्ष र अप्रत्यक्ष दायित्वको सन्दर्भमा चिकित्सा सेवा सरकारी, शैक्षिक वा निजी के कस्तो संस्थाबाट प्रदान गरिएको छ सो पनि सान्दर्भिक हुन्छ ।

१०. चिकित्सा सेवाको सन्दर्भमा जोडिने दुई पक्षहरू अर्थात् सेवा प्रदायक चिकित्सक र सेवाग्राही बिरामीबीचको सम्बन्धबाट नै धेरै कुराहरूको जन्म हुन्छ । एकातर्फ प्राविधिक ज्ञान, सीप, प्रविधि र शक्ति सम्पन्न चिकित्सक र सेवा प्रदायक संस्थाहरू रहन्छन् भने अर्कोतर्फ ज्ञान, सीप, सूचना, आर्थिक सामर्थ्य र पहुँच नभएको उपायहीन र धैर्य हराएको सेवाग्राही रहेको हुन्छ । मानिसहरू रहरले होइन बाध्यताले अस्पताल आउँछन् । त्यो बाध्यता छ भन्दैमा उनीहरूले पाउने सेवाको स्तर घटाइनु हुँदैन । डाक्टर र रोगीबीच रहेका असिमित सम्बन्ध (Asymmetrical relation) को बीचमा नै चिकित्सकले आफूसँग उपचार निम्ति आएको बिरामीको उपचार उपचार गर्न राजी हुन्छ भने आफ्नो ज्ञान, सीप र चिकित्सकीय विधामा प्रचलित प्रोटोकलअनुरूप उपचार गर्ने अप्रत्यक्ष वचनबद्धता (Implied undertaking) लिएका हुन्छन् भन्ने कुरालाई न्यायको रोहमा स्वीकार गरिन्छ । यही आधारभूमिलाई अङ्गीकार गर्दै उपचारमा समुचित सतर्कता नअपनाएको वा उपचार पद्धतिको स्वीकार्य मानकहरूको उल्लङ्घन गरेको वा रोगको गलत निदान गरेको वा गलत उपचार विधि अपनाएको वा बिरामीलाई सही सूचना सम्प्रेषित नगरेको कारणले सेवाग्राहीलाई हानि नोक्सानी हुन गएमा चिकित्सकीय लापरवाही गरेको मानिन्छ ।

११. चिकित्सकीय लापरवाहीको आरोप लागेको अवस्थामा लापरवाही गरिएको थियो वा थिएन भन्ने कुराको परीक्षण कसरी गर्ने भन्ने विषयमा लामो

3 AIR 1996, SC 550; 1995, SCC(6)65

4 डा. दिनेशविक्रम शाह वि. सृजना के.सी., ने.का.प. २०६६, नि.नं.८२६२, पृ. १५१९

समयसम्म Bolam को मुद्दामा[5] प्रतिपादित सिद्धान्तको अनुशरण गरिएको हो । सो मुद्दामा लापरवाही थियो वा थिएन भन्ने कुराको निक्यौल गर्दा सोही विधामा कार्यरत समान ज्ञान र सीप भएका चिकित्सकले अपनाउने सामान्य सीपको प्रयोग गरिएको थियो वा थिएन भनी हेरिनुपर्छ भन्ने कुरालाई इङ्गित गरिएको छ । सो मुद्दामा भनिएको छः

"The doctor is required to exercise the ordinary skill of a competent doctor in this field. He must exercise this skill in accordance with a responsible body of medical opinion skilled in the area of medicine."[6]

१२. Bolam मा प्रतिपादित सिद्धान्तमा अहिले परिमार्जन आएको छ, आयामहरू थपिएका छन्, तर यसलाई अस्वीकार गरिएको अवस्था भने छैन । Bolam को मुद्दामा प्रयुक्त सक्षम चिकित्सकले प्रयोग गर्ने सामान्य सीप (oridinary skill of a competent doctor) भनेको के हो भन्नेबारेमा अरू व्याख्या गर्दै Lord Bingham ले Eckersley को मुद्दामा भनेका छन्:[7]

.... a professional man should command the corpus of knowledge which forms part of the professional equipment of the ordinary man of that profession. He should not lag behind other ordinary assidious and intelligent members of his profession in knowledge, of new advances, discoveries and developments in his field.... the law doesnot require a professional man that he be a paragon combining the qualities of a polymath and prophet.

१३. यसरी चिकित्सकीय लापरवाहीको निक्यौल गर्दा सम्बन्धित विधाका विशेषज्ञहरूले त्यस्तो अवस्थामा सामान्यतः के गर्थे भनी विवेकपूर्ण रूपमा हेरी गरिनुपर्ने कुरालाई विभिन्न मुद्दाहरूमा औंल्याइएको छ । यही कुरालाई अझ स्पष्ट गर्दै Hucks v. Cole मुद्दामा लर्ड डेनिङले भनेका छन्:

A medical practitioner should be liable only where his conduct fell below that of the standards of a reasonably competent practitioner in the field.[8]

१४. माथि उल्लिखित **दिनेशविक्रम शाह**को मुद्दामा यस अदालतबाट पनि Bolam मा प्रतिपादित सिद्धान्तको अनुशरण गरिएको छ । सो मुद्दामा रोगको गलत निदान गरिएको र गलत औषधी सिफारिस गरिएको भन्ने चिकित्सकले दिएको रायको आधारमा नै डा. दिनेश विक्रम शाहबाट क्षतिपूर्ति भराउने निष्कर्षमा अदालत पुगेको देखिन्छ । हाम्रो छिमेकी देश भारतमा पनि डा. लक्ष्मण बालकृष्ण जोशीको मुद्दामा[9] पनि यही सिद्धान्तको अनुशरण गरिएको छ । सो मुद्दामा भनिएको छः

"if the doctor has adopted a practice that is considered proper by a responsible body of medical professionals who are skilled in that particular field, he or she will not be held negligent only because

5 Bolam v. Friern Hospital Management Committee [1957] 1 WLR 582

6 ID at P. 587

7 Eckersley v. Binne [1988] 18 Con. L.R.I., 79 cited in supra note 1

8 [1968] 118 New L.J.469 cited in supra note 1

9 Dr. Laxman Balkrishna Joshi v. Dr. Trimbak Bapu Godbole & another (AIR 1969, SC, 128) यो मुद्दामा एनेस्थेसिया नदिई Fracture जोड्ने खोजिएकोमा बिरामी बेहोस भई मृत्यु भएको विषय ।

something went wrong"

१५. माथि उल्लिखित मुद्दाहरूमा चिकित्सकले आफ्नो कर्तव्य निर्वाह सोही किसिमबाट गर्‍यो वा गरेन भन्ने सन्दर्भमा सो विधामा अनुशरण गरिने व्यवहार र सीपको प्रयोग गर्‍यो गरेन भनी हेर्नको लागि सोको निम्ति विशेषज्ञको राय लिएर अदालत निष्कर्षमा पुग्छ भन्ने मान्यतालाई अघि सारिएको स्पष्ट देखिन्छ । यो मान्यतालाई अदालतहरूले लामो समयसम्म अनुशरण गरेका र गरिरहेका पनि छन् । तर चिकित्सकले आफ्नो कर्तव्य उचित किसिमले निर्वाह गर्‍यो वा गरेन भन्नेबारेमा Bolam को मुद्दामा प्रतिपादित सिद्धान्तमा पछिल्लो समयमा एउटा थप आयम जोडिएको छ । अब चिकित्सकले आफ्नो ज्ञान र सीपको प्रयोग होसियारीपूर्वक त गर्नुपर्छ नै । तर उसले सेवाग्राहीलाई अमुक उपचार विधि अपनाउँदा आइपर्ने महत्त्वपूर्ण तथा गम्भीर जोखिमबारे जानकारी दिँदै उचित उपचार पद्धति वा उपलब्ध विकल्पहरू मध्ये आफूलाई उपयुक्त लागेको विकल्प रोज्ने सेवाग्राही पक्षको स्वायत्तताको सम्मान पनि गर्नुपर्छ । सेवाग्राहीको शारीरिक र मानसिक स्वास्थ्यबारे एउटा विवेकशील व्यक्तिले दिने जानकारी चिकित्सकले दिएको छैन भने उसले समुचित हेरचाह गर्नुपर्ने दायित्वको उल्लङ्घन गरेको मान्नुपर्छ भनिएको छ । यो अवधारणाबारे बेलायती सर्वोच्च अदालतले Montgomery को मुद्दामा[10] भनेको छः

One development which is particularly significant in the present context is that patients are now widely regarded as persons holding rights, rather than as the passive recipients of the care of the medical profession. They are also widely treated as consumers exercising choices: a viewpoint which has underpinned some of the developments in the provision of healthcare services. (para ७५)

१६. अदालतको उपर्युक्त धारणा बन्नुमा मानव अधिकार कानूनले पारेको प्रभाव पनि जिम्मेवार छ । त्यसैले आजभोलि बिरामीलाई चिकित्सा सेवाका निष्क्रिय पात्र होइन, बरू सम्मान, स्वायत्तता र गोप्यतासमेतका अधिकार सम्पन्न व्यक्ति हुन् भन्ने रूपमा हेरिन्छ । बेलायत, क्यानडा, अष्ट्रेलियाका अदालतहरूको अतिरिक्त युरोपेली मुलुकहरूमा समेत यही मान्यतालाई अङ्गीकार गरिँदै आएको छ ।

१७. के बिरामी वा उसका आफन्तलाई सूचना दिने र दिनु पर्ने भन्ने दायित्वको अपवाद नै छैन त; के चिकित्सकले व्यावसायिक निर्णय गर्न नै पाउँदैनन् भन्ने प्रश्न पनि यस सन्दर्भमा नउठ्ने होइन । बिरामीलाई कतिपय अवस्थामा उसलाई के भएको छ भनी जानकारी दिँदा आत्तिने, आत्तिएको कारण निर्णय लिन नसक्ने वा होस नै गुमाउने अवस्थामा पुग्न सक्ने हुन्छ । कतिपय अवस्थामा सेवाग्राही अस्पतालमा एक्लै आएको वा बेहोस अवस्थामा ल्याइएको र त्यही अवस्थामै आपतकालीन उपचारहरू गरिनु पर्ने अवस्था पनि पर्न सक्छ । कतिपय अवस्थामा बिरामीले बेथाको गम्भीरता नबुझ्ने वा उपचार गराउँदा र नगराउँदाको जोखिम नबुझ्ने, विकल्पहरू छान्न नसक्ने अवस्था पनि आइपर्न सक्छ । यस्तो अवस्थामा चिकित्सकहरूले परिस्थिति हेरी आफ्नो व्यावसायिक ज्ञान र सीपको आधारमा शीघ्र निर्णय लिनुपर्ने पनि हुन्छ । यस्तोमा अवश्य पनि चिकित्सकहरूले आफ्नै अनुभव र व्यावसायिक दक्षताको आधारमा निर्णय गर्ने हो । यस्ता स्वायत्तता उनीहरूले अवश्य राख्छन् यस्तो कार्य गर्दा बात लाग्दैन, तर यस्तो अवस्था सधैँ

10 Montgomery v. Lanarkshire Health Board, (2015) UK SC, II गर्भको बच्चालाई Dystocia भएको छ भन्ने जानकारी आमालाई दिई सुत्केरी विधिबारे परामर्श नगरेको विषय ।

पर्दैन। यी अपवादका अवस्थाहरू हुन् र अपवादहरूलाई अपवादकै रूपमा बुझ्नुपर्छ। सही सूचनाको सञ्चारले र सहमति लिएर अघि बढ्ने कुराले अविश्वास घटाउँछ। परिस्थितिको यथार्थता स्वीकार गर्न बिरामी पक्षलाई प्रेरित गर्छ र समय समयमा देखिने तोडफोड, आक्रमण र कुटपिट जस्ता घटनाहरू कम गर्छ, विवाद र जटिलता बढाउने तथा मुद्दा मामिला पर्ने स्थिति पनि घटेर जान्छ।

१८. यहाँसम्म हामीले चिकित्सकीय लापरवाहीको साहित्यको विश्लेषण गर्‍यौं; तुलनात्मक विधिशास्त्रमा विकसित अवधारणा र मानवअधिकार कानूनसँगै विकसित आयामबारे चर्चा गर्‍यौं। अब, यही विधिशास्त्रीय आलोकमा प्रस्तुत मुद्दामा हेरौं: यहाँ बिरामी र उनको परिवारलाई आवश्यक सूचना उपलब्ध गराउने, तदारूकतापूर्वक उपचार गर्ने कार्य गरियो वा गरिएन, उपचारमा लापरवाही भएको थियो वा थिएन, लापरवाही भएको भए सो लापरवाही र राजिया खातुनको मृत्युबीचमा कारण र परिणामको सम्बन्ध (Causal Relations) के कस्तो छ भन्ने प्रश्नहरू उत्पन्न भएका छन्। यी विषयहरूको निरूपण गर्न मिसिल संलग्न प्रतिवादी प्रमोद पौडेलको प्रतिउत्तर, विभिन्न अस्पतालको उपचारसँग सम्बन्धित कागजहरू र सो कागजहरूको आधारमा लुम्बिनी अञ्चल अस्पतालसँग आबद्ध चिकित्सकहरूको समितिबाट मिति २०६६/०१/३१ मा दिइएको प्रतिवेदनहरू हेर्नुपर्ने हुन आउँछ।

१९. प्रतिवादीमध्येको डा. प्रमोद पौडेलको प्रतिउत्तर हेर्दा राजिया खातुन मिति २०६४/०३/०९ मा रातको १०:३० बजे सुत्केरी हुन पृथ्वीचन्द्र अस्पतालमा भर्ना भएको र राति ११:३५ बजे ड्युटीमा रहनुभएको सिस्टरबाट डेलिभरी गराइएको भन्ने उल्लेख छ। सुत्केरी व्यथाले अस्पताल भर्ना भएको व्यक्तिको अस्पताल पुग्नासाथ प्रारम्भिक परीक्षण कसले गर्‍यो, के के परीक्षण गरियो, अस्पतालमा उनको शारीरिक र मानसिक स्वास्थ्य कस्तो थियो, उनको स्वास्थ्यसम्बन्धी विगत कस्तो थियो, गर्भवती भएपछि उनले आफ्नो र भ्रूणको नियमित परीक्षण गराएको रहेछ वा रहेनछ भन्ने आदि विषयमा कुनै कुरा उक्त प्रतिउत्तरमा उल्लेख छैन। डेलिभरी सिस्टरले गराएको भनिएबाट सुत्केरी हुँदा कुनै चिकित्सक उपस्थित रहेनछ भन्ने स्पष्ट हुन आयो। डा. प्रमोद पौडेलको प्रतिउत्तरबाट उनले मिति २०६४/०३/१० गते बिहान ६ बजे मात्र बिरामीलाई हेरेको र जाँचको क्रममा Vaginal Mucosa च्यातिएको, Hematoma देखिएको र च्यातिएको Vaginal Mucosa Stitch गरिएको र त्यसपछि रगत बग्न रोकिएको भन्ने उल्लेख छ। बिरामीको यस्तो अवस्थाबारे कुरूवा वा त्यहाँ उपस्थित परिवारका सदस्यहरूलाई जानकारी दिइएको थियो र Mucosa सिलाउनुअघि मृतक वा कुरूवा वा परिवारका सदस्यहरूको सहमति लिइएको थियो भन्ने निजको प्रतिउत्तरमा उल्लेख छैन। मिसिल संलग्न उक्त अस्पतालको उपचारसम्बन्धी कागज (prescription) बाट पनि सो कार्यहरू गरिएका थिए भन्ने देखिँदैन। बिहानको राउन्डमा राजियाको होमोग्लोबिन Hb 8.0 gm% रहेको र Blood group B positive भएको vital positive रहेको भन्ने देखिन्छ। पछि दिउँसो ४ बजे निजले बिरामीलाई जाँच्दा ज्वरो नआएको, रगत कम (anemic) देखिएको; ड्युटीमा रहेको सिस्टरले bleeding भइरहेको जानकारी दिएकोले बिरामीलाई बुटवल (लुम्बिनी अञ्चल अस्पताल) लैजानुपर्ने र रगत चढाउनुपर्ने सल्लाह दिइएको, तर बिरामी कुरूवाको बढी अनुरोधले गर्दा वहाँहरूकै अनुरोधमा डिस्चार्ज (Discharge on request) गरिएको भन्ने उल्लेख छ। प्रतिउत्तरको सो बेहोराले कतिपय कुराहरू जस्तो बिहान रोकिएको bleeding पुनः कहिले सुरू भयो, bleeding को रफ्तार वा मात्रा कस्तो थियो, बिहानदेखि अपरान्हसम्म बिरामीको स्वास्थ्य के कसरी बिग्रँदै गयो भन्ने र यो कुराको जानकारी कुरूवालाई दिइयो

वा दिइएन भन्ने आदि केही उल्लेख छैन । एकातर्फ **"कुरूवाको बढी अनुरोधले बिरामीलाई डिस्चार्ज गरियो"** भनिएको छ भने अर्कोतर्फ **"डिस्चार्ज गरेको २०/२५ मिनेटपछि बिरामी shock मा गएकोले intravenous fluids, hemacel ले resuscitate गरिएको र blood transfusion र blood उपलब्ध नभएको र विशेषज्ञको सल्लाह लिनुपर्ने भएकोले बिरामीलाई बुटवल अस्पताल पठाइएको हो"** भनिएको छ । डिस्चार्ज गरिएको बिरामी अस्पताल हाताभित्रै बेहोस हुनु अर्थात् shock मा जानुले उनको अवस्था अत्यन्त गम्भीर रहेछ भन्ने सहजै अनुमान हुन्छ । तर यो अवस्थाबारे बिरामीका मानिसहरूसँग छलफल गरिएको वा बिहानैदेखि रगत हाल्नुपर्ने देखिएकोमा उनीहरूलाई रगत खोज्न र उपलब्ध गराउन भनिएको वा बिरामीको अवस्थाबारे अस्पतालमा उपलब्ध चिकित्सकहरूबीच छलफल परामर्श आदि केही गरिएको थियो भन्ने प्रतिवादीहरूको जिकिर छैन न त उपचारसम्बन्धी कागजबाट त्यसो गरिएको देखिन्छ, यसबाट पृथ्वीचन्द्र अस्पतालमा बिरामी रहँदाको अवस्थामा चिकित्सक र नर्सिङ स्टाफबाट उपचारमा यथोचित प्रयास भएको अर्थात् due diligence अपनाइएको थियो भन्न सकिने अवस्था देखिएन ।

२०. अब जहाँसम्म यो लापरवाही र राजिया खातुनको मृत्युबीच सोझो सम्बन्ध छ वा छैन भन्ने प्रश्न छ, पृथ्वीचन्द्र अस्पतालबाट मिति २०६४/०३/१० को अपरान्ह ४ बजेतिरको राउण्डमा जाँचेपछि निजलाई लुम्बिनी अञ्चल अस्पताल लग्न भनिएको, त्यसपछि डिस्चार्ज गरिएको, सोको २०/२५ मिनेटपछि बिरामी अस्पतालभित्रै Shock मा गएको निजलाई होसमा ल्याइएपछि मात्र लुम्बिनी अञ्चल अस्पताल बुटवल लगिएको, त्यहाँबाट अन्यत्र लैजान भनेपछि भैरहवास्थित युनिभर्सल मेडिकल कलेजमा लगिएको र तत्पश्चात् स्टार अस्पताल गोरखपुर लगिएको र त्यहाँ मिति २०६४/०३/१२ मा राजिया खातुनको मृत्यु भएको भन्ने देखिँदा को कसको के कस्तो लापरवाहीको कारण एउटा १९ वर्ष युवतीले अकाल मृत्युवरण गर्न पुगिन् यकिन भन्न सकिने अवस्था देखिएन । तर लुम्बिनी अञ्चल अस्पतालको उपचारसम्बन्धी कागजमा राजिया खातुनलाई सेफ्टिसेमिया (Septicemia) भएको भनिएकोबाट यो विषय गम्भीर बन्न पुगेको छ । यस विषयमा लुम्बिनी अञ्चल अस्पताल सम्बद्ध विशेषज्ञ चिकित्सकहरूको बोर्डले दिएको मिति २०६६/०१/३१ को प्रतिवेदनमा **"लुम्बिनी अञ्चल अस्पतालमा निज बिरामी मिति २०६४/०३/१० गते साँझ ६:१५ मा भर्ना भएको र उक्त समयमा बिरामीको शरीरमा रगत निकै कम (Hb 5.0 gm%) र शारीरिक परीक्षण तथा प्रयोगशाला परीक्षण गर्दा निजको शरीरमा संक्रमण फैलिएको (septicemia) को कारणले अवस्था गम्भीर पाइएको"** भन्ने उल्लेख छ । यहाँ स्मरणीय कुरा के छ भन्ने मिति २०६४/०३/१० गते दिउँसो ४ बजेतिर पृथ्वीचन्द्र अस्पतालमा बिरामी राजिया खातुनको जाँच भएको छ, त्यसपछि निजलाई डिस्चार्ज गरिएको छ, डिस्चार्ज गरिएको २०/२५ मिनेटपछि बिरामी बेहोस भएको अर्थात् Shock मा गएको छ, पुनः ब्युँताएपछि लुम्बिनी अञ्चल अस्पताल बुटवल पठाइएको छ, परासी बजार र बुटवलको दुरी गाडीमा करिब एक घण्टाको मानिएमा बुटवलमा साँझको ६:१५ बजे अस्पतालमा पुऱ्याइएको र तत्काल परीक्षण गर्दा septicemia देखिएको अवस्था छ । यो तथ्यले नै सबै कुरा स्पष्ट गरेको (res ipso loqitur) को स्थिति हो । यसरी लुम्बिनी अञ्चल अस्पतालमा कुनै उपचार गर्नुपूर्व नै बिरामीलाई Septicemia देखिएकोबाट र पृथ्वीचन्द्र अस्पताल परासीमा राजिया खातुनलाई सुत्केरी गराइएको, vaginal mucosa stitch गरिएकोसमेतबाट यो septicemia सोही अस्पतालमा भएको रहेछ भन्ने तथ्यले नै स्पष्ट गरेको

अवस्था छ । यहाँ स्मरणीय के पनि छ भने राजिया खातुन भारतको गोरखपुरस्थित Star Hospital मा मिति २०६४/०३/११ गते बिहान पुगेको र उक्त अस्पतालमा भर्ना हुँदाको समय निजको अवस्थाबारे उपचारसम्बन्धी कागजमा रोगको निदानबारे "post partum sepsis with shock with renal failure with low general condition" अर्थात् शरीरको प्रत्येक अङ्गहरूमा संक्रमण फैलिएको र दुवै मृगौलाले काम नगरेको तथा बिरामी गम्भीर अवस्थामा भएको भन्ने उल्लेख भएकोबाट कारण र परिणामबीचमा सम्बन्ध नै नरहेको भन्ने नभई पृथ्वीचन्द्र अस्पतालमा उपचारको क्रममा लापरवाही भएको कारण बिरामी राजिया खातुनलाई Septicemia भई अवस्था गम्भीर बन्न गई अन्ततः मिति २०६४/०३/१२ को साँझ ७:३० बजे निजको मृत्यु हुन गएको भन्ने देखिन्छ । स्टार अस्पतालले उल्लेख गरेको मृत्युको कारणमा cardio-respiratory arrest लेखिए पनि यो मृत्यु सुत्केरी, सुत्केरीको उपचारमा लापरवाही हुँदा भएको संक्रमण (septicemia) ले स्थितिलाई जटिल बनाएको रहेछ भन्ने सहजै बुझ्न सकिन्छ । लुम्बिनी अञ्चल अस्पतालमा संक्रमण भएको नदेखिएको भए लापरवाही कहाँबाट भयो भन्ने विषयमा द्विविधा हुन्थ्यो होला तर सो अस्पताल पुग्नासाथ संक्रमण (septicemia) देखिएको कारण यो संक्रमण पृथ्वीचन्द्र अस्पतालमा नै भएको रहेछ भन्ने कुरा लुम्बिनी अञ्चल अस्पताल सम्बद्ध चिकित्सकहरूको बोर्डबाट प्राप्त प्रतिवेदन र मिसिल संलग्न उपचारसम्बन्धी कागजहरूबाट देखिन आयो।

२१. अब क्षतिपूर्ति समितिको निर्णय उल्टी गरेको पुनरावेदन अदालत बुटवलको इन्साफ मिलेको छ वा छैन भन्ने अन्तिम प्रश्नतर्फ हेर्दा क्षतिपूर्ति समितिले **"पृथ्वीचन्द्र अस्पताल नवलपरासीमा कार्यरत डा.प्रमोद पौडेल, अ.न.मि. शान्ता पौडेल, अ.न.मि. अनिता जैसवालले उपचारको क्रममा प्रयास गरेको भए तापनि पूर्वसतर्कता नअपनाई समयमा नै साधन सम्पन्न अस्पतालमा नपठाई लामो समयसम्म सोही अस्पतालमा राखी बिरामीको अवस्था नाजुक भएपछि संरक्षकको अनुरोधमा मात्र डिस्चार्ज गरेको देखिएकोले पृथ्वीचन्द्र अस्पताल नवलपरासीबाट प्रारम्भमा प्रदान भएको स्वास्थ्य सेवामा सामान्य हेलचेक्र्याईं भएको देखिन्छ"** भन्दै उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा २४ र उपभोक्ता संरक्षण नियमावली, २०५६ को नियम ४५ बमोजिम प्रतिवादीहरू कार्यरत अस्पतालबाट पीडित पक्षलाई रू.४५,०००।- क्षतिपूर्ति भराइदिने ठहर गरेको देखियो।

२२. उपचारमा लापरवाहीका कारण संक्रमण (Septicemia) भएको भन्ने देखिएको यस अवस्थामा को उपर दायित्व सुम्पने भन्ने सन्दर्भमा हेर्दा विपक्षीहरू सरकारी अस्पतालमा कार्यरत देखिन्छ । स्पष्टै छ, अस्पतालले स्रोत, साधन नजुटाउँदा र आवश्यक सरसफाइ तथा निर्मलीकरण (sterialization) को उचित व्यवस्था नगर्दा त्यहाँ कार्यरत चिकित्सकले प्रदान गर्ने सेवाको गुणस्तरमा असर पर्छ । बिरामीको सेवामा चिकित्सक र कर्मचारीहरूलाई खटाउने, प्रयोगशालामा परीक्षणको व्यवस्था गर्ने, रगत उपलब्ध गराउने आदि कार्यमा अस्पतालको स्थिति के छ भन्ने पनि हेर्नु नै पर्ने हुन्छ । यहाँ पृथ्वी चन्द्र अस्पतालमा ती सुविधाहरू छन् भनी आश्वस्त रहन सकिने अवस्था देखिएन । अस्पतालले भौतिक सुविधा नपुऱ्याएसम्म स्टाफले गुणस्तरीय सेवा उपलब्ध गराउन सक्ने अवस्था हुँदैन । यस दृष्टिबाट विपक्षीहरूबाट क्षतिपूर्ति नभराई निजहरू कार्यरत अस्पतालबाट क्षतिपूर्ति भराउने क्षतिपूर्ति समितिको मिति २०६५/०३/२२ को निर्णय उपयुक्त नै देखियो।

२३. जब स्वास्थ्य सेवा जस्तो आधारभूत सेवाको प्रश्न आउँछ, सेवा प्रदायक संस्थाहरू चाहे सरकारी, अर्धसरकारी वा निजी नै किन

नहुन् सबैले के बुझ्नु र मनन् गर्नु जरूरी हुन्छ भने उनीहरू कहाँ उपचार गर्न आउने व्यक्तिहरू अधिकार सम्पन्न व्यक्तिहरू हुन् । यी व्यक्तिहरूले आफ्ना सबै अधिकारहरू अन्तै बुझाएर निरिह वस्तुसरह अदालतमा प्रवेश गरेका हुँदैनन् । जब संविधानले स्वास्थ्य र सम्मानको हक, सूचनाको हक, सामाजिक सुरक्षा, न्याय र सम्मानपूर्वक बाँच्न पाउने, वस्तु र सेवा प्रदायक संस्थाबाट गुणस्तरीय वस्तु र सेवा प्राप्त गर्ने हक प्रत्याभूत गर्छ भने यी हकहरूको हर तरहले सम्मान गरिनु र उपभोग सुनिश्चित गरिनुपर्छ । चिकित्सा क्षेत्रसँग सम्बन्धित व्यक्तिहरूले बिरामीलाई रोगको विषयमा सही सूचना पाउने र अमुक सेवा लिने वा नलिने भन्ने विषयमा आत्मनिर्णयको हक रहन्छ भन्ने कुरामा विशेष ख्याल गर्नु आवश्यक हुन्छ । विशेषतः स्वास्थ्यको क्षेत्रमा जनताहरू आधारभूत सुविधा र पहुँचबाट बाहिर रहेको हाम्रो जस्तो ग्रामीण परिवेश भएको मुलुकमा बिरामीको हकहरूबारे राज्यले दायित्वबोध गरी अग्रसरता नलिएसम्म गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित हुन सक्दैन ।

२४. बिरामीको इलाजको विषयमा मुलुकी ऐनमा इलाज गर्नेको महलमा केही व्यवस्था रहेको भए पनि सो व्यवस्थाहरू मृतप्राय: छन् । परिणामतः हामीकहाँ हालसम्म चिकित्सकीय लापरवाहीको विषयमा उपभोक्ता संरक्षण ऐन, २०५४ अन्तर्गत विवादहरू उठाइएका छन् । अब भने कानूनी व्यवस्थालाई केही मिश्रित बनाइएको छ । एकातर्फ स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐन, २०६६ ले स्वास्थ्य उपचारको विषयलाई लिई स्वास्थ्यकर्मीलाई घेराउ, आपमानजनक व्यवहार वा हातपात गर्ने, त्यस्तैगरी स्वास्थ्य संस्थामा तोडफोड आगजनी वा त्यस्तै अन्य कार्यलाई अपराधजन्य कार्य मानेको छ (ऐनको दफा ३, १५ र १६) भने यही वर्ष जारी भएको मुलुकी देवानी (संहिता) ऐन, २०७४ मा दुष्कृति (Torts) सम्बन्धी व्यवस्था (परिच्छेद १७) र त्रुटिपूर्ण उत्पादनबापतको दायित्वसम्बन्धी व्यवस्था (परिच्छेद १८) राखिएको छ । त्यस्तैगरी मुलुकी अपराध (संहिता) ऐन, २०७४ को परिच्छेद २ को दफा १५ देखि १८ सम्म भलाइको लागि होसियारीसाथ काम गर्दा कसुर नहुनेबारे व्यवस्था छ भने परिच्छेद १९ मा दफा २३० देखि २४० सम्म इलाजसम्बन्धी कसुरबारे नयाँ व्यवस्था गरिएको छ । परिच्छेद १९ मा कसैको इलाज गर्न त्यस्तो इलाज गर्ने व्यक्तिसँग आवश्यक शैक्षिक योग्यता र इजाजत रहनुपर्ने कुराको अतिरिक्त उपचारमा बदनियत चिताई लापरवाही वा हेलचक्र्याईपूर्वक गर्न नहुने, मन्जुरीविना मानव शरीरमा परीक्षण गर्न नहुने, औषधीको मिसावट गर्न नहुने, म्याद नाघेको औषधी वा एक किसिमको भनी अर्को औषधी बिक्री वितरण गर्न नहुने, त्यस्तै प्रयोगशालाबाट झुट्टा प्रतिवेदन दिन नहुने आदि विषयमा केही व्यवस्थाहरू गरिएका छन् । यस्तो हुन गएको स्थितिमा सजायको साथै पीडितलाई क्षतिपूर्ति भराउने कुरा पनि कानूनमा उल्लेख छ ।

२५. यी कानूनहरू लागू भएपछि यसले सेवा प्रदायक र सेवाग्राही पक्षमा के प्रभाव पर्छ वा के कस्तो तरङ्ग पैदा गर्छ सो हेर्न बाँकी नै छ । अपराध संहितामा कुनै संशोधन आवश्यक भए कालक्रममा संशोधन र परिमार्जन पनि होला । यो संसदीय बुद्धिमता (legislative wisdom) को विषय हुँदा त्यसतर्फ प्रवेश गर्नु आवश्यक भएन । तर साबिकका मृतप्राय: व्यवस्थाको ठाउँमा व्यक्तिको इलाज सम्बन्धमा एकभन्दा बढी कोणबाट हुन सक्ने लापरवाही एवं हेलचेक्र्याईंलाई समेटिएका हुँदा संहिताको व्यवस्थाले कानूनविहीनताको स्थितिको भने अन्त्य गरेको देखिन्छ । लोकतन्त्र कानूनविहीन व्यवस्था होइन । यो त विधिको शासनमा आधारित व्यवस्था हो, जहाँ स्वच्छ सुनुवाइ गरी सबैलाई न्याय सुनिश्चित गरिन्छ । प्रस्तुत मुद्दा अपराध संहिताको अन्तर्गतको

नभई उपभोक्ता संरक्षण ऐनअन्तर्गतको हुँदा यहाँ नयाँ कानूनी व्यवस्थाबारे विस्तृत परिचर्चा गर्नु आवश्यक छैन तापनि यो व्यवस्थाहरू भर्खर भर्खर गरिएका हुँदा केही सैद्धान्तिक र व्यावहारिक पाटोमा प्रकाश पार्नु आवश्यक देखियो।

२६. विद्यमान कानूनी व्यवस्थाको सन्दर्भमा जारी भएका देवानी र फौजदारी संहितामा गरिएका व्यवस्थाहरूको विश्लेषण गर्दा (क) ज्यान मार्ने वा अङ्गभङ्ग गर्ने नियतले उपचार गरेको अवस्था, (ख) लापरवाही वा हेलचक्र्याईं गरी उपचार गर्दा ज्यान मर्न गएको, अङ्गभङ्ग भएको वा अन्य क्षति पुगी फौजदारी दायित्व सिर्जना भएको अवस्था, (ग) लापरवाही वा हेलचक्र्याइँ गरी देवानी दायित्व सिर्जना भएको अवस्था र (घ) असल नियतले होसियारीसाथ सम्बन्धित व्यक्ति वा संरक्षकको मन्जुरी लिई वा तत्काल मन्जुरी प्राप्त नहुने स्थितिमा भलाइको लागि केही गर्दा क्षति पुग्न गएको अवस्थासमेत गरी चार प्रकारको अवस्थाबारे व्यवस्था गरिएको छ।

२७. यीमध्ये पहिलो ज्यान मार्ने नियतले वा मर्न सक्छ भन्ने जान्दाजान्दै बदनियतपूर्वक कुनै कार्य गर्दा ज्यान मर्न वा अङ्भङ्ग हुन गएको स्थिति हो। यो सबैभन्दा गम्भीर अवस्था हो, अपराध संहिताको इलाजसम्बन्धी कसुरको परिच्छेदको दफा २३१ मा यसबारे व्यवस्था छ। त्यस्तै समान वा मिल्दोजुल्दो व्यवस्था ज्यानसम्बन्धी र कुटपिट अङ्गभङ्गसँग सम्बन्धित परिच्छेदहरूमा गरिएको छ। तसर्थ इलाजसम्बन्धी कसुरको परिच्छेदमा यो व्यवस्था हुनु वा नहुनुले केही तात्त्विक फरक पर्दैन। उपचारको नाममा वा निहुँमा नियतवश ज्यान मारेको अवस्था उत्पन्न भएमा ती परिच्छेदहरू अन्तर्गत पनि कारबाही हुन सक्छ। तर यो अत्यन्त विरलै देखिने अपवादजन्य अवस्था हो।

२८. दोस्रो र तेस्रो अवस्था लापरवाही वा हेलचक्र्याईंको कारण फौजदारी वा देवानी दायित्व सिर्जना भएको अवस्था हो। लापरवाही हुँदा सो कार्य गर्ने व्यक्तिले आफ्नो कार्यको यस्तो परिणाम हुन्छ भनी नदेखेको हुन सक्छ तर हेलचक्र्याईंमा यस्तो परिणाम हुन सक्छ भन्ने देखेर पनि बेवास्ता गर्छ। यी दुवै अवस्थामा अपराध संहिता देवानी संहिता र उपभोक्ता संरक्षण ऐनका व्यवस्थाहरू आकर्षित हुन्छन्। एक किसिमको इलाज गर्नुपर्नेमा अर्को इलाज गरेको अर्थात् गलत अङ्ग चिरफार गरेको वा गलत औषधी खुवाएको वा सिफारिस गरेको विषय, लापरवाही वा हेलचेक्र्याइँअन्तर्गत पर्छ। निदान र उपचारमा भएका गम्भीर र अक्षम्य गल्तीहरू यही वर्गमा पर्छन्। यस्तोमा दोषको मात्रा हेरी सम्बन्धित व्यक्तिले फौजदारी वा देवानी दायित्व बेहोर्नुपर्छ। जहाँ दोषको मात्रा गम्भीर छ त्यहाँ सम्बन्धित चिकित्सक वा उपचारमा संलग्न व्यक्तिले फौजदारी दायित्व बेहोर्नुपर्छ अन्यथा देवानी दायित्वअन्तर्गत यो विषयलाई हेरिन्छ।

२९. चौथो अवस्था दोषरहित अवस्था हो जसमा ज्यान मर्न गएको वा अङ्गभङ्ग भएकोमा बाहेक सम्बन्धित चिकित्सक उपचारमा संलग्न व्यक्तिले कुनै दायित्व बेहोर्नु पर्दैन।

३०. यसै सन्दर्भमा स्पष्ट गर्नुपर्ने कुरा के छ भने उपभोक्ता संरक्षण ऐन र मुलुकी देवानी (संहिता) ऐनले तय गरेको देवानी लापरवाही र मुलुकी अपराध (संहिता) ऐनमा उल्लेख भएको लापरवाही वा हेलचक्र्याईं विषयलाई अलग अलग हेरिनुपर्छ। तथ्यले स्पष्ट देखाउने लापरवाही (res ipso loquitor) देवानी दायित्वको विषय बन्न सक्ला तर फौजदारी कसुर हुनको लागि लापरवाही गम्भीर हुनुपर्छ। अमुक मुद्दामा गम्भीर लापरवाही (gross negligence) थियो वा थिएन भन्ने कुरा केबल आक्षेप लगाउने उद्देश्यले मात्र नभई भरसक विशेषज्ञहरूको स्वतन्त्र रायको आधारमा गरिनुपर्दछ। यस्तो राय विवादित घटनापछि बिरामीको सोही वा अर्को अस्पतालमा गरिएको उपचारका क्रममा व्यक्त भइसकेको हुन सक्छ,

त्यस्तै वा अनुसन्धानकर्ताले मागेपछि मेडिकल बोर्ड वा स्वतन्त्र विशेषज्ञहरूले दिएको राय पनि हुन सक्छ । तर यस्तो राय वर्गीय आग्रह वा पूर्वाग्रहबाट भने मुक्त रहनुपर्छ । स्वतन्त्र रूपमा राय नदिएको वा ढाकछोप गर्न वा दायित्व पन्छाउन खोजेमा उपलब्ध अन्य सूचना तथा प्रमाणको आधारमा अनुसन्धान र अभियोजन अघि बढ्न र निर्णय हुन सक्छ।[11]

३१. नयाँ कानूनी व्यवस्थाको सन्दर्भमा स्पष्ट गरिनुपर्ने अर्को कुरा मानव शरीरको जटिलता हो। मानव शरीर आफैँमा जटिल संयन्त्र हो । यसमा आजसम्म चिकित्सा विधामा पत्ता नलागेका जटिलताहरू पनि हुन सक्छन्। यी जटिलताहरूलाई भुलेर आत्मकेन्द्रित भई दोष लगाउने प्रवृत्ति र आदतबाट चिकित्सा पेसालाई मुक्त गरिनुपर्दछ । चिकित्साको क्षेत्रमा पनि दुर्घटना हुन सक्छ, तर सबै दुर्घटनाको दोषी चिकित्सक नहुन सक्छ, दुर्घटनाको कारण के हो भन्ने नखोजी धुवाँ आउने बन्दुक (Smoking Gun) जसले बोकेको छ त्यसैउपर दोष थोपर्ने गरियो भने उपचार गर्ने मनमा उपचार गरौं वा नगरौं भन्ने संशय पैदा हुन सक्छ; चिरफार र अप्रेसन गर्ने हातहरू काम्न सक्छन्; सीमित स्रोत साधन भएका अस्पताल र केन्द्रमा काम गर्ने चिकित्सकहरू जिम्मेदारीबाट पन्छिन सक्छन्। यसले अन्ततः समाजलाई नै घाटा पुग्न जान्छ । त्यसैले नयाँ कानूनको प्रयोग अत्यन्त होसियारीसाथ गरिनु वाञ्छनीय देखिन्छ।

३२. चिकित्सकीय लापरवाहीको विषयलाई प्रमाण सङ्कलन र मूल्याङ्कनको दृष्टिबाट पनि हेरिनुपर्छ। देवानी दायित्वमा प्रमाणहरूको प्रचुरतालाई हेरी लापरवाही थियो वा थिएन भनी हेर्न सकिन्छ तर फौजदारी दायित्व सुम्पन कसुर शङ्कारहित तवरबाट पुष्टि हुनुपर्छ र यो कुरा अभियोजनकै क्रममा स्पष्ट देखिनुपर्छ । चिकित्सा विधाको विशिष्टता र न्यूनतम भौतिक सुविधा रहेका स्थानमा काम गर्नुपर्ने विशेष परिस्थितिलाई हेरी अभियोजन पक्षले यसमा विशेष ध्यान पुऱ्याउनुपर्छ । शङ्कारहित तवरले फौजदारी आरोप पुष्टि हुने अवस्था बनिसकेको छैन र आरोप लगाइएको चिकित्सक भागी हाल्ने वा उसले प्रमाणहरू लुकाउने वा नष्ट गर्ने अवस्था छैन भने उसलाई जथाभावी पक्रने, थुनामा राख्ने कार्य गरिनु हुँदैन । यस्तो गरिएमा उसको प्रतिष्ठामा त असर पर्छ नै, अन्य चिकित्सकहरूमा पनि त्रास पैदा गर्छ, र यस्तो स्थिति राजधानीमा भन्दा सामान्य सेवा सुविधा नपुगेका मोफसल र दूर दराजका गाउँमा काम गर्ने चिकित्सकमा अझ बढी हुन्छ । त्यसैले फौजदारी आरोपको अनुसन्धान अझ बढी जिम्मेदारी र विशिष्टताका साथ गरिनुपर्छ ता कि आम चिकित्सक समुदायले यसलाई पेसामा देखिएका ऐजेरूहरू फाल्ने अभियानका रूपमा हेरोस्।

३३. यही सन्दर्भमा Alan Merry र Alexander McCall Smith ले उनीहरूको चर्चित पुस्तक Errors, Medicine and the Law मा व्यक्त गरेको देहायको भनाइलाई सबैले मनन् गर्नु जरूरी छ। उनीहरू भन्छन्:-

Blame is a powerful weapon. Its inappropriate use distorts tolerant and constructive relations between people. Distinguishing between (a) accident which are life's misfortunes for which nobody is morally responsible, (b) wrongs amounting to culpable conduct and constituting grounds for compensation, and (c) those (wrongs) calling for punishment of being gross or a very high degree requires and calls for careful, morally sensitive and scientifically informed analysis; else there

11 डा. बुलन्द थापा वि. सुस्मा थापा, ने.का.प.२०७४, नि.नं.९८१४, पृ. ८७१: यो मुद्दामा विशेषज्ञको राय माग भएकोमा उपलब्ध हुन नसकेपछि उपलब्ध अन्य प्रमाण र तथ्य हेरी अदालत निर्णय निष्कर्षमा पुगेको छ।

would be injustice to the larger interest of society.[12]

३४. यो सत्य हो कि आफूलाई अन्याय भयो भनेर आउने पक्षको सुनुवाइ अदालतले अवश्य गर्छ । संविधान प्रदत्त हकहरूको संरक्षण गरी एउटा न्यायपूर्ण व्यवस्था कायम गर्ने कुरालाई अदालतले कदापि बिर्सन सक्दैन । अपराध पीडितहरूको अनुसन्धानमा सहभागी हुने, क्षतिपूर्तिसहितको न्याय पाउने हक (धारा २१) को रक्षा निम्ति पनि चिकित्सकीय लापरवाहीको स्थितिको अन्त्य हुनुपर्दछ । यी समस्त सन्दर्भ र कानूनी एवं व्यावहारिक परिवेशमा अमुक विवादमा त्यस्तो लापरवाही छ वा छैन भन्ने कुराको निर्क्यौल सर्वप्रथम देवानी दायित्व कायम हुन्छ वा हुँदैन भन्ने यकिन गरी गरिनुपर्छ । परिस्थिति गम्भीर भएमा मात्र फौजदारी दायित्वतर्फ नजर बढाउनु न्यायको रोहमा वान्छनीय देखिन्छ ।

३५. वर्तमान संविधानद्वारा प्रत्याभूत स्वास्थ्यसम्बन्धी हकअन्तर्गत प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने, आकस्मिक सेवा प्राप्त गर्ने, आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने, स्वास्थ्य सेवामा समान पहुँचको हक (धारा २५) त्यस्तैगरी प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजननसम्बन्धी हक (धारा ३८(२) प्रत्याभूत गरिएको छ। यी हकहरूको हरहालतमा सम्मान गरिनुपर्छ । यी हकहरूको सम्मान चिकित्सा पेसालाई बढी जिम्मेदार बनाई गर्नुपर्ने हुन्छ । अनावश्यक रूपमा अपराधीकरण गरेर वा चिकित्सकहरूको मनोबल खस्कने, उनीहरूले राम्रो गर्दागर्दै पनि असुरक्षित महसुस गर्ने स्थिति पारेर अवश्य हुँदैन । **व्यक्तिका हकहरूको सम्मानको निम्ति (क) सरकारद्वारा सञ्चालित अस्पतालहरूमा भौतिक र मानवीय स्रोत साधनको अवस्था चुस्त दुरूस्त पार्ने, (ख) सरकारी र गैरसरकारी अस्पताल र स्वास्थ्य केन्द्रहरूबाट प्रदान गरिने सेवाको न्युनतम गुणस्तर, उपचारको मापदण्ड र अभिलेखीकरण (Documentation) को कार्यविधि तोक्ने, (ग) सेवा प्रदान गर्दा हुन सक्ने गल्ती कमजोरीबाट चिकित्सक र बिरामी दुवैको सुरक्षा र क्षतिपूर्तिको निम्ति बीमा कार्यक्रम लागु गरेर गर्ने, र (घ) लापरवाही वा हेलचेक्र्याईंको स्थितिमा वस्तुनिष्ठ अनुसन्धानमार्फत दायित्व यकिन गरी गर्न सकिन्छ ।** फौजदारी कानूनअन्तर्गत नै पनि चिकित्सकीय लापरवाही एउटा समस्या हो भनी मान्यौ भने यसको समाधान द्वन्द्वात्मकभन्दा पुनर्स्थापकीय न्यायमार्फत गर्न सकिन्छ । **त्यसैले स्वास्थ्य संस्थाहरूमा आवश्यक मानवीय र भौतिक स्रोत साधन उपलब्ध गराई यस्ता संस्थाहरूबाट हुन सक्ने लापरवाहीको न्यूनीकरण गर्नेतर्फ सरकारको तत्काल ध्यान जानु आवश्यक देखिन्छ ।**

३६. हाल जारी भएको तर प्रयोगमा आई नसकेको कानूनबारे यति कुरा गरेर अब हामीसमक्ष विचाराधीन मुद्दामा हेरौं: यहाँ उठाइएको विवाद देवानी दायित्वको उल्लङ्घनसम्बन्धी विवाद हो। यहाँ उजुरी नै क्षतिपूर्तिको दाबी गरी परेको छ । विषयवस्तुको विश्लेषण गर्दा पनि देवानी दायित्वको नै उल्लङ्घन भएको देखिएको छ । यहाँ क्षतिपूर्ति समितिबाट अस्पतालमा आवश्यक भौतिक सुविधा नभएको कारण नै क्षतिपूर्ति तिर्नुपर्ने दायित्व अस्पतालउपर सुम्पिएको र उक्त अस्पतालमा कार्यरत चिकित्सक र नर्सहरूलाई दोषमुक्त गरिएको छ । लुम्बिनी अञ्चल अस्पताल सम्बद्ध विशेषज्ञहरूको समितिको प्रतिवेदनमा राजिया खातुनलाई सेप्टीसेमिया भएको देखाउँदादेखाउँदै पनि चिकित्सक र नर्सहरूलाई दोषमुक्त नै गरेको छ (यद्यपि उक्त प्रतिवेदनमा तथ्यको उल्लेखन र रायमा केही विरोधाभास भने अवश्य देखिन्छ) । सेप्टीसेमियाको

12 Alan Merry and Alexander McCall Smith, Errors, Medicine and Law, (Cambridge Univ. Press, 2001, P 248) cited in Jacob Mathew Supra note 1

कारण सरसफाइ र निर्मलीकरणको अभाव हो भन्ने सहजै बुझ्न सकिन्छ । अस्पतालमा आवश्यक भौतिक सुविधा उपलब्ध हुँदा त्यस्तो संक्रमणबाट बिरामीलाई जोगाउन सकिन्छ । प्रस्तुत विवादको सन्दर्भमा हेर्दा चिकित्सक र सेवाग्राही बीचको सञ्चार र सम्पर्क र उपचारको अभिलेखीकरणमा दुवैतर्फ केही कमीकमजोरी देखिए पनि अस्पतालमा आधारभूत भौतिक सुविधा उपलब्ध भएको अवस्थामा संक्रमण (septicemia) रोक्न सकिने परिस्थिति हुँदा अस्पतालबाट लापरवाही भएको ठहर्‍याएको क्षतिपूर्ति समितिको निर्णय मिलेको देखियो।

३७. अतः उपर्युक्त आधार कारणहरूबाट राजिया खातुनको उपचारमा लापरवाहीको अवस्था देखिँदादेखिँदै सो निर्णय उल्टी गरी क्षतिपूर्ति पाउँ भन्ने दाबी नपुग्ने ठहर्‍याएको पुनरावेदन अदालत बुटवलको मिति २०६६/०३/०८ को फैसला मिलेको नदेखिँदा उल्टी भई पृथ्वीचन्द्र अस्पतालबाट निवेदक नेसार अहमद मियाँले रू.४५,०००।- क्षतिपूर्तिबापत पाउने ठहर्‍याएको जिल्ला क्षतिपूर्ति समिति नवलपरासीको मिति २०६५/०३/२२ को निर्णय मनासिब ठहर्छ । क्षतिपूर्ति रकम कम भयो, रू.१२,१९,६००।- क्षतिपूर्ति पाउनुपर्ने भन्ने उजुरकर्ताको दाबीको सन्दर्भमा उपचार एउटै अस्पतालबाट नभई विभिन्न अस्पतालबाट भएको देखिएको, विभिन्न अस्पतालबाट हुन गएको लापरवाहीको मात्रा यकिन हुन सक्ने अवस्थासमेत नहुँदा र अन्य अस्पतालउपर उजुरकर्ताको उजुरीसमेत नहुँदा मागबमोजिम क्षतिपूर्ति भराइनुपर्ने भन्ने नेसार अहमद मियाँको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरूमा तपसिलबमोजिम गर्नू।

तपसिल

माथि इन्साफ खण्डमा लेखिएबमोजिम पुनरावेदन अदालत बुटवलबाट भएको फैसला उल्टी हुने ठहरेकोले पीडित पक्ष निवेदक नेसार अहमद मियाँलाई क्षतिपूर्तिबापत भराई पाउने ठहरेको रू.४५,०००।- (पैंतालिस हजार) दिलाई भराइदिनु भनी क्षतिपूर्ति समिति नवलपरासीलाई लेखी पठाइदिनू -----१

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनू ------२

उक्त रायमा सहमत छु।

न्या. सपना प्रधान मल्ल

इजलास अधिकृत: लोकबहादुर हमाल

इति संवत् २०७४ साल कार्तिक २६ गते रोज १ शुभम्।

निर्णय नं. १००६२

सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.

माननीय न्यायाधीश श्री पुरूषोत्तम भण्डारी

फैसला मिति : २०७४।११।६

०७४-CR-००५०

मुद्दाः- सामूहिक जबरजस्ती करणी

पुनरावेदक/प्रतिवादी : कञ्चनपुर जिल्ला बाईसीविचवा गा.वि.स. वडा नं. .... घर भई हाल कारागार कार्यालय कञ्चनपुरमा कैदमा रहेको तिर्थलाल राना

विरूद्ध

प्रत्यर्थी / वादी : नाम परिवर्तित शिवाको जाहेरीले नेपाल सरकार

- **सामूहिक क्रियाबाट भएको जबरजस्ती करणी जस्तो कसुरमा पीडित र प्रतिवादीहरूले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष साथै अदालतमा गरेको कागज र बयान, प्रतिवादीहरूले एक अर्कामा गरेको पोल र वादी पक्षका साक्षीहरूसमेतले अदालतमा वारदातको तथ्य र त्यसमा प्रतिवादीहरूको संलग्नताको सम्बन्धमा गरेको बकपत्रहरूबीच देखिने बढीभन्दा बढी सामञ्जस्यतामा तथ्य र सत्य पहिल्याएर नै कसुरदार ठहऱ्याउनु पर्ने।**
- **अझ सामूहिक जस्ता क्रिया सबै वारदात र कसुरमा प्रत्यक्ष, ठोस एवं भौतिक प्रमाणहरू नै हुन्छन् भन्न सकिने अवस्था हुँदैन । प्रतिवादीले आफूलाई कसुरबाट निर्दोष साबित गराउन भरमग्दुर प्रयास गरे पनि निजहरूलाई कसुरदार ठहऱ्याउने यी यस्ता प्रकृतिका प्रमाणहरू नै पर्याप्त आधार हुने।**

(प्रकरण नं.४)

पुनरावेदक / प्रतिवादीका तर्फबाट : विद्वान् वैतनिक अधिवक्ता श्री शोभा कार्की
प्रत्यर्थी / वादीका तर्फबाट :
अवलम्बित नजिर :
सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्ने:-
मा. जिल्ला न्या. श्री भोजराज अधिकारी
कञ्चनपुर जिल्ला अदालत
पुनरावेदन तहमा फैसला गर्नेः
माननीय न्यायाधीश श्री यज्ञप्रसाद बस्याल
माननीय न्यायाधीश श्री विरेन्द्रकुमार कर्ण
उच्च अदालत दिपायल

फैसला

न्या. तेजबहादुर के.सी.: न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१)(ख) बमोजिम यस अदालतमा पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छः-

मिति २०७१।११।०३ गते भजौरा रानाको छोरा नन्दलाल रानाको विवाहमा मेरी छोरी वर्ष २० की नाम परिवर्तित कञ्चनपुर '७५जे' निम्ता मान्न गएकी थिइन् । उल्लिखित प्रतिवादीहरूले मेरी छोरीलाई विवाह घरबाट जबरजस्ती उठाई रामबहादुर तामाङको उखुबारीमा लगेर राजेश भन्ने गोविन्द रानासमेतका व्यक्तिहरूले जबरजस्ती करणी गरेकाले सो कुरा मेरी छोरीले सुमित्रा रानालाई सुनाएपछि बेहोस भइन् । सुमित्रा रानाले हामीलाई खबर गरेपछि बेहोस अवस्थामा फेला परिन् । तसर्थ मेरी छोरीलाई जबरजस्ती करणी गर्ने निज प्रतिवादीहरूलाई मुलुकी ऐन जबरजस्ती करणीको महलबमोजिम कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको परिवर्तित नाम शिवको जाहेरी दरखास्त।

मिति २०७१ फाल्गुन ३ गते राति गाउँमा भएको विवाहमा बाजा बजाउन आएका बाईसीविचवा गा.वि.स वडा नं. ५ बस्ने राजेश भन्ने गोविन्द राना नाम भन्नेलगायतका ६ जनाले गाउँकै उखुबारी तथा गहुँबारीमा लगी जबरजस्ती सामूहिक बलात्कार गरेकाले कानूनी कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको जाहेरवाला नाम परिवर्तित शिवको ठाडो उजुरी।

मिति २०७१।११।०३ गतेका दिन म आफ्नो घर जिल्ला कञ्चनपुर पु.न.पा. १० उदरीबाट आफ्नै गाउँमा विवाहमा गएको अवस्थामा उक्त विवाहमा केटा पक्षबाट जन्तीमा आएको जिल्ला कैलाली ध.न.पा. अन्तर्गत धनगढी गाउँ बस्ने राजेश भन्ने गोविन्द रानाले मलाई विवाह जन्तीमा भएको अवस्थामा बोलाउँदा मैले एक दुई महिना फोनमार्फत निजलाई चिनेकीमा

निजको साथमा जाँदा निजलगायत निजको साथमा भएका ५/६ जनाको समूहले मलाई जबरजस्ती समाती रून कराउन नदिई नजिकै रहेको उखुबारीमा लगी हात मुख च्यापी पालैपालो सामूहिक रूपमा जबरजस्ती करणी गरी भागी गएका र सोपश्चात् म उक्त स्थानबाट सकी नसकी घरमा पुगी आफन्तलाई जानकारी गराई तत्काल उपचारको लागि सेती अञ्चल अस्पताल धनगढीमा आई उपचार गराई रहेकीले मेरो शारीरिक चेक जाँच गराई पाउँ भन्ने बेहोराको पीडित कञ्चनपुर '७५जे' ले जिल्ला प्रहरी कार्यालय कैलालीमा दिएको ठाडो उजुरी।

जिल्ला कञ्चनपुर पुनर्वास नगरपालिका वडा नं ५ स्थित पूर्वमा उद्रि गाउँबाट परासन गाउँतर्फ जाने बाटो, पश्चिममा राष्ट्रिय आवास कम्पनी जाने कच्ची बाटो, उत्तरमा लालमाया तामाङको गहुँ खेत, दक्षिणमा गौरी तामाङको गहुँ खेत यति चार किल्लाभित्र रहेको रामबहादुर तामाङको उखुबारी, सो उखुबारीको उत्तरतर्फ लालमाया तामाङ र रामबहादुर तामाङको खेत जोड्ने मेड रहेको, सोही उखुबारीको पूर्व उत्तरको कुनादेखि अन्दाजी २५ मिटर पश्चिमतर्फ सो उखुबारीको आलीदेखि करिब २ मिटर दक्षिणतर्फ प्रतिवादीहरू राजेश भन्ने गोविन्द रानालगायतका व्यक्तिहरूले पीडित नाम परिवर्तित कञ्चनपुर '७५जे' लाई जबरजस्ती करणी गरेको, घटनास्थलमा यत्रतत्र उखुहरू माडिएको भन्नेसमेत बेहोराको घटनास्थल मुचुल्का।

मिति २०७१।११।३ गते राति म जिल्ला कञ्चनपुर पुनर्वास नगरपालिका वडा नं १० उद्रि गाउँ स्थित भजौरा रानाको घरमा थिएँ। मलगायत मेरै गाउँका केटाहरू गोविन्द राना, अनिल राना, राम किशन राना, तिर्थलाल राना, श्यामलाल राना, चन्नु राना, तौला राना र कन्हैया राना गरी जम्मा नौ जनाको टोली भाडामा ब्यान्ड बाजा बजाउन आएका थियौं। उल्लिखित ६ जना प्रतिवादीहरू गोविन्द राना, तिर्थलाल राना, राम किशन राना, चन्नु राना, श्यामलाल राना र अनिल रानालाई म राम्ररी चिन्दछु। सो राति अन्दाजी नौ साढे नौ बजेसम्म हामीले सँगै ब्यान्ड बाजा बजाएका थियौं। त्यसपछि प्रतिवादीहरू गोविन्द रानालगायतका ६ जना नाम थाहा नभएको विवाह घरको पछाडिको घरमा रक्सी र कुखुराको मासु खाई गीत बजेको ठाउँमा नाच हेर्दै थिए। म रक्सी मासु नखाने हुनाले खाना खाई विवाह घर नजिकैको घरमा सुत्ने व्यवस्था मिलाएकाले त्यहीँ सुत्न गएँ। साथीहरू मध्येकै तौला राना र कन्हैया राना पनि सँगसँगै आफन्तको घरमा सुत्न गए। राति समय यकिन भएन बिहानपखको समय थियो। मैले एक जना केटीलाई जबरजस्ती करणी गरेँ, त्यहाँ लफडा भयो, कसैले मलाई खोजेमा मेरो नाम राजेश राना र घर धनगढी हो भनी भनिदिनु भनी प्रतिवादी गोविन्द रानाले मलाई फोनबाट जानकारी गराए। म निन्द्राको सुरमा भएकाले वास्ता नगरी सुतिहालेँ। भोलिपल्ट सोही गाउँका मानिसहरू बिहान राजेश राना ब्यान्ड बाजा बजाउने केटा खोई भनी खोजी गर्दै मलाई उठाए। मैले निज व्यक्तिको नाम राजेश राना होइन गोविन्द राना हो भनी सबैलाई बताए। निज गोविन्द रानाले राति टेलिफोनमा भनेको कुरासमेत सबैलाई बताएँ। अन्य प्रतिवादीहरू को कता गए रातिभरी थाहा भएन। बिहानपख गोविन्द रानाबाहेक अन्य पाँच जना सुतिरहेको कुरा थाहा पाएँ। पछि निज प्रतिवादीहरू गोविन्द राना, अनिल राना, राम किसन राना, तिर्थ लाल राना, श्याम लाल राना र चन्नु रानाले नाम परिवर्तित कञ्चनपुर '७५जे' लाई गाउँ नजिकैको जिल्ला कञ्चनपुर पुनर्वास नगरपालिका वडा नं. ५ मा पर्ने राम बहादुर तामाङको उखुबारीमा लगी जबरजस्ती करणी गरेको सुनेँ। प्रतिवादी गोविन्द राना भन्ने सोही फाल्गुन ३ गते राति नै फरार थिए। जाहेरवाला तथा प्रतिवादीहरूबीच कुनै प्रकारको रिसइवी पूर्वाग्रह थिएन भन्ने सन्धु रानाको घटना विवरण कागज।

मिति २०७१ साल फाल्गुन ४ गते बिहान अन्दाजी ५ बजेको समयमा म आफ्नै घरमा थिएँ । जाहेरवाला नाम परिवर्तित शिव तथा पीडित नाम परिवर्तित कञ्चनपुर '७५जे' लाई म राम्ररी चिन्दछु । प्रतिवादीहरू राजेश भन्ने गोविन्द रानालगायतका व्यक्तिहरूलाई म चिन्दिन । सो बिहान अन्दाजी ५ बजेको समयमा पीडित नाम परिवर्तित कञ्चनपुर '७५जे' मेरो घरमा आई सुमित्रा भनी बोलाइन् । मैले ढोका खोली हेर्दा निजलाई ढोकामा बसिरहेको देखेँ । निजले मलाई एक्कासी म बर्बाद भएँ भनिन् । मैले के भयो भनी सोध्दा निजले हाम्रै गाउँमा भजोरा रानाको छोरोको बिहेका ब्यान्ड बाजा बजाउन आएका केटाहरू मध्ये राजेश रानालगायतका ६ जनाले आफूलाई बिहेघर नजिकैको उखुबारीमा लगी हात, मुख, खुट्टा, आँखा छोपी जबरजस्ती करणी गरेको कुरा भनिन् र आफू बेहोस भइन् । त्यसपछि ब्यान्ड बाजा बजाउन आएका केटाहरूको खोजी गर्दा उनीहरू राति नै बिहे छोडी फरार भएको निजको वास्तविक नाम गोविन्द राना र वतन जिल्ला कञ्चनपुर बाईसिबिचवा गा.वि.स वडा नं. ५ विकासवस्ती भएको थाहा पाएँ। साथै प्रतिवादी राजेश भन्ने गोविन्द रानाले अन्य प्रतिवादीमध्ये तिर्थलाल रानाको मोबाइलमा फोन गरी प्रतिवादी राम किशन राना, अनिल राना, श्यामलाल राना र चन्नु रानालगायतका व्यक्तिहरूलाई घटनास्थलमा बोलाई हात, मुख, आँखा, खुट्टा थुनी जबरजस्ती करणी गरेको कुरा सुनी थाहा पाएको हुँ भन्नेसमेत बेहोराको सुमित्रा रानाको घटना विवरण कागज।

मिति २०७१।११।०४ गते बिहान अन्दाजी ५ बजेको समयमा म गाउँमा थिएँ । जाहेरवाला मेरो बुबा हुन् । प्रतिवादीहरू मध्ये राजेश भन्ने गोविन्द रानालाई म राम्ररी चिन्दछु। उनी मेरो साथी हुन्। अन्य प्रतिवादीहरू अनिल राना, राम किसन राना, तिर्थलाल राना, श्यामलाल राना र चन्नु रानालाई देखेका बखत चिन्छु । करिब डेढ महिना अगाडि प्रतिवादी राजेश भन्ने गोविन्द रानासँग टेलिफोनमार्फत चिनजान भएको थियो । हामीले यस घटनापूर्व गाउँमै दुई पटक भेटेका थियौं। उनी मेरै गाउँमा मलाई भेट्न आएका थिए। उनले मलाई ९८१४६१२७९६ नम्बरको फोनबाट फोन गर्थे । मिति २०७१।११।०३ गते बेलुका मेरै गाउँको भजौरा रानाको छोरा नन्दलाल रानाको बिहे थियो । म पनि विवाहमा गएकी थिएँ। मैले ९८०५७६४४८८ नम्बरको मोबाइल फोन प्रयोग गरेकी थिएँ । निज प्रतिवादी राजेश भन्ने गोविन्द रानाले मसँग चिनजान हुँदाका बखतदेखि नै आफ्नो नाम राजेश राना र घर धनगढी भनेका थिए । सो विवाहमा निज प्रतिवादी राजेश भन्ने गोविन्द राना पनि आफ्नो ब्यान्ड बाजा टोलीमा बाजा बजाउन भनी आएका थिए । विवाह घरमा नाचगान रमाइलो गरिरहेका बखत निज प्रतिवादी राजेश भन्ने गोविन्द रानाले मलाई पटकपटक फोन गरी भेट्न आउ भनी अनुरोध गर्दै थिए तर मैले मानेकी थिइनँ । निकै जिद्धी गर्न थालेपछि म विवाह घरको नजिकैको बाटोमा भेट्न गएकी थिएँ। निज प्रतिवादी गोविन्द रानाले तिमी अलि अगाडि जाउ म आउँछु भने र म बाटैबाटो अलि अगाडि गएँ। बाटोमा भेटघाट भयो। हामीहरू कुरा गर्दै थियौं। त्यसपछि निज गोविन्द रानाले बाटोमा मान्छे आउँछन् उखुबारीतर्फ जाउँ भनी हात तानेर लगे । उल्लिखित उखुबारी जिल्ला कञ्चनपुर पुनर्वास नगरपालिका ५ बस्ने रामबहादुर तामाङको हो । सोही समयमा हामी उखुबारी र गहुँ खेतको मेडमा बसी कुराकानी गर्दै थियौं। सो समयमा दुई जना अपरिचित व्यक्तिहरू आई मुखमा टर्च लगाए मान्छे चिन्न सकिएन। उनीहरू त्यहाँबाट केही नबोली फर्किए। मैले प्रतिवादी राजेश भन्ने गोविन्द रानालाई को हुन् ? अब जाउँ भन्दा निजले मेरै ब्यान्ड बाजा बजाउने साथीहरू हुन्, केही फरक पर्दैन तिमी मलाई पाँच मिनेट पनि समय दिन सक्दैनौ भन्ने कुरा गर्न थाले । हामी दुई जना कुराकानी गरिरहेका थियौं ।

एक्कासी पाँच जना केटाहरू आए। सबैले मुखमा मास्क तथा रूमाल बाँधी मुख छोपेका थिए। म डराएर को हुन् राजेश भनी सोध्दा मेरै साथीहरू हुन् केही फरक पर्दैन भनी निज राजेश भन्ने गोविन्द रानाले भने। एक्कासी निज पाँच जना आई च्याप्प मेरो मुख थुने। निज गोविन्द राना केही पनि बोलेनन्। निज पाँच जना नचिनेका व्यक्तिहरूले त्यसपछि कपडाले आँखा तथा मुख थुने। कसैले हात, खुट्टा तथा कसैले कपाल समाते। निज गोविन्द रानाले जबरजस्ती करणी गरे। त्यसपछि पाँचै जनाले मलाई जबरजस्ती करणी गरे। मलाई निकै पीडा भइरहेको थियो। म अचेत भए। त्यसपछि उल्लिखित राजेश भन्ने गोविन्द रानालगायतका ६ जना कता गए थाहा भएन। त्यही ६ जनामध्येका एक जना साली भन्दै थिए। निजलाई मैले चिनेकी छैन। त्यसपछि निज अपरिचित साली भन्ने व्यक्ति भो अब धेरै मान्छे आउँछन् भनी लतार्दै उखुबारीभित्र लगी छोडी दिए। सो समयमा राति अन्दाजी दुई बजेको थियो होला। त्यसपछि म बेहोस भई उखुबारीमा नै लडी रहेँ। बिहान अन्दाजी पाँच बजेतिर अलि होस आयो। घटनास्थल नजिकै सुमित्रा रानाको घर थियो। निजको घरमा गई निजलाई घटनाबारे जानकारी गराएकी हुँ। निज प्रतिवादी राजेश भन्ने गोविन्द रानासहित नौ जनाको समूहमा सो विवाहमा ब्यान्ड बाजा बजाउन आएको कुरा सुनेँ। जसमध्येका सन्धु राना, तौला राना र कन्हैया राना तीन जना समयमै खाना खाई आफन्त कहाँ गई सुतेको कुरा गाउँमा सुनेँ। अन्य छ जनामध्ये राजेश राना भन्ने गोविन्द राना राति नै फरार भएको र अन्य पाँच जनाको नाम अनिल राना, श्यामलाल राना, राम किसन राना, तीर्थलाल राना र चन्नु राना भएकोसमेत सुनी थाहा पाएकी हुँ। मलाई जबरजस्ती करणी गर्नुपूर्व प्रतिवादी राजेश भन्ने गोविन्द रानालाई मैले को हुन् भनी सोध्दा मेरै साथी हुन् केही फरक पर्दैन भनेका पाँच जना व्यक्तिहरू अनिल राना, श्यामलाल राना, रामकिशन राना, तिर्थलाल राना र चन्नु राना नै हुनुपर्दछ। मुखमा मास्क तथा रूमाल बाँधेको र रातिको समय भएकाले हुलिया यकिन भएन अनुहार हेर्न पाइएन। उल्लिखित राजेश भन्ने गोविन्द रानालगायतका ६ जनाले मलाई जबरजस्ती करणी गरेका हुन् भन्ने पीडित नाम परिवर्तित कञ्चनपुर '७५जे' कुमारीको घटना विवरण कागज।

पीडितलाई प्रतिवादी गोविन्द रानासमेतका ६ जनाले पीडितको मुख थुनी सामूहिक रूपमा जबरजस्ती करणी गरेको कुरा सुनी थाहा पाएका हौं भन्नेसमेत बेहोराको भजौरा राना, नन्दुदेवी राना, जानकी राना, तौला राना र कन्हैया रानासमेतको करिब एकै मिलानको घटना विवरण कागज।

घटनास्थलमा फेला परेको लेडिज कट्टु मेरै हो भन्नेसमेत बेहोराको पीडितको सनाखत कागज।

साथी तिर्थलाल रानालाई गोविन्द रानाले फोन गरेकोले हामीहरू ५ जना अनिल राना, तिर्थलाल राना, श्यामलाल राना, चन्नु राना, म गोविन्द राना भएको ठाउँतर्फ गयौं त्यहाँ १ जना केटी पनि थिइन् त्यो बेला अन्दाजी राति २ बजेको थियो। त्यो केटीलाई मैले चिनेको थिइनँ भन्नेसमेत बेहोराको प्रतिवादी राम किशन रानाको बयान।

मैले पीडितलाई यौन सम्पर्कको लागि प्रस्ताव राखेँ पीडितले नाई भन्दाभन्दै मैले कञ्चनपुर '७५जे' ले लगाएको पेन्टी खोली जबरजस्ती यौन सम्पर्क गर्दै थिएँ। त्यत्तिकैमा ५।६ जना केटा आई निज पीडितलाई कोहीले हात मुख थुनी जबरजस्ती करणी गर्न थाले। म त्यत्तिकैमा त्यहाँबाट भागी फरार भएको हुँ भन्नेसमेत बेहोराको प्रतिवादी गोविन्द रानाको बयान।

घटनास्थलमा वारदातको रात गएका हौं। हामीले पीडितलाई जबरजस्ती करणी गरेनौं भन्नेसमेत बेहोराको करिब एकै मिलानको प्रतिवादीहरू चन्नु राना, अनिल राना, तिर्थलाल राना र श्यामलाल रानासमेतको बयान।

पीडित नाम परिवर्तन कञ्चनपुर '७५जे'

को योनिको भागमा Vaginal tear in 7 o'clock position, 2 mm size swollen and bleeding present भन्नेसमेत बेहोराको पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन।

प्रतिवादीहरू गोविन्द राना, चन्नु राना, अनिल राना, तिर्थलाल राना, श्यामलाल राना र राम किशन रानासमेतले मलाई मिति २०७१।११।०४ गते बिहान अन्दाजी ०२.०० बजेको समयमा पालैपालो जबरजस्ती करणी गरेका हुन् निजहरूलाई चिनैँ सनाखत गरिदिएँ भन्नेसमेत बेहोराको पीडित कञ्चनपुर '७५जे' को सनाखत कागज।

प्रतिवादी राजेश भन्ने गोविन्द रानाले आफ्नो मोबाइल नम्बर ९८१४६१२७९६ बाट पीडित नाम परिवर्तित कञ्चनपुर जे लाई फोन नम्बर ९८०५७६४४८८ मा फोन गरी बोलाएको, सोही नम्बरबाट प्रतिवादी तिर्थलाल रानासमेतलाई फोन नम्बर ९८०४६५१२२१ मा फोन गरी बोलाएको र आफ्नो साथी सन्धु रानालाई सोही नम्बरबाट ९८००६६९५०७ मा फोन गरी नाम राजेश राना घर धनगढी भनी दिनु भन्ने खुल्न आएको कल डिटेल विवरण।

प्रतिवादीहरू राजेश भन्ने गोविन्द रानाले आफ्नो साथी तिर्थलाल रानालाई फोन गरी घटनास्थलमा आफूले नाम परिवर्तित कञ्चनपुर '७५जे' लाई बोलाएको र तिर्थलाल रानालगायत अनिल राना, रामकिसन राना, श्यामलाल राना र चन्नु राना गई बिहे घरनजिकैको उखुबारीमा निज नाम परिवर्तित कञ्चनपुर '७५जे' लाई जबरजस्ती करणी गरेको कुरा सुनी थाहा पाएका हौं भन्ने वस्तुस्थितिका मानिसहरू मुन्ना राना, मोली राना र राम अवतार रानाले करिब एकै मिलान हुने गरी लेखाई दिएको वस्तुस्थिति मुचुल्का।

मिसिल संलग्न तथ्य र प्रमाणहरूबाट जिल्ला कञ्चनपुर पुनर्वास नगरपालिका वडा नं. ५ स्थित रामबहादुर तामाङको उखुबारीमा लगी मिति २०७१।११।४ गते बिहान अं. ०२:०० बजेको समयमा प्रतिवादीहरू राजेश भन्ने गोविन्द राना, राम किसन राना, चन्नु राना, अनिल राना, तिर्थलाल राना र श्यामलाल रानासमेतले जाहेरवालाको छोरी वर्ष १७ की पीडित परिवर्तित नाम कञ्चनपुर '७५जे' लाई मुख, आँखा थुनी हात खुट्टा समाई निज प्रतिवादीहरूले सामूहिक रूपमा पालैपालो जबरजस्ती करणी गरेको सप्रमाण पुष्टि भएकोले प्रतिवादीहरूको उक्त कार्य मुलुकी ऐन, जबरजस्ती करणी महलको १ नम्बर, ३क. नम्बरको कसुर अपराधमा प्रतिवादीहरू राजेश भन्ने गोविन्द राना, रामकिसन राना, चन्नु राना, अनिल राना, तिर्थलाल राना र श्यामलाल रानासमेतलाई सोही महलको ३(४) नं. बमोजिम सजाय गरी निज प्रतिवादीलाई सोही महलको ३क. नम्बरबमोजिम थप सजाय हुनका साथै सोही महलको १० नं. बमोजिम प्रतिवादीहरूबाट पीडित कञ्चनपुर '७५जे' लाई मनासिब क्षतिपूर्ति दिलाई भराई दिनु हुनसमेतको मागदाबीसहितको अभियोगपत्र।

उक्त नाम परिवर्तन कञ्चनपुर ७५ सँग मेरो २।३ महिनादेखि फोन सम्पर्क भई प्रेम सम्बन्ध थियो। उक्त दिन विवाहको समयमा पनि निज पीडितसँग मेरो भेटघाट भएको थियो। त्यसपछि राति मैले निज पीडितलाई फोन सम्पर्क गरी विवाह घरको पछाडिको घरमा बोलाएको थिएँ। त्यहाँ बोलाएर अलिकति कुराकानी गरेको थिएँ। त्यसपछि त्यहाँ बाटोमा मान्छेहरू यताउता गइरहेका थिए। निज पीडितले यहाँ मान्छेहरू देख्छन् यहाँ नबसौं उखुबारीतिर गएर कुराकानी गरौँ भनी मलाई हात समातेर उखुबारीतिर लगेकी हो। त्यहाँ १०।१५ मिनेट जति कुराकानी गरेका थियौं। त्यसपछि त्यहाँ दुईजना अपरिचित व्यक्तिहरू आए। यिनी को हुन् भनी सोध्दा पीडितले मेरो गाउँले चिनेका हुन् भनिन् त्यसको केहीबेरपछि फेरी चारजना अपरिचित व्यक्तिहरू मुखमा मास्क लगाई आएका

थिए। निजहरूले मलाई कुटपिट गरेका हुन्। म त्यहाँबाट भागी आफ्नो साथीहरूलाई फोन गरी बोलाएको थिए। मेरो साथीहरू आई मलाई सम्झाई बुझाई गरी हामीहरू त्यहाँबाट गएका हौं। हामीहरू कसैले पनि पीडितलाई जबरजस्ती करणी गरेका होइनौं। गरे पनि निजै अपरिचित मास्क लगाएका केटाहरूले गरे होलान्। मलाई थाहा छैन। साथीहरूको पीडितसँग भेट भएन भन्नेसमेत बेहोराको प्रतिवादी राजेश भन्ने गोविन्द रानाले सुरू अदालतमा गरेको बयान।

मिति २०७१।११।३गते विवाहको जन्तीमा म, सन्धु राना, तौला राना, गोविन्द राना, अनिल राना, चन्नु राना र तिर्थलाल रानाले ब्याण्ड बजाउने काम गरेका थियौं। हामी त्यहाँबाट खानपिन गरी गोविन्द राना त्यहीँ बस्यो। बाँकी हामीहरू नाचगान गर्न गयौं। एकछिनपछि गोविन्द रानाले तिर्थलाल रानाको मोबाइलमा आफूलाई कुटपिट गरेकाले आउनु भन्ने खबर पाई हामी अनिल राना, तिर्थलाल राना, श्यामलाल राना, चन्नु राना र मसमेत उखुबारी नजिकको बाटोमा जाँदा त्यहाँ गोविन्दलाई भेटेका थियौं। त्यतिबेला गोविन्द एक्लै त्यहाँ थियो। केटीलाई देखेनौं, त्यसपछि प्रतिवादी गोविन्द रानालाई सम्झाई बुझाई हामीहरू सुत्न गएका हौं। मैले पीडितलाई देखेको पनि छैन। जबरजस्ती करणी गरेको छैन। प्रतिवादी गोविन्द रानाले जबरजस्ती करणी गर्‍यो गरेन मलाई थाहा छैन भन्नेसमेत बेहोराको प्रतिवादी रामकिसन रानाले सुरू अदालतमा गरेको बयान।

मिति २०७१।११।३ गते विवाहको जन्तीमा म, गोविन्द राना, अनिल राना, तिर्थलाल राना श्यामलाल रानासमेतका व्यक्तिहरूले ब्याण्ड बजाउने काम गरेका थियौं। हामी त्यहाँबाट खानपिन गरी गोविन्द राना त्यहीँ बस्यो। बाँकी हामीहरू पाँच जना नाचगान गर्न गयौं। एकछिनपछि गोविन्द रानाले तिर्थलालको मोबाइलमा आफूलाई कुटपिट गरेकाले आउनु भन्ने खबर पाई हामी अनिल राना, तिर्थलाल राना, श्यामलाल राना र मसमेत उखुबारी नजिकको बाटोमा जाँदा त्यहाँ गोविन्दलाई भेटेका थियौँ। त्यतिबेला गोविन्द एक्लै त्यहाँ थियो। त्यहाँ केटीलाई देखेनौं। हामीहरू उखुबारीमा गएनौं। त्यहाँ पीडितलाई पनि देखेनौं। अन्य कुनै व्यक्तिलाई पनि देखेनौं। त्यसपछि प्रतिवादी गोविन्द रानालाई सम्झाई बुझाई हामीहरू सुत्न गएका हौं। पीडितलाई मैले जबरजस्ती करणी गरेको छैन। प्रतिवादी गोविन्द रानाले जबरजस्ती करणी गर्‍यो गरेन मलाई थाहा छैन भन्नेसमेत बेहोराको प्रतिवादी चन्नु रानाले सुरू अदालतमा गरेको बयान।

मिति २०७१।११।३ गते विवाहको जन्तीमा म, गोविन्द राना, अनिल राना, श्यामलाल राना, चन्नु रानासमेतका व्यक्तिहरूले विवाहमा बाजा बजाउने काम गरेका थियौं। हामी त्यहाँबाट खानपिन गरी गोविन्द राना त्यही बस्यो। बाँकी हामीहरू पाँच जना नाचगान गर्न गयौँ। एकछिनपछि गोविन्द रानाले मेरो मोबाइलमा फोन गरी केटाहरू आफूलाई कुटपिट गरेकाले आउनु साथीलाई पनि खबर गर्नु भन्ने खबर पाई मलगायत अनिल राना, श्यामलाल राना, चन्नु राना, राम किसन राना उखुबारीनजिकको बाटोमा जाँदा त्यहाँ गोविन्दलाई भेटेका थियौं। त्यतिबेला गोविन्द एक्लै त्यहाँ थियो। त्यहाँ केटीलाई देखेनौं। हामीहरू उखुबारीमा गएनौं। त्यहाँ पीडितलाई पनि देखेनौं। अन्य कुनै व्यक्तिलाई पनि देखेनौं। त्यसपछि प्रतिवादी गोविन्द रानालाई सम्झाई बुझाई हामीहरू सुत्न गएका हौँ। पीडितलाई मैले जबरजस्ती करणी गरेको छैन। प्रतिवादी गोविन्द रानाले जबरजस्ती करणी गर्‍यो गरेन मलाई थाहा छैन भन्नेसमेत बेहोराको प्रतिवादी तिर्थलाल रानाले सुरू अदालतमा गरेको बयान।

मिति २०७१।११।३ गते विवाहको जन्तीमा म, गोविन्द राना, श्यामलाल राना, चन्नु राना, रामकिशन रानासमेतका व्यक्तिहरूले विवाहमा बाजा बजाउने काम गरेका थियौं। हामी त्यहाँबाट खानपिन गरी प्रतिवादी गोविन्द राना त्यहीँ थियो। बाँकी

हामीहरू पाँच जना नाचगान गर्न गयौं । एकछिनपछि गोविन्द रानाले प्रतिवादी तिर्थलाल रानाको मोबाइलमा फोन गरी केटाहरू आफूलाई कुटपिट गरेकाले आउनु साथीलाई पनि खबर गर्नु भन्ने खबर पाई मलगायत राम किशन राना, श्यामलाल राना, चन्नु राना, तिर्थलाल राना उखुबारीनजिकको बाटोमा जाँदा त्यहाँ गोविन्दलाई भेटेका थियौं । त्यतिबेला गोविन्द एक्लै त्यहाँ थियो । त्यहाँ केटीलाई देखेनौं । हामीहरू उखुबारीमा गएनौं । त्यहाँ पीडितलाई पनि देखेनौं । त्यसपछि प्रतिवादी गोविन्द रानालाई सम्झाई बुझाई हामीहरू सुत्न गएका हौं । पीडितलाई मलगायत अन्य प्रतिवादीहरूले जबरजस्ती करणी गरेको छैनौं । प्रतिवादी गोविन्द रानाले जबरजस्ती करणी गऱ्यो गरेन मलाई थाहा छैन भन्नेसमेत बेहोराको प्रतिवादी अनिल रानाले सुरू अदालतमा गरेको बयान ।

मिति २०७१।११।३ गते विवाहको जन्तीमा म, गोविन्द राना, चन्नु राना, राम किसन राना, अनिल रानासमेतका व्यक्तिहरूले विवाहमा बाजा बजाउने काम गरेका थियौं । हामी त्यहाँबाट खानपिन गरी प्रतिवादी गोविन्द राना त्यहीँ थियो । बाँकी हामीहरू पाँच जना नाचगान गर्न गयौं । एकछिनपछि गोविन्द रानाले प्रतिवादी तिर्थलाल रानाको मोबाइलमा फोन गरी केटाहरू आफूलाई कुटपिट गरेकाले आउनु साथीलाई पनि खबर गर्नु भन्ने खबर पाई मलगायत राम किशन राना, अनिल राना, चन्नु राना, तिर्थलाल राना उखुबारी नजिकको बाटोमा जाँदा त्यहाँ गोविन्दलाई भेटेका थियौं । त्यतिबेला गोविन्द एक्लै त्यहाँ थियो । त्यहाँ केटीलाई देखेनौं । हामीहरू उखुबारीमा गएनौं । त्यहाँ पीडितलाई पनि देखेनौं । त्यसपछि प्रतिवादी गोविन्द रानालाई सम्झाई बुझाई हामीहरू सुत्न गएका हौं । पीडितलाई मलगायत अन्य प्रतिवादीहरूले जबरजस्ती करणी गरेको छैनौ । प्रतिवादी गोविन्द रानाले जबरजस्ती करणी गऱ्यो गरेन मलाई थाहा छैन भन्नेसमेत बेहोराको प्रतिवादी श्यामलाल रानाले सुरू अदालतमा गरेको बयान ।

यी प्रतिवादीले मौकामा बयान गर्दासमेत पीडितले नाईंनाईं भन्दा भने तापनि आफूले निजको पेन्टी खोली जबरजस्ती करणी गरेको स्वीकार गरी बयान गरेको देखिएकोलगायतका तत्काल प्राप्त प्रमाण कागजका आधारमा पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाललाई प्रतिवादी राजेश भन्ने गोविन्द रानालाई मुद्दा पुर्पक्षका लागि अ.ब. ११८ को देहाय २ बमोजिम थुनामा राख्न कारागार कार्यालय कञ्चनपुरमा पठाइदिनू । अर्का प्रतिवादीहरू रामकिशन राना, चुन्नु राना, तिर्थलाल राना, श्यामलाल राना र अनिल रानाको हकमा विचार गर्दा यी प्रतिवादीहरू समेतले पीडितलाई के-कसरी जबरजस्ती करणी गरे भन्ने कुरा जाहेरीमा स्पष्ट रूपमा खुलाउन सकेको नदेखिएको भए तापनि उक्त वारदातस्थलमा वारदात समयमा यी प्रतिवादीहरू समेत उपस्थित देखिएकोलगायतका तत्काल मिसिल संलग्न रहेका कागज प्रमाणहरूका आधारमा पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाल यी प्रतिवादीहरू रामकिशन राना, चुन्नु राना, अनिल राना, तिर्थलाल राना र श्यामलाल रानाबाट मुलुकी ऐन, अ.ब. ११८ को देहाय ५ र १० बमोजिम जनही रू.२०,०००/- (बीस हजार) नगद वा सो बराबर जेथा धरौट लिई दिए तारेखमा राख्नु, दिन नसके मुद्दा पुर्पक्षका लागि थुनामा राख्न कारागार कार्यालय कञ्चनपुरमा पठाई दिनु भन्नेसमेत बेहोराको सुरू अदालतबाट मिति २०७१।१२।२ मा भएको थुनछेक आदेश ।

प्रतिवादीहरू रामकिशन राना, चुन्नु राना, अनिल राना, तिर्थलाल राना र श्यामलाल रानालाई मुलुकी ऐन, अ.ब. ११८ को देहाय २ नं. बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नुपर्नेमा धरौटी तारेखमा छाडिदिने गरी त्यस अदालतबाट भएको मिति २०७१।१२।२ गतेको आदेश मिलेको नदेखिई बेरीतको देखिँदा उक्त आदेश बदर गरिदिएको छ । अब प्रतिवादीहरू रामकिशन राना, चुन्नु राना, अनिल

राना, तिर्थलाल राना तथा श्यामलाल रानालाई मुलुकी ऐन, अ.ब. ११८ नम्बरको देहाय २ नम्बरबमोजिम मुद्दा पुर्पक्षको लागि थुनामा राख्नु भन्नेसमेत बेहोराको मिति २०७२।१।१० गते उच्च अदालतबाट अ.ब. १७ नम्बरको निवेदनमा भएको आदेश।

म उक्त दिन हाम्रो गाउँको भजौरा रानाको कान्छो छोरा नन्दलालको बिहेमा गएको थिएँ। राजेश भन्ने गोविन्द रानाले घरको पछाडि बाटोमा बोलाएको थियो। म बाटोमा गएपछि गोविन्द रानाले मलाई ५ मिनेट समय पनि दिन नसक्ने केही अगाडि जाउँ भने अगाडि जाँदा उखुबारी आयो। हामी उखुबारीको मेडमा बसेर कुरा गर्दै थियौं। मलाई प्रतिवादी गोविन्दले मेरो लागि तिमी ५मिनेट पनि समय दिन सक्दैनौ भन्ने कुरा भयो। त्यसपछि दुइजना केटाहरू आए। एक जनाले टर्च लगाई फर्केर गयो। गोविन्दले ती केटाहरूसँग केही कुरा गरेन। आफू भागेर बाटोतर्फ जान लाग्यो। त्यसपछि तिनीहरू ग्रुप बनाएर आए। त्यसमा प्रतिवादी गोविन्द पनि थियो। गोविन्दलाई मैले त्यहाँ केटाहरू आउँदैछन्। म जान्नभन्दा केही पनि हुँदैन ति मेरै साथी हुन भन्यो त्यसपछि मलाई समातेर गन्नाबारीको नजिकै गहुँबारीमा लगी कसैले मुख कसैले आँखा बन्द गरी घाँटी हात खुट्टा च्यापी मेरो सुरुवालको भित्र पाइन्ट र त्यसभित्रको पेन्टी खोली मलाई भुइँमा पल्टाई मलाई ६ जनाले जबरजस्ती करणी गरेका हुन् भन्ने पीडित परिवर्तित नाम कञ्चनपुर '७५जे' ले सुरू अदालतमा गरेको बकपत्र।

मेरो बहिनी पीडितले ढोका ढक्ढक्याइ कराइ सुमित्रा सुमित्राभन्दा ढोका खोली के भयो भनी सोध्दा विवाहमा बाजा बजाउने केटाहरूले मलाई जबरजस्ती करणी गऱ्यो भनी भनेकाले त्यसपछि उपचारका लागि सेती अञ्चल अस्पताल धनगढी गएका हौं पीडितको योनिबाट रगत बगिरहेको थियो। पीडितलाई प्रतिवादी गोविन्द रानासमेतका व्यक्तिहरूले जबरजस्ती करणी गरेका हुन् भन्ने घटनाविवरण कागज गर्ने सुमित्रा रानाले सुरू अदालतमा गरेको बकपत्र।

तिर्थलाल राना एकदम निर्दोष छन् निज बाजा बजाउने ब्यान्डका मानिस हुन् निजले जबरजस्ती करणी गरेको छैन निजले सफाइ पाउनु पर्दछ भन्ने प्रतिवादी तिर्थलाल रानाका साक्षी विष्णु केसीले सुरू अदालतमा गरेको बकपत्र।

पीडित परिवर्तित नाम कञ्चनपुर ७५ लाई उक्त राति प्रतिवादी गोविन्द रानाले उखुबारीमा बोलाई निज गोविन्द राना र निजका साथी बाजा बजाउनेसमेतले सामूहिक जबरजस्ती करणी गरी छोरी पीडित बेहोस भएकी हो। निजलाई जबरजस्ती करणी गर्ने ६ जना व्यक्तिहरू यिनै प्रतिवादी हुन्। छोरी होसमा आएपछि सबै कुरा हामीलाई बताएको थियो भन्ने जाहेरवाला परिवर्तित नाम कञ्चनपुर शिवको सुरू अदालतमा गरेको बकपत्र।

उक्त दिन चुन्नु रानाको पीडितसँग भेटघाट भएको छैन प्रतिवादी चुन्नु राना घटनास्थलमा गएको छैन भन्ने प्रतिवादी चुन्नु रानाका साक्षी हरिचन्द्र रानाले सुरू अदालतमा गरेको बकपत्र।

रामकिसन राना राति ९।१० बजे खाना खाइसकेपछि आफ्नो दिदीको घरका सुत्न गएका थिए। प्रतिवादी रामकिसन रानाको घटनामा संलग्नता छैन भन्ने निज प्रतिवादीकै साक्षी बाबुराम रानाले सुरू अदालतमा गरेको बकपत्र।

रामकिसन रानाले उक्त दिन पीडितलाई देखेको पनि छैन भेटेको पनि छैन निजलाई चिन्दा पनि चिन्दैन निजको उक्त घटनामा संलग्नता पनि छैन भन्ने प्रतिवादी रामकिसन रानाका साक्षी रामरूप रानाले सुरू अदालतमा गरेको बकपत्र।

पीडितलाई बिहेमा बाजा बजाउने यी प्रतिवादीहरूले सामूहिक जबरजस्ती करणी गरेका हुन् भन्ने वस्तुस्थिति मुचुल्का गर्ने भोलि रानाले सुरू अदालतमा गरेको बकपत्र।

पीडितले बिहान राजेश भन्ने व्यक्तिले

जबरजस्ती करणी गरेको हो अरू को को हुन् चिनेकी छैन बाजा बजाउनेहरूले हो भनेकी थिइन् भन्ने वस्तुस्थिति मुचुल्का गर्ने मुन्ना रानाले सुरू अदालतमा गरेको बकपत्र।

गोविन्द राना र निज पीडितको प्रेम सम्बन्ध थियो । कहिलेदेखि सम्बन्ध थियो थाहा भएन । प्रतिवादी गोविन्द रानाले निजलाई जबरजस्ती करणी गरेको होइन निजलाई अरूले नै जबरजस्ती करणी गरेको होला भन्ने प्रतिवादी गोविन्द रानाका साक्षी रामकिसन रानाले गरेको बकपत्र।

अनिल राना उक्त राति घटनास्थलमा गएको पनि छैन पीडितलाई निजले भेटेको पनि छैन भन्ने अनिल रानाका साक्षी श्रावण रानाले सुरू अदालतमा गरेको बकपत्र।

पीडितलाई श्यामलाल रानाले उक्त दिन भेटेको पनि छैन निजलाई जबरजस्ती करणी गरेको पनि छैन भन्ने श्यामलाल रानाका साक्षी सिताराम रानाले सुरू अदालतमा गरेको बकपत्र।

जाहेरीको बेहोरा झुट्टाहो गोविन्द रानासमेतका यी प्रतिवादीहरूले पीडितलाई सामूहिक जबरजस्ती करणी गरेको होइन छैन भन्ने प्रतिवादी गोविन्द रानाका साक्षी सागर रानाले सुरू अदालतमा गरेको बकपत्र।

उक्त घटना गोविन्द रानासमेतका व्यक्तिहरूले गरेका हुन् उक्त कुरा सुमित्राबाट थाहा पाएको हुँ भन्ने वस्तुस्थिति मुचुल्का गर्ने राम अवतार रानाले सुरू अदालतमा गरेको बकपत्र।

पीडितको परीक्षण मसमेतको टोलीले गरेको हो पीडितको बाहिरी अंगमा केही चोट थिएन पीडितको योनिमा सानो घाउ देखापरेको थियो भन्ने पीडितको स्वास्थ्य परीक्षण गर्ने डा.सरोज चौधरी, रन्जन थपलिया, रूपेस कान्त मिश्रसमेतले सुरू अदालतमा छुट्टाछुट्टै गरेको बकपत्र।

मिसिल संलग्न प्रमाणहरूबाट प्रतिवादीहरूले २० वर्ष उमेरकी पीडित कञ्चनपुर '७५जे' लाई मुलुकी ऐन जबरजस्ती करणीको १ र ३क. नम्बरबमोजिमको कसुर गरेको प्रमाणित भएको हुँदा प्रतिवादीहरू राजेश भन्ने गोविन्द राना, रामकिशन राना, चन्नु राना, अनिल राना, तिर्थलाल राना र श्यामलाल रानालाई ऐ. ऐनको ३(५) नं. बमोजिम ६ (छ) वर्ष कैद हुने ठहर्छ। साथै प्रतिवादीहरू ६ जना मिली सामूहिक रूपमा जबरजस्ती करणी गरेको हुँदा ऐ. को ३क. नम्बर बमोजिम थप ५(पाँच) वर्ष कैद हुने ठहर्छ। पीडितले प्रतिवादीहरूबाट ऐ. ऐनको ऐ. महलको १० नम्बरबमोजिम जनही रू. ४०,०००।– (चालीस हजार) का दरले क्षतिपूर्ति भराइलिन पाउनेसमेत ठहर्छ भन्नेसमेत बेहोराको सुरू कञ्चनपुर जिल्ला अदालतको मिति २०७२।०३।२८ गतेको फैसला।

मैले पीडितलाई करणी तथा जबरजस्ती करणी गरेको मिसिल संलग्न कुनै पनि स्वतन्त्र प्रमाणहरूबाट पुष्ट्याईं नभएको, घटनास्थल भनिएको उखुबारीमा स्वयम् पीडितले मेरो हात समाती लगेको र पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा पीडितको योनिको वरिपरि तथा भित्री भागमा करणी गरेका लक्षण र संघर्षका चिह्नहरू नभएको उमेर २०/२१ वर्ष रहेको भनी खुलाएको र मेरो स्वास्थ्य परीक्षण प्रतिवेदनमा मेरो शरीरमा करणी गरेका कुनै लक्षण रहे भएको छैन भनी खुलाएको अवस्थामा म पुनरावेदकले पीडित भनिएकीलाई जबरजस्ती करणी गरेको भन्ने कुनै स्वतन्त्र वस्तुनिष्ठ आधार र प्रमाणबाट पुष्टि नभएको अवस्थामा मलाई सजाय गर्ने गरी भएको सुरू जिल्ला अदालतको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी अभियोग दाबीबाट सफाइ दिलाई पाउँ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादी राजेश भन्ने गोविन्द रानाको ०७२-CS-००८३ नम्बरको पुनरावेदनपत्र।

अनुसन्धान अधिकारीसमक्ष मैले आफू उक्त वारदातमा संलग्न नरहेको र मलाई प्रतिवादी गोविन्द रानाले फोन गरी बोलाएकोले निजले भनेको स्थानमा मसमेत मेरा साथीहरू गई त्यहाँ प्रतिवादी गोविन्द राना

मात्र रहेका र सो स्थानबाट निज गोविन्द रानालाई साथमा लिई आएको बेहोरालाई मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि भइरहेको अवस्थामा गैरकानूनी प्रक्रिया अवलम्बन गरी पीडित '७५जे' कुमारीले उल्लेख गरेबमोजिम पहिले आएका २ जनालाई नचिनेको र पछि आएका ५ जनाले मुखमा रूमाल र मास्क बाँधेको भन्ने कथनका आधारमा मसमेतको संलग्नता रहेको भनी अनुमान गरी दोषी ठहर गर्ने गरी सुरू अदालतबाट भएको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी अभियोग दाबीबाट सफाइ दिलाई पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी तिर्थलाल रानाको ०७२-CS-००९२ नम्बरको पुनरावेदनपत्र।

पीडितले लगाएको कट्टु र उखुको पातमा लागेको रगतजस्तो पदार्थ परीक्षणका लागि पठाइएकोमा परीक्षण प्रतिवेदन प्राप्त नहुँदै भएको सुरू फैसला प्रमाण मूल्याङ्कनको रोहमा फरक पर्न सक्ने देखिँदा मुलुकी ऐन अदालती बन्दोबस्तको २०२ नम्बर तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ को प्रयोजनार्थ प्रत्यर्थी झिकाई आएपछि वा अवधि नाघेपछि नियमानुसार पेस गर्नु भन्ने मिति २०७३।०२।२६ गतेको उच्च अदालतको आदेश।

पीडितलाई पुनरावेदक प्रतिवादीहरू राजेश भन्ने गोविन्द राना र तिर्थलाल रानासमेतका प्रतिवादीहरूले सामूहिक रूपमा जबरजस्ती करणी गरेकोले जबरजस्ती करणीको महलको १ नं. र ३क नं. को कसुरमा ३(४) बमोजिम ६ वर्ष कैद र ३क नं. बमोजिम ५ वर्ष थप कैद गरी जनही जम्मा ११ वर्ष कैद हुने गरी भएको कञ्चनपुर जिल्ला अदालतको मिति २०७२।०३।२८ को फैसला मनासिब देखिँदा सदर हुने ठहर्छ। पुनरावेदन प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्ने उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको मिति २०७३।१०।११ को फैसला।

उच्च अदालतले मलाई दोषी ठहर गर्दा लिएका आधार हेर्दा प्रतिवादीमध्येका गोविन्द रानाले मलाई फोन गरी बोलाएको आधारलाई ग्रहण गरे पनि त्यसले अपराध पुष्टि हुन सक्ने होइन। सो दिन पीडित र गोविन्दका बीचमा १९ पटक वार्ता भएको कल डिटेलबाट देखिन्छ। पीडितले प्रतिवादी गोविन्दलगायत थप ५ जनाले जबरजस्ती करणी गरेको र सोमध्येका १ जनाले मलाई साली भन्दै थिए । निजले राति २ बजेको समयमा उखुबारीभित्र छोडी गए भनी उल्लेख गरेको सन्दर्भबाट म उक्त घटनामा संलग्न नभएको पुष्टि हुन्छ तसर्थ अनुमानको भरमा मलाई दोषी करार गरेको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी सफाइपाउँ भन्नेसमेत बेहोराको प्रतिवादी तिर्थलाल रानाले यस अदालतमा गरेको पुनरावेदन पत्र।

प्रतिवादी गोविन्द रानाको म्यादभित्र यस अदालतमा पुनरावेदन परेको रेकर्डबाट नदेखिएको भन्ने सर्वोच्च अदालत पुनरावेदन दर्ता शाखाको मिति २०७४।०९।०९ को जवाफसहितको मिति २०७४।०८।२५ को पत्र।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजातहरूको अध्ययन गरी पुनरावेदन प्रतिवादीका तर्फबाट उपस्थित विद्वान् वैतनिक अधिवक्ता श्री शोभा कार्कीले पीडित उमेर पुगेकी २० वर्षकी महिला हुन्। निजले जाहेरीमा गोविन्द रानालाई मात्र चिनेको अन्य नचिनेका थप ५ जना व्यक्तिसमेत भई आफूलाई सामूहिक रूपमा जबरजस्ती करणी भएको भनेकी छन् । किटानी जाहेरी भनिए पनि नचिने नदेखेका व्यक्ति भनी उल्लिखित गरेको कारण सो किटानीले मान्यता पाउने अवस्था छैन । वारदात रातको समयमा उखुबारीमा भएको भनिएको र गोविन्दले आफूलाई कुटपिट गरेको भनी यी प्रतिवादी तिर्थलाल रानालाई फोन गरेको कारण तिर्थलाल राना वारदातमा संलग्न छैनन् भन्ने पुष्टि हुन्छ तसर्थ प्रत्यर्थी झिकाई पुनरावेदक प्रतिवादी तिर्थलाल रानाले अभियोग दाबीबाट सफाइ पाउनुपर्छ भनी गर्नुभएको बहससमेत

सुनी उच्च अदालत दिपायल महेन्द्रनगर इजलासको मिति २०७३।१०।११ को फैसला मिलेको छ, छैन ? पुनरावेदन प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

२. यसमा निर्णयतर्फ विचार गर्दा, जिल्ला कञ्चनपुर पुनर्वास नगरपालिका वडा नं.५ स्थित रामबहादुर तामाङको उखुबारीमा लगी मिति २०७१।११।०४ गते बिहान अं.०२:०० बजेको समयमा प्रतिवादीहरू राजेश भन्ने गोविन्द राना, रामकिशन राना, चन्नु राना, अनिल राना, तिर्थलाल राना र श्यामलाल रानासमेतले जाहेरवालाको छोरी पीडित परिवर्तित नाम कञ्चनपुर '७५जे' लाई मुख आँखा थुनी हातखुट्टा समाई निज प्रतिवादीहरूले सामूहिक रूपमा पालैपालो जबरजस्ती करणी गरेकोले प्रतिवादीहरूको उक्त कार्य मुलुकी ऐन, जबरजस्ती करणी महलको १ र ३ नं. विपरीतको कसुर अपराधमा प्रतिवादीहरूलाई सोही महलको ३(४) नं. बमोजिम सजाय गरी ऐ. ३क नं. बमोजिम थप सजाय र सोही महलको १० नं. बमोजिम प्रतिवादीहरूबाट पीडितलाई मनासिब क्षतिपूर्तिसमेत भराई पाउँ भनी वादी नेपाल सरकारले कञ्चनपुर जिल्ला अदालतमा अभियोगपत्र पेस गरेको देखिन्छ। सो अदालतले २० वर्ष उमेरको पीडित कञ्चनपुर '७५जे' लाई मुलुकी ऐन, जबरजस्ती करणीको १ र ३ नं. बमोजिमको कसुर अपराधमा प्रतिवादीहरू राजेश भन्ने गोविन्द राना, राम किशन राना, चन्नु राना, अनिल राना, तिर्थलाल राना र श्यामलाल रानालाई ऐ. ऐनको ३(५) नं. बमोजिम ६ वर्ष कैद र ६ जना मिली सामूहिक जबरजस्ती करणी गरेको हुँदा ऐ. ३क नं. बमोजिम थप ५ वर्ष कैद र पीडितले प्रतिवादीहरूबाट जनही ४०,०००।– क्षतिपूर्ति पाउने ठहर्‍याई फैसला गरेकोमा सो फैसलाउपर प्रतिवादीमध्येका राजेश भन्ने गोविन्द राना र तिर्थलाल रानाको उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासमा पुनरावेदन परेकोमा सो अदालतबाट सुरू इन्साफ नै सदर भई फैसला भएकोमा उक्त फैसलाउपर राजेश भन्ने गोविन्द रानाको पुनरावेदन नपरेको र तिर्थलाल रानाको मात्र यस अदालतमा पुनरावेदन पर्न आएको देखियो।

३. पुनरावेदक प्रतिवादी तिर्थलाल रानालाई प्रतिवादीमध्येकै गोविन्द रानाले फोन गरी कुटपिट भयो भनी बोलाएपश्चात् घटनास्थल पुगेको र सोपूर्व नै जबरजस्ती करणीको वारदात घटिसकेकोले सो वारदातमा आफ्नो संलग्नता नभएको भन्ने नै पुनरावेदकको मुख्य पुनरावेदन जिकिर रहेको देखिन्छ। यी प्रतिवादीउपरसमेत किटानी जाहेरी परी पीडितले सो जाहेरीअनुकूल हुने गरी मौकामा कागज गरेको र सोही बेहोरालाई समर्थन गरी अदालतमा समेत बकपत्र गरेको देखिन्छ । प्रतिवादी गोविन्द रानाको फोनपश्चात् अन्य साथीहरू लिई यी प्रतिवादी तिर्थलाल राना वारदातस्थलमा गएको तथ्य स्थापित भएको छ। पीडितसँग पहिलेबाटै सम्पर्क भएका गोविन्द रानाले अपरिचित व्यक्ति आई पीडितलाई जबरजस्ती करणी गरेको भनी आफू कसुरबाट उन्मुक्ति लिन खोजे पनि ती व्यक्ति को हुन् र ती व्यक्तिको कसुरबाट पीडितलाई बचाउन आफूले कुनै प्रयास गरेको भन्ने कुरा खुलाउन सकेको देखिँदैन।

४. प्रतिवादीमध्येका गोविन्द रानाले पीडितलाई आफूले नै बोलाई पीडितलाई उखुबारीमा लगेका छन् । प्रतिवादी गोविन्द रानाले यी प्रतिवादी तिर्थलाललाई समेत फोनबाट बोलाएको अवस्था पुष्टि हुन्छ । प्रतिवादी गोविन्दले दिएको जानकारीअनुसार नै अन्य प्रतिवादीहरू पनि उखुबारीमा पुगेका र निजहरूले पीडितलाई पालैपालो गरी सामूहिक रूपमा जबरजस्ती करणी गरेका हुन् भनी पीडितले नै अदालतमा गरेको बकपत्रद्वारा पुष्टि भएको हुँदा निज पीडितलाई जबरजस्ती करणी भएको वारदात स्थापित भएको देखिन्छ। प्रतिवादी गोविन्द राना र तिर्थलाल रानाबीच फोन संवाद भई दुवैजना वारदातस्थलमा

मौजुद रहेको अवस्थामा अन्य अपरिचित व्यक्ति आई पीडितलाई जबरजस्ती करणी गरेको घटना वारदातले पुष्टि गरेको छ । प्रतिवादी गोविन्द रानाले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयानमा आफूले पीडितलाई उखुबारीमा करणी गर्दै गर्दा अन्य ४/५ जना व्यक्तिसमेत आई उनीहरूले पनि पीडितलाई जबरजस्ती करणी गरे भनी उल्लेख गरेबाट पनि यी प्रतिवादीसमेतले पनि पीडितलाई जबरजस्ती करणी गरेको पुष्टि हुन्छ । **सामूहिक क्रियाबाट भएको जबरजस्ती करणीजस्तो कसुरमा यसरी नै पीडित र प्रतिवादीहरूले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष साथै अदालतमा गरेको कागज र बयान, प्रतिवादीहरूले एक अर्कामा गरेको पोल र वादी पक्षका साक्षीहरू समेतले अदालतमा वारदातको तथ्य र त्यसमा प्रतिवादीहरूको संलग्नताको सम्बन्धमा गरेको बकपत्रहरूबीच देखिने बढीभन्दा बढी सामञ्जस्यतामा तथ्य र सत्य पहिल्याएर नै कसुरदार ठहन्याउनुपर्ने हुन्छ ।** अझ सामूहिक जस्ता क्रिया सबै वारदात र कसुरमा प्रत्यक्ष, ठोस एवं भौतिक प्रमाणहरू नै हुन्छन् भन्न सकिने अवस्था हुँदैन । प्रतिवादीले आफूलाई कसुरबाट निर्दोष साबित गराउन भरमग्दुर प्रयास गरे पनि निजहरूलाई कसुरदार ठहन्याउने यी यस्ता प्रकृतिका प्रमाणहरू नै पर्याप्त आधार हुने गर्दछन् । प्रतिवादीहरू निर्दोष रहेको भए वारदातस्थलमा आफूहरू उपस्थित रहेकै अवस्थामा भएको घटनाबाट पीडितलाई बचाउन हारगुहार गर्नुपर्ने, वारदातबाट मौकामा पीडितको उद्दार गर्न प्रयासरत रहेको हुनुपर्ने, पीडितलाई बचाउ गर्नुपर्ने र ती सबै प्रयास गर्दा पनि केही नलागी वारदात नै भएको अवस्थामा अन्ततः कसुरदारहरू उपर उजुर गर्नुपर्नेमा सोतर्फ केही नगरेको अवस्थामा पुनरावेदक स्वयंले आफू गोविन्द रानाको फोनपश्चात् वारदातस्थल पुगेको स्वीकार गरेको अवस्थामा यी प्रतिवादी तिर्थलाल रानाको वारदात मा संलग्नता थिएन भन्न सकिने कुनै आधार नदेखिँदा उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको फैसलालाई अन्यथा भन्न मिलेन ।

५. तसर्थ माथि विवेचित आधार प्रमाणबाट पीडितलाई पुनरावेदक प्रतिवादी तिर्थलाल रानासमेतका प्रतिवादीले सामूहिक रूपमा जबरजस्ती करणी गरेकाले जबरजस्ती करणीको महलको १ र ३क नं. को कसुरमा ऐ. ३(४) बमोजिम ६ वर्ष कैद र ३क नं. बमोजिम ५ वर्ष थप कैद गरी ११ वर्ष कैद हुने गरी भएको सुरू फैसलालाई सदर गरेको उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको मिति २०७३।१०।११ को फैसला मनासिब नै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन । दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या. पुरूषोत्तम भण्डारी

इजलास अधिकृत:- ढाकाराम पौडेल
इति संवत् २०७४ साल फागुन ६ गते रोज १ शुभम् ।

निर्णय नं. १००६३

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.
माननीय न्यायाधीश श्री पुरूषोत्तम भण्डारी
फैसला मिति : २०७४।९।१४
०७२-WO-०३६९

मुद्दाः उत्प्रेषण / परमादेश

निवेदक / पक्ष : बैतडी जिल्ला दुर्गास्थान गा.वि.स. वडा नं. ९ घर भई केन्द्रीय प्रहरी विशेष कार्यदल नक्साल दरबन्दी भई प्रहरी प्रधान कार्यालय सुरक्षा महाशाखामा प्रहरी हवल्दारको पदमा कार्यरत रहेको अवस्थामा बर्खास्त गरिएको चन्द्री चन्दको नाति हरि चन्दको छोरा तारा चन्द

विरूद्ध

विपक्षी / प्रत्यर्थी : प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौंसमेत

- **कर्मचारीलाई गम्भीर कसुर कायम गरी सजाय गर्दा गम्भीर प्रकृतिको नै कसुर गरेको वा सामान्य प्रकृतिको कसुर पटकपटक गर्ने गरेको र त्यसअघि पनि त्यस्तो कसुर दोहोरिने गरेकोमा कारबाहीमा परी सचेत गराउँदागराउँदै पनि अटेर गरी त्यस्तै कसुरहरू पटकपटक दोहोरिई रहे मात्र गम्भीर प्रकृतिको विशेष सजाय गर्नु कानूनअनुकूल हुन जाने।**

(प्रकरण नं.७)

निवेदक / पक्षका तर्फबाट : विद्वान् अधिवक्ता श्री भेषराज पन्त
विपक्षी / प्रत्यर्थीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता नारायण पौडेल
अवलम्बित नजिर :
सम्बद्ध कानून :

- प्रहरी नियमावली, २०७१

आदेश

न्या.तेजबहादुर के.सी.: नेपाल संविधान २०७२ को धारा १३३(२) र (३), तत्कालीन न्याय प्रशासन ऐन, २०४८ को दफा ९ तथा सर्वोच्च अदालत नियमावली २०४९ को नियम ४०(१) बमोजिम दर्ता हुन आएको प्रस्तुत मुद्दाको **तथ्य र ठहर** यसप्रकार रहेको छः-

म मिति २०५९।०४।०५ मा प्रहरी जवान पदबाट प्रहरी सेवामा प्रवेश गरी मिति २०७१।१०।२३ मा मलाई निलम्बन गर्नुपूर्वसम्म प्रहरी सेवामा कार्यरत व्यक्ति हुँ। मैले सेवा अवधिमा The United Nations Medal लगायत विभिन्न प्रशंसा पत्र पाउनुका साथै प्रहरी अतिरिक्त महानिरीक्षक श्री प्रताप सिंह थापाज्यूको अंगरक्षकका रूपमा कार्यरत थिएँ। मिति २०७१।१०।०६ मा ड्युटी सकिएपछि डेरामा जान लागेको अवस्थामा प्र.अ.म.नि. प्रताप सिंह थापाको सवारी चालकले सवारी साधन ग्यारेजमा राख्न लैजान लागेको अवस्थामा रातको समय र नेपाल बन्दको कारणबाट म सो सवारी साधनमा बसेको थिएँ। सवारी चालकले सवारी साधनमा नियन्त्रण गुमाई सवारी साधन दुर्घटना पर्न गएको थियो, जसमा मेरो कुनै भूमिका छैन। निज सवारी चालक प्रहरी जवान मेरो मातहतमा खटिएका व्यक्ति होइनन्। यही विषयलाई आधार बनाई मिति २०७१।११।०४ मा मलाई २४ घण्टे स्पष्टीकरण सोधिएको र स्पष्टीकरण पेस गरिसकेपछि मिति २०७१।११।२५ मा प्रहरी नियमावली, २०७१

को नियम ११३(१)को देहाय (क) र (ग) को कसुरमा ऐ. नियमावलीको नियम १०९(ख)(१) बमोजिम मलाई भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नहुने गरी सेवाबाट हटाउने निर्णय भयो । उक्त निर्णयउपर पुनरावेदन गरेकोमा विपक्षी प्र.ना.म.नि. कमल सिंह बमज्यूले मिति २०७२।०५।१५ मा प्रहरी ऐन, २०१२ को दफा ३४(क) आकर्षित भएकोले विचार गरिरहनु नपर्ने भनी सुरू निर्णय सदर गर्नुभएकोमा सो निर्णय गर्दा दफाको व्यवस्थाबमोजिम मलाई सजाय नगरी गरिएको सजायलाई बदर गरिपाऊँ । साथै प्रस्तुत निवेदनलाई अग्राधिकार दिई हेरिपाउँ भन्नेसमेत बेहोराको **निवेदक तारा चन्दको रिट निवेदन ।**

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने भए आधार, कारण र प्रमाण भए सोसमेत खुलाई सूचना म्याद प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र विपक्षीहरूले महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी निवेदनपत्र र यो आदेशको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूका नाममा म्याद सूचना म्याद जारी गरी लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नु भनी **यस अदालतको मिति २०७२।०८।१५ को आदेश** ।

आफूले गाडी नचलाएको र उक्त गाडी दुर्घटना हुनुमा आफ्नो कुनै भूमिका छैन भन्ने रिट निवेदन जिकिर भए तापनि प्रहरी अतिरिक्त महानिरीक्षक जस्तो विशिष्ट श्रेणीको पदाधिकारीको अंगरक्षकको रूपमा खटिएको निज तत्कालीन प्र.ह. रिट निवेदकले प्र.अ.म.नि. लाई गन्तव्यमा पुऱ्याई आफूभन्दा एकतह तल्लो चालक प्र.ज.लाई तोकिएको स्थानमा गाडी पार्किङ गर्न लगाई आफ्नो जिम्मेवारी त्रुटिरहित तवरबाट सम्पादन गर्नुपर्नेमा सो नगरी प्रहरी संठनले अवलम्बन गरेको मादक पदार्थ सेवन गरी सवारी चलाउने चालक विरूद्धको कारबाही अभियानको बर्खिलाप हुने गरी स्वयं चालकसमेत भई मादक पदार्थ सेवन गरी बिना कुनै आदेश निर्देशन उक्त गाडी आफूखुसी लिई हिँडेको अवस्थामा दुर्घटना गराई सरकारी सम्पत्तिमा क्षति पुऱ्याउने कार्यलाई चरम लापरवाही गरेको मान्नु पर्ने हुन्छ। निजसमेतले मादक पदार्थ सेवन गरेको प्रमाणित नभएको भएपनि उक्त दुर्घटनालाई काबुबाहिरको परिस्थिति मानी निजउपरको कारबाहीमा पुनरावेदन तहबाट विचार गर्न सकिने अवस्था रहन्थ्यो। घटनाको प्रकृति, घटनास्थलमा बुझिएका उपस्थित अन्य प्रहरी कर्मचारीको भनाइसमेतका आधारमा प्रहरी हबल्दार दर्जाको प्रहरी कर्मचारीले आफ्नो हैसियत र पदीय जिम्मेवारीलाई पूर्णरूपमा बेवास्ता गरेको कारण स्वरूप उल्लिखित दुर्घटना भएको स्पष्ट भएकोले निजको कसुरबमोजिम भएको विभागीय कारबाही बदर हुनुपर्ने कुनै कारण र अवस्था नहुँदा प्रहरी प्रधान कार्यालयसमेतलाई विरूद्ध बनाई दायर भएको उक्त रिट निवेदन खरेजभागी छ भन्नेसमेत बेहोराको **विपक्षी प्रत्यर्थी प्रहरी प्रधान कार्यालय र आफ्नो हकमा समेत प्रहरी नायव महानिरीक्षक कमलसिंह बमको लिखित जवाफ ।**

प्रहरी संगठन "Chain of Command" मा चल्ने संस्था हो । बिना अनुमति आदेश र स्वीकृति एक विशिष्ट श्रेणीको अधिकृतको गाडी गलत स्थानमा लगेकोमा तत्काल सो टोलीमा रहेको उच्च व्यक्ति निज तत्कालीन प्रहरी हवल्दारउपर उक्त कारबाही भएको हो । यस्तो कारबाही र कारबाहीको प्रक्रियामा शंका उठाई कारबाही बदर गर्ने हो भने प्रहरीमा अनुशासन रहँदैन । प्रहरी संगठन भद्रगोल र असंयमित दस्ता र अनुशासनहिनको जमात हुन पुग्छ र यसबाट राज्य सरकार, न्याय प्रणाली, न्यायालय, न्यायकर्ता प्रभावित हुनपुग्नुका साथै उनीहरूको सुविधा र साधनको पनि दुरूपयोग हुन सक्छ । यस्तो दूषित प्रवृत्तिलाई रोक्न उक्त सजाय सर्वथा उचित छ र यही कानूनको मनसाय पनि हो । आफ्नो गल्तीको महसुस नै नगरी

कानूनबमोजिमको उचित कार्यमा अनावश्यक प्रश्न उठाई परेको रिट निवेदन खारेजभागी छ भन्नेसमेत बेहोराको विपक्षी प्रत्यर्थी **प्रहरी उपरीक्षक डा. गणेश रेग्मीको लिखित जवाफ।**

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदकको तर्फबाट विद्वान् अधिवक्ता श्री भेषराज पन्तले इमान्दारीपूर्वक प्रहरी सेवामा रही आफ्नो ड्युटी सकी डेरामा जान लागेको अवस्थामा प्र.अ.म.नि.को सवारी साधन ग्यारेजमा जान लागेको अवस्थामा रातको समय र नेपाल बन्दको कारण उक्त सवारी साधन प्रयोग गरेको र सोही क्रममा सवारी चालकले सवारी साधनमा नियन्त्रण गुमाई दुर्घटनामा पर्न गएकोलाई आधार बनाई भविष्यमा सरकारी सेवाबाट अयोग्य नहुने गरी सेवाबाट हटाउन भएको निर्णय कठोर तथा अन्यायपूर्ण भएको हुँदा सो निर्णयलाई बदर गरिपाउँ भनी बहस गर्नुभयो। विपक्षीहरूको तर्फबाट उपस्थित विद्वान् सहन्यायधिवक्ता नारायण पौडेलले "Chain of Command" मा चल्ने प्रहरी संगठनमा एक विशिष्ट श्रेणीको पदाधिकारीको अंग रक्षकको रूपमा कार्यरत प्रहरीले अनुमति तथा आदेश बिना प्रहरी संगठनले अवलम्बन गरेको मादक पदार्थ सेवन गरी सवारी चलाउने चालक विरूद्धको कारबाही अभियानको बर्खिलाप हुने गरी स्वयं चालकसमेत भई मादक पदार्थ सेवन गरी आफूखुसी गाडी लिई हिँडेको अवस्थामा दुर्घटना गराई सरकारी सम्पत्तिमा क्षति पुऱ्याउने कार्यलाई चरम लापरवाही गरेको हुँदा उक्त दूषित प्रवृतिलाई रोक्न गरिएको सजाय उचित रहेको भनी बहस गर्नुभयो।

अब रिट निवेदक तथा विपक्षीहरूको तर्फबाट प्रस्तुत बहस जिकिरसमेत सुनी मिसिल संलग्न सम्पूर्ण प्रमाण कागजातहरू अध्ययन गरी हेर्दा रिट निवेदकलाई भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नहुने गरी सेवाबाट हटाउने भनी गरेको निर्णयउपर आएको प्रस्तुत रिट निवेदनमा निवेदकले माग गरेबमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन भनी निर्णय दिनु पर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा, सवारी दुर्घटनामा आफ्नो कुनै भूमिका नरहेको र सवारी चालकले सवारी साधनमा नियन्त्रण गुमाई भएको दुर्घटनालाई आधार बनाई भविष्यमा सरकारी सेवाको लागि अयोग्य नहुने गरी सेवाबाट हटाउने गरी भएको निर्णयउपर पुनरावेदन परेकोमा सुरू निर्णयलाई सदर गरेउपर यस अदालतमा रिट निवेदन पर्न आएको देखियो। प्रहरी संगठनको एक विशिष्ट श्रेणीको पदाधिकारीको अंग रक्षकको रूपमा कार्यरत प्रहरीले बिना अनुमति तथा निर्देशनमा चालकसमेत भई मादक पदार्थ सेवन गरी आफूखुसी गाडी लिई हिँडी दुर्घटना गराई सरकारी सम्पत्तिमा क्षति पुऱ्याई चरम लापरवाही गरेकोमा विभागीय कारबाही उचित तथा न्यायसङ्गत नै रहेको भनी विपक्षीहरूको लिखित जवाफ पर्न आएको देखियो।

३. प्रहरी कर्मचारीको सेवा समूह आफैँमा विशिष्ट प्रकृतिको संवेदनशील "Chain of Command" मा चल्ने अनुशासित संगठन हो। यस्तो सेवा समूहभित्रको निज निवेदक कर्मचारी तारा चन्दले बिना अनुमति सेवाभित्रको विशिष्ठ पदाधिकारीको सवारी साधन प्रयोग गरी आफ्नो मर्यादाभन्दा बाहिर गएको सम्बन्धमा विभागीय कारबाही गर्नु न्यायोचित नै हो। तर सजाय निर्धारण गर्दा जहिले पनि निर्णयकर्ताले कसुरको प्रकृति र मात्रासँग सामञ्जस्यता कायम हुने किसिमले न्यायिक मनको प्रयोग गर्नुपर्दछ । सो सम्बन्धमा प्रहरी ऐन तथा नियमावलीमा भएको व्यवस्था आकर्षित हुने नै देखियो। प्रहरी नियमावली, २०७१ का नियम १०९ को खण्ड (क) मा सामान्य सजाय र खण्ड (ख) मा विशेष सजायको व्यवस्था गरी कसुरको प्रकृतिअनुसार सजाय निर्धारण गरिनु पर्नेतर्फ जोड दिएको देखिन्छ। जसअनुसार ऐ. नियमावलीको नियम १०९ को खण्ड (क) ले **सामान्य सजाय**

अन्तर्गतः

(१) शारीरिक परिश्रम हुने सजाय गर्ने वा नियन्त्रणमा राख्ने,

(२) नसिहत दिने,

(३) चालचलनसम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेख्ने,

(४) बढीमा पाँच वर्षसम्म बढुवा रोक्ने गर्ने,

(५) बढीमा पाँच वर्ष तलब वृद्धि रोक्का गर्ने,

(६) खाइपाई आएको बढीमा पाँच तलब वृद्धि घटुवा गर्ने,

(७) हालको पदको जेष्ठता सहित खाइपाई आएको सुरू स्केलमा घटुवा गर्ने वा तल्लो पदमा घटुवा गर्ने व्यवस्था गर्नुका साथै

ऐ. नियमावलीको नियम १०९ को खण्ड (ख) ले **विशेष सजाय** अन्तर्गतः

(१) भविष्यमा सरकारी सेवाका लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउने,

(२) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने, भनी व्यवस्था गरेसमेतबाट कसुरमा सजाय निर्धारण गर्दा उक्त व्यवस्थाहरू प्रति सजक र संवेदनशील भई विषेश ध्यान दिनुपर्ने नै देखियो।

४. यसै गरी कसुर निर्धारणको सम्बन्धमा पनि उक्त नियमावलीको नियम ११३ मा सेवाबाट हटाउने वा बर्खास्त गर्ने व्यवस्था गरी ११३(१) ले प्रहरी कर्मचारीलाई भविष्यमा सरकारी सेवाका लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिनेछ भनी देहाय (क) देखि (ज) सम्म व्यवस्था गरेको पाइन्छ। जसअनुसारः

(१) आफ्नो पदीय जिम्मेवारी लापरवाही गरी पूरा नगरेमा,

(२) आचरणसम्बन्धी कुराहरू बराबर उल्लङ्घन गरेमा,

(३) ड्युटीको समयमा बराबर मादक पदार्थ सेवन गरेमा,

(४) बाराबर अनुशासनहीन काम गरेमा,

(५) राजनीतिमा भाग लिएमा,

(६) ...

५. निज निवेदक प्रहरी कर्मचारीलाई प्रहरी नियमावली, २०७१ को ११३(१) को देहाय (क) र (ग) लाई आधार बनाई भविष्यमा सरकारी सेवाका लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाएकोतर्फ विचार गर्दा उक्त देहाय (क) ले "**आफ्नो पदीय जिम्मेवारी लापरवाही गरी पूरा नगरेमा**" र (ग) ले "**ड्युटीको समयमा बराबर मादक पदार्थ सेवन गरेमा**" भन्ने व्यवस्था रहेसमेतबाट प्रहरी सेवामा कार्यरत कर्मचारीले ड्युटीको समयमा बराबर मादक पदार्थ सेवन गरी आफ्नो पदीय जिम्मेवारी पूरा नगरी लापरवाही गरेको अवस्थामा निज कर्मचारीलाई सेवाबाट हटाउन सक्ने देखियो। प्रस्तुत रिट निवेदनमा निज निवेदकले मिति २०७१।१०।०६ मा आफ्नो ड्युटी सकी डेरामा जान प्र.अ.म.नि. प्रताप सिंह थापाको सवारी साधनको प्रयोग गरेको र बाटोमा सवारी चालकसहित खाजा खाई केही मादक पदार्थसमेत सेवन गरी आउँदा बाटोमा मापसे चेकिङ भइरहेको देखी सवारी साधन घुमाउन खोज्दा सवारी चालकले सवारी साधनमाथि नियन्त्रण गुमाई दुर्घटना हुन गएको देखिन्छ । उक्त वारदातमा रिट निवेदकले आफ्नो पदीय जिम्मेवारी पूरा गरी ड्युटीको समयभन्दा पछि घर फर्कने क्रममा बाटोमा केही मादक पदार्थ सेवन गरे पनि निजले उक्त सवारी साधन चलाएको देखिन आउँदैन। निज अन्य चालकले चलाएको सो सवारी साधनमा बसेको र प्रयोग गरेकोसम्म देखिन आउँछ। निज निवेदकले उक्त सवारी साधन विना अनुमति प्रयोग गरे प्रति पश्चाताप मानी सो कार्यमा क्षमा माग गरी अबदेखि यस्तो प्रकारको गल्ती नगर्ने भनी माफी मागी स्पष्टीकरण पेस गरेकोसमेत देखिन्छ। साथै निजले यसअधि पनि प्रहरी बर्दीमा ड्युटीको समयमा बराबर मादक पदार्थ सेवन गरेको भन्ने आरोप लागेको तथा सो आरोपको

कुनै पनि वस्तुनिष्ठ प्रमाणले पुष्टि हुन सकेकोसमेत देखिँदैन। अत: निजले यसअघि पनि बर्दीमा ड्युटीमा रहको अवस्थामा बराबर मादक पदार्थ सेवन गरी आफ्नो पदीय जिम्मेवारी पूरा नगरी लापरवाहीपूर्ण कसुर गरेको प्रामाणिक आधारमा मान्न सकिने अवस्था देखिन आएन।

६. यी निवेदक चढेको गाडीको सवारी चालकले सवारी साधनमाथि नियन्त्रण गुमाई दुर्घटनालाई आधार बनाएर निज निवेदकलाई सेवाबाट हटाउने गरी भएको निर्णयउपर परेको पुनरावेदनमा प्रहरी ऐन, २०१२ को दफा ३४(क) आकर्षित भएकोले विचार गरिरहनु नपर्ने भनी सुरू निर्णय सदर गरेतर्फ विचार गर्दा, प्रहरी जस्तो अनुशासनमा रही "Chain of Command" मा चल्ने संगठनमा उपल्लो अधिकृतको अनुमतिबिना माथिल्लो पदाधिकारीको सवारी साधनको प्रयोग गर्ने र सवारी चालकसमेत भई आफूले भनी मादक पदार्थ सेवन गर्नु गराउनु निश्चय नै क्षम्य कार्य होइन तर त्यस्तो प्रकृतिको गलत आचरणमा कसुर कायम गरी सजाय गर्ने निर्णय गर्दा कसुर र सजायबीच तालमेल मिल्नु पर्नेको अतिरिक्त सजायको निर्धारण गर्दा पनि न्यायिक मनको प्रयोग हुनु जरूरी हुन्छ। प्रहरी ऐन, २०१२ को दफा ३४(क) ले **"...सवारी साधन र इन्धन इत्यादि जानी जानी वा लापरवाही गरी बिगारेमा, नासेमा हराएमा वा दुरूपयोग गरेमा वा बदनियतीले आफ्नो वा अरू कसैको निमित्त लिएमा वा दिएमा पाँच वर्षसम्म कैद वा एक वर्षको तलब बराबर जरिवाना वा दुवै सजाय हुनेछ"** भनी व्यवस्था गरेअनुसार सवारी साधन जानी जानी वा लापरवाही गरी बिगारी दुरूपयोग गरेमा पाँच वर्षसम्म कैद वा एक वर्षको तलब बराबरसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था रहे भएको देखियो। यी निवेदकले यस्तो प्रकारको गल्ती एंव कसुर यसअघि पनि पटकपटक भए गरेको देखिन आउँदैन। मिसिल संलग्न कागज प्रमाण एंव अभिलेखबाट यी निवेदकले पहिलो पटक आचरणविपरीत एंव अनुशासनहीन कार्य गरेको भन्ने देखिएको अवस्थामा कर्मचारीले जानी वा नजानी पहिलो पटकको सामान्य अनुशासनहीन कार्य गरेको छ र पहिलो पटकको अनुशासनात्मक कारबाहीमा आफूले पुनः गल्ती नगर्ने भनी प्रतिबद्धता व्यक्त गर्दछ र यस्ता कार्य पटकपटक गरेको पनि देखिँदैन भने कसुरको पटक र प्रकृति हेरी कानूनबमोजिम अनुशासनात्मक कारबाही अपनाई सामान्य सजायसम्म गरेको भए कारबाही गरेको पनि देखिने, निवेदक पनि सुध्रिने एवं त्यतिसम्मको कारबाहीबाट न्यायको मक्सद पनि पूरा हुने अवस्थामा यस्तो प्रकृतिको सामान्य कसुर र सजायको अस्तित्व र औचित्य नै समाप्त हुने गरी रिट निवेदकलाई ऐ. नियमको नियम ११३(१) को देहाय (क) र (ग) को कसुर कायम गरी ऐ दफा १०९ को खण्ड (ख) बमोजिम विशेष सजायको रूपमा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने गरी भएको निर्णयलाई सदर गरेको मिति २०७२।०५।१५ को प्र.ना.म.नि.को निर्णयमा कानूनको मकसदलाई हृदङ्गम गरी तथ्यपरक रूपमा न्यायिक मनको प्रयोग भएको मान्न सकिएन।

७. कुनै कानून र नियमावलीको दफा, उपदफा वा नियम, उपनियम उल्लेख गरी आरोप लगाई सजायको घोषणा गर्नु मात्र पर्याप्त हुँदैन। लगाइएको आरोपको प्रकृति गम्भीर रूपले मूल्याङ्कन गरी सो पनि शंकारहित तवरले वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुनु अपरिहार्य हुन जान्छ। प्रहरी नियमावली, २०७१ को नियम १०९ को खण्ड(क) र (ख) को व्यवस्थामध्ये कुन सजाय गर्ने भन्ने कुरा अपराध वा कसुरको प्रकृति र मात्राअनुसार निर्धारण गरिनु पर्दछ। यी निवेदकले बर्दीको पोसाकमा ड्युटी भइरहेको समयमा मादक पदार्थ सेवन गरेको नदेखिनुका साथै यसअघि पनि निज ड्युटीमा कार्यरत रहिरहेको समयमा बारम्बार रक्सी सेवन गरेको भन्ने आरोप लगाइएको पनि देखिँदैन भने निजउपर यसअघि कुनै प्रकारको सचेत वा कारबाही गरेको सम्बन्धित फायलबाट समेत देखिँदैन। निवेदक आफू प्र.ना.म.नि.को सुरक्षा गार्ड रहेकोमा आफ्नो हाकिमलाई नसोधी निजले हाकिमको गाडी आफ्नो निवाससम्म लैजाने प्रयोजनको लागि

प्रयोग गरेको हदसम्म निजले गल्ती नै गरेको देखिन आउँछ । प्रस्तुत वारदात यी निवेदक आफ्नो ड्युटी सकेर अरू नै चालकले चलाएको गाडीमा चढी निवासमा फर्कने क्रममा रातको समयमा बाटोमा सवारी चालकसहित भई खाजासँग केही मादक पदार्थ सेवन गरी सवारी साधनमा रहँदा गाडीले अचानक नियन्त्रण गुमाई गाडी सामान्य दुर्घटनामा परेको अवस्थामा निज निवेदकलाई सामान्य कसुरमा सजाय नगरी एकैपटक उपल्लो हदको गम्भीर कसुरमा कारबाही गरी सेवाबाट हटाउनेसम्मको सजाय गरेको देखियो । कर्मचारीलाई गम्भीर कसुर कायम गरी सजाय गर्दा गम्भीर प्रकृतिको नै कसुर गरेको वा सामान्य प्रकृतिको कसुर पटकपटक गर्ने गरेको र त्यसअघि पनि त्यस्तो कसुर दोहोरिने गरेकोमा कारबाहीमा परी सचेत गराउँदागराउँदै पनि अटेर गरी त्यस्तै कसुरहरू पटकपटक दोहोरिई रहेमात्र गम्भीर प्रकृतिको विशेष सजाय गर्नु कानूनअनुकूल हुन जान्छ । दिनानुदिन नागरिकसँग प्रत्यक्ष सम्बन्ध भई रहने प्रहरी जस्तो संगठनमा माथिल्लो पदाधिकारीको आदेश र नियन्त्रण (Chain of Command) मा र साथै उच्चतम अनुशासनमा समेत रहनु पर्ने तथ्यमा कुनै विवाद देखिँदैन । यति हुँदाहुँदै पनि निज प्रहरी ड्युटीमा नरहेको अवस्थामा अरूलाई हानि नपुगेको निजबाट हुन गएका कुनै सामान्य गल्तीहरूमा निजप्रति गरिने कानूनी कारबाहीहरूमा माथिका पदाधिकारीहरू पनि आवश्यक मात्रामा हुन पर्ने मानवीय संवेदनशीलका पक्षहरूमा ज्यादै कठोर भई हाल्नु पनि हुँदैन । अत: निवेदकले पहिलो पटक गरेको सामान्य गल्तीको विषयलाई लिएर सोधिएको स्पष्टीकरणमा निवेदकले क्षमायाचना गरी पुन: गलत प्रवृत्ति नअपनाउने भनी गल्ती महसुस गरेको अवस्थामा प्रहरी नियमावली, २०७१ को नियम १०९ को खण्ड (क) बमोजिम सामान्य कसुर र सजायको कारबाहीको प्रक्रिया नै नअपनाई एकैचोटी ऐ. को खण्ड (ख)१ मा उल्लिखित कसुर एवं सजायको कानूनी व्यवस्थालाई अनुशरण गरी निवेदकलाई नोकरीबाट हटाउने जस्तो उच्च प्रकृतिको कठोर सजाय गर्नु कानून र न्यायको रोहमा मिलेको देखिन आएन ।

८. अत: यी निवेदकले बर्दीको पोसाकमा मादक पदार्थ पटकपटक सेवन गरी आफ्नो पदीय जिम्मेवारी लापरवाही गरी पूरा नगरेको सो सम्बन्धमा सचेत गराउँदा पनि आचरणसम्बन्धी नियम बारम्बार उल्लङ्घन गरेको स्थिति नरहेको र गल्ती सुधार्न प्रतिबद्धसमेत रहेको स्थितिमा सामान्य प्रकृतिको अनुशासनहीन एवं आचरणविपरीतको कसुरको पृष्ठभूमिमा अन्य चालकले गाडी चलाउँदा भएको सवारी दुर्घटनामा निवेदकलाई प्रहरी नियमावली, २०७१ को नियम ११३(१) को देहाय (क) र (ग) को कसुर कायम गरी ऐ. नियमावलीको नियम १०९(ख)(१) बमोजिम भविष्यमा सरकारी सेवाको लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाएको निर्णय निवेदकको कसुरको मात्रासँग सामञ्जस्य हुन नगई भएको कसुरको तुलनामा गरेको सजाय चर्को देखिन आएकोले विपक्षी प्रहरी प्रधान कार्यालयको प्रहरी उपरीक्षक गणेश रेग्मीको मिति २०७१।११।२५ र उक्त निर्णयलाई सदर गर्ने गरेको ऐ. कार्यालयको प्रहरी नायब महानिरीक्षक कमलसिंह बमको मिति २०७२।०५।१५ को निर्णयसमेत उत्प्रेषणको आदेशद्वारा बदर भई प्रहरी नियमावली, २०७१ को नियम १०९ को खण्ड (क) मा उल्लिखित अन्य उपयुक्त अनुशासनात्मक कारबाही गरी निजलाई पूर्ववत् रूपमा सेवामा बहाल गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ । यसको जानकारी निवेदक तथा विपक्षीसमेतलाई दिई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या. पुरूषोत्तम भण्डारी

इजलास अधिकृत: गीता श्रेष्ठ
इति संवत् २०७४ साल पुस १४ गते रोज ६ शुभम् ।

नेपाल कानून पत्रिका